नेपाल सम्वत् र
शंखधर साख्वाः

नेपाल सम्वत् व शंखधर साख्वाः | Nepal Sambat and Shankhadhar Sakhwa

नेपाल संवतया प्रवर्तक राष्ट्रिय विभूति शंखधर साख्वाः
स्थापित: ने.सं. ११२२ कछलाथ्व पारु

नेपाल सम्वत् र
शंखधर साख्वाः

नेपाल सम्वत् व शंखधर साख्वाः | Nepal Sambat and Shankhadhar Sakhwa

सम्पादक

ज्ञानराम श्रेष्ठ

सम्पादक

ज्ञानराम श्रेष्ठ

सङ्कलन सहयोगी

श्यामकृष्ण मानन्धर

प्रकाशक

राष्ट्रिय विभूति शंखधर साख्वाः प्रतिष्ठान

मध्यपुर थिमि, भक्तपुर नेपाल

प्रकाशक
राष्ट्रिय विभूति शंखधर साख्वाः प्रतिष्ठान
शंखधरचोक, मध्यपुर थिमि, भक्तपुर नेपाल
फोनः ९७७–०१-५०९३३३३
इमेलः shankhadharsakhwa@gmail.com

प्रकाशन सहयोग
बागमती प्रदेश सरकार
संस्कृति तथा पर्यटन मन्त्रालय
पर्यटन कार्यालय काठमाडौं

सम्पादक
ज्ञानराम श्रेष्ठ

सङ्कलन सहयोगी
श्यामकृष्ण मानन्धर

प्रथम संस्करण
ने.सं. ११४६ थिंलाथ्व
वि.सं. २०८२ पुस । सन् २०२५ डिसेम्बर

प्रकाशित प्रति
१000 थान

लेआउट/डिजाइन
बिस्का कम्प्युटर सर्भिस,
शंखधरचोक, मध्यपुर थिमि, भक्तपुर
फोन: ९८४१२३८९९९

मुद्रण
मध्यपुर नाइन प्रेस प्रा.लि.
न्यूप्लाजा, काठमाडौं

ISBN : 978-9937-1-9449-5

राष्ट्रिय विभूति
शंखधर साख्वाः प्रतिष्ठान
कार्यसमिति

अध्यक्ष
ज्ञानराम श्रेष्ठ

संस्थापक अध्यक्ष
मदनकृष्ण श्रेष्ठ

निवर्तमान अध्यक्ष
चन्दनकृष्ण श्रेष्ठ

पूर्व अध्यक्ष
श्यामकृष्ण मानन्धर

उपाध्यक्ष
सुरेश प्रधान

सचिव
बाबुकाजी साछें श्रेष्ठ

सहसचिव
विनोद कोजू

कोषाध्यक्ष
अन्जनादेवी मधिकर्मी

सदस्यहरू
रमेश उखा श्रेष्ठ
रामकेशरी श्रेष्ठ
दिलकृष्ण प्रजापति
पंचकृष्ण श्रेष्ठ
निर्मल भट्टराई
सूर्यकृष्ण थापा श्रेष्ठ
राजेन्द्र मानन्धर
बसन्तलाल कतिला
विजय श्रेष्ठ
(ल्यायूम्ह पुचः थिमि)
बालकृष्ण पात्या श्रेष्ठ
(म.थि.न.पा. ४ नं. वडा अध्यक्ष)

सम्पादकीय

"नेपाल सम्वत् ११४४ देखि विक्रम सम्वत् उल्लेख गरिने सरकारी कागजातमा नेपाल सम्वत्समेत उल्लेख गर्ने" मिति २०८०/७/२७ (नेपाल सम्वत् ११४३ कौलागा आमै)को नेपाल सरकार मन्त्रिपरिषद्को बैठकबाट निर्णय भयो। उक्त निर्णय कार्यान्वयन गर्न मुख्य सचिवबाट मन्त्रालयमा पत्राचार भयो। जुन नेपाल सम्वत्को प्रयोग राष्ट्रपति कार्यालय, उपराष्ट्रपति कार्यालय, प्रधानमन्त्री कार्यालय, विभिन्न मन्त्रालय, विभागका साथै प्रदेश सरकार, स्थानीय सरकारले गर्ने क्रमले तिब्रता पाएको छ।

नेपाल सम्वत् के हो ? यसको प्रादुर्भाव कसरी भयो ? यसका प्रवर्तक को थिए ? यसका राष्ट्रिय तथा ऐतिहासिक महत्व के हो ? भन्ने विषयमा आम नेपाली माझ जानकारी हुँदै गएको छ। विशेषत संसारमा सम्वत्को प्रादुर्भाव र प्रचलनको आफ्नै विशेषता छ। त्यसमा पनि नेपाली इतिहासको खोज गर्ने हो भने नेपालमा पनि धेरै सम्वत्हरू प्रचलन नभएको होइन। त्यस बीचमा नेपालमा आजसम्म प्रचलनमाआएका सम्वत्हरूको प्रयोगको अवस्थालाई नियाल्दा नेपालमा सबैभन्दा बढी प्रचलनमा रहेको सम्वत् **नेपाल सम्वत्** हो। यो सम्वत्का प्रवर्तक शंखधर साख्वाः रहनु भएको तथ्य प्रचार भएको पनि चार दशक भैसकेको छ। साख्वाःले नेपाल सम्वत् १ शुरु गर्दा त्यस बेला गरिबी र ऋणमा डुबेका पीडित जनतालाई ऋणमोचन गरेका थिए। त्यो बेला साख्वाःले गरेको दासत्व उन्मुलनको निर्णय विश्लेषण गर्दा सामान्य थिएन। यसको सामाजिक, राजनीतिक, ऐतिहासिक महत्व, लोक कल्याणकारी भावना, स्वाभिमानी र स्वतन्त्रपूर्वक बाँच्ने मानवीय अवस्थाको योगदान अविस्मरणीय छ। त्यसैको सम्मानमा नेपाल सरकारले नेपाल सम्वत् ११२० (२०५६ साल) मा साख्वाःलाई राष्ट्रिय विभूतिको घोषणा, नेपाल सम्वत् ११२४ (२०६० साल) मा साख्वाःको अंकित हुलाक टिकट प्रकाशन, नेपाल सम्वत् नयाँ वर्षको अवसरमा सार्वजनिक बिदा, नेपाल सम्वत् ११२८ (२०६५ साल) मा नेपाल सम्वत्लाई राष्ट्रिय सम्बतको रुपमा मान्यता दिनुका साथै नेपाल सम्वत् ११४३ कौलागा आमै (२०८०/७/२७) का दिन विक्रम सम्वत् उल्लेख गरिने सरकारी कागजातमा नेपाल सम्वत्समेत उल्लेख गर्ने निर्णय भएको थियो।

हुन त यो नेपाल सम्वत्को प्रचलन इतिहासको विभिन्न कालखण्डमा राज्यस्तरबाट नगरेको होइन। तर इतिहासको राजनीतिक घटनाक्रमले यसको प्रचलनमा शिथलता ल्याइदियो। यस्तो ऐतिहासिक एवं मौलिक सम्बत- नेपाल सम्वत्लाई नेपालको गणतान्त्रिक सरकारसम्मको स्थितिमा ल्याउन राजनीतिक रुपमा पनि ठूलो भूमिका रहेको छ। पञ्चायती दमनको दमनको दबदबा रहेको अवस्थामा नेपाल सम्वत्लाई राष्ट्रिय मान्यता दिलाउन पद्मरत्न तुलाधरको नेतृत्वमा रहेको नेपालभाषा मंकाः खलःले सांगठनिक आन्दोलनको

शुरुवात गरे। यस आन्दोलनका अर्का नेता मल्ल के. सुन्दर अहिलेसम्म पनि यसको श्रीबृद्धिको लागि संघर्षरत नै हुनुहुन्छ।

नेपाल सम्वत्‌लाई व्यापक बनाउन संस्थागत विकासको लागि प्रतिष्ठानको भवन निर्माण गर्न प्रतिष्ठानका सल्लाहकार पूर्व मन्त्री महेश बस्नेत, मध्यपुर थिमि नगरपालिकाका निवर्तमान नगरप्रमुख मदनसुन्दर श्रेष्ठको विशेष भूमिका रह्यो। नेपाल सम्वत् मिनि संग्राहालय तयार गर्न मध्यपुर थिमि नगरपालिकाका नगरप्रमुख सुरेन्द्र श्रेष्ठको भूमिका रहेको छ।

त्यस अलावा नेपाल सम्वत्‌को ऐतिहासिकता, मौलिकता, राष्ट्रियता लगायत अनेक कोणबाट खोजमूलक लेख रचनाहरू, विचारहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशन भएका छन्। यसरी विभिन्न पत्रपत्रिकामा प्रकाशित लेख रचनाहरू संकलन गर्दै सुरक्षित राख्दै गएँ। यसरी नेपाल सम्वत् र शंखधर साख्वाःको बारेमा प्रकाशित खोलमूलक लेख र विचारहरू एउटै पुस्तकमा समेटी आम नेपालीलाई सहज उद्देश्यले राष्ट्रिय विभूति शंखधर साख्वाः प्रतिष्ठानले यसलाई पुस्तकका रुपमा प्रकाशनमा ल्याएको हो।

यसमा संग्रहित भएका लेख रचनाहरू पत्रपत्रिकाबाट साभार गरिएको हो। विभिन्न मिति र समयमा लेखेको हुनाले सम्पादनमा खासै परिवर्तन गरिएको छैन भने उक्त लेख रचना लेखकहरूकै खोज, अनुसन्धान, विचार भएको प्रष्ट पार्न चाहन्छु। यस पुस्तकको संकलन सहयोगी राष्ट्रिय विभूति शंखधर साख्वाः प्रतिष्ठानका पूर्व अध्यक्ष श्यामकृष्ण मानन्धरप्रति अभार ब्यक्त गर्न चाहन्छु। त्यसै गरी सामग्री संकलनको लागि सहयोग गर्नु हुने वरिष्ठ पत्रकार सुनिल महार्जन, पत्रकार सगतरत्न सिन्दुराकार, नेपालभाषा केन्द्रीय विभागका उप प्रध्यापक रवि शाक्यप्रति पनि कृतज्ञता ब्यक्त गर्दछु। यस सम्पादनमा शुद्धाशुद्धिको विशेष सहयोग गर्नुहुने उपप्राध्यापक राकेश महर्जन र मित्र सोमनाथ शर्माप्रति आभार व्यक्त गर्दछु। साथै पुस्तकप्रति शुभेच्छा व्यक्त गर्नु हुने बागमती प्रदेश संस्कृति तथा पर्यटन मन्त्री माननीय सुरेश श्रेष्ठप्रति विशेष धन्यवाद दिन चाहन्छु। यसै गरी आवश्यक सल्लाह सभाव दिनु हुने भाषा आयोगका माननीय सदस्य सुरेश मानन्धर, त्रि.त्रि. नेपालभाषा केन्द्रिय विभागका प्रमुख सह प्रा. राजनलाल जोशी, प्रतिष्ठानका संस्थापक अध्यक्ष मदनकृष्ण श्रेष्ठ, निवर्तमान अध्यक्ष चन्दनकृष्ण श्रेष्ठ एवं प्रतिष्ठान कार्यसमितिका सम्पूर्ण सदस्यहरूप्रति पनि आभारी छु। साथै टाइप सेटिङ्गमा साथ दिने पृथ्वीराम श्रेष्ठलाई विशेष धन्यवाद दिन चाहन्छु।

यस पुस्तकलाई प्रकाशनमा सहयोग गर्ने बागमती प्रदेश सरकार संस्कृति तथा पर्यटन मन्त्रालय **पर्यटन कार्यालय काठमाडौं**प्रति विशेष धन्यवाद व्यक्त गर्न चाहन्छु। साथै पर्यटन कार्यालय काठमाडौंका प्रमुख पवन पोखेल, योजना प्रमुख विपिन राई तथा कर्मचारीहरूप्रति पनि आभार ब्यक्त गर्न चाहन्छु।

– ज्ञानराम श्रेष्ठ

सम्पादक

बागमती प्रदेश सरकार
संस्कृति तथा पर्यटन मन्त्रालय
निजी सचिवालय

मानननीय सुरेश श्रेष्ठ
मन्त्री

हेटौंडा, नेपाल
मितिः २०८२।०८।०७
ने.सं. ११४६ थिंलाथ्व तृतिया आईतवार

शुभकामना

श्री राष्ट्रिय विभूति शङ्खधर साख्वाः प्रतिष्ठान
शंखधरचोक, मध्यपुर थिमि, भक्तपुर
बागमती प्रदेश, नेपाल ।

नेपाल सम्वत्का प्रवर्तक शंखधर साख्वाःलाई ने.सं. ११२० (वि.सं.२०५६) सालमा राष्ट्रिय विभूति घोषणा गरे पश्चात् मध्यपुर थिमिस्थित शंखधरचोकमा जनश्रमदानबाट निर्मित राष्ट्रिय विभूति शंखधर साख्वाःको प्रतिमामा प्रतिष्ठानले ने.सं. ११२२ (वि.सं.२०५८ साल) देखि हालसम्म हरेक वर्ष सरकार प्रमुख तथा विशिष्ट नेताहरूको उपस्थितिमा माल्यार्पण कार्यक्रमको आयोजना गर्दै आइरहेको जानकारी पाउँदा अत्यन्त खुशी लागेको छ। राज्यले नेपाल सम्वत्लाई ने.सं ११२८ (२०६५) सालमा राष्ट्रिय सम्वत् घोषणा गरिसकेको छ । यसैगरी ने.सं. ११४३ (वि.सं. २०८०) मा नेपाल सम्वत्लाई सरकारी कागजातमा उल्लेख गरी प्रयोग ल्याइसकेको छ । नेपाल सम्वत् प्रयोगका लागि बागमती प्रदेश सरकार संस्कृति तथा पर्यटन मन्त्रालयले पनि नेपाल सम्वत्को विस्तारको लागि निरन्तर लागि परिरहेको यसै शुभकामना सन्देश मार्फत सम्पूर्णमा जानकारी गर्न चाहन्छु। यसै क्रममा बागमती प्रदेश सरकारले नेपालभाषा र तामाङभाषालाई सरकारी कामकाजमा प्रयोग गर्ने निर्णय गरिसकेको छ।

हामीलाई हाम्रा पुर्खाहरूद्वारा समयकालअनुसार सृजना गरी तथा निजहरूलाई पनि पुर्खाहरूले जिम्मा दिई हस्तान्तरण भएका भाषा, कला, साहित्य, परम्परा र विभिन्न संस्कृतिहरू त्यसको संरक्षण प्रचारप्रसार गर्दै तिनकै माध्यमद्वारा समाजलाई एकता भ्रातृत्व सभ्य राख्न छोडी गएको नासोहरूको विकास र संरक्षण गर्ने जिम्मेवारी पनि रहेकोले त्यस तर्फ लागिरहन पर्ने हाम्रो पनि जिम्मेवारी रहेकोले स्थानीय, प्रदेश र सङ्घीय सरकार तथा सरोकारवाला सबै जनाले आ-आफ्नो क्षेत्रबाट सहयोग गर्नपर्ने तथा लागिरहन पर्ने देखिन्छ जसका लागी बागमती प्रदेश सरकार तथा सरोकारवाला मन्त्रालयको तर्फबाट प्रतिबद्धता समेत राख्दै सहयोगको लागी सरोकारवाला निकायहरूलाई विषेश अपिल समेत गर्दछु।

अन्त्यमा शंखधर दिवसको अवसरमा पारेर नेपाल सम्वत् र शंखधर साख्वाः बारे अध्ययन गर्न चाहनेहरुलाई सहयोग पुग्ने उद्देश्यले प्रतिष्ठानले "**नेपाल सम्वत् र शंखधर साख्वाः**" नामक पुस्तक प्रकाशन गर्न लागेको अवसरमा शुभकामनाको भावनाहरू राख्ने अवसर दिनु भएकोमा विषेश आभार व्यक्त गर्दै प्रकाशित पुस्तक भविष्यको पुस्तालाई नेपाल सम्वत् र शंखधर साख्वाःको इतिहासका साथै कला, भाषा, संस्कृति र परम्पराको क्षेत्रमा ज्ञान हस्तान्तरण गर्ने पठनयोग्य संग्रहको रुपमा रहने विश्वास समेत लिएको छु। धन्यवाद।

सुरेश श्रेष्ठ

माननीय सुरेश श्रेष्ठ
मन्त्री

विषय सूची

नेपाली

१. नेपाल सम्वत् (शङ्खधर साख्वाःल)
– ***इतिहासविद् स्व. भुवनलाल प्रधान*** **३**
२. नेपाल सम्वत्को यथार्थता
– ***इतिहासविद् स्व. भुवनलाल प्रधान*** **१३**
३. नेपाल सम्वत्को राष्ट्रिय अवधारणा
– ***सत्यमोहन जोशी*** **२३**
४. नेपाल सम्वत् : के कसो ?
– ***डा. जगदीशचन्द्र रेग्मी*** **२५**
५. गोपाल वंशावली र नेपाल सम्वत्
– ***वैकुण्ठप्रसाद लौकाल*** **२८**
६. नेपाल सम्वत् राष्ट्रियताका दृष्टिकोणबाट धेरै बढी उपयुक्त
– ***प्रो. माणिकलाल श्रेष्ठ*** **३५**
७. नेपाल सम्वत् र यसको महत्व
– ***प्रो. माणिकलाल श्रेष्ठ*** **४१**
८. विविध सम्वत् र विकास
– ***मल्ल के. सुन्दर*** **४६**
९. शंखधरको सम्मान
– ***मल्ल के. सुन्दर*** **६०**
१०. भिंतुना आन्दोलनको राजनीतिक आयाम
– ***सुरेश किरण*** **६४**
११. नेपाल सम्वत्को नालीबेली
– ***डा. बालगोपाल श्रेष्ठ*** **६८**
१२. नेपाल सम्वत्को राष्ट्रिय पक्ष
– ***हिरण्यलाल श्रेष्ठ*** **१००**
१३. चन्द्रमासको आधारमा नेपाल पञ्चाङ्ग-पत्र्
– ***दैवज्ञ कीर्तिमदन जोशी*** **१०४**
१४. नेपाल सम्वत् : सैद्धान्तिक आधार तथा व्यावहारिक पक्ष
– ***प्रा. डा. त्रिरत्न मानन्धर*** **१०७**
१५. नेपाल सम्वत् पुनरुत्थानमा योगदान
– ***प्रा.डा. भगवानदास मानन्धर*** **११८**
१६. शंखधर साख्वाः र नेपाल सम्वत्
– ***पुरुषोत्तमलोचन श्रेष्ठ*** **१२५**
१७. इतिहास, संस्कृति र युवाआवाज
– ***राजेश बज्राचार्य*** **१४३**
१८. नेपाल सम्वत्को राष्ट्रिय अभियान
– ***राजेन्द्र श्रेष्ठ*** **१४८**

१९. नेपाल सम्वत्‌ले राष्ट्रिय एकतामा पारेको प्रभाव
– डा. राजनलाल (रास) जोशी **१५३**
२०. नेपाल सम्वत्‌को ऐतिहासिक तथा सांस्कृतिक महत्त्व
– ओमप्रसाद धौभडेल **१५८**
२१. नेपाल सम्वत्‌लाई राष्ट्रिय सम्मान : सञ्चार-माध्यमको उल्लेख्य योगदान
– नरेशवीर शाक्य **१६१**
२२. सुमतितन्त्र : नेपाल सम्वत् प्रचलनको साक्षी
– अशोक श्रेष्ठ **१६६**
२३. नेपाल सम्वत् : राष्ट्रिय मान्यता जोगाउने दायित्व सरकारको
– दानदास श्रेष्ठ **१७०**
२४. साझा प्रयासको परिणाम
– राजेन्द्र मानन्धर **१७३**
२५. नेपाल सम्वत् : मुक्ति सम्वत्
– अगिब बनेपाली **१७५**
२६. नेपाल सम्वत् र हाम्रो संस्कृति : एक विश्लेषण
– सौभाग्य प्रधानाङ्ग **१८४**
२७. नेपाल सम्वत्‌का केही लुकेका पक्षहरू
– सौभाग्य प्रधानाङ्ग **१९१**
२८. दोलखाको इतिहासमा नेपाल सम्वत्
– अमरकुमार प्रधान **१९६**
२९. नेपाल सम्वत् राष्ट्रको निधि
– सुभाषराम **२०१**
३०. बौद्ध दृष्टिमा राष्ट्रिय विभूति साख्वाः
– भिक्षु सुदर्शन **२०४**
३१. नेपाल सम्वत् साङ्गठनिक आन्दोलनमा : पद्मरत्न
– ज्ञानराम श्रेष्ठ **२०७**
३२. नेपाल सम्वत्‌को प्रयोगले दिएको सन्देश
– सुरेन्द्रवीर मालाकार **२१५**
३३. साख्वाः सम्वत् संस्थापक मात्रै होइनन्
– अविनाश शर्मा **२१८**
३४. जुन बेला काठमाडौंका नदीमा सुन बग्थ्यो
– हिमेश **२२१**
३५. नेपाल सम्वत् र यसको प्रारम्भ
– होमनाथ भट्टराई **२२४**
३६. सम्वत् सम्बन्धी नीति खोइ ?
– ज्ञानराम श्रेष्ठ **२२८**
३७. राष्ट्रिय मान्यताको परिभाषा गरिनुपर्ने
– किरण शाक्य **२३१**

३८. नेपाल सम्वत्को अबको बाटो
– *सुनील महर्जन* २४३
३९. नेपाल सम्वत् जनस्तर र सरकारीस्तरसँगसँगै मनाउनुपर्दछ
– *सुजीव वज्राचार्य* २३९
४०. शंखधर साख्वाःल पहिचानका लागि गरेको प्रयास
– *धर्मसुन्दर बज्राचार्य* २४१
४१. नेपाल सम्वत् र राजनीति
– *उमेश स्थापित* २४६
४२. नेपाल सम्वत् नयाँ वर्ष मनाउने दायरा व्यापक हुनुपर्दछ
– *रश्मिला प्रजापति* २४८
४३. राष्ट्रिय सम्वत् राज्यबाट सम्मानको खाँचो
– *मीना बज्राचार्य* २५०
४४. नेपाल सम्वत् र यसको प्रयोग
– *रत्नेश्वरी चवाल* २५४
४५. नेपाल सम्वत्कोअस्तित्व, मूल्य र मान्यता
– *प्रेममान डंगोल* २६०
४६. प्राचिन शहर ख्वाल्खा र नेपाल सम्वत् ११४६
– *उपेन्द्र प्रधान* २६४
४७. नेपाल सम्वत् एपस् डिजिटल युगमा हाम्रो सम्पदा
– *शौनक रञ्जितकार* २७०
४८. युवापुस्तामाझ नेपाल सम्वत्को महत्त्व बुझाउनुपर्ने
– *राजाराम तण्डुकार* २७६
४९. नेपाल सम्वत्लाई ब्यापक बनाउन गरेको प्रयासहरू
– *श्यामकृष्ण मानन्धर* २७८

नेपालभाषा

१. नेपाल सम्वत्
– *हरिराम जोशी* २८५
२. नेपाल सम्वत्या अन्तर्राष्ट्रिय प्रयोग
– *काशीनाथ तमोट* २९०
३. नेपाल सम्वत् : छगू अध्ययन
– *पूर्ण ताम्रकार* २९४
५. नेपाल सम्वत् व झीगु दायित्व
– *जीवनकुमार महर्जन* ३००
६. शंखधरया प्रतिमा पलिस्थाया लसता म्ये –
– *नविनप्रकाश श्रेष्ठ* ३०४

नेपाली खण्ड

२ । नेपाल सम्वत् र शंखधर साख्वाः

नेपाल सम्वत् (शङ्खधर साख्वाल)

–● इतिहासविद् स्व. भुवनलाल प्रधान ●–

इतिहास अध्ययन र विश्लेषणको निमित्त हृदय स्वच्छ हुनुपर्छ । दृष्टिकोण फराकिलो र चेतना खुल्ला राख्नु आवश्यक छ । उदाहरणार्थ भौतिक जगतलाई-परमब्रह्म परमात्माको सृष्टि र यावत् जीव परमात्माको अंशात्मा अथवा मनुष्य ईश्वरको खिलौना, वातावरणको दास, परिस्थितिको चित्र सम्झने धार्मिक भावना हुनसक्छ- इतिहास होइन । यसको विपरीत, मनुष्यलाई देवताको सृष्टा भौतिक जगतको मालिक एवं परिस्थितिको - (कुनै पनि) हर्ताकर्ता सम्झने वैज्ञानिक वा वस्तुसँग दृष्टिकोण हो । इतिहासलाई यस्तै दृष्टिकोण चाहिन्छ- यस्तै चेतना पनि । 'नेपाल सम्वत्' को परिप्रेक्षमा यस्तै प्रकारले विभिन्न कल्पना र भावना व्यक्त गरिएको पाइन्छ । सडकमा द्वार बनाउने, एक मोटरसाइकल र्‍याली निकालेर नेपाल सम्वत्को ऐतिहासिकता सिद्ध हुने धारणाग्रस्त समूह पनि देखिएका छन् भने अर्कोतिर यस्ता कार्यक्रमका आयोजकहरूलाई समातेर थुन्ने सरकार पनि रहेको छ । फेरि सरकारी मुखपत्र गोरखापत्रले नेपाल सम्वत्लाई 'नेवारी सम्वत्' सम्म पनि भनेका छन् । वर्तमान सन्दर्भमा 'नेपाल' को स्थानमा 'नेवार' वा 'नेवारी' शव्द प्रयोग गरी अर्थको अनर्थ मात्र हुने नभई यसबाट जनता भ्रमित पार्ने कोशिश निहीत देखिन्छ । यसरी नै नेपाल सम्वत्लाई कुनै राजाले सूत्रपात गरेको भन्ने विचार व्यक्त गर्नु पनि जनतालाई भ्रमित पार्ने र इतिहासको विकृति ल्याउने कुचेष्टा हुने देखिन्छ । तसर्थ यस लेखमा अहिलेसम्म प्राप्त ऐतिहासिक सामग्री र यसमा हृदयंगम गर्न सकिने तथ्यहरूमा आधारित 'नेपाल सम्वत्' सम्बन्धी तथ्यहरू प्रस्तुत गर्ने यस लेखको उद्देश्य हो ।

आनन्ददेव

नेपालको इतिहासमा आनन्देव नाम भएका तीनजना राजाहरू थिए भन्ने तथ्य यहाँ स्मरणीय हुन आउँछ। तसर्थ उनीहरूका परिचय तल दिइन्छ।

१) आनन्ददेव (I):-आनन्ददेव ललितपुरका लिच्छवि राजा जयदेव तृतीयका भाइ थिए। यिनी बम्ता (पूर्व) तिर गएर शासन गरिबसे। यिनले धेरै गाउँहरू एकीकृत गरेर भक्तपुर राज्य बनाए। यसरी वि.सं. ९३६ (ई.सं. ८७९-८८०) सालमा नेपाल सम्वत्‌को प्रादुर्भाव भएको समयमा श्री आनन्ददेव भक्तपुरका शासक थिए। आनन्ददेव (I) को नामः- गोपालराज वंशावली, राजभोगमाला वंशावली, केशर पुस्तकालय वंशावली र अन्य वंशावलीमा उल्लेख भएको पाइन्छ।

२) आनन्ददेव (II) - आनन्ददेव द्वितीय राजा नृसिंह देवको द्वितीय पुत्र हुन्। यिनका वंश यही नै हुन् भनी किटान गर्न अझै सकिएको छैन। यिनले उपत्यकामा ने.सं. २६७ देखि २८७ (.ई. ११४७-११६७)सम्म राज्य गरेका थिए। उनका धेरै अभिलेख भेटिएका छन्।

३) आनन्ददेव (III) - आनन्ददेव तृतीयले नेपाल अधिराज्यको राजा भई ने.सं. ४२८-४४० सम्म शासन गरेका थिए। यिनी राजा भीमदेवका पुत्र थिए। यिनको पनि धेरै अभिलेख भेटाइएको छ। यिनी पूर्व-मल्लवंशका राजा थिए।

ई.सं. ७६३-७३ तिर लिच्छवी राजा शंकरदेव II ले ललितपुरमा शासन गरी बसेका थिए। उनले अचेल इन्द्रचोक भनिने स्थानमा एउटा नयाँ बस्ती आवाद गरी यसको नामकरण पूर्णवती भनी गरे। उनका पुत्र राजा वर्धमानले यसको विस्तार गरे। यस पछिका राजाहरूको नाम वंशावलीमा एकरुपता छैन। तापनि धेरैजसो वंशावलीहरूमा राजा रुद्रदेवले चार-भञ्ज्याङ्गका लिच्छवि राजालाई पराजित गरी शासन भोग गरेको उल्लेख पाइन्छ। यिनी निःसन्तान भएकाले पहिलेका लिच्छवि राजामध्ये एकका सन्तान जयदेव राजा बनाइएका थिए। लिच्छवि राजाहरूको क्रममा यिनी जयदेव तृतीय भए। वंशावलीअनुसार भक्तपुरका राजा आनन्ददेव I यिनका भाइ र बालार्जुनदेव छोरा थिए।

जयदेवले उपत्यकामा राजय गरिरहेको ताका यिनको भइ आनन्ददेवलाई "पूर्व" इलाका दिएका थिए। वंशावलीअनुसार त्यस पूर्वी इलाकामा धेरै गाउँहरू थिए। उनले सबै गाउँहरू मिलाएर भक्तपुरमा परिणत गरेका थिए। यस सन्दर्भलाई वंशावलीमा यसरी उल्लेख गरेको पाइन्छ।

यी आनन्ददेवले दाजुहरूले दुई शहर भोग गरिराखेकाले नेपाल पूर्वमा गई त्यहाँ......पहिले गाउँ मात्र भएकोले त्यस शहरलाई भक्तपुर नाम राखी नयाँ बस्ती बसाली

राज्य गरे.......आनन्ददेवले वि.सं. ९३० माघ कृष्ण प्रतिपदा सोमबार भक्तपुर शहरलगायत राज्य लिएर वर्ष २० सम्म राज्य गरे (केशर पुस्तकालय वंशावली) ।

राघवदेव

काठमाडौंको इन्द्रचोक (पूर्णवती)सँग समावेश भइरहेको ललितपुरको राज्यमा जयदेवपछि बालार्जुनदेव राजा भए । यसपछि मानदेव IV ललितपुर र पूर्णवतीका राजा थिए । मानदेवले ३$^{१}/_{२}$ वर्ष राज्य गरे । यसपछि यिनका छोरा राघवदेवले राज्य गरे । सं. ३०१ (निराकरण भइसकेको अनुसार यो सम्वत् वि.सं. ६३३ वा ई. ५७६ सालमा प्रचलित मानदेव सम्वत्को तसर्थ यो ३०१ को बराबर ई. ८७७ साल हुन आउँछ)को एक अभिलेखमा मानदेवलाई गद्दीनशिल भनी उल्लेख गरेको पाइन्छ । यही मानदेव सम्वत्को ३०४ को एक हस्तलिखित श्लोक पनि केही समय यता भेटिएको छ।

पछि पूर्णवतीमा राजा मानदेव IV का भाइ विक्रमदेव शासक भए । सम्भवतः विक्रमदेवलाई यस राज्यमा राघवदेवले धेरै समयसम्म शासन गरिसकेपछि यिनका जेष्ठ-पुत्र नरेन्द्रदेव III (यिनी तेस्रो देखिन आउँछ इतिहासमा)ले केही महिनासम्म राज्य गरे । वर्ष दिन नबित्दै यिनको देहावसान भएकाले यिनका कान्छा पुत्र गुणकामदेव- (I) राजा भए । गुणकामदेवले ५१ वर्ष राज्य गरेका थिए भनी धेरै वंशावलीमा उल्लेख छ । यसरी नै राघवदेवको भागेवर्ष ६३ लेखिएको छ । राजा गुणकामदेव (I) वर्तमान कान्तिपुरको संस्थापकको रुपमा वंशावलीमा लेखिएको देखिन्छ। पाटनमा भेट्टाइएको राजा गुणकामदेवको नाम भएको एक शिलालेख (राज्ये श्री गुणकामदेव नृपते स्सप्तोत्तरेब्दे शते.....श्री माणिग्वलके ......अभिलेख संग्रह भाग ९) मा ने.सं. १०७ अंकित छ । उक्त शिलालेख यिनका शासनकालको उत्तरार्द्धको हुनुपर्छ ।

प्रायः सबै वंशावलीमा राघवदेवको भोग वर्ष क्रमशः ६३ र ५३ लेखिएको छ। धेरै वंशावलीमा उल्लेख परेको यिनीहरूका लामो शासनकाल विचारणीय देखिन्छ। राजा राघवदेवको राज्यकालको पूर्वार्द्धको सुरुमा निस्केको नेपाल सम्वत् विक्रमदेव, नरेन्द्रदेवपछि गुणकामदेवको राज्यकालमा १०७ साल लाग्नु तर्क संगत देखिन्छ। (राघवदेवको भाग वर्ष ६३+ विक्रमदेवको भाग वर्ष ८+ नरेन्द्रदेवको केही महिना + गुणकामदेवको भोग वर्ष ५१= ६३+८+५१=१२३ वर्ष) । १०७ वर्षको अवधि १२३ वर्षका अवधिभित्र पर्नसक्छ।

माथि उल्लेख गरेको वंशानुगत क्रमलाई तल रेखांकित गरी देखाइएको छ। यसबाट उक्त कुरा बुझ्न सजिलो हुनेछ -

जयदेव (III)   आनन्ददेव

(ललितपुर+पूर्णवती)	(भक्तपुर)	वि.सं. ९३०.....
बालार्जुन देव		
मानदेव (IV)	विक्रमदेव	
(ललित+पूर्ण)	(पूर्णवती)	
	राघवदेव	
	(ललित+........)	
नरेन्द्रदेव	गुणकामदेव	
पूर्ण	पूर्ण+.........	
	ने.सं. १०७	

शंखधर साख्वाल

अब हामी मूल विषय-वस्तु नेपाल सम्वत् तिर लाग्दै छौं । यसको उत्पति अर्थात् कसरी सूत्रपात भयो भन्ने विषयमा गोपाल, राजभोगमाला, राज, केशर पुस्तकालय आदि वंशावलीमा उल्लेख भएको केही उदाहरण दिंदैछु-

"………यी आनन्ददेवका दाजु दुई शहरमा भोग गरिरहेकोले "नेपालको वम्ता (पूर्व) इलाकामा गएर त्यहाँ………पहिले गाउँमात्र भएकोले ………..त्यस शहरलाई भक्तपुर नाम राखी बस्ती स्थापित गरी राज्य गरे……… आनन्ददेवले विक्रम सम्वत् ९३० माघ कृष्ण प्रतिपदा सोमबार भक्तपुर शहरमा समेत राज्य लिइकन वर्ष २० सम्म राज्य गरे ।"

यसको तल यस्तो लेखिएको छ। उता ललितपतन शहरतिर मानदेवको पुत्र राघवदेव राजा भए….. यसताका भक्तपुरमा आनन्ददेवले राज्य गरिरहेको वेलामा भक्तपुर निवासी कुनै एक ज्योतिषी………बालुवा सुन हुने मुहूर्त (सुवर्ण योग) ……..भरियालाई भद्रमति र विष्णुमतिको संगम लखुतीर्थमा गई……बालुवा बोकेर आइरहँदा कान्तिपुरबासी कुनै एक शंख (धर) नामक साख्वाः भन्ने एक ज्यापु (शुद्ध जाती)ले देखेर……सबै भरियालाई फकाएर सम्झाएर लालचवशमा पारेर बालुवा सबै आफ्नो घरमा लग्यो। उक्त बालुवा सुवर्ण मुहूर्त बितिसकेपछि ल्याएकोले सुन भएन ।……."

"उता कान्तिपुरमा शंखले यस घटनाको ४ दिन पछि थुपारिराखेको बालुवा हेर्न जाँदा……….सुन भएको देखेर मनमा साह्रै खुसी……. शंख साह्रै ज्ञानी धर्मात्मा भएकोले

मनमनै विचार गरे...अव उक्त सुन........साधारणजनले गर्न नसक्ने धर्म कार्यमा उपयोग गर्छु.......जुन कर्ममा उक्त धन खर्च गरी लोकमा ठूलो यश र परलोकमा ठूलो पुण्य प्राप्त गर्न सकियोस् । यसरी मनमा विचार गरी त्यहाँ भएका पण्डित, ज्योतिषीहरूको सम्मत्ले नेपाल निवासी सबै दुनियाको ऋण तिरेर (अऋणी गरी सम्वत् परिवर्तन गर्ने निश्चय गरी राजासँग स्वीकृति लिए। अनि नेपाल निवासी सबै धनि-गरिवका ऋण चुक्ता गरी एक पैसा पनि नबचाई कलिगताब्द ३९८१ र .....शाके ८०२ मा नेपाल सम्वत्-(१) कायम गरे । यसरी सम्वत् परिवर्तन गरेर राजाको तर्फबाट उक्त सम्वत् व्यवहारमा चलन गराई ठूलो यश आर्जन गरे ।

यी शंख श्री पशुपतिनाथ इता (दक्षिण) ढोकाको सामुने प्रस्तर मूर्ति बनाई स्थापना गरिए। श्री पशुपतिनाथको भावभक्ति भावना-सेवा गरी आएकोले अन्तिमावस्थामा पनि श्री पशुपतिनाथको समीप बाग्मति खोलाको छेउमा देहत्याग गरे ।"

यसरी वंशावलीमा साल र तिथिसहित राघवदेव आनन्ददेवको राज्यकालमा शंखधर साख्वालले सम्वत् परिवर्तन गरेको किटानसाथ लेखिएको छ। वंशावलीमा यसलाई नेपाल सम्वत् वा नेपाली सम्वत् बताइएको छ। शंखधरले सूत्रपात गरेकोले यसलाई "शंखधरकृत नेपाल सम्वत्" भनिएको हो ।

प्रायः वंशावलीअनुसार नेपाल सम्वत् निकाल्ने खास व्यक्ति शंखधर साख्वाल नै भयो र यसलाई स्वीकार गर्न नसक्ने कुनै कारण देखिँदैन। उच्च हिमशिखरबाट बगिआएको नदीको जलकणसँग सुवर्ण कण पनि बगिआउनु असम्भव छैन । यद्यपि बालुवा सुन भएर शंखधर एक्कासी धनी भएको कथा थाती राखेर उसले कुनै प्रकारले अकस्मात् धेरै धन प्राप्ती सम्भव छ। शंखधरले उक्त समयमा प्रचलित मानदेव सम्वत् ३०४ सालमा भक्तपुरमा आनन्ददेव (I) र पाटन र पूर्णवतीमा राघवदेवले राज्य गरिराखेको बेलामा मानदेव सम्वत् को सट्टा नेपाल सम्वत् निस्केको कुरा ऐतिहासिक घटनाक्रमसँग एकदम मिल्न आउँछ।

माथि उल्लेख गरिएअनुसार ललितपुर र पूर्णवतीका राजाहरू चाँडै देहावसान भएकोले तीनजना राजा बदलियो। तर भक्तपुरमा एकै जना आनन्ददेवले २० वर्ष सम्म राज्य गरिरहे। जयदेव III का भाइ आनन्ददेवलाई भक्तपुरको राज्य दिनासाथ उनको मृत्यु भएको हुन सक्छ, बालार्जुनदेवको लामो नहुन सक्छ, मानदेवले ३$^{१}/_{२}$ वर्ष सम्म राज्य गरे आदि ऐतिहासिक स्थितिमा विचार गर्दा - आनन्ददेवले राज्य गरिरहेको वेला ललितपुरमा तीन जना अर्थात तीन पुस्ता परिवर्तन भएको घटना मानव जीवनमा नहुन सक्ने घटना होइन। वि.सं. १९३४-३८ सालको अवधिमा पनि तीन पुस्ताको राजाहरू नभएर चौथो पुस्ताका श्री ५ पृथ्वीवीर विक्रम शाह राजा भएका हुन्। सबै जसो वंशावलीमा एकरुपले उल्लेख परेको

राघवदेवको भोग वर्ष ६३ र गुणकामदेवको ५१ वर्ष पनि यस सन्दर्भमा विचारणीय छ। माथि भनिए जस्तै राघवदेवले धेरै कालसम्म शासन गरसकेपछि विक्रमदेवलाई पूर्णवतीको राज्य दिएको र राघवदेवको राज्यकालको सुरुमा सूत्रपात भएको नेपाल सम्वत् गुणकामदेवको राज्यकालको अन्त्यमा १०७ साल हुनसक्ने बिलकुल सम्भव छ।

तसर्थ पूर्णवतीमा बस्ने शंखधर साख्वालले नेपाल सम्वत् चलाएको वेला भक्तपुरमा आनन्ददेव राजा थिए तथा पूर्णवतीसहित पाटनमा राघवदेव राजा थिए। अनि यिनले आफ्ना सम्बन्धित राजासँग आज्ञा लिएर नेपाल सम्वत् निकाले। सम्वत् जस्तो साझा राष्ट्रिय वस्तु सार्वजनिक रुपमा लागू गर्ने राजाको हुकुम चाहिने नै भयो। उक्त समयमा पूर्णवती पाटनको भूभाग भएकोले सम्बन्धित राजा राघवदेव नै भए।

हुनत वंशावलीमा राजाहरूको भोगवर्ष फरक देखिन्छ र कहीं कहीं राजाहरूको क्रम समेत बदलेको छ। तैपनि राघवदेवको ६३, गुणकामदेवको ५१, मानदेव (IV) को $३^{१}/_{२}$ आनन्ददेवको २० वर्ष सबै जसो वंशावलीमा एकनासले उल्लेख गरेको छ।

साख्वाल वा साख्वाः वा साख्वाल

अव साख्वाल वा साख्वाः, साख्वाल (साख्वाः) शब्द बारे विचार गरौं। वंशावलीमा "साख्वाल" वा "साख्वाः लेखिएको पाइन्छ। शंखधर भन्ने किटानसाथ भईकन पनि यो "साख्वाल" शव्द बारम्बार प्रयोग गरिएकोमा केही प्रयोजन हुनुपर्छ।

यता उपत्यकाभित्र पुराना ल्हासा साहुहरूको (ल्हासामा नै व्यापार गर्ने) घरमा रुपिया पैसाको कारोबार गर्ने कक्ष "साख क्वथा" भन्ने एउटा कोठा रहको पाइन्छ। यहाँ यो कुरा उल्लेखनीय छ - भक्तपुरको क्वाठछैँ टोलमा "साख क्वथा" भन्ने (एउटा घर) एउटा कोठा अद्यावधि रहेको छ। यस सन्दर्भमा तत्कालीन सम्यकरत्न बज्राचार्यको भनाइ तल दिइन्छ-

"राजालाई पानीभित्र बन्द गरिएको "साखः" कोठा अद्यावधि रहेको छ। त्यसो (=ऋण, कर्जा) लाई हिन्दी भाषामा "साख" शब्द प्रयोग गरिन्छ। उक्त कोठामा राजालाई महाजनले साख (त्यासो) दिएकोले उक्त कोठालाई "साखः क्वथा" भनिएको हो।"

रामचन्द्र बर्माको हिन्दी कोषमा साखको अर्थ यसरी दिइराखेको छ-

(I) धाक, रोब (II) लेनदेन और व्यापार मे... प्रमाणिकता और मान्यता जिसके विषयमे किसीका कोइ सन्देह न हो। (क्रेडिट) जैसे आजकल बाजार (या समाज)मे उनकी बहुत साख है। विशेष ऐसी प्रमाणिकता व्यक्तिकी प्रतिष्ठा और मर्यादा की सूचक ही है।

यसरी "साख" शव्दको उपरोक्त अर्थ विचार गर्दा- "साख्वाल"को अर्थ रुपियाँ पैसाको कारोवारमा दुनियाले पत्यार गरिराखेको माथवर, तालिवर, साहूमहाजन ? ऋणदाता हुन्छ।

कुनै किसिमबाट जनताको त्यासो तिरेर सम्वत् परिवर्तन गरेपछि शंखधर पनि साख्वाल

भयो वा कालान्तरमा त्यस्तो भन्ने गरे ।

यो “साख्वाल” शव्दलाई अपभ्रंस गरेर नेवारीकरण गरी “साख्वाल” वा “साख्वाः” भनियो। तसर्थ वंशावलीमा शंखधरलाई साख्वाः वा साख्वाल भनी लेखिएको उनको अनुहार गाईको जस्ता (सा भनेको गाई र ख्वा भनेको अनुहार-नेवारमा) भएर होइन कि यो कुनै उपनाम वा उनको थरको सूचक नाम होइन ।

संक्षिप्त गोपाल वंशावली “राजा श्रीराघवदेव वर्ष ६३ मास ६$^{१}/_{२}$ श्री पशुपति भट्टारके सम्वत्सर प्रवृतिः कृताः भनी लेखिएको आधार लिएर नेपाल सम्वत्को प्रवर्तक राजा राघवदेव नै हुन् भनी तर्क पेश गर्नेहरू पनि छन् । यस्ता तर्क तल लेखिएको कारणले गलत सिद्ध हुन जान्छ-

माथि उल्लेख गरिएको उदाहरण त केवल “राजा श्री राघवदेवको भोग वर्ष ६३ मास ६ श्री पशुपति भट्टारकेलाई संबत्सर चढायो” भन्ने अर्थ मात्र सीमित छ। वंशावली लेख्ने परम्परा अनुसार प्रत्येक नयाँ राजाको नामको पछि उनको भोग वर्ष यति भनी लेखिन्छ अनि उक्त राजाको राज्यकालमा भएका घटना वा उक्त राजाले गरेको कामको विवरण लेखिन्छ।

सबभन्दा पहिले उपरोक्त संस्कृत वाक्य कर्मवाच्यमा भइरहेकोले श्री पशुपतिनाथलाई.... सम्वत् चढायो भन्ने अर्थ मात्र हुन्छ । यसको कर्ता अर्थात सम्वत् निकाल्ने को हो भन्ने अज्ञात नै छ। यसर्थ यो सम्वत् राघवदेवले चलाएको भन्ने अर्थ त झनै मिल्न आउँदैन।

दोस्रो कुरा “सम्वत्सर प्रवृतिः कृता”को कर्ता राघवदेव नै हो भने उक्त वाक्यमा “तेत (वा राघवदेवले) भन्ने शव्द आवश्य लेखिएको हुनुपर्ने । भोग वर्ष र मास (=ला) पछि पूर्णविराम स्वरुप विधि ढंड्याइराखेको निरोधक सम्झिनु हुन्न।

तेस्रो, माथि विभिन्न वंशावलीबाट उद्धृत उदाहरण शंखधर साख्वालले सम्वत् परिवर्तन गर्न राजाको स्वीकृति लिए, राजाद्वारा उक्त सम्वत्को नै चलन व्यवहृत गरे, पशुपतिमा आफ्नो शिलामूर्ति स्थापना गराए, पशुपतिनाथको समिप खोलाको किनारामा देहत्याग गरे भन्ने उल्लेख परेकोले यिनी पनि पशुपति भक्त नै थिए भन्ने स्पष्ट हुन आएको छ तथा पशुपतिनाथलाई सम्वत् चढाउने काम पनि उनले (साख्वाल) नै गरेका हुन् भन्ने स्पष्ट छ। यो सबै घटना राजा राघवदेवको राज्यकालमा घटित भएको मात्र हुन् । माथि उल्लेख गरिएको वंशावली राजा राघवदेवको भोग वर्ष लेख्नाको अर्थ उनको राज्यकालमा सबभन्दा पहिले भएको घटना वा उक्त घटना उनकै राज्यकालमा घटेको (भएको) कुरा एकदम स्मरणीय हुन आउँछ।

यहाँ निर यो कुरा सम्झन लायकको छ कि सार्वजनिक ऋण चुक्ता गर्न पैसा शंखधरले

दिए तापनि सम्वत् परिवर्तन गर्न र नयाँ सम्वत् व्यवहारमा प्रयोग-प्रचलन गर्ने हुकुम त राजा राघवदेवकै चाहियो अनि राजाले आफ्नो हुकुम दिए होलान् । यति हदसम्ममात्र राजा राघवदेव नेपाल सम्वत्सँग सम्बद्ध हुन गयो । पैसा खर्च गर्ने शंखधरकै भएकोले यस सम्वत्लाई "संखधरकृत नेपाल (वा नेपाली) सम्वत्" भनिएको हुनुपर्छ ।

पाँचौं कुरा नेपालमा समय समयमा र अहिलेसम्म प्रचलित चारवटा सम्वत् मध्ये अहिलेसम्म भेटिएको सबभन्दा प्राचिन अभिलेख राजा धर्म मल्लकालीन ने.सं. ५२४ सालको पाटन सुन्धाराको हो (पूर्णिमा अंक ५) । जसमा यस्ता लेखिएको छ -

श्री कलिगत वर्ष ४५०५
श्री विक्रमराज वर्ष १४६१
श्री शकराज वर्ष १३२६
श्री मन्न नेपालिका सं. ५२४

उपरोक्त अभिलेखमा राजाले सूत्रपात गरेको सम्वत्मा मात्र "राज" शव्द प्रयोग गरिएको छ। अरुमा छैन। यदि नेपाल सम्वत् राजाले नै सूत्रपात गरेको भए यसमा निश्चय पनि "राज" शव्द समावेश हुनुपर्ने हो । यसमा किन "राज" शव्द नराखिकन किन "श्री मन्त (वा मन्न) नेपालिका" मात्र लेखियो ?

नेपाल सम्वत् राजा राघवदेवले प्रवर्तनको सम्बन्धमा ५०० वर्ष पछिको अभिलेख लेख्ने-लेखाउनेहरूले लेखिनराखेको देखा-देखी नै ११०० वर्ष पछिको केवल अनुमानको आधारमा राजा राघवदेवलाई प्रवर्तक सम्झिनु कुनै हालतमा पनि ठीक हुँदैन। नेपाल सम्वत् राजा राघवदेवले निकालेको हुनुपर्छ भनी तर्क वा अनुमान एकदम गलत भनी यस अभिलेख एउटाले नै सशक्त रुपले सावित गरिदिएको छ।

उपरोक्त विभिन्न कारणले नेपाल सम्वत् प्रवर्तन गर्ने साख्वाल शंखधर हो । राजा राघवदेव होइन बरु यसको राज्यकालमा प्रारम्भ उनको अनुमतिले नेपाल सम्वत् व्यवहारमा सार्वजनिक रुपले प्रचलित र व्यवहृत भएको हो । अव यसमा धेरै तर्क-वितर्क गरिरहनु आवश्यक छैन ।

माथि उल्लेख गरिएअनुसार नेपाल सम्वत् वि.सं. ९३६ साल र शक सम्वत् ८०२ सालको कछलाथ्व (अर्थात कार्तिक शुक्ल प्रतिपदा) को दिन एवं किलहर्नको तुलनात्मक गणनानुसार ई.सं. ८७९ अक्टोवर २० तारिखमा सुरु भएको हो। यस घटना घटित हुनुअघि यहाँ मानदेव सम्वत् प्रचलित भइरहेको थियो। मानदेव सम्वत् उपत्यकामा पहिलेदेखि अर्थात प्रारम्भिक लिच्छविकालदेखि प्रयोग भइआएको शक सम्वत्को ४९८ (= इ ५७६) क्रममा उहाँ आफ्नै देशमा उत्पति भएको सम्वत् हो। यो मानदेव सम्वत्को ३०४ साल बितेपछि

नेपाल सम्वत् प्रारम्भ गरिएको हो । यसरी नेपालमा उत्पति भएको दुइवटा सम्वत् मध्ये मानदेव सम्वत् पहिलो र नेपाल सम्वत् दोस्रो हुन । नेपालमा त्यस वेलादेखि अहिलेसम्म प्रचलित भइआएको सम्वत्मा खास नेपाली सम्वत् भन्नुपर्ने सम्वत् यही दुईवटा मात्रै हुन् । मानदेव सम्वत् ३०४ वर्षपछि लोक व्यवहारमा प्रचलित भएन । यसको स्थान नेपाल सम्वत्ले ओगट्यो । नेपाल सम्वत् यही ८८८ साल (इ. १७६८ सालमा श्री ५ पृथ्वीनारायण शाहको उपत्यका विजयपूर्व) सम्म नेपाल तीन राज्यको सम्पूर्ण सरकारी र गैर सरकारी एवं सामाजिक, धार्मिक कार्यमा प्रयुक्त भइरहेको थियो । तत्कालीन पश्चिम नेपालको विभिन्न राज्यमा यो सम्वत् प्रचलित भइरहेको देखिन्छ ।

यो सम्वत् छिमेकी देश चीनमा पनि मान्यता प्राप्तावस्थामा थियो । यसको विषयमा धनबज्र जोशीले यसरी आफ्नो विचार व्यक्त गर्नुभएको थियो । - "…..चीनको मिङवंशी बादशाह पनि नेपालको काभ्रेतिरका सामन्त राजा शक्तिसिंह राव बचनलाई लेखेको परवाना पत्रको सकल परराष्ट्र मन्त्रालयमा सुरक्षित छ । रञ्जना लिपि, संस्कृत भाषामा लेखिपठाएको उक्त पत्रमा नेपाल सम्वत् ५३५ अंकित छ जुनकि रञ्जना लिपिसहित नेपाल सम्वत्को पनि प्रचलन केही रुपमा भए पनि चीनमा भइरहेको पुष्टि हुन आउँछ ।"

यसरी उत्तर लिच्छविकालमा निस्केको यो नेपाल सम्वत्को प्रचलन पछि बैस ठकुरीकाल भरिनै, पूर्व मल्लकालमा र उत्तर मल्लकालको अन्त्यसम्म पनि सरकारी सम्वत् को रुपमा कायमै थियो । यसलाई उत्तर मल्लकालमा पनि नेपाली वा नेपालिका सम्वत् भनिएको प्राप्त अभिलेखबाट सिद्ध गरेको छ ।

ने.सं. ८८८ (=ई. १७६८) सालमा श्री ५ पृथ्वीनारायण शाहको विजयपछि गोर्खा लगायत पश्चिम नेपालको सुरुदेखि प्रयोग गरिएको शक सम्वत्लाई नयाँ अधिराज्य भरिनै सरकारी स्तरमा लागू थियो । तापनि कतिपय अन्य कार्यमा नेपाल सम्वत्को प्रयोग अद्यावधि भइरहेको छ। शक सम्वत् श्री ५ पृथ्वी वीर विक्रमको राज्यकालसम्म सरकारी स्तरमा प्रचलित थियो । सुन-चाँदीको टकमा शक सम्वत् १८३३ (तद्नुसार वि.सं. १९६८) सालसम्म रह्यो । शक १८२५ अर्थात वि.सं. १९६० सालमा आएर श्री ३ महाराज चन्द्रशम्शेरले गते सहितको सौरमास गरी विक्रम सम्वत् सरकारी स्तरमा लागू गऱ्यो र चाँदीको टकमा शक सम्वत् अरु ८ वर्षसम्म (१९३३) प्रयोग भई नै रह्यो । ने.सं. १०३१ (= शक १८३३, ई. १९११, वि.सं. १९६८) सालमा श्री ५ त्रिभुवनको राज्यारोहण भएपछि मात्र सबै किसिमको टकमा शक सम्वत् बिलायो ।

नेपाल सम्वत्लाई पंचाङ्गकर्ता ज्योतिषीहरूले केही जाति विशेषसँग मात्र होइन देशसँग नै सम्वद्ध गरिआएको परम्परा छ । जस्तैः-

१. ज्यो.पं. तोयनाथ
वि.सं. २०२७ सालको पात्रोमा – शंखधरकृत नेपाली सम्वत्
२. ज्यो.पं. तोयनाथ
वि.सं. २०२८ सालको पात्रोमा – शंखधरकृत नेपाल सम्वत्
३. पं. डाकुरनाथ - पं. नरनाथको पात्रोमा – श्रीनेपालदेशीय सम्वत्
४. पंचा. पं. प्राणनाथको पात्रोमा – श्रीनेपालदेशीय सम्वत्
५. ज्यो. पं. विश्वरामको पात्रोमा – श्रीशंखधरकृत नेपालीय सम्वत्

यसरी नेपाल सम्वत्को उपरोक्त अनेक तथ्यले नेपाल वा नेपाली सम्वत्, नेपालिका सम्वत्, नेपालदेशिय सम्वत् भई आएको तथ्य स्वतः सिद्ध भइरहेको छ । यो सम्वत् कुनै सम्प्रदाय वा जातिमा सीमित भइरहेको छैन । नेपाल सम्वत् यहाँ तात्कालिक समयमा प्रचलित भएको शक सम्वत् वा अहिले प्रचलित विक्रम सम्वत् जस्तै बाहिरबाट आयात गरिएको विदेशी सम्वत् होइन । यस सम्वत्को प्रचलनलाई रोक्न वा बन्द पनि गरिएको छैन । शक सम्वत् लाई ४९८ साल सकिनासाथ मानदेव सम्वत् निस्क्यो तथा उक्त सम्वत् सार्वजनिक प्रचलनमा आएन । माथि उल्लेख भए जस्तै नेपालमा अहिले र पहिले प्रचलित सबै सम्वत् मध्ये मानदेव सम्वत् र नेपाल सम्वत् मात्र स्वदेशी सम्वत् हुन् । मानदेव सम्वत् इ. ५६६ साल (= वि.सं. ६३३, शक सं. ८०२) सालमा रोकियो । यसको स्थान नेपाल सम्वत्ले लियो र त्यसवेलादेखि अहिलेसम्म एक स्वदेशी सम्वत्को रुपमा नेपालको इतिहासमा विशेष भूमिका खेलिआएको छ । यो हाम्रो राष्ट्रिय सम्पतिको एक अंग हुन् ।

वंशावली, अभिलेख, सरकारी कागज, दुई सरकारको बीचमा लेखापढी, पंचाङ्ग आदि ऐतिहासिक सामग्रीसँग निर्णित र निश्चित रुपले मान्य भइरहेको नामलाई बिगारेर जातिगत बनाउने ऐतिहासिक ज्ञान नभएको परिचय दिनु मात्र हुनेछ ।

१००० वर्ष भन्दा बढी समयदेखि इतिहासमा सर्वमान्य भइआएको नेपाल सम्वत्लाई फेरि "नेवारी सम्वत्" भन्ने नामकरण गर्ने प्रयास एउटा पूर्ण भइसकेको भइआएको वस्तुलाई फुटाल्ने, टुक्रा गर्ने, स्वच्छलाई अस्वच्छ पार्ने निराधार, निर्थक प्रयास मात्र हुनेछ ।

यसलाई बुझेर वा नबुझेर "नेवारी" सम्वत् भन्न खोज्नेहरूले विक्रम सम्वत् ८० वर्ष अघि मात्र राणाशाहीको जगजगी भइरहेको बेला सरकारी सम्वत्को रुपमा लागू गरेको हो भन्ने कुरा सम्झिराख्नु पर्छ । ●

अनुवादकः **स्व. अशोक श्रेष्ठ**
(इनाप वर्ष १ अंक ४० बाट)

नेपाल सम्वत्को यथार्थता

–● इतिहासविद् स्व. भुवनलाल प्रधान ●–

नेपाल सम्वत्भन्दा अघिका सम्वत्हरू

आजकालको काठमाण्डौ उपत्यका र यसका सेरोफेरोबाट अहिलेसम्म प्राप्त हुँदै रहेका प्राचीन शिलालेख, भोजपत्र, ताम्रपत्र, वंशावली र अन्य अभिलेखहरूमा सम्वत् भनेर मात्र लेखिएको पाइएको छ, फलाना सम्वत् भनेर सम्वत्को नाउँ किटान गरिएको छैन। फेरि केही समयपछि अभिलेखहरूमा अर्को एउटा नयाँ सम्वत् प्रयोग गरिएको पनि पाइएको छ। यिनमा पनि सम्वत्को नाउँ तोकिएको छैन। यसैले यी सम्वत्हरूबारे केही समयसम्म अनेक अडकलबाजी चले, अन्योल छाइरह्यो। यी दुईटा सम्वत् मध्ये एउटालाई अर्कोबाट छुट्याउन पुरानो सम्वत् र नयाँ सम्वत् भनेर पनि उल्लेख गर्ने गरियो। पछि ज्योतिषी गणितका ज्ञाता बाबुराम आचार्य (वि.सं. १९४४-२०२९) र नयराज पन्त (वि.सं. १९७०–) ले पुरानो सम्वत् साल, महिना, तिथि, वार आदिको ज्योतिषी गणना गरेर हेर्दा तिनीहरू शक सम्वत्का साल, महिना तिथि इत्यादिसँग ठिक्क मिलेको पाए। त्यसैले नेपालकै प्रारम्भिक इतिहासविद् यिनीहरू दुवैले यस पुरानो सम्वत्लाई शक सम्वत् नै ठहऱ्याएका छन्। यस सम्वत्का अभिलेखहरू अहिलेसम्म सं. १०७, सं. ३८१, सं. ३८६ देखि सं. ५२६ (सं. ५३६ को एउटा) प्राप्त भएका छन्। माथि चर्चित नयाँ सम्वत् चाहिँ यसै शक सम्वत्को ३९८ साल (तदनुसार वि.सं. ६३३, इ.सं. ५७६ साल) मा चलाइएको थियो जुन हालसालै भनेजसो नेपालकै एकजना राजा मानदेव द्वितीयले चलाएका थिए भनेर थाहा हुन आएको छ।[१] यो नयाँ सम्वत् राजा मानदेव द्वितीयले चलाएको हुनाले मानदेव

सम्वत् भनिएको छ। यो मानदेव सम्वत् नै यहीँ काठमाडौं उपत्यका अर्थात् तत्कालीन नेपालमा निकालिएको पहिलो सम्वत् भनेर थाहा भएको छ। यो मानदेव सम्वत् ३०४ सालसम्म प्रचलनमा रहेको जानकारी पाइएको छ। यस मानदेव सम्वत्का २९ सालदेखि ३०१ सालसम्मका अभिलेख पाइएका छन्।

नेपाल सम्वत्को प्रादुर्भाव

उपरोक्त मानदेव सम्वत् ३०४ साल बितेपछि फेरि अर्को एउटा नयाँ सम्वत् चलाइयो जसको नामकरण फेरि अर्को एउटा नयाँ सम्वत् चलाइयो जसको नामकरण देशकै नाउँबाट 'नेपाल सम्वत्' भनेर गरिएको छ। यसको संस्थापनबारे राजभोगमाला वंशावली, केशर- पुस्तकालय वंशावली आदि भाषा वंशावलीहरूमा लेखिएको व्यहोराबाट के कुरा थाहा हुन्छ भने लिच्छवि राजा राघवदेव (राजधानी त्यस बेला ललितपुर थियो) को राज्यकालमा भक्तपुरका शासक (राघवदेवकै अन्तर्गतका) आनन्ददेव प्रथम[2]ले काठमाण्डौ लुँखु तीर्थ (लुँ=सुन, खु=खोल्सो, काठमाण्डौ कङ्केश्वरी स्थानपारि बिष्णुमतीको पश्चिमी किनारमा छाउनीतिरबाट मिल्न आउने स्वर्णावती भनिने तत्कालीन सहायक नदीको दोभान) बाट ज्योतिषी[3]ले तोकिदिएका मूहूर्त अर्थात् साइतभित्र ठीक पारेर बालुवा झिकेर ल्याउन भरिया पठाएका थिए। भक्तपुरे भरियाहरू लुँखु (स्वर्णावती खोला, यस खोलाको नाउँ लुँखुलाई बिगारेर 'लुखु' पनि आजकल भन्ने गरिन्छ) खोलाबाट झिकिएको बालुवाको भारी बिष्णुमती खोलाको पूर्वी किनारस्थित (आजकल कङ्केश्वरी मन्दिरको दक्षिणतिर झोलुङ्गे

---

[1] दिनेशराज पन्त, 'मानदेव सम्वत्, पूर्णिमा, सङ् ३६ पृ. २६९–७२।

[2] क) आनन्ददेव प्रथम :– लिच्छवि राजा राघवदेवका बराजु राजा जयदेव तृतीयका भाई। यिनले दाज्यूबाट पूर्वतिरको राज्य (भू- भाग) माव शासन गर्ने अधिकार पाएपछि वि.सं. ९३० साल माघ कृण प्रतिपदा सोमबार दिन धेरै गाउँ मिलाएर भक्तपुर सहर बनाए। यिनले वि.सं. ९३० सालदेखि २० वर्षसम्म शासन गरे। उता ललितपुरमा जयदेव तृतीय, बालार्जुनदेव (वंशावलीअनुसार ८ वर्ष दस महिना), मानदेव चौथा (वंशावलीइअनुसार ३ वर्ष ४ महिना) को राज्यकाल सकेर राघवदेवको राज्यकाल (वंशावलीअनुसार ६३ वर्ष ६ महिना) मा पनि यी आनन्ददेव भक्तपुरमा शासन गर्दै थिए। 'राजा' भनिए पनि यिनी ललितपुरअन्तर्गतका शासक मात्र थिए। काठमाण्डौ त्यस बेला छुट्टै राज्य भइसकेको थिएन, आजकालको इन्द्रचोक र सेरोफेरोमा एउटा बस्ती मात्र थियो जुन पूर्णवती भनिन्थ्यो र ललितपुरकै अन्तर्गत थियो। यिनीहरूको वंशवृक्ष तालिका नं. १ मा दिइएको छ, हेर्नुहोस्।

ख) आनन्दनेव द्वितीय:– यिनी उपत्यकाभरकै राजा थिए। ने.सं. २६७ सालदेखि ने.स.. २८७ सालसम्म राज्य गर्ने यी राजाका धेरै अभिलेख पाइएका छन्। यिनको कुल किटान गर्न सकिएको छैन।

ग) आनन्ददेव तृतीय: यिनी ने.सं. ४२८ सालदेखि ने.सं. ४४० सम्म उपत्यकाभरका राजा थिए। यिनका पनि धेरै अभिलेखहरू पाइएका छन्। यिनी पूर्व मल्ल कुलका थिए।

[3] ज्योतिषी : कुनै कुनै भाषा वंशावलीमा यिनको नाउँ 'सिद्धिवन्त' जोशी भनिएको छ।

तालिका नं. १

शङ्करदेव द्वितीय (पूर्णवतीका संस्थापक)
वर्धमानदेव
बलिदेव
रुद्रदेव प्रथम – २७ वर्ष



जयदेव तृतीय
(पाटन, पूर्णवतीका राजा, वि.सं. ९२०–३० ताका राजा भइसकेका, पूर्वी भूभाग भक्तपुर आनन्दनेवलाई दिए)

आनन्देव प्रथम
(वि.सं. ९३० सालमा भक्तपुरको संस्थापन गरे, २० वर्ष शासक

बालार्जुनदेव
(पाटन,पूर्णवतीका राजा, ८ वर्ा १० महिना)

मानदेव चतुर्थ
(पाटन, पूर्णवतीका राजा, ३ वर्ष ४ महिना राजा, मान. सं. ३०१ मा राजा भइसकेका)

विक्रमदेव
(पछि पूर्णवतीको राज्य पाए, शासक भए)

राघवदेव
(पाटन, पूर्णवतीका राजा, पछि भक्तपुरका पनि, पूर्णवती विक्रमदे(वलाई दिए, ६३ वर्ष ६ महिना राज्य गरे)

नरेन्द्रदेव
(पूर्णवतीका शासक, १० महिना मात्र)

गुणकामदेव प्रथम
(पहिले पूर्णवतीका शासक, पछि ने.सं. १०७ ताका सम्पूर्ण नेपालकै राजा, ५१ वर्ष, ६ महिना ाजा कान्तिपुरका संस्थापक)

टिप्पणी : उपरोक्त राज्यावधिहरू वंशावलीहरू अनुसारका छन् ।

पुलको छेउमा भत्किएको) पाटीमा बिसाएर बसिरहेको बेलामा त्यसै ठाउँका एकजना निवासी शङ्खधरले ती भरियाहरूसँग उक्त बालुवा किनेर लिए। सुन मिसिएको त्यस बालुवाबाट सुन बटुलेर धनी भएका शङ्खधरले पछि राजा राघवदेवको हुकुमद्वारा जनताका सबै ऋण तिरी नेपाल सम्वत् नाउँको नयाँ सम्वत् चलाउन लगाए। यससम्बन्धी भाषा वंशावलीहरूको व्यहोरा यस प्रकार छ :–

“उता ललितपत्तन शहरतर्फ मानदेव[४]का पुत्र राघवदेव राजा भई राज्य गरे। यिनले नि आफ्ना राज्यमा नीतिले र शास्त्रानुसार प्रजाहरूको पालना गर्दथे। यिनैका पालनामा भक्तपुरमा आनन्ददेवले राज्य गरेका बखत भक्तपुरनिवासी कुनै ज्योतिषीले शास्त्रको विचार गरे। त्यसबाट बालुवाको सुवर्ण हुने मुहूर्त र सुवर्ण हुने बालुवा भएको जग्गा समेत यही हो भन्ने निर्णय गरे। अनि राजाका हजुरमा गई, ‘महाराज, आजका दिनमा कान्तिपुर लखुतिर्थको बालुवा सुवर्ण हुने योग परेछ।’ भनी सबै बिस्तार बिन्ति गरे। राजाले पनि ज्योतिषीको सम्मत लिई त्यो बालुवा ल्याउनालाई आफ्ना मानिस बोलाएर ‘तिनीहरूले अहिले गई बिष्णुमती र भद्रमती[५]को सङ्गम लखुतीर्थको बालुवा उठाई बोकेर सरासर यहाँ ल्याऊ’ भनी अह्राए। तर यस साइतमा उठाई ल्याउनू भन्ने कुरा केही खोलेनन्। राजाका मानिसहरू पनि सो बमोजिम लखुतीर्थबाट बालुवा उठाई खर्पनमा हालेर बोकी भक्तपुरतिर लागे।

‘कान्तिपुर[६] शहरमा शङ्ख नामक साख्वाः भन्ने एक ज्यापू थिए। उनले ती भरियाबाट बालुवा लिन आएका कुरा सुनेपछि यसमा अवश्य केही कारण छ, नत्र यहाँदेखि भक्तपुरसम्म बालुवा बोकी लानु पर्दैन्थ्यो। कुनै उपायले आफ्नो घरमा पुऱ्याउनु पऱ्यो भन्ने विचार गरी उनले बालुवा बोक्न मानिसहरूसँग नम्रतापूर्वक उनीहरूलाई खानेकुरा

---

[४] मानदेव :– हेर्नु होस् माथि आनन्देव प्रथमबारे दिइएको पाद टिप्पणी र तालिका नं. १ पनि।

[५] भद्रमती :– बिष्णुमतीको पश्चिमी किनार स्वभा-भगवती थाननिर स्वयम्भू डाँडामुनितिरबाट बग्दै मिल्न आउने सहायक खोला भद्रमती भनिन्छ। भद्रमती (भचाखुशी) र बिष्णुमती सङ्गम स्थल निर्मल तीर्थ कहलिन्छ, लुँखु तीर्थ होइन। लुँखु तीर्थलाई भद्रमती सङ्गम जोडेर वंशावलीमा लेखिएको केरो भ्रमात्मक र गलत छ। यस प्रसङ्गसित सम्बन्धित सहायक खोला स्वर्णावती (लुँखु) हो। जुन कङ्केश्वरी थानतिर हाल रहेको झोलुङ्गे पुलपारि पुलको ठीक दक्षिणमा, बिष्णुमतीको पश्चिमी किनारमा स्वयम्भू किन्डोल-छाउनीबाट बग्दै मिल्न आउँथ्यो। यही स्वर्णावती खोला (लुँखु) र बिष्णुमतीको दोभान लुँखुतीर्थ वा निधान तीर्थ भनिएको छ। सुकिसकेको यस खोलाका चिन्हहरू मात्र आजकल कतैकतै देखिन्छन्।

[६] राजा राघवदेवको राज्यकालताका आजकालको काठमाण्डौमा बस्ती भए पनि ‘कान्तिपुर’ वा ‘काठमाण्डौ’ भन्ने ठाउँ राखिएको थिएन। त्यस बेला इन्द्रचोक र सेरोफेरोमा रहेको बस्ती ‘पूर्णवती’ कहिलिन्थ्यो जुन ललितपुर अन्तर्गत नै थियो। पछि ने.सं. १०७ सालताका राज भइरहेका गुणकामदेवले ‘कान्तिपुर’ नाउँले सहर बसालेका थिए। हेर्नुहोस् तालिका नं. १।

खुवाइसकेपछि 'मलाई पनि बालुवा चाहिएको थियो, बोकी ल्याउन मानिस पाइएका छैन, तिमीहरूले दया राखी त्यो बालुवा मेरो घरमा खन्याई लखुतीर्थबाट फेरि बालुवा उठाएर लगे ठूलो गुन मान्ने थिएँ। साथै ज्याला पनि चाहिए जति दिने थिएँ भनी प्रशस्त ज्याला दिँदा भरियाहरूले त्यो ज्याला लिएर खुशी हुँदै अरु कुरा केही विचार नगरी त्यो बालुवा शङ्ख नामक ज्यापूका घरमा खन्याइदिए। तर यो कुरा कसैले थाहा पाएनन्। भरियाहरूले दोस्रो पटक उठाई लगेको बालुवा भक्तपुर पुऱ्याउँदा सुवर्णसिद्धिको योग तरिसकेको हुनाले सुन भएन, बालुवा नै रह्यो। यता शङ्खको घरमा खन्याएको बालुवा सुवर्णसिद्धि हुने साइतमा उठाएको हुनाले असल सुन भयो। भक्तपुर पुगेको बालुवा राजाले हेर्दा बालुवाको बालुवै देखे। अनि दिग्दार भई ज्योतिषीको घरमा गएर 'तिम्रो ज्योतिष झुट्टा रहेछ' भनी ज्योतिषीसँग रिसाउँदै घर फर्के। शास्त्रमा कहेको कुरा त साँचो हुनु पर्छ, यसमा के कारण पऱ्यो भनी फेरि बालुवा पुऱ्याएको ठाउँमा गई राजाले हेर्दा बालुवा ल्याएको खर्पनमा कुनाकुनामा टाँसिएको बालुवा सबै सुन भई टल्किएको देखे। राजा हतमत गर्दै ज्योतिषीका घरतिर लागे। उता यस शास्त्रले मलाई धोका दियो भनी सुवर्णसिद्धि आदि विषयका सबै पुस्तकहरू जम्मा गरी ज्योतिषी जलाउँदै थिए। राजाले के जलायौ भनी सोद्धा ज्योतिषीले मलाई झुट्टा गराउने शास्त्र जति जलाएँ भनी बिन्ति गरे। अनि राजाले 'राम, राम' भनी आगोमा जल्न लागेका सबै पुस्तकहरू आफैले झिकी गाईको दूधमा राख्दै ज्योतिषीलाई सम्झाए। ज्योतिषीको शास्त्र झुटो होइन, हामीले काम गर्दा बुद्धि नपुऱ्याउनाले यस्तो भएको हो भनी ज्योतिषीको हात पक्रेर बालुवा थुपारिएको ठाउँमा लगी खर्पनभित्र सुन टल्केको देखाए।

'त्यसपछि खर्पन घोप्टो पारी टकटक्याउँदा झरेका सुनका बालुवा बटुलेर हातमा राखी हेर्दा असल सुन ठहरियो। अनि भरियाहरूलाई बोलाई सबै भारदारका अगाडि राजाले भने, 'भारवाहक, तिमीहरूले खर्पनमा राखी पहिले ल्याएको बालुवा कहाँ हाल्यौ, जसताका तस्तो भन, झुट्टा कुरा गऱ्यौं भने तिमीहरूको जीउधन हरण हुनेछ।' यसरी कडासँग सोद्धा ती भरियाहरूले जस्ताको तस्तै बिन्ति गरे, 'महाराज, सरकारबाट हुकुम भएबमोजिम लुँखुतीर्थबाट साइत बालुवा बोकी ल्याउँदा बाटामा कान्तिपुरनिवासी शङ्ख नामक शूद्रले देखे। उनले हामीलाई प्रशस्त ज्याला-खाजा दिई बालुवा मेरो घमा खन्याएर अर्को बालुवा लैजाऊ भन्दा सो बमोजिम शङ्खका छिँडीमा सबै बालुवा खन्याई फेरि अर्को बालुवा उठाएर ल्याएका हौं।' उनको कुरा सुनी ठूलो आश्चर्यमा परी त्यहाँ बसेका पण्डित, ज्योतिषी र भारदारहरूको बिन्ति गरे, 'महाराज, यस संसारमा भाग्यजस्तो ठूलो केही छैन। कर्ता कर्म भनेको पनि भाग्य नै हो। ... ज्योतिषीले शास्त्रअनुसार ठहराएको सुवर्ण हुने साइत पारी हजुरले काम गर्नुभयो। भाग्यमा नहुँदा हजुरलाई वृथा परिश्रम मात्र भयो। उता

भाग्यमा भएकोले शङ्ख शूद्रले बिना मिहिनेतले घर बसी बसी सुवर्ण पाए। यसमा हजुरले सन्तोष लिनु पर्छ।' यसरी भारदारहरूले सम्झाए। राजाले पनि भाग्य जस्तो ठूलो वस्तु केही रहेन छ। भनी सन्तोष गरे।"[७]

"उता कान्तिपुरमा शङ्खले त्यस घटनाका चार दिनपछि बालुवा थुपारिएको ठाउँमा गई हेर्दा बालुवा सबै अग्निजस्ता धपधप गरी बल्ने अति सुन्दर सुवर्ण भएको देखी मनमा बहुतै खुशी भए। केही दिनपछि शङ्ख बहुतै ज्ञानी धर्मात्मा हुनाले विचार गरे, 'भक्तपुरनिवासीहरूले शास्त्रानुसार ठहराएको सुवर्णसिद्धिको साइतमा लिन पठाएको धन मेरो भाग्यले गर्दा भरियाहरूलाई ललाई फकाई युक्तिपूर्वक घरमा हुलेर आफ्नो गराएँ। अब त्यो धन त्यसै राखिछाड्नु मनासिब पर्दैन। जुनसुकै साधारण मानिसले गर्न नसक्ने धर्मकार्यमा लगाउँछु। जुन कार्यमा त्यो धन खर्च गर्नाले यस लोकमा ठूलो यश र परलोकमा ठूलो पुण्य प्राप्त होओस्।' यस्तो मनमा विचार गरी त्यस ठाउँमा भएका पण्डित ज्योषितीहरूका सम्मतले नेपाल निवासी सबै दुनियाँहरूको ऋण तिरी अऋणी गराएर सम्वत् फिराउनाको निश्चय गरी राजाबाट पनि स्वीकृति लिए। अनि नेपाल निवासी सबै छोटाबडा प्रजाहरूको ऋण सबै तिरेर कति बाँकी नराखी कलिगताब्द ३९८१ र शालिनवाहनीय शाके ८०२ लाई नेपाल सम्वत् १ कायम गरे यसरी सम्वत् फिराई राजाद्वारा त्यही सम्वत्को व्यवहारमा चलन चलाए ठूलो यश प्राप्त गरे। ती शङ्खले श्री पशुपतिनाथको दक्षिण ढोकाका सन्मुखमा आफ्नो शिलामूर्ति बनाई स्थापना गरे। श्री पशुपतिनाथको रोज भक्तिभावना बढाई सेवा गरेका हुनाले आखिर अवस्थामा पनि श्री पशुपतिनाथका समीप बाग्मती नदीका किनारामा देहत्याग गरे।[८]

यसरी भाषा वंशावलीहरूमा साल र तिथिसहित राजा राघवदेवको राज्यकालमा शङ्खधर साख्वाल[९]ले सम्वत् परिवर्तन गरेको कुरा किटानसाथ लेखिएको छ। अनि शङ्खधरले सूत्रपात गरेकाले यस सम्वत्लाई 'शङ्खधरकृत नेपाल सम्वत्, नेपाली सम्वत् नेपालीका सम्वत् वा नेपालदेशीय सम्वत् वा नेपालीय सम्वत् भनिएको हो।[१०]

---

७. केशर-पुस्तकालय वंशावली प्राचीन नेपाल, सङ्. १६।

८. ऐजन

९. क) कोही एक 'साख्वाल' नाम गरेको शूद्रले ... चलाई दियाको.... नेपाली सम्वत् हो (काठमाण्डौ उपत्यकाको एक राजवंशावली, प्राचीन नेपाल, सङ्. ४)
ख) कान्तिपुर शहर हजार घर नपुग्दा अघिका कान्तिपुरबासी 'साष्वा' नाम गर्‍याको शूद्र जातिले .... नेपाल सम्वत् नाम गरी सम्वत् फिरायो (राजभोगमाला वंशावली, प्राचीन नेपाल, सङ्. ९)

१०. ज्योषित पण्डित तोयानाथ, पण्डित डाकुरनाथ, पण्डित प्राणनाथ ज्योषित पण्डित विश्वरामहरू आदिका पात्रोहरूमा।

नेपाल सम्वत्को प्रारम्भ शक सम्वत् ८०१ साल, मानदेव सम्वत् ३०४ साल, कालिगत वर्ष ३९८१ सकिएपछि कार्तिक शुल्क प्रतिपदाको दिन गरिएको थियो । यो नेपाल सम्वत् शुरु भएको दिनबारे कीलहर्न (Kielhorne) ले लामो ज्योतिषी गणना गरी यसको शुरुवात ई. ८७९ साल अक्टोवर २० तारिख वृहस्पतिबारको दिन भएको थियो भनेका छन् ।[११]

नेपाल सम्वत्को सम्बन्धमा अर्को एउटा होशियारी साथ सम्झनुपर्ने कुरो के छ भने नेपाल सम्वत् प्रारम्भ हुनुभन्दा सयौं वर्षअगाडि र प्रारम्भ भएको सयौँ वर्षअगाडि र प्रारम्भ भएको सयौं वर्षपछिसम्म पनि शक सम्वत् विक्रम सम्वत्, मानदेव सम्वत्, कलिगत वर्षसमेत कार्तिक शुक्ल प्रतिपदाबाट शुरु भई कार्तिक कृष्ण अमावास्याको दिन अन्त हुन्थे ।[१२]

जे होस्, आजकल नेपाल सम्वत्लाई विक्रम सम्वत्मा परिणत गर्दा ९३६ वा ९३७ मात्र थपेर पुग्दैन, महिनाको पनि गणना गर्नु पर्छ । नेपाल सम्वत्को साललाई विक्रम सम्वत्मा लैजान कार्तिक शुक्ल प्रतिपदादेखि चैत्रकृष्ण अमावास्या (अमान्त मानले फाल्गुन कृष्ण अमावास्या) सम्मको भए ९३६ थप्नु पर्छ, अन्यत्र ९३७ थप्नु पर्छ ।[१३]

आजकल यहाँ नेपालमा प्रचलित विक्रम सम्वत् चैत्र शुक्लादि भए पनि उहिले कार्तिक शुक्लादि नै थियो । फेरि यो विक्रम सम्वत् अहिले पनि कार्तिक शुक्लादि गरेर गुजरात, काठियावाड, बम्बई आदि ठाउँहरूमा मानिँदै छ ।[१४]

यहाँ प्रचलित विक्रम सम्वत् अहिले चैत्र शुक्लादि भए पनि उहिले कार्तिकादि भएको एक गुराजतमा यो सम्वत् अहिले पनि कार्तिक शुक्लादि भएर चलिरहेको बारे नयराज पन्त लेख्छन्–

---

[११] Indian Antiquary, vol. 17, September, 1888.

[१२] पूर्णिमा, सङ् ७८, पृ. ६–९ :– (१) राजा जयज्ज्योतिर्मल्ल, ने.सं. ७५० सालका अभिलेख, (२) राजा जितामित्र मल्लको ने.सं.. ७९८ सालको अभिलेख, (३) राजा नरेन्द्रदेवको मानदेव सं. ८० सालको अनन्तलिङ्गेश्वरको अभिलेख ।

[१३] पूर्णिमा, सङ्. ५ ।

[१४] यस प्रसङ्मा सूर्यविक्रम ज्ञवालीले यसो लेखका छन् :– 'उत्तर भारतमा अचले विक्रम सम्वत्को आरम्भ चैत्र मासदेखि गरिन्छ औ यसका महिना पूर्णिमान्त हुन्छन् अथात् मासगणना कृष्ण पक्षदेखि गरिन्छ । तर प्राचीन कालमा विक्रम सम्वत्को गणना कार्तिकदेखि गरिन्थ्यो भन्ने विद्वान्हरको भनाई छ । पछि यो चलन उठी चैत्रदेखि वर्षारम्भ हुने चलन चल्यो तथा उत्तर भारतमा अझ पनियही चलन छ । तर कठियावाड, गुजरात, बम्बई आदि ठाउँमा यसको आरम्भ कार्तिकदेखि मानिन्छ औ) यसका मास असान्त छन् अर्थात् महिनाको आरम्भ शुल्क पक्षदेखि गरिन्छ औ शेष कृष्ण पक्षमा हुन्छ । नेपाल सम्वत् पनियस्त कार्तिकादि छ तथा यसका महिना अमान्त छन् ।' नेपाल उपत्यकाको मध्यकालीन इतिहास, वि.सं. २०१९ रायल नेपाल एकेडमी ।

'कार्तिकादि सम्वत्‌हरूमा नेपाल सम्वत् मात्र पर्दैन, अरु सम्वत् पनि भनेर वेङ्कटेश केतकरले लेखेका छन् । अचेल हामीहरूले व्यवहार गरिरहेको विक्रम सम्वत् पनि गुजराततिर कार्तिकादि मानिन्छ भनेर शङ्करबालकृष्ण दीक्षितले लेखेका छन् ।'[१५] कुनै कुनै भाषा वंशावली (उदाहरणार्थ राजभोगमाला) मा राजा निमिष टाङ्कार (गोपालराज वंशावलीमा 'निमित्तकाल' भनिएका) ले थरीथरीका ब्राम्हणहरूका साथै गुजराती बाजा भित्र्याए भनिएको बाट त्यसताका नेपालमा गुजराती प्रभाव भित्रिएको देखिन्छ। त्यसैले विक्रम सम्वत् गुजरातमा जस्तै यहाँ पनि कार्तिक शुक्लादि भएर चलेको बलियो सम्भावना छ।

नेपाल सम्वत्‌को नामकरण, उल्लेख र प्रचलन

यो नेपाल सम्वत्‌को थालनीबारे चर्चा भाषावंशावलीका कथनानुसार भइसकेको छ। अब यसको नामकरण र प्रचलनबारे नि केही कोट्याउनु आवश्यक हुन्छ। यो सम्वत् चलाउनामा प्रमुख भूमिका शङ्ख साख्वाल शूद्र (ज्यापू) र राजा राघवदेवको पनि थियो – शङ्खले संयोगवश अपर्झट प्राप्त गरेको धनले जनताको ऋण चुक्ता गरिदिनु एवं राजा राघवदेवले नयाँ सम्वत् चलाउन हुकुम दिनु र व्यवस्था मिलाउनु। सम्वत् फेर्नेजस्तो राजकीय मामिलामा राजाको सहयोग र स्वीकृति अनिवार्य हुने नै भयो। तर सम्वत् फेर्न लागेको खर्च सरकारी कोषबाट व्यहोरिएको नभई शङ्ख साख्वालले व्यहोरेको हुनाले राजा राघवदेवले यस सम्वत्‌को नामकरण आफ्नो नाउँबाट अथवा एकजना व्यक्तिको नाउँबाट राख्नु उचित ठानेनन् होला। त्यसैले उनले यस सम्वत्‌को नामकरण देशकै नामबाट गर्ने अनुमति अर्थात् हुकुम दिए हुनन्। यसै कारणले होला यस सम्वत्‌को नामकरण 'शङ्खधरकृत नेपाल वा नेपालीय सम्वत्' रहिआएको छ।

नेपाल सम्वत् प्रादुर्भाव भएको चर्चा भाषा वंशावलीहरू, नेपाल वंशावलीमा गरिए तापनि त्यसबेलाको प्रचलित चलनअनुसार नेपाल सम्वत्‌को पनि संक्षिप्त रुप 'सम्वत्' वा 'सं.' मात्र लेखिने गरिएको र 'नेपाल सम्वत्' भनेर पूरा नलेखिएको प्रतीत हुन्छ। यस सम्वत् का तत्कालीन शिलापत्र, ताडपत्र, तामापत्र, ग्रन्थ, अभिलेख आदि प्रशस्त उपलब्ध छन्। तापनि अधिकांशमा 'सम्वत्' वा 'सं.' मात्र लेखिएको पाइन्छ। 'नेपाल सम्वत्' भनेर किटान

---

१५. पूर्णिमा, सङ् ७८, पृ २६।

१६. (क) दिनेशराज पन्त, 'नेपालको इतिहासमा विवादस्पद विषयहरू', पूर्णिमा, सङ्. ७८,पृ. २७, ३७।
(ख) जगदीशचन्द्र रेग्मी, सन्दर्भ, अङ्क २, पृ. २।
(ग) पेटेक, पृ. ६८

सहजै लेखिएका लेखोटहरूमा अहिलेसम्म भेटिएकोमा सबभन्दा पुरानो चाहिँ नेपाल राष्ट्रिय अभिलेखालयमा रहेको 'शिवधर्मशास्त्रको पुष्पिका वाक्य' हो । जसमा 'नेपाल सम्वत् २९० पौष शुक्ल पूर्णिमा आदित्यवार' भनेर किटान साथै लेखिएको छ ।[१६]

हुन त राजा जयस्थिति मल्लले ने.सं. ५०८ सालमा लेखाएको सबभन्दा पुरानो वंशावली - गोपालराजवंशावलीको पत्र २४ क-मा 'उनविंसति संवच्छरशद्वये परिवर्तमान ।। राजा श्री शिवदेव वर्ष २७ मा (स) ७ ।।' भनेर चर्चा गरिएको सम्वत् यही नेपाल सम्वत् हो । यद्यपि त्यस वंशावलीमा न त नेपाल संवद् प्रादुर्भाव गरिएको बारे कुनै उल्लेख गरिएको छ न त उपरोक्त प्रयुक्त गरिएको सम्वत्मा नेपाल सम्वत् भनेर किटानै गरिएको छ तापनि त्यस वंशावलीमा सर्वप्रथम दिइएको २१९ र त्यसपछि पत्र २६-मा सं. ३७५, ४०८ आदि क्रमले ५०८ सालसम्म यही नेपाल सम्वत् दिइएका हुन्, तत्कालीन चलनअनुसार केवल 'सं.' भनेर मात्र लेखिएको छ ।

यसभन्दा अगाडिको मितिको एवं 'नेपाल सम्वत्सर' भनेर किटानसाथ लेखिएका लेखोटहरूमध्ये अहिलेसम्म थाहा भएकोमा सबभन्दा अगाडिको - ने.सम्वत् १४८ लेखिएको एउटा कृति पनि हालसालै भनेजसो चर्चामा आएको छ। लुसियानो पेटेकले केहीवर्ष अगाडि कलकत्तानिवासी एस्. के सरस्वतीको निजी सङ्ग्रहालयमा रहेको अष्टसहस्रिका प्रज्ञापारमिता ग्रन्थमा - '.... राजा वसु मनु प्रतिनिधि श्रीमान् नेपालवत्सरे १४८ प्रगते माघ शुक्ल दशम्यां राज श्री रुद्रदेवस्या[१७] ... भनी लेखिएको पत्ता लगाएको चर्चा गरेका थिए ।[१८]

यो नेपाल सम्वत् शङ्ख(धर) साख्वालसित सम्बद्ध भएको लिखित प्रमाण हालै भक्तपुरमा फेला परेको एउटा शिलालेखबाट प्रस्तुत भएको छ। भक्तपुरको जेलाँटोलस्थित एउटा पाटी केही समयअगाडि सफासुग्घर गरिएको त्यसबेला त्यस पाटीमा स्थापित गरिराखेको एउटा शिलालेख भेटियो । त्यसमा राजा भूपतीन्द्र मल्लको राज्यकालमा शंख्वा सम्वत् ८२७ सालमा पञ्चसकल मिली त्यस पाटीको जीर्णोद्धार गरेको कुराको उल्लेख गरिएको छ। राजा भूपतीन्द्र मल्लको राज्यकाल प्राप्त अभिलेखहरूअनुसार ने.सं. ८१६ देखि ८४१-२ सालसम्म पर्छ । त्यसैले त्यस पाटीको शिलालेखमा अङ्कित शंख्वा सम्वत् ८२७ भनेको नेपाल सम्वत् नै हो। तसर्थ नेपाल सम्वत्लाई शङ्ख (वा शंख्वाः) सम्वत्

---

१७. यी राजा रुद्रदेव नेपालको इतिहासमा रुद्रदेव नाउँका दोस्रा राजा देखिन्छन् । यिनी ने.सं. १२७–८ ताका राजा निर्भयदेवसित, ने.सं. १३३ सालताका राजा भोजदेवसित तथा पछि राजा लक्ष्मीकामदेवसित पनि संयुक्त रुपले राजा भइरहेको जानकारी प्राप्त अभिलेखहरूमा पाइन्छ । पेटेकको उपरोक्त लेखबाट ने.सं. १४८ ताका एक्लै राजा भइरहेकोको तथ्य पनि प्रकाशमा आएको छ ।

१८. काशीनाथ तमोट, राजमती साप्ताहिक, ने.सं. ११११३ कौला २३ ।

पनि भनिँदो रहेछ भन्ने थाहा हुन्छ। भक्तपुरे नेपालभाषामा 'शंखा' वा 'शंख्वा' लेखिएको पनि त्यो काठमाण्डौको नेपालभाषामा 'शंखा' वा 'साख्वाः (साख्वाः, साख्वाल)' सम्वत् हुन्छ अर्थात् नेपाल सम्वत् भनिएको हो भनेर निःशङ्कोच रुपले प्रमाणित हुन्छ। यसरी नेपाल सम्वत् अभिन्न रुपले शङ्ख(धर) साख्वालसित सम्बद्ध हुन्छ। पछिका भाषा वंशावलीहरू र पञ्चाङ्ग पात्रोहरूमा 'शङ्खधरकृत नेपाल सम्वत्, नेपालीका सम्वत्, नेपालीय सम्वत्, नेपालदेशीय सम्वत्' आदि भनेर जुन लेखियो त्यो यस्तै-यस्तै त्यसबेला उपलब्ध रहेका लिखित प्रमाणहरूकै आधारमा लेखिएको हुनुपर्छ, विनाआधार, विनाप्रमाण लेखिएन होला।

यसरी नेपाल सम्वत् वा शंखा(शङ्ख) वा शंख्वा (साख्वाः, साख्वाल) सम्वत्को नाउँले यो सम्वत् प्रारम्भकालदेखि राजकीय, प्रशासनिक, वित्तिय, धार्मिक, सामाजिक आदि राष्ट्रिय जनजीवनका सबै पक्षहरूमा प्रचलित हुँदै आएको छ। अनि यस नेपाल सम्वत् ८८८ सालमा गोर्खाका राजा श्री ५ पृथ्वीनारायण शाहले काठमाडौं उपत्यका जितेपछिमात्र सरकारी मामिलामा नेपाल सम्वत्को प्रयोग हटाएर गोर्खा र अन्य पश्चिमी राज्यहरूमा त्यसबेला प्रचलित शक सम्वत्लाई नै नयाँ अधिराज्यभर चलाए। तर नेपाल सम्वत्को प्रयोग गोर्खाविजयपछि सरकारी मामिलाहरूमा रोकिए पनि जनजीवनका अन्य पक्षहरूमा आजसम्म यथावत् चल्दै आइरहेको छ। ●

(नेपाल सम्वत् ११२१ (वि.सं. २०५८) का प्रकाशित स्व. इतिहासविद् भुवनलाल प्रधानबाट लिखित पुस्तक 'नेपाल सम्वत्को यथार्थता'बाट साभार।)

नेपाल सम्वत्को राष्ट्रिय अवधारणा

–● सत्यमोहन जोशी ●–

इतिहास र पुरातत्वसँग सम्बन्धित ज्ञानको प्रमाणका रुपमा वर्ष गणना गरेर सम्वत् लेख्ने प्रचलन कहिले सुरु भयो त्यो अझसम्म अनुसन्धानको विषय हो। ई.सं. पाँचौं शताब्दीतिर राजा मानदेवले प्रचलनमा ल्याएको सम्वत् नै पहिलो प्रमाणका रुपमा देखापर्छ। आफ्नी आमा राज्यवतीका नाममा ठूलो देगलको त्रिविक्रम वामनको प्रस्तर मूर्ति (हाल राष्ट्रिय संग्रहालयमा छ) को पादपीठमा सम्वत् ३८९ वैशाख शुल्कदिव २ (वैशाख शुल्क द्वादशी) अंकित भएकाले यो सम्वत् चन्द्रमासको आधारमा बनेको अनुमान गर्न सकिन्छ। लिपिविज्ञ तथा इतिहासविज्ञ श्यामसुन्दर राजवंशीले २०४६ साल फागुनमा गोकर्णेश्वर महादेवमा पाइएको राजा अंशुवर्माको सम्वत् ५३६ को शिलालेखको आधारमा लिच्छविकालीन सम्वत्को निश्चय (अनुसन्धान ग्रन्थ) प्रकाशित गरेर मानदेवले प्रचलित गरेको सम्वत् नै नेपालको मौलिक सम्वत् हो, यो कात्तिक शुक्ल प्रतिपदाका दिन प्रारम्भ भएको देखिन्छ र यो कुषाणकालीन भारतीय शक सम्वत्भन्दा दुई वर्ष जेठो छ भनी प्रमाणित गरेर देखाउन खोज्नुभएको छ। राजा महिन्द्र मल्लले भारतको मुगल राजाको अनुमति लिएर चाँदीको छ मासा भएको मोहर प्रसारित गरेको हो भनेर २०२६ सालमा पुरातत्व र संस्कृति मन्त्रालय श्रीमत्काष्ठमण्डपपस्याधिपति श्री जयमहेन्द्रदेस्य अंकित चाँदीको मोहर जनमानसमा प्रसारित गरेको हुनाले हाम्रो राष्ट्रले गरिमाको अनुभव गर्न पायो। किनभने, महेन्द्र मल्ल र महिन्द्र मल्ल दुईजना राजाहरूको शासनकाल एक सय पचास वर्ष फरक भएको यसबाट स्पष्ट हुन गयो, जसबाट यो कुनै पनि किसिमले प्रमाणित हुन सकेन।

इसाको नवौं शताब्दीतिर मानदेवले प्रयोगमा ल्याएको सम्वत् ८०४ को उपत्यकाको विशालनगर आगलागीबाट ध्वस्त भयो। राजा राघवदेवले शान्तिस्वस्ति गरेर पुनर्निर्माण गर्ने क्रममा श्री पशुपति भट्टारक सम्वत् नामबाट नयाँ वर्ष प्रारम्भ गरे। पछि १२ औं शताब्दिमा आएर यही नेपाल सम्वत्को नामले प्रसिद्ध हुन गयो र यस सम्वत्लाई पछिका वंशावलीहरूमा राजा आन्ददेवको पालामा शंखधर साख्वालले नेपालीहरू सबैलाई ऋणमुक्त गरेर नयाँ सम्वत् प्रचलनमा ल्यायो भन्ने कुरा गाँस्न ल्याएको देखिन्छ।

इसाको १८ औं शताव्दीपछि उपत्यकामा मल्ल शासनपछि शाहवंशमा क्रमिक रुपमा नेपाल सम्वत् छायामा पर्न सुरु भयो। पछि शक सम्वत् प्रारम्भ गर्न सुरु भयो। यो चन्द्रमासको आधारमा चल्ने सम्बत हो। श्री ५ पृथ्वी वीरबिक्रम शाहदेवको पालादेखि भारतीय विक्रम सम्बतको प्रवेश भयो। यो सम्वत् सूर्यमानको आधारमा चल्दै आइरहेको छ। किनभने यसको नव वर्ष बैशाखमा पर्छ।

हामीकहाँ चाडपर्व प्रायः तिथिका आधारमा प्रचलित भइआएको देखिन्छ। भारत र चीनमा पनि तिथि-परम्परा नै प्रयोग भइरहेको छ। भारतको शाके सम्वत्को नव वर्ष चैत्र शुक्ल प्रतिपदा र चीनको सम्वत्को नववर्ष माघ शुक्ल प्रतिपदामा प्रारम्भ भएको देखिन्छ। नेपाल सम्वत् भने कात्तिक शुक्ल प्रतिपदा तीनैवटा देशको सामूहिक तिथि हो। उक्त तिथिले तीनवटै देशको अन्तर-सांकृतिक सम्बन्ध जोड्ने काम गरेको छ। यस तिथि-परम्परा दक्षिणी भारतको मालवारमा चैत्र शुक्ल प्रतिपदाका दिन भव्य रुपमा नववर्षको उत्सवका रुपमा मनाउने चलन छ भने उत्तरी भारतमा यस्तो चलन विरलै मात्र पाइन्छ। चीनमा भने माघ शुक्ल प्रतिपदाका दिन देशभरि दुचेका नामबाट उत्सव मनाएर सि नियन हा भनेर नववर्षको शुभकामना एक आपसमा दिनेलिने गरिन्छ। नेपालमा भने कात्तिक शुक्ल प्रतिपदाका दिन नववर्ष मनाउने परम्परा विस्तारै नेवार समुदायमा मात्र सीमित गरेर लगिँदै गरेकोमा हाल राष्ट्रिय सम्वत्को रुपमा सरकारले मान्यता दिएपछि यसको व्यापकता बढ्दै गएको देखिन्छ।

विस्तारै व्रत, पर्व आदि साइत निकाल्ने सम्बन्धमा पञ्चाङ्ग निर्णायक समितिले समेत नेपाल सम्वत्को अपहेलना र अवमूल्यन गरेको पाइयो। २०५३ साल कात्तिक २७ गते मंगलबार कात्तिक शुक्ल प्रतिपदाका दिन घन्दोदय, गोवर्धन पूजा, यमद्वितीय (भाइटीका) आदिको उल्लेख गरे तापनि त्यसै दिन प्रारम्भ हुने नेपाल सम्वत्का सम्बन्धमा भने एक अक्षर पनि उल्लेख गरेको पाइएन। तर ने. सं. ११२४ देखि भने सरकारले सरकारी सञ्चारमाध्यमहरू तथा निजी पत्रपत्रिकामा नेपाल सम्वत् समेत उल्लेख गर्ने कार्य प्रारम्भ भएर ब्यापक रुप लिदै गएको छ। नेपाल सम्वत् ११४० का उपलक्ष्यमा सबैलाई शुभकामना अर्थात् भिन्तुना। ●

नेपाल सम्वत् : के कसो ?

–● डा. जगदीशचन्द्र रेग्मी ●–

नेपाल सम्वत्‌को आरम्भबारेमा हाम्रा एक थरी वंशावलीमा यस्तो एउटा आख्यान लेखिएको पाइन्छ :

श्री राजा राघवदेव भोगवर्ष ६३ यिन राजाले नीतिले प्रजाकन पालन गरिरह्याका थियो । यिन राजाका पालामा भक्तपुर ग्राममा एक सामुद्री शास्त्र जान्या थिया र सुवर्ण आकर्षणका योगबाट साइत ठहराई आफूले जान्याको शास्त्र प्रमाण स्थान समेत जानी थोरै मानिसहरू गुप्तसँग विष्णुमतीको र भद्रमतीको संगम लखुतीर्थमा जाई बालुवा उठाई बोकी सरामर आउ भनी पठाया । ती भरियाहरूले ती जान्या जनले अऱ्हाई पठाया बमोजिम बालुवा बोकी आउँदा बेला बाटामा कोही एक चतुर मानिस कान्तिपुर सहर हजार घर नपुग्दा अधिका कान्तिपुरबासी साख्वाः नाम गऱ्याको शुद्र जातले भक्तग्रामवासी भरियाहरू विष्णुमतीसम्म आई बालुवा बोकी भक्तग्राम लैजान कि लिन आया यसमा केही कारण निशचय होला भनी ठहराई भरियाहरकन बहुतै सम्मान गरी बुझाई घरमा लगी ती भरियाहरूकन तृप्त गरी खुवाई मलाई पनि बालुवा चाहिन्या थियो । भरिया विना ल्याउन सक्याको छैन । तसर्थ यस बालुवा मेरा घरामा खन्याई फेरी विष्णुमती जाई बालुवा बोकी लैजाउ भनी ज्याला समेत दी अनेक तरहसँग बुझउँदा ती विवेक नभयाका भरियाहरूले बढिया भन्यौ क्या होला भनी बालुवा साख्वाःका घरमा खन्याई फेरी विष्णुमती जाई बालुवा उठाई बोकी भक्तग्राम लग्या ।

यो भेद साख्वाले बाहेक अरुले जान्याको थिएन । ती भरियाहरू दोस्रा फेर लिन

जाँदा सुवर्ण सिद्धिको साइत टरी गयाको हुनाले भक्तपुर राजधानी सहर लग्याको बालुवाको भारी जस्ताको तस्तै रह्यो र त्यो शास्त्रीका मनमा यस्तो आयो कि मैले धेरै वर्षसम्म मिहिनत गरी निश्चय मानी ठहरार्य पठायाको यस शास्त्रे मलाई बहुतै शरम पाऱ्यो । झुट रहेछ भनी दिक्क भै सुवर्ण आकर्षणका पुस्तकलाई आगामा जलाई दियौ । यस कुराको अर्थ साख्वाले बाहेक भक्तपुरका भरियाहरू उसका घरमा आउन्या जान्या मानिस कसैले पनि बुझ्न सकेनन् । सख्वाःका घरको बालुवा चौथा दिनमा सबै सुवर्ण सिद्ध भै गयो ।

त्यहाँ उप्रान्त साख्वाः बहुतै ज्ञानी हुनाले मनमा यस्तो विचार गऱ्यो कि भक्तपुरवासी जनले शास्त्रका प्रमाण विचार गरी सुवर्णसिद्धको साइत योग ठहराई लिन पठायाको धनकन मैले भरियाहरूलाई सम्मान गरी बुझाई आफ्नू गऱ्याँ । अब यो धनलाई राखी छोड्नको केही प्रयोजन छैन चाँडै यस धर्म किर्तिमा ल्याउन्या हो भनी यस्ता तरहसँग विचार गरी सबै धन सुवर्ण खर्च गरी यो नेपालका मानिस प्रजाहरूको ऋण कत्ति शेष नराखी तिरी नेपाल सम्बत नाम गरी सम्वत् फिरायो । साख्वाः जातमा शुद्र थियो तापनि बुद्धि बडो हुनाले नेपाल पुरीमा ठूलो जस प्रख्यात गरी श्रीपशुपतिनाथाको दक्षिण दर्बाजा सन्मुख आफ्नो शिलामूर्ति बनाई स्थापना गरी अन्त्यमा उद्धार भै गयो ।”[१]

यो कथाको अर्को रुप अलि संक्षिप्त खालको पनि पाइन्छ, जसमा मुख्य कथ्यमा भेद नभए पनि राजाको नाममा राघवदेवको सट्टा आनन्द मल्ल, सामुद्री शास्त्र जान्नेको सट्टा कुनै सिद्ध, आफै सामुद्र शास्त्र जान्नेको सट्टा राजाद्वारा बालुवा लिन पठाइएको र ज्योतिषी (सिद्ध) ले आफ्नो शास्त्र झुट्टा भनेर आगोमा जलाइएको कुनै उल्लेख छैन । भाषावंशालीका हरेक उपलब्ध प्रतिमा यस्तै अनेकन थरीका फरक विवरण परेका हुन सक्दछन् र त्यस्ता सबै विवरणहरूको संकलन उपलब्ध हुने थियो ।[२]

माथि चर्चित दुई आख्यानको मात्रै तुलना गर्दा पनि राजाकै नाममा अन्तर पर्न आयो यस्तो स्थितिमा अर्को खालको वंशावलीतर्फ ध्यान दिई हेर्नुपऱ्यो । केशर पुस्तकालयमा सुरक्षित अर्को थरी वंशावलीमा यस्तो लेखिएको पाइन्छ -

राजा श्री राघवदेव वर्ष ६३ मास ६” श्री पशुपति भट्टारके सम्वत्सरप्रवृत्तिः कृताः ।।

(राजा श्रीराघवदेव वर्ष ६३ मास ६ । श्री पशुपतिनाथमा सम्वत् चलाउने काम गरे ।[३]

---

१. देवीप्रसाद लम्साल (सं.) भाषा वंशावली द्वितीय भाग नेपाल राष्ट्रिय पुस्तकालय सं. २०२३ पृ. २४, २५ ।

२. प्राचीन नेपाल अंक ४, श्रावण २०२५ पृ.१

३. Dhanvajra Bajracharya, Kamal P. Malla- The Gopalrajavamsavali, Nepal Research Centre, 1985. P. 215, तर गोपाल वंशावलीमा चाहि राघवदेवको वर्णन गर्दा उनले सम्वत् चलाएको घटनाको संकेतसम्म पनि गरिएको छैन ।

केशर पुस्तकालयको वंशावलीको भनाइबाट राजा राघवदेवले पशुपतिनाथमा सम्वत् चलाए भनिएको कुरासँग माथि उद्धृत पहिलो आख्यानसँग केही समानता खोज्न सकिन्छ। राजाको नाम मिल्नु पहिलो महत्वपूर्ण तथ्य हो। साख्वाले सम्वत् फिराएपछि आफ्नो मूर्ति पशुपतिमा राखेको कुराको र राजा राघवदेवले पशुपतिनाथमा सम्वत् चलाए भन्ने कुरामा ध्वन्यात्मक समानताको अनुभव गर्न सकिन्छ।

माथि चर्चित प्रमाणको आधारमा धनबज्र बज्राचार्यले पनि "राघवदेवले पशुपतिनाथको सम्मानमा नयाँ सम्वत्को प्रचलन गरेको अनुमान गर्नुभएको छ।"[४]

यो नयाँ सम्वत्को उल्लेख गर्ने ऐतिहासिक सामग्रीहरूमा पनि सुरुदेखि (वि.सं.१७३ कार्तिक शुक्ल प्रतिपदा) २-३ शताव्दीसम्म सम्वत् मात्रै लेखी नेपाल नाम नजोडिएको कुरा पनि यहाँ उल्लेखनीय छ।[५]

यहाँनेर राघवदेवले पशुपति सम्वत् चलाएको कुरासँग साख्वालको कथालाई जोड्ने समस्या उब्जिएको छ। भाषा वंशावलीले उल्लेख गरेको यो कथालाई वंशावलीकारको काल्पनिक उडान भनेर मात्रै पन्छिन सकिँदैन। मलाई त के लाग्छ भने साख्वालले राजाबाट बक्साएर सारा जनताको ऋण तिरी दिएर राजाद्वारा नै सम्वत् प्रवर्तन गराए। यस्तो कर्म पशुपतिमै बसेर गरिएको होला र यसैले सम्वत्को नाममा पशुपति जोडियो।

इतिहास लेख्ने र व्याख्या गर्ने काम कहिल्यै टुंगिदैन। ऐतिहासिक सामग्री खोज्ने काम पनि त्यस्तै हो। यस कारण भविष्यमा हुने अनुसन्धान र अब पाइने ऐतिहासिक सामग्रीहरूबाट पनि यस विषयमा थप तथ्यहरू उपलब्ध हुँदै जालान् भन्ने आशा गर्न सकिन्छ। ●

---

[४] धनबज्र बज्राचार्य, "मध्यकालका शुरुका केही अभिलेख" Contribution of Nepalese Studies Vo. V. No. 1, Dec. 1977, p.105.

[५] Jagadishchandra Regmi- "Note on the Nepal Era", सन्दर्भ अंक २, २०३५, पृ. १४-२०।

गोपाल वंशावली र नेपाल सम्वत्

–● वैकुण्ठप्रसाद लौकाल ●–

राष्ट्र विभिन्न जात, धर्म, भाषा, वेशभूषा, रहनसहन, आचार-विचार तथा आचरणका वर्गसमुदायले बनेको हुन्छ। समय र स्थितिको तारतम्य औ आर्थिक, औद्योगिक आदि समस्याको सन्दर्भमा सांस्कृतिक र राजनीतिक परिवर्तन आउँदै गर्छ। अझ खासगरी राजनीतिक उथलपुथलले इतिहासमा विशेष प्रभाव पार्छ। यस्तो घटनाक्रमको क्रममा विशेषतः शक्तिको स्वार्थलाई ध्यानमा राख्नुका साथै जनपक्षको आवश्यकतामा सहानुभूति देखाउने गरी वस्तुस्थितिलाई छर्लङ्ग्याउनु पनि इतिहासको आदर्श हुन्छ। परन्तु कुरो र कुलो जता पनि लगाउन सकिन्छ। यसो हुनाले इतिहासकारहरूबाट राजनीतिक दृष्टिकोणले मात्र घटनाहरूको समयोचित कसी-तराजुद्वारा मूल्यांकन भएको पाइन्छ। फलस्वरुप इतिहास वा वंशावलीको रुपरेखा सापेक्षिक सत्यताको आधारमा सृजित हुनजान्छ। यसैले कुनै पनि इतिहास चाक्लोबाक्लो हुनाका साथै साङ्गोपाङ्ग मिलेको र सबैलाई सुहाउँदो पाउन दुर्लभप्रायः छ, तैपनि इतिहास कोशजस्तो पनि अवश्यै हो। कोश कमसल खालकै भएपनि बिल्कुलै रद्दी नभई धैरथोर उपयोगी भइहाल्छ। त्यस्तै इतिहासमा पनि तथ्यको आंशिक रुपरेखा मात्र भए पनि फेला पार्न सकिन्छ।

हाम्रो पनि, क्लिष्ट र सूत्ररुप भएको एउटा वंशावली भेट्टाइएको छ- ‘नेपाल वंशावली’ नहुनु मामाभन्दा कानो मामा निको भनेझैं यसले नेपालको ‘अन्धयुग’ अर्थात् मध्यकालीन इतिवृत्तिका कतिपय कुरामा आश्चर्यजनक प्रकाश दिन थालेको छ। शममुद्दीनको नेपाल आक्रमणमा यसबाट दुई-चार महत्वका कुरा पत्ता लागेका छन्ः

तनतरे पूर्व सुरतान समसदिन्यागत....

नेपाल भस्मीभवान् हाहा भवन्ति लोक सम्वत् ४७० मार्गशिर शुदि ९ महाकष्ट भवामि भक्तपुरे-

यही घटना अर्को ठाउँमा-

'सं: ४७० मार्गशिर शुदि ९ समसदिन सुरतान लिवस्य समस्त दाहरपा दिन ७ माक्व ।'

माथिका उद्धरणबाट यति थाहा हुन्छ- नेपाल सम्वत् ४७० मार्ग शुदि नवमीमा सुल्तान शमसुद्दीनले तीनै शहर नेपाललाई सखाप पारेछ ।

अर्को एउटा कुरो-

सं. २८० बैशाख शुल्क द्वितीया भग्न पशुपतिस स्थापना याङा-दिन जयसिंह रामः महाथ भासनल्वह सा हरपा गण्डगोम बथौ चोस थ्व यज्ञस श्री जयार्जुन देवस बो शंकर देवीस बो राजासाला बुथे ।'

शमसुद्दीनको उत्पातूपछि नेपालमा सबभन्दा पहिले यहाँका अधिष्ठातृदेव पशुपतिनाथको जीर्णोद्वार भएछ । यस कार्यमा श्री जयार्जुनदेव र श्री महामन्त्रधिराज जयसिंह रामलाई ९ वर्ष, ५ महिना लागेछ ।

'नेपालमा पद्य र गद्यमय रचनाका अभिलेख पाँच सय वर्षसम्म लोप भएपछि जयस्थिति मल्ल र उनका उत्तराधिकारीहरूको समयमा मात्र प्रादुर्भूत भएको छ भने प्रो. सेसिल वेन्डालको उक्तिको कारण शमसुद्दीनको व्यापक ताण्डवी लीलालाई नै दिन सकिन्छ । नेपालको इतिहासमा लिच्छविकालीन स्वर्णयुग अन्धकारमय भई राजा जयस्थिति मल्लपछि मात्र मिर्मिरे देखिनुको तात्पर्य शमसुद्दीनकै प्रलयकारी मार हो भन्ने नेपाल वंशावलीबाट सिद्ध हुन आयो । त्यस अन्धकार युगमा छिपिसकेका अनेकौं महत्वपूर्ण घटनाका संक्षेप भए पनि त्यसै वंशावलीबाट खोतल्न सकिन्छ । नेपाल सम्वत्‌लाई सम्वत् संज्ञा दिई यसको व्यापक चलन नेपालमा भएको यस वंशावलीबाट देखिन आएको छ ।

यस पुस्तकको प्रारम्भमा स्वस्ति... कलियुग... गोलाख्यान गोग्रामस्य आगमेन 'नेपनामा' इत्यादि लेखिएको छ । 'गोल' नामले प्रख्यात गोग्रामको 'नेप' नाम गरेको नेपालको बहुह्नी नामकी कपिला गाईले प्रतिदिन बाग्मती तिरको एक 'मुशीर' ढिस्कुरामा स्वयं दूधको धारा लगाउँदी रहिछन् । त्यो देखेर 'नेप' गोठालाले ढिकुरो खनेर हेर्दा पशुपतिनाथ महादेव प्रकट भए ।

'नेपनामा गोलक'मा को 'नेप' शब्दले 'नेपाल' नाउँबारे विचार गर्ने ठाउँ पाइएको छ भन्नु तर्कपूर्ण छ। पशुपतिनाथ प्रकट गर्नुको श्रेय 'नेप' भन्ने 'गोपमा' भएको एउटा

महत्वको कुरा नै पुस्तकको आरम्भमा उल्लेख छ। नेपालमा धेरै जसो निवासी मंगोल हुन्। यस जातिका मानिसले क-ख-ग-घ लाई का-खा-गा-घा भनेजस्तै 'नेप'लाई 'नेपा' भन्नु स्वाभाविकै हो। यसरी पशुपतिनाथको देशलाई 'नेपा गोपाल' को नामले नेपालका आदिवासीले 'नेपा' भनेमा कति आश्चर्य हुँदैन। नेवारहरू यस देशलाई 'नेपा' मात्र भन्दछन्। 'नेपा' लाई नेपाल शब्दको व्युत्पति मान्नु सामान्य कुरा हो। पशुपतिनाथ प्रादुर्भाव भएको कुरा जस्तै देशको नाममा नेपाल भएको कुरा पनि गोपाल वंशावलीमा रहेछ।

यस प्रकारको यो अनौठो पुस्तक नेपाल वंशावली फेला परेपछि नेपालको इतिहासको मध्यकालीन इतिवृत्तिमा नयाँ मोड आउन थाल्यो।

जतिसुकै क्लिष्ट र सांकेतिक वंशावली भने पनि मध्यकालीन इतिवृत्तमा यस वंशावलीले महत्वपूर्ण भूमिका ओगट्न सक्ने कुरालाई दुई मत हुँदैन। यो वंशावली पाइएपछि नेपालका इतिहासवेत्ता डिल्लीरमण रेग्मी, ढुण्डीराज शर्मा आदिले पनि हरिसिंहदेवबारे नेपाल वंशावलीकै कुरामा सहमति जनाई आ-आफ्ना पुस्तकहरूमा संशोधन गरिसक्नु भएको छ।

नेपालको इतिहासमा 'अन्धयुग' ठानिएको मध्यकालीन इतिवृत्तबारे 'गोपाल वंशावली' जति प्रामाणिक ग्रन्थ अद्यापि अरु छैन भन्ने कुरा निर्विवाद भइसकेको छ। यहाँ अघि सार्न खोजिएको मूल विषय 'नेपाल सम्वत्' हो र अब त्यसै बारेमा निक्यौंल गरिंदै छ।

शक, लिच्छवि, ठकुरी सम्वत्लाई उछिट्याएर प्रचलनमा आइरहेको नेपाल सम्वत् नेपालकै आफ्नो निजी सम्पत्ति हो, राष्ट्रिय विशेषता हो। तर, मध्यकालीन नेपालभन्दा चार शताब्दीअघिदेखि चलिआएको यति महत्वपूर्ण सम्वत्सरको अवमूल्यन गरी पराई सम्वत् लाई अँगोलेकोमा विचार गर्नु अवाञ्छनीय होइन।

नेपालले राष्ट्रिय सम्वत्मा मान्यता दिंदै आएको विक्रम सम्वत्को थातथलो कुन हो, त्यो कहाँ कसले चलाएको हो- यी तथ्यहरू आजसम्म पनि राम्ररी पत्ता लागेका छैनन्। उज्जयिनीका राजा विक्रमादित्यले आजभन्दा २०५० वर्षअघि विक्रम सम्वत् चलाएका हुन् भन्ने कुरो दन्त्यकथाजस्तै हो। विक्रम वा विक्रमादित्य राजाले भारतबाट म्लेच्छहरू निर्मूल पारे वा समस्त भारतमा आफ्नो विजयध्वज फहराए भन्ने कुरा 'कथासरित सागर', 'कथा मञ्जुरी', 'बेतालपच्चीसी', 'सिंहावनबत्तीसी' तथा 'शत्रुंजय महात्म्य' आदि रचनाको तर्क हो मानौ लौ, तर विक्रम सम्वत्का वस्तुस्थितिअनुसार नेपाल अधिराज्यमा यसले यति उच्च स्थान ओगट्न दिनुचाहिं राष्ट्रियताको दृष्टिले कसरी सुहाउँला ?

राजपुतानाको जयपुर रियासत बर्नाल भन्ने ठाउँमा यही सम्वत् २८४ सालमा 'कृत' सम्वत् नामले सम्बोधित भएको एउटा शिलास्तम्भ सर्वप्रथम भेटियो। राजपुतानाका बहवा,

नन्दसा र विजयगढमा यसै ताकका 'कृत' नामकै अरु शिलापत्र र स्तम्भ पनि फेला पारे। त्यसपछि मालवामा मालव नामले यही सम्वत्सरका अभिलेख भएको पाँचौ शताब्दीका केही शिलालेख पाइए। आठौं शताब्दीसम्म पनि यस सम्वत्को 'विक्रम' सम्वत् नामकरण भएको भेटिएन। यसरी नै यस सम्वत्को हजार वर्षजति व्यतीत भयो। दशौं शताब्दीमा सम्वत् भन्नेसम्म नामांकित हुन थाल्यो। त्यसपछि दुई सय वर्षका अभिलेखहरूमा पन्ध्र प्रतिशतसम्म 'विक्रमादित्य' नाम भएको पाइन्छ – यो थियो डा.आल्टेकरको भनाइ। दक्षिण भारतमा यसलाई 'सम्वत्' मात्र भन्दछन् र नववर्षारम्भ कात्तिक शुल्क प्रतिपदा 'म्ह-पूजा'कै दिन हो।

अर्का विद्वान श्री शंकरबालकृष्ण दीक्षितको पनि यस्तै भनाइ छ। उनले ८९८ को विक्रम शब्दाङ्कित एउटा अभिलेख मात्र भेट्टाएका रहेछन्। यस सम्वत्मा 'विक्रमादित्य' को उपाधि जोडिन गएपछि विदेशी शासन-व्यवस्थाद्वारा थिचिई-मिचिई मनोभावनामा पराजयले पिटिरहेको भारतमा यसको गौरव हुन थाल्यो। विक्रमादित्यका दिग्विजयको कथाले गर्दा 'विक्रम' नामको सम्वत्लाई तँछाडमछाड गर्दै गौरव मानी आ-आफ्ना राष्ट्रमा भित्र्याउन थाले। हुन पनि अकबरी, ईसाई सम्वत्का पराजयको लज्जाले उँधा मुन्टो लाएको भारतले 'विक्रम' नामको घुम्टो किन नहाल्नु ? राजपुतानाबाट उँभो लाग्दा-लाग्दा यो सम्वत्ले बङ्गालको एउटा प्रान्तबाहेक उत्तर भारतलाई नै सलक्क निल्यो। 'संसर्गजा दोषगुणाः भवन्ति' - विक्रमादित्यले प्रभुत्व जमाएको थिएन तापनि नेपालमा चाहिं विक्रम सम्वत् पश्चिममा गोर्खासम्म चल्न थाल्यो। अनि यो सरुवा रोग क्रमशः नेपाल खाल्टोका राज्यहरूमा पनि अलि-अलि सर्न थाल्यो। महत्वपूर्ण अभिलखेमा शालिवाहन (शक) सँगै विक्रम सम्वत्लाई पनि एकै हारमा बसाउन नेपालका अधिराज्यहरूलाई एउटा लहड लाग्यो र यसमा उनीहरू केही गौरव पनि सम्झन लागे।

ललितपुर सुनधाराको अभिलखेमा चारवटा सम्वत् यसरी गाभिएका छन्- ॐनमः शिवाय। अथ श्री कलिराज वर्ष ४४०१ श्री विक्रमराज वर्ष १४४५ श्री सकराज वर्ष १३२४ श्रीमतः नेपालिकः श्रेयअस्तु सम्वत् ५२४ चैत्रकृष्ण अष्टम्यां तिथौः।... युवराजाधिराज श्रीश्री यक्ष मल्ल ठाकुर देवस्य विजयराज्ये...।

भक्तपुरदरबारभित्र चोकको भित्तामा रहेको भूपतिन्द्र मल्लको सुवर्णपत्रमा पनि यस्तै लेखिएको छ- 'कलिगताब्द ४८०७ विक्रमाब्द १७६३ शाकाब्द १६२८ नेपाल सम्वत् ८२६ जेष्ठमास।

चलनचल्तीमा खास नेपालमा यही 'श्रेयोस्तु नेपाल सम्वत्' कै सर्वमान्यता थियो। गोरखामा पनि विक्रम सम्वत्ले राम्रो जरा हाल्न सकेको थिएन। गोरखासँगको

पृथ्वीनारायण-जयप्रकाशको वाणिज्य सन्धिपत्रमा नेपालले शक सम्वत्‌को प्रयोग गरेको देखिन्छ। त्यसमा सम्वत् १८१४ रोज ३ मिति पौषवदी ९ लिखितमिति शुभम् लेखिएको छ। यसमा सुदीवदीकै व्यवहार भएको छ।

राणाशासकहरूले नेपाल सम्वत्‌लाई एक जातिको मात्र सम्वत् भनी अरु वर्गमा घृणा उत्पन्न गराउने काम भयो। जति सक्यो बढी अंग्रेजी शब्दलाई जनजीवन र सरकारी अड्डाखानामा स्थान दिने काम हुँदै गयो। सम्वत् सालमा इस्वी सन्‌को मर्यादा बढाउँदै लगियो। जाति-वर्गमा भेदभावको कलह र धर्म-धर्ममा पक्षपातबाट आफन्तमा फुट, वैमनस्यता हुने कामकुरालाई प्रोत्साहन हुँदै गयो। यस्तैगरी शक सम्वत्‌को ठाउँमा विक्रम सम्वत्‌ले मात्र अड्डा-अदालतमा मान्यता पायो।

नेपालको आफ्नो सम्वत् 'नेपाल-सम्वत्' राजा राघवदेवको पालोमा चलेको देखिन्छ। यो कुरा कनिघामले लेखेका छन्। डेनियल राइट र कर्कप्याट्रिकले पनि यही कुराको समर्थन गरेका छन्। यस कुरालाई लिएर गोपाल वंशावलीमा लागौं। गोपाल वंशावलीले साल-सम्वत्‌को हकमा यही नेपाल-सम्वत्‌लाई नै मान्यता दिएको छ। नेपाल-वंशावली पत्ता लगाउने सेसिल बेण्डालले धोइ-फोइ गरेर राजा राघवदेवको पालामा नेपाल-सम्वत् सन् ८७९ अक्टोबर २० तारिखको दिनदेखि चलाएको भनी निधो गरेका छन्।

परन्तु यस विषयमा श्री बालचन्द्र शर्माको 'नेपालको ऐतिहासिक रुपरेखा' प्रथम संस्करणको पाना १०७ मा यस्तो लेखिएको छ-

कनिंघमको अनुसार यिनै राघवदेवको पालादेखि नेपाल सम्वत् अथवा नेवार सम्वत् को प्रारम्भ भएको हो। अधिकांश वंशावली राघवदेवको नाम छाडेको र कुनै वंशावलीमा उनको नाम आए तापनि यिनैले नेपाल सम्वत् चलाएको उल्लेख नगरिएकोले प्रो. लेवी राघवदेवले कुनै ठूलो काम गरी यो नयाँ सम्वत् चलाएको कुरा मान्न तयार छैनन्। उनको भनाइअनुसार नेपालीहरू ८ को अंक अशुभ मान्दछन्, यसै हुनाले त्यस समयमा नेपालमा प्रचलित शक सम्वत्‌देखि ८ अंक झिकेर यो सम्वत् चलाइएको हो शक सम्वत् ८०१ पुगेर ८ (आठ) को अंक झिक्ता सम्वत् १ हुन गयो। यसै क्रममा यो सम्वत् चलिसकेपछि यसको कारण बिर्सेर यो नयाँ सम्वत्‌को रुपमा ग्रहण गरियो।

जुनसुकै अवस्थाले चलाएको भए पनि नयाँ सम्वत् बनाएर 'नेपाल सम्वत्' नामको हुनु विशेष कुरो हो, राष्ट्रियताको दृष्टिले।

केशर लाइब्रेरीमा एक टुक्रा वंशावली १५ पाते थ्यासफूको रुपमा छ। यो पनि नेपाल वंशावलीको संस्कृत खण्ड (बेण्डालले पत्ता लगाएको वंशावली १) कै आधारको र

त्यसबाट उद्धृतजस्तै छ। यसको भाषा पनि वंशावली १ मिलानको छ। यी दुई वंशावलीमा एकको पूरक अर्कोजस्तो भई एउटामा खण्डित भएका कुरा अर्कोमा भेटिएका छन्। छोटो पुस्तिकाको रुपमा पनि यिनमा जे जति छ तिनलाई भिडाई हेर्दा यो आफ्नै सम्वत् भएको स्पष्ट छ। यस वंशावलीको पहिलो पाताको पछिल्ला हारतिर अंकित छ- 'राजा राघवदेव वर्ष ६३ मास ६ (सम्वत् दयकु)। श्री पशुपति भटारके सम्वत्सर प्रवृत्तिः कृत।' सम्वत् दयकु- सम्वत् बनायो अर्थात् चलायो र श्री पशुपतिनाथमा समर्पण गऱ्यो।

यसैमा दोस्रो पाताको शुरुमा 'राजा लक्ष्मीकामदेव वर्ष २१ तेनहि चमपट सहिते सम्वत्सर निधाने राष्ट्र शान्ति क्लाय' लेखिएको छ। यसको अर्थ हो- 'राजा लक्ष्मीकामदेवको शासनकाल २१ वर्ष। शासनको केही कालमा सम्वत्सर सकिएकोले (अर्थात् शून्य साल पर्न आएकोले) राष्ट्रको शान्ति-स्वस्ति गरियो। गोपाल वंशावली (हिमवत्संस्कृति प्रकाशन पाना ११ को पहिलो लहरको पुछार) मा पनि- 'राजा हंस (लक्ष्मी) कामदेव वर्ष २१ चमाट पश्चात् सहिते सम्बच्छ सते द्वाने राष्ट्र शान्ति कृतवान्। अर्थात् सम्वत्सर दुई सय वर्ष पुगेकोले शून्य साल परेकोले राष्ट्रमा शान्ति-स्वस्ति गर्ने काम भयो।

यी सबै परिबन्दले नेपाल सम्वत् राजा राघवदेवको पालामा प्रचलनमा आएको तथ्य सिद्ध हुन्छ। यो सम्वत् श्री पशुपतिनाथमा समर्पित भै प्रतिष्ठित भएको छ। नेपालको आफ्नै अस्तित्व भएको विशुद्ध सम्वत् हुनु ठूलो महत्वको कुरा हो। संसारमा कुनै पनि राष्ट्रमा नभएजस्तो देशको नामले सम्वत् पाउनु कम महिमाको कुरो होइन।

नेपाल सम्वत्सित सम्बन्धित साख्वाल (शंखधर बनियाँ) को उपाख्यान जनश्रुति नै होस्, त्यस नमूनालायक र उदारतापूर्णको कथामा केही तथ्यता अवश्यक हुँदो हो। एकजना व्यापारीले सबै जनताको ऋण वेमाख पारी तिरिदिनु, नयाँ सम्वत् चलाउनु, स्वदेशको नामले त्यसको नामकरण गर्नु र त्यस सम्वत्लाई राष्ट्रप्राण आफ्ना नरेशद्वारा नेपालका अधिष्ठाता श्री पशुपतिनाथमा समारोहपूर्वक समर्पित गर्नु गराउनु चानचुने कुरो होइन।

हाम्रा देव, पितृ आदि धार्मिक र सांस्कृतिक कार्यहरू तथा दशकर्मका कुलायन कर्महरू चन्द्रमानबाट निर्धारण गरी चलिआएका र चलाउनुपर्ने शास्त्रोक्त परम्परा छ। यसको लागि नेपाल सम्वत् यथावत् ठीक छँदै छ। तर चन्द्रमानमा तिथि मितिको घटबढ तथा अधिक मास, क्षयमासहरू पर्ने भएकाले दिन, मिति फरक पर्न जाने र कारोबार, लेनदेन व्यवहारमा मितिमा कतै-केहीं भ्रम हुन जाने हुन्छ।

सोभियत समाजवादी महान् क्रान्तिको विजय त्यस बखतको अक्टोबर महिनाको २५ तारिखमा परेको थियो। यस महान् पर्वको नाम नै 'महान् अक्टोबर क्रान्ति' रह्यो। पछि इस्वी सम्वत्को गणनामा भइरहेको भूलसुधार हुँदा त्यही महान् क्रान्ति- दिवस

नोभेम्बर महिनाको ७ तारिख हुनुपर्ने ठहरिएछ। त्यसैले साल-सालै नोभेम्बरको ७ तारिखमै मनाइदैछ।

रोमन इम्पाएरभर आफ्नै चलनअनुसारको जुलियन क्यालेण्डरको चलन थियो। पछि धर्मगुरु पोप ग्रेगोरी तेह्रौंको उदय भयो। अनि इस्वी १५८२ तिर ग्रेगोरिन क्यालेण्डरको चलन गरिए १७०० वर्ष जतिको अन्तरालमा तिथिमितिमा अलिकति गडीबडी देखा पर्‍यो। यसको निराकरणमा 'महान् अक्टोबर क्रान्ति' दिन नोभेम्बर ७ तारिख मुकर्रर भयो।

अनि, हामीकहाँ पनि व्यवहार चलनमा मिति लेख्न हाम्रो नेपाल सम्वत्को कुनै एउटा वर्षलाई मकर संक्रान्तिदेखि (भनौं अब ११२२ कार्तिक चन्द्र शुल्क प्रतिपदादेखि सौर चैत्र मसान्तम्मो छ महिना मात्रको वर्ष गरी अर्को बैशाख १ गतेदेखि नेपाल सम्वत् ११२३ मानेर) सौरमान बनाएमा भ्रम पर्न जाने सम्भावना नै हुँदैन। नेपालमा तिथिबाट चलाइने सबै कार्य यथावत् चल्दै जानेछ। नेपाल सम्वत्मा त्यही चाहिं एउटा साल मात्र छ महिनाको भई त्यसपछि साधारण हिसाबले १२ महिनाकै वर्ष चल्दै जानेछ। ●

(यो लेख 'नेपाल-सम्वत्ः नेपाली मात्रको सम्वत्' पुस्तकको नेपाल समाचारपत्र
दैनिकमा २०५८ कार्तिक ३० गते नेपाल सम्वत् ११२२ को
नयाँ वर्ष विशेष अंकबाट साभार गरिएको छ।)

नेपाल सम्वत् राष्ट्रियताका दृष्टिकोणबाट धेरै बढी उपयुक्त

–● प्रो. माणिकलाल श्रेष्ठ ●–

पुराना अभिलेख (थ्यासफू, ताडपत्र, ताम्रपत्र, शिलापत्र) र तिनमा उल्लिखित सम्वत् हेर्दा हालसम्म भएका र फेला परेका मध्ये ढुंगामा लेखिएको अभिलेख सबैभन्दा पुरानो हो। सबभन्दा पुरानो अभिलेख चावहीलको धन्दो चैत्य अगाडि पश्चिमतर्फ फेला परेको लिच्छवि राजा वृषदेवको समयको अभिलेख भनी इतिहासकारहरूले भने पनि उक्त अभिलेख धेरै फुटिसकेकाले सम्वत् पत्ता नलाग्ने भइसक्यो। सम्वत् पनि लेखिएको सबभन्दा पुरानो चाहिँ चाँगुनारायण मन्दिर नजिकै दाहिनेतिरको स्तम्भमा लेखिएको अभिलेख हो। त्यसमा सम्वत् ३८६ जेष्ठ शुक्ल प्रतिपदा जेष्ठ शुक्ल प्रतिपदा (जेष्ठय् कछला लाइ ला) लेखिएको छ। यो सम्वत् कुन सम्वत् हो भनी नाम लेखिएका छैन। उक्त सम्वत् पछिका अभिलेखमा पनि उल्लेख गरिएको पाइन्छ। यो सम्वत् अंशुवर्माको समयसम्म प्रयोगमा ल्याइएको देखिन्छ र पछि फेरि अरु नै सम्वत् प्रचलनमा ल्याइएको छ। अंशुवर्माका शिलालेखहरू पहिलाकोमा एक प्रकारको पुरानो सम्वत् र पछिकोमा नयाँ सम्वत्मा लेखिएको छ। यस प्रकार लिच्छविकालमा दुई प्रकारका सम्वत् प्रयोग भएको देखिन्छ।

यी दुबै सम्वत् अर्थात् लिच्छविकालमा पहिलो सम्वत् र पछिको सम्वत्को नाम लेखिएको छैन। सबै शिलालेखहरूमा सम्वत् ... यति भनी मात्र लेखिएको छ। यी दुई सम्वत् मध्ये पहिलो सम्वत्लाई विभिन्न लेखकहरूले विभिन्न सम्वत् भनी अनुमान गरी

धेरै तर्क वितर्क गरे। नेपाली इतिहासकार र ज्योतिषहरूमाझ पनि दुईवटा मत प्रचलित छन्। एक मत अनुसार पहिलो सम्बत शक सम्बत र पछिल्लो सम्वत् मानदेव सम्वत् हो, अनि अर्को एक मतअनुसार पहिलो सम्वत् लिच्छवि सम्वत् र पछिल्लो सम्वत् अंशुवर्मा सम्वत् हो। यो झगडाको कुरा एकातिर पन्छाऔं तर एक अति नै महत्वपूर्ण कुरा के हो भने नेपालमा उक्त समयमा प्रचलित भइरहेका यी दुबै सम्वत्को नयाँ वर्ष हुने वा वर्ष परिवर्तन हुने दिन कात्तिक शुक्ल प्रतिपदा (कछलाथ्व पारु) हो, जुन दिन हाल नेपाल सम्वत्को पनि वर्ष फेरिन्छ। यस्तो महत्वपूर्ण दिन अर्थात् वर्ष परिवर्तन हुने दिन वा नयाँ वर्षको दिन कात्तिक शुक्ल प्रतिपदा नै हामी कहाँ भइरहेको छ।

लिच्छविकालमा प्रचलित यी दुई सम्वत्मध्ये पहिलो सम्वत् ४९८ पुगिसकेपछि पछिल्लो सम्वत् सुरु भएको पाइन्छ। अनि यो पछिको सम्वत् ३०४ सम्म पुगेपछि नेपाल सम्वत् सुरु भएको देखिन्छ। यस प्रकार लिच्छविकालमा पहिलो सम्वत् ४९८ मा ३०४ जोड्यो भने (अर्थात ८०२ मा) नेपाल सम्वत् सुरु हुन्छ। ताडपत्रमा लेखिएको एक पुरानो ज्योतिष ग्रन्थ सुमतितन्त्र भन्ने पुस्तकमा लेखिए अनुसार लिच्छविकालमा पहिलो सम्वत् शक सम्वत् हो भने पछिल्लो सम्वत् मानदेव सम्वत् भनी भन्नुपर्छ। तर, यी दुबै सम्वत् जेसुकै होस, प्रचलनमा सम्वत्को नाम लेख्ने चलन छैन, अनि वर्ष परिवर्तन हुने दिन वा नयाँ वर्ष सुरु हुने दिन कछलाथ्व पारु नै हो।

लिच्छविकालमा यी दुई सम्वत्को नाम जे भए पनि नेपालमा प्रचलनमा ल्याइराखेको सम्वत् भएकाले यति भनी मात्र लेखे पुग्छ सम्वत्को नाम लेख्ने चलन छैन। त्यस परम्पराअनुसार नेपाल सम्वत् इस्वी सन् ८७९ अक्टोवर २० तारिख (वि.सं. ९६३ को कात्तिक शुक्ल प्रतिपदा वा कछलाथ्व पारु) देखि सुरु भएर दुई सय चानचुन वर्षसम्म सम्वत् का नाम नलेखी सम्वत् यति भनी मात्र लेख्ने चलन भइरहेको थियो, पछि यो नयाँ सम्वत्को तेस्रो शताब्दीदेखि मात्र यसलाई नेपाल सम्वत् भनी लेख्न थालेको देखिन्छ।

पृथ्वीनारायण शाहको उपत्यका विजयपछि मुद्रा वा टकमा फेरि शक सम्वत् लेख्न थालेपछि पनि नेपाल सम्वत् सुचारु नै छ। राणाकालमा, खासगरी चन्द्र शमशेर राणाको प्रधानमन्त्रीत्वकालदेखि नै औपचारिक प्रयोगमा विक्रम सम्वत् प्रयोग गरेको देखिन्छ। त्यसो त चन्द्र शमशेरअघि पनि राणाकालमा शक सम्वत् र नेपाल सम्वत्लाई सँगसँगै कहीँ कहीँ विक्रम सम्वत् पनि प्रयोग गरेको देखिन्छ। जंगबहादुर राणा वितेको केही समयपछि जंगबहादुरको गुणगान गरिएको एक गीतमा “१९३३ साल फागुन शुक्ल द्वादशी रोज मे. स्वर्गे भयो” भनी लेखेर विक्रम सम्वत्ले मिति राखेको देखिन्छ। तर, त्यस बेलासम्म तिथि (वा चन्द्रमाको क्यालेण्डर) प्रयोग गरेको पछि चन्द्रशम्सेरको समयमा एक विदेशी

सम्वत् विक्रम सम्वत् हामीकहाँ लाद्न ल्याएको बेला सूर्यको क्यालेन्डर अनुसार बैशाख १ गते विक्रम सम्वत्को वर्ष परिवर्तन हुने भयो ।

त्यसो त विक्रम सम्बत लाद्नु अघि पनि हामीकहाँ चन्द्रमान (वा चन्द्रमाको गिन्ती वा तिथि)सँगसँगै सौर्यमान (वा गतेअनुसार गणना गर्ने)को चलन छ। नेपालीहरूको धेरै चाडपर्व चन्द्रमाको गतिको तिथिअनुसार हुने भएपनि सूर्यको गति अनुसार अर्थात गतेअनुसार पनि कुनै कुनै चाडपर्व मान्ने चलन छ। चैत्र मसान्तमा योसिँ ठड्याएर, बैशाख संक्रान्तिमा योसिँ गिराएर विस्काः जात्रा र माघ १ गते घ्यःचाकु संल्हु उदाहरणको रुपमा लिन सकिन्छ।

नेपालमा यसप्रकार समय-समयमा प्रयोग गरिएका चार सम्वत् मध्ये विक्रम सम्वत् एकलाई छाडी अन्य तीन सम्वत् शक सम्वत् (शाके सम्वत् पनि भनिन्छ), लिच्छविकालको पछिल्लो वा दोस्रो सम्वत् (मानदेव सम्वत्) र नेपाल सम्वत् तीन वटै सम्वत्को नयाँ वर्ष सुरु हुने दिन कछलाथ्व पारु हो अर्थात तिहारको लक्ष्मी पूजाको भोलिपल्ट हो ।

नेपाल सम्वत्को नयाँ वर्ष कछलाथ्व पारुको दिन मनाउँदै आएको प्रचलन हालसम्म पनि कायम छ। यस अघिको शक सम्वत् र मानदेव सम्वत् पनि कछलाथ्व पारुकै दिन हो भन्ने प्रमाण एक पटक यहाँ उल्लेख गरौं। लिच्छविकालमा प्रचलित पहिलो सम्वत्बारे यो शक सम्वत् हो भन्ने त चैत्रादी हुनुपर्ने तर शिलालेखको प्रमाणअनुसार पूर्व लिच्छविकालमा प्रचलित सम्वत् कात्तिकादि (वा कार्तिक नयाँ वर्ष) भएकाले यो सम्वत् शक सम्वत् हुँदै होइन भन्ने पनि छन्। यो शक सम्वत् हो वा होइन भन्ने कुरा भन्दा यो सम्वत् कार्तिकादि हो भन्न बढी महत्वपूर्ण हुन्छ। चाँगुमा रहेको निरपेक्षको कार्तिक शुक्ल १३ (त्रयोदशी) को अभिलेखमा राज गरिरहेका राजा मानदेव भनी उल्लेख छ, अनि ४२७ आषाढ शुक्ल प्रतिपदा मितिमा सूर्यघाटमा रहेको विजयवतीको (मानदेवको छोरी) को अभिलेखमा मानदेवलाई “दिवंगत राजा” भनिएको छ। यसरी ४२७ सम्वत् कार्तिकादि हो भन्ने देखिन्छ। लिच्छविकालको दोस्रो सम्वत् (उत्तर लिच्छविकालमा प्रचलित सम्वत्), जसलाई मानदेव सम्वत् भनी उक्त सम्वत् मानदेव सम्वत् हो भने पनि वा होइन भने पनि त्यो पनि कार्त्तिकादि हो भन्ने देखिन्छ। अनन्तलिंगेश्वरमा रहेको लिच्छवि राजा नरेन्द्रदेवको शिलालेखमा बर्षेनी पूजा गर्ने विवरण दिएकोमा कात्तिक शुक्ल (वा कछलाथ्व) देखि सुरु भई यो महिनामा यो गर्ने त्यो महिनामा त्यो गर्ने भनी उल्लेख छ। यसबाट हामीले उक्त सम्बत पनि कछलाथ्वदेखि सुरु हुने भनी अनुमान गर्न सक्छौं ।

यस प्रकार नेपालमा विभिन्न समयमा प्रचलित भएको तीन सम्वत् - पूर्वलिच्छविकालीन (जसलाई सुमतितन्त्र अनुसार शक सम्बत भन्नुपर्छ) उत्तर लिच्छविकालीन सम्वत् (सोही

ग्रन्थअनुसार मानदेव सम्बत चाँगुनारायण अभिलेख राखेका मानदेव होइनन् पछिको अर्को मानदेवको नाममा रहेको सम्वत्) र नेपाल सम्वत् तिनै सम्वत्को नयाँ वर्ष हुने दिन कछलाथ्व पारु हो । यसै दिनमा हामीले म्हपूजा गरी आएकाले नेपाल सम्वत् र म्हपूजाको के सम्बन्ध छ भनी विचार गर्न पनि सान्दर्भिक हुनेछ। हामीकहाँ एक जनविश्वास छ- शंखधर साख्वालले सबै नेपालीहरूको ऋण मोचन गरी नयाँ सम्बत स्थापना गरेको हुन् अरे, अनि यस प्रकार ऋण मोचन भएको खुसीयालीमा म्हपूजा गर्ने चलन आएको हो । शंखधर साख्वालले नेपाल सम्वत् स्थापना गरेको हो कि होइन भन्ने पछि छलफल गरौं तर ऋण मोचन भएको खुसीयालीमा म्हपूजा गर्ने प्रचलन आएको भन्नु र नेपाल सम्वत् स्थापना भएदेखि म्हपूजा, आएको भन्नु युक्तिसंगत हुँदैन, किनभने नेपाल सम्वत् आउनु अघिका दुई वटा सम्वत् पनि कछलाथ्व पारुको दिनमै नयाँ वर्ष सुरु हुने हो। नेपाल सम्वत् सुरु भएको खुसियालीमा म्हपूजाको प्रचलन सुरु भएको होइन, यदि म्हपूजा र नेपाल सम्वत्को केही सम्बन्ध छ भने बरु म्हपूजाका शुभ दिनमा हामीकहाँ सम्वत् परिवर्तन गर्ने प्रचलन भएको हुनुपर्छ ।

हुन त नेवारहरूले म्हपूजा नयाँ वर्षका रुपमा मनाउन थालेको हो वा म्हपूजा र न्हुदँ दुबै नै संयोगले परिरहेको हो भन्ने अनुसन्धानको विषय हो। त्यसो भए पनि यी दुबै शुभ वस्तु एकै दिनमा परेको हुनाले म्हपूजालाई नयाँ वर्ष प्रारम्भको उत्सवको रुपमा लिने परम्परा भइसक्यो । संस्कृतिविद र इतिहाससम्बन्धी अन्वेषक शंकरमान राजवंशीको विचारअनुसार म्हपूजा भनेको काय-मण्डल खडा गरी गरिने पूजा भएकाले यो “पार्थिव देहको पूजा” हो । गोवर्धन पूजा पनि पार्थिव पूजाको एक रुप भएकाले यी दुबै पूजा एकै दिनमा गरिने हो । म्हपूजा क्रिया विधानको अर्थ व्याख्या गर्दै राजवंशीले यसलाई नयाँ जीवन प्राप्त गर्ने भाव भन्नु भएको छ। यही कारणले नेवारहरूले यसै दिन नयाँ वर्ष सुरु गर्छन् भन्ने उहाँको विचार हो। यस दृष्टिबाट कौलागा आमै (कात्तिक कृष्ण अमावस्या) को दिन राति नै परेवा देखाइसक्यो भनी एक दिनअघि राति नै म्हपूजा मनाउने चलन नेवार परम्पराको विपरीत हो, किनभने नेवारहरूको मान्यताअनुसार कुन तिथिलाई लिएर सूर्य उदय हुन्छ त्यस दिन त्यही तिथि हुन्छ। त्यस्तो परेवाको दुई दिन देखाएमा भोलिपल्ट म्हपूजा गर्नु पनि उपयुक्त हुँदैन । म्हपूजा गर्ने चलन नेपाल सम्बत सुरु हुनुभन्दा धेरै अघिदेखि छ भन्ने थाहा लागे पनि कहिले सुरु भयो भन्न सकिन्न। बाबुराम आचार्यको अनुसार म्हपूजाको प्रचलन पन्ध्रसय चानचुन वर्षअघि भइसकेको देखिन्छ तर कहिलेदेखि आयो भन्ने थाहा भएको छैन। शंकरमान राजवंशीले म्हपूजा गर्ने चलन लिच्छविकालदेखि भयो भन्ने अनुमान गर्नुभएको छ।

भाषा बंशावलीभन्दा धेरै पुरानो केशर लाइब्रेरीमा संरक्षित ताडपत्रमा लेखिएको

संक्षिप्त वंशावली भन्ने एक वंशावलीमा यस प्रकार लेखिएको छ, 'राजा राघवदेवको राज्यकाल ६३ वर्ष र ६ मास पुग्दा राजाले नयाँ सम्वत् स्थापना गरे ।' उक्त पुरानो वंशावलीमा बालुवा सुन भएको कथा पनि छैन साख्वालको नाम पनि उल्लेख छैन। साख्वालको नाम र बालुवा सुन भएकोले कथा लेखिएको एक प्रकारको भाषा वंशावलीमा पनि यस सम्बत सुरु भएको समय राघवदेव राजाको राज्यकाल ६३ वर्ष पुग्दा भनी उल्लेख भएकाले नेपाल सम्बत राघवदेवको पालामा सुरु भएको भन्ने विश्वसनीय हुन्छ। यस सम्वत् सुरु भएर दुई सय चानचुन वर्षसम्म नेपाल सम्वत् भनी नलेखिकन खाली यति यति सम्वत् भनी मात्र लेख्ने गरेर, त्यसपछि मात्र नेपाल सम्वत् भनी लेख्न थालेको कुरा माथि नै उल्लेख भइसक्यो ।

जे भए पनि, नेपाल सम्वत् भनी लेख्ने प्रचलन भएको नौ सय वर्ष भइसक्यो। विक्रम सम्वत्, इसा सम्वत्, भनी एक एक व्यक्तिको नामले लेखिएको होइन, नेपाल देशको नामले नेपाल सम्वत् भनी लेखिएको यो सम्वत्को राष्ट्रिय महत्व छ। त्यति मात्र होइन राजा जयस्थिति मल्ल र त्यस पछिका शासकहरूले अभिलेखमा यस सम्वत्लाई श्रीभत नेपाल सम्वत्, श्री भन्त नेपाल सम्वत् भनी 'नेपाल सम्वत्' शब्दको अगाडि श्री भत, श्री भन्त भन्ने समानसूचक शब्द प्रयोग गरिराखेका अनगिन्ती उदाहरण छन् । पछि गएर यसलाई श्री नेपाल देशीय सम्वत् भनी लेख्न थालेको पनि देखिन्छ। अनि कहीँ कहीँ यसलाई विशेषगरी पञ्चाङ्ग लेख्नेहरूले श्री शंखधरकृत नेपाल सम्वत् भनी लेख्न थालेको पनि देखिन्छ। यस प्रकार शंखधर साख्वाल भन्ने व्यक्तिले स्थापना गरेको भए पनि स्थापनाकाल राजा राघवदेवको शासनकाल नै हो। नेपाल सम्वत् स्थापना भएको समय भक्तपुरमा राजा आनन्ददेव मल्लको शासनकालमा भनी आनन्दमल्लले बालुवा लिन पठाएको कथा पूरा काल्पनिक हो भन्ने आधार छर्लङ्ग छ- आजभन्दा एक हजार चानचुन वर्षअघि मल्ल शासनको स्थापना नै भएको थिएन।

अब व्यावहारिक दृष्टिबाट हेर्दा अर्थात् व्यवहारमा प्रचलनमा ल्याउन पनि एक विदेशी भारतीय राजाको नामबाट स्थापना भएको विक्रम सम्वत् प्रचलन गरिराख्नु भारत परस्त प्रवृत्ति मात्र हो, यसलाई छाडी आफ्नो देशमा जन्म भएको र देशकै नामबाट राखिएको नेपाल सम्वत् प्रचलनमा ल्याउने कुरा राष्ट्रियताका दृष्टिकोणबाट धेरै बढी उपयुक्त छ। बरु सम्वत् प्रचलन गर्ने जस्तो व्यावहारिकताको विषयलाई भावनात्मक दृष्टिबाट मात्र हेर्नु पनि हुँदैन। यहाँ स्मरणीय के छ भने स्व. बालकृष्ण समले एक सार्वजनिक आमसभाको मञ्चमा उभिएर "आजदेखि मैले विक्रम सम्वत् लेख्न छाडेर नेपाल सम्वत् प्रयोग गर्ने प्रतिज्ञा गरें" भनी घोषणा गरी व्यवहारमा आफ्नो प्रतिज्ञा कहिल्यै कार्यान्वयन नगरेको उल्लेख गर्न

लायक छ। सम्वत्मा नेपाल सम्वत् लिने गाऱ्हो काम होइन, खालि यसलाई चन्द्र गति अनुसारको तिथि प्रयोग गर्न दैनिक प्रशासनलाई गाह्रो हुनसक्छ। निश्चय नै चन्द्रमाको गति त्यसमा पनि फेरि घडी, पला र टुट हुने, दुइ दिनसम्म एकै तिथि हुने हेर्दा तिथिभन्दा सूर्यको गतिमा आधारित तारिख प्रयोग गर्नु बढी बैज्ञानिक र व्यावहारिक हुन्छ। सूर्यको आधारमा बनाइराखेको भए पनि गतेको प्रयोग पनि वैज्ञानिक छैन, पृथ्वीले सूर्यलाई परिक्रमा गर्ने ३६५ दिन र ६ घण्टा भनेर गनेर ३६५ दिनको वर्ष र चार वर्षमा एक पल्ट ३६६ दिन गर्ने गरी क्यालेन्डर र त्यसमा अब संशोधन गरि ३६५ दिन ५ घण्टा १२ मिनेट ४८ सेकेण्डको एक वर्ष गरी गनिराखेको संशोधित क्यालेन्डरको वैज्ञानिकता विचार गरी थाइल्याण्डले वर्ष चाँहि आफ्नै सम्वत्को लिएर मिति मात्र ग्रेगरी क्यालेण्डरको तारिख लिइराखेको छ। त्यस्तै अन्तर्राष्ट्रिय प्रचलन भइसकेको इस्वी सम्वत् र ग्रेगरी क्यालेन्डरलाई अपनाएर साथै अनेक चाडपर्वलाई आफ्नो चन्द्रमाको गतिमा आधारित तिथिलाई पनि लिइराखेको चीनको सरकारी नीति पनि उदाहरणीय छ। हामीकहाँ पनि सरकारले सूर्यको गतिमा आधारित गते प्रचलनमा ल्याएर चाडपर्वको विदा तिथि अनुसार लिईरहेको छ। यस दृष्टिबाट अन्तर्राष्ट्रिय प्रचलनमा आएको इस्वी सम्वत्को वर्ष र ग्रेगरी क्यालेण्डरको तारिख लिने अन्तराष्ट्रिय क्यालेण्डर र तिथि मितिसहितको नेपाल सम्वत् दुईलाई सरकारी स्तरमा अपनाउनु नै राष्ट्रिय सम्मान, अन्तराष्ट्रिय प्रचलन र बैज्ञानिक व्यावहारिकता सबै दृष्टिबाट उपयुक्त हुन्छ। ●

नेपाल सम्वत् र यसको महत्व

–● प्रो. माणिकलाल श्रेष्ठ ●–

....नेपालमा कहिले कहिले कुन कुन सम्वत् प्रयोग गरे भनी इतिहासतिर ध्यान दिँदा खास खास सन्दर्भमा अरू सम्वत्हरू प्रयोग गरे पनि (उदाहरणार्थ अन्तर्राष्ट्रिय सम्बन्धमा इस्वी सम्वत्, त्यसैगरी विशेष धार्मिक सन्दर्भमा बुद्ध सम्वत् आदि) राज्यले औपचारिक रूपले प्रयोग गरेका सम्वत्हरू क्रमिकरूपले सबभन्दा पहिले शक सम्वत्, त्यसपछि मानदेव सम्वत्, अनि नेपाल सम्वत्, फेरि शक सम्वत् र हालसालै विक्रम सम्वत् प्रयोग गरिएको छ ।

१) शक सम्वत् : (आजसम्म प्राप्त भएका कागजातहरू, ग्रन्थहरू, ताम्रपत्र, शिलालेख आदिमा औपचारिकरूपमा प्रयोग गरिएका सम्वत्मध्ये सबभन्दा पुरानो शक सम्वत् हो । लिच्छविकालका अभिलेखहरूमा शक सम्वत् ३८१ देखि ५२६ सम्म अविच्छिन्नरूपले र त्यसपछि फेरि एकफेरा शक सम्वत् ५३५ उल्लेख भएको पाइन्छ । जे होस् शक सम्वत् ३८१ देखि केही वर्षपहिलेदेखि यो सम्वत् नेपालमा पनि प्रयोग भयो भनी अनुमान गरी ५२६।२७ सम्म चलेको हिसाब गर्दा पहिलो पटक यो सम्वत् करिब डेढ सय वर्ष यहाँ प्रचलनमा रहेको पाइन्छ । त्यसपछि मानदेव सम्वत् र अनि नेपाल सम्वत् गरी जम्मा झन्डै साढे एघार, पौने बाह सय वर्ष चलिसकेपछि पृथ्वीनारायण शाहले फेरि शक सम्वत्लाई राज्यगतरूपमा चलाए । पृथ्वीनारायण शाहद्वारा गोरखा राज्य विस्तारको अभिभावकको क्रममा वर्तमान नेपालको ठूलो भाग कब्जा गरिसकेपछि तिनले आफ्नो राज्यभित्र फेरि शक सम्वत् लागू गरे । दोस्रोपटक शक सम्वत् १३५ वर्ष (१६९० देखि १८२५ सम्म) चल्यो र शक सम्वत् को १८२५ (विक्रमको १९६०) मा चन्द्रशमशेरले विक्रम सम्वत् चलाएका थिए । यसरी

पहिलोपटक करिब डेढ सय वर्ष र दोस्रोपटक १३५ वर्ष गरी जम्मा पौने तीन सय वर्ष नेपालमा शक सम्वत् प्रचलित रह्यो। यी दुवै अवधिमा नेपालमा शक सम्वत् व्यापक रूपमा चलेको थियो।

प्राचीनकालमा भारतमा (खासगरी भारत वर्ष वा उत्तरी भारतभरि) शक सम्वत् प्रचलित रहेको र आजकाल फेरि भारतको स्वतन्त्रतापछि भारत सरकारले यसलाई राष्ट्रिय सम्वत्को रूपमा मान्यता दिएको यो सम्वत् (शक सम्वत्) भारतमा चैत्रादि सम्वत्, अर्थात् चैत महिना सकिएर वैशाख सुरू हुँदा सम्वत् फेरिन्छ अर्थात् नव वर्षारम्भको दिन पर्दछ, तर नेपालमा भने शक सम्वत् नै चलेको भए पनि शकको प्रचलनको पहिलो अवधिमा (अघिल्लो लिच्छविकालमा शक सम्वत् चलेको बेला यो सम्वत् फेरिने दिन (नव वर्षारम्भको दिन) कार्तिक शुक्ल प्रतिपदा (कछलाथ्व प्रतिपदा) मा पर्दछ। दोस्रो अवधिमा (पृथ्वीनारायण शाहले फेरि शक सम्वत्लाई नै लागू गर्दा) भने नेपालमा पनि भारतमा भैँ वैशाखमा नै नव वर्ष सुरू हुने गरियो।

(२) मानदेव सम्वत् : लिच्छविकालमा लिच्छवि राजा शिवदेवपछि केही समय राज गरेका गैर लिच्छवि अंशुवर्मा (लिच्छवि राजपरिवारका भानिज) ले राजा मानदेव प्रथमको नामबाट चलाएको मानदेव सम्वत् अङ्कित अभिलेखहरू शक सम्वत् ५२६ को लगत्तै पछि स्थापना गरिएका देखिन्छन्। राजा मानदेवले नै चलाएको नभई पछि अंशुवर्माले मानदेवको राज्यारोहणको बर्सेनि सुरू हुने गरिएको यो सम्वत् २९ देखि चलाएको पाइन्छ। अहिलेसम्म प्राप्त अभिलेखहरूमा यो सभ्यता २९ देखि ३०४ सम्मका पाइएका छन् अर्थात् यो सम्वत् करिब पौने तीनसय वर्ष प्रचलनमा रहेको देखिन्छ। यो सम्वत् पनि कार्तिकादि सम्वत् हो र यसको नव वर्ष आरम्भ पनि शकसम्वत्को (पहिलो अवधिमा) भैँ कार्तिक शुक्ल प्रतिपदा नै देखिन्छ।

(३) नेपाल सम्वत् : मानदेव सम्वत् ३०४ सकिएर ३०५ सुरू हुने दिन (शक सम्वत् ८०२ सकिएर ८०३ सुरू हुनुपर्ने दिन) मा नेपाल सम्वत्को स्थापना भएको देखिन्छ। यसप्रकार नेपाल सम्वत् स्थापना भएको दिन ईस्वी सन् ८७९ अक्टोबर २० तारिख हो। त्यस दिनदेखि ८८८ वर्षसम्म अविच्छिन्नरूपले चलेको नेपाल सम्वत्लाई पृथ्वीनारायण शाहले हटाएर नेपालमा राज्यगत रूपमा फेरि शक सम्वत्लाई प्रयोगमा ल्याइयो। सरकारी प्रशासनिक कार्यमा शक सम्वत् प्रयोग गरिए पनि धार्मिक र सांस्कृतिक कार्यमा भने धेरै पछिसम्म नेपाल सम्वत् नै चलिरहेको देखिन्छ।

(४) विक्रम सम्वत् : रामकृष्ण कुँवर क्षेत्रीका सन्तान जङ्गबहादुरले नेपालको शासनसत्ता कब्जा गरेपछि आफूलाई पहिले कुँवर क्षेत्रीबाट कुँवर ठकुरी र पछि फेरि राणा भन्ने थर लेख्न

थाले । पछि राणा प्रधानमन्त्री (श्री ३ महाराज) चन्द्र शमशेरले आफ्नो परिवार राणाको सम्बन्ध भारतको राजस्थानका राजपुत राणाहरूसँग जोड्ने क्रममा भारत मूलको विक्रम सम्वत्‌लाई (भारतको राजस्थानको उज्जैनका राजा भनिएका विक्रमादिको राज्यारोहणदेखि सुरू भएको भन्ने विश्वास गरिसकेको) विक्रम सम्वत्‌लाई नेपालको राज्यगत सरकारी कामकाजको सम्वत् बनाए । आफू शासनारूढ भएको (वि.सं. १९५९) एक वर्षछि शक सम्वत् १८२५ को ठाउँमा विक्रम सम्वत्‌लाई लागू गरे। त्यसो त त्योभन्दा पहिले जङ्गबहादुरको पालादेखि नै विक्रम सम्वत् प्रयोग गरिए पनि शक सम्वत्‌लाई औपचारिक सम्वत्‌बाट हटाइएको थिएन। नेपाल सम्वत्‌को स्थापना र यसका संस्थापकः विभिन्न स्रोतका भाषा वंशावलीहरूमा सबैले एकै स्वरले नेपाल सम्वत्‌का संस्थापक शङ्खधर साख्वाल भनी लेखेको पाइन्छ। ने.सं. ९५० देखि ९९० भित्र लेखिएका विभिन्न स्रोतमा आधारित गरी शाहकालको सुरूतिर खसभाषा (पर्वतिया भाषा भनी लेखिएको) मा अनुवाद गरी यी भाषा वंशावलीहरू लेखिएका हुन्। यसरी नेपाल सम्वत्‌को स्थापनाको झन्डै एकहजार वर्षपछिका स्रोतमा आधारित गरी लेखिएका भाषा वंशावलीहरूलाई विश्वसनीय छैन भनी गोपाल राजवंशावलीलाई अघि सारेर नेपाल सम्वत्‌का संस्थापक शङ्खधर होइनन्, लिच्छवि राजा राघवदेव हुन् भन्नेहरू पनि छन् । तिनीहरूले प्रस्तुत गरेको आफ्नो तर्कलाई प्रस्तुत गर्न आधार बनाइएका र इशाका चौधौँ शताब्दीमा तयार गरिएको गोपाल राजवंशावली र त्यही समयको एउटा अर्को वंशावली (केशर शमशेरको सङ्कलनमा रहेको हस्तलिखित वंशावली) मा लेखिएका शब्दहरू केलाएर हेरौँ। यी दुवैमा करिब करिब उही कुरा लेखिएको छ। केशर वंशावलीमा नेपाल सम्वत्‌बारे लेखिएको कुरा यस्तो छ ‘राजा श्री राघवदेव वर्ण ६३ मास छ॥ श्री पशुपति भट्टारके सम्वत्सर प्रवृत्ति कृता॥’ (अर्थात् राजा श्री राघवदेवको उमेर ६३ वर्ष ६ महिना पुगेको बेला पशुपतिमा सम्वत् फेर्ने काम सम्पन्न भयो।) राजा राघवदेव आफैले नयाँ सम्वत् स्थापना गरेको भए तिनले गरेका अरू कार्यहरूमा लेखिएझैँ ‘तेन कृता’ (तिनले गरे) भनी लेखिन्थ्यो होला, ‘सम्वत्सर प्रवृत्तिकृता’ लेखिएको मतलब तिनको राज्यकालमा भएका महत्वपूर्ण घटनामध्ये एउटा घटना नयाँ सम्वत्‌को स्थापना भएको घटना थियो। त्यस सामन्ती युगमा वंशावलीमा एकजना सामान्य रैतीको नाम उल्लेख नगरिनु स्वाभाविक थियो। राघवदेवको पालामा स्थापना भएको नयाँ सम्वत्‌को नामपछि पछिका अभिलेखहरूमा नेपाल सम्वत् भनी उल्लेख गरिएको छ। आजभन्दा करिब दुई सय वर्षअघि (नेपाल सम्वत्‌को स्थापनाको नौ सय वर्षभन्दा पछि) मात्र लेखिएको भए पनि पुराना स्रोतहरूमा आधारित गरी तयार गरिएको राइट वंशावली (पण्डित गुणानन्द शाक्यले

सङ्कलन गरी प्रस्तुत गरिएको र डानियल राइटद्वारा सम्पादित वंशावली) मा लेखिएअनुसार शङ्खधरले नेपाल सम्वत् स्थापना गरेपछि पशुपतिमा आफ्नो सालिक र आफ्नो घरनिर एउटा चैत्य स्थापना गरेका थिए। स्थानीय जनताले शंखचैत्य भन्ने गरेको एउटा प्राचीन चैत्य लखुतीर्थ नजिकै विष्णुमती किनारमा अझै खडा छ। त्यसैगरी, एउटा भाषावलीमा शङ्खधरले नयाँ सम्वत् चलाउनको लागि मानिसहरूको ऋण तिरिदिँदा प्रयोग गरेको शिला (ढुङ्गा) 'भक्तपुर जाने बाटोको बागमतीपारि हुलाकी बस्ने सत्तलदेखि ३०-३२ हात जति पूर्वतिर' अद्यापि छ भनी लेखिएको छ। त्यस शिला रहेको टोलको नाम शिलामुगल (शिला रहेको ठाउँ) भनिन्छ र हाल त्यस ठाउँलाई 'शिलामुगल' बाट 'सिनामुगल' भनिने गरिएको छ। यी पुरातात्विक वस्तुहरूको प्रमाणबाट शङ्खधर भन्ने मानिस कुनै काल्पनिक व्यक्ति होइन ऐतिहासिक पुरुष हुन् भनी सिद्ध हुन्छ।

नेपाल सम्वत्को महत्व

नेपालमा विभिन्न समयमा राज्यस्तरमा प्रचलित माथि उल्लेखित चारवटा सम्वत् मध्ये दुई ओटामात्र (मानदेव सम्वत् र नेपाल सम्वत्) नेपालभित्रै जन्म भएका सम्वत् हुन्। साथै नेपाल सम्वत् मात्र आफ्नो देशको नामबाट नामकरण गरिएको सम्वत् हो। विक्रम सम्वत् एक विदेशी राजाको नाममा स्थापित सम्वत्, मानदेव सम्वत् पनि स्वदेशी भए पनि एकजना सामन्त (राजा) को नामबाट स्थापना गरिएको सम्वत्, शक सम्वत् भारतमा व्यापक प्रचलन हुँदा नेपालमा पनि सरेको (कुनै एक जातिको भारत प्रवेश भई उत्तर भारतमा हालिमुहाली हुँदा प्रचलनमा ल्याइएको) सम्वत् हुन्। ती सबको विपरीत नेपाल सम्वत् एक सामान्य रैतीले स्थापना गरेको र ती संस्थापकले पनि आफनो नामबाट नराखी आफ्नो देश नेपालको नामबाट नामकरण गरिएको सम्वत् हो। यसको स्थापना पनि ऋणमा परी दासतामा जकडिएका मानिसहरूको ऋण तिरी उनीहरूलाई मुक्त गरेको परोपकारी कार्यको स्मृतिमा स्थापित पवित्र सम्वत् हो। यो सम्वत् शङ्खधरको दानशीलता, उदारता, समष्टिवादी भावना र देशप्रेमको मूर्तरूप हो र यसले नेपाली मात्रलाई परोपकारी भावना र स्वाधीनताको प्रेमको भावना प्रेरित गर्दछ। अर्को महत्वपूर्ण कुरा के हो नेपालमा सबभन्दा लामो समयसम्म राज्यगतरूपमा चलेको सम्वत् यो हो। माथि चर्चा गरिएझैं शक सम्वत् गर्दा जम्मा पौने तीन सय वर्षजति चलेको, मानदेव सम्वत् पनि करिब करिब त्यत्तिकै।

त्यसो त गोरखापत्र संस्थानले नेपाल सम्वत्को राष्ट्रिय महत्व महसुस गरेर केही समयदेखि यसका प्रकाशनहरूमध्ये 'मधुपर्क' र 'युवामञ्च' बाहेक अरू

प्रकाशनहरूले (दैनिक 'गोरखापत्र', दैनिक 'द राइजिङ नेपाल' र मासिक 'मुना' ले) नेपाल सम्वत्‌को प्रयोग गरेका छन्। यहाँनिर एउटा निकै घतलाग्दो कुरा उल्लेख गरौं। गोरखापत्रको जन्म हुँदा वा प्रकाशन हुँदा (वि.सं १९५८) सालमा आफ्नो अङ्कहरूमा मिति विक्रम सम्वत्‌मा लेखिए पनि त्यसमा वि.सं. नभनी नेपाल सम्वत् १९५८, १९५९, १९६० भनी कैयौं वर्षसम्म लेखे। सायद त्यसबेलाको राणा शासकहरूले (वा तिनका सल्लाहकार पण्डितहरूले) भारतीय मूलको विक्रम सम्वत् प्रयोग गरे पनि त्यसलाई 'नेपाल सम्वत्' भनी नामकरण गरेका थिए। अनि केही वर्षपछि नेपालमा सरकारी कागजातहरूमा विक्रम सम्वत् प्रयोग गर्दा सम्वत्‌को नाम नलेखी इति सम्वत् यति, उति भनी लेख्न थाले र धेरै पछिमात्र विक्रम सम्वत् भनी उल्लेख गरे।

विक्रम सम्वत् त अहिले भर्खर एक सय वर्षमात्र नाघेको हो भने नेपाल सम्वत् स्थापनादेखि झन्डै नौसय वर्ष (सम्वत् १ देखि ८८८ सम्म) अविछिन्नरूपले राज्यस्तरमै चलेको र त्यसपछि पनि अहिलेसम्म धार्मिक र सांस्कृतिक क्षेत्रमा प्रयोग गरिरहेको सम्वत् हो। राष्ट्रिय स्तरको कुरा छोडौं देशबाहिर पनि यो सम्वत्‌लाई निकै महत्व दिई प्रयोग गरिएको देखिन्छ। नेपाल सम्वत् ७५३ (इ. सन् १६३३) मा भारतको त्यसबेलाको एउटा राज्य कुचविहार (हाल पश्चिम बङ्गालमा परेको) का राजा प्रा. नारायणले ने.सं. ७५३ अङ्कित गरी एउटा असर्फी (आफ्नो स्वर्ण मुद्रा) निकालेको थियो। त्यसैगरी चीनका मिनवंशीय बादशाहले ने सं ५६५ मा नेपालका एक महासामन्त शक्तिसिं रामबर्द्धनलाई लेखेको पत्रमा मिति ने.सं. मा लेखेको पाइएको छ। सन् १९५३ मा भएको अखिल भारतीय इतिहास सम्मेलनको अवसरमा कलकतामा गरिएको ऐतिहासिक सामग्रीको प्रदर्शनमा यो पङ्क्तिकार आफैले देखेअनुसार बृटिस भारतको अङ्ग्रेज सरकारलाई (सम्भवतः इस्ट इन्डिया कम्पनीको सरकारलाई तिब्बतको कास्या (दलाई लामाको मन्त्रिमण्डल) ले उपहार दिएको एक थाङ्का (पौभा चित्रमा नेपाल सम्वत्‌को मिति अङ्कित छ। यस्तो राष्ट्रिय र अन्तर्राष्ट्रिय महत्त्वको नेपाल सम्वत् निश्चय पनि नेपालको एउटा गौरवशाली मौलिक सम्वत् हो। ●

स्रोत : गोरखापत्र, कार्तिक २३, २०६४ (नोभेम्बर ९, २००७)/ मजदुर, कार्तिक ३०, २०७७

विविध सम्वत् र विकास

–● मल्ल के. सुन्दर ●–

विविध सम्वत्

‘यथार्थमा विश्व व्रह्माण्डमा समय भन्ने नै छैन’ - आधुनिक युगका महान वैज्ञानिक स्टेफन हकिन्सको भनाइ हो, यो। जसलाई हामी समय मानिरहेका छौं, त्यो वास्तवमा एउटा परिकल्पना मात्र हो- हकिन्स तर्क राख्नुहुन्छ। आफू बाँचिरहेको क्षणलाई जाडो, गर्मी, वर्षा, हुरीबतास वा साँझ-बिहान आदि आफू वरपर परिवर्तित प्राकृतिक अवस्थाको आधारमा मानिसले आफ्ना अनुभूति व्यक्त गर्न सिके। यसअनुरूप ऋतु, मौसम, रात-दिन आदि स्मृतिमा रहन गए। परिवर्तित प्रकृति र आफ्ना अनुभूतिलाई सूक्ष्मति-सूक्ष्म परिणाममा विभाजित गर्ने क्रममा यस्तो समय, उस्तो समय, उहिलेको समय, अहिलेको समय भन्न सिके। मानवीय चेतनाको विकास सँगसँगै समयलाई विभाजित गरी दिन-रात मात्र होइन, घडि, पला, मिनेट र सेकेन्डको रूपमा राख्न सिके। अहिलेको डिजिटल युगमा प्रति सेकन्डलाई पनि अनेक सूक्ष्म एकाईमा विभाजन गर्न मानिस सफल भइसकेका छन्।

सबैभन्दा पहिलो पात्रो

आदिम समाज, विशेषतः मिश्र सभ्यतामा, जहाँ खुल्ला र सफा आकाशमुनि गर्मीको समय खुल्ला चौरमा मानिसहरू सुत्न थाले। निद्रा नलागेको अवस्थामा पल्टिएर आकाशमा नजर घुमाउने र देखिने अनगिन्ती ताराहरू। दिनहुँ, वर्षौंसम्म हेरिरहने, देखिरहने आकाशका ती ताराहरू कुन स्थानमा कसरी देखापर्छन् सम्झिरहन्थे। तारामा प्रकाश कसरी हुन्छ, अनि आकाशको कुन दिशामा देखिन्छ, त्यसकै आधारमा ताराहरूको नामकरण गर्न

सिके । विशेषतः आकाशमा देखिने चन्द्रमाले हरेक रात आकार मात्र परिवर्तन नगरी आफ्नो ठाउँ पनि परिवर्तन गर्छ। यसप्रकार आकाशमा देखिने ताराहरू अनि चन्द्रमाको प्रकाश, आकार अनि दिशाको आधारमा पानी पर्ने कहिले, बाढी आउने कहिले, चन्द्रमा कता देखिए गर्मी वा जाडो हुने आदि ज्ञान तिनीहरूले सिके। सयौँ वर्षको यस्ता व्यावहारिक अनुभव र ज्ञानको आधारमा मेसोपोटामिया-बेबिलोन (आजभोलिको इराक)का मानिसहरूले पात्रोको विकास गरे। आजभन्दा चार हजार वर्षअघि यस्ता पात्रोको विकास भएको मानिन्छ। हुन त ती पात्रोमा वर्षैभरिको दिनगन्ती भए पनि सप्ताह नभएको, महिना भए पनि नामाकरण गरिएको थिएन। १ सय २० दिनको एउटा ऋतु र वर्षको ३६० दिन मात्र हुन्थ्यो। ईसापूर्व करिब ५ हजार वर्षअघिको सुमेरियन सभ्यतामा विकसित प्रारम्भिक युगको पात्रो-सम्वत् थियो त्यो।

स्कटल्यान्डका बाह्र वटा स्तम्भ

आधुनिक पुरातत्वविद्हरूले स्कल्यान्डको आवेरडिनसायर् फिल्डका बाह्रवटा ठूल्ठूला ढुङ्गाको स्तम्भलाई मानिसले बनाएको पहिलो पात्रोको रूपमा दाबी गर्दै आएका छन्। आकाशमा कुन कोणमा कहिले अनि कुन आकृतिको चन्द्रमा झुल्किन्छ, त्यसअनुसार प्रकृतिको मौसम कस्तो हुन्छ भनी त्यतिबेलाका शिकारी जीवनयापन गर्ने समाजका मानिसहरूले त्यस बाह्र वटा ढुङ्गाका स्तम्भको छायाँबाट जानकारी लिने गर्दथे। बकिङघम विश्वविद्यालयका एकथरि अध्येताहरूले सन् २००४ मा उत्खनन् गरी यस यथार्थलाई प्रकाशमा ल्याएका थिए।

माया पात्रो

दक्षिणी गोलार्द्धको ल्याटिन अमेरिकन महादेशमा विशेषतः माया सभ्यताभित्र पनि आफ्नै प्रकारको पात्रो प्रचलनमा रहेको थियो। माया-पात्रो भनिने यसमा वर्षको १८ महिना र २० दिनको एक महिना हुने पद्धति रहेको थियो।

हेब्रु सम्वत्

यहुदी धर्मका अनुयायीहरूले हजारौं वर्षअघिदेखि आफ्नो मान्यताअनुसार तिथिमिति मान्दै आएका छन्। यसलाई हेब्रु सम्वत् भनिन्छ। मूलतः चन्द्रमाको गतिको आधारमा दिन, हप्ता, महिना अनि वर्षको गणना गरिने व्यवस्था यस सम्वत्मा रहेको छ। यस सम्वत्मा वर्षको ३५५ दिन मात्र हुन्थ्यो भने सौर्यमासअनुसार दिनगन्ती मिलाउन प्रत्येक १९ वर्षमा एक दिन थप गरिन्छ।

हिजरी सम्वत्

इस्लाम धर्म गुरु मोहम्मदले जुन दिन मक्का छोडेर मेदिनातर्फ आफ्नो धार्मिक यात्रा

आरम्भ गरे, त्यस दिनको स्मरणमा विश्वका मुसलमानहरूले हिजरी सम्वत् मनाउँदै आएका छन् । त्यस ऐतिहासिक घटना भएको ईस्वी ६२२ देखि हिजरी सम्वत् वा इस्लामिक सम्वत् सुरु भएको मान्दै आएका छन् । यस सम्वत्मा चन्द्रमाको गतिअनुसार दिन गणना गरिन्छ । त्यसैले वर्षको ३५४ र ३५५ दिन मात्र हुन्छ । इस्लाम धर्म मान्ने संसारका सबै मुसलमानहरू यही सम्वत्को आधारमा चाडपर्व, संस्कार, रीति र परम्परा मान्दै आएका छन् ।

जोरास्ट्रोन सम्वत्

दिनहुँको दिनगन्ती मात्र होइन, महिना, दुई महिना, वर्षभरिको समय र मौसमको जानकारी दिन पर्सिया (आजभोलिको इरान)भित्र ईसापूर्व ६ सयदेखि ३ हजार वर्षभित्र जोरास्ट्रोन पात्रोको विकास गरिएको थियो । यसैगरी रोमका शासकहरूले पनि चन्द्रमाको आधारमा आफ्नै किसिमको पात्रो बनाएको इतिहास छ, जुन पात्रोमा वर्षको १० महिना मात्र हुन्थ्यो ।

चिनियाँ सम्वत्

चीनमा भने ईसापूर्व ७ सय वर्षअघि चाउ वंशका शासकहरूले घामको आधारमा मौलिक पात्र प्रयोगमा ल्याए, जसमा ३६ दिनको एक महिना अनि वर्षको १० महिना हुन्थ्यो । पछि छिन वंशको शासनकालमा यसलाई सुधार गरी सरलीकरण गरियो । पुरानो सम्वत् मूलतः चन्द्रमासअनुरूप थियो भने सरलीकरण पश्चात् चन्द्रमास र सौर्यमास दुवैलाई प्रयोगमा ल्याइयो । विभिन्न जीवजन्तुको प्रतीकात्मक रूपका राशीअनुसार १२ वर्षमा एउटा चक्र पूरा हुने गरी यो सम्वत् चल्दथ्यो ।

मालाव सम्वत्⁄विक्रम सम्वत्⁄शक् सम्वत्

भारतवर्षमा व्रह्मसिद्धान्तको आधारमा शक् सम्वत् अनि विक्रम सम्वत् देखापरे । त्यसो त प्राचीन भारतवर्षका विभिन्न राज्य र क्षेत्रमा आ-आफ्नै किसिमका धेरै सम्वत् प्रचलनमा आएको थियो । आ-आफ्नो धर्म, संस्कार, संस्कृति र चाडपर्व सुहाउँदो विविध सम्वत्हरू मान्दथ्यो । पछि चौथौं शताब्दीतिर ज्योतिषशास्त्रको प्रख्यात सूर्यसिद्धान्तको विकासपछि यसलाई नै अँगालेर शक सम्वत् चलाइयो । पछि विक्रम सम्वत् पनि सुरु भयो । यिनको विशेषता भनेकै सौर्य र चन्द्रमास दुवैको आधारमा तिथि-मिति निर्धारण गरिनु हो । विक्रम सम्वत् भारत, उज्जैनका मालावाहरूले विकास गरेको भनाइ छ, त्यसैले यसलाई मालाव सम्वत् पनि भन्ने गरिन्छ भने यसलाई कृत सम्वत् पनि भनिन्छ ।

जुलियन⁄ग्रिगोरी सम्वत्

राजा जुलिसिजरले सुरु गरेको मानिने जुलियन सम्वत्मा रहेको दिनगन्तीको पुरानो प्रणालीलाई सुधारेर पोप गिग्रोरी-१३ ले गणितको आधारमा यसमा प्रशस्त सुधार गरे ।

विशेषतः मलमास (क्षयमास) - Leap Year चार वर्षमा एकपटक फेब्रुअरी २८ पछि एक दिन थपियो। सौर्यमासअनुसार दिनगन्ती गर्दा वर्षको ३६५ दिन हुने सामान्य गणना छ। तर सूक्ष्म खगोलीय अध्ययनअनुसार पृथ्वीले सूर्यलाई एक चक्कर लगाउने समय ३६५ दिन ५ घन्टा ४९ मिनेट र १२ सेकेन्ड हुन्छ। यही गतिको गणना अनुसार सुधार गरी यसलाई सन् १५८२ देखि चलाइएको थियो। त्यसैले सुधारक पोपको नाम स्मरण गर्दै यस सम्वत् लाई ग्रिगोरी सम्वत् पनि भनियो। आजभोलि यो सम्वत् संसारका धेरै देशमा प्रयोगमा आइरहेको छ।

प्राचीन समयमा सभ्यताको विकामसँगै संसारका विभिन्न भागमा विभिन्न प्रकारका तिथि-मिति गणनाको उद्देश्यले विभिन्न सम्वत्-पात्रो प्रचलनमा आए। ती सबै पात्रो कृषि व्यसायसँग सम्बन्धित छ। कहिले पानी पर्छ, बाढी आउँछ, घाम लाग्छ, जाडो हुन्छ वा गर्मी हुन्छ भन्ने थाहा पाउन र त्यसलाई सुहाउँदो सुरक्षित खेतीपाती गर्न पूर्वज्ञानको रूपमा तिथि-मिति सम्झिँदै आएको थियो। सभ्यताको विकाससँगै अन्तरिक्ष र खगोलीय अध्ययनको क्षेत्रसमेत समेट्दै यस ज्ञानको विकास हुँदै गयो।

नेपालमा प्रचलित सम्वत्

नेपालभित्र पनि लामो समयदेखि विभिन्न प्रकारका सम्वत् प्रयोगमा आएको प्रमाण पाउन सकिन्छ। एकातर्फ शासनसत्ता चलाउने क्रममा शासकहरूले आफ्ना काम सम्झिन कुन वर्ष, कुन दिन भनी जनाउने क्रममा सम्वत् लेख्न थाले। पुराना मूर्त सम्पदा आदि स्थापना गरेको विवरणसँगै राजा, शासकहरूले शिलालेख, ताम्रपत्र, धलौटपत्रमा तिथिमिति र सम्वत् लेख्न लगाएको पाइन्छ। सर्वसाधारण नागरिकले लोकल्याणार्थ आफू वा आफ्नो घरपरिवारका काम जनाउन शिलालेख, ताम्रपत्रमा तिथिमिति पनि लेखाउँथ्यो। यी बाहेक सामाजिक लेनदेनमा कागजपत्र गर्नुपरे त्यसमा पनि तिथिमिति समावेश गरिन्थ्यो। जान्नेबुझ्ने, लेखक, विद्वानहरूले सिर्जना गरेका कृतिमा पनि अन्तमा सम्वत्, महिना र दिन उल्लेख गर्दथ्यो।

नेपालमण्डलभित्र भने पहिलदेखि आ-आफ्नो घरमा नयाँ जन्मिएको बच्चाको ग्रह, नक्षत्र, तिथिमिति आदि उल्लेख गरी जन्मपत्रिका वा जातः लेखिन्थ्यो, जसमा बच्चा जन्मिएको वर्ष वा सम्वत् नछुटाई लेखिन्थ्यो।

कलि सम्वत्

भारतवर्षको धार्मिक परम्परा र विभिन्न पुराण, ग्रन्थमा हामी बाँचिरहेको व्रह्माण्डलाई विभिन्न लोकमा विभाजन गरिएको छ। यसको सृष्टि र विनाशलाई विभिन्न युगअनुसार परिकल्पना गरिएको छ। सत्य, त्रेता, द्वापर र कलि चार युगको चक्र चलिरहन्छ

भनिएको छ। यीमध्ये सबैभन्दा पछिल्लो अनि हामी बाँचिरहेको यस समयलाई कलियुगको रूपमा मानिन्छ। यही कलिगत युग सुरु भएको समयको अनुमान वा परिकल्पनाको आधारमा कलि सम्वत् गन्ती गर्ने प्रचलन छ। हाल ५१२४ कलिसम्वत् चलिरहेको छ।

कलि सम्वत्लाई ज्योतिषी गणनामा सबैभन्दा पहिले व्यवहारमा ल्याउने काम भारतका प्रख्यात विद्वान आर्यभट्टले गरेको मानिन्छ। त्यसपछि अर्का ज्योतिष वराहमिहिरले आफ्नो ग्रन्थमा यसको उल्लेख गरेका थिए।

नेपालमा कलि सम्वत्लाई ज्योतिषहरूले वर्षेनी प्रकाशन गर्ने पुस्तकमा उल्लेख गर्ने प्रचलन छ। यसैगरी राजाहरूले राख्न लगाउने अभिलेखमा पनि यसको उल्लेख भएको देख्न पाइन्छ। सामाजिक जीवनमा व्यावहारिक रूपमा भने यस सम्वत्को कुनै प्रयोग पाइँदैन।

बुद्ध सम्वत्

नेपालको लुम्बिनीमा जन्मिएका सिद्धार्थ गौतम, जसले पछि बुद्धत्व प्राप्त गरी मानव कल्याणको निम्ति निर्वाणको मार्ग देखाउनुभयो। अनित्य, अनात्मा र दुःखको मुख्य आधारमा हेतुवाद र श्रावक जीवन पद्धतिको एउटा नयाँ सिद्धान्त प्रतिवाद गर्नुभएका महामानव जो बुद्ध नामले संसार कहलिए। यिनै बुद्धले ज्ञान प्राप्त गरेको वर्षको स्मरण गर्दै बुद्ध सम्वत् मान्दै आइरहेको छ। त्यसो त यस पात्रोको गणना पद्धति वा पूर्ण अंश छैन। बुद्ध सम्वत्अनुसार भगवान् बुद्धप्रति श्रद्धा अर्पण गरी स्मरण गर्ने प्रचलन नेपालमा धेरैपछि मात्र देखिएको हो।

किरात/यले सम्वत्

इतिहासकारले अहिलेसम्म पाएका वंशावलीका आधारमा प्राचीन नेपालमा गोपालवंशी र महिषपालवंशी शासनपछि किरात वंशका राजाहरूले शासन चलाएको अनुमान गरेका छन्। हुनत किरातवंशको शासनलाई पुष्टि गर्ने कुनै ऐतिहासिक प्रमाण हालसम्म प्राप्त भएको छैन। किरातवंशको शासनकालका सम्बन्धमा किटानी साथ एकैप्रकारका भनाइ पनि छैनन्। कहिलेदेखि कहिलेसम्म कतिजना शासकहरूले शासन गरे भन्ने कुरामा भिन्न भिन्न धारणा पाइन्छन्। वंशावलीमा प्रथम किराती राजा यलम्बर भनिएको छ। यी यलम्बर राजा भएको वर्षको अनुमान गर्दै त्यसबेलादेखि यले सम्वत् मान्दै आइरहेको छ। यस सम्वत्को वर्षगणना मात्र छ। एउटा सम्वत् वा पात्रोलाई आवश्यक महिना, हप्ता वा दिन गणना भने यसमा छैन।

शक् सम्वत्

गोरखाका राजाहरूले नेपालको शासन सत्ता आफ्नो हातमा पारेपछि राज्यको

औपचारिक कामकाजमा शक् सम्वत् प्रयोगमा आयो। त्यसो त यसअघि पनि आफूखुसि यस सम्वत्लाई नेपालमा प्रयोगमा ल्याएको देखिन्छ। भारतका पुराना राजा कनिष्कको शासनकाल, ईस्वी ७८ मार्च २२ देखि प्रयोगमा आएको इतिहासकारहरूको भनाइ छ। भारत सरकारद्वारा गठित विशेषज्ञहरूको सिफारिस अनुसार सन् १९५७ मा यस सम्वत्लाई भारतको राष्ट्रिय सम्वत्को मान्यता दिइयो।

नेपालमा भने शक् सम्वत् प्रयोगमा आएको सबैभन्दा पुरानो प्रमाण काठमाडौं, मालिगाउँको जयवर्माको शक सम्वत् १०७ को शिलालेख हो। सुमतितन्त्रको विवरणअनुसार नेपालमा लिच्छवि राजा मानदेवको समयसम्म शक् सम्वत् प्रयोगमा रहेको थियो। यसअनुसार लगभग ३५० वर्षसम्म शक् सम्वत् चलेको देखिन्छ। नेपालमा लामो समयसम्म प्रयोगमा रहेको सम्वत् शक् सम्वत् हो। अर्कोतर्फ पश्चिम खसान राज्यका शासकहरूले पनि आफ्ना मुद्रा र अभिलेखमा शक् सम्वत्लाई प्रयोगमा ल्याएको पाइन्थ्यो।

कतिपय अभिलेखमा शक् सम्वत्लाई शालिवान, शाके सम्वत् लेखेको पाइन्छ। यो सम्वत् भारतको कुनै क्षेत्रमा कार्तिकादि अनुसार त कतै चैत्रादि अनुसार मान्दै आएको छ। यसैगरी भारतको उत्तरी क्षेत्रमा चन्द्रमास अमान्त परम्परा छ भने दक्षिण भारतमा सौरमासअनुसार मेष सङ्क्रान्तिको दिन सम्वत्सर मान्दै आइरहेको छ।

मानदेव सम्वत्

नेपाल राष्ट्रिय अभिलेखालयमा सुमतितन्त्र नामक अति महत्वपूर्ण ग्रन्थ सुरक्षित छ। ताडपत्रमा लेखिएको यो ग्रन्थ काठमाडौं उपत्यकाका एकजना विद्वानले लेखेको अध्ययन, अनुसन्धानबाट पुष्टि भइसकेको छ।

यस ग्रन्थमा विभिन्न सम्वत्लाई उल्लेख गर्ने क्रममा युधिष्ठिरको राज्यकाल २००० वर्ष, नन्दको राज्यकाल ८०० वर्ष, चन्द्रगुप्तको राज्यकाल १३२ वर्ष, शुक्रदेवको राज्यकाल भनिएको छ, जुन त्यति स्पष्ट छैन। यसपछि शक् सम्वत् सुरु हुन्छ भनेर लेखिएको छ। शक् सम्वत् जम्मा ४९८ वर्षसम्म चल्यो भनिएको छ। त्यसपछि मानदेव सम्वत् ३०४ वर्षसम्म चलेको उल्लेख छ। यही ग्रन्थको विवरणअनुसार नेपालमा मानदेव सम्वत् पनि प्रचलनमा रहेको देखिन्छ। ऐतिहासिक तथ्यअनुसार शक् सम्वत् ४९८ अर्थात् ईस्वी सम्वत् ५६७ देखि यस सम्वत् प्रयोगमा आएको हो।

नेपाल सम्वत्

सुमतितन्त्रअनुसार प्रतापी राजा मानदेवको नामबाट प्रयोगमा ल्याइएको सम्वत् ३०४ वर्षपछि रोकियो। शक् सम्वत् ८०२ मा, अर्थात् मानदेव सम्वत् ३०४ पछि नयाँ सम्वत् प्रचलनमा आयो। इतिहासकार किलहर्नले ज्योतिषीको गणना गर्दै यसलाई

ईस्वी ८७९ अक्टोबर २० तारिख (वि.सं. ९३६ असोज २६ गते मंगलबार) भनेर किटान गरे। केशर पुस्तकालयमा रहेको एउटा सङ्क्षिप्त वंशावलीमा यस सम्वत् बारेमा ‘राजा राघवदेव वर्ष ६३ मास ६ । श्री पशुपतिभट्टारके सम्वत्सर कृता ।।’ भनी उल्लेख छ। यसको अर्थ- ठकुरी वंशका प्रथम राजा राघवदेवको शासनकालमा यस सम्वत्लाई पशुपतिमा समर्पण गरी सुरु गरियो। यसैगरी पद्मगिरी नामका व्यक्तिले लेखेका एउटा वंशावली, जुन बेलायतको इन्डिया अफिस लाइब्रेरीमा सुरक्षित छ, त्यसमा उल्लेख गरिएको लोकाख्यानमा सम्वत् चलाइएको श्रेय शङ्खधर साख्वालाई दिइएको छ।

चन्द्रमासको गतिअनुसार गणना हुने नेपाल सम्वत् कार्तिकादि अनि अमान्त सम्वत् हो। यस सम्वत्का १२ महिनाका आफ्नै नाम छन्। अनि १५-१५ दिनलाई थ्वक (शुक्ल) र गाक (कृष्ण) पक्षको रूपमा विभाजन गरिएको छ। त्यस्तै मलमासलाई अनलाको रूपमा गणना गरिन्छ।

विक्रम सम्वत्

नेपालको शासनसत्ता राणा प्रधानमन्त्री चन्द्रशमशेरको हातमा परेपछि गोरखाका राजाहरूले राजकाजको रूपमा मानिआएको शक् सम्वत्को ठाउँमा औपचारिक रूपमा विक्रम सम्वत् प्रयोगमा ल्याए। सरकारद्वारा जारी मुद्रामा पनि विक्रम सम्वत् चलाउन थाले। नेपाल सम्वत्लाई सरकारी कामकाजमा निषेध गरियो। राणा (कुँवरबाट राणा थरमा रूपान्तरित) शासकहरूमा रहेको जातीय अहंकार अनि आफ्नो पुर्खा हिन्दुस्तानका राजपुत राणाहरूसँग सम्बन्धित छन् भन्ने दावी गरियो। यही दावी पुष्टि गर्ने क्रममा हिन्दुस्तानका विक्रामादित्य नामक राजाले चलाएको विक्रम सम्वत्लाई राणा शासकहरूले आफू नजिकको देखाउने प्रयास गरे। पछि बिस्तारै विक्रम सम्वत् नै सरकारी सम्वत् र नेपालको मौलिक सम्वत् हुन ठान्ने प्रवृति विकास भए। यो क्रम अझै चल्दै छ।

ईस्वी सम्वत्

हुन त सरकारी स्तरबाट ईस्वी सम्वत्को प्रयोगमा कुनै आधिकारिक नीति अँगालेको देखिँदैन। तर राणा शासनको अन्त्यपछि पाश्चात्य मुलुकसँग नेपालको दौत्य सम्बन्ध बढ्दै गएपछि विशेषतः कुटनैतिक लेखापढीका क्रममा आधिकारिक रूपमा ईस्वी सम्वत् प्रयोगमा ल्याउनुपर्ने अवस्था आयो। यसैगरी राष्ट्र सङ्घको सदस्य भएपछि त्यस सङ्घसँग हुने सम्पूर्ण कार्यमा पनि ईस्वी सम्वत् अपनाउनुपर्‍यो। आज आएर ईस्वी सम्वत्ले नेपाल सरकारको परराष्ट्र मामिलामा अघोषित रूपमा स्थान बनाइसकेको छ।

ल्होसार/मञ्जुश्री सृष्टि सम्वत्

ल्होसारको मुख्य स्रोत चिनियाँ सम्वत् पद्धति नै हो। केही समययता

नेपालका, विशेषतः हिमाली क्षेत्रका आदिवासी समुदायले आफ्नो ठूलो चाड ल्होसार मनाउँदै आएका छन्। विशेषतः गुरुङ, तामाङ, शेर्पा अनि भोट मूलका समुदायले ल्होसारलाई सम्वत्सर वा नववर्षको रूपमा मनाइरहेका छन्। गुरुङ समुदायले विक्रम सम्वत्को पुस दोस्रो साता तमु ल्होसार मनाइरहेका छन्। यसको केही दिनपछि तामाङ समुदायले सोनाम ल्होसार अनि शेर्पा समुदायले ग्याल्पो ल्होसार मनाउँदै आएका छन्। यिनको दिनगन्ती, महिना अनि १२ वटा जीवजन्तुको नामबाट विभिन्न वर्ष मनाउने प्रचलन चिनियाँ पद्धतिअनुसार नै हो, कुनै भिन्नता छैन।

बरु केही समयअघिदेखि एकथरि समुदायले यसलाई मञ्जुश्री सृष्टि सम्वत्को नामबाट चर्चामा ल्याइरहेको देखिन्छ।

अन्य सम्वत्

आफूलाई बौद्ध धर्मका अनुयायी मान्ने तथागत बुद्धका हजुरबुवा, देवदहका राजा अनजनको इतिहासलाई गाँसेर अनजन सम्वत् पनि चर्चामा आएको एउटा सम्वत् हो।

यसैगरी पूर्वी तराई विशेषतः मिथिला क्षेत्रका समुदायबाट पनि समय-समयमा लक्ष्मण सम्वत्बारे सुन्न पाइन्छ। तर यी सम्वत् ज्योतिषी गणना र मौलिक पात्रो पद्धतिअनुसार विकसित भएका होइनन्। मात्र कुनै ऐतिहासिक पात्र वा सन्दर्भको स्मरणमा वर्षगणना मात्र हुँदै आएको पाइन्छ।

यसका साथै नेपालमा राजा अंशुवर्माले पनि छुट्टै सम्वत् चलाएको अनि त्यसलाई नै लिच्छवि सम्वत् नाम दिइएको छ। अर्कोथरि समुह भने यसप्रकार छुट्टै अस्तित्वको लिच्छवि सम्वत् नरहेको खण्डन पनि गर्छन्। विशेष गरी इतिहास संशोधन मण्डलका इतिहासकारहरू एवं शङ्करमान राजवंशी र उनका छोरा श्यामसुन्दर राजवंशीका भनाइबिच लिच्छवि सम्वत् विषयक अन्तरविरोध रहेको देखिन्छ।

हाम्रो आफ्नो सम्वत्

इतिहासका क्रममा नेपालमा धेरै प्रकारका सम्वत् प्रयोगमा आएका प्रमाण छन्। अध्ययनका क्रममा धेरैजसो सम्वत् नेपालबाहिरबाट भित्रिएको देखिन्छ। जुलियन/ईस्वी सम्वत्, हेब्रु सम्वत्, हिजरी सम्वत्, शक् सम्वत्, चिनियाँ (मञ्जुश्री) सम्वत्, कलि सम्वत् अनि विक्रम सम्वत् आदि विदेशबाट नेपालमा प्रवेश भएका सम्वत् हुन्।

बुद्ध सम्वत्, यले सम्वत् आदि नेपालको इतिहाससँग सम्बन्धित भए पनि यिनको प्रयोग वर्ष गणना गर्न मात्र भएको देखिन्छ। एउटा पूर्ण पञ्चाङ्गको लागि आवश्यक दिनाङ्क अनि पर्व, संस्कृति, संस्कारका तत्व यी सम्वत्भित्र पद्धतिगत रूपमा पाइँदैन। नेपालमा प्रचलनमा आएको अर्को सम्वत् मानदेव सम्वत् हो, तर यो सम्वत् ३०४ वर्षसम्म प्रयोगमा

आएपछि टुङ्गियो । नेपालमा प्रयोगमा आएका अन्य सम्वत्को विश्लेषण गर्दा कुनै एक धर्म, सम्प्रदाय वा आस्थासँग सम्बन्धित देखिन्छन् । कुनै शासक वा ऐतिहासिक व्यक्तित्वको स्मरण गर्न उनकै नामबाट सम्वत् चलाएको देखिन्छ । व्यक्ति वा विचार, आस्था जोडिएका सम्वत्हरू इतिहासमा क्रमबद्ध आएका देखिन्छन् । यीमध्ये कतिपय सम्वत् हाल प्रचलनमा छैनन् ।

सरकारी कामकाजमा नेपाल सम्वत्को प्रयोग गोरखाली शासकहरू आएपछि टुटेको हो । यसैगरी राणा प्रधानमन्त्री चन्द्रशमशेरले विक्रम सम्वत्लाई अँगाले । यत्ति हुँदा पनि अपवादको रूपमा सम्वत् सुरु भएको दिनदेखि निरन्तर सर्वसाधारणको जीवनमा नेपाल सम्वत् प्रयोगमै आइरहेको छ । हजारौं वर्षदेखि निरन्तर रहिरहेको सम्वत् भनेकै नेपाल सम्वत् एउटा मात्र हो ।

नेपालमण्डलभित्रको जनजीवनका ठूल्ठूला र राष्ट्रिय महत्वका जात्रा, पर्व, चाड आदि सबै सञ्चालनको मुख्य आधार अहिलेसम्म पनि नेपाल सम्वत्को तिथि, मिति नै हो । यिनका साथै यहाँका सर्वसाधारणले आ-आफ्नो निजी, पारिवारिक वा सामाजिक स्तरमा मनाउँदै आएका जति पनि कर्मकाण्ड, रीति, परम्परा र संस्कृति-संस्कारका कार्य छन्, तिनमा पनि नेपाल सम्वत्कै दिनाङ्कलाई अँगाल्दै आएका छन् । यसकारण नेपाल सम्वत् जनताको जनजीवनसँग गाँसिएको जीवन्त र आफ्नै मौलिक सम्वत् भएको पुष्टि हुन्छ ।

इतिहास र नेपाल सम्वत्

ऐतिहासिक प्रमाण र लिखित अभिलेखको आधारमा नेपालको इतिहास लिच्छवि राजा वृषदेव भन्दा पूर्व युगबारे स्पष्ट छैन । वंशावलीको आधारमा गोपालवंशी र महिषपालवंशी शासकको चर्चा हुन्छन् । मञ्जुश्रीले उपत्यकामा मानवीय वस्ती विकास गरेको सन्दर्भ जोडिए पनि अध्येताहरू सुपुष्पलाई नै नेपालमण्डलको प्रथम राजा मान्छन् । यसअघि लिच्छवि राजा जयदेवको शिलालेखको विवरण अनि विभिन्न वंशावलीअनुसार किराती शासकहरूको उल्लेख पाइन्छ । तर मानदेव जस्ता पराक्रमी शासकपछि लिच्छविहरूले लामो समय शासन गरे । राजा उदयदेवको समयमा आभीरहरूको सत्ता सङ्घर्षका कारण राजाले तिब्बतमा राजनीतिक शरणमा जानु पऱ्यो । यद्यपि नरेन्द्रदेवले पुनः शासन आफ्नो हातमा लिन सफल भए । करिब पाँचसय वर्षपछि मानदेव चतुर्थको पालामा नेपालको राजकाजमा लिच्छविहरू देखिन छाडे । लिच्छवि शासनको अन्त भयो । यसअघि नेपालको इतिहासमा चर्चामै नरहेका वैश्य थकुरी वंश पनि यही समय शासनसत्तामा स्थापित भए । नुवाकोटबाट उपत्यका आएका भनिएका थकुरी वंशका राघवदेवको हातमा शासन

पर्‍यो। त्यो कसरी संभव भयो ? त्यसको पछाडि के कस्तो राजनीतिक कारण थियो ? इतिहासमा केही स्पष्ट छैन। धेरै इतिहासकार यस २५० वर्षलाई नेपालको इतिहासको अँध्यारो काल मान्छन् । त्यस समय शासन सत्तामा ठूलो अन्तरसङ्घर्ष भएको, शासकहरू धेरै कमजोर भएका वा जनस्तरबाट कुनै प्रकारको विद्रोह भएको हुनसक्ने व्यापक अनुमान छ ।

त्यही समयमा नेपाल सम्वत्को प्रवर्तन भएको थियो । सामान्यतया त्यस समय कुनै एउटा सम्वत् चलाउनुको पछाडि एकजना शासकले अर्को शासकलाई पराजित गरेर आफ्नो आधिपत्य जमाउनुको प्रतीकका रूपमा हुन्थ्यो । निश्चित धर्म वा सम्प्रदायको प्रभुत्वको सन्देश दिन पनि धार्मिक पहिचान झल्काएर सम्वत् सुरु गरिन्थ्यो । एउटा सम्वत् प्रचलनमा आउनुको पछाडि शासनसत्ता, शासक वा राजनीतिक शक्तिको प्रभाव रहन्थ्यो । आश्चर्यको कुरा, नेपाल सम्वत् प्रचलनमा आउनका पछाडि त्यस्ता कुनै पनि कारक पक्षको भूमिका देखिँदैन। नेपालमण्डलभित्रका एकजना सर्वसाधारणले यो सम्वत् चलाएको थियो। यो सम्वत् प्रवर्तनका नायक त्यस्ता व्यक्ति हुन्, जसले सम्वत् चलाउन आफ्नो व्यक्तिगत अहम्, प्रतिष्ठा, आस्था, धर्म, सम्प्रदायको कुनै स्वार्थ प्रकट गरेनन् ।

आफ्नो रगत, पसिना बगाएर सञ्चित व्यक्तिगत सम्पत्तिलाई देशका उत्पीडित जनताको भलो होस् भनी ऋण मोचन गरी दिएर एउटा नयाँ कदम चाले । यहाँ निजी प्रभाव र प्रभुत्वको कुनै अंश भेटिन्न, केवल लोक कल्याणको पवित्र भावना मात्र रहे । संसारको इतिहासमा त्यो एउटा उल्लेखनीय दृष्टान्त हुनपुग्यो । त्यसैले इतिहासकारहरूको एउटै मत छ- नेपाल सम्वत्को सुरुवात नेपालको इतिहासको एउटा उल्लेखनीय घटना हो ।

शङ्खधर साख्वाः

इतिहासकारहरूले आ-आफ्ना अध्ययनको क्रममा भेट्टाएका विभिन्न वंशावलीमा नेपाल सम्वत् चलाउने प्रसङ्गलाई महत्वका साथ उल्लेख गरेका पाइन्छन्। सबैजसो वंशावलीको विवरणमा नेपाल सम्वत् प्रवर्तनका लागि काठमाडौंका शङ्खधर नामक नागरिकलाई श्रेय दिइएका छन् । कतिपय वंशावलीमा शङ्खधरलाई शूद्र भनिएको छ भने कतिपयमा एक खुद्रा व्यापारी भनिएका छन् । अनि कुनै कुनै वंशावलीमा शङ्खधरलाई साख्वाल, साखः आदि भनेर पनि उल्लेख गरिएका छन् । इतिहासकार डेनियल राइट्सको सङ्कलनमा रहेको एउटा वंशावलीमा नेपाल सम्वत्को सुरुवात र शङ्खधरको सम्बन्धमा विस्तृत रूपमा लेखिएको छ ।

प्रख्यात दैवज्ञ विद्वान् कीर्तिव्रह्मानन्द जोशीको भनाइमा शङ्खधर काठमाडौंको तल्लो भेक (क्वःने) भीमसेनस्थान, इलाछेँका बासिन्दा हुन्। हुन त शङ्खधरको

धन, सम्पत्तिका सम्बन्धमा विभिन्न लोकाख्यान नरहेका होइनन्। तीमध्ये काठमाडौं लखुतीर्थको बालुवा जुन चार दिनपछि सुनमा परिणत भएको अलौकिक कथा जनस्तरमा लोकप्रिय रहेको छ। भक्तपुरका राजा आनन्द मल्ल अनि सिद्धिवन्त जोशीले ज्योतिषी गणना गरी सुवर्णसिद्धि मुहूर्तको दिन भविष्यवाणि गरिएको कुरा पनि यही कथासँगै जोडिएर आउँछ। यसै लोकाख्यानको आधारमा शङ्खधरले नेपाल सम्वत् प्रवर्तन गरेको हुन भनिएका घटनाका सम्बन्धमा विज्ञानसम्मत र सम्भावनाका कुरा उठाउने हिजाआनका कतिपय शिक्षितजन भनाउँदाहरूबाट यस विषयमा अनेक तर्कना पनि प्रस्तुत गर्छन्। तत्कालीन नेपालको सामाजिक स्थिति अनि परम्पराअनुसार उपत्यकाको तिब्बतसँग राम्रो व्यापारिक सम्बन्ध रहँदै आइरहेको थियो भन्ने कुरा कतिपय अध्येताहरू स्विकारछन्। सिंहसार्थ, रत्नसङ्घ, प्रभुसङ्घ, केशचन्द्र जस्ता धेरै सार्थवाहहरू तिब्बत पुगी प्रशस्त धनसम्पत्ति कमाएको इतिहास अध्ययनका क्रममा भेटिन्छन्। साथै त्यस्ता आयआर्जनबाट धनी भएका सार्थवाहहरूले समाजको भलो गर्ने, धार्मिक अनुष्ठान एवं गुथि, जात्रा, पर्व, देवस्थलको लागि प्रशस्त आयस्ता राखेर गएका पनि प्रमाण छन्। ललितपुरको क्वाःबहाः (हिरण्यवर्ण महाविहार)को सर्ब्वसङ्घ, ललितपुरको इल्हने सम्यक, काठमाडौं इतुंबहालको गुरुमापा अनि पारवर्त विहार, थँबहिको गुठी आदि यस्तै सार्थवाहहरूबाट व्यवस्था भएको दत्त, भूमि र स्रोत हुन्।

अनेकन लिखतमा शङ्खधरलाई महाजन, व्यापारीका रूपमा किटान गरिएको पाइन्छ। सम्भवतः आफ्नो समयमा देशदेशान्तर गई व्यापार गर्ने एकजना व्यापारी हुन् शङ्खधर। इतिहासकार भुवनलाल प्रधानको भनाइअनुसार साख्वाः भनेको साख्वाल हो, अर्थात् समाजमा कसैलाई आवश्यक पर्दा ऋण दिने (साख्वाल) साहुकार। यस अर्थमा शङ्खधर धनवान हुन भनेर अनुमान गर्न सकिन्छ।

शङ्खधरको सम्पत्तिको स्रोत के हो ? कसरी धनी भए भन्ने फरक पक्ष हो। सम्भवतः पछि अध्ययन, अनुसन्धान हुँदै गएमा यसबारे अझ बढी नयाँ नयाँ कुरा प्रकाशमा आउनेछन्। तर महत्वपूर्ण कुरा भनेको एकजना सामान्य र साधारण नागरिकले आफ्ना सबै सम्पत्ति लोककल्याणको लागि समर्पित गरिदिए। तत्कालीन नेपालमण्डल क्षेत्रमा आर्थिक सङ्कटमा परेका मानिसहरूको ऋण तिरिदिएर उनीहरूलाई आर्थिक रूपमा मुक्त बनाउने सुकर्म गरे। शङ्खधरको यस लोककल्याणको कार्य ऐतिहासिक भए अनि त्यो जुगौंजुगसम्म स्मरणीय रहने भए।

तिब्बतका प्रख्यात विद्वान् भिक्षु गेल्सान पाल्से (जसलाई श्रीसेन पनि भनिन्छ), ले लेखेको ८४ जना महापुरुषहरूको जीवनकालसम्बन्धी विवरणमा सबैभन्दा तल ‘यो पुस्तक

त्यतिबेला समाप्त भयो जतिबेला बाल्पोइ युल (नेपालमण्डल) क्षेत्रमा ऋणमोचन भएको २५१ वर्ष बितेको' भनी उल्लेख छ। नेपालमण्डलका मानिसहरूको ऋणमोचन वास्तवमा एउटा महत्वपूर्ण ऐतिहासिक घटना भएको र त्यो तिब्बतसम्म प्रख्यात रहेको यथार्थ सो पुस्तकको पादटिप्पणीबाट पनि स्पष्ट हुन्छ।

तत्कालीन राजाको आदेश लिएर देशभित्रका मानिसहरूको ऋणमोचन गरी चलाइएको नयाँ सम्वत् आराध्यदेव पशुपतिलाई चढाइएको कुरा वंशावलीमा 'पशुपतिभट्टारक सम्वत्सर कृता' भनी उल्लेख छ। साथै शङ्खधरले आफ्नो शिलाको मूर्ति पशुपति मन्दिरको दक्षिणतर्फ स्थापना गरेको पनि वंशावलीमा उल्लेख छ, जुन मूर्ति अहिले पनि सोही स्थानमा रहेको छ। यसले शङ्खधरको ऐतिहासिकता र आधिकारिता पुष्टि गर्छ।

डा. कमशलप्रकाश मल्लको भनाइमा काठमाडौंको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको दक्षिणतर्फको क्षेत्र सिनामुगलमा अहिले पनि एउटा शिलास्तम्भ रहेको छ। आजभोलि यस शिलास्तम्भलाई शिवलिङ्गको रूपमा पुजा गर्दै आइरहेको छ। मल्लको भनाइमा यही शिलास्तम्भ नै सिनामुगल वा संस्कृत भाषाको शिलास्तम्भ हो। शङ्खधरले मानिसहरूको सम्पत्ति जोख्न यही शिलास्तम्भलाई तराजुको रूपमा प्रयोगमा ल्याएका थिए।

पद्मागिरी वंशावलीमा लेखिएअनुसार शङ्खधरले आफ्नो सम्पत्ति प्रयोग गरी आफ्नो घरको झ्यालबाट देखिने गरी एउटा ठूलो सेतो बौद्ध चैत्य पनि बनाएका थिए। भिक्षु सुदर्शनको दाबी अनुसार - शङ्खधर भीमसेनस्थान इलाछैंका बासिन्दा, उसको झ्यालबाट देखिने चैत्य भनेको लखुतीर्थसँगै चसांद्वं (कंकेश्वरी) चीभाःखेलको ठूलो बौद्ध स्तुप हो। यसैगरी, सोही वंशावलीको विवरण अनुसार शङ्खधरको एकजना छोराको मृत्यु सम्वत्सर भएको १० वर्षपछि, अर्थात्, नेपाल सम्वत् १० मा भएको थियो।

शङ्खधर साख्वाःका विभिन्न नाम

विद्वान् काशिनाथ तमोटज्यूले विभिन्न अभिलेख र शिलालेखको अध्ययनपछि शङ्खधर साख्वाःका धेरै नामहरू रहेको तथ्य बाहिर ल्याउनुभएको थियो। यस सम्बन्धमा उहाँले एउटा पुस्तक नै प्रकाशन गर्नुभएको छ। उहाँको अध्ययनअनुसार शङ्खधरका नामहरू - शंख्वाः, शंख, साख्वाः, साख्वाल, शङ्कुदत्त, शङ्खुधुह्न, शङ्ख्वाधर, शङ्खधर, साफा आदि हुन्।

भक्तपुरको जेलात्वाःको गणेश-नारायणको मन्दिरसँगैको एउटा फल्चा (पाटी)को भित्तामा राखिएको राजा भूपतीन्द्र मल्लको शासनकाल ने.सं. ८२७ को शिलालेखमा शंख्वा सम्वत् लेखिएको पाइन्छ। सम्वत्सँगै शंखधरको नाम बोध गराउने यो नै पहिलो अभिलेख हो। यसैगरी पद्मागिरी वंशावलीमा साफा सम्वत् ९६४ उल्लेख छ भने

आर्यावलोकितेश्वरको घटनावलीमा साख्वाः, डेनियल राइट्सको इतिहासमा प्रस्तुत वंशावलीमा शंख नामका साख्वाल अनि १०१४ को नेपालदेशीय पञ्चाङम्मा लेखिएको छ-श्री शङ्खधरकृत नेपाली सम्वत्। तमोटज्यूको यीनै अध्ययनबाट मल्लकालमा शङ्खधरको नामलाई विविन्न प्रकारले उल्लेख गरी नेपाल सम्वत् प्रयोगमा ल्याइएका विभिन्न शिलालेख तथा अभिलेखहरू फेला पारेका छन्।

नेपाल सम्वत्को प्रयोग

नेपाल सम्वत् सुरु भएदेखि हालसम्म निरन्तर रूपमा नेपालीको जनजीवनमा प्रयोगमा आइरहेको छ। यसका प्रयोगका अनेक प्रमाणहरू विभिन्न पारिवारिक लिखतको रूपमा सुरक्षित छ।

बौद्ध धार्मिक ग्रन्थ लङ्कावतार सूत्र नेपालमा सारिएको मिति ‘सम्वत् २८ कार्तिककृष्णादिवाष्टम्याम’ उल्लेख छ। नेपाल सम्वत् प्रयोगमा ल्याइएको यो नै हालसम्मको सबैभन्दा पुरानो प्रमाण हो। यस हस्तलिखित ग्रन्थ पुरातत्व विभाग, राष्ट्रिय अभिलेखालयमा सङ्ग्रहित छ।

यसैगरी ललितपुर क्वाःबहालमा रहेको ‘अष्टसह्रसिका प्रज्ञापारमिता’मा उल्लेख भएको ‘चि सम्वत्’ नेपाल सम्वत् १ हुनुपर्ने तर्क पनि कतिपयको छ, जसको आधिकारिकता पुष्टि हुन भने बाँकी नै छ। यसैगरी मङ्गलबजारस्थित ढुङ्गेधारा (मंगःहिति) माथि रहेको शिलालेखमा ‘ॐमाता सम्वत्’ नेपाल सम्वत् नै भएको मानिन्छ।

इतिहासकार सूर्यविक्रम ज्ञवालीका अनुसार ललितपुरको महावोधी विहारमा सुरक्षित ‘प्रज्ञापारमिता’ ग्रन्थमा ‘परमभट्टारक महाराजाधिराज परमेश्वर श्रीशंकरदेव राज्ये’ र सम्वत् ७ भनी लेखिएको नेपाल सम्वत् हो।

पण्डित हेमराज शाक्यका अनुसार ललितपुर रुद्रवर्णमहाविहारमा राजा शंकरदेवको राज्यकालको ने.सं. ४० को प्रज्ञापारमिता सुरक्षित रहेको छ।

विद्वान् धनवज्र वज्राचार्यको अध्ययन अनुसार ललितपुर, घाँयुबुको मन्दिरमा रहेको महादेवको जलहरिमा उत्कीर्ण सम्वत् १०७ नै शिलालेखमा उल्लेख गरिएको सबैभन्दा पुरानो नेपाल सम्वत् हो।

कलकत्ताको एस.के. सरस्वतीको सङ्ग्रहालयमा सङ्ग्रहित ‘अष्टसहस्रिका प्रज्ञापारमिता’मा ‘राजा वशु मनु प्रथिति श्रीमान् नेपालवत्सरे १४८ प्रगते माघ शुक्ल दशम्या राजा श्री रुद्रदेवस्य’ उल्लेख छ।

इतुंबहाल, काठमाडौंमा रहेको अष्टसहस्रिका प्रज्ञापारमितामा नेपालसंवच्छ ४७८ लेखिएको छ। यसमध्ये उल्लेख गर्नैपर्ने सन्दर्भ भनेको भ्वँत (बनेपा)को सामन्त शक्तिराम

भारोलाई चीनका बादशाह तायि मिङले पठाएको परवानापत्र हो, जसमा '५३५ आषाद शुक्ल दशाम्यां' भनी उल्लेख भएको सम्वत्लाई महाचीनाब्द भनिए पनि यो नेपाल सम्वत् लाई सम्मानपूर्वक उल्लेख गरिएको हो। नेपालबाहिर समेत यस सम्वत्को प्रयोग भएको उदाहरण हो यो।

यसैगरी काठमाडौंका राजा प्रताप मल्लका जेठान प्राणनारायण कुच विहारका राजा हुँदा निकालिएको चाँदीको सिक्काको एक भागमा ने.सं. ७५३ कुँदेका छ जसले यस सम्वत्को महत्व बढाइदिएको छ।

विद्वान् इतिहासकार धनवज्र वज्राचार्यको भनाइ छ - पश्चिम नेपालमा मगरात लेखिएका अनेक हस्तलिखित ग्रन्थमा पनि नेपाल सम्वत् प्रयुक्त छन्। यही परम्परा पछि चौबिसी राज्य खडा भइसकेपछि पनि लमजुङ, गुल्मी, प्युठान भेकमा नेपाल सम्वत् ८०० समयका अभिलेख पाइएका छन्।

गोरखा शासनपछि पनि सिंह प्रताप शाह नेपालका राजा हुँदा तिब्बतसँग भएको नेपालको सन्धिपत्रमा पनि ने.सं. ८९५ उल्लेख छ। ●

शंखधरको सम्मान

–● मल्ल के. सुन्दर ●–

बौद्ध साहित्यमा यो एउटा अत्यन्त चर्चित जातक कथा हो। प्राचीन नेपालमण्डल क्षेत्रभित्रका एकजना राजकुमारले आफ्ना दाजुहरूसँग जंगलतिर घुम्न जाँदा एक बघिनी र उसका बच्चाहरूलाई भेट्टाउँछ।

बघिनी अत्यन्त अशक्त र उसका डमरुहरू भोकले छटपटिएर मरणासन्न अवस्थामा थिए। राजकुमार आफ्ना दाजुहरूलाई राजदरबारतर्फ फिर्ता पठाएर आफू एक्लै त्यहीं बसे र उक्त बघिनी र उसका बच्चाहरू अगाडि लुगा खोलेर नांगै भए। तर तिनले राजकुमारलाई आक्रमण गरेनन्, टोलाएर मात्र बसे। स्थिति बुझेर राजकुमार आफैंले तरबारले आफ्नो शरीर काटेर मासुका चोक्टा निकाल्दै भोकाएका बघिनी तथा उसका बच्चाहरूलाई दिए। पछि उनी बुद्धको पूर्वजन्मको एक बोधिसत्व महासत्वका रूपमा चिनिए। उक्त जातक कथाका राजकुमार काभ्रे पनौती नगरको भएको वर्णनमा उल्लेख छ। जहाँ उनले आफ्ना शरीर दान गरे, त्यहाँ पवित्र बौद्ध तीर्थस्थलका रूपमा नमरा (नमोबुद्ध)ले प्रसिद्धि कमाएको छ। जुन काभ्रेमै पर्छ।

नेपालले अन्तर्राष्ट्रिय जगतसामु प्रस्तुत गर्न सक्ने अर्का आदर्श पुरुष हुन्- शंखधर। समाजमा यातना, पीडा र उत्पीडनमा परेका जनताको मुक्तिका लागि शंखधरले आफ्नो निजी सम्पत्ति लगाएर निर्वाह गरेको उदाहरणीय भूमिकाका सम्बन्धमा नेपाल सरकारले विश्व जगतलाई जानकारी गराउन सक्नु आजको मुख्य आवश्यकता हो।

यस जातकका दुई विशेषता छन्- प्रथमतः पाली साहित्यमा पाइने सयौं बौद्ध जातक

कथामा यो समावेश छैन। पाली जातकभन्दा यो अत्यन्त मौलिक र विशिष्ट खाले छ। दोस्रो कुरा, अन्य अधिकतर जातक कथा प्राचीन भारतवर्षको जनजीवन तथा भौगोलिक पृष्ठभूमिमा तयार गरिएका छन् तर महासत्व जातक कथा नितान्त नेपालको जनजीवन, भूगोल र सामाजिक परिवेशमा आधारित छन्।

निर्वाण प्राप्तिको मार्गमा बौद्ध धर्मको विनयअन्तर्गत जुन १० पारमिताको चर्चा गरिन्छ, त्यसमा दान पारमितालाई शीर्ष स्थान दिइएको छ। राजकुमार महासत्वको त्यो कार्य पनि दान पारिमिताअन्तर्गत एक उत्कृष्ट दृष्टान्त हो। कालान्तरमा दान पारमिताको यस खाले संस्कारले नेपालमण्डलभित्रको समाजमा अत्यन्त गहिरो प्रभाव छाड्यो। यहाँका रीति, परम्परा, संस्कृति, जात्रा, पर्वमा पनि यसको आफ्नै खाले प्रतिविम्ब रह्यो। सामुदायिकता, सामाजिक सहयोग अनि जात्रा, पर्व, चाडमा सबैको सहभागिता एउटा जीवन पद्धतिजस्तै बन्यो। पञ्चदान, सम्यक महादानजस्ता दान पारमिताका बृहत स्वरूपका गतिविधि अझै यहाँ जारी छन्।

आफ्नै उद्यम र परिश्रमबाट आर्जन गरिएका सम्पत्ति भए पनि त्यसको प्रयोजन लोकहितार्थ हुनुपर्छ भने मान्यता प्रबल थियो, त्यतिखेरका रैथानेमाझ। सम्भवतः यिनै दान परिमिताको चेतबाट अभिप्रेरित सिंहसार्थवाहले आफ्नै श्रीसम्पत्ति लगाएर काठमाडौंको ठमेलमा सिंहकल्पनगर बसाले। अनि त्यहीं ऐतिहासिक विक्रमशील महाविहार निर्माण गर्न लगाए। जुन अत्यन्त कलात्मक र प्रसिद्ध छ।

तिब्बततिरकै बन्दव्यापारबाट धनी बनेका केशचन्द्रले काठमाडौंकै इतुंबहालमा अपार धन खर्चिएर केशचन्द्र पारावर्त महावीर खडा गरे। पाटनका रुद्रवर्ण महाविहार (उकु बहाल) राजा शिवदेवले निर्माण मात्र गरेनन्, आफैं पनि त्यसै विहारबाट बौद्ध प्रवज्जित भए। बौद्ध दर्शनअनुसार जीवनको अनित्यतामा आस्था राख्दै भौतिक सुख, सुविधाप्रति वितरागी बनेर निजी सम्पत्ति समाज तथा आफन्तजनको सेवाका लागि होस् भनेर दान पारमिताको भावनाले पाटी, पौवा, सत्तल, कुवा, ढुंगेधारा निर्माण गर्न लगाउने त्यसबेलाको एउटा परम्परा नै रह्यो। लोककल्याणको भावना तात्कालीन समाजको एउटा मूल प्रवृत्तिका रूपमा स्थापित थियो। त्यसमध्ये एउटा विशिष्ट उदाहरण र तात्कालीन समाजको आदर्श पात्र रहे- शंखधर साख्वाल। शंखधर साख्वाल, जसले आफूले आर्जन गरेका सम्पूर्ण सम्पत्ति लोकल्याणका लागि समर्पण गरे। त्यतिखेर गरिबी, अभाव र ऋण तथा शोषणको मारमा परेका समुदायलाई त्यसबाट मुक्त गराए। नयाँ जीवन दिए, उन्मुक्तिको बोध गराए। त्यसैको स्मरणमा देशमा एउटा नयाँ सम्वत् सुरुवात गरियो- नेपाल सम्वत्। सारमा नेपाल सम्वत् अनि शंखधर साख्वाल लोककल्याणकारी कर्मको एउटा अति

विशिष्ट दृष्टान्त हुन् । जसमा अहं, स्वार्थ र व्यक्तिगत मोहको कुनै विम्ब थिएन । सम्भवतः त्यसैको कदरस्वरूप शंखधर साख्वाललाई नेपाल सरकारले राष्ट्रिय विभूतिको सम्मान दिएको छ । अनि नेपाल सम्वत्‌लाई राष्ट्रिय सम्वत्‌को मान्यता प्रदान गरेको छ ।

अहिले हरेक वर्ष नेपाल सम्वत् सुरु हुने दिनले महोत्सवको रूप लिने गरेको छ । त्यस अवसरमा आयोजना गरिने सभा-समारोहमा सरकार प्रमुखदेखि राजनीतिक दलका नेताहरूसम्म उपस्थित भएर शुभकामना आदानप्रदान गर्ने सुखद परम्परा बसेको छ । स्वभाविक रूपमा यतिखेर नेपाल सम्वत्‌को महत्ववारे चर्चा गरिन्छ, शंखधरको योगदानलाई सम्झने गरिन्छ । तर ती सबै कुरा बिस्तारै कर्मकाण्डीय बनेर खुम्चिँदै गएका छन् ।

शंखधर साख्वाल, जसले लोक कल्याणको मार्गमा अद्वितीय भूमिका निर्वाह गरेर गए । व्यक्तिको जीवनको सार्थकता भनेको अरूको दुःख निवारण, पीडितको कल्याण, रुग्ण मानिसहरूलाई समस्याबाट मुक्त गर्नु हो भनेर बुझे/बुझाए । ११ सय वर्षअगाडि शंखधरले समाज कल्याणको, लोक उद्धारको जुन बाटो रोजे, त्यो सानो कुरा थिएन । वास्तवमा त्यो एउटा उनले समाजमा स्थापना गर्न खोजेको मूल्य-मान्यता थियो । मिथक साहित्यमा, लोकाख्यानमा अनि धार्मिक ग्रन्थहरूमा यस खाले अनेक दानी पात्रको प्रसंग भेटिन्छन् । तर जीवित ऐतिहासिक पात्रका रूपमा शंखधर जस्तो चरित्रको उपस्थिति विरलै होला ।

लोक कल्याणकारी कार्यको परम्परा बसालेको प्रमुख संस्था हो- रेडक्रस सोसाइटी । जेनेभामा स्थापित यस अन्तर्राष्ट्रिय अभियानको इतिहास इस्वीको १८६३ पछि मात्र सुरु हुन्छ । रोटरी क्लबको अस्तित्व त सन् १९०५ फेब्रुअरीमा प्रादुर्भाव भएको हो । जेसिज त त्यो भन्दा पछाडि १९१५ अक्टोबर १५ मा मात्र देखा पर्‍यो ।

शंखधर कुनै शासक, राजघराना, शक्तिशाली पद धारण गरेका व्यक्ति थिएनन्, उनी त अत्यन्त साधारण नागरिक, एउटा व्यापारी थिए । तर उनले रोजेको बाटो मानव समाजकै लागि अनुकरणीय बन्यो । नेपाल र नेपालीका लागि मात्र होइन, विश्वकै लागि उनी प्रेरणाका प्रात्र हुन् । दुःखको कुरा, हामीले शंखधरलाई समाजमा, मुलुकमा अनि अन्तर्राष्ट्रिय जगतमा सही रूपमा प्रस्तुत गर्ने प्रयासै गरेका छैनौं । शंखधरको व्यक्तित्व र कृतित्व सम्बन्धमा केही उजागर गरेका छैनौं । यसमा राज्यको भूमिका शून्यप्रायः छ ।

बुद्धका सम्बन्धमा पनि विश्वसामु नेपाल राज्यको प्रस्तुति सन्तोषजनक रहेन । बुद्ध, बुद्ध जन्मस्थल लुम्बिनी अहिले एक प्रकारले अर्थ उपार्जनका स्रोत बन्ने सम्भावना देखेपछि राजस्व वृद्धिको मोहमा सरकारले अलिक जाँगर देखाउन थालेको छ । राज्यस्तरको थोरै मात्र प्रयत्नले पनि नेपालका बुद्धले संयुक्त राष्ट्रसंघ परिसरमा स्थान पाएका छन् । बुद्धको आदर्श र सिद्धान्तबाट अभिप्रेरित भएर राष्ट्रसंघले बुद्ध जयन्तीलाई विश्व शान्ति दिवसका

रूपमा मान्यता दियो ।

नेपालले अन्तर्राष्ट्रिय जगतसामु प्रस्तुत गर्न सक्ने अर्का आदर्श पुरुष हुन्- शंखधर । समाजमा यातना, पीडा र उत्पीडनमा परेका जनताको मुक्तिका लागि शंखधरले आफ्नो निजी सम्पत्ति लगाएर निर्वाह गरेको उदाहरणीय भूमिकाका सम्बन्धमा नेपाल सरकारले विश्व जगतलाई जानकारी गराउन सक्नु आजको मुख्य आवश्यकता हो । त्यसका लागि अहिले उपयुक्त समय आएको छ । राष्ट्रसंघले आज अंगीकार गर्दै गरेको मानवतावादी सिद्धान्त वास्तवमा शंखधरले उहिल्यै स्थापना गर्न खोजेका मूल्य-मान्यताकै निरन्तरता हो । नेपाली भूमिमा जन्मेका भए पनि उनी विश्वकै मानवका लागि प्रेरक पात्र हुन् । हामीले उनीबारे सही रूपमा अन्तर्राष्ट्रिय मञ्चमा पैरवी गर्न सक्नुपर्छ । समाज सेवा र लोक कल्याणका मामिलामा शंखधर अन्तर्राष्ट्रिय जगतमै एक अग्रणी व्यक्तित्व ठहरिन सक्छन् । यसो हुन सकेमा शंखधरप्रति सम्मान मात्र हुँदैन, अन्तर्राष्ट्रिय जगतमा नेपालकै प्रतिष्ठा उच्च हुनेछ । ●

साभार : नागरिक दैनिक, ११३०, कौलागा (२०७६ कातिक १०)

भिंतुना आन्दोलनको राजनीतिक आयाम

–● सुरेश किरण ●–

नेपालको इतिहासमा विभिन्न नामका सम्वत्हरू प्रयोग भएको पाइन्छ । शक सम्वत्, लिच्छवि सम्वत्, मानदेव सम्वत्, लक्ष्मण सम्वत्, विक्रम सम्वत्, इस्वी सम्वत्, बुद्ध सम्वत्, यले सम्वत्, मञ्जुश्री सम्वत्, नेपाल सम्वत् आदि । यी सबै सम्वत्हरू मध्ये सबैभन्दा लामो समय चलेको सम्वत् नेपाल सम्वत् मात्रै हो । जुन बखत् नेपाल सम्वत् आरम्भ भयो, त्यतिबेलादेखि आजसम्म यो सम्वत् यथावत् प्रचलनमा रहँदै आएको छ । जहाँनिया राणा शासकहरूले यो सम्वत्लाई सरकारी कामकाजबाट हटाए पनि जनताको दैनिक धार्मिक-सांस्कृतिक कामकाजमा भने यो कायम नै रह्यो । त्यसैले आजभन्दा ११४५ वर्ष अघिदेखि यो जनताको सम्वत्का रूपमा प्रचलित रहेको छ ।

नेपाल सम्वत्लाई राज्यले गर्दै आएको अपहेलनालाई अस्वीकार गर्दै यसलाई राष्ट्रिय सम्वत्को दर्जा दिलाउनु पर्ने माग आजभन्दा करिब ५० वर्ष अघि उठेको थियो । भाषा आन्दोलनका अगुवा प्रेमबहादुर कंसाकारले त्यतिबेला कुनै स्कुलको चौघेराभित्र सानो कोठामा नेपाल सम्वत् नयाँ वर्षको भिंतुना कार्यक्रम आयोजना गर्नुहुन्थ्यो । त्यो अत्यन्त सानो स्वरुपको हुन्थ्यो । उहाँले सानो चिर्कटोमा कार्यक्रम र स्थान लेखी कार्ड जस्तो बाँड्नुहुन्थ्यो । कार्यक्रममा नेपाल सम्वत्को राष्ट्रिय महत्व र यसलाई पनि राष्ट्रिय मान्यता दिलाउनुपर्ने विषयमा छलफल हुने गर्थ्यो । यो क्रम केही वर्ष चल्यो । त्यसको केही वर्ष पछि नेपाल सम्वत्को नयाँ वर्षलाई सानो कोठाबाट बाहिर निकाली बसन्तपुरको खुल्ला स्थानमा सार्वजनिक समारोह नै आयोजना गरी मनाउन थालिएको थियो । नेपाल सम्वत् ११०० मा नेपाल सम्वत्को पहिलो सार्वजनिक

भिंतुना कार्यक्रम आयोजना गरिएको थियो । त्यसको आयोजन 'नेपालभाषा मंकाः खलः' ले गरेको थियो । त्यतिबेला मंकाः खलःको नेतृत्वमा पद्मरत्न तुलाधर, दुर्गालाल श्रेष्ठ, मल्ल के. सुन्दर आदि जस्ता भाषा आन्दोलनका अगुवाहरू हुनुहुन्थ्यो ।

आजभन्दा ४५ वर्ष अघि पहिलोपटक आयोजना गरिएको उक्त भिंतुना ऱ्याली काठमाडौंको नःघल टोलबाट निस्किएको थियो। उक्त ऱ्यालीको नेतृत्व गर्नुभएका अगुवा मल्ल के. सुन्दरका अनुसार त्यतिबेला ऱ्यालीमा जति मानिस निस्केको थियो त्यो वास्तवमा देशमा पञ्चायती व्यवस्था लागू भएपछि खुल्ला रुपमा भएको सम्भवतः सबैभन्दा ठूलो भेला थियो (मल्ल, नेपाल सम्वत् व भिंतुना आन्दोलन, नेसं ११४४) । दलहरूमाथि प्रतिबन्ध लगाई सार्वजनिक भेला समेत निषेध गरिएको त्यो समयमा एकैपटक त्यति मानिस सडकमा देखापर्नु पञ्चायती व्यवस्था मात्र होइन, स्वयम् पञ्चायत विरोधी शक्तिहरूका लागि समेत अनौठो विषय थियो । किनभने पञ्चायत विरोधी प्रतिबन्धित राजनीतिक दलहरूले समेत त्योबेलासम्म त्यति ठूलो जनपरिचालन गर्न सकेको थिएन ।

नेपाल सम्वत्को नयाँ वर्ष मनाउन आयोजना गरिने भिंतुना ऱ्याली वास्तवमा नयाँ वर्षको 'सेलिब्रेशन' मात्र थिएन। त्यो उपत्यकाका स्थानीय नेवाः जनताको भाषा, संस्कृति र लिपिमाथि गरिएको दमनको प्रतीकात्मक प्रतिरोध पनि थियो । वि.सं. १८२५ मा पृथ्वीनारायण शाहले उपत्यका कब्जा गरिसकेपछि यहाँका स्थानीय जनता राज्यसत्ता रुष्ट थिए । पृथ्वीनारायण शाहले आफ्नो 'दिव्योपदेश' मा उपत्यकाका नेवाः जनताका बारे जतिसुकै 'राम्रा' कुरा भनेको भनिए तापनि व्यवहारमा भने त्यो कतै पनि लागू भएको थिएन। त्यसमाथि राणा शासनको आरम्भपछि नेवाः जनतामाथिको दमन झन चर्किंदै जान थाल्यो। नेवाः जनताले बोल्ने नेपालभाषा र नेपाल लिपिमाथि प्रतिबन्ध लगाइयो। चन्द्रशम्शेरको पालामा आएर नेपाल सम्वत्माथि पनि प्रतिबन्ध लगाइदियो । यो प्रतिबन्धलाई पनि तत्कालीन सरकारको राजनीतिक कदम नै मान्नुपर्छ। किनभने तत्कालीन राणासत्ताको पहुँच र भक्ति भारतप्रति समर्पित थियो। उनीहरू आफूलाई पनि भारतकै राजपूत खानदानको सन्तान भन्न रुचाउँथे। त्यसैले सरकारी कामकाजमा नेपाल सम्वत्लाई हटाएर भारतको विक्रम सम्वत् लागू गरे । राज्यसत्ता दमनकारी र निरंकूश भएका कारण स्थानीय जनताले त्यसको प्रतिरोध गर्न सकेको थिएन, तथापि त्यस विरुद्धको आक्रोश भने भित्रभित्र चलि नै रह्यो । एक दिन समय आएपछि त्यो 'भिंतुना ऱ्याली' को रुपमा प्रकट भयो। २०१७ सालमा पञ्चायती व्यवस्था लागू भएपछि नेवाः समुदायलाई दिइँदै आएको सुविधा धमाधम खोस्दै लगेको थियो । रेडियो नेपालमा नेपालभाषाको समाचार र लोकप्रिय कार्यक्रम 'जीवन दबू' खारेज गरिदियो । विद्यालय शिक्षामा नेपालभाषाको पठनपाठन हटाइदियो। उच्चशिक्षामा हासिल गरेको प्रमाणपत्रलाई लोकसेवा आयोगले मान्यता दिन

बन्द गऱ्यो। नेपालभाषामा साहित्य सिर्जना गर्ने सर्जकहरूलाई समातेर जेल भरे। यी तमाम अन्यायका कारण काठमाडौंका स्थानीय जनता उकुसमुकुस भइरहेको थियो। यस्तो असन्तोष पोख्ने 'सांस्कृतिक अवसर' बनेको थियो, न्हूदँया भिंतुना ऱ्याली।

जुन बेला काठमाडौंमा वृहत् भिंतुना ऱ्याली निक्लन शुरु भयो, त्यतिबेलाको राजनीतिक अवस्था पनि त्यस्तै संवेदनशील थियो। भारतमा निधन भएका वामपन्थी नेता पुष्पलालको लाश समेत काठमाडौंमा ल्याउन नदिइएपछि नेपालको वामपन्थी खेमा घोर असन्तुष्टिमा थियो। त्यही बेला पाकिस्तानमा प्रजातन्त्रवादी प्रधानमन्त्री जुल्फिकर अली भुट्टोलाई फाँसी दिइएपछि त्यसैको निहुँमा काठमाडौंमा विरोध ऱ्यालीहरू निक्लन थालेको थियो। र, ०३६ सालको विद्यार्थी आन्दोलन चर्कने तरखरमा थियो। यस्तो संवेदनशील अवस्थामा नेपाल सम्वत्को नयाँ वर्ष मनाउन भिंतुना आन्दोलन शुरु भएको थियो। त्यसैले यसप्रति तत्कालीन भूमिगत राजनीतिक पार्टीहरूको ध्यान आकृष्ट हुनु स्वाभाविक थियो।

नेपालभाषा मंकाः खलः मूलतः भाषिक अधिकार सम्बन्धी आन्दोलनकारी संस्था हो। यो संस्थाले आयोजना गरेको कार्यक्रममा भाषिक अधिकारका कुरा उठ्नु निश्चित थियो। त्यसैले मंकाः खलःले 'नेपाल सम्वत्लाई राष्ट्रिय मान्यता दिनुपर्छ' भन्ने नारा लगाएपछि त्यसको अभ्यन्तरमा 'नेपालभाषालाई राष्ट्रिय मान्यता दिनुपर्छ' भन्ने मनसाय पनि लुकेको थियो। त्यो मान्यता नेपालभाषा मात्र होइन देशका सम्पूर्ण उत्पीडित भाषाका हकमा लागू हुन्थ्यो। फलतः नेपालभाषा मंकाः खलःले नयाँ वर्षको उपलक्ष्यमा उठाएको यो मागप्रति विभिन्न आदिवासी जनजाति समुदायको पनि समर्थन र ऐक्यवद्धता थियो।

भाषिक र सांस्कृतिक अधिकार प्राप्तिको लागि भिंतुनाकै नाममा भए पनि आन्दोलन त गरियो, तर यो अधिकार पञ्चायती व्यवस्थाबाट प्राप्त हुन सक्दैन, यसको लागि पञ्चायती व्यवस्थालाई नै फाल्नुपर्छ भन्ने राजनीतिक चेत पनि प्रवाह हुँदै जान थाल्यो। पञ्चायती व्यवस्था भाषिक-सांस्कृतिक रुपले अति नै अनुदार थियो। देशमा खस नेपाली बाहेक अरु कुनै पनि भाषालाई मान्यता दिने पक्षमा यो थिएन। 'एक राजा एक देश, एक भाषा एक भेष' भन्ने अत्यन्त अनुदारवादी विचारले यो निर्देशित थियो। भाषा आन्दोलनमा लागेका प्रतिष्ठित हस्तीहरूलाई विभिन्न प्रलोभनमा पारी पञ्चायती व्यवस्थाको दास बनाउने अभियान पनि दरबारले चलाउँदै थियो। फलतः भाषिक-सांस्कृतिक अधिकार प्राप्त गर्ने हो भने यो व्यवस्थाकै परिवर्तन आवश्यक छ भन्ने चेतबाट भिंतुना आन्दोलन पनि प्रभावित हुँदै जान थाल्यो। आन्दोलनले भाषिक-सांस्कृतिक अधिकार प्राप्तिका लागि व्यवस्था परिवर्तन आवश्यक छ भन्ने विचार बोक्न थालेपछि यो नयाँ वर्ष मनाउने 'सेलिब्रेसन' मात्र होइन, तत्कालीन व्यवस्था विरोधी भूमिगत राजनीतिक दलहरूका लागि पनि आफ्ना विचार प्रवाह गर्ने साझा अवसर

बन्दै जान थाल्यो। आन्दोलनका अगुवा मध्येका एक मल्ल के. सुन्दरले आफ्नो पुस्तकमा लेख्नुभएको छ, 'त्यसो त नयाँ वर्षको उपलक्ष्यमा निकालिने जुलुस भए पनि सत्ताबाट भइरहेको भाषिक विभेद, सांस्कृतिक र धार्मिक पक्षपात अनि निषेध गरिएको नागरिकहरूको अभिव्यक्ति स्वतन्त्रताको अधिकार यथास्थितिप्रति मानिसको मनमा लामो समयदेखि गुम्सिरहेको भावना सडकमा आई पोख्ने एउटा अवसर जस्तै भयो भिंतुना जुलुस। जानी नजानी शासकहरूपति खबरदारीको औंलो ठड्याउने मौका माने मानिसहरूले।'

भिंतुना आन्दोलनले तत्कालीन शासकहरूका विरुद्ध औंलो ठड्याएर पञ्चायती व्यवस्थाका विरुद्धमा आफूलाई उभ्याएका कारण पञ्चायत व्यवस्था ढाल्न भूमिगत रूपमा गतिविधि गरिरहेका तत्कालीन राजनीतिक दलहरूलाई ठूलो टेवा मिल्न गएको थियो। त्यतिबेला आयोजना गरिने भिंतुना ऱ्यालीहरूमा राजनीतिक दलका नेता एवं कार्यकर्ताहरू पनि सहभागी हुन आउँथे। यो ऱ्यालीलाई बन्द गराउन एकपटक प्रशासनले ऱ्यालीमाथि हस्तक्षेपको प्रयास पनि गरेका थिए। केही सहभागी पक्राउ पनि परे। नेपालभाषा मंकाः खलःका अध्यक्ष एवं भिंतुना आन्दोलनका अगुवा पद्मरत्न तुलाधर आफै पञ्चायती व्यवस्था विरुद्धको आन्दोलनमा तत्कालीन नेपाली कांग्रेस र वामपन्थी शक्तिलाई एक ठाउँ ल्याउने सूत्रधार बन्नुभएको थियो। त्यसैले पञ्चायती व्यवस्थाको पतन भएपछि भिंतुना आन्दोलनले भाषिक-सांस्कृतिक अधिकार मात्र होइन, राजनीतिक अधिकार समेत प्राप्त भएको महसुस गरेको थियो। भिंतुना सभामा देशको प्रधानमन्त्री लगायत विभिन्न दलका नेताहरूले सम्बोधन गर्ने क्रम त्यसै बेलादेखि शुरु भएको थियो। केही पार्टीका कार्यकर्ताहरू आफ्नो पार्टी झण्डा नै बोकेर ऱ्यालीमा सहभागी हुने क्रम पनि चलेको थियो। तर आन्दोलनका अगुवाहरूले भिंतुना ऱ्यालीलाई सांस्कृतिक धारबाट अलग्ग नलाने सुझबुझ देखाएका कारण त्यो दलीय हस्तक्षेपबाट भने मुक्त हुन सफल भयो।

अतः नेपाल सम्वत्‌को भिंतुना ऱ्याली नयाँ वर्षको उपलक्ष्यमा निकालिएको उत्सव नै भए पनि यो तत्कालीन राजनीतिक आन्दोलनको एउटा ऊर्जा पनि बनेको थियो। राजनीतिक नेताहरूले नेपाल सम्वत्‌को गरिमा, महिमा र यसको राष्ट्रिय महत्वबारे धुवाँधार बोल्ने गर्दथे। तर व्यवस्था परिवर्तनपछि भने नेपाल सम्वत्‌लाई राष्ट्रिय मान्यता प्रदान गर्ने विषयमा नेताहरू उदासिन देखिएपछि भिंतुना आन्दोलन फेरि निराश हुनुपऱ्यो। राज्यले किस्ताबन्दीका रुपमा नेपाल सम्वत् आन्दोलनका केही मागहरू पूरा गर्दै आएका छन्, तर आन्दोलनले उठाएका सम्पूर्ण माग पूरा भएका छैनन्। आन्दोलनकारीहरूले अझै पनि आफ्नो माग उठाइरहेकै छन्। यो आन्दोलन अहिले पनि सांस्कृतिक स्वरुपकै भए पनि यसभित्र राजनीतिक ज्वालामुखी पनि लुकेको थियो र छ भन्ने यथार्थलाई सबैले बुझ्नु जरुरी छ। ●

नेपाल सम्वत्‌को नालीबेली

–● डा. बालगोपाल श्रेष्ठ ●–

अन्ततः नेपाल सम्वत्‌को नयाँ वर्ष ११४४ को पूर्वसन्ध्या सन् २०२३ नोभेम्बर १३ मा प्रधानमन्त्री प्रचण्ड नेतृत्वको मन्त्रिपरिषद्‌ले नेपाल सरकारका सबै आधिकारिक कागजात र कामकाजमा नेपाल सम्वत् तिथिहरू प्रयोग गर्ने निर्णयको घोषणा गऱ्यो ।

सन् २००८ मा पहिलोपटक प्रधानमन्त्री हुँदा प्रचण्डको नेतृत्वकै मन्त्रिपरिषद्‌ले नेपाल सम्वत्‌लाई नेपालको राष्ट्रिय सम्वत् घोषणा पनि गरेका थिए । नेपाल सम्वत् आन्दोलनका अभियन्ताले यो निर्णयप्रति खुसी व्यक्त गरेका छन्, तर व्यवहारमा यसको कार्यान्वयन कसरी हुन्छ भन्ने अझै हेर्न बाँकी छ । यसका साथै नेपाल सम्वत्‌लाई उपयुक्त र व्यावहारिक ढंगले कसरी कार्यान्वयन गर्ने भन्ने विषयमा पञ्चाङ्ग समिति र नेवा संघ-संस्थाबिच छलफल पनि हुँदै गएको छ। यो पनि उल्लेखनीय नै छ कि केही समय अघिदेखि नै दुईवटा सरकारी दैनिक पत्रिका (गोरखापत्र र द राइजिङ नेपाल) साथै अरू धेरै निजी क्षेत्रका पत्रपत्रिकाले पनि आफ्ना प्रकाशनमा विक्रम र क्रिस्चियन ईस्वी सम्वत्‌सँगै नेपाल सम्वत्‌को पनि उल्लेख गर्दै आइरहेका छन् ।

पृष्ठभूमि

नेपाली जनताले वर्षमा धेरैपटक नयाँ वर्ष मनाउने गर्छन् । नेपाल सरकारले भने विक्रम सम्वत्‌को वैशाखको पहिलो दिनलाई नयाँ वर्ष फेरिएको रूपमा मनाउने गरेको छ ।

अक्टोबर वा नोभेम्बरमा मनाइने नेपाल सम्वत्‌को नयाँ वर्षको उत्सव पछिल्ला वर्षमा काठमाडौं उपत्यका र देशैभरि र देशबाहिर समेत भव्यताका साथ

मनाइँदै आइएको छ।

यस्तै, गुरुङ, तामाङ र शेर्पाजस्ता तिब्बती-बर्मन र मङ्गोल मूलका मानिसले आफ्नो नयाँ वर्षको चाड तोला वा तमु ल्होसार (डिसेम्बर/जनवरी), सोनाम ल्होसार (जनवरी /फेब्रुअरी) र ग्याल्पो ल्होसार (फेब्रुअरी/मार्च) तिर मनाउँछन्। तराईका थारु समुदायले माघ महिनाको पहिलो दिनमा नयाँ वर्ष वा माघी मनाउँछन्। त्यसैगरी नेपालमा मुस्लिम धर्मावलम्बीहरूले हिजरी सम्वत्अनुसार नयाँ वर्ष मनाउने गर्छन्।

पछिल्लो समय नेपालका किरात वा राई र लिम्बुहरूले पनि येले सम्वत्को नयाँ वर्ष मनाउन थालेका छन्। आजकल नेपालमा कतिपय मानिसले जनवरीको पहिलो दिन ग्रेगोरियन सम्वत्को नयाँ वर्ष पनि मनाउन थालेका छन्।

नेपाल सम्वत् पात्रो नेपालमा यसको स्थापनादेखि १७६९ ईस्वीमा गोरखा विजयको सुरुवातसम्म ८८८ वर्ष अनवरत प्रचलनमा थियो तर गोरखा विजयलगत्तै शाह राजाहरूले नेपाल सम्वत्लाई शक वा विक्रम सम्वत्ले प्रतिस्थापन गर्न थाले। शक र विक्रमसँगै नेपाल सम्वत्को प्रयोग भने जारी रह्यो। उदाहरणका लागि– पृथ्वीनारायण शाहको उत्तराधिकारी प्रतापसिंह शाहको शासनकालमा नेपाल र तिब्बतबिच भएको सन्धिमा नेपाल सम्वत् पात्रो प्रयोग भयो। तिनीहरूका सबै उत्तराधिकारीले मूल रूपमा शिलालेख वा ताम्रपत्र वा आधिकारिक कागजातमा शक वा विक्रम सम्वत्को प्रयोग गरे तर धेरै उदाहरणमा उनीहरूले नेपाल सम्वत्लाई पनि प्रयोग गरे (शाहकालका अभिलेख, धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठ, नेपाल तथा एसियाली अनुसन्धान केन्द्र १९८०)।

सन् १९०३ मा राणा प्रधानमन्त्री चन्द्रशमशेरले सबै सरकारी प्रयोजनका लागि चन्द्रमासमा आधारित तिथि पात्रोलाई विस्थापित गरी सौर्यमासमा आधारित विक्रम सम्वत् को मिति लागु गरेका थिए। नेपाल सम्वत्सँग लामो प्रमाणित इतिहास भए पनि विदेशबाट आयातित विक्रम सम्वत्ले उनीहरूको दैनिक जीवनमा प्रभुत्व जमाउन थाल्यो र धेरै नेपाली नेपाल सम्वत्बारे अनभिज्ञ हुन पुगे। यो सबै गत एक शताब्दी वा सोभन्दा कम अवधिमा भयो। यसले देखाउँछ– राज्य शक्तिले चाहेमा देशको संस्कृति र परम्परालाई कसरी ओझेलमा पार्न सक्छ।

विगत केही दशकदेखि नेपालका जनता, विशेषगरी काठमाडौँ उपत्यकाका नेवारले नेपाल सम्वत्लाई राष्ट्रिय पात्रोका रूपमा मान्यता दिनुपर्ने माग गर्दै राष्ट्रव्यापी अभियान थालेका थिए। राजाको प्रत्यक्ष शासन रहेको पञ्चायतकाल (१९६०-१९९०)मा यस आह्वानलाई पूरै बेवास्ता गरियो।

नेपाल सम्वत्को आन्दोलन नेवारहरूले उठाएका कारण कतिपयले नेपाल सम्वत्

लाई 'नेवार' वा 'नेवारी' सम्वत्को संज्ञासम्म दिन थाले तर नेपाल सम्वत्को मान्यताको मागले वर्षैपिच्छे गति लिन थाल्यो। विक्रम सम्वत्को उत्पत्ति प्राचीन भारतमा भएको हो तर नेपाल सम्वत्को उत्पत्ति नेपालमै भएकाले र नाममा 'नेपाल' जोडिएकाले यसलाई मान्यता दिनुपर्ने दबाब बढ्न थाल्यो।

सन् १९९९ मा शंखधर साख्वालाई नेपालको 'राष्ट्रिय विभूति' घोषणा गरेपछि नेपाल सम्वत्ले नयाँ हैसियत प्राप्त गरेको भन्न सकिन्छ। नेपाल गणतन्त्र बनेपछि बनेको पहिलो सरकारको प्रधामन्त्रीको हैसियतले प्रचण्डले सन् २००८ मा मात्र यस सम्वत्को नयाँ वर्ष ११२९ को समारोहमा पुगेर आफ्नो क्याबिनेटले नेपाल सम्वत्लाई राष्ट्रिय सम्वत्को मान्यता दिएको निर्णय भएको घोषणा गरे। तथापि त्यसपछि पनि तत्काल सरकारले कुनै पनि आधिकारिक कारोबारमा नेपाल सम्वत्लाई प्रयोगमा ल्याउन सकेन। त्यसैले नेपाल सम्वत् आन्दोलनमा सक्रिय व्यक्तिहरू त्यस घोषणाको औचित्यमाथि शंका गर्न थालेका थिए ('क्रिस्चियन सम्वत्प्रति नेपाल सकारको धारणालाई के भन्ने ?' नरेशवीर शाक्य, लायकू वर्ष ६, अंक १, २००८)।

हुन त २०११ अक्टोबर २ मा नेपाल सम्वत्को ११३२ नयाँ वर्ष उत्सवमा माओवादीका दोस्रो प्रधानमन्त्री डा. बाबुराम भट्टराईले यसलाई नेपाल सरकारको दैनिक कार्यमा लागु गर्ने घोषणा गरी यसका लागि कार्यदल गठन गरेका थिए। उनले नेपाल सम्वत् नेवारको मात्र नभई सबै नेपालीको हो र विक्रम सम्वत् भारतबाट आयात भएको हो, जसको नेपालको इतिहाससँग कुनै सरोकार नभएको स्पष्ट पारेका थिए।

नेपाल सम्वत् ११३३ को नयाँ वर्षको अवसरमा भट्टराईले फेरि आधिकारिक उद्देश्यका लागि नेपाल सम्वत्को प्रयोग गर्ने आफ्नो मनसायलाई दोहोऱ्याए। तर २०१३ को मार्चमा भट्टराईले प्रधानमन्त्री पदबाट राजीनामा दिएसँगै त्यसको कार्यान्वयन हुन सकेन। प्रचण्ड पुनः प्रधामन्त्री भएका बेला सन् २०२३ नोभेम्बर १३ का दिन नेपाल सम्वत्लाई सबै सरकारी कामकाज र दस्तावेजमा आधिकारिक रूपमा प्रयोग गर्ने ऐतिहासिक निर्णय भयो।

यो लेखले नेपालको आधिकारिक पात्रो विक्रम सम्वत्सँग तुलना गर्दै नेपाली सांस्कृतिक जीवनमा नेपाल सम्वत्को महत्वलाई प्रस्तुत गर्ने उद्देश्य राखेको छ।

'नेपाल' शब्द बारे

यो सम्वत्ले 'नेपाल' नाम बोकेको हुनाले सबभन्दा पहिले हामीले 'नेपाल' शब्दको बारेमा संक्षिप्तमा चर्चा गर्नु उपयुक्त हुनेछ।

'नेपाल' शब्दको उत्पत्तिबारे विद्वानहरूले विरोधाभासपूर्ण विचार दिएका छन्। नेपाल शब्द 'ने मुनि' (राइट १९७२:१०७) नामबाट आएको हो भनी कतिपयको धारणा

छ भने कतिपयको विचारमा 'निप' शब्दबाट 'नेपाल' शब्द आएको हो भन्ने गरेका छन् ।

'नेपाल' शब्दको पहिलो प्रयोग भारतको इलाहाबादको अशोक स्तम्भमा चौथो शताब्दीमा समुद्र गुप्ताको शिलालेखमा पाइन्छ। धनवज्र वज्राचार्यले नेपालको क्षेत्रफल प्राचीनकालमा वर्तमान नेपाल जत्तिकै ठुलो थियो भन्ने ठान्छन् (लिच्छविकालका अभिलेख, धनबज्र वज्राचार्य १९७३, पेज २८) ।

अंशुवर्माको शासनकालमा इस्वी सम्वत् ६४५ मा नेपाल पुगेका प्रसिद्ध चिनियाँ यात्री युआन च्वाङ वा ह्युएन सियाङले नेपालको भूमि क्षेत्र ४००० ली (अन युआन च्वाङ्गस ट्राभलस इन इन्डिया, थोमस वाटर्स, १९९६ भोलुम सेकेन्ड, पेज ८३-८५) भन्दा माथि भएको वर्णन गरेका छन्, जसको आकार झन्डै अहिलेको नेपाल जतिकै हुनजान्छ।

पछि 'नेपाल' शब्दले अहिलेको 'काठमाडौँ उपत्यका र आसपासका क्षेत्र'लाई सङ्केत गर्न मात्रै प्रयोग गर्न थाल्यो। कतिपयले अहिले पनि यसको अर्थ यही रूपमा लिने गरेका छन। राल्फ एल टर्नरजस्ता भाषाविद् नेवार, नेवाल र नेपाल शब्दहरू सबै 'नेपाल' वा 'नेवार' शब्दबाट विकसित भएको दाबी गर्छन् । उपत्यकाको दक्षिणमा अवस्थित टिस्तुङका लिच्छवि राजा वसन्तदेवको इस्वी सम्वत् ५१२ को शिलालेखले नेपाली जनताका लागि 'नेपाल' शब्द प्रयोग भएको पहिलो प्रमाण हो भनेर विद्वानहरूले पुष्टि गर्छन् ('लिंग्विस्टिक आर्कियोलजी अफ द वर्ड नेपाल' नेपाल हेरिटेज सोसाइटी पाता कन्फरेन्स, कमल पी मल्ल १९८३, पेज ६३-६९) । नेपालको भौगोलिक आकार समय-समयमा परिवर्तन भए पनि तीन महत्वपूर्ण सहर भएको काठमाडौँ उपत्यका सधैँ नेपालको केन्द्रबिन्दु बनेको ऐतिहासिक तथ्य हो ।

किरातको इतिहास प्रमाणित गर्न कुनै पुरातात्त्विक वा शिलालेखीय प्रमाण नभेटिए पनि नेपालको सबैभन्दा पुरानो इतिहास गोपाल राजवंशावलीले भने किरात राजाहरूले ३२ पुस्तासम्म नेपालमा शासन गरे भन्ने विवरण दिएको छ, (द गोपालराजवंशावली, धनबज्र वज्राचार्य र कमल पी मल्ल १९८५, पेज १२१-१२२) ।

उनीहरूका उत्तराधिकारी भनिएका नेपालमा ४६४ देखि ८७९ इस्वीसम्म शासन गरेका लिच्छविहरूले भने प्रशस्त शिलालेखहरू छोडेका छन् । सन् १९९२ मा हाँडीगाउँमा १८५ इस्वीको शिलालेखसहितको जय वर्माको मूर्ति फेला परेपछि नेपालको इतिहास पहिले मानिएको भन्दा तीन शताब्दी पुरानो भएको छ। यस मूर्ति र यससँग जोडिएको शिलालेखको विश्लेषण गरेर स्वर्गीय लैनसिंह बाङ्देलले लिच्छविको सत्ता आरोहण हुनुअघि (१८५-३८०) सम्म नेपालमा वर्मन वंशको अस्तित्व रहेको तर्क गर्नुभएको छ। उनले २२५ वर्षको अवधिमा (जय वर्मा र नेपालको वर्मा राजवंशको मूर्तिकला, मण्डला

पब्लिकेसन्स २००५, पेज ८-१९) नेपालमा शासन गर्ने वर्मन वंशका ११ राजाहरूको सूची प्रस्तुत गरेका छन् । तर, यस एउटै शिलालेखबाहेक कुनै पनि थप तथ्यहरू हालसम्म फेला नपरेकाले सबै इतिहासकार ४६४ इस्वी को चाँगुको मानदेवको शिलालेखभन्दा बाहिरको इतिहासलाई स्वीकार गर्न तयार देखिँदैनन् ('विवादमा फसेको इतिहास' द काठमाडौँ पोस्ट, अंकित अधिकारी २ जुलाई २०१०) ।

लिच्छवि शिलालेखहरू सबै शुद्ध संस्कृत भाषामा छन् । ती शिलालेखमा लेखिएका ठाउँ र नदीको नामको विश्लेषण गरेर लिच्छवि शासकले संस्कृतको प्रयोग गरे पनि जनताले बोल्ने भाषा तिब्बती-बर्मन भाषा थियो भन्ने निष्कर्षमा विद्वान्हरू पुगे। लिच्छविपछि ठकुरीहरूले नेपालमा नवौँदेखि बाह्रौँ शताब्दीसम्म शासन गरे । त्यसपछि बाह्रौँ शताब्दीदेखि अठारौँ शताब्दीसम्म गोर्खा राजा पृथ्वीनारायण शाहले १७६९ मा पराजित नगरेसम्म मल्लहरूले नेपालमाथि शासन गरे । सन् १९३० को दशकमा मात्र नेपाल सरकारले यसलाई देशको नाममा 'नेपाल' राख्न थालेको थियो । आधुनिक राष्ट्र-राज्य (द कन्डिसन्स अफ लिसनिंग, रिचार्ड बुर्घाट, १९९६, पेज २५५) ।

देशको इतिहास, संस्कृति र परम्परा परापूर्वकालदेखि नै 'नेपाल'सँग जोडिएको हुनाले देशलाई 'गोरखा' भनी प्रस्तुत गर्ने क्रमशः शाह राजा र राणा शासकहरूले प्रयास गरे पनि उनीहरू असफल भए । उदाहरणका लागि– शासकहरूले आफ्नो भाषालाई 'गोर्खा भाषा' वा 'गोरखाको भाषा' भन्न थालेका थिए, जसलाई अहिलेसम्म 'पर्वते' वा 'खस कुरा' पनि भनिन्छ । तर यसलाई १९३० देखि नै 'नेपाली' भनेर नामकरण गरियो र नेवारहरूको भाषाको नाम 'नेपालभाषा' वा 'नेपालको भाषा'लाई बिगारेर 'नेवारी' बनाए ।

सन् १९१३ मा उनीहरूले स्थापना गरेको गोर्खा भाषा प्रकाशन समिति (गोरखा भाषा प्रकाशन समितिलाई पछि नेपाली भाषा प्रकाशन समिति नामकरण गरे । उनीहरूले सुरु गरेको पहिलो सरकारी अखबार 'गोरखापत्र' हो, जसले अहिले पनि सरकारको मुखपत्रको रूपमा सो नाम कायम नै राखेको छ ।

सन् १९६७ मा मात्रै नेपालको पुरानो राष्ट्रिय गानबाट 'हामी गोर्खाली' शब्दको ठाउँमा 'हामी नेपाली' लेखिएको हो । तसर्थ तत्कालीन शासकले नामकै कारण नेपाल सम्वत् पात्रोको परित्याग गर्न रुचाएको हुन सक्छ भन्ने बुझिन्छ । आज भने नेपाल शब्द समस्त नेपालको भूभाग र सम्पूर्ण नेपालीलाई समेट्ने शब्द बनिसकेको छ ।

नेपालमा प्रचलित सम्वत्हरू

नेपालमा प्रयोग भएका धेरै सम्वत्हरूमध्ये दुई सम्वत्हरू (७९ इस्वीमा स्थापित शक वा साके र ८७९ इस्वीमा स्थापित नेपाल सम्वत्) धेरै महत्त्वपूर्ण छन् । किनभने

तिनीहरू नेपालको इतिहासको सबैभन्दा लामो अवधिका लागि प्रचलित थिए ('नेपाल सम्वत्को महत्त्व' प्रा. माणिकलाल श्रेष्ठ गोरखापत्र, ९ नोभेम्बर २००७)।

त्यसैगरी कलिगत सम्वत् (३१०२ इसापूर्व) को पनि बिच-बिचमा उल्लेख पाइन्छ। छिटपुट रूपमा, हामीले विक्रम सम्वत् (५७ इसापूर्वमा स्थापित)को प्रयोगको सामना गर्छौं, तर राणाशासनले यसलाई नेपालको एकल आधिकारिक सम्वत्को रूपमा पेस गरेपछि यसले १९०३ पछि मात्र यसको महत्त्व प्राप्त गऱ्यो। धेरै नेपाली इतिहासकारले मानदेव र अंशुवर्मा सम्वत्को अस्तित्वमा विश्वास गर्छन्, तर अरूले त्यस्ता दाबीलाई अस्वीकार गर्छन्। भर्खरै नेपालका प्रतिष्ठित विद्वान् कमल पी मल्लले मानदेव सम्वत्को प्रामाणिकतालाई गहनताका साथ जाँच गरे र यसको अस्तित्वलाई पूर्ण रूपमा खारेज गरे ('मानदेव सम्वत् : एन इन्भेस्टिगेसन इन्टु आएन हिस्टोरिकल फ्रड')। त्यहाँ अन्य सम्वत् छन्, जस्तै : सृष्टितोगताब्द सम्वत् (सृष्टि १,९५५,८३३१०१ इसापूर्व), कलिगत सम्वत् (३१०२ इसा पूर्व) र बुद्ध सम्वत् (५४४ इसा पूर्व)। पञ्चांगको आवरण पहिलो पृष्ठमा निरन्तर उल्लेख गरिएको हुन्छ। त्यस्ता केही पञ्चांगका प्रकाशकहरूले स्वर्गीय शाह राजा त्रिभुवनलाई सम्मान गर्दै त्रिभुवन सम्वत् (१९५१ ईस्वी) छाप्न थाले। देश गणतन्त्रमा जानेबित्तिकै यो हरायो। क्रिस्चियन सम्वत् लगायत नेपालमा आजसम्म प्रकाशित सबै परम्परागत पञ्चांगको पहिलो पृष्ठमा मानदेव सम्वत्बाहेक माथि उल्लिखित सबै सम्वत्को नाम छापिएको देखिन्छ।

तालिका १ : नेपालमा प्रचलनमा आएका सम्वत्हरू

सम्वत्को नाम	प्रारम्भ गरिएको वर्ष	नेपालमा चल्तिमा आएको वर्ष (ईस्वीमा)	हालको वर्ष
सृष्टितोगतब्दाह	१९५५८३३१० ईसा पूर्व		१९५५८३५१२५
कलिगत	३१०२ ईसा पूर्व		५१६७
बुद्ध	५४४ ईसा पूर्व		२५५६
विक्रम	५७ ईसा पूर्व	१९०३ बाट	२०८२
लिच्छवि		४६४-८७९	
मानदेव (अपुस्ट)	५७५ ईस्वी	६०४ देखि ८७९ चलेको दावि	
शक	७९ ईस्वी	४६४-६०४+१७६९-१९०२	१९४६
नेपाल	८७९ ईस्वी		११४६
येले (किरात)	३०६० ईसा पूर्व		५०८४

नेपालको इतिहासलाई हेर्दा नेपालको प्रारम्भिक शिलालेखमा प्रयोग भएको शक

पहिलो सम्वत् हो । सुरुमा लिच्छविकालमा ४६४ देखि ६०४ सम्म, त्यसपछि शाहकालमा १७६९ देखि १९०२ सम्म शक सम्वत् प्रचलित थियो ।

नेपाल सम्वत् नेपालमा आधिकारिक सम्वत्को रूपमा यसको उत्पत्तिदेखि १७६९ सम्म अर्थात् ८८८ वर्षसम्म राज्य स्तरमा कुनै अवरोधबिना प्रयोग भइरहेको थियो । यद्यपि नेपाल सम्वत्को प्रयोग आजसम्म सबै सांस्कृतिक र धार्मिक उद्देश्यका लागि जारी छ । यस सन्दर्भमा, नेपाल सम्वत् नेपालमा सबैभन्दा लामो अभ्यास गरिएको सम्वत् हो, ('नेपाल सम्वत् अफ नेपाल' द राइजिङ नेपाल दिनेशचन्द्र रेग्मी, ३ नोभेम्बर २००८) ।

इतिहास तथा पुरातत्त्वविद् श्यामसुन्दर राजवंशीले नेपाल सम्वत्को उत्पत्ति हुनुअघिको सम्वत्लाई पनि प्रारम्भिक नेपाल सम्वत् मान्नुपर्ने धारणा राख्छन् । उहाँका अनुसार लिच्छविकालमा प्रचलनमा रहेको सम्वत् जसलाई अधिकांश इतिहासकारविद्ले शक सम्वत् भन्ने गरिएको छ, त्यो वास्तवमा पुरानो नेपाल सम्वत् वा लिच्छवि सम्वत् हो, शक सम्वत् होइन । लिच्छविकालमा शकसम्वत् अनि पछि मानदेव सम्वत् पनि चलेको भन्ने कतिपय इतिहासकारको भनाइ बिल्कुल गलत रहेको उहाँको दाबी छ । नेपालमा शक पूर्व २ बाट कार्तिकादि लिच्छवि सम्वत् एउटा मात्रै प्रचलनमा रहेको भन्ने उहाँको निष्कर्ष रहेको छ ('के लिच्छविकालमा दुई सम्वत् चलेको थियो ?' काठमाडौंप्रेस डटकम ३ फेब्रुवरी २०२२) ।

नेपालमा अहिले मुख्यतया तीनवटा सम्वत् प्रणाली प्रचलनमा छ । सरकारको दैनिक कार्यका लागि विक्रम सम्वत्, विदेशी सरकार र व्यापारिक प्रयोजनका लागि क्रिस्चियन सम्वत् र सबै धार्मिक, सांस्कृतिक र सामाजिक गतिविधिका लागि चन्द्रमासमा आधारित नेपाल सम्वत् ।

सरकारले नेपालका ज्योतिषीहरू राखेर बनाएको निकाय 'नेपाल पञ्चांग निर्णायक समिति'लाई सम्वत् पात्रो जारी गर्ने अधिकार दिएको छ। तिनीहरूले विक्रम सम्वत्का आधारमा सौर्य पात्रो प्रकाशित गर्छन् । यी पञ्चांगले धार्मिक, सांस्कृतिक र सामाजिक प्रयोगका लागि नेपाल सम्वत्को विस्तृत जानकारी प्रदान गर्दछ । यसमा क्रिस्चियन मितिहरू पनि समावेश छन् । उनीहरूले आफ्ना प्रकाशनको प्रारम्भदेखि नै नेपाल सम्वत्लाई 'नेपाल देशको सम्वत्' वा नेपालदेशीय सम्वत् वा 'शंखधरद्वारा सिर्जित नेपाल सम्वत्' वा श्री शंखधरकृत नेपाल सम्वत् आदि भनेर पहिचान गर्दै आएका छन् ।

पहिलो छापिएको नेपाली पञ्चांग, तथाकथित 'ढुंगे-पात्रो', सन् १८८४ लाई मानिन्छ। यसको लेखक धर्मदत्त शर्माले कुनै नेपाल सम्वत्को नाम उल्लेख नगरे पनि शंखधरको नाम उल्लेख गरी छापिएको पञ्चांग नेपाल सम्वत् १०२४/इस्वी १९०४ उल्लेख

गरिएको थियो । यद्यपि नेपाल सरकारले आफ्नो दैनिक कामकाजमा नेपाल सम्वत् प्रयोग गर्न छाडिसकेको भए पनि नेपाल पञ्चांग निर्णायक समितिका लागि काम गर्ने ज्योतिषीहरू र पण्डितहरूले प्रकाशित सबै पञ्चांगमा नेपाल सम्वत् र यसका महिनाको नाम उल्लेख गर्दै आएका छन् ।

चन्द्रमास सम्वत् प्रस्तुत गर्ने तिनीहरूको विधि भारतीय ज्योतिष प्रणालीसँग नजिक छ, तर भारतीय र नेपाली गणनाहरूबिच केही भिन्नता पनि छन् । नेपालका केही प्रख्यात पञ्चांगद्वारा नेपाल सम्वत्का लागि प्रयोग गरिएका नाम तिनीहरूको पहिलो प्रकाशनको मिति र ज्योतिषीहरूको नाम तल सूचीबद्ध छन् :

तालिका २ : नेपाली पञ्चांग पात्रोहरूमा नेपाल सम्वत्

उल्लेखित नाम	पात्रोको नाम	पात्रोको थालनी
नेपाल सम्वत्	टोयोनाथ पन्त	सन १८८९
श्रीशंखधरकृत नेपालीय सम्वत्	बाबुराम शर्मा	सन १९३१
श्री नेपालदेसीय सम्वत्	कृष्णराज / मंगलराज जोशी	सन् १९३५
श्री नेपालदेसीय सम्वत्	डकुरनाथ शर्मा	सन् १९४८

नेपालमा चान्द्र वर्ष या त वसन्त वा शरद ऋतुमा सुरु हुन्छ। वसन्त ऋतुमा सुरु भएमा चैत्रादि र शरद ऋतुमा सुरु हुने भए कार्तिकादि भनिन्छ। पहिलोलाई पूर्णिमाको दिनमा समाप्त हुने भएकाले पूर्णमान्तक रूपमा पनि चिनिन्छ भने अर्कोलाई नयाँ चन्द्रमामा समाप्त हुने अमान्तक भनी चिनिन्छ। पूर्णमान्तक कृष्ण पक्षबाट सुरु हुन्छ भने अमान्तक महिना शुक्ल पक्षबाट सुरु हुन्छ ।

विक्रम सम्वत्

भारतको उज्जैनका विक्रमादित्य नामक राजाले विक्रम सम्वत्को सुरुवात गरे भन्ने मिथक व्यापक रूपमा प्रचारमा छन्। यद्यपि धेरै विद्वानका अनुसार विक्रमादित्य स्वयं ऐतिहासिक पात्र होइनन्, बरु उनी एक पौराणिक पात्र थिए । कसैले भने उनलाई ऐतिहासिक व्यक्तित्व मानेर विक्रम सम्वत्को संस्थापकका रूपमै मान्ने गरेका छन्, (हेर्नुस राज बली पाण्डे, विक्रमादित्य अफ उज्जयिनी द फाउन्डर अफ द विक्रम एरा १९५१) ।

दिनेश चन्द्र सर्कारले आफ्नो पुस्तक 'इन्देन इपिग्राफी' (१९९६ पेज २५१-५८) मा भनेका छन् कि यो सम्वत् राजस्थानको मालवासँग सम्बन्धित थियो र आठौँ शताब्दीमा आइपुगेर मात्र यस सम्वत्सँग राजा विक्रमादित्यको नाम जोड्न आइपुगेको हो । सुरुमा कृत सम्वत्का रूपमा परिचित यो सम्वत् राजस्थानको मालवामा पनि प्रचलित हुन पुग्यो, त्यसैले

यसलाई मालवा सम्वत्का रूपमा पनि चिनिन थाल्यो। पछि त्यसै सम्वत्लाई 'विक्रमको सम्वत्' र 'विक्रमादित्य सम्वत्' भन्न थाल्यो।

विक्रम सम्वत्लाई आधिकारिक सम्वत्को रूपमा प्रस्तुत गरिए पनि नेपाल सम्वत् नेपाली संस्कृतिको प्रमुख हिस्साका रूपमा कायम रहँदै आएको छ। केही अपवादबाहेक नेपालमा सबै चाडपर्व र बिदाहरू चन्द्र पात्रोमा आधारित हुन्छन्।

मध्यकालमा आइपुगेर मात्र यो सम्वत् 'विक्रमादित्यले स्थापना गरेको सम्वत्' कहलाउन थाल्यो। उज्जयिनीका राजा विक्रमादित्यले शकहरूलाई हराएर विक्रम सम्वत् को स्थापना गरे भनिन्छ। 'द वंडर दैट इज इंडिया' पुस्तकमा ए. एल. बाशम बताउँछन् कि 'चन्द्र गुप्त द्वितीय एकमात्र राजा थिए जसले विक्रमादित्यको पदवी लिनुका साथै उज्जयिनीबाट शकहरूलाई भगाउने काम गरेका थिए, (१९७५ पेज ४९५)। तर उनी विक्रम सम्वत्को सुरुवातभन्दा पनि ४०० वर्ष पछिका थिए।

पाण्डुरंग वामन काणेले 'हिस्ट्री अफ धर्मशास्त्र'मा आठौं शताब्दीभन्दा अघि विक्रम सम्वत्को उल्लेख कतै पाइँदैन भनेर लेखेका छन्, (१९९ पेज ६५३)। 'सम्वत् सन्दर्भ छगू दुवाला' (२०२१) पुस्तकका लेखक अध्येता पूर्णराम मुनकर्मीले विक्रमादित्य एक साहित्यिक पात्र मात्र भएको र भारत, नेपाल, श्रीलंका, चीन, अरब आदि देशमा विक्रमादित्यबारे धेरै किंवदन्ती १४औंदेखि र १८औं शताब्दीमा बढी रहेको तर उद्‌गम स्थल इरान रहेको सम्वत् नै पछि भारत महाद्वीपमा विक्रम सम्वत् कहलिन थालेको बताउनुहुन्छ।

स्थापनाको सुरुमा विक्रम सम्वत्को वर्ष परिवर्तन कार्तिक महिनामा हुने गर्दथ्यो, तर मध्यकालीन (१२औंदेखि १८औं शताब्दी) सम्म आइपुग्दा यो चैत्रादि वा चैत्र महिनामा अन्त्य हुने गर्दथ्यो।

भारतका धेरैजसो ठाउँहरूमा अझै मानिस यसलाई चान्द्र पात्रोको रूपमा प्रयोग गर्छन्। मध्यकालसम्म पनि यो सम्वत्को कार्तिक शुक्ल प्रतिपदाबाट नयाँ वर्ष सुरु भएको गणणा गरिन्थ्यो। आजकल उत्तर भारतमा विक्रम सम्वत्को नयाँ वर्ष शुक्ल प्रतिपदामा सुरु हुन्छ तर दक्षिण भारतमा सात महिनाको फरकमा कार्तिक शुक्ल प्रतिपदाबाट सुरु हुन्छ। भारतको उत्तरमा, यो पूर्णमान्तकका रूपमा गनिन्छ, जबकि दक्षिण भारतमा यसलाई अमान्तक मासको रूपमा गणना गरिन्छ। केही राजस्थानी र गुजराती भाषी क्षेत्रहरूमा वर्षको सुरुआत अमान्त आषाढबाट गणना गरिन्छ। जबकि राजस्थानको उदयपुर क्षेत्रमा यो पूर्णमान्तकबाट गणना गरिन्छ। त्यसकारण दिनेश चन्द्र सर्कार भन्नुहुन्छ कुन बेला वर्षको सुरु हुने भन्ने आधारमा विक्रम सम्वत्लाई भारतमा कतै कार्तिकादि, कतै चैत्रादि, कतै आषाढी र कतै श्रावणादि भनेर चिनिन्छ। नेपालमा भने यसलाई सौर्य पात्रोका रूपमा

प्रशासनिक काममा प्रयोग गर्न थाले। नेपालमा प्रत्येक वर्ष १३ वा १४ अप्रिलका दिन विक्रम सम्वत्‌को नयाँ वर्ष मनाउने गरिन्छ।

नयनाथ पौड्याल सम्पादित भाषावंशावली मा वर्णित कथाहरूमा उज्जयिनीको विक्रमादित्यलाई नेपालसँग उनले गरेका रहस्यमय कार्यहरूका लागि जोडेको पाइन्छ, (१९६३ पेज ५८-७५)।

डेनियल राइटले आफूले सम्पादन गरेको नेपालको इतिहास पुस्तकमा अंशुवर्माको शासनकालमा, हिन्दुस्तानका एक शक्तिशाली राजा विक्रमजित आफूले स्थापना गरेको नयाँ सम्वत्‌को प्रचार गर्न नेपाल आएका थिए र आफ्नो बाँकी जीवन नेपालमै बिताएका थिए भनेर लेखेका छन्, (डानियल राइट १९६३ पेज १३१-३२)।

प्रयागराज शर्माजस्ता अन्वेषकले साँखुको वज्रयोगिनी मन्दिरमा राखिएको काँसको टाउकोलाई बुद्धको मूर्ति भनेर निर्क्योल गरेका छन् ('ए नोट अन सक ब्रोन्जस आएत वज्रयोगिनी', त्रिभुवन युनिभर्सिटी जर्नल १९७० पेज ३)। तर त्यही बुद्धको टाउकोलाई विक्रम सम्वत्‌का हिमायतीहरू भने विक्रम सम्वत्‌को प्रवर्तक विक्रमादित्यकै टाउको हो भनेर दाबी गर्छन्। यद्यपि प्राचीन नेपालमा विक्रम सम्वत्‌को प्रयोग कतै नपाउने हुनाले यस्ता कुराहरूलाई पुष्टि गर्ने कुनै आधार पाइँदैन।

नेपालको सवबभन्दा पुरानो लिखित इतिहास गोपालराज वंशावलीमा विक्रम सम्वत्‌को कतै उल्लेख छैन, त्यहाँ नेपाल सम्वत्‌कै मात्र उल्लेख भएको हामी पाउँछौँ। मल्लकालीन समयमा उपत्यकामा सबभन्दा पहिले विक्रम सम्वत् उल्लेख गरिएको अभिलेख भेटिएको भनेको पाटन सुन्धारामा रहेको १४६१ विक्रम सम्वत् उल्लिखित अभिलेख हो। यस अभिलेखमा विक्रम सम्वत् १४६१ का साथै कलिगत सम्वत् ४५०५, शक सम्वत् १३२६ र नेपाल सम्वत् ४२४ पनि उल्लेख गरिएको छ।

वास्तवमा सन् १९०३ मा मात्र राणाका प्रधानमन्त्री चन्द्रशमशेरले सरकारी तवरमा नेपालमा विक्रम सम्वत्‌लाई चलाउन थालेको हो। चन्द्रमासमा आधारित शक सम्वत्‌को पात्रोका आधारमा तलब दिँदा प्रत्येक तीन वर्षको अन्तरालमा सरकारी कर्मचारीहरूलाई तेह्रौँ महिनाको तलब भुक्तानी दिनुपर्ने आर्थिक भारबाट बच्न धूर्त राणा प्रधानमन्त्री चन्द्र शमशेरले सौर्यमासमा आधारित विक्रम सम्वत्‌को पात्रोलाई अंगीकार गरे भनी इतिहासकार भुवनलाल प्रधानले लेख्नुभएको छ, (हेर्नुस 'नेपाल सम्वत्‌को ऐतिहासिक प्रमाण' नेवाः विज्ञान २००० पेज ६)।

सन् १९१३ मा प्रकाशित जगन्नाथ सेधाईं र वैजनाथ सेधाईं द्वयले चन्द्रशमशेरलाई खुसी पार्न लेखेको चन्द्र मयुख शीर्षकको छन्दबद्ध स्तुति काव्य पुस्तकमा (पेज ८४) विक्रम

सम्वत् अंगीकार गर्दा राज्यलाई कसरी फाइदा पुग्छ र कसरी चन्द्रमासको तिथिलाई मितिमा ल्याउनाले देशलाई चान्द्रमासको तिथिमा निहित आधा-आधा महिनाको शुक्ल पक्ष र कृष्ण पक्षले पार्ने अन्योलबाट मुक्त गर्छ भन्ने बयान गरेका छन् । यद्यपि नेपाली जनताले आफ्ना धार्मिक चाडपर्व, जात्रा, व्रत, तीर्थ, स्नान आदि लगायत जन्मदिन, शुभमुहूर्त निर्धारणदेखि मृत्यु संस्कारसम्मका सबै खाले महत्त्वपूर्ण धार्मिक गतिविधिहरू चन्द्र पात्रोका आधारमा गर्ने भएकाले सौरमासमा आधारित विक्रम सम्वत्को खासै सांस्कृतिक महत्त्व नेपालमा छैन ।

धेरै मानिसहरू भक्तपुरको विश्व जात्रा अर्थात् बिस्का जात्रालाई विक्रम सम्वत्को नयाँ वर्षसँग जोडेर हेर्न मन पराउँछन् । किनकि यो चाड वैशाखको पहिलो दिन (संक्रान्ति वा संल्हु) को वरिपरि मनाइन्छ ।

विक्रम सम्वत् प्रचलनमा ल्याउनुभन्दा शताब्दियौं अघिदेखि नै सल्हु अर्थात् संक्रान्ति पर्वहरू मनाउने प्रचलन नेपालका नेवाः जनसमुदायमा थियो । ती पर्व विक्रम सम्वत्अनुसार मनाउने नभई नेपाल सम्वत् वा पूर्व नेपाल सम्वत्अनुसार नै मनाउँदै आएको कुरा उपत्यकामा पाइने थुप्रै शिलालेख जहाँ नेपाल सम्वत्मात्र उल्लेख गरेको पाइन्छ, तर साथमा अनेक संक्रान्ति पर्व मनाउने कुरा पनि उल्लेख गरेकाबाट पनि सजिलै बुझ्न सकिन्छ । इतिहासविद् श्यामसुन्दर राजवंशीका अनुसार नेपाल सम्वत् चन्द्रमास र सौर्य मास दुवै हिसाबले चल्ने सम्वत् हो तर पछि आएर चन्द्रमास अनुसारका तिथिका लागि मात्र प्रयोग गर्ने गरेकाले संक्रान्ति पर्वहरू विक्रम सम्वत् अनुसार मनाउने पर्वहरू हुन् भन्ने भ्रम मानिसमा पर्न गएको हो, (हेर्नुहोस 'नेपाल सम्वत्यात धात्थें छ्यलेगु खःसा' झीगु स्वनिगः २०१२ पेज ३९) ।

वास्तवमा, बिस्काः जात्राको बेग्लै इतिहास र मिथक छन्, जुन विक्रम सम्वत् को नयाँ वर्षको उत्सवसँग कुनै सरोकार राख्दैनन् । विक्रम सम्वत् २०४० को दशकसम्म सामान्य मानिसलाई र विशेषतः नेपाल खाल्डोका मूलवासी नेवारका लागि वैशाखको पहिलो दिनको नयाँ वर्ष खासै महत्त्वको दिन थिएन । मेष संक्रान्ति पनि भनिने यस दिनलाई उनीहरू 'खाइ साल्हु' भनेर भने जरुर जान्दथे । यद्यपि विक्रम सम्वत्को नयाँ वर्ष सरकारी तवरमा नै मनाउने भएको र रेडियो, टेलिभिजन जस्ता राष्ट्रिय सञ्चारका माध्यमबाट जोड तोडले प्रचार प्रसार गर्ने भएकाले हाल आएर देश-विदेशमा रहने नेपालीले यसको नयाँ वर्ष मनाउन थालेका छन् ।

भारतमा केन्द्र सरकारले सन् १९५७ देखि ग्रिगोरियन पात्रोसँगै शक सम्वत्लाई पनि राष्ट्रिय सम्वत्को रूपमा अपनाएको छ। भारतको पात्रो सुधार समितिले राष्ट्रिय

पात्रोलाई एकरूपता दिन यो सिफारिस पेस गर्नुभन्दा पहिले भारतमा विविध धर्म, संस्कृति र राष्ट्रियताका मानिस ३० भन्दा बढी सम्वत्‌को पात्रोहरूको प्रयोग गर्थे ।

सन् १९५७ देखि भारतले शक सम्वत् अनुसार १ चैत्रलाई (२२ मार्च) नयाँ सालको दिनका रूपमा मनाउँदै आइरहेका छन् । यस दिनलाई राष्ट्रिय बिदाको रूपमा मनाउँछ तर विभिन्न प्रान्तमा क्षेत्रीय नयाँ वर्ष उत्सव आफ्नै परम्परा अनुसार मनाइन्छ ।

भारत सरकारको गजेटको प्रकाशन र सरकारको दैनिक लिखोट र पत्राचार तथा अखबारहरूले पनि भारतमा ग्रेगोरियन तारिखका अलाबा राष्ट्रिय पात्रो शक सम्वत्‌को तिथि-मिति समावेश गर्छन् । त्यस्तै, विभिन्न भारतीय भाषामा प्रसारण हुने अल इन्डिया रेडियोको बिहान सबेरैको कार्यक्रममा राष्ट्रिय पात्रो तिथि र मितिहरू घोषणा गर्दछ, (हेर्नुस् अमलेन्दु बन्ध्योपाध्याय ‘राष्ट्रिय पात्रोलाई कसरी लोकप्रिय बनाउने’, द स्टेसमायन १९८१ मार्च २९) ।

नेपालका केही विक्रम सम्वत्‌का अनुयायीले निरन्तर रूपमा विक्रम सम्वत्‌लाई नेपाली सम्वत् नै भनेर दावा गर्दै आइरहेको देखिन्छ । नेपालमा इस्वी सम्वत्‌को समेत पनि नयाँ वर्ष मनाएर शुभकामना आदान-प्रदान गरिन्छ भने विक्रम सम्वत्‌को नयाँ वर्ष मनाउनु र शुभकामना आदान-प्रदान गर्नुलाई अन्यथा मान्नुपर्दैन । विक्रम सम्वत्‌लाई नेपाली सम्वत् नै भनेर प्रचार-प्रसार गर्नु सर्वथा गलत हो । उहाँहरूको दाबी कुनै इतिहास र तथ्यमा आधारित नभएर १९औं शताब्दीमा लिखित भाषा वंशावलीमा वर्णित केही किंवदन्ती र कहावतमा आधारित छन् । किंवदन्ती र दन्त्यकथाभन्दा वास्तविक इतिहासलाई हामीले मान्नुपर्ने हुन्छ । तर नेपालका यी विक्रम सम्वत्‌वादीहरू भने मनगढन्ते तर्कको बलले भए पनि विक्रम सम्वत् भारतको सम्वत् हो भन्ने तथ्य र इतिहासलाई नै मेट्न सकिन्छ भन्ने सोचले लागिपरेको देखिन्छ ! यसै सन्दर्भमा इतिहासकार बाबुराम आचार्यले विक्रम सम्वत्‌का बारेमा व्यक्त विचार यहाँ उद्धृत गर्नु मनासिब हुनेछ :

‘हाम्रा राष्ट्रिय सम्वत्‌मा विशेषण गराएर जोडिएको ‘विक्रम’ शब्द सार्थक देखिन्न । यो सम्वत् उज्जयिनीका राजा विक्रमादित्यले चलाएका हुन् भन्ने दन्त्यकथा १२०० वर्ष पहिलेदेखि भारतमा चल्दै आएको छ र यस देशमा पनि त्यो दन्त्यकथा आइपुगेको छ । तर जुन समय (इसापूर्व ५८ वर्ष) मा यो सम्वत् उठान भएको थियो उस समयमा अवन्तिदेशको राजधानी उज्जयिनीमा राजा विक्रमादित्यको अस्तित्व देखिँदैन । वास्तवमा यस सम्वत्‌को उठान राजपूतानामा आवाद भएका मालवगणले गरेका हुन् भन्ने कुरा त्यहाँ पाइएका शिलालेखहरूबाट प्रमाणित भइसकेको छ’ (श्री ५ बडामहाराजधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी, पहिलो भाग, विसं २०२४, पेज ३-४) ।

नेपाल सम्वत्

विश्वमा कुनै राजा, लोकप्रिय व्यक्ति वा धर्मको नामबाट सम्वत्को नाम राख्ने चलन लामो समयदेखि चलिआएको छ, तर नेपाल सम्वत्को हकमा देशकै नामबाट नामकरण गरिएको संसारकै एकमात्र सम्वत् हो। यस सन्दर्भमा नेपालको सम्वत् अद्वितीय छ। विशिष्टता भए पनि सरकारको नीतिका कारण नेपाल सम्वत्को हैसियत गुमायो।

सन् ८७९ अक्टोबर २० मंगलबार राजा राघवदेवको समयमा नेपाल सम्वत्को स्थापना भएको मानिँदै आएको छ। तर यस कथनमा विद्वानहरू सबैको एकमत रहेको छैन। विज्ञ श्यामसुन्दर राजवंशीले शक सम्वत् ८०१ मा आषाढ महिनामा अधिकमास छ भन्ने हिसाब गर्न भुलेको वा नसकेका कारणले विद्वान् किलहर्नले ८७९ अक्टोवर २० तारिखका दिन नेपाल सम्वत् सुरु भएको भनेर लेख्नुभयो। पछि त्यसै भनाइलाई सबैले उद्धरण गर्दै आएको औँल्याउनुभएको छ। उहाँको भनाइमा शक सम्वत् ८०१ कार्तिक शुक्ल प्रतिपदा अर्थात् लिच्छवि सम्वत् ८०३ कार्तिक शुक्ल प्रतिपदा अनि इस्वी अनुसार ८७९ नोबेम्बर ७ तारिख मंगलबारका दिन नेपाल सम्वत् सुरु भएको भन्ने रहेको छ ('नेपाल सम्वत्को भ्रम निवारण' ईसञ्चार पाटी, १२ नोभेम्बर २०२३)।

धेरैले यो पनि दाबी गर्छन् कि राजा राघवदेव आफैँले यस सम्वत्को सुरुवात गरेका थिए। सिल्भां लेभी (नेपाल भोलुम २, १८६३/१९३५) ले भने नेपाल सम्वत्को सुरुवातका बारेमा दुईवटा सिद्धान्त प्रस्तुत गरेका छन्। नेपालीले ८ लाई अशुभ संख्या मान्ने भएकाले शक सम्वत्मा ८०० वर्ष घटाएर सम्वत्को स्थापना भएको हो भन्ने उनको पहिलो सिद्धान्त हो। अर्को भनेको सन् ८४२ मा राजा लाङ-डेर-माको हत्यापछि तिब्बती शक्तिको विघटन भयो। त्यसपछि तिब्बती दमनबाट नेपालको मुक्तिको उत्सव मनाउन स्थापना भएको हो, तर नेपाली इतिहासकारले यी दुवै सिद्धान्तलाई अस्वीकार गर्छन्।

नेपाली इतिहासकार स्वर्गीय बाबुराम आचार्यले नयाँ राजा राघवदेवले नेपालमा नयाँ राजवंशको आरोहणका लागि नयाँ सम्वत्को सुरुवात गरेको हुनसक्ने अनुमान गरे तर उनले 'बालुवा बनेको सुन' किंवदन्तीमा विश्वास गरेका छैनन्। यसको प्रारम्भमा यसलाई एकल/सामान्य रूपमा 'सम्वत्' वा 'सम्वत्' भनिन्थ्यो। उदाहरणका लागि प्रारम्भिक पाण्डुलिपिहरू जुन नेपाल सम्वत् २८ र नेपाल सम्वत् ४० को नेपाली सङ्ग्रहमा छन्, अर्थात् इस्वी सम्वत् ९०८ र इस्वी सम्वत् ९२० तर यसको नाम भने उल्लेख थिएन ('नेपाल सम्वत् या सान्दर्भिकता', लुँस्वां, कमल पि. मल्ल १९८२)। नेपाल शब्दको प्रयोगको पहिलो रेकर्ड यस सम्वत्लाई 'नेपाल-वत्सर' भनेर उल्लेख गरिएको पाण्डुलिपि १४८ नेपाल सम्वत् (इस्वी १०२८) मा पाइन्छ, जुन अहिले कलकत्ताको एसके सरस्वतीको संग्रहमा छ (मेडिएभल

हिस्टोरि अफ नेपाल च. ७५०-१४८० लुसियानो पेतेच १९५८) ।

मध्यकालको प्रारम्भतिरका शिलालेख र ताडपत्र पाण्डुलिपिहरू नेपाल सम्वत् मा मिति छन् । यो सम्वत्लाई पशुपतिभट्टारक संवत्सर प्रवर्तकृत वा भगवान पशुपतिलाई चढाएको सम्वत् पनि भनिन्छ ।

शंखधर साख्वाले देशवासी सबैलाई ऋणबाट मुक्त गरेर नेपाल सम्वत्को सुरुवात गरेको किंवदन्ती छ। सन् १८२९-१८८० को बिचमा खस-नेपाली भाषा लेखिएको भाषावंशावलीमा बालुवा सुनमा परिवर्तन भएको लोकप्रिय किंवदन्ती उल्लेख छ।

बालुवा सुनमा परिणत भएको यो किंवदन्तीमा सबैले विश्वास गर्दैनन् । बालुवा सुनमा परिणत भएको मिथकलाई मानिसहरूले नमान्दा पनि धनी व्यापारी शंखधरले गरिबको ऋण तिरेर दासत्वबाट मुक्त गराए भन्ने कुरामा भने मानिसहरू विश्वास गर्छन् ।

सबै नेपाली ऐतिहासिक दस्ताबेजमा सन् १०२८ देखि नै ‘नेपाल’ नामले निरन्तर रूपमा यस सम्वत्लाई प्रमाणित गर्न थाले पनि शंखधरको नाम नेपाल सम्वत्सँग कहिलेदेखि जोडिन थाल्यो भन्ने स्पष्ट छैन । तर ‘सम्वत् संकुदत्त’ शब्दको प्रयोगको पहिलो ऐतिहासिक प्रमाण नेपाल सम्वत् ७६६ को वसिष्ठलिंग उपपुराण पाण्डुलिपिमा पाइन्छ, (शंखधरकृत नेपाल सम्वत् काशिनाथ तमोट २००८ पेज ३७) ।

त्यसैगरी नेपाल सम्वत् ८६४ को जातक परिपतिप्रबन्धमा पाण्डुलिपिमा यसलाई ‘नेपालीके शंखधराब्दे सम्वत्’ भनिएको उल्लेख गरेको भेटिएको छ। अर्को भक्तपुरको जेलम टोलमा रहेको नेपाल सम्वत् ८२७ मितिको शिलालेख हो, जहाँ यसलाई ‘संख्वा सम्वत्’ भनिएको छ ।

शंखधरको स्पष्ट रूपमा उल्लेख गरिएको पहिलो शिलालेख भने पाटन तिछुगल्लीमा रहेको नेपाल सम्वत् ९५७ को अभिलेख मात्र हो । हामीसँग भएको एउटै भरपर्दो पुरातात्त्विक प्रमाण भनेको पशुपति मन्दिरको दक्षिण ढोकामा ठड्याएको व्यापारी शंखधरको ढुङ्गाको मूर्ति हो ।

इतिहासकार काशिनाथ टमोटले मूल शब्द शंकुदत्तबाट शंखधर शब्दको व्युत्पन्न भएकामा जोड दिएका छन् । काठमाडौँको मंदुख्योमा बनेको चैत्य पनि शंखधरले विश्वास गरिन्छ । यी ऐतिहासिक प्रमाणहरूले शंखधर एक पौराणिक व्यक्ति मात्र नभई एक प्रामाणिक व्यक्तित्व थिए भन्ने कुरा स्पष्ट गर्दछ ।

सन् १४४१ देखि १७६४ सम्म (अर्थात् नेपाल सम्वत् ५६१ देखि ८८४ सम्म) का धेरै शिलालेख र ताम्रपत्रको विश्लेषण गर्दै लिपिविज्ञ र इतिहासकार, श्यामसुन्दर राजवंशी दाबी गर्छन् कि नेपाल सम्वत् र पूर्व-नेपाल सम्वत् ‘तिथि’ तर ‘मिति’ पनि गणना गर्ने चन्द्र

र सौर्य मास दुवै समेटिएको पात्रो हुन् भन्ने दाबी गर्छन् । नेपालमा विक्रम सम्वत्‌को प्रयोग हुनुभन्दा धेरै अगाडिका यी शिलालेख, ताम्रपत्र र ऐतिहासिक दस्ताबेजमा सबै महत्त्वपूर्ण ‘संक्रान्तिका नाम उल्लेख रहनुले नेपाल सम्वत् र नेपाल सम्वत्‌को पुरानो स्वरूपका पात्रोहरू चन्द्र र सौर्य दुवै समेटिएको प्रमाण भएको उहाँ बताउनुहुन्छ, (राजवंशी २०१२, पेज ३९) । अन्य सौर्य पात्रोमा जस्तै नेपाल सम्वत्‌को पात्रोमा पनि ३६५ दिन रहेको उनको भनाइ छ ।

पछिल्लो समय धेरै मानिसले भक्तपुरको विश्वजात्रा अर्थात् बिस्का जात्रालाई विक्रम सम्वत्‌को नयाँ वर्षसँग जोडेर हेर्न गरेका छन्, किनभने यो चाड वैशाख महिनाको पहिलो दिन (संक्रान्ति वा सँल्हु)को वरिपरि मनाइन्छ । पुस्तकका लेखक पूर्णराम मुनकर्मीले मल्लकालका अभिलेखमा उल्लिखित तथ्य दिएर मल्लकाल र त्योभन्दा अगाडि बिस्काजात्रा चैत्र शुक्ल पूर्णीमाका दिन योसिँ ठड्याएर मनाउने चन्द्रमासका आधारमा मनाउँदै आएको पर्व हो भनेर स्पष्ट गर्नुभएको छ, (सम्वत् सन्दर्भ छगू दुवाला ‘सन् २०२१) । उहाँको अनुसन्धानले हाल बिस्का जात्रा भन्न थालेको विश्व जात्रा लिच्छविकाल वा त्योभन्दा अगाडि किरातकालदेखि नै मनाउँदै आएको पर्व भएको अनुमान गर्नुभएको छ ।

त्यस्तै लेखक सुभाषराम प्रजापतिले आफ्नो पुस्तकमा (संस्कृति भित्र २००६, पेज ७७-८४) पनि ऐतिहासिक तथ्यहरू दिएर मल्लकालको मध्यसम्म पनि बिस्काः जात्रा चैत्र शुक्ल पूर्णीमाको वरपर मान्ने जात्रा हो भन्ने कुरा प्रस्ट्याउनुभएको छ। काठमाडौं उपत्यकाका मूल बासिन्दा नेवारका लागि वैशाखको पहिलो दिनलाई ‘खाइ संल्हु’ भनेर मात्र चिनिन्थ्यो । तर, विक्रम सम्वत्‌ले पाएको आधिकारिक हैसियतका कारण यसको नयाँ वर्षले राष्ट्रिय ध्यानाकर्षण गर्न थाल्यो र बिस्तारै देशभरका मानिसले यसको नयाँ वर्ष मनाउन थालेका हुन् । अन्यथा, सरकारी तहमा बाहेक विक्रम सम्वत्‌को नयाँ वर्ष मनाउने कुरा सन् १९८० को दशक अघिसम्म सर्वसाधारणलाई खासै थाहा थिएन ।

ठकुरी शासनकाल (८७९-११९९ ईस्वी) र मल्ल शासन (१२००-१७६९ ईस्वी) को समयमा नेपालमा आधिकारिक सम्वत्‌का रूपमा नेपाल सम्वत्‌लाई प्रवर्धन गरिएको थियो । चौधौं शताब्दीमा खस राजाहरूद्वारा खस देश (जुम्ला) मा समेत नेपाल सम्वत्‌को प्रयोग हुनुले पनि नेपाल सम्वत्‌को लोकप्रियता देखाउँछ (तमोट २०१२) ।

नेपाल सम्वत्‌को प्रयोग नेपालमा मात्रै सीमित नभएर चीन र भारतमा पनि प्रयोगमा रहेको पाइन्छ। उदाहरणका लागि– चीनका मिङ वंशका सम्राटले नेपाल सम्वत् ५६५ मा बनेपाका सामन्त प्रमुख शक्तिसिंह रामवर्धनलाई एउटा दस्ताबेज पठाएका थिए। त्यसैगरी अहिले भारतको पश्चिम बङ्गालमा रहेको कुचविहारका राजा प्राणनारायणले ईस्वी १६६३ छापेका सुनको सिक्कामा नेपाल सम्वत् ७५३ अंकित गरेका (प्रा. माणिकलाल श्रेष्ठ २००७) ।

नेपाल सम्वत्को पात्रो अनुसार नयाँ वर्षको दिन कार्तिक (अक्टोबर/नोभेम्बर) महिनाको कछलाको पहिलो दिन वा नेपालको दोस्रो ठुलो चाड दीपावली वा तिहारको चौथो दिनमा मनाइन्छ। यस पर्वलाई नेवारहरूमा यमपञ्चक र सोंति पनि भनिन्छ, ('द फेस्टिफल अफ सोंति' कन्ट्रिब्युसन टु नेपलिज स्टडिज, बालगोपाल श्रेष्ठ, २००६, पेज २०३-२२१) ।

नेपालीले आफ्ना प्रायः सबै चाडपर्वहरू चन्द्रमास तिथिअनुसार मनाउने भएकाले नेपाल सम्वत्को नयाँ वर्षको दिन निकै महत्त्वपूर्ण छ। तिहारको चौथो दिन म्हपूजा नेवार समुदायको पुरानो परम्परामध्ये एक हो। यो परम्परा नेपाल सम्वत्भन्दा धेरै पुरानो हो। प्रख्यात नेपाली इतिहासकार भुवनलाल प्रधानले लिच्छवि राजाहरूमध्ये एक मानदेव प्रथम (४६४-५०५ ईस्वी) ले यो पर्वको सुरुवात गरेको मान्छन्, ('नेपालको इतिहास र संस्कृतिका केही पक्ष' नेवाः विज्ञान भुवनलाल प्रधान १९९८ पेज ३८) ।

नयाँ वर्ष मनाउने र म्हपूजा, काठमाडौँ उपत्यकाका जनताले नयाँ वर्षसँग सम्बन्धित भए पनि म्हपूजा गर्ने परम्परा नेपाल सम्वत्भन्दा धेरै पुरानो हो। भारतमा पनि कार्तिकादि चन्द्र सम्वत् मान्नेहरूले यसै दिन नयाँ वर्ष मनाउँछन्। उदाहरणका लागि– गुजरातमा यही दिन विक्रम सम्वत्को नयाँ वर्ष मनाइन्छ। त्यौहार, दीपावली वा दिवालीको रूपमा, यो भारत र अन्य देशहरूमा हिन्दुहरूबिच व्यापक रूपमा मनाइने चाड हो। नयाँ वर्ष मनाउने लामो समयसम्मको परम्पराले नै तिहार वा यमपञ्चकको महान चाडको सिर्जना हुन गएको अनुमान गर्न सकिन्छ।

संस्कृत, नेवार, मैथिली, गोर्खाली र अरबी भाषाहरूमा लेखिएका असंख्य नेपाली ऐतिहासिक दस्ताबेज, इतिहास र शास्त्रहरूमा नेपाल सम्वत्को उल्लेख पाइन्छ। काठमाडौँ उपत्यकामा मात्र नभई नेपालको पूर्व र पश्चिम र बाहिरका सार्वजनिक स्थानहरू र निजी संग्रहहरूमा समेत नेपाल सम्वत् उल्लेख गरिएका शिलालेख, ताम्रपत्र र तमसुक ताडपत्र असंख्य भेटिएका छन्। त्यसैगरी, नेपाल सम्वत्मा मितिहरू बोकेका असंख्य पाण्डुलिपिहरू नेपाल र अन्य देशका अभिलेखालयहरूमा सुरक्षित छन्।

नेपालमा ठकुरी र मल्ल शासकले नेपाल सम्वत्लाई आधिकारिक सम्वत्का रूपमा प्रयोग गरे। मल्ल शासकहरू (१२०० देखि १७६९ ईस्वी) ले तकहरूमा नेपाल सम्वत् को प्रयोग गर्थे। सन् १७६९ मा नेपाललाई जितेपछि पृथ्वीनारायण शाहले शक सम्वत्को प्रयोग गर्न थाले पनि विक्रम र शक सम्वत्सँगै नेपाल सम्वत्को प्रयोग शाहकालमा पनि जारी रह्यो। तसर्थ, नेपालको इतिहासको कुनै पनि अध्ययन अनुसन्धान नेपाल सम्वत्को उचित ज्ञानविना अधुरो हुनेछ।

नेपाल सम्वत्मा महिनाहरू

नेपाली जनताले आफ्नो दैनिक जीवनमा सबै धार्मिक रीतिरिवाज र जात्रा पर्व प्रयोजनका लागि चन्द्र पात्रो वा नेपाल सम्वत्मा आधारित तिथि नै प्रयोग गर्ने गरेका छन् । चन्द्र सम्वत् बेबिलोनमा ४००० इसा पूर्व (स्टर्न २०००) को आसपास आविष्कार गरिएको थियो। घुमन्ते इन्डो-आर्यहरूले यसलाई लगभग १३५० इसा पूर्व ('द बेलिलोनियन क्यालेन्डर आएट इलेफानटाइन' सचा पेनग्री १९७८) मा सिन्धु उपत्यकामा ल्याए ।

सौर्य पात्रोको विपरीत (जसमा नागरिक दिन मध्यरातदेखि अर्को मध्यरातसम्म वा सूर्योदयदेखि अर्को सूर्योदयसम्म गणना गरिन्छ), चन्द्रमाको सम्वत् चन्द्रमाको चरण वा 'चन्द्राकार' को अवधिहरूमा आधारित हुन्छ। जसलाई हिन्दु पात्रोमा 'तिथि' भनिन्छ। यसको अवधि पूर्णतया असंगत र अप्रत्याशित छ, किनकि कुनै पनि क्षणमा एक तिथि समाप्त हुन सक्छ र कुनै पनि क्षणमा फेरि अर्को तिथि सुरु हुन सक्छ। यसले तिथिको अन्त्य कहिले हुन्छ भन्ने निर्णय गर्न समस्या उत्पन्न हुन्छ । चन्द्र तिथि सौर्य दिनभन्दा लामो वा छोटो हुन सक्छ र दोब्बर वा हराउन पनि सक्छ । एउटै दिनमा एकभन्दा बढी चन्द्र तिथि हुन पनि सक्छ ।

सामान्यतया चन्द्र वर्षमा बाह्र महिना हुन्छन् । जुन महिनामा २९.५३०५८९ दिन हुन्छ, जसले वर्षमा ३५४.३६७०६ दिन बनाउँछ, (इन्डेन आस्ट्रोनोमी : आएन इनट्रोडक्सन, एस. बालचन्द्र राव २००० पेज ४४) । जबकि सौर्य वर्ष ३६५ दिनको हुन्छ। चन्द्र वर्ष सौर्य वर्षभन्दा ११.२५ दिनले छोटो हुन्छ । नेपाल सम्वत् लुनिसोलर सम्वत्मा आधारित छ, जसलाई सौर्य पात्रोमा समायोजन गर्न अधिकमास अर्थात् अतिरिक्त महिनाले समायोजन गर्दछ ।

सौर्य र चन्द्र दिनहरू बिचको अन्तरलाई पुर्नका लागि लुनिसोलर सम्वत्मा प्रत्येक सत्ताइस महिनापछि अतिरिक्त महिना हुन्छ । जुन वर्ष कुनै चन्द्रमासमा संक्रान्ति हुँदैन । त्यो वर्ष अतिरिक्त महिना हुन्छ । अतिरिक्त महिनालाई नेपाल सम्वत्मा अनला र विक्रम, शक र अन्य भारतीय सम्वत्मा अधिकमास भनिन्छ। कहिलेकाहीँ एक चन्द्रमासमा दुईवटा संक्रान्ति पर्दा पहिलोलाई कायम राखेर दोस्रोलाई दबाइन्छ र यसलाई क्षय मास वा एक महिनाको लोप भनिन्छ। त्यसै वर्षमा अतिरिक्त महिना हुँदा वर्षमा दिनहरू ३९० भन्दा थोरै कम हुन्छन्, (काणे १९९४: ६६६) ।

नेपाल सम्वत्को प्रारम्भदेखि नै महिनाहरूको संस्कृत नामहरू नेपाल सम्वत् पात्रोसँग प्रयोग गर्ने चलन थियो तर नेपाल सम्वत्मा महिनाहरूको नाम फरक छ । यीमध्ये केही नाम स्पष्ट रूपमा संस्कृत नामहरूबाट व्युत्पन्न भएका छन् । उदाहरणका लागि– कार्तिकबाट

कछला, पौषबाट पोहेला, चैत्रबाट चौला र वैशाखबाट बछला भयो ।

तालिका ३ : नेपाल सम्वत् साथमा विक्रम र ग्रेगोरियन समकक्षी महिनाका नाम

नं	नेपाल सम्वत्	संस्कृत/भारतीय	ग्रेगोरियन
१.	कछला	कार्तिक	अक्टोबर / नोभेम्बर (X, XI)
२.	थिंला	मार्ग	नोभेम्बर/ डिसेम्बर (X, XII)
३.	पोहेला	पौष	डिसेम्बर/जनवरी (XII, I)
४.	सिल्ला	माघ	जनवरी/फेब्रुअरी (I, II)
५.	सिला	फाल्गु	फेब्रुअरी/मार्च (II, III)
६.	कौला	चैत्र	मार्च/अप्रिल (III, IV)
७.	बछला	वैशाख	अप्रिल/मे (IV,V)
८.	तछला	जेठ	मे/जून (V, VI)
९.	दिल्ला	आषाढ	जुन/जुलाई (VI, VII)
१०.	गंला	श्रावण	जुलाई/अगस्ट (VII, VIII)
११.	यंला	भाद्र	अगस्ट/सेप्टेम्बर (VIII, IX)
१२.	कौला	अश्विन	सेप्टेम्बर/अक्टोबर (IX, X)
१३.	अनला	अधिकमास/अतिरिक्त महिना	

चन्द्र दिन र मिति

सामान्यतया चन्द्रमाका दिनलाई तिथि भनिन्छ। सामान्यतया प्रत्येक शुक्ल पक्ष र प्रत्येक कृष्ण पक्षमा पन्ध्र तिथि वा दिनहरू हुन्छन्; कहिलेकाहीँ चन्द्रमाको गतिमा निर्भर गर्दै एक दिन कम वा एक दिन बढी हुनसक्छ। महिनाको शुक्ल र कृष्ण पक्ष दुवै चौधौँ दिनलाई चतुर्दशी नामले गनिन्छ।

नेपाल सम्वत् अनुसार आरम्भ शुक्लबाट हुने भएकाले पन्ध्रौँ दिन पूर्णिमाको दिन र अन्तिम वा ३०औं दिन औँसी हो। कहिलेकाहीँ चन्द्र महिनामा मनाइने विभिन्न चाड अनुसार ती दिनले विशेष नाम प्राप्त गरेको हुन्छ।

नेवारहरू मात्र नभई नेपालका सबै मानिसले धार्मिक रीतिरिवाज र चाडपर्वमा चन्द्र पात्रोको पालना गर्छन्। यद्यपि तिनीहरूले चन्द्र दिनहरूलाई भारतीय वा संस्कृत नामहरूमा प्रयोग गरिएको हुन्छ, जुन शक र विक्रम सम्वत्सँग मिल्दोजुल्दो छ।

चन्द्र महिनाका दुवै पक्षका नामहरू

नेपाल सम्वत्	संस्कृत/भारतीय
कछलाथो	कार्तिक शुक्ल
कछलागा	मार्ग कृष्ण पक्ष
थिंलाथो	मार्ग शुक्ल
थिंलागा	पौष कृष्ण
पोहेलाथो	पौष शुक्ल
पोहेलागा	माघ कृष्ण पक्ष
सिल्लाथो	माघ शुक्ल पक्ष
सिल्लागा	फाल्गुन कृष्ण पक्ष
चिल्लाथो	फाल्गुन शुक्ल पक्ष
चिल्लागा	चैत्र कृष्ण पक्ष
चौलाथो	चैत्र शुक्ल पक्ष
चौलागा	वैशाख कृष्ण पक्ष
बछलाथो	वैशाख शुक्ल पक्ष
बछलागा	जेठ कृष्ण पक्ष
तछलाथो	जेठ शुक्ल पक्ष
तछलागा	आषाढ कृष्ण पक्ष
दिल्लाथो	आधा शुक्ल पक्ष
दिल्लागा	श्रावण कृष्ण पक्ष
गुंलाथो	श्रवण शुक्ल पक्ष
गुंलागा	भाद्र कृष्ण पक्ष
यंलाथो	भाद्र शुक्ल पक्ष
यंलागा	अश्विन कृष्ण पक्ष
कौलाथो	अश्विन शुक्ल पक्ष
कौलागा	कार्तिक कृष्ण पक्ष
अनलथो	अधिक शुक्ल पक्ष/अतिरिक्त शुक्ल पक्ष
अनलगा	अधिक कृष्ण अतिरिक्त कृष्ण आधा

नेपाल सम्वत्मा शुक्ल पक्ष (थो)ले एक महिनाको पहिलो पन्ध्र दिन र कृष्ण पक्ष (गा)ले दोस्रो पन्ध्र दिन समेटेको हुन्छ। दुवै पक्षका अरु दिनको नाम उस्तै छ। १५औं दिनलाई पुन्हि वा पूर्णिमा र महिनाको अन्तिम वा ३०औं दिनलाई औंसी वा अमावस्या भनिन्छ। अमान्त पद्धति मान्नेहरूले शुक्ल पक्षको पहिलो दिनलाई महिनाको प्रारम्भ मान्छन् भने पूर्णमान्तक मान्नेहरूले कृष्ण पक्षको पहिलो दिनलाई महिनाको प्रारम्भ मान्छन्।

चन्द्र महिनामा पन्ध्र दिनको दुई भाग हुने भएकाले यसलाई पूरै महिनाका लागि ३० वा २९ दिनको रूपमा गणना गर्न सकिन्छ।

नेपाल सम्वत्का दिनहरू सम्बन्धित मिति र ईश्वीय दिनहरू

नेपाल सम्वत्मा दिन गणनाा		संस्कृत/ भारतीय दिनहरू	ईसाई दिनहरू
शुक्ल पक्षको १५ दिन			
पारु / परेवा	१	प्रतिपदा	१

दुतिया	२	द्वितिया	२
तृतीया	३	तृतीया	३
चौथी	४	चौथी	४
पञ्चमी	५	पञ्चमी	५
षष्ठी (खस्ती)	६	षष्ठी	६
सप्तमी	७	सप्तमी	७
अष्टमी	८	अष्टमी	८
नवमी	९	नवमी	९
दशमी	१०	दशमी	१०
एकादशी	११	एकादशी	११
द्वादशी	१२	द्वादशी	१२
त्रयोदशी	१३	त्रयोदशी	१३
चतुर्दशी	१४	चतुर्दशी	१४
पुन्हि	१५	पूर्णिमा / पूर्णे	१५
कृष्ण पक्षको १५ दिन			
पारु / परेवा	१६	प्रतिपदा	१६
दुतिया	१७	द्वितिया	१७
तृतीया	१८	तृतीया	१८
चौथी	१९	चतुर्थी	१९
पंचमी	२०	पञ्चमी	२०
षष्ठी (खस्ती)	२१	षष्ठी	२१
सप्तमी	२२	सप्तमी	२२
अष्टमी	२३	अष्टमी	२३
नवमी	२४	नवमी	२४
दशमी	२५	दशमी	२५
एकादशी	२६	एकादशी	२६

द्वादशी	२७	द्वादशी	२७
त्रयोदशी	२८	त्रयोदशी	२८
चतुर्दशी/चह्रे	२९	चतुर्दशी	२९
अम/ औंसी	३०	आमावस्या	३०

एक वर्षमा नियमित चाडपर्वहरूबाहेक बाह्र पूर्णिमा (पुन्हि), बाह्र चह्रे (चतुर्दशी), बाह्र औंसी र दुवै पक्ष एघारौं दिन (एकादशी) धार्मिक रूपमा बढी महत्त्व राख्छन् । धार्मिक नेपाली जनताका लागि महत्त्वपूर्ण दिन। सामान्यतया, पूर्णिमाका दिनहरूको नामहरू महिनाहरूको नामसँग मेल खान्छ, तर धेरै अवस्थामा तिनीहरू त्यो विशेष दिनमा मनाइने चाड अनुसार फरक हुन्छन् ।

पूर्णिमाका दिनहरूको नाम

तालिका ६ : पूर्णिमाका दिनहरूको नाम ।

नेपाल सम्वत्	संस्कृत/भारतीय नाम	क्रिश्चियन महिनाहरू
सकिमना पुन्हि	कार्तिक पूर्णिमा	नोभेम्बर / डिसेम्बर
थिंला वा योमरि पुन्हि	धान्य पूर्णिमा	डिसेम्बर/ जनवरी
मिला पुन्हि	पौष पूर्णिमा	जनवरी/फेब्रुअरी
सिपुन्हि	माघ पूर्णिम	फेब्रुअरी/मार्च
होली पुन्हि	होली पूर्णिमा	मार्च मार्च/ अप्रिल
ल्हुती / सको पुन्हि	चैत्र पूर्णिमा	अप्रिल/मे
स्वांयाः पुन्हि	वैशाख पूर्णिमा	मे/जुन
ज्यापुन्हि	जेठ पूर्णिमा	असार/जुलाई
दिल्ला पुन्हि	गुरु पूर्णिमा	जुलाई/अगस्ट
गुन्हि पुन्हि	जनै पूर्णिमा	अगस्त/अक्टोबर
कतिं पुन्हि	कोजाग्रत पूर्णिमा	कात्तिक/नोभेम्बर
अनला पुन्हि	अधिक पूर्णिमा	

त्यस्तै, सम्वत्को कृष्णपक्षको चौधौं र पन्ध्रौं दिनको आफ्नै नाम छ। प्रत्येक कृष्ण पक्षको चौधौं दिनको नाम त्यो दिन मनाइने पर्वअनुसार फरक-फरक हुन्छ। चतुर्दशी, कृष्ण पक्षको चौधौं दिन वा महिनाको २९औं दिनलाई नेपाल सम्वत् पात्रोमा चरे वा चह्रे भनिन्छ। सामान्यतया नेपाली पञ्चांगहरूले नेपाल सम्वत्का लागि सबै कृष्ण पक्षको चौधौं दिनका

नामहरू उल्लेख गरेका हुन्छन् । तर केहीले भने संस्कृत नामहरू मात्र दिएका हुन्छन् ।

तालिका ७ : चतुर्दशी, पक्षको चौधौं दिन

नेपाल सम्वत्	संस्कृत ⁄ भारतीय	ईसाई महिना
बाला चरे	बाला चतुर्दशी	नोभेम्बर / डिसेम्बर
दिसि चरे	चतुर्दशी	डिसेम्बर / जनवरी
लैं चरे	चतुर्दशी	जनवरी/फेब्रअरी
सिला चरे	चतुर्दशी	फेब्रुअरी/मार्च
पाहां चरे	पिशाच चतुर्दशी	मार्च/अप्रिल
माताति चरे	चतुर्दशी	अप्रिल/मे
सिथि चरे	चतुर्दशी	मे/जून
दिसि चरे	चतुर्दशी	जुन / जुलाई
गथांमुगः चरे	घंटाकर्ण चतुर्दशी	जुलाई/अगस्ट
पाहां चरे	चतुर्दशी	भदौ/सप्टेम्बर
नःलासोने चरे	चतुर्दशी	असोज/मङ्सिर
स्वन्ति चरे	नरक चतुर्दशी	कात्तिक / नोभेम्बर
अनला चरे	अधिक चतुर्दशी	

माघे संक्रान्ति (घ्योचाकु संल्हु), वैशाख संक्रान्ति वा खाइ संल्हु (भक्तपुर, थिमि र टोखामा बिस्केट यात्रा) र श्रावण संक्रान्ति बाहेक नेपालमा अन्य सबै चाडपर्वहरू चन्द्र पात्रो अनुसार नै मनाइन्छ ।

नेपालीहरूले मनाइने रीतिरिवाज र परम्पराहरू विविध र जटिल प्रकृतिका छन् । नेवारहरूमा पनि प्रत्येक जात, समुदाय, प्रत्येक इलाका र परिवारको साथमा, चाडपर्व र चाडपर्वहरू मनाउने क्रममा भिन्नताहरू पाउनु असामान्य होइन । उदाहरणका लागि-एउटै चाड मनाउने तिथि परिभाषित गर्दा ज्योतिषीहरूको आफ्ना कुल परम्पराअनुसार फरक हुन सक्छ । किनभने विभिन्न ज्योतिषीले त्यस्ता तिथिहरू निर्धारण गर्दा फरक सिद्धान्त पछ्याउँछन् । प्रा. कमलप्रकाश मल्लले आफ्नो 'नेवार संस्कृति र पहिचानसम्बन्धी हालका प्रकाशनको समीक्षा' शीर्षकको लेखमा आफ्नो राष्ट्रिय पहिचानको मुद्दामा एकताको कुरा गर्ने नेवारहरू तिथिहरू निर्धारण गर्ने, चाड पर्व मान्ने कुरामा कसरी विभाजित छन् भन्ने विषयमा विस्तृत रूपमा चर्चा गरेका छन्, (मल्ल २०१०) ।

नेपाल सम्वत्को आन्दोलन र वर्तमान

धार्मिक, सामाजिक र सांस्कृतिक पर्वहरू निर्धारण गर्ने नेपाल सम्वत्लाई हिन्दु र बौद्ध संस्कृतिको अभिन्न अंगको रूपमा व्यापक रूपमा प्रयोग गरिन्छ। विक्रम सम्वत्लाई आधिकारिक सम्वत्को रूपमा प्रस्तुत गरिए पनि नेपाल सम्वत् नेपाली संस्कृतिको प्रमुख हिस्साका रूपमा कायम रहँदै आएको छ। केही अपवादबाहेक नेपालमा सबै चाडपर्व र बिदाहरू चन्द्र पात्रोमा आधारित हुन्छन्।

नेपाली जनताले सबै धार्मिक चाडपर्व, जन्मदिन, जीवनचक्र र मृत्यु संस्कार चन्द्र पात्रो अनुसार नै मनाउने गर्छन्। ज्योतिषीहरूले धार्मिक रूपमा महत्त्वपूर्ण कार्यका लागि (जस्तै : शुभ मुहूर्त वा साइत निर्धारण गर्ने, राशिफल लेख्न, सबै धार्मिक चाडपर्वहरूको मिति निर्धारण गर्ने र नेपालको सांस्कृतिक रीतिरिवाज र बिदा मनाउन) चन्द्र पात्रो नै प्रयोग गर्छन्।

विद्वान् धर्मादित्य धर्माचार्यले सम्पादन गरेको 'बुद्धधर्म व नेपालभाषा' नामक पत्रिकामार्फत सन् १९२८ मा पहिलोपटक नेपाल सम्वत्को नयाँ वर्षलाई राष्ट्रिय पर्वका रूपमा मनाउन आह्वान गरिएको थियो।

सन् १९५४ मा नेपालभाषा साहित्यिक संस्था चोसापासाले हनुमानढोका दरबार को नासलचोकमा नेपाल सम्वत्को पहिलो सार्वजनिक नयाँ वर्ष समारोह आयोजना गरेको थियो जहाँ सरदार नरेन्द्रमणि आचार्य दीक्षित र बालकृष्ण समजस्ता दिग्गज उपस्थित थिए। त्यस समारोहमा बालकृष्ण समले त 'भोलिबाट नेपाल सम्वत्' प्रयोग गर्ने थाल्ने बताउनुभएको थियो, तर उहाँले नेपाल सम्वत् प्रयोग गरे वा नगरेको कसैलाई थाहा भएन।

विद्वान् धर्मादित्य धर्माचार्यले सम्पादन गरेको 'बुद्धधर्म व नेपालभाषा' नामक पत्रिकामार्फत सन् १९२८ मा पहिलोपटक नेपाल सम्वत्को नयाँ वर्षलाई राष्ट्रिय पर्वका रूपमा मनाउन आह्वान गरिएको थियो।

सन् १९७० को दशकदेखि नेवार बुद्धिजीवीहरूले नेपाल सम्वत्को नयाँ वर्षको दिनलाई सार्वजनिक कार्यक्रमको रूपमा मनाउन थाले। उनीहरूले सन् १९७९ देखि नयाँ वर्षको दिनमा सांस्कृतिक जुलुस र जनसभाहरू आयोजना गरेर यसको मान्यताका लागि अझ तीव्रताका साथ अभियान थाले। तिनीहरूको माग यसलाई राष्ट्रिय सम्वत्को रूपमा मान्यता दिनु थियो। पञ्चायतकालमा (१९६०-१९९०) सरकारले नयाँ वर्ष मनाउनेलाई दण्डित र अपमान गरेको थियो। उदाहरणका लागि– सन् १९८५ मा नेपालभाषा मंकाः खलले नेपाल सम्वत् नयाँ वर्ष मनाउन काठमाडौँमा जनऱ्यालीको आयोजना गऱ्यो, तर तत्कालीन सरकारले आफ्नो प्रहरी बलले सहभागीलाई कुटपिट गरी सयौंलाई गिरफ्तार

गरेर निर्ममतापूर्वक दमन गऱ्यो ।

'नेवार' शब्दको पहिलो प्रयोग सन् १६५४ को हनुमानढोकाको एकको शिलालेखमा भेटिएको इतिहासले देखाउँछ, (स्लसर, १९८२:९) । उन्नाइसौं शताब्दीदेखि नै 'नेवार' शब्दले काठमाडौं उपत्यकाका बासिन्दालाई सामान्य रूपमा संकेत गर्न प्रयोग गर्न थाल्यो ।

अर्कोतर्फ देशका लागि शताब्दीयौंदेखि प्रयोग हुँदै आएको 'नेपाल' शब्द अहिले नेपालकै आधुनिक राष्ट्र-राज्यको नाम हो । तसर्थ, 'नेपाल' शब्द अब कुनै विशेष समुदायलाई मात्र संकेत गर्न प्रयोग गर्न सकिँदैन । इतिहासमा कुनै एक नेवारले स्थापना गरेको हुनाले वा नेवार समुदायले यसलाई राष्ट्रिय सम्वत्को रूपमा मान्यता दिन वकालत गर्न थालेको कारणले ११४५ वर्ष पुरानो नेपाल सम्वत्लाई कसैले 'नेवार' वा 'नेवारी' सम्वत् भनेर नामकरण गर्न खोज्नु बिल्कुल गलत कुरा हो । वास्तवमा 'नेवार सम्वत्' नामको कुनै सम्वत् छैन पनि । नेपाल सम्वत्लाई 'नेवार सम्वत्' वा 'नेवारहरूको मात्र हो' भन्नु इतिहासलाई विकृति तुल्याउने मात्र हुनेछ । नेपाल सम्वत्का बारेमा किन नेवारहरू मात्र चिन्तित छैनन्, म प्रख्यात विद्वान् अभि सुवेदीको 'किन केवल नेवारहरू ?' शीर्षकमा स्थानीय अंग्रेजी दैनिकमा प्रकाशित लेखका केही लाइन उद्धृत गर्न चाहन्छु । सन् २००३ मा नयाँ वर्ष ११२४ नेपाल सम्वत् मनाएको देखे लगत्तै 'द काठमान्डु पोस्ट'मा उहाँले लेखेका केही हरफहरू :

'तर जब नेवारहरूले नेपाल सम्वत् ११२४ मनाए, तिनीहरूले जीवन मनाए, तिनीहरूले कला मनाए र तिनीहरूले यो भूमिको गौरव र सम्पत्ति भएको सभ्यताको अन्तिम रोदन मनाए । नयाँ वर्ष ११२४ को अवसरमा नेवारहरूले मात्र किन यात्रा गरे भन्ने जवाफ सरल छैन । पहिलो, मेरो अनुमान छ, गैरनेवारहरू उपत्यकाको महत्त्वपूर्ण प्रदर्शनात्मक संस्कृति र यसको गतिशीलताप्रति असंवेदनशील छन् । दोस्रो कारण हो, उपत्यकाको प्रस्तुति र कलात्मक सम्पदालाई नेवारहरूले मात्रै आज यहाँसम्म ल्याइपुऱ्याएका छन् । नेपाल सम्वत् सबै नेवार र गैरनेवारका लागि प्रत्येक वर्ष हाम्रो जीवनमा हुने प्रदर्शनात्मक संस्कृति र सीमित परिवर्तनको उत्सवका लागि उत्कृष्ट अवसर हुनुपर्छ । नयाँ वर्ष ११२४ सँग नयाँ आशा र प्रदर्शनको शक्तिको सुरुवात गरौं ।' (द काठमाडौं पोस्ट, ६ नोभेम्बर २००३) ।

खगेन्द्र संग्रौलासँग आफ्नो नियमित टीभी कार्यक्रम दिशानिर्देशमा भएको छलफलमा नेपालका चर्चित टीभी एङ्कर विजयकुमार पाण्डेले पाण्डे र उनको पुस्ताका मानिसलाई नेपाल सम्वत्का बारेमा कसरी गलत जानकारी दिइयो भन्ने बारेमा निकै रोचक टिप्पणी पाण्डेले यसरी व्यक्त गरेका थिए :

'हामी स्टुडेन्ट (विद्यार्थी) हुँदाखेरि हामीलाई बताइयो, अथवा मान्थ्यौं पनि कि नेपाल सम्वत् भनेर स्वीकार गरिदियौं भने हाम्रो नेपाली संस्कृति कमजोर हुन्छ भनेर हैन ?

कति मूर्ख र वेबकुफ थिएँ। यो कुरा बुझ्न वर्षौं लाग्यो कि मैले नेपाल सम्वत्मा रमाइलो गरेर नेपाल सम्वत्को महत्ता स्वीकार गऱ्यो भने त समष्टिगत रूपमा राष्ट्रिय संस्कृति बलियो हुन्छ नि ! मैले शंखधर साख्वालाई सम्मान गरैं भने देशको सम्मान हुन्छ भन्ने चिज... (पाण्डे १७ अक्टोबर २०१३)।'

सन् १९९९ मा कृष्णप्रसाद भट्टराईको नेतृत्वमा रहेको नेपाली काङ्ग्रेस पार्टीको सरकारले नेपालको राष्ट्रिय विभूति मानिने शंखधर साख्वालाई नेपालका राष्ट्रिय विभूतिको रूपमा मान्यता दिएको थियो, जसलाई नेपाली जनताले उनले सुरु गरेको नेपाल सम्वत्लाई मान्यता दिएको संकेतका रूपमा लिएका थिए।

सन् २००७ मा नयाँ वर्ष ११२८ नेपाल सम्वत्का अवसरमा तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले 'मेरो लेटरप्याड र मन्त्रीहरूको लेटरप्याडमा नेपाल सम्वत् छापिनेछ' भनी घोषणा गरेका थिए। यद्यपि उहाँका शब्द व्यवहारमा लागु भए वा भएनन्, हामीलाई थाहा छैन।

त्यसपछिको वर्षमा नेपाल गणतन्त्रमा परिणत भएपछि नेपाल कम्युनिष्ट पार्टी माओवादीको नेतृत्वमा पहिलो निर्वाचित सरकारले २०६३ अक्टोबर २४ मा सर्वसम्मतिले नेपाल सम्वत्लाई 'नेपालको राष्ट्रिय सम्वत्' घोषणा गरेको थियो। नेपाल सरकारले दुई सय ४० वर्षभन्दा लामो समयदेखि नेपाल सम्वत्लाई आधिकारिक प्रयोजनका लागि प्रयोग गर्न बन्द गरेको थियो। नयाँ वर्षको अवसरमा आयोजित कार्यक्रममा बोल्दै प्रचण्डले 'नेपाली जनताले गणतन्त्र नेपालको पहिलो उपहारस्वरूप घोषणापत्र पाएका छन्' भने। तर नेपाल सम्वत्लाई नेपालको आधिकारिक सम्वत्मा परिणत गर्ने दिशामा थप प्रगति देख्नका लागि प्रचण्डको प्रधानमन्त्री पद लामो समय टिक्न सकेन। अर्को वर्ष उहाँका उत्तराधिकारी माधवकुमार नेपालले पनि नेपाल सम्वत् पात्रोलाई आधिकारिक पात्रोका रूपमा लागु गर्न सिफारिस समिति गठन गर्ने आश्वासन दिनुभयो, तर त्यसले दिनको उज्यालो कहिल्यै देखेन।

यी प्रधानमन्त्रीका ठुलाठुला वाचा र घोषणाका विरुद्ध २०७२ सालको संविधानसभामा नेपालको नयाँ संविधानमा नेपाल सम्वत्लाई मान्यता दिने विषयमा छलफल हुँदा कुनै पनि दलले समर्थन गरेनन्। यसरी सरकारले सन् २००८ को घोषणा गरे पनि नेपाल सम्वत्ले कुनै आधिकारिक हैसियत पाउन सकेन। यथार्थ के हो भने विक्रम सम्वत्प्रति बफादार राजनीतिज्ञको एक वर्ग नेपाल सम्वत्लाई नेपालको आधिकारिक पात्रोको रूपमा मान्यता दिन पूरै विपक्षमा रहे। उदाहरणका लागि– कट्टर राजतन्त्रवादी नेता दीर्घराज प्रसाईंजस्ता विक्रम सम्वत्का कट्टर समर्थक भन्छन्, 'विक्रम सम्वत् नेपाली राष्ट्रवादको गौरव हो।

'नेपाल सम्वत्को इतिहासको एक लेखा-जोखा' शीर्षकको लेखमा प्रसाईं लेख्छन्, 'नेपाल सम्वत् सबै पार्टीका बाहुन नेताहरूका मागिखाने भाँडोजस्तै भइरहेको छ' (द हिमालयन बेकन, १ नोभेम्बर २०१०) । उनले नेपाल सम्वत्लाई नेपालको मौलिक सम्वत् माने पनि आधिकारिक सम्वत्का रूपमा प्रयोग गर्न नेपालका लागि अनुपयुक्त ठान्छन् ।

यसैबिच २७ अक्टोबर २०११ मा, काठमाडौँको खुलामञ्चमा आयोजित ११३२ नयाँ वर्ष समारोहलाई सम्बोधन गर्दै प्रधानमन्त्री डा. बाबुराम भट्टराईले आफ्नो सरकारले नेपाल सम्वत्लाई व्यावहारिक रूपमा नेपालको आधिकारिक सम्वत्को रूपमा लागु गर्ने घोषणा गरे । यसका लागि उनले नेपाल सम्वत्का प्रखर प्रचारक पद्मरत्न तुलाधरको अध्यक्षतामा कार्यदल पनि गठन गरेका थिए । २०१२ नोभेम्बर १४ गते नयाँ वर्ष ११३३ नेपाल सम्वत् मनाउने क्रममा प्रधानमन्त्री डा. भट्टराईले पद्मरत्न तुलाधरले आफ्नो सरकारलाई बुझाएको प्रतिवेदनलाई कार्यान्वयन गर्ने आश्वासन दोहोऱ्याए । १८ जनवरी २०१३ मा, मन्त्रिपरिषद्ले नेपाल सम्वत्को नयाँ वर्षको दिनलाई राष्ट्रिय बिदाको रूपमा घोषणा गर्ने निर्णय गऱ्यो । दुर्भाग्यवश, डा. भट्टराईले विक्रम सम्वत्लाई आधिकारिक प्रयोगबाट हटाउने आफ्नो वाचा कार्यान्वयन गर्नुअघि नै १४ मार्च २०१३ मा प्रधानमन्त्री पदबाट राजीनामा दिनुपर्‍यो र नेपालको आधिकारिक सम्वत्को रूपमा लागू गर्ने काम फेरि पनि पछि धकेलियो ।

त्यसपछिका प्रधानमन्त्री र सरकारहरूले विक्रम सम्वत्लाई सरकारी प्रयोगबाट हटाउने र नेपाल सम्वत्लाई आधिकारिक पात्रोका रूपमा प्रयोग गर्ने कुरालाई कार्यान्वयनमा ल्याउन खासै कुनै काम गरेको देखिएन । डा. भट्टराईलाई विस्थापित गरेर मन्त्रिपरिषद्का अध्यक्ष बन्न पुगेका खिलराज रेग्मीले त नेपाल सम्वत् ११३३ को नयाँ वर्ष दिवस मनाउन आयोजना गरेको समारोहमा पुगेर नेपाल सम्वत्लाई मात्र नेवार सांस्कृतिक परम्परासँग सम्बन्धित रहेको सम्वत् भनेर बोल्न समेत भ्याएका थिए ।

त्यसपछिका प्रधानमन्त्रीहरू पनि नेपाल सम्वत्को नयाँ वर्ष समारोहलाई सम्बोधन गर्न पुगे, तर कसैले पनि सरकारी कामकाजमा आधिकारिक सम्वत्का रूपमा लागु गर्ने काम कसैले गरेन । तेस्रोपल्ट प्रधानमन्त्री बन्न सफल प्रचण्डको नेतृत्वको सरकारले नेपाल सम्वत् नयाँ वर्ष ११४४ को पूर्वसन्ध्यामा नेपाल सरकारका सबै आधिकारिक कागजात र कामकाजमा नेपाल सम्वत् तिथि (मितिहरू) प्रयोग गर्ने निर्णय भएको घोषणा हुनु नेपाल सम्वत् आन्दोलनकारीका लागि अन्यन्तै सन्तोषको विषय भयो ।

नेपाल सम्वत् प्रयोग गर्ने वा नगर्ने

सरकारले नेपाल सम्वत्लाई नेपालको राष्ट्रिय सम्वत् घोषणा गरेर सरकारका सबै

आधिकारिक कागजात र कामकाजमा नेपाल सम्वत् तिथि (मितिहरू) प्रयोग गर्ने निर्णय भएको घोषणा गरिसकेको हालको समयमा पनि यसको प्रयोगलाई लिएर प्रश्न गर्ने कम छैनन् । के नेपाल सम्वत्ले विक्रम सम्वत्लाई प्रतिस्थापन गर्न खोजेको हो भन्ने पनि सवाल उठाउने गरिएको छ । नेपाल सम्वत् पक्षमा रहेकाले कुनै यसको प्रयोगमा समस्या नआउनुपर्ने धारणा राख्छन् भने विपक्षीहरूले व्यवहारमा ल्याउन नसकिने ठान्छन् र विभिन्न कारण दिन्छन् । यस सन्दर्भमा धेरै विरोधाभासपूर्ण विचारहरू आउने गरेका छन् ।

चन्द्र सम्वत्का आधारमा दैनिक जीवनका धेरै धार्मिक र सांस्कृतिक चाडपर्वहरूले मनाउँदै आएका नेपाल सम्वत्का पक्षधरहरू नेपाल सम्वत् नेपाली सांस्कृतिक सम्पदाको एउटा महत्त्वपूर्ण अंग हो र हाम्रो संस्कृति परम्परासँग गहिरो जरा गाडिएको सम्वत् हो भन्ने मान्यता राख्छन् । धार्मिक कार्य र सांस्कृतिक कार्यक्रमका लागि सबै तिथि यसै पात्रोमा आधारित छन् ।

चन्द्र सम्वत्ले प्राचीनकालदेखि नै नेपालमा बौद्ध र हिन्दुहरूको प्रायः सबै प्रमुख धार्मिक र सांस्कृतिक पर्वहरू निर्धारण गर्दछ । सबै चाडपर्व तथा व्रत चन्द्र सम्वत् अनुसार मनाउने गरेकाले यसको व्यावहारिकतामा कुनै शंका छैन । नेपाल सम्वत्को सम्वत् विश्वका अन्य सम्वत् जत्तिकै वैज्ञानिक छ । उनीहरू विश्वस्त छन् कि नेपाल सम्वत्को प्रयोगले कुनै असुविधा हुनेछ भनेर तर्सिनुपर्ने कुनै कारण छैन । उनीहरू भन्छन्– नेपाल सम्वत्को आविष्कारले हाम्रा पूर्वजले ज्योतिषीलाई धार्मिक पर्वहरू सही रूपमा निर्धारण गर्न सक्षम पार्दै लगे ।

नेपाल-सम्वत् भारतीय उपमहाद्वीपमा मुद्रामा प्रचलित अरु सम्वत्हरू समान खगोलशास्त्र (जस्तै : तिथि, वार, पक्ष, मास, योग, करण, मुहूर्त र प्रहर) मा आधारित छन् । एक सामान्य दिन सूर्योदयमा सुरु भई सूर्यास्तमा समाप्त हुन्छ, जब कि एक तिथि कुनै पनि क्षणमा सुरु भई कुनै पनि क्षणमा समाप्त हुनसक्छ । यो कुरा सूर्य र चन्द्रमाको आ-आफ्नो कक्षका बिचको कोणीय दूरीमा निर्भर तिनीहरूको परिक्रमाले निर्धारण गर्दछ ।

नेपाल सम्वत्को विरोध गर्नेहरूले यो चन्द्रमाको गतिमा आधारित चन्द्र सौर्य पात्रो भएकाले सरकारको दैनिक कार्यका लागि यसलाई व्यवहारमा ल्याउनु अत्यन्तै अव्यावहारिक भएको तर्क गर्छन् । सरकारका साथै नेपालका अधिकांश जनता आफ्ना सबै एजेन्डाका लागि विक्रम सम्वत्को मितिमा अभ्यस्त भएको उनीहरूको विश्वास छ । सरकारको दैनिक कार्यका लागि नेपाल सम्वत् लागु भएमा अनावश्यक झमेला सिर्जना हुने उनीहरूको तर्क छ ।

नेपाल सम्वत्का दिन र मितिहरूलाई सौर्यमासकै अनुसार समायोजन गर्ने विचार पनि कतिपयको छ । तिनीहरू सोच्छन् कि चन्द्र पात्रो दैनिक कार्यका लागि प्रयोग गर्नै सकिँदैन ।

तिनीहरूको विचारमा यस्तो समायोजन काम कुनै नयाँ घटना पनि होइन । क्रिस्चियन सम्वत् पनि मूल रूपमा एक चन्द्र पात्रो थियो तर पछि सौर्य कक्ष परिणत गरिएको हो । त्यसैगरी नेपाल सम्वत्लाई पनि सरकारको दैनिक कार्यका लागि सौर्यमासको आधार लिनसक्छ ।

देवदास मानन्धर र समीर कर्माचार्यजस्ता अनुसन्धानकर्ताले कम्प्युटर डाटाबेसमा नेपाल सम्वत् सेट गरी सरकारको दैनिक कार्यमा कुनै अवरोधविना व्यवहारमा ल्याउन सकिने दाबी गरेका छन् । तिनीहरू यसलाई पूर्ण रूपमा वैज्ञानिक र धेरै सरल पात्रोका रूपमा प्रयोग गर्नका लागि वकालत गर्छन् । तिनीहरू दाबी गर्छन् कि आफूहरूले कम्प्युटरमा सिर्जना गरेका मितिहरूमा भ्रम नहुने गरी कुनै अन्य सम्वत्का मितिहरू सँगसँगै प्रयोग गर्न सकिन्छ, (मानन्धर २००८) ।

इतिहासकार श्यामसुन्दर राजवंशीले नेपाल सम्वत्लाई विगतमा पनि सौर्य पात्रोका रूपमा प्रयोग गर्ने गरेकाले यसलाई पुनः सौर्य सम्वत्का रूपमा प्रयोग गर्न समस्या नहुने स्पष्ट पारेको छ। त्यसैले आवश्यक परेमा सौर्य सम्वत्का रूपमा आवश्यक परिवर्तनहरू समायोजन गरी लागु गर्न कुनै समस्या हुनेछैन ।

अझै केही समूहले विक्रम सम्वत्को सट्टा ग्रेगोरियन सम्वत् नै चलाऔँ भन्ने गर्छन् । ग्रेगोरियन सम्वत्लाई सबैभन्दा वैज्ञानिक मानिने र विश्वव्यापी रूपमा स्वीकृत भएकाले यो नेपालका लागि सबैभन्दा उत्तम विकल्प हो भन्ने उनीहरू ठान्छन् । अमेरिका र युरोपेली देशहरूमा मात्र नभई भारत, जापान, चीन, कोरिया, श्रीलंका लगायत प्रायः सबै एसियाली देशमा सरकार र जनताले लामो समयदेखि क्रिस्चियन सम्वत् प्रयोग गर्दै आएका छन् । त्यसैले सरकारको प्रशासनका लागि विक्रम सम्वत्लाई क्रिस्चियन सम्वत्ले विस्थापित गर्नु नै नेपालका लागि उत्तम हो भनी उनीहरूको धारणा छ। एकताका सरकारले विक्रम सम्वत्लाई क्रिस्चियन सम्वत्मा बदल्न आवश्यक कदम चालेको खबर पनि आएको थियो ।

नेपाल सरकारले २०११ मा पद्मरत्न तुलाधरको अध्यक्षतामा कार्यदल गठन गर्दा सरकारको दैनिक कार्यका लागि विक्रम सम्वत्लाई सामान्य सम्वत्मा बदल्ने पक्षमा प्रतिवेदन पेस गर्ने अपेक्षा गरेको थियो । प्रतिवेदनले भारतको उदाहरण लिन सरकारलाई सिफारिस गरेको भए पनि विक्रम सम्वत्लाई सामान्य सम्वत्मा राख्न सिफारिस नगरेको तुलाधरले बताए। साथै नेपाल सम्वत्लाई राष्ट्रिय सम्वत् घोषणा गरिसकेपछि नेपालमा चलेका सम्वत्हरूबारे राष्ट्रिय नीति तर्जुमा गर्न विज्ञहरूको समिति गठन गर्न सरकारलाई आग्रह गरेको छ। उनले आफ्नो कार्यदलले बुझाएको प्रतिवेदन कार्यान्वयनमा सरकारले गम्भीरता नदेखाएको भन्दै निराशा व्यक्त गरेका थिए ।

नेपाल सम्वत् आन्दोलनमा संलग्न व्यक्तिहरू विक्रम सम्वत्लाई क्रिस्चियन सम्वत्ले विस्थापित गर्ने विचारको कडा विरोध गर्छन् । उदाहरणका लागि नेपालभाषा मंका खलका तत्कालीन महासचिव नरेशवीर शाक्यले विक्रम सम्वत्लाई हटाएर नेपाल सम्वत् लागु गर्न सरकारसँग माग गरिरहनुभएको थियो, (शाक्य, २००८ः१२) ।

अन्तर्राष्ट्रिय रूपमा चलेको इस्वी सम्वत्लाई कसैले चलाउ वा नचलाउ भन्नैपर्दैन, सबैले चलाइरहेको हालको अवस्था छ। त्यसकारण प्रोफेसर त्रिरत्न मानन्धर जस्ता इतिहासकारहरू 'विक्रम सम्वत्लाई प्रतिस्थापना गरेर सरकारले क्रिस्चियन सम्वत्लाई आधिकारिक नेपालको सम्वत्को रूपमा मान्यता दिनु महाभुल हुनेछ, बरु नेपाल सम्वत्लाई नै आधिकारिक मान्यता दिनुपर्ने' धारणा राख्नुहुन्छ ।

राष्ट्रिय सम्वत्का रूपमा घोषणा भइसकेको देशको नाममा रहेको नेपाल सम्वत्लाई चाहिएमा आवश्यक सुधार गरेर भए पनि नेपाल सरकारले आधिकारिक सम्वत्का रूपमा प्रयोगमा ल्याउनुपर्छ भनेर उहाँले भन्नुभएको हो । 'नेपालमा क्रिस्चियन सम्वत्' शीर्षकको लेखमा उहाँ भन्नुहुन्छ– यो सबै अभ्यासको विषय हो, एकपटक सरकारले यसको प्रयोग गर्न थाल्यो भने मान्छेहरूमा आदत हुनेछन् र प्रयोग गर्न सजिलो मान्दै जानेछन्, (कान्तिपुर दैनिक, २००८ डिसेम्बर २) ।

पछिल्लो समय नेपालका गुरुङ, तामाङ, शेर्पा, थारु, राई र लिम्बुजस्ता अन्य आदिवासी जनजातिले पनि विभिन्न पात्रोअनुसार नयाँ वर्ष मनाउन थालेका छन् । सरकारले यी प्रत्येक समुदायको नयाँ वर्षको दिन सार्वजनिक बिदा दिने पनि गरेका छन् । त्यसैले नेपाल सम्वत्लाई मात्र नेपालको आधिकारिक सम्वत्का रूपमा मान्यता दिनु अन्यायपूर्ण कार्य हो भन्ने पनि कतिपय छन् । छुट्टै पहिचानको माग गर्ने मधेसी जनतालगायत जनजातिले नेपाल सम्वत्लाई मात्र आधिकारिक पात्रोका रूपमा स्वीकार गर्छन् वा गर्दैनन् प्रस्ट छैन । नेवारहरू मात्र होइन, सबै देशभक्त नेपालीले पनि विदेशी भूमिबाट आयातीत पात्रो भएकाले विक्रम सम्वत्लाई आधिकारिक प्रयोगबाट खारेज गर्न माग गर्न थालेका छन् । उदाहरणका लागि– मङ्गोल राष्ट्र संगठनले उनीहरूको विरोध ज्यालीमा विक्रम सम्वत्को विरुद्धमा नारा लगाए र 'राष्ट्रविरोधी सम्वत्लाई त्याग्न' माग गरे । विभिन्न नेपाली आदिवासी जनजातिको पात्रोले उचित मान्यता पाउनुपर्छ भन्ने कुरामा कुनै शंका छैन तर नेपालले सम्पूर्ण नेपाली जनतालाई स्वीकार्य हुने राष्ट्रिय पात्रोलाई मान्यता दिनु अपरिहार्य छ ।

यस सन्दर्भमा नेपाल सम्वत् पात्रोबाहेक अरु कुनै पनि उपयुक्त हुन सक्दैन, किनकि यसको नाम नै देशको नाममा रहेको छ। साथै यसले प्रचलनको सबैभन्दा लामो प्रमाणित इतिहास पनि बोकेको छ ।

निष्कर्ष

अहिले 'नेपाल' शब्द कुनै एक समूहको नभई सबै नेपालीको बनिसकेको छ। नेपाल सम्वत्को सिर्जना हुँदा न संस्थापक शंखधर न त नेपालमा अन्य मानिसहरू नै नेवार भनेर चिनिन्थे। महापुरुष शंखधर नेवार थिए वा थिएनन्, त्यो फरक कुरा हो, तर नेपाल सम्वत् ११४५ वर्ष लामो इतिहास बोकेको ऐतिहासिक तथ्य हो। शंखधरले नेपाल सम्वत्को आरम्भ गरेको किम्वदन्तीलाई विचार गर्ने हो भने उहाँको मनसाय परोपकारी थियो, किनभने उहाँले आफ्नो वा आफ्नो धर्म वा आफ्नो समुदायको नाम होइन, देशको नाम राख्नुभएको थियो। यसले उहाँको महान् देशभक्तिपूर्ण मनसायलाई स्पष्ट रूपमा देखाउँछ।

नेपाल सम्वत्ले चन्द्र सम्वत्को रूपमा आफ्नै छुट्टै मूल्य बोकेको छ। सरकारले नेपाल सम्वत्लाई स्वीकार गर्नु भनेको नेपालको मौलिक संस्कृतिको प्रवर्धन र पहिचान गर्नु पनि हो। नेपाल सम्वत्लाई त्यागेर शाह र राणा शासकहरूले काठमाडौँ उपत्यकाको सांस्कृतिक महत्त्वलाई दमन गर्ने उद्देश्य राखेका हुन सक्छन्। तर, नेपाल सम्वत्ले नेपाल पञ्चांग निर्णायक समितिबाट निरन्तर सम्मान पाइरहेको थियो र छ पनि। किनभने सबै पात्रोले यसलाई 'देश र नेपालको सम्वत्' भनेर उल्लेख गर्ने गरेका छन्। नेपाल सम्वत्को महत्त्व नाममा मात्रै नभएर नेपाल र नेपाली जनताको धार्मिक र सांस्कृतिक जीवनसँग गाँसिएको छ।

चन्द्र सम्वत्लाई आधिकारिक सम्वत् बनाएमा व्यावहारिक समस्या आउने नेपाल सम्वत्को विरोध गर्नेहरूको तर्क रहेको छ। यद्यपि चन्द्र रीतिरिवाज सम्वत्हरू भारत, चीन र सबै इस्लामिक देशलगायत विश्वभरि अभ्यासमा छन्। नेपालले सन् १९९९ मा नेपाल सम्वत्का संस्थापक शंखधरलाई नेपालको राष्ट्रिय विभूतिको रूपमा मान्यता दिएको थियो भने सन् २००८ मा सरकारले यसलाई राष्ट्रिय सम्वत्का रूपमा मान्यता दिएको थियो। सन् २०११ र २०१२ मा आएर सरकारले दैनिक व्यवहारमा यो पात्रो ल्याउने घोषणा पनि गरेको थियो। यसबाहेक २०१३ मा सरकारले नेपाल सम्वत्को नयाँ वर्षको दिनलाई सार्वजनिक बिदा घोषणा गरेको थियो। सरकारका यी निर्णयहरू ऐतिहासिक छन् र नेपालको राष्ट्रियताको दृष्टिकोणबाट ठुलो महत्त्व बोकेका छन्, यद्यपि नेपाल सरकारले आफ्नो औपचारिक व्यवहारका लागि विक्रम सम्वत्को प्रयोग गर्न भने छाडेको छैन।

वास्तवमा, सौर्य-आधारित विक्रम सम्वत्को प्रयोगको यसको सीमितता छ। सौर्य सम्वत्का रूपमा प्रयोग गरिए पनि यो न विश्वव्यापी रूपमा स्वीकृत ग्रेगोरियन सम्वत्सँग मिल्दोजुल्दो छ न त यसलाई मिति पात्रोको रूपमा मात्र अपनाएको हुनाले यसलाई चन्द्रतिथि पात्रोको रूपमा प्रयोग गर्नु तर्कसंगत छ।

नेपालमा आधिकारिक प्रयोगका लागि विक्रम सम्वत्‌लाई कायम राख्नुको पछाडि कुनै तर्क छैन । किनभने यसको प्रयोग न नेपालको धार्मिक परम्परा र विश्वव्यापी चलनसँग मेल खान्छ, (भट्टराई २०१२) । विक्रम सम्वत्‌को उत्पत्ति भएको ठानिएको भारतमा समेत आधिकारिक उद्देश्यका लागि कहिल्यै यसको प्रयोग भएको थिएन । नेपालमा विक्रम सम्वत् थोपरेर नेपालका आदिवासी जनजातिको धार्मिक र सांस्कृतिक गतिविधिलाई ओझेलमा पुऱ्याउन शासकहरू कसरी दृढ थिए भन्ने यसले प्रस्ट देखाउँछ । नेपालका स्थानीय रूपमा स्वीकृत अभ्यासहरू प्रयोग गर्नुभन्दा अरूको संस्कृति र परम्परा आयात गर्ने उनीहरूको मक्सद निन्दनीय छ । यसले तत्कालीन सरकारले देशको संस्कृति र परम्पराप्रतिको अनादर गरेको प्रस्ट हुन्छ ।

त्यसैले नेपालको धार्मिक, सांस्कृतिक र सामाजिक गतिविधिसँग जोडिएको नेपालीको आफ्नै पात्रो हुँदाहुँदै विदेशी भूमिबाट सापटी लिएको सम्वत् कायम राख्नु नेपालजस्तो सार्वभौमसत्ता सम्पन्न देशको अपमान पनि हो भन्ने देशभक्त नेपाली जनताले ठान्छन् । नेपाली जनताले आफ्नै राजा र राजतन्त्र त्यागेका बेला उनीहरूको विश्वास छ, ऐतिहासिक तथ्य नभएको सम्राटको नामको पात्रो प्रयोग गरिरहनु एकदमै बेतुकको काम हो ।

शाह राजाहरूले आफ्नो नाममा ‘विक्रम’ शब्द प्रयोग गर्न थालेको बाहेक ऐतिहासिक रूपमा नेपाल र विक्रम सम्वत्‌का बिचमा कुनै सम्बन्ध छैन । विक्रम सम्वत्‌लाई स्वदेशी संस्कृति र परम्पराको दमनको प्रतीक मान्न सकिन्छ । स्थानीय संस्कृति र परम्पराको महत्त्व कम गर्न यो आयात गरिएको थियो । तसर्थ विक्रम सम्वत्‌लाई छिट्टै त्याग्दा नै देशभक्त नेपाली जनता बढी खुसी हुनेछन् । नेपाल सम्वत्‌लाई राष्ट्रिय सम्वत् घोषणा गर्नुको साँचो साथर्कता त्यसबेला मात्र हुनेछ, जब व्यवहारमा सरकारले यस सम्वत्‌लाई सर्वत्र प्रयोगमा पनि ल्याउनेछ ।

आधिकारिक हैसियत नदिए पनि सरकारले क्रिस्चियन सम्वत्‌लाई विदेशी मुलुकसँगका सबै आधिकारिक कारोबारका लागि प्रयोग गर्दै आएको छ । विशेष गरी सन् १९५० को दशकदेखि नै नेपालमा क्रिस्चियन सम्वत्‌को प्रचलन हुँदै आएको छ । सरकारका साथै सामान्यतया गैरसरकारी संस्थाहरू र निजी क्षेत्रहरूले पनि क्रिस्चियन सम्वत्‌लाई प्रयोग गर्छन् । विशेष गरी जब तिनीहरूले आफ्ना अन्तर्राष्ट्रिय समकक्षहरूसँग व्यवहार गर्छन् । सरकारले आफ्ना सबै राष्ट्रिय कामकाजमा र विदेशी मुलुकसँगको औपचारिक कार्यहरूमा क्रिस्चियन सम्वत्‌सँगै नेपाल सम्वत्‌को पनि अनिवार्य प्रयोग गर्न थाले भने सबभन्दा उपयुक्त हुन्छ । यसले क्रिस्चियन सम्वत्‌सँगै नेपाल सम्वत्‌को प्रयोगले कुनै पनि भ्रमका लागि ठाउँ

छाड्ने छैन भने यसले नेपालको राष्ट्रिय गौरवलाई विश्वभर नै बलियो बनाउनेछ। यसरी नेपाल सम्वत्‌लाई राष्ट्रिय सम्वत् घोषणाको साँचो अर्थ हुनेछ। 'नेपाल' भनेर देशको नाममा गर्व गर्ने सबै नेपालीले पनि देशको नाम बोकेको यो ऐतिहासिक पात्रोलाई सम्मान गर्न पाउँदा गर्व गर्नेछन्। ●

(डा. बालगोपाल श्रेष्ठको यही वर्ष बज्र बुक्स काठमाडौँबाट प्रकाशित Heritage Preservation and Rights in Nepal : The Newar Language, Culture and Rituals पुस्तकबाट नेपालीमा अनुदित अंश। अनुवाद : लेखक स्वयं।) – साभार रातोपाटी डटकम

नेपाल सम्वत्को राष्ट्रिय पक्ष

–● हिरण्यलाल श्रेष्ठ ●–

अनेक प्रकारका सम्वत् आज विश्वभर प्रचलनमा छन् । कुनै व्यक्ति विशेषको नामबाट, कुनै धार्मिक सम्प्रदायको नामबाट, कुनै एउटा वंश वा जातिको नामबाट स्थापित सम्वत्हरू छन् । २० अक्टोबर ८७९ इ (वि.सं. ९३६) देखि नेपालमा प्रचलनमा आएको नेपाल सम्वत् कुनै एक व्यक्ति, वंश, जाति वा धार्मिक सम्प्रदायको नामबाट प्रारम्भ गरिएको नभै, यो देश नेपालको नामबाट स्थापना गरिएको हुनाले प्रारम्भदेखि नै राष्ट्रियताको भावनाबाट प्रेरित भएर मुलुकको गौरव बढाउने मनसायबाट प्रतिस्थापित देखिन्छ ।

जनश्रुतिअनुसार शंखधर साख्वाले अप्रत्याशितरुपमा आफ्नो हातमा अपार सम्पत्ति फेला पार्दा तत्कालिन ठकुरी राजा राघवदेवको अनुमति प्राप्त गरेर जनताको ऋण तिरेर नेपाल सम्वत् प्रचलनमा ल्याएका हुन् । शंखधर साख्वाले आफ्नो नामबाट, आफ्नो जातजातिको नामबाट, आफ्नो धर्मको नामबाट सम्वत्को नाम राखेनन् । उनले आफ्नो मातृभूमि नेपालको नामबाट उक्त सम्वत् स्थापना गरेको हुनाले यो सम्वत् नेवार सम्वत् होइन । देशको नाम चम्काउने राष्ट्रिय सम्वत् हो । तसर्थ प्रत्येक नेपाली जसलाई नेपालको नागरिक भन्न गौरव लाग्छ, तिनीहरूका लागि नेपाल सम्वत् पनि प्यारो लाग्नु स्वभाविक नै हुन्छ । यसरी राष्ट्रियतालाई सुदृढ गर्न राष्ट्रकै नामबाट सम्वत् चलाउने नेपाल सम्वत्का संस्थापक शंखधर साख्वालाई श्री ५ को सरकारले ने.सं. ११२० कछलाथ्व १० (वि.सं. २०५६ मंसिर २ गते) विहीबारका दिन नेपालको राष्ट्रिय विभूतिको रुपमा मान्यता दिने निर्णय गरेको छ । एक साधारण नेपालीले पनि नेपाल देशको गौरव बढाउने काम गर्छ भने

त्यसको कदर प्रजातन्त्रमा हुन्छ भन्ने राम्रो उदाहरण सरकारले प्रस्तुत गरेर सराहनीय काम गरेको छ।

नेपाल सम्वत्लाई मध्यकालमा राष्ट्रिय सम्वत्को रुपमा प्रयोगमा ल्याइएको थियो। नेपालको इतिहासमा नेपाल सम्वत्को प्रारम्भलाई, प्राचीनकालको अन्त्य र मध्यकालको शुरुवातको रुपमा इतिहासकारहरूले ग्रहण गरेका छन्। काठमाडौं उपत्यका र तत्कालीन नेपालमण्डलभित्र मात्र नेपाल सम्वत्को प्रचलन सीमित थिएन, अन्तर्राष्ट्रिय पत्राचार गर्दा पनि यसको प्रयोग गरिएको देखिन्छ। महाचीनका मिनवंशी सम्राट ताये मिडले वनेपाका शासक शक्तिराम सिंहलाई संस्कृत भाषा रञ्जना लिपिमा लेखेर पठाएको परवानपत्रमा ने.सं. ५३५ असार शुक्ल दशमी भनी उल्लेख गरिएको छ।

उत्तरतर्फबाट होइन, दक्षिणतर्फका छरछिमेकीले पनि नेपाल सम्वत्को प्रयोग गरेका उदाहरणहरू छन्। भारतको पश्चिम बंगालको कुचविहारका राजा प्राणनारायणले ने.सं.७५३ अंकित गरी सुनको मुद्रा निष्काशित गरेको देखिन्छ। राजा प्राणनारायणका दुई बहिनीहरू रुपमती र अनन्तप्रियाको काठमाडौंका राजा प्रताप मल्लसित विवाह भएको थियो। मुद्रामा पहिलो ने.सं.को प्रयोग यसैबेला भएको देखिन्छ। यसपछि पाटनका राजा सिद्धिनरसिंह मल्लले पनि मुद्रामा ने.सं. ७५९ प्रयोग गरेको पाइन्छ।

नेपाल सम्वत् शाहवंशको प्रारम्भकालसम्म प्रयोग भएको पाइन्छ। नेपाल सम्वत् परित्याग गरी आधिकारिक रुपमा विक्रम सम्वत् भित्र्याउने काम राणा प्रधानमन्त्री चन्द्र शमशेरले गरेका थिए। आफूलाई सूर्यवंशी र राजपुतसित सम्बन्धित देखाउने अभिप्रायबाट आयातीत विक्रम सम्वत्को औपचारिक रुपमा सन् १९०३ देखि मात्र नेपालमा प्रचलन चलाइएको देखिन्छ। राणाशाहीको अन्त्य र प्रजातन्त्रको अभ्युदयपछि सम्वत् कुन किन प्रचलनमा ल्याउनु उपयुक्त हुन्छ भनेर समीक्षा गरी राष्ट्रिय हितको पक्षमा निर्णय लिनु वाञ्छनीय हुनेछ। नेपालको अस्तित्वलाई सुदृढ पार्ने नेपालभित्रका जुनसुकै जातजातिमा, जनजातिहरूले जोगाइराखेको राष्ट्रिय विशेषतायुक्त कुरालाई सबैले ग्रहण गर्नुपर्दछ। सम्वत्का मामिलामा नेपाल देशकै नाम जोडिएको राष्ट्रिय सम्वत् नेपाल सम्बत छँदाछँदै किन आयातीत विदेशी सम्वत् ग्रहण गर्ने ? नेपालभित्रै नेपालीहरूको सम्वत् नभएको भएमात्र छिमेकी देश वा अन्यत्रको सम्वत् ग्रहण गर्नु अस्वाभाविक हुँदैन। नेपालको गौरव बढाउने नेपाल सम्वत् हामीसित भएकोले यसलाई सरकारले आधिकारिक रुपमा प्रचलनमा ल्याउने निर्णय गर्नु उपयुक्त हुनेछ। शंखधर साख्वालाई राष्ट्रिय विभूति मानिसकेपछि राष्ट्रिय विभूतिको कृतित्वलाई मान्यता प्रदान गर्नु विवेकपूर्ण निर्णय हुनेछ।

मध्यकालमा पूर्वको उदयपुर र पश्चिम गुजरातमा समेत नेपाल सम्वत् अंकित

अभिलेखहरू फेला परेको कुरा धनबज्र वज्राचार्यलगायतका इतिहासकारहरूले उल्लेख गरेका छन् । गढी गुल्म विषयमा लेखिएको असाष्टदास्त्रिका प्रज्ञापारमितामा ने.सं. ११९ उल्लेख गरिएको छ। काठमाडौं उपत्यका र नेपालमण्डलका मध्यकालीन शिलापत्र, ताम्रपत्र र ग्रन्थहरूमा नेपाल सम्वत् नै प्रचलित थियो । कसैले इतिहासलाई मेट्न सक्दैन । श्री ५ बडामहाराजा पृथ्वीनारायण शाहले गोर्खाबाट प्रारम्भ गरी त्यसबेलाको विखण्डित र विभाजित नेपालको पुनर्एकीकरण गरेपछि यो मुलुकको नाम गोर्खा नराखी किन नेपाल राखियो होला ? किन राजधानी काठमाडौं उपत्यकामा नै राखियो होला ? दिव्योपदेशमा विदेशको नाचगान होइन, नेवारको नाचगान हेर्नु भनियो होला ? किन नेपाललाई 'चार वर्ण छत्तीस जातको साझा फुलवारी' भन्ने उपमा दिइयो होला ? हजारौं वर्षदेखि स्वतन्त्र अस्तित्वमा रहेको नेपालको गौरवको पुनर्स्थापना गर्नु र नेपाल राष्ट्रलाई निरन्तरता प्रदान गर्नु नै यसको मूल मनसाय रहेका कुरा निर्विवाद छ। अनि देशलाई 'नेपाल सम्वत्' अस्तित्वमा छँदाछँदै आयातीत अर्काको सम्वत् किन अपनाउने ? नेपालसित जोडिएको सभ्यता, संस्कृति र सम्वत्लाई संरक्षण र सम्बर्द्धन गर्नु राष्ट्रिय कर्तव्य हुनेछ ।

नेपाललाई आफ्नो प्रभाव क्षेत्र सम्झने, हस्तक्षेप र प्रभुत्व जमाउन खोज्ने प्रवृत्तिहरू एसियामा अझै मौजुद रहेको सन्दर्भमा राजा विक्रमादित्यको बेलामा नेपाल सांस्कृतिक प्रभाव क्षेत्र भएकोले यहाँ विक्रम सम्वत् प्रचलित भएको भन्ने गलत अवसर अरुलाई किन दिने ? नेपालको मौलिक सम्वत् छँदाछँदै अर्काको पैंचो किन लिने ? फेरि इस्वी सम्वत् जस्तो अन्तर्राष्ट्रिय प्रचलनमा आइसकेको सम्वत् विक्रम सम्वत् होइन । भारतमा समेत यो व्यापक प्रचलनमा छैन । तसर्थ देशभित्र नेपाल सम्वत्, अन्तर्राष्ट्रिय व्यवहारमा इस्वी सम्वत् चलाउन उपयुक्त हुनेछ ।

नेपाल सम्वत् प्रारम्भ हुने दिन 'म्हपूजा' (आत्मपूजा) गर्ने प्रचलन पुरानो परम्परागत चलन हो । मानदेव सम्वत् र नेपाल सम्वत् पनि म्हपूजा गर्ने दिन अर्थात चन्द्रमासको तिथि अनुसार कार्तिक शुक्ल पक्ष प्रतिपदा तिथिको दिन नयाँ सूर्य उदाएको हेरेर मनाउने परम्परा छ। म्हपूजा अर्थात् आफ्नो शरीरलाई आफै मण्डप बनाएर दपि प्रज्ज्वलित गरी पूजा गर्ने स्वपूजाको प्रचलनबाट आत्मसम्मान र स्वाभिमानको भावना जगाउँछ। सबै जनतालाई ऋण मोचन गरेर मात्र नयाँ सम्वत् चलाउने परम्पराअनुसार ११४० वर्षअगाडि काठमाडौं उपत्यकामा शंखधर साख्वाःको अगुवाइमा सम्भवतः दासप्रथा अन्त्य गरी आफ्नो शरीर अरुको अधीनबाट मुक्त भएको स्वतन्त्रताको दिनलाई आत्मपूजा गरेर मनाउने गरेका हुन सक्छ। शंखधर साख्वालाई राष्ट्रिय विभूति घोषणा गरिसकेपछि नेपाल सम्वत् उत्पत्तिबारे अध्ययन अनुसन्धान व्यवस्थितहरूपमा गराउने दायित्व स्वतः सरकारमाथि आएको छ।

आत्मसम्मान र स्वाभिमानविना राष्ट्रियता बलियो हुन सक्दैन। नेपाल सम्वत् र म्हपूजाको प्रचलनले आत्मसम्मान र स्वाभिमानको भावनालाई जगाउने र निरन्तरता प्रदान गर्दै आइरहेको छ। विदेशी साँस्कृतिक अतिक्रमणको विरुद्ध नेपालको सांस्कृतिक राष्ट्रवादलाई तिखार्न नेपालको नाम, नेपालीत्वको भावना चम्काउने सम्वत् र संस्कृतिलाई जोगाउनुपर्छ। नेपाल सम्बत ११४६ को उपलक्ष्यमा देशको स्वतन्त्रता, सार्वभौमिकता र क्षेत्रीय अखण्डताको संरक्षण गर्न सकोस्, समानता पारस्परिक सम्मान तथा साझेदारीमा आधारित बहुजातीय एकता सुदृढ पार्न सकोस् र मुलुकको समग्र सम्मुन्नति होस् भन्ने शुभकामना व्यक्त गर्दछ।●

(नेपाल समाचारपत्र दैनिक २०५८ कार्तिक ३० गते प्रकाशित लेख)

चन्द्रमासको आधारमा नेपाल पञ्चाङ्ग-पत्र

–● दैवज्ञ कीर्तिमदन जोशी ●–

जगतको सृष्टितत्वसम्बन्धी यथार्थ अवस्थाको बोध ज्योतिषबाट नै सहज रुपमा गर्न सकिने र सनातनकालदेखिनै ज्योतिष विद्याको धार अनवरत रुपमा चल्दै आएको हुँदा यथार्थमा ज्योतिष परमात्मा कै चक्षु पनि भएकोले नेपालमण्डलमा पहिले पहिले जाने बुझेका नेपालभाषाभाषी नेवाः ज्योतिर्विद ज्योतिषीहरूको घर घरमा चान्द्रमानमा आधारित आआफ्नै किसिम र तरिकाका विभिन्न हस्तलिखित नेपाल सम्वत्का मूढे पात्रोहरू नेपाली कागजमा लेखेर तयार गर्ने गर्थे। त्यसमा कुनै सानो, कुनै ठूलो त कुनै छोटो कुनै लामो बेरेर वा लपेटेर वा पट्याएर पनि बनाउने गरेका थिए। तर, ती पात्रोहरू आआफ्नो निजी प्रयोग हेतु बनिने हुनाले कुनै तरहले पनि एक रुपता हुँदैनथ्यो। वि.सं. १९४० तिर बनारसबाट समेत सौरमानमा आधारित पात्रोहरू छपाएर प्रकाशन गर्न थालेको २० वर्षपछि नेपालमण्डलमा अति लोकप्रिय चान्द्रमासमा आधारित कार्तिकादि कछलाथ्वका पात्रोहरू विस्थापित गरेर सौरमानका विक्रम सम्वत् पात्रोहरू प्रचलनमा ल्याए। कार्तिक शुक्लपक्ष जस्तो ऐतिहासिक एवं प्राचीनतम् महत्व बोकेको नेपाल सम्वत् शुरुको चलनचल्तीमा नक्षत्रमाला वा नगुमाला वा नगुमांको रुपमा रहेका हस्तलिखित नेपाल सम्वत्‌ीय पात्रोहरू वि.सं. १९६० तिर राणाकालीन प्रधानमन्त्री चन्द्रशम्सेरको पालामा ती पात्रोहरू अपहृत भई विक्रम सम्वत् लागु गरिएपछि नेपाल सम्वत्‌ीय पात्रोहरूमात्र होइन स्वयं नेपाल सम्वत् पनि व्यावहारिक रुपमा चलनचल्तीमा नआएको करिव १०४ वर्षपछि नेपालभाषाभाषीमात्र होइन सम्पूर्ण नेपालीले नै सहजतापूर्वक प्रयोग गर्न सकून् भनी उपयुक्त ढंगले यो नेपाल

सम्वत्‌ीय नेपाल पञ्चाङ्ग-पत्र तयार गरिएको हो ।

नेपालभाषाभाषी समाजले मनाउँदै आएका विभिन्न वार्षिक चान्द्र तिथियुक्त चाडपर्वहरू कालान्तरमा आएर मानवीय चेतनामा आएको ह्रास र विचलनका कारण झनै विस्थापित हुँदै गइरहेको तथ्यलाई समेत मनन् गरि सो आवश्यकता परिपूर्ति हेतु यो नेपाल सम्वत्‌ीय नेपाल पञ्चाङ्ग-पत्रको आवश्यकता महसुस गरिएको हो । नेपाल सम्वत् राष्ट्रिय सम्वत् घोषणा पश्चात् तथा देशको वर्तमान लोकतान्त्रिक परिप्रेक्षमा नेपाल सम्वत्‌को अपरिहार्यता अझ बढेको महसुस भएको छ। नेपाल सम्वत् कुनै नयाँ सम्वत् नभएकोले राष्ट्रिय सम्वत् घोषणा भन्नुको सट्टा पुनःस्थापना भनिएको भए आमजनताको राष्ट्रिय हक अर्थात् अपहृत वस्तु पुनः प्राप्त भएको जस्तो ठहरिने भई मुलुकको लागि अझ राम्रो हुने थियो तापनि अब यसको कार्यान्वयनपक्ष नै महत्त्वपूर्ण हुने हुँदा आमजनताले सतर्कतापूर्वक हेरिने छ । नेपाल सम्वत्‌लाई शास्त्रहरूले यसअघि नै मान्यता दिइसकेकोले नेपाल सम्वत् शास्त्रसम्मत नै रहेको परिप्रेक्षमा नेपाल सम्वत्‌मा आधारित नेपाल पञ्चाङ्ग-पत्र प्रकाशन हुनु सराहनीय कार्य भएको र करिव ६३ वर्ष अघि नै संयुक्त राष्ट्र संघको सदस्यता लिने बेलामा नेपाल सम्वत्, रञ्जनालिपि र नेपालीभाषा उल्लेख गरेर सदस्यता ग्रहण गरेको नेपालले जबसम्म सरकारी कार्यालय र सरकारी पत्रहरूमा नेपाल सम्वत्‌का कुरा उल्लेख गरिँदैन तबसम्म राष्ट्रिय मान्यता वा घोषणाको कुनै अर्थ रहँदैन ।

शुरुमा चान्द्रमान अनुसार पञ्चाङ्गका मुख्य ५ अंग तिथि, वार, नक्षत्र, योग र करणलाई प्रधानता दिई यो नेपाल सम्वत्‌ीय नेपाल पञ्चाङ्ग-पत्र प्रकाशन गर्ने योजना रहेको भए तापनि लोकतान्त्रिक सभ्यतानुसार सर्वसम्मितिले हाल विक्रमसम्वत्‌को आधारमा प्रकाशित पात्रोहरूमा रहेको अभ्यस्ताताका कारण हाललाई सौरमानलाईसमेत प्रधानता दिई पञ्चांगको ५ अंगभित्र नपरेतापनि गतेबाट पनि कार्तिकशुक्ल प्रतिपदा कछलाथ्वदेखि कार्तिककृष्ण अमावस्यासम्मको वार्षिक पञ्चाङ्ग-पत्र तयार गरिएको हो । कुनै एक वर्गमा मात्र सीमित रहेको आधिपत्यतालाई अन्त गरी समावेशीधारणा अन्तर्गत गैरनेपालभाषाभाषीसमेतलाई समेटी नेपालभाषाभाषीभित्र रहेका विभिन्न वर्ग जनजातिहरूको समेत प्रतिनिधित्वमात्र होइन महिला पञ्चाङ्गकर्ता ज्योतिषीसमेतको संलग्नतामा तयार गरी यो नेपाल सम्वत्‌ीय पञ्चाङ्ग तयार गरिएको हो । पहिले नै मान्यता पाइसकिएको नेपाल सम्वत् पात्रो तिथिको आधारमा गणना हुने भएकोले नेपाल सम्वत् वैज्ञानिक छ र सही अर्थमा नेपाल सम्वत्‌को संरक्षण र जोगाउने काम यस नेपाल पञ्चाङ्ग-पत्रले गरेको छ। नेपाल सम्वत् मुलुकको मौलिक सम्वत् भएकोले धर्म संस्कृतिको रक्षा गर्न जनता स्वयं जागरुक हुनुपर्ने बेलामा नेपाल सम्वत्‌को आधारमा नेपाल पञ्चाङ्ग-पत्र प्रकाशन हुनु मुलुकको लागि रचनात्मक

कार्यमात्र नभएर देशको लागि अमूल्य योगदान नै साबित भएको छ।

नेपाल सम्वत्को पञ्चाङ्ग प्रयोगमा ल्याउँदा तिथि, मितिको विस्तृत जानकारी पाइनेछ भने यो पञ्चाङ्ग विशेष गरी तिथिप्रधान हुने भएको र सनातनकालदेखिनै हामीद्वारा गरिँदै आएको ध्यान, जप, पूजा, पाठ, धर्म संस्कृति पनि तिथिबाट नै चल्दै आएको हुनाले हाम्रा पूण्यकर्मको सिद्धि प्राप्त हुने कुरामा सन्देह रहेन र ज्योतिषशास्त्रको तथ्यगत सही आधारमा गरिने कृत्यमा सफलता अवश्यम्भावी छ। मुलुकका अधिकांश वार्षिक चाडपर्वहरू चान्द्रतिथियुक्त रहेको र धार्मिक कृत्यहरू पनि तिथिगतरुपमा नै रहेका कारण सो अनुष्ठानको पूण्यफल जोगाइन्छ भन्ने सकारात्मक विश्वास लिइएको छ। स्वर्णयुग अर्थात् सत्ययुगादि मानिएको कार्तिक शुक्लपक्षमा नै स्थापित् नेपाल सम्वत् नेपाल पञ्चाङ्ग-पत्र निर्माणको निमित्त उहिलेका हस्तलिखित नगुमां वा नक्षत्रमाला पात्रोको स्थानमा सर्वहितार्थ सौर एवं चान्द्रमान्लाई नै शिरोपर गरी करिब १०४ वर्षको अन्तरालमा नेपाल पञ्चाङ्ग-पत्र प्रकाशन गरिएका हो।

नयाँ नेपाल निर्माण गर्ने क्रममा मुलुकमा भएको पटकपटकको जनआन्दोलन एवं कैयौं ज्ञातअज्ञात अमर शहिदहरूको जीवन अर्पणपश्चात् मुलुकले प्राप्त गरेको लोकतन्त्रलाई जीवन्त राख्ने क्रममा नेपालको आफ्नै मौलिक सम्वत् नेपाल सम्वत्अन्तर्गत नेपाल पञ्चाङ्ग-पत्रको गौरवमय प्रकाशनको शुभारम्भलाई उल्लेखनीय नै मान्नुपर्दछ। ●

नेपाल सम्वत् :
सैद्धान्तिक आधार तथा व्यावहारिक पक्ष

–● प्रा. डा. त्रिरत्न मानन्धर ●–

नेपाल एउटा बहुजातीय र बहुभाषिक राष्ट्र हो। आ-आफ्नो भाषा, धर्म, आफ्नो संस्कृति र पहचानको रुपमा गर्व गर्ने नेपालका वासिन्दाहरूले त्यसको संरक्षण र सम्बर्द्धन गर्दै आएको कुरालाई देशकै एउटा गौरवमय नमुनाको रुपमा प्रस्तुत गर्न सकिन्छ। यही सिलसिलामा नेपालको इतिहाससँग सम्बन्धित धेरै सम्वत्‌हरूको उल्लेख गर्न सकिन्छ। ती मध्ये केही पछि मात्रै प्रतिष्ठापन गर्न खोजिएका छन् भने केही चाहिँ सीमित क्षेत्रमा सीमित समयका लागि प्रयोग भएका पनि छन्। अनि केहि चाहिँ नेपालका प्रतिष्ठित व्यक्तिका नाममा उल्लेख भएका सम्वत् पनि परेका छन्। नेपालमा किरातकालका संस्थापक यलम्बरको नाममा येले सम्वत् प्रतिष्ठापन हुनुपर्ने माग केहीले गरेका छन् भने बुद्धको जन्म नेपालमा भएको नाताले बुद्ध सम्वत् तथा बुद्धको मावली पनि नेपाल (देवदह) मा नै भएकोले उनका बाजेले स्थापना गरेको भनिएको अन्जन सम्वत्‌लाई पनि नेपालले मान्यता दिनुपर्ने राय व्यक्त गरेका छन्। त्यस्तै प्रकारले तराइका केही क्षेत्रमा बसोबास गर्ने नेपालीहरूले कुनै समयमा उल्लेख गरेको लक्ष्मण सम्बत तथा तराईकै केही क्षेत्रमा इतिहासको कुनै कालखण्डमा प्रचलित हिजरी सम्बतलाई पनि नेपालले बेवास्ता गर्न नहुने राय केहीले व्यक्त गरेका छन्। त्यस्तै प्रकारले गुरुङ, तामाङ र शेर्पाहरूले विभिन्न ल्होसारका नाममा मनाइने नववर्ष पनि नेपालको निम्ति उत्तिकै महत्त्वपूर्ण रहेको कुरामा विवाद छैन।

हाल प्रचलनमा नरहे पनि, लिच्छविकालमा सैयौं वर्षसम्म प्रचलनमा रहेको एउटा सम्वत्को यहाँ निर उल्लेख गर्न आवश्यक देखिन्छ। यसलाई केही लेखकले शक सम्वत् मानेका छन् भने केहीले भने लिच्छवि सम्वत्को रुपमा उल्लेख गर्नु पर्ने राय व्यक्त गरेका छन्। किनकी भारतमा प्रचलनमा रहेको शक सम्वत् र लिच्छवि सम्वत्मा करीब सत्र महिनाको फरक देखिन्छ। लिच्छविकालको इतिहास तयार गर्न यो सम्वत्ले महत्वपूर्ण भूमिका खेलेको छ र यो सम्वत्को अध्ययन बिना लिच्छविकालको इतिहास बारे अनुसन्धान गर्न असम्भव नै छ।

लिच्छविकाल पछि मध्यकालीन नेपालमा तीनवटा सम्वत्हरू प्रचलनमा आए जुन हालसम्म पनि कुनै न कुनै प्रकारले प्रचलनमा रहेका छन्। ती हुन्, विक्रम सम्वत्, इस्वी सम्वत् र नेपाल सम्वत्।

मध्यकालमा विक्रम सम्वत् नगण्य रुपमा मात्रै प्रयोग भएको देखिन्छ। तर पृथ्वीनारायण शाहले नेपाल उपत्यका जिते पछि अर्थात नेपालको एकीकरणको सुरुआत संगै यसले सरकारी सम्वत्को रुप लियो र आधिकारिक रुपमा चिठ्ठीपत्र दस्तावेजहरूमा प्रयोग हुन थाल्यो। इस्वी सम्वत् पनि मध्यकालमा फाटफुट रुपमा नै चलेको थियो। विशेष गरी नेपालको बाटो भई भोटतर्फ जाने पादरीहरूले आफ्ना लेख पुस्तकमा यसको प्रयोग गर्न थाले र सुगौलि सन्धि पछि नेपालमा ब्रिटिश दूतावास स्थापना भएपछि उनीहरूले लेख्ने पत्रहरूमा इस्वी सम्वत् प्रयोग हुन थाल्यो र हाल यसलाई नेपालले अन्तरराष्ट्रिय सम्वत्को रुपमा ग्रहण गरिसकेको छ। नेपालमा मध्यकालको सुरुआत संगै स्थापना भएको अर्को सम्वत् हो नेपाल सम्वत् जुन हालसम्म पनि प्रचलनमा रहेको छ र विशेष गरी काठमाडौं उपत्यका र यसका आसपासका क्षेत्रहरूमा बसोबास गर्ने मानिसहरूको संस्कृतिको प्रतिकको रुपमा रही आएको छ। वास्तवमा भन्ने हो भने नेपाल सम्वत्को स्थापना संगै नेपालको इतिहासमा प्राचीन काल समाप्त भई मध्यकालको सुरुआत भएको थियो। मध्यकालमा करीव ९०० वर्ष यो सम्बत राजकीय रुपमा प्रयोग हुँदैरह्यो। विभिन्न अभिलेख, मुद्रा, वंशावली, ठ्या सफू आदिमा यो व्यापक रुपमा प्रचलनमा आयो र नेपाल मण्डल वाहिर विदेशमा समेत यो सम्वत् केही हद्सम्म प्रचलनमा आएको देखिन्छ। तर पृथ्वीनारायण शाहले नेपाल उपत्यका विजय गरिसकेपछि भने यो सम्वत् ओझेलमा पर्यो। दस्तावेजहरूमा यसलाई विक्रम सम्वत्ले विस्थापित गयो भने मुद्रामा शक सम्वत्को प्रयोग गरियो। तर पनि नेपाल सम्वत् अन्तर्गतको चन्द्रमान अनुसारको तिथि मिति र पक्ष पनि यथावत रुपमा कायम रह्यो। त्यसको धेरै वर्ष पछि चन्द्र शमशेरको समयमा विक्रम सम्वत् का तिथिमितिलाई सौरमानमा परिणत गरी दिनांक अनुसार गतेको व्यवस्था गरियो भने

मुद्रामा पनि विक्रम सम्वत् नै प्रयोग गरियो ।

राजकीय सम्वत्का रुपमा नेपाल सम्बत

सन् ८७९ को अक्टुबर २० देखि नेपाल सम्वत् प्रचलनमा ल्याइएको हो । यसमा विवाद छैन । तर यो सम्वत् कसले, किन प्रचलनमा ल्यायो भन्ने बारे भने विभिन्न व्यक्तिहरूले भिन्नाभिन्नै राय व्यक्त गरेका छन् । इसाको अठारौं शताब्दीको अन्ततिर नेपाल आएका अंग्रेज दूत विलियम कर्कपेट्रिकले आफ्नो पुस्तकमा उक्त सम्बत राजा नान्यदेवले नेपाल उपत्यका विजय गरी त्यसैको खुसियालीमा चलाएको भनी लेखेका छन् । तर यो भनाइ सही देखिँदैन । नान्यदेवले नेपाल मण्डलमाथि हमला गरेका त थिए तर उनको आक्रमणलाई नेपालमण्डलको सेनाले विफल तुल्याइदिएको थियो । एउटा सही कुरा के हो भने नान्यदेवले दक्षिण-पूर्वी नेपालको सिम्रौनगढलगायतका क्षेत्रमाथि आफ्नो आधिपत्य कायम गरेका थिए । तर यो घटना सन् १०९७ को हो जबकि त्यो भन्दा दुईसय वर्षभन्दा अगाडि नै नेपाल सम्बत प्रचलनमा आइसकेको थियो। अतः उनलाई नेपाल सम्वत्को संस्थापक मान्नु विलकुल गलत कुरा हो ।

इसाको उन्नाइसौं शताब्दीको अन्ततिर नेपाल आएका फ्रान्सेली विद्वान सिल्मां लेभीले नेपाल सम्वत् नेपालले भोटको आधिपत्यबाट मुक्त (स्वतन्त्र) भएको खुसियालीमा चलाइएको भनी आफ्नो राय व्यक्त गरेका छन् । उनको भनाइअनुसार प्राचीनकालमा केही समय नेपाल भोटको अधिनमा रहेको थियो र नेपालले ठूलो संघर्ष गरी स्वतन्त्रता हासिल गरेको उपलक्ष्यमा उक्त सम्वत्को स्थापना गरिएको थियो। लेभीको भनाइलाई मान्दा नेपालले गौरव महसुस गर्ने कुरा त छ, तर यो कुरामा सत्यता छैन। प्राचीनकालको कुनै पनि कालखण्डमा नेपाल भोटको अधिनमा रहेको कुरा नेपालका स्रोतका अतिरिक्त कुनै पनि भोट र चीनका स्रोतले संकेतसम्म पनि गरेको छैन । इतिहासको कुनै पनि कालखण्डमा नेपाल विदेशीको अधिनमा नरहेको दावी गर्दै आएकोमा लेभीको उक्त भनाइलाई कुनै हालतमा पनि स्वीकार गर्न सकिँदैन ।

भारतीय इतिहासकार रमेशचन्द्र मजुमदारले नेपाल सम्वत्को सुरुआतबारे अर्कै ढंगबाट विवेचना गरेका छन् । उनको दृष्टिकोणमा प्राचीन नेपालमा शक सम्बत प्रचलनमा थियो । शक सम्वत् ८०० लाई अशुभ मानि नेपालका राजाले त्यसलाई संक्षेपिकरण गरी ८०१ लाई १ को रुपमा प्रयोग गरेका थिए । यसो हेर्दा यो धारणा सहीजस्तो पनि देखिन्छ । तर नेपाल सम्वत् शक सम्वत्को ८०२ देखि सुरु भएको थियो, ८०१ देखि होइन । यसमा पनि माथि उल्लेख भए बमोजिम शक सम्वत् र लिच्छवि सम्वत्मा सत्र महीनाको फरक देखिनाले मजुमदारको भनाई सत्य हो कि भन्ने पनि देखिन्छ। तर यहाँनिर एउटा मुख्य

कुरा के छ भने यदि नेपाल सम्वत् शक सम्वत्‌को संक्षेपिकरण थियो भने त्यसपछिको अभिलेखहरूमा शक सम्वत्‌को प्रयोग हुनै नपर्ने थियो।

तर मध्यकालका अभिलेखहरूमा नेपाल सम्वत्‌को साथसाथै शक सम्वत् पनि नगन्य रुपमा भए पनि प्रचलनमा रहेको देखिन्छ। यतिमात्रै होइन मध्यकालका केही अभिलेखहरूमा त तीन वटै सम्वत्‌हरू (विक्रम, शक र नेपाल) एकै साथै एउटै अभिलेखमा उल्लेख गरिएको पनि पाइन्छ। यसबाट नेपाल सम्वत् शक सम्वत्‌को संक्षेपिकरण थिएन भन्ने कुरा स्पष्ट हुन्छ।

केशर पुस्तकालयमा भएको संक्षिप्त वंशावलीमा उक्त सम्वत् राजा राघवदेवले पशुपतिमा समर्पण गरी चलाएको भनी स्पष्ट रुपमा लेखेको छ। तर उनले सो सम्वत् किन चलाए भन्ने कुरा उल्लेख भएको छैन। त्यतिबेला राजवंशमा कुनै परिवर्तन भएको देखिँदैन न त कुनै ठूलो राजनैतिक घटना भएको नै चर्चा छ। यसबारे विचार गर्दा नेपालको वंशावलीहरूले एउटा व्यक्तिको उल्लेख गरेका छन्। ती हुन् शंखधर साख्वाः। वंशावली अनुसार शंखधरले छिँडिमा राखेको बालुवा सुन भई उनलाई अपार धनराशी प्राप्त भयो जसको सदुपयोग गर्दै उनले ऋण तिर्न नसकी दासत्व जीवन बिताइरहेका असंख्य नेपालीहरूको ऋण तिरी उनीहरूलाई दासत्वबाट मुक्त गरी त्यही उपलक्ष्यमा उनैको सल्लाह अनुसार राघवदेवले नयाँ सम्वत् चलाएको कुरा उल्लेख भएको छ। किनकि नयाँ सम्वत् प्रचलनमा ल्याउने कार्य राजाज्ञाबाट मात्रै हुन सक्छ।

नेपाल सम्वत् पशुपतिमा समर्पण गरेर किन चलाइयो भन्ने पनि प्रश्न उठ्न सक्छ। हुनत त्यतिबेलाका नेपालका राजाहरूको आराध्य देव पशुपति भएकोले आफ्नो आराध्य देवलाई समर्पण गरी सम्वत् चलाउनु नौलो कुरा त थिएन, तथापि यसलाई अर्को ढंगबाट पनि व्याख्या गर्न सकिन्छ। त्यो के हो भने नेपाल सम्वत् ऋणमा दुबी दासत्व जीवन बिताइरहेकाहरूलाई मुक्त गराई चलाइएको सम्वत् भएकोले दासत्व मोचन र पशुपतिबीच केही सम्बन्ध भएको हामी अन्दाज गर्न सक्छौं। पछि वि.सं. १९८१ मा चन्द्रशमशेरले नेपालमा दासप्रथा उन्मुलन गर्दा दास मालिकलाई मुहावजा दिन पशुपति भण्डारबाट आवश्यक रकम झिकेका थिए र ती मुक्त भएका दासदासीलाई शिवभक्त भनी सम्बोधन गरियो। यसरी दासत्व मोचन र पशुपतिबीच केही सम्बन्ध भएको हामी देख्छौं। हुन सक्छ दासत्व मोचन गरी चलाइएको सम्वत् भएकोले उक्त सम्वत् पशुपतिमा समर्पण गरेर चलाइएको थियो।

नेपाल सम्वत् गणना गर्ने दुई विधि छन् पूर्णान्त मान र अमान्त मान। कृष्णपक्षबाट सुरु भई शुक्ल पक्षमा अन्त हुने पूर्णान्त मान तथा शुक्ल पक्षबाट सुरु भई कृष्ण पक्षमा

अन्त हुने अमान्त मान हुन्छ। मध्यकालीन नेपालमा अमान्त मान प्रचलनमा थियो। तर पृथ्वीनारायण शाहले नेपाल उपत्यका विजय गरेपछि विक्रम सम्बतलाई प्रयोग गरी तिथिको गणना पूर्णान्त मान अनुसार गरियो। गणनाअनुसार वर्षको ३५४ वा ३५५ दिन हुन्थ्यो र यसरी न्यून हुन आउने १० या ११ दिनको लागि प्रत्येक तीन वर्षमा अधिक मास थपी वर्षको ३६५ दिन पुऱ्याइन्थ्यो।

मध्यकालमा नेपालमण्डल र यसका आसपासका क्षेत्रहरूमा नेपाल सम्वत्को प्रयोग अभिलेख, मुद्रा, आदिमा व्यापकरुपमा भएको पाइन्छ। यसका अतिरिक्त देशका पूर्वी र पश्चिमी भागमा पनि सीमितरुपमा यसको प्रयोग भएको देखिन्छ। यतिमात्र नभई कुचविहारका शासक प्राणनारायणको स्वर्ण मुद्रामा र चीनका वादशाहले नेपालका भारदारलाई पठाएको परवानामा पनि नेपाल सम्वत् उल्लेख भएका छन्। नेपालको एकीकरणपछि पनि केही सरकारी दस्तावेजहरूमा नेपाल सम्वत् प्रयोग भएको देखिन्छ। उदाहरणका लागि भोटसँग नेपालले गरेको सन्धि तथा भक्तपुरको सरकारी कागजपत्रहरूमा नेपाल सम्बतको प्रयोग पछिसम्म भएको देखिन्छ। चन्द्रशमशेरको समयमा विक्रम सम्बतलाई सौरमानमा परिणत गरी तिथिको सट्टा गते प्रणाली लागु गरिएपछि भने यसको प्रयोग विधिवत रुपमा नै बन्द भएको देखिन्छ।

शंखधर साख्वाः सन्दर्भ

माथि उल्लेख भए बमोजिम नेपाल सम्वत्का संस्थापक राजा राघवदेव भए तापनि त्यस कार्यमा प्रमुख भूमिका खेल्ने व्यक्ति थिए शंखधर साख्वाः। तात्कालिक स्रोतले उनको परिचय दिएको छैन र नेपालको सबैभन्दा पुरानो गोपालवंशावली पनि उनीबारे मौन छ। यसका साथै नेपाल सम्बतको स्थापना बारे उनीसँग जोडिएको कथालाई वैज्ञानिक दृष्टिकोणबाट मान्न सकिँदैन। यसकारण शंखधर साख्वाः ऐतिहासिक व्यक्ति होइनन्, काल्पनिक हुन् र उनीसँग जोडिएको कथामा पनि सत्यता छैन भनी लेखकहरूले व्याख्या पनि गरेका छन्। तर यो धारणा गलत छ। शंखधर काल्पनिक होइन ऐतिहासिक व्यक्ति नै हुन्। तर उनीसँग जोडिएको नेपाल सम्वत् सम्बन्धी कथा भने अतिरंजित रुपमा प्रस्तुत गरिएको देखिन्छ। यस्ता उदाहरण नेपालको इतिहासमा अरु पनि धेरै छन्।

गोपालराजवंशावलीले शंखधर साख्वाः बारे केही उल्लेख नगरे तापनि पछि लेखिएका वंशावलीहरूमा उनीबारे विस्तृत रुपमा कुराहरू लेखिएका छन्। त्यसमध्ये लण्डनको इण्डिया अफिस लाइब्रेरीमा रहेको पद्मगिरी वंशावलीमा उल्लेख भएको वर्णनको सारसंक्षेप यस्तो छः-

“एकजना ज्योतिषले भक्तपुरका राजालाई एउटा शुभ मुहूर्तमा कान्तिपुरको

विष्णुमतिबाट बालुवा ल्याएमा चार दिनपछि सो बालुवा सुन हुने कुरा बताएपछि राजाले ज्यामीहरू खटाई विष्णुमतिबाट ज्योतिषले बताएको घडीमा बालुवा ल्याउन अह्राए। बालुवा लिई आइरहेको बेलामा कान्तिपुरका साख्वाः नाम गरेको नेवार वासिन्दाले सोबारे सोध्दा ज्यामीहरूले ज्योतिषको कुरा बताए। साख्वाले केही पैसा दिई त्यो बालुवा आफूकहाँ राख्न लगाए। चार दिनपछि त्यो बालुवा सुन भयो, सो धनराशीले उनले ऋणमा डुबेका व्यक्तिहरूको ऋण तिरी मुक्त गरी नेपाली सम्बत नामले एउटा नयाँ सम्बतको सुरुआत गरे। त्यसपछि पशुपतिको दक्षिणद्वार अगाडि उनले आफ्नो सालिक बनाई दश वर्षपछि प्राण त्याग गरे।"

बालुवा सुन भयो भन्ने कुरा वैज्ञानिक दृष्टिकोणबाट मान्न सकिँदैन तापनि यसलाई सांकेतिक रुपमा अर्थ लगाई कुनै प्रकारबाट आफूलाई प्राप्त भएको अपार धनराशीको सदुपयोग गरी दास भइरहेकाहरूको ऋण मोचन गरी साख्वाले राजाद्वारा एउटा नयाँ सम्वत् जारी गराएको तथ्यलाई भने हामी वेवास्ता गर्न सक्तैनौं। यहाँनिर एउटा विचारणीय कुरा के छ भने शंखधर साख्वाःको नाम वंशावलीमा मात्रै होइन मध्यकालका अभिलेखहरूमा पनि आएका छन्, त्यो पनि सम्वत्कै सन्दर्भमा।

राष्ट्रिय अभिलेखालयमा रहेको जातक परिपाटि प्रबन्ध नामको मध्यकालीन हस्त लिखित ग्रन्थमा "नेपालिके शंखधराब्द सम्वत् ८६४... जेष्ठमासे शुक्लपक्षे दशम्यान्तिथौ जात" भनी लेखिएको पाइन्छ। सोही अभिलेखालयमा रहेको वसिष्ठ लिंगपुराण सम्बन्धित उपपुराणमा "सम्वत् शङ्कुदत्त" भनी लेखिएको छ र त्यसमा सम्वत् ७६६ दिइएको छ। यी दुवै ग्रन्थमा उल्लिखित नाम शंखधर साख्वाः नै हो र यसबाट उनको ऐतिहासिकता पुष्टि हुन्छ।

काशीनाथ तमोटको भनाइअनुसार कुनै वंशावलीमा शंखधरलाई शुद्र जातीको महाजन लेखिएकोमा माथि उल्लिखित स्रोतमा शङ्कुदत्त लेखिएबाट उनी वैश्य थिए भन्ने बुझिन्छ। किनकि दत्तु शब्द विशेष गरी वैश्यका लागि प्रयोग गरिन्छ।

यसका अतिरिक्त भक्तपुरको जेला टोलको ने.सं. ८२७ को भूपतिन्द्र मल्लको समयको शिलालेखबाट पनि शंखधर साख्वाःको ऐतिहासिकता पुष्टि हुन्छ। उक्त शिलालेखमा "अथ नेपाल भाखा संख्या सम्वत् ८२७ वैशाख कृष्ण दशमी" भनी स्पष्ट रुपमा उल्लेख गरी त्यसपछिको हरफमा "श्री २ जय भूपतीन्द्र मल्ल देव महाराजा" भनेर पनि उल्लेख भनेर पनि उल्लेख गरिएको छ। यसमा संख्या सम्वत् भनेको शंखधर साख्वाःको प्रयासबाट स्थापना भएको नेपाल सम्वत् नै हो भन्ने बारेमा कुनै शंका रहँदैन।

माथि उल्लिखित प्रमाणहरूबाट शंखधर साख्वाः काल्पनिक नभै एकजना

ऐतिहासिक पुरुष भएको तथ्यलाई पुष्टि गरेको छ। जहाँसम्म उनीसँग जोडिएको बालुवा सुन भएको कथा छ। यसलाई सांकेतिक रुपमा व्याख्या गरिनुपर्दछ। इतिहासमा यस्ता कैयन उदाहरण पाइन्छन्।

म्हपुजा : नव वर्षको पहिलो संस्कार

माथि उल्लेख भएअनुसार नेपाल सम्वत् अमान्त मानअनुसार कार्तिक शुक्ल प्रतिपदाका दिनदेखि सुरु भई कार्तिक कृष्ण औंसीका दिन सो वर्ष समाप्त हुन्छ। वर्षको सुरुआत म्हपुजाबाट हुन्छ भने समापन लक्ष्मीपुजा गरेर गरिन्छ। हुन त नेपाल सम्वत्बारे चर्चा गर्दा म्हपुजा वा लक्ष्मीपुजाबारे विस्तृत रुपमा उल्लेख गर्न आवश्यक छैन तापनि यस वर्ष (ने.सं. ११४३) को सुरुमा गर्नुपर्ने म्हपुजा केही समुदायले त्यसको एक दिन अगाडि अर्थात ने. सं. ११४२ को अन्तिम दिनमा नै गरिदिँदा यसले नेपाल सम्वत्को मौलिकता र त्यसको महत्वमाथि नै प्रश्नचिन्ह लागेकोले यसबारे केही लेख्न आवश्यक भएको छ। यहाँनिर म्हपुजा कसरी गरिन्छ भन्ने बारे नलेखी यो पुजा कहिले र किन गरिन्छ भन्ने बारे केही उल्लेख गर्न चाहेको छु।

जुनसुकै तरिकाबाट होस् आफूलाई प्राप्त अपार धनराशी खर्च गरी शंखधर साख्वाले असंख्य व्यक्तिहरूको ऋण तिरी उनीहरूलाई दासत्व जीवनबाट मुक्त गरी चलाइएको नेपाल सम्वत् भएकोले वर्षको प्रारम्भमा नै अब उप्रान्त ऋण तिर्न नसकी दासत्व जीवन बिताउनु नपरोस् भन्ने आकांक्षाका साथ आफ्नो शरीरको पुजा गरिन्छ जसलाई म्हपुजा भनिन्छ। त्यसको भोलिपल्ट अर्थात् कार्तिक शुक्ल द्वितीयाका दिन किजापुजा अर्थात भाइटीका गरिन्छ र यसलाई म्हपुजाकै निरन्तरता मान्न सकिन्छ। किनकि म्हपुजा र किजापुजाका विधि विधान (विशेष गरी नेवार समाजमा) एउटै छन्। म्हपुजा आफ्नै परिवारभित्र गरिन्छ भने किजापुजा दिदीबहिनी र दाजुभाईले सुख र दीर्घायुको कामना गर्दै एकले अर्काको पुजा गर्दछन्। दाजुभाइ दिदीबहिनीको जन्म एउटै परिवारमा हुन्छ तर विहावारी पछि उनीहरू छुटिन्छन्। तर उनीहरूबीचको आत्मीय सम्बन्ध भने कायमै रहन्छ। वर्षको सुरुआतमा आफ्नो परिवारमा म्हपुजा गरिसकेपछि भोलिपल्ट सोही उद्देश्य बोकी अर्थात् एकअर्काको सुखको कामना गर्दै किजापुजा गरिन्छ। अनि वर्ष दिन वितिसकेपछि अन्तिम दिन धनधान्यकी देवी लक्ष्मीपुजा गरी वर्षको समापन गरिन्छ। स्पष्ट छ म्हपुजा वर्ष सुरु भएकै दिन, किजापुजा त्यसको भोलिपल्ट तथा लक्ष्मीपुजा वर्षको अन्तिम दिन गरिन्छ। तर यस वर्ष ललितपुर र भक्तपुरका केही समुदायले घडी पलालाई आधार बनाई वर्षको अन्तिम दिन म्हपुजा गरी नेपाल सम्वत्को महत्त्वलाई नै चुनौती दिएका छन्। यसो गर्दा उनीहरूले

ने.सं. ११४२ मा दुई पल्ट म्हपुजा गरे र अब ने.सं. ११४३ मा म्हपुजा नै हुने छैन। किनकि अबको म्हपुजा ने.सं. ११४४ सुरु भएको दिनमात्रै गरिन्छ। यो पनि उदेक लाग्दो कुरा भयो। यहाँनिर एउटा तर्क यो पनि दिइन्छ कि घडी पलाको कारणले यस्तो अवस्था पहिले पनि आइसकेको र नव वर्षको एक दिन अगाडि नै म्हपुजा गरिएका उदाहरण पनि छ। निश्चय पनि अगाडिका वर्षहरूमा एकदुइ पटक घडी पलाको कारण देखाई नेपालको आधिकारिक पञ्चाङ्गले नव वर्षको एकदिन अगाडि नै म्हपुजाको उल्लेख गरेको छ तर यस्तो स्पष्टिकरण पनि दिइएको छः "नेपाल सम्वत् प्रारम्भका दिन म्हपुजा गर्ने परम्परा भएका समुदायले सोही अनुसार गर्न सक्ने छन्।" यसपल्ट त घडी पलाको पनि समस्या छैन। नव वर्ष प्रारम्भका दिन अर्थात् कार्तिक ९ गते दिनको साढे तीन बजेसम्म प्रतिपदा कायम रहेको छ। त्यति बेलासम्म म्हपुजा गर्न सकिँदैन र? लक्ष्मीपुजा हामीले राती गर्ने परम्परा भए तापनि म्हपुजा र किजापुजा जुनसुकै समयमा पनि गर्न सकिने तथ्य त स्पष्टै छ।

यहाँनिर मध्यकालमा लेखिएको हस्तलिखित ग्रन्थ "नेपाल वर्ष क्रिया" को उल्लेख गर्नु आवश्यक देखिन्छ। उक्त ग्रन्थमा म्हपुजा नव वर्षकै दिन गर्नुपर्ने कुरा उल्लेख हुनाको साथै सो दिन बिहान दुई घडी अर्थात् ४८ मिनेट मात्रै प्रतिपदा कायम भए पनि सो दिन जुनसुकै बेला म्हपुजा गर्न हुने भनी लेखिएको छ। यसपल्ट त नव वर्षको दिन २४ घडी सम्म प्रतिपदा भएकोले सो दिन म्हपुजा गर्न नहुने आधार के ?

केही लेखकले म्हपुजा भनेको शास्त्रमा वर्णित आत्मपुजा हो भन्दै यो पुजा परापूर्वकालदेखि चलिआएको र यसको नेपाल सम्बतसँग कुनै सम्बन्ध नभएको राय व्यक्त गरेका छन्। मेरो विचारमा म्हपुजा आत्मपुजा होइन। यसमा शरीरको पुजा हुन्छ आत्माको होइन। म्हपुजा विशुद्ध रुपमा नेपाल सम्वत् प्रारम्भ भएपछि सुरु भएको हो। लिच्छविकालमा शरीरको पुजा गर्ने प्रचलन भएकै भए तापनि सो पुजा नव वर्ष प्रारम्भ भएको दिन गरिने कुरालाई त सबैले मानेका छन्। अनि लिच्छविकालमा चलेको सम्वत् कार्तिक शुक्ल प्रतिपदादेखि सुरु हुने तथ्य त स्पष्टै छ।

हाम्रो परम्परा अनुसार म्हपुजा गरेपछि खाने भोजको थाल नमाभ्कीकन एक रात त्यसै छोड्नुपर्छ र भोलिपल्ट त्यो थाल सुन हुन्छ भन्ने मान्यता छ। सो थाल सुन नहुने कुरा त स्पष्टै छ तर म्हपुजा सम्बन्धी सो मान्यता र बालुवा सुन भै ऋण मोचन गरी नेपाल सम्वत् चलाएको विवरणबाट नेपाल सम्वत् र म्हपुजा बिचको सम्बन्ध स्पष्ट हुन्छ। वास्तवमा म्हपुजा र नेपाल सम्वत् एक अर्काका पुरक हुन्।

गत वर्ष अर्थात् ने.सं. ११४२ सुरु हुँदा खेरी न्हूदँ राष्ट्रिय समारोह समिति, शंखधर साख्वाः प्रतिष्ठान (थिमि), दे आचार्य गुथि (बज्राचार्यहरूको छाता संगठन), महामञ्जुश्री

गुरु गुथि, गुरु गुथि, बुद्ध जयन्ती समारोह समिति आदि अनेकन संघ संस्थाले पात्रो निकालेका थिए र ती सबैमा कार्तिक ८ गते (नेपाल सम्वत्‌को अन्तिम दिन) लक्ष्मी पुजा भनी निर्धारण गरिएको थियो । यसलाई बेवास्ता गर्दै कार्तिक ८ गते म्हपुजा त्यसको भोलिपल्ट नव वर्षको दिन किजापुजा गर्ने जुन कार्य भयो त्यसको सबै क्षेत्रबाट विरोध हुनु पर्दछ र भविष्यमा यस्तो कार्यप्रति सबैजना सचेत हुनु आवश्यक छ ।

नेपाल सम्वत्‌को ब्यावहारिक पक्ष

मध्यकालमा सयौं वर्षसम्म राजकीय सम्वत्‌को रुपमा रहेको नेपाल सम्वत् पृथ्वीनारायण शाहले नेपाल उपत्यका विजय गरेपछि ओझेलमा पर्न गएको र पछि चन्द्रशमशेरले यसअन्तर्गतको चन्द्रमान प्रणालीलाई सौरमानमा परिणत गरी गते प्रणाली लागु गरेपछि त यो सम्वत् केवल संस्कार र चाडपर्वमा मात्रै सीमित हुन पुगेको वर्णन माथि आइसकेको छ । वि.सं. २००७ मा प्रजातन्त्र आएपछि नेपाल सम्वत्‌को पक्षमा केही आवाज उठेका थिए, तर पंचायत व्यवस्थाको सुरुआतसँगै सरकारले यसमाथि दमनको पूर्ण नीति लियो । एउटा संस्था राजसंस्था, एउटा धर्म हिन्दू धर्म, एउटा भाषा नेपाली भाषाका साथै एउटा सम्वत् विक्रम सम्वत्‌को पक्षमा सबैजसो गतिविधि संचालन भएपछि नेपाल सम्वत्‌को अस्तित्वमाथि नै प्रश्नचिन्ह खडा भयो । तर नेपाली जनता चुप लागेर बसेनन् । सरकारी दमनको चौतर्फी विरोध भयो र नेपाल सम्वत्‌को पक्षमा आवाज उठाउनेमा काठमाडौं उपत्यका र यसका आसपासका क्षेत्रका नेवारहरू थिए । यसरी संकटमा परेको बेला यो सम्वत्‌को लागि संघर्ष गर्ने नेवारहरू नै भएकोले नेपाल सम्वत्‌लाई नेवारहरूको सम्बत भनी आलोचना गर्दा पनि नेवारहरूले यसलाई चुपचाप ग्रहण गरेका थिए । तर कुनै जाति वा समुदाय नभई देशको नाम जोडिएको नेपाल सम्वत्‌को राष्ट्रिय महत्वलाई सबैले मनन् गर्नुपर्दछ ।

वि.सं. २०४६ मा पंचायत व्यवस्थाको अन्त भएपछि नेपाल सम्वत्‌प्रतिको सरकारी नीतिमा परिवर्तन आयो । कृष्ण प्रसाद भट्टराईको प्रधानमन्त्रीत्वकालमा शंखधर साख्वालाई राष्ट्रिय विभूति घोषणा गरियो भने प्रचण्ड प्रधानमन्त्री हुँदा सरकारले नेपाल सम्वत्‌लाई विधिवत रुपमा राष्ट्रिय मान्यता दियो । यतिले मात्रै पुग्दैन, यसलाई व्यवहारमा कसरी ल्याउन सकिन्छ भन्ने प्रश्न आज चुनौतीको रुपमा आएको छ । यसको निम्ति सरकारलाई मात्रै दोष दिनु उचित हुँदैन । हामी आफैले पनि केही गर्न सक्नुपर्छ जुन हामीले गर्न सकिरहेका छैनौं । एउटा उदाहरण दिउँ - दश बाह्र वर्ष अगाडि नव आयोजित समारोहमा प्रधानमन्त्रीले वर्षको उपलक्ष्यमा वसन्तपुरमा नेपाल सम्वत्‌लाई कसरी व्यवहारमा ल्याउन सकिन्छ भन्ने बारे अध्ययन गरी प्रतिवेदन पेश गर्न एउटा उच्चस्तरीय समिति गठन गर्ने कुराको घोषणा गरेका

थिए । समिति गठन त भयो, तर संस्कृति मन्त्रालयले यसलाई दिएको कार्यक्षेत्रमा नेपाल सम्वत्‌का साथै इस्वी सम्वत् बारे पनि अध्ययन गर्न भनिएको थियो । यसको कुनै विरोध नगरी समितिले एक पृष्ठको प्रतिवेदन प्रस्तुत गरी इस्वी सम्वत् लाई सरकारी कामकाजको सम्वत् बनाउन सिफारिस गऱ्यो । कस्तो विडम्बना - संघर्ष नेपाल सम्वत्‌को, मोह इस्वी सम्वत्‌को । समितिले नेपाल सम्वत्‌लाई कसरी व्यवहारमा ल्याउन सकिन्छ भन्ने बारे गहिरो अध्ययन गरी प्रतिवेदन बुझाएको भए त्यसलाई नेपाल सरकारले बेवास्ता गर्न सक्दैनथ्यो । तर त्यसो भएन । फलस्वरुप यो विषय अगाडि बढ्न सकेन ।

आज पनि नव वर्षको दिन हामी आफ्नो माग दोहऱ्याउछौं, प्रधानमन्त्री माग पूरा गर्ने वचन दिन्छन् । तर कहिल्यै पूरा हुँदैन, अनि हामी पनि एक वर्ष चुपचाप बस्छौं । मैले थाहा पाएअनुसार यसपल्ट पनि समारोह समितिको अध्यक्षले मागहरू प्रस्तुत गरे तर प्रधानमन्त्रीले कुनै प्रतिक्रिया जनाएनन् । यही सन्दर्भमा आजको यो विचार गोष्ठी महत्वपूर्ण छ । आज भएको छलफलका आधारमा समारोह समितिले मागको खाका तयार गरी निरन्तर रुपमा सरकारसँग छलफल गर्नुपर्छ र यसबारे निकास निस्केपछि मात्रै विराम दिनुपर्दछ ।

माग प्रस्तुत गर्दा हामी बढी महत्वाकांक्षी हुनुहुँदैन । मौजुदा परिस्थिति र ब्यावहारिक पक्षलाई हामी बेवास्ता गर्न सक्तैनौं । हाल प्रचलनमा रहेको विक्रम सम्वत्‌लाई हटाई तिथिसहितको नेपाल सम्वत् कामकाजको सम्वत्‌को रुपमा रहोस् भन्ने माग हालको परिस्थितिमा पूरा हुन सक्तैन । त्यस्तो माग राख्नाले सरकार र हामीबिचको दूरी अझ बढ्नसक्छ । अतः हामीले पुरा गर्न सकिने मागमा मात्र जोड दिनुपर्दछ । हालको लागि हामीले उठाउँदै आएका माग नै पर्याप्त छन् । त्यो भनेको नेपाल सरकारले पठाउने चिठ्ठीपत्र (नेपालीमा लेखिएका) हरूमा विक्रम सम्वत्, महिना र गतेका साथै नेपाल सम्वत्, महिना र तिथि उल्लेख गर्ने र अंग्रेजीमा लेखिने पत्रहरूमा इस्वी सम्वत्, महिना र तारिखको साथै नेपाल सम्वत्, महिना र तिथि पनि उल्लेख गर्ने । यसका साथै राष्ट्र बैंकले जारी गर्ने नोटमा विक्रम र इस्वी सम्वत्‌का साथै नेपाल सम्वत् पनि उल्लेख गर्ने । यी माग पूरा गर्न नेपाल सरकारलाई कति पनि गाह्रो छैन । यसबाट देशभित्र र बाहिर नेपाल सम्वत्‌बारे सबैले थाहा पाउने छन् र यसबाट राम्रो परिस्थितिको निर्माण भएमा हामी अरु मागका साथ अगाडि बढ्न सक्छौं । हाललाई शंखधर प्रतिष्ठानको स्थापना र शंखधरको सालिक राख्ने कुरा त्यतिको महत्त्वपूर्ण छैन, किनकी ती कुरा हामी सरकारको सहयोगबिना पनि गर्न सक्छौं ।

सरकार समक्ष माग प्रस्तुत गरेपछि हाम्रो पनि केही कर्तव्य हुन्छ । बोलीचालीमा र अन्यत्र पनि हामीले सकेसम्म बढी नेपाल सम्वत् र यसका तिथि मितिबारे उल्लेख गर्न सक्नुपर्छ, ताकि सरकारले हाम्रो मागको औचित्यमाथि प्रश्न उठाउन नसकोस् । यहाँ

उपस्थित विद्वत् वर्गले यसबारे महत्त्पूर्ण सुझाव दिने आशा राखेको छु । यस्तो महत्त्वपूर्ण विचार गोष्ठी आयोजना गरी मलाई आफ्ना भनाइ राख्ने मौका दिनुभएकोमा न्हूदँ समारोह समिति र नेपाल प्रज्ञा प्रतिष्ठानलाई धन्यवाद दिन चाहन्छु । ●

सन्दर्भ ग्रन्थ / लेख

अंग्रेजी

१. Harrat, Bikramajit, *History of Nepal: As told by its own and contemporary chronicles,* Punjab: – V. V. Research Institute Book Agency, 1970.

२. Kirkpatrick, William. *An Account of the Kingdom of Nepaul,* London: W. Miller, 1811

३. Levi, Sylvain. *Historical Study of a Hindu Kingdom,* USA: Indic Foundation, 2022

४. Petech, Luciano. *Medieval History of Nepal,* Roma: Instituto Italiano Perh Medio Ed Estremo Oriente, 1984 (Second Edition)

५. Regmi, D.R., – *Medieval Nepal,* Vol. 2, Calcutta: FirmaK.L. Mukhopadhyaya, 1966

६. Vajracarya, Dhanavajra and Kamal P. Malla, *The Gopalraja Vamsavali,* Kathmandu: Nepal Research Centre, 1985.

७. Wright, Daniel. *History of Nepal,* Calcutta: Susil Gupta Ltd., 1958 (Second Edition).

नेपाल भाषा

१. तमोट, काशीनाथ. ***शंखधरकृत नेपाल सम्वत्,*** यलः नेपाल मण्डल अनुसन्धान गुथि, ने.सं. ११२९

२. तुलाधर, प्रेमशान्ति. नरेशवीर शाक्य, ***नेपाल सम्वत् व शंखधर साख्वाः,*** न्हुजः गुथि, ने.सं. ११२१ येंः

३. मानन्धर, त्रिरत्न. ***नेपालभाषाय् च्वयातःगु प्यपु सनद पत्र,*** भिंतुना, दं १ ल्या १ (ने.सं. १११०).

४. बज्राचार्य, चुन्दा. ***नेवाः तजिलजिइ नखः चखः,*** येंः नेपालभाषा एकेदेमि, ने. सं. ११२०

नेपाली

१. पन्त, महेशराज. ***नेपाल सम्वत्को राष्ट्रिय मान्यताको अनौचित्य,*** काठमाडौंः संशोधन मण्डल, वि.सं. २०३९

२. प्रधान, भुवनलाल. ***नेपाल सम्वत्को यथार्थता,*** काठमाडौंः हिरा चिनी पुं ट्रष्ट, वि.सं. २०५८

३. मल्ल, कमलप्रकाश. ***नेपालको इतिहास – संशोधकहरूको उत्थान र पतन,*** कान्तिपुरः नेपाल टेक्स्ट सोसाइटी, ने.सं. १११५.

४. शर्मा, बालचन्द्र. ***नेपालको ऐतिहासिक रुपरेखा,*** वाराणसीः कृष्णा कुमारी देवी, वि.सं. २०३३ (चतुर्थ संस्करण)

५. वज्राचार्य, धनवज्र. ***गोपालराज वंशावलीको ऐतिहासिक विवेचना,*** काठमाडौंः नेपाल र एशियाली अनुसन्धान केन्द्र, वि. सं. २०६४

६. श्रेष्ठ, टेकबहादुर. पशुपतिका दुइ ताम्रपत्रः देवदासी प्रथामा नयाँ प्रकाश, ***कन्ट्रिब्यूसन्स टु नेपालीज् स्टडिज्,*** वर्ष १ अंक २ (वि.सं. २०३१ आषाढ)

नेपाल सम्वत् पुनरुत्थानमा योगदान

–● प्रा.डा. भगवानदास मानन्धर ●–

इतिहास

नेपाल सम्वत् नेपालको मौलिक सम्वत् हो । लिच्छविराजा राघवदेवका पालामा एक साधारण व्यापारी शंखधर साख्वालाई प्राप्त हुन आएको धनसम्पति उनले सही सदुप्रयोग गर्ने उद्देश्य राखी समाजको कल्याणको साथै दानपारमिता पूरा गरी पुण्यलाभ गर्न नेपालमण्डलका ऋणी दुःखी जनताहरूको ऋण मुक्त गरिदिएका थिए । देशमा कोही पनि ऋणी छैनन् भन्ने खुसियालीमा नव जीवन्त देशको रुपमा नेपाल सम्वत् चलाएका थिए । देशको नाममा भएको संसारकै एकमात्र सम्वत् नेपाल सम्वत् हो । धन्य शंखधर साख्वाः, यहाँको महान योगदानका लागि साधुवाद ।

नेपाल सम्वत्, सन्८७९ अक्टुबर २० र शक सम्वत् ८०२ कार्तिक शुक्ल प्रतिपदा (प्रा.डा. त्रिरत्न मानन्धर, मल्ल के सुन्दर)का दिन शुभारम्भ भएको हो । नेपाल सम्वत् लिच्छवि राज्यकालले ३२१ वर्ष, मल्लकालको पूरा अवधि ५६९ वर्षसम्म विशुद्धरुपले यस नेपाल सम्वत् राष्ट्रिय र अन्तराष्ट्रिय सम्वत्का रुपमा चलाएर एकदम ठूलो योगदान र यसको महत्त्वको सन्देश दिएर गएका छन् । यसको साक्षी स्वरुप नेपालको इतिहासमा जीवन्त तथ्यहरू शिलापत्र, ताम्रपत्र, ग्रन्थ, चित्र, स्तम्भ आदि अझसम्म पनि सुरक्षित छन । सिद्धिनरसिंह मल्ल, प्रतापमल्ल राजाले चलाएको मुद्रामा ने.सं. उल्लेख थियो । ने.सं. ५२५ मा चीनका सम्राट तायिमिङ्गले नेपालका शासकलाई लेखेको पत्रमा नेपाल सम्वत् लाई “महाचीनाब्द” भनी सम्मानपूर्वक सम्बोधन गरीएको देखिन्छ (पुरुषोतमलोचन श्रेष्ठ) ।

नेपालमा, नेपाल सम्वत्‌को प्रचलनमा ने.सं. ८८९ देखि दमन नीति अपनाउँदै शाह र राणाकालले १३३ वर्षसम्म नेपाल सम्वत् नै चलाएका थिए। राणा प्रधानमन्त्री चन्द्रशम्सेरको पालामा भारतको गुर्जर/गुजरात (काशीनाथ टमोट), कतै उज्जैन (गुगल)मा प्रचलित विक्रम सम्वत्‌लाई वि.सं. १९६० देखि नेपालको राष्ट्रिय सम्वत्‌को मान्यता दिए। नेपालको संस्कार, संस्कृति, परम्परा, जात्रा, पर्व आदि प्रत्यक्ष जनताका जीवनसँग सम्बन्ध रहेको नेपाल सम्वत्‌लाई पन्छाएर भारतीय मूलको सम्वत्‌लाई राष्ट्रिय सम्वत् घोषणा गर्ने र कार्यान्वयन गर्नैहरूलाई के भन्ने? राणाशासनकालमा नेपालभाषा र नेपाल सम्वत्‌माथि दमन नीति नै थियो तर पनि सो अवस्थामा धर्मादित्य धर्माचार्यले ने.सं. १०४० मा नेपाल सम्वत्‌लाई राष्ट्रिय सम्वत्‌को मान्यता दिलाउनका लागि अभियान नै सुरु गरेका थिए। ने.सं. ११०० मा नेपालभाषा मंकाःखलःद्वारा न्हूदँ (नयाँवर्ष) समारोह सार्वजनिकरुपमा धिमेबाजा सहित ऱ्याली शुरुवात गरी मनाउन थाले। नेपाल सम्वत् सरकारी स्तरमा प्रयोग नगरेको १२० वर्ष पछि पुष्पकमल दाहाल प्रधानमन्त्रीको पालामा नेपाल सम्वत्‌लाई ने.सं. ११२८ मा राष्ट्रिय सम्वत्‌को मान्यता दिए तर आज १६ वर्ष हुँदा पनि कार्यान्वयन हुन किन सकेन ?

समस्या

यस विषयमा अनुसन्धान गर्दा निम्न समस्याका कारणहरू कार्यान्वयन हुन नसकिएको देखिन्छन्।

१) भ्रम :- नेपाल सम्वत् नेवाःहरूको मात्र सम्वत् हो र यो असजिलो, बुझ्न गाह्रो, अंकमा लेखी हिसाब किताब राख्न नमिल्ने भनी भ्रममा पर्नु र तत्कालीन सरकारले कार्यान्वयनको पहल गर्न नसक्नु।

१) नेपाल सम्वत्‌का विशेष रमाइला विशेषताहरू :-
  क) कहिले अनला (अधिकमास) आइदिन भने कहिले न्हंला (क्षयमास) भईदिने,
  ख) अनला आएको बेला १३ महिना हुने भने न्हला आएको बेला क्रमिकरुपमा रहेका महिना मध्ये एक महिनालाई खाई दिएर सो महिनाको स्थानमा न्हंला बस्छ र १२ महिनाको नै वर्ष हुनु।
  ग) अनला र न्हंलाको निश्चित स्थान नहुनु।
  घ) त्यस्तै तिथि दोहोरिने अथवा तिथि टुट हुनु र यसको पनि निश्चित स्थान नहुनु।

२) अंकमा दिनाङ्क लेख्न नमिल्नु :- यी माथि उल्लेखित विशेष रमाइला विशेषताहरू र दिनाङ्कमा पक्ष पनि उल्लेख हुनुपर्ने कारण नेपाल सम्वत्‌लाई वि.सं., ई.सं.मा जस्तै अंकमा दिनाङ्क (उदाहरण– आज वि.सं. २०८०/१२/२९ तदनुसार ई.सं.

२०२४/४/११ जस्तै अंकमा लेख्न नमिल्ने अथवा लेख्न सकेको थिएन । यसकारण नेपाल सम्वत्लाई आ-आफ्ना प्रचलन अनुसार अक्षरमा नै लेख्ने गरिरहेका छन् । उदाहरण, आज ने.सं. ११४४ चौलाथ्वः तृतिया विहिबार अथवा आंसिक अंकमा ने.सं. ११४४ चौलाथ्वः ३ विहिबार भनी लेख्ने गरिन्छ ।

३) नेपाल सम्वत्लाई कम्प्युटर प्रणालीमा प्रवेश गराउन नमिल्नु :- यी उल्लेखित विशेष विषेशताहरूकै कारण नेपाल सम्वत् आजको वैज्ञानिक समय अनुरुप कम्प्युटर प्रणालीमा प्रवेश गराउन नमिलेको हो । प्रवेश गरे तापनि वर्षभरिका दिनाङ्क तिथि टुट, तिथि दोहोरिने आदिलाई हिसाब नहाराउने गरी राख्न सकिएको थिएन । साथै अनला (अधिकमास, करिब ३ वर्षमा आउने थप महिना) र न्हंला (क्षयमास, करिब १९ देखि १४० वर्षभित्र कुनै एक महिना खाई बस्ने महिना) आउने बेलाको हिसाब मिलाउन नसक्नु ।

४) विसं र ईसंका मितिहरू एक आपसमा रुपान्तरण हुने हुन्छ तर नेपाल सम्वत्सँग रुपान्तरण गर्न नसक्नु ।

५) नेपाल सम्वत्लाई वि.सं. र ई.सं.मा रुपान्तरण गर्न सक्ने/मिल्ने एल्गोरिडमका लागि सूत्रको अभाव ।

६) तिथिमा प्रायः जात्रा, पर्व आदिका साईत फरक भइरहने ।

७) नेपाल सम्वत्को एप्स र वेवसाईट बन्न नसक्नु ।

नेपालसम्वत् प्रचलनमा ल्याउन प्रस्तावना :

नेपाल सम्वत्का यी विषेश रमाइला विशेषताहरूका कारण यसको प्रयोग सजिलो र बुझ्ने तरिकाले यसलाई प्रचलनमा ल्याउन विविध उपायहरू प्रस्तुत गरिएका छन् ।

नेपालसम्वत् परम्परागत तरिकाले थ्वः (शुक्ल) पक्ष १-१५ र गाः (कृष्ण) पक्षय् १- १४ लेखि आमाइ/औंसीलाई परम्परागत तरिकाले ३० लेख्ने गरिन्छ तर थ्वः व गाः पक्षलाई उल्लेख नगरी महिना १-१५ थ्वः र महिना १६-३० गाः भनी लेख्दा थ्वः, गाः भनी लेखीराख्नु पर्दैन (काशीनाथ तमोट, ११३९) । नेसं न्हुँदँ राष्ट्रिय समारोह समितिका दिवंगत ई. देवदास मानन्धरका टिम सहितले तिथि १ देखि ३० सम्म गिन्ति गर्दै क्यालेण्डर प्रकाशन गरिरहेका छन ।

वि.सं. २०६५ कार्तिक महिनामा नेपाल सरकारका तर्फबाट पद्मरत्न तुलाधरको संयोजकत्वमा सम्वत् अध्ययन तथा सुधार कार्यदल गठन गरी विक्रम सम्वत्, नेपाल सम्वत्, ईश्वी सम्वत्को व्यावहारिक प्रयोगको सम्बन्धमा के कसो गर्न उपयुक्त हुन्छ भनी सुझाव मागेको थियो । त्यस प्रतिवेदनमा ईश्वी सम्वत् अन्तराष्ट्रिय सम्वत्का रुपमा नेपाल

सरकारले लामो समयदेखि प्रचलनमा ल्याइसकेकोले सो अनुसार नै सरकारी क्यालेन्डर तथा सरकारको कामकाजमा निरन्तरता दिँदै जानु उपयुक्त हुने देखियो भने नेपाल सम्वत् का सन्दर्भमा सरकारी मान्यता प्राप्त नेपाल पञ्चाङ्ग निर्णायक समितिले प्रकाशन गर्ने गरेको तिथिअनुसार नै टुटफुट मिलाई नेपाल सरकारको क्यालेन्डरमा समावेश गर्ने र सरकारी कामकाजको रुपमा ल्याउन उपयुक्त हुने देखियो भनी प्रतिवेदन सुझाव पेश भएको थियो (प्रतिवेदन, सम्वत् अध्ययन तथा सुधार कार्यदल, वि.सं. २०६८ माघ २५ गते)।

प्रस्तावनामाथि चुनौती : सम्वत् भनेको तिथिमिति हेर्ने कागजी पात्रोमात्र हैन यसमा ईतिहास, संस्कार, संस्कृति, रितिरीवाज, जात्रा, पर्व, कर्मकाण्डदेखि मानवजीवनको सभ्यता लुकेका हुन्छन्। अब उपरान्त नेपाल सम्वत् कार्यान्वयन गर्न शंखधर साख्वाःको योगदान सम्झेर नेपाल सम्वत्को शुद्धता कायम गर्नु अति आवश्यक छ। नेपाल सम्वत्को शुद्धता भन्नाले नेपाली जनताका संस्कार, संस्कृति, जात्रा, पर्व आदिमा प्रयोग गर्दै आएको व्यावहारिक, सामाजिक, धार्मिक, ऐतिहासिक मान्यता अनुसार नेपाल सम्वत् तिथि लोकले आ-आफ्नो जनजीवनमा जसरी प्रयोग गरिरहेका छन् त्यहीँ मान्यता कायम राखी सरकारी कामकाज, व्यापार, बैंक अनि राष्ट्रिय अन्तराष्ट्रिय सम्बन्धमा लोकले मानेको तिथिलाई नै प्रयोगमा ल्याउनु नै शुद्धता कायम राख्नु हो। यही शुद्धता कायम राखी नेपाल सम्वत् अंकमा लेख्नु पर्ने र आजको डिजिटल युगमा प्रवेश गराउनुपर्ने मुख्य चुनौतीपूर्ण आवश्यकता हो।

माथि प्रस्तावित प्रस्तावनाहरूले नेपाल सम्वत्का विशेष विशेषता समेटेर अंकमा लेख्नु र दिनाङ्क नबिगारी कम्प्युटरमा शुद्धता कायम राखी प्रवेश गराउनुपर्ने मुख्य चुनौती थियो। अर्को ने.सं, वि.सं, ई.सं. एकआपसमा रुपान्तर गर्नु आवश्यक छ।

यहाँ ज्योतिषीहरूले सदियौं देखि एप्सबिना तिथिमिति संलग्न गरी क्यालेन्डर प्रकाशित गरिरहेका छन्। विक्रम सम्वत्, ईश्वी सम्वत्मा अक्षरमा नेपाल सम्वत् राखी क्यालेन्डर तथा डिजिटल क्यालेन्डर निकालिरहेका छन्। उदाहरण हाम्रो पात्रो, आकाश दर्शन पञ्चाङ्ग, पञ्चाङ्ग निर्णायक विकास समिति आदि। विभिन्न सफ्टवयेर डेब्लपर (Software Developer) हरूले आफ्नै तरिकाले सुत्र प्रयोग गरि एलगोरिडम (Algorithm) बनाई नेपाल सम्वत् डिजिटल क्यालेण्डरमा समाबेश गर्ने र ने.सं, वि.सं, ई.सं रुपान्तर हुने एप्स (Apps) विकास गर्ने प्रयास गरेका हुन् तर कोही पनि सफल भएन, किन ? भन्ने प्रश्न सबैमा उठ्नु स्वभाविक नै हो।

समाधान, नेसंतिकोडि सुत्र : नेपाल सम्वत्को शुद्धता कायम रहने गरी ने.सं ११४० मा माथि उल्लेखित सबै चुनौतीहरूलाई समाधान हुने गरी नेपाल सम्वत् तिथिको कोडिङ्ग व डिकोडिङ्ग (नेसंतिकोडि) सूत्र पत्ता लगाउने शुभ अवसर प्राप्त भयो। सो नेसंतिकोडि

सुत्र खोज/आविस्कार नै हो। नेसंतिकोडि सूत्र किन डिसकभरी भन्न मिल्छ त ? भन्दा यस सुत्रले के के असम्भव कामलाई सम्भब बनाई दियो ? भनी खोतल्न जरुरी हुन्छ।

१) अक्षरले मात्र लेख्न मिल्ने नेपाल सम्वत्को दिनाङ्कलाई नेसंतिकोडि सुत्र मानक ढाँचा ले अंकमा लेख्नमिल्ने बनायो। तिथिलाई नबिगारीकन कम्प्युटरमा प्रवेश गराई सरकारी कामकाज, व्यापार, बैंक आदिमा प्रयोग गर्न सम्भब बनायो। यस मानक सुत्रलाई कोडिङ्ग भनिन्छ।

ने.स = वर्ष / महिना र पक्ष / तिथि र बार …………सूत्र-
(१) अथवा N.S. (Coding) = (YYYY / MM, P / TT, D) ………..सूत्र-
(२) उदाहरण, मानक ढाँचा कोडिङ्ग अनुसार दिनाङ्क लेख्ने तरिका : ११४४/६,१/३,५

२) मानक ढाँचा कोडिङ्गले ने.सं अंकमा लेख्न सम्भव भएपछि त्यस सुत्र कम्प्यूटर प्रणालीमा प्रवेश गराउन, नेपाल सम्वत्का विशेष विशेषता भएको तिथि टुट, तिथि दोहोरिने, अनला, न्हंला सांकेतिक अंक प्रयोग गरी वर्षभरिको तिथि नबिगारीकन कम्प्युटरमा हिसाब, दाता (Data) भर्न कोडिङ्गं सूत्रलाई डिकोडिङ्ग (Decoding) सूत्रमा परिणत गर्नुपर्दछ।

N.S. (Decoding) = (YYYY / MM, AN, P / TT, Rb, D) ………..सूत्र- (३)
यहाँ, Y– वर्ष, :- महिना, A–अनला, N–न्हंला, P – पक्ष, T-तिथि, Rb- तिथि टुट र दोहोरिएमा , D– बार।

यही, सुत्र ३ ढाँचा अनुसार अंक (सून्य) मा प्रस्तुत गरिएको कम्प्यूटर प्रणालीमा डाटा (Data) प्रवेश गराउने समस्तिगत तरिकालाई नेसंतिकोडि (NSTCD) सूत्र भनिन्छ। उदाहरण, आजको दिनाङ्क नेसंतिकोडि सुत्र अनुसार कम्प्यूटर प्रणाली मा प्रवेश हुने अंक दाता यस्तो हुनेछ।

नेस+तिकोडि = ११४४/०६,००,१/०३,०,५ नेस+तिकोडि सुत्रको प्रयोग गरी क्यालेन्डर, एप्स र वेबसाईट विकास : नेस+तिकोडि सुत्र ११४०/८,१/१२,४ मा पत्ता लगाइसकेपछि नेपालभाषा टाइम्समा ११४०/१२,२/९,२ मा प्रकाशित गरियो र लगतै ११४१ मा पहिलो नेसंतिकोडि सूत्र प्रयोग गरी नेपाल सम्वत् तिथिको कोडिङ्ग र डिकोडिङ्ग क्यालेन्डर निकालियो।

नेपाल सम्वत्का विशेष विशेषताहरूका कारण नेपाल सम्वत्लाई डिजिटल (कम्प्युटर) प्रणालीमा प्रवेश गराई हिसाब राख्न असम्भब भनिएको समस्यालाई नेसंतिकोडि सुत्रले सम्भव र सफल बनाएको छ। वर्षभरिको तिथिहरू अनला, न्हंला साथै तिथि टुट

अथवा दोहोरिएकाहरू भए तापनि वर्षहरूका तिथिहरू क्रमबद्ध भएर बसेको एक्सेल (Excel) मा राखि हेरी प्रमाणित भयो ।

नेपालसंबत् कम्प्युटरमा प्रवेश गराउन आवश्यक निर्देशन दिने एल्गोरिडम (Algorithm) पनि सूत्र खोजीकै क्रममा तयार भइसकेको थियो । अब ने.सं, वि.सं, ई.सं एकआपसमा रुपान्तरण हुनेमा धुक्क भयौं । यस लगतै डिजिटल क्यालेन्डर तथा ने.सं, वि.सं, ई.सं. एकआपसमा रुपान्तरण गर्ने सफ्टवेयेर डेभेलपर (Software Developer) खोजी गर्यौं । स्पारालोजिक्स ईन्टरनेसनल (Sparalogics International) को नेपाल प्रतिनिधिलाई भेटयौं र पछि जुममा (Zoom) संस्थाका सीटिओसँग नेसंतिकोडि सुत्रको प्रयोगले कम्प्यूटर हिसाब राख्न र सम्वत्हरू एकआपसमा रुपान्तरण गर्न सम्भब बनाउने बतायौं । दुईपक्षको सौहार्दपूर्ण सहकार्यबाट करिब पाँच महिनापछि असम्भब भनिने नेपाल सम्वत्को एप्स ११४२ मा सम्भब र सफल भई निस्कियो । नेसंतिकोडि सुत्र नै मूख्य आधार भएकै कारण डिजिटलमा प्रवेश सम्भव र सफल भएपछि एप्सबाट ने.सं, वि.सं, ई.सं एकआपसमा रुपान्तरण गर्न सफल भयो भने ११४४ मा तिथिमिति वेबसाइट विकास गर्न सफल बनायो । यसकारण नेसंतिकोडि सूत्र नेपाल सम्वत्को पुनरुत्थानको जग, आत्मा सरह सावित भएको छ ।

नेपालसम्वत् कार्यान्वयन :– नेपाल सरकारका प्रधानमन्त्री बढो खुशी भई एक कार्यक्रममा वहाँले भन्नुभएको थियो कि नेपाल सम्वत् अति नै कठिन र गाह्रो (Complex र complicated) छ भन्ने लागेर कार्यान्वयन गर्न गाह्रो भइरहेको थियो । नेपाल सम्वत् लाई ने.सं, वि.सं, ई.सं एकआपसमा रुपान्तरण गर्न एक वर्ष मात्र हैन सयौं हजारौं वर्षका दिनाङ्कहरू रुपान्तरण गर्न सकियो । यसरी नेपाल सम्वत् सयौं हजारौं वर्षका दिनाङ्कहरू रुपान्तरण गर्न सम्भब नेसंतिकोडि सूत्रबाट हुनगयो भन्ने कुरा माथि उल्लेख भइसकेको छ । ने.सं ११२८ मा नेपाल सम्वत्लाई राष्ट्रिय सम्वत्को मान्यता प्राप्त भएको र ने.सं ११४४ मा सरकारी कामकाजमा कार्यान्वयन गराउने दुबै ऐतिहासिक घटनाहरूको शुभ अवसर प्रधानमन्त्री पुष्पकमल दाहालको पालामा हुन गएकोमा वहाँ धन्यवादको पात्र हुनुहुन्छ । प्रधानमन्त्री पुष्पकमल दाहालले नेपाल सम्वत्को पूनरुत्थानमा पद्मरत्न तुलाधारको योगदानलाई सम्झिँदै मल्ल के. सुन्दर लगायत सम्पूर्ण नेवाः अभियन्ताहरूको निरन्तर प्रयासया कारण सफल भएको बताउनुभएको थियो । यस्तै नेपाल सम्वत् न्हूदँ राष्ट्रिय समारोह समिति, नेवाः देय् दबू, नेपालभाषा मंकाः खलः आदि विभिन्न सम्बन्धित संस्थाहरूको तथा नेवाः सभ्यताका लागि लागिपर्ने सम्पूर्ण नेपाली जनताहरूको पनि नेपाल सम्वत् पुनरुत्थानमा त्यतिकै भूमिका रहेका छन् ।

नेसंतिकोडि सुत्रको प्रयोग प्रतिफल : नेपाल सम्वत् तिथिको कोडिङ्ग र डिकोडिङ्ग (नेसंतिकोडि) सूत्रको सूत्रपात र तयारी भएको एल्गोरिडम प्रयोग गरी नेपाल सम्वत्को एप्स, वेबसाइट, विजार्ड आदि विकास गर्न स्पारालोजिक्स ईन्टरनेसनल संस्थाले सम्भव र सफल बनाएको छ। यस नेपाल सम्वत्को प्रयोगबाट नेपाल सम्पन्न र सम्बृद्धिको बाटोमा पछ्र्याउने छ भन्ने कुरामा विश्वस्त छु। किनकी राम्रो बिउ रोपी मलजल र संरक्षण भएमा त्यसको प्रतिफल पनि अवश्य राम्रो हुनेछ। शंखधर साख्वाले सम्पूर्ण ऋणी र दासीहरूका ऋण तिरी उनीहरूलाई उन्मुक्त गराई नेपाल सम्वत् राम्रो उद्देश्य लिई चलाउनु भनेको थियो भने वहाँले देशको लागि राम्रो गुणवान बिउ (सम्वत्) रोपेको थियो। केही समय भयो यसमा मलजल र संरक्षण नभएको तर आज यसका सम्बर्धकहरू जागेका छन्। यस मानेमा यसको प्रयोगबाट नेपाल र नेपालीको गौरब विश्वभर फैलिनेछ। यो सम्वत् ब्रह्माण्ड र प्रकृतिसँग सम्बन्धित भएको हुनाले यसको महत्त्व बुझेर विश्वका अरु देशहरूले पनि प्रयोममा नल्याउलान् भन्न सकिन्न। यस नेपाल सम्वत्को प्रयोग भएमा विश्वमा शान्ति छाउनेमा विश्वस्त छु। यस नेसंतिकोडि सूत्रका सूत्राधारक लेखक स्वयम् नै हुँ। ●

साभार : नेपाल समाचारपत्र

शंखधर साख्वाः र नेपाल सम्वत्

–● पुरुषोत्तमलोचन श्रेष्ठ ●–

पूर्वप्रसङ्ग

नेपाल सम्वत्हरूले पनि धनी देश हो। इतिहासको कालप्रवाहमा आजसम्म पनि चलिआएका अनेक नामका सम्वत्हरू उदाहरणस्वरूप छन्। तत्कालीन भक्तपुरका राजा जितामित्र मल्ल र उनका सुपुत्र भूपतीन्द्र मल्लको भक्तपुर राजदरबारस्थित कुमारीचोक, लुंहितिचोक, मालतीचोकमा रहेका शिलालेखमा एकसाथ नेपाल सम्वत्, शकसम्वत्, कलिगतसम्वत्, विक्रमसम्वत्को उल्लेख आएका छन्। जस्तै कुमारीचोकको जितामित्र मल्लको शिलालेखमा नेपाल सम्वत् ७९७, विक्रमसम्वत् १७३४, शकसम्वत् १५९९, कलिगत सम्वत् ४७७८ दिइएको छ। उत्तरप्राचीनकालमा प्रचलित शकसम्वत् ८०२ मा प्रचलनमा आएको नयाँ सम्वत् नेपाल सम्वत् थियो। नेपाल र नेपालीकै माटो र मनमा सृजित मुलुकको आफ्नै मौलिक, मुलुकभित्र मात्र नभएर मुलुकबाहिर समेत प्रचलनमा आएको अन्तर्राष्ट्रिय महत्त्व र मान्यता पाएको सर्वमान्य राष्ट्रिय सम्वत् यही नेपाल सम्वत् नै हो। देशलाई अथाह माया गर्ने देशभक्त जनताहरूद्वारा मातृभूमिप्रति समर्पित, देशकै नामले नामकरण भएर चलेको सम्वत् यो विश्वमा कुनै छ भने त्यो हो नेपाल सम्वत्। देशको एकमात्र अतुल्य सम्वत् : नेपाल सम्वत्। सार्वभौमसत्तासम्पन्न स्वतन्त्र राष्ट्र नेपाल र नेपालीको पहिचानको गौरवमय प्रतीक, जस्तो : राष्ट्रिय झण्डा, उस्तै राष्ट्रिय सम्वत् : नेपाल सम्वत्।

सम्वत् प्रवर्तक र प्रवर्तनको कारण

नेपाल सम्वत्का प्रवर्तक शंखधर साख्वाः हुन्। सम्वत् प्रवर्तन एक शासकको इच्छा

र सहमतिले नभएर जनताको इच्छा र सहमतिमा जनताको मन जितेका जनप्रिय व्यक्तिले जनप्रतिनिधि भएर गर्न सक्दो रहेछ । यस कुराको अनुपम उदाहरण शंखधर साख्वाः र उनले जनताको साथ पाएर प्रवर्तन गरेको नेपाल सम्वत् हो । परिवर्तनको प्रतीक हो सम्वत् । सम्वत् प्रवर्तन खास कारणले विशेष अवसरमा हुने कुरा सम्वत् प्रवर्तनको विश्व इतिहासतिर दृष्टि दिँदा दृष्टिगोचर हुन्छ । महान घटनाको संस्मरणात्मक चीरकालिक उपज पनि हो सम्वत् । नेपाल सम्वत् पनि यस कुराको अपवाद होइन । केही इतिहासकारहरूले राजवंश परिवर्तन भएको अवसरमा नेपाल सम्वत् चलेको अनुमान गरेका छन् । तर समकालीन ऐतिहासिक सामग्रीहरूले राजवंश परिवर्तनको संकेतसम्म पनि देखाएको छैन । बरु पुरानै राजवंशको शासनले निरन्तरता पाइरहेको देखाएको छ । नेपाल सम्वत् प्रवर्तन भएको समयतिर राघवदेव राज्य गर्दै थिए । उनको राज्यकालमा पशुपतिनाथको सम्मानमा यो सम्वत् प्रवर्तन भएको थियो भन्ने कुरा केशर पुस्तकालयमा रहेको **संक्षिप्त गोपालवंशावली** (सं.गो.वं.) बाट ज्ञात हुन्छ । यो सम्वत् पशुपतिनाथको सम्मानार्थ उनै राघवदेवले चलाएका हुन् भन्ने विचार इतिहासकार धनवज्र वज्राचार्यको रहेको छ । तर यो सम्वत् कसले चलाएको हो भन्ने कुरा सो वंशावलीमा खुलाइएको छैन । पशुपतिनाथको सम्मानमा सो सम्वत् चलेको कुरा भने विश्वसनीय प्रतीत छ । अनि 'पशुपतिनाथको सम्मानार्थ यो सम्वत् प्रचलनमा ल्याइयो' मात्र भन्दा कारण खुल्दैन । 'पशुपतिनाथको सम्मानमा यो सम्वत् किन प्रचलनमा ल्याइयो' भनेर जान्न खोज्नु विशेष महत्त्वको कुरा हो । यताबाट सो सम्वत् प्रचलनमा ल्याउनुको खास कारण खुल्छ । नेपाल सम्वत् प्रवर्तनको मूल कारण राजनैतिक थिएन, अप्रत्याशित आर्थिक लाभ/समृद्धि एवं यसअघि कहिल्यै नभएको, परिवर्तनकारी अविस्मरणीय नूतन सामाजिक सुधार थिए । यो कुरा यस विषयका ऐतिहासिक सामग्रीहरूको अध्ययन विश्लेषणबाट ज्ञात हुन आउँछ । शंखधर नामका व्यापारीले अकस्मात् प्राप्त आर्थिक लाभबाट जनताहरूको ऋणमोचन गर्नु चानचुने कुरा थिएन । त्यसबखतको सामाजिक परिवेशतिर दृष्टि दिँदा ऋणमोचनले दासत्वमोचनको सम्झना गराएको छ । अर्को शब्दमा भन्नुपर्दा शायद विश्वमै दासत्वमोचनको यो प्रथम सत्प्रयास थियो । सामाजिक सुधारको यो अतुल्य उदाहरण हो । यस बारेमा इतिहासकार हरिराम जोशी आफ्नो विचार यसप्रकार पोख्छन् (२०७०, पृ.४१६)ः

> ***नेपालमा व्यापकरूपले प्रचलित लोकोख्यान औ वंशावलीहरूमा वर्णित वर्णन अनुसार नवौं शताब्दी ई.मा शंखधर नामक एक व्यक्तिले दासहरूका सम्पूर्ण ऋण तिरेर दास स्वामीहरूबाट दासहरूलाई स्वतन्त्र तुल्याएका थिए ।***

शंखधर काल्पनिक हुन् वा ऐतिहासिक भन्ने कुरामा विद्वत्वर्गबीच एकमत छैन । तर हाम्रो अध्ययनले शंखधर ऐतिहासिक पात्र हुन् भन्ने देखिन आएको छ। नेपाल हरेक

दृष्टिले, अनेक कुरामा धनी रही आएको छ। नेपाल जनश्रुतिहरूको पनि देश हो। ती हाम्रा मौखिक इतिहासका सबुदप्रमाण हुन्। ती त्यतिकै जन्मेका पनि होइनन्। देश दुनियाँलाई नितान्त प्रभाव पार्ने परिवर्तनकारी घटनाविशेषले जनश्रुतिलाई जन्माउने गर्छ। अविश्वसनीय लाग्ने हाम्रा जनश्रुतिहरूमा नपत्याउने गरी सत्यताको अंश लुकेर रहेका हुन्छन्। त्यस्तो अंशलाई अन्य प्रमाण वा स्रोतले समर्थन गर्छ भने त्यो सत्य हो, इतिहास हो र त्यही विज्ञान हो। शंखधरबारे चलिआएको जनश्रुति यस कुराको अपवाद होइन। समकालीन प्रमाण मात्र खोजेर इतिहासलाई हेर्ने, कोर्ने हो भने इतिहास हराउँछ। बुद्धकाल र किरातकालको समकालीन प्रमाण अप्राप्य छ तर परवर्तीकालका प्राचीन साहित्यिक एवं अभिलेख लगायतका पुरातात्विक प्रमाणहरूबाट मिल्ने तथ्यले ती गौरवमय स्वर्णिम कालखण्डहरू राष्ट्रिय इतिहासको धरोहर भएर हाम्रा सामु खडा छन्। शंखधरको कुरा पनि राष्ट्रिय इतिहासको यस्तै एक अंश हो।

जुनबेला शंखधर साख्वाले नेपाल सम्वत्को प्रवर्तन गरे, त्यो समय समकालीन प्रमाण अत्यन्त अप्राप्य रहेको नाजुक कालखण्ड थियो। यसैले इतिहासकारहरूले अभिलेखीय प्रमाणहरू अत्यन्त कम पाइएको पूर्वमध्यकालको शुरूतिरको कालखण्डलाई 'अन्धकार युग' कै संज्ञा दिएका हुन्। लिच्छविहरू नेपालको राजनैतिक आकाशबाट कहिले अस्त भए वा भएकै थिएन र भएको भए त्यसपछि कुन वंशको शासन चल्यो, कसले के गरे, के भयो, के कस्ता परिवर्तनहरू भए भन्ने इत्यादि कुराको उत्तर पाउन हामीलाई गाह्रो भएको कारण पनि त्यसैले गर्दा हो। नेपाल सम्वत्को आरम्भ भएदेखि गोर्खालीहरूले नेपाल- ने.सं. ८८९ (वि.सं. १८२६) मा भक्तपुरलाई पनि जितेर उपत्यकामाथि पूर्ण आधिपत्य जमाउनुअघिको समयसम्मलाई हामीले इतिहास अध्ययन सुविधाका लागि 'मध्यकाल' भनी मान्दै आएका हौं। यसरी इतिहास अध्ययनको एउटा महत्त्वपूर्ण कालखण्डको रूपमा शंखधर साख्वाले प्रचलनमा ल्याएको नेपाल सम्वत् अनेक दृष्टिले उल्लेख्य हुन आएको छ।

शंखधर साख्वाले नेपाल सम्वत् प्रचलनमा ल्याएको कुरालाई पुष्टि गर्ने ऐतिहासिक स्रोत सामग्री छन्। तुलनात्मक अध्ययनबाट यस कुराको पुष्टि मिल्छ। अभिलेखीय प्रमाणका दृष्टिले भक्तपुर जेलाटोलको पाटीको ने.सं.८२७ (वि.सं.१७६४) को भूपतीन्द्र मल्लको पालाको शिलालेख पनि महत्त्वपूर्ण हुन आएको छ। सो शिलालेखको तेस्रो-चौथो पंक्तिमा 'अथ नेपालभाषा शंखासम्वत् ८२७ ...' भन्ने उल्लेख आएको छ। शंखधरले प्रवर्तन गरेको सम्वत् हुँदा 'शंखासम्वत्' भनिएको कुराको विरलाकोटी उदाहरण यसले प्रस्तुत गरेको छ। नेवाः लोकजीवनमा नेपाल सम्वत् शंखधरकृतसम्वत्को रूपमा व्यवहृत हुँदै आएको नमुना यो शिलालेख पनि हो।

भुजिँमोल लिपिमा लेखिएको **गोपालराजवंशावली** नेपालको प्राचीन वंशावली हो। त्यस्तै नेपाललिपिमा लेखिएको वंशावली केशरपुस्तकालयमा रहेको **संक्षिप्त गोपालवंशावली** हो। परवर्तीकालमा खस भाषामा लेखिएका **भाषावंशावली**हरू आधुनिक वंशावली हुन्।

यस कुराको चर्चा माथि पनि भइसकेको छ कि राघवदेव (ने.सं.१-६३) मध्यकालको शुरूका शासक हुन्। नेपाल सम्वत् राघवदेवले प्रवर्तन गरेका हुन् भन्ने मान्यता इतिहासकार धनवज्र इतिहासकारहरूको रहेको देखिन्छ। तर यो सत्य प्रतीत लाग्दैन। वज्राचार्य लगायतका केही नेपाल सम्वत्को प्रवर्तन राघवदेवको पालामा भएको हो। यस कुरामा शङ्का छैन। तर उनले नभएर उनकै राज्यकालका शंखधरले नेपाल सम्वत् चलाएका हुन्। यही कुरा सत्य प्रतीत लाग्छ। सीधा तरिकाले होस् वा घुमाउरो तरिकाले, पूर्वप्राचीनकालदेखि पूर्वमध्यकालीन नेपालको नेपालको इतिहासका महत्त्वपूर्ण घटनाहरूका बारेमा हामीलाई गोपालराजवंशावली (गो.वं.)ले थाहा दिएको छ। तर नेपाल सम्वत्का बारेमा भने यो मौन छ। राघवदेवले नेपाल सम्वत् चलाएको भए त्यस्तो महत्त्वपूर्ण घटनाको चर्चा गो.व.का रचयिताले अवश्य छुटाउने थिएनन्। यताबाट राघवदेवले यो सम्वत् चलाएका थिएनन्, चलाउने अर्कै थिए भन्ने कुरा प्रकारान्तरमा थाहा पाइन्छ। गो.वं.का रचयिता जयस्थिति मल्लको पालाका प्रभावशाली, उच्च वर्गका व्यक्ति थिए भन्ने कुराको आभास हामीलाई स्पष्ट मिल्छ। शंखधर शूद्र थिए भन्ने कुरा भाषा वंशावलीबाट थाहा पाइन्छ। राष्ट्र एवं जनतालाई युगौं युगसम्म प्रभाव पार्ने एउटा नयाँ सम्वत्को प्रवर्तन एक शासकले नभएर समाजका शूद्र जनले गरेको कुरालाई शायद त्यसबखतको वर्णाश्रम व्यवस्थाले जरैदेखि प्रश्रय पाएको कट्टर हिन्दू समाजका शासक एवं सम्भ्रान्त वर्गलाई सुपाच्य भएन। यसरी गो.वं. मा शंखधर र नेपाल सम्वत्को बारेमा कुनै कुरा उल्लेख नहुनुले गो.वं. का रचयिता शंखधर र उनले प्रवर्तन गरेको नेपाल सम्वत्का बारेमा जानी जानीकनै मौन रहेको कुराको छनक मिल्छ।



भक्तपुर जँलाटोलस्थित पाटीको भूपतीन्द्र मल्लको पालाको "शंखासम्वत्" उत्कीर्ण ने.सं. ८२७ (वि.सं. १७६४) को शिलालेख

राघवदेवको राज्यकालमा एउटा नयाँ सम्वत्को प्रवर्तन भएको थियो भन्ने कुरा **संक्षिप्त**

गोपालवंशावली (सं.गो.वं.) मा परेका निम्न कुराबाट स्पष्ट रूपले मिल्छ ... **राजा श्रीराघवदेव, वर्ष ६३ मास ६॥ श्रीपशुपति भट्टारके, सम्वत्सरप्रवृत्तिः कृता ॥** (राजा राघवदेवले ६३ वर्ष ५ महीना राज्य गरे। श्रीपशुपतिभट्टारकमा सम्वत् प्रवर्तन गरियो।)

उक्त प्रसङ्गमा, **सं.गो.वं.** मा पशुपतिनाथको सम्मानमा प्रचलनमा ल्याइएको सम्वत् नेपाल सम्वत् थियो भन्ने कुरा निश्चित छ। तर स्मरण रहोस्! यहाँ सो सम्वत् राघवदेवको राज्यकालमा चलेको कुरासम्म थाहा पाइन्छ, कसले चलायो भन्ने कुरा भने खुलाइएको छैन। यो कुरा विशेष महत्त्वको, विचारणीय छ। यदि सो सम्वत् राघवदेवले चलाएको भए यहाँ 'श्रीपशुपतिभट्टारके, सम्वत्सरप्रवृर्त्तिः कृता' को अघिल्तिर वा भनौं 'राजा राघवदेव, वर्ष ६३ मास ६ ॥' पछि 'तेन' (तिनले) पनि उल्लेख भइदिएको भए राघवदेवले नै नेपाल सम्वत्को प्रवर्तन गरेका थिए भन्ने कुराको टुङ्गो लाग्ने थियो। यसरी राघवदेवको राज्यकालमा नयाँ सम्वत् प्रवर्तन भएको कुरा खुले तापनि सो सम्वत् प्रवर्तकको नाम भने खुलाइएको छैन। कर्कपैट्रिकले उल्लेख गरेको वंशावलीमा (१९७५, पृ. २६२) राघवदेवले तम्बुलसम्वत् चलाएको कुरा छ। यो कुरा पनि विचारणीय छ। तम्बुलसम्वत्का बारेमा अन्य वंशावलीहरू र अन्य कुनै पनि ऐतिहासिक सामग्रीहरू (अभिलेख, मुद्रा, ऐतिहासिक चिठ्ठीपत्रहरू, पुष्पिकावाक्य, ताडपत्र तमसूक इत्यादि) मा यसको उल्लेख र प्रयोग भएको पाइएको छैन। प्रजाले नभएर राजाले प्रवर्तन गरेको सम्वत् हो भन्ने कुरा दर्शाउन खोजेको आभास सं.गो.वं र कर्कपैट्रिक वंशावलीले गराएको छ। हरिराम जोशी लेख्छन् (२०७०, पृ.५१४-१५) :

राघवदेवले नेपाल सम्वत्को प्रवर्तन गरेको भए यिनले उपर्युक्त सम्वत्हरूको प्रवर्तन गरेको कुरा वर्णन गर्नुको बदला नेपाल सम्वत् प्रवर्तन गरे भन्ने कुरा वंशावलीहरूमा उल्लेख हुनुपर्ने थियो। यो सम्वत्को नेपाल सम्वत् नामले नै व्यवहार गरिएको कुराको उदाहरण एघारौं, बाह्रौं शताब्दी ई. को प्रारम्भिक समयदेखिकै पाइएको छ जसबारे माथि उल्लेख भइसकेको छ। जबकि उपर्युक्त सम्वत्हरूको कतै नामसम्म पनि उल्लेख भएको पाउनु मुश्किलै छ। यस्तो अवस्थामा यी राजाले नेपाल सम्वत् फिराए भन्ने कुरामा कुनै खास ओज नभएको स्पष्ट हुन्छ। अर्को, माथि वर्णित सद्धर्मपुण्डरीक नामको ग्रन्थ पुष्पिकामा नेपालभाखासम्वत् भनी उल्लेख भएबाट पनि प्रस्तुत सम्वत् को प्रवर्तन श्री राघवदेवले गरेको भन्ने कुराको खण्डन भए जस्तो लाग्छ। तर, पछि यहाँका राजसत्ताका कट्टर समर्थकहरूले नेपाल भनौं नेवार समुदायका कुनै एक व्यक्ति वा समुदायले प्रचलनमा ल्याएको नेपाल सम्वत्लाई उक्त राजाले नै प्रवर्तन गरेको सम्वत् भन्ने देखाउने हेतु त्यसलाई पशुपति भट्टारकमा चलाएको सम्वत्, तम्बूलसम्वत् आदि

नाम दिई प्रचार गर्न खोजेको स्पष्टरूपले लाग्दछ । तर, यहाँका जनतामा स्वाभिमान भनौं या आत्माभिमानको भावना निहित थियो । तिनीहरूले लिच्छविहरूको शक्ति शिथिल भएको बेला जसै देशमा डाँवाडोल परिस्थिति सिर्जेथ्यो, शंखधर नामका एक सापुको नेतृत्वमा देशको विकट स्थितिमाथि काबु गरी देशलाई स्थायीत्व प्रदान गरेको लाग्दछ । देशलाई स्थायीत्व प्रदान गरिसकेको अनन्तर तिनीहरूले आफूले आत्मपुजा वा म्हपुजाको परम्पराको प्रचलनसाथ प्रवर्तन गरेको नेपाल सम्वत्लाई राजासमेत अरू कसैको नाममा दर्ता गराउन चाहेनन् । यसरी राजसत्ताका समर्थकहरूको माथि वर्णन गरिए अनुसारको प्रयास सफलीभूत हुन सकेन, बरु त्यसको विपरीत पछि गएर यहाँका जनमानसले उपर्युक्त समयका जनप्रिय व्यक्तित्व रहेको शंखधर नामक सापुको शिलानिर्मित शालिकसमेत बनाई भगवान् पशुपतिनाथको पटाङ्गिनीमै स्थापना गरे । शंखधरको उक्त मूर्ति अनुमानतः मध्यकालको पूर्वार्द्ध ताकाको छ ।

सम्वत् प्रवर्तन शासकले मात्र गर्छ भन्ने मान्यता आम रूपमा प्रायः सबैको मनमा गडेर आएको देखिन्छ। तर सम्वत्हरूको प्रवर्तनको इतिहासतिर दृष्टि दिँदा उक्त मान्यता सत्यसम्मत लाग्दैन। सम्वत् प्रवर्तन राजा महाराजाले चाहेर हुने कुरा होइन, यो त जनताले चाहेर वा जनमतको जगमा उठेर प्रवर्तन हुने कुरा हो। यही यथार्थसम्मत लाग्छ। विक्रमसम्वत्कै बारेमा कुरा गरौँ। यो कुनै चक्रवर्ती राजाले आफ्नो नाममा प्रवर्तन गरेको सम्वत् थिएन। यद्यपि राजा विक्रमादित्यले प्रवर्तन गरेका हुन् भन्ने भ्रम मानसिकता अद्यापि छ। यथार्थमा 'विक्रमादित्य' पौराणिक हुन्, ऐतिहासिक पात्र होइनन्, प्राचीन भारतका हिन्दु शासकहरूले धारण गर्ने राजकीय उपाधि भने यो थियो। जस्तै भारतीय सम्राट् चन्द्रगुप्त द्वितीय (३७५-४१५ ई.सं.) ले धारण गरेको 'विक्रमादित्य भट्टारक महाराजाधिराज' उदाहरणस्वरूप छ। सोही उपाधि धारण गरेका कारण उनी 'चन्द्रगुप्त विक्रमादित्य' कहलिएका थिए। 'विक्रमसम्वत्' नाम नवौं शताब्दी ई.सं. अघि अभिलिखित भएको इतिहास छैन। विक्रमसम्वत् आरम्भमा 'कृतसम्वत्', मालवसम्वत् कहलिएको थियो। मालव गणले ई.पू.प्रथम शताब्दीतिर शकहरूमाथि विजय प्राप्त गरेपछि विजय स्मारकस्वरूप 'कृत सम्वत्' र त्यसपछि यो 'मालवसम्वत्' को रूपमा देखापरेको थियो। राजबली पाण्डेय लगायतका केही भारतीय विद्वानहरू र त्यसैगरी स्वदेशी विद्वान् हरिराम जोशीका अनुसार शकहरूसित युद्ध गर्ने मालवगणका गणमुखिया 'विक्रमादित्य' थिए। गणतन्त्रमा व्यक्तिको होइन, गणको महत्त्व हुन्छ। यसैले सो सम्वत् 'मालवसम्वत्' नामकरण गरिएको थियो। भारतमा ईस्वीको नवौं शताब्दीसम्म आईपुग्दा गणतन्त्रको अन्त्य भएर राजतन्त्र प्रबल हुन पुगिसकेको थियो। यसो हुँदा गणमुखिया 'विक्रमादित्य' लाई राजा मानेर उनकै नामबाट

पुरानो मालवसम्वत्लाई ‘विक्रमसम्वत्’ नाम दिइयो। यस प्रकार विक्रमसम्वत् यथार्थमा कुनै शक्तिशाली सम्राट्ले नभएर एकीकृत जनशक्तिद्वारा प्रवर्तन भएको सम्वत् थियो। सम्वत् प्रवर्तन सम्राट्ले मात्र गर्छ भन्ने कुरा सत्य होइन भन्ने कुरा यसरी विक्रमसम्वत्ले देखाएको छ। हाम्रो अभीष्ट विषय रहेको नेपाल सम्वत् पनि उस्तै हो।

परवर्तीकालकै भए पनि उक्त प्रसङ्गमा अर्को उदाहरण आधुनिककालको उत्तरार्द्धमा प्रवर्तन हुनपुगेको **त्रिभुवनसम्वत्**लाई लिन सकिन्छ। त्रिभुवनसम्वत्को प्रवर्तन राजा त्रिभुवनको चाहनाले उनीबाट भएको थिएन। वि.सं.२००७ सालमा राणा शासनको अन्त्य र प्रजातन्त्रको अभ्युदय भएको स्मारकस्वरूप जनस्तरबाट २००७ सालमा प्रवर्तन भएको सम्वत् यो थियो। यस सम्वत्का प्रवर्तक पद्मसुन्दर जोशी थिए। २००७ सालदेखिका पञ्चाङ्गहरू यस कुराका। साक्ष छन्। वर्तमानमा ओझेलमा परे तापनि नेपालमा प्रचलनमा आएका सम्वत्हरूमा यो नै सबभन्दा कान्छो हुन आएको छ।

शंखधर साख्वाले नेपाल सम्वत् प्रचलनमा ल्याएको मौखिक इतिहासको खुलेरै थप साक्ष बनेर आएका छन् परवर्तीकालमा लेखिएका **भाषा वंशावली**हरू। **भाषा वंशावली**मा उल्लेखित कुरा यस प्रकार छ :

राजा श्री राघवदेव भोगवर्ष ६३ यिन राजाले नीतिले प्रजाकन पालन गरिरह्याका थिया। यिन राजाका पालामा भक्तपुर ग्राममा एक सामुद्री शास्त्र जान्या थिया र सुवर्णआकर्षणका योग वार साइत ठहराई आफूले जान्याको शास्त्रप्रमाण स्थानसमेत जानी थोरै मानिसहरूकन गुप्तसँग विष्णुमतीको र भद्रमतीको संगम लखुतीर्थमा जाई बालुवा उठाई बोकी सरासर आऊ भनी पठाया। ती भरियाहरूले ती जान्या जनले अन्हाई पठायाबमोजिम बालुवा बोकी आउँदा वेला बाटामा कोही एक चतुर मानिस कान्तिपुर सहर हजार घर नपुग्दा अधिका कान्तिपुरवासी साख्वाः नाम गयको शूद्र जातले भक्तग्रामवासी भरियाहरू विष्णुमतीसम्म आई बालुवा बोकी भक्तग्राम लैजान किन लिन आया, यसमा केही कारण निश्चय होला, भनी ठहराई भरियाहरूकन बहुतै सन्मान गरी बुझाई घरमा लगी ती भरियाहरूकन तृप्त गरी खुवाई मलाई पनि बालुवा चाहिन्या थियो। भरियाविना ल्याउन सक्याको छैन। तसर्थ यस बालुवा मेरा घरमा खन्याई फेरी विष्णुमती जाई बालुवा बोकी लैजाऊ भनी ज्यालासमेत दी अनेक तरहसंग बुझाउँदा ती विवेक नभयाका भरियाहरूले वढिया भन्यौं क्या होला भनी बालुवा साख्वाःका घरमा खन्याई फेरि विष्णुमती जाई बालुवा उठाई बोकी भक्तग्राम लग्या।

यो भेद साख्वाले बाहेक अरूले जान्याको थिएन। ती भरियाहरू दोस्राफेर लिना जाँदा सुवर्णसिद्धिको साइत टरी गयाको हुनाले भक्तपुर राजधानी सहर लग्याको

वालुवाको भारी जस्ताको तस्तै रह्यो र त्यो शास्त्रीका मनमा यस्तो आयो कि मैले धेरै वर्षसम्म मिहिनत गरी निश्चय मानी ठहराई पठायाको यस शास्त्रले मलाई बहुतै शरम पायो। झूट रहेछ भनी दिक्क भै सुवर्ण आकर्षणका पुस्तकलाई आगामा जलाइदियो। यस कुराको अर्थ साख्वाले बाहेक भक्तपुरका भरियाहरू उसका घरमा आउन्या जान्या मानिस कसैले पनि बुझ्न सकेनन्। साख्वाःको घरको बालुवा चौथा दिनमा सबै सुवर्णसिद्धि भै गयो।

त्यहाँ उप्रान्त साख्वाः बहुतै ज्ञानी हुनाले मनमा यस्तो विचार गर्यो कि भक्तपुरवासी जनले शास्त्रका प्रमाण विचार गरी सुवर्णसिद्धको साइत योग ठहराई लिन पठायाको धनकन मैले भरियाहरूलाई सम्मान गरी बुझाई आन गर्यो। अब यो धनलाई राखी छोड्नाको केही प्रयोजन छैन चाँडै यश धर्म कीर्तिमा ल्याउन्या हो भनी यस्ता तरहसंग विचार गरी सबै धन सुवर्ण खर्च गरी यो नेपालका मानिस प्रजाहरूको ऋण कत्ति पनि शेष नराखी तिरी नेपाल सम्वत् नाम गरी सम्वत् फरायो। साख्वाः जातमा शूद्र थियो तापनि बुद्धि बडो हुनाले नेपाल पुरीमा ठूलो जस प्रख्यात गरी श्रीपशुपतिनाथका दक्षिण दर्बाजासन्मुख आन शिलामूर्ति बनाई स्थापना गरी अन्तमा उद्धार भै गयो।

अपत्यारिलो पाराले **भाषा वंशावली**ले बोलेको कुरा प्रतीकात्मक र, विश्वसनीय लाग्छ। वंशावलीले उल्लेख गरेको उक्त कथामा सत्यको अंश निहित छ। सं.गो.व. र भाषा वंशावलीले एकै स्वरमा नेपाल सम्वत्को प्रवर्तन ६३ वर्ष राज्य गर्ने राजा राघवदेवको पालामा भएको कुरालाई स्वीकारेका छन्। **सं.गो.वं.**ले नेपाल सम्वत्को प्रवर्तन गर्ने प्रवर्तकको नाम लुकाएका छन् भने **भाषा वंशावली**मा खुलेरै शूद्र जातका साख्वाले नेपाल सम्वत्को प्रवर्तन गरेको कुरा खोलेका छन्। त्यसैगरी **भाषा वंशावली**मा ‘भक्तपुर ग्राममा एक सामुद्री शास्त्र जान्या थिया र सुवर्णआकर्षणका योग बार साइत ठहराई भन्ने उल्लेख त आएको छ तर त्यस्ता विद्वान् ज्योतिषको नाम भने खुलाइएको छैन। भक्तपुरका ज्योतिष कृष्णराज जोशी लगायतका जोशीहरूका अनुसार त्यसरी सुवर्णआकर्षणको योग बार साइत जुराइदिने विलक्षण प्रतिभा भएका विज्ञ शास्त्री ज्योतिष, जोशीहरूका आदिपुरुष सिद्धिवन्त जोशी थिए भन्ने नूतन कुरा थाहा हुन आएको छ। यो कुरा महत्त्वपूर्ण छ। भक्तपुर शहरका परम्परागत २४ टोलमध्येको एउटा टोल वाचुत्वः हो। ज्योतिष कृष्णराज जोशी (५५, कुथुछें, भक्तपुर) का अनुसार सिद्धिवन्त जोशी सोही टोलका थिए। माथिका कुराको थप पुष्टि यस नूतन तथ्यले पनि गरेको छ। यस बारेमा थप गहन अध्ययन हुन सकेमा बढ्ता कुरा प्रकाशमा आउने आशा छ।

यहाँ खोलामा, साइतमा निकालेको बालुमा सुनमा परिणत भएको कुरा आएको छ।

यो कुरा प्रतीकात्मक छ। यसलाई सोझो रूपले पत्याउन सकिन्न। किनकि बालुवा सुनमा परिणत हुन सक्दैन। तर यही कुरालाई केही घुमाउरो पाराले प्रतीकात्मक दृष्टिले हेर्ने हो भने बालुवा सुन हुन सक्तैन तर बालुवामा सुन हुन्छ भनी मान्न सकिन्छ। खोलामा, बालुवाका कणमा सुन हुन्छ। बालुवाका कणबाट सुन प्राप्त गर्ने परम्परागत प्रविधि/संस्कृति हाम्रो यहाँ प्राचीनकालदेखि चली आएको कुरा प्रकारान्तरमा यस कथामा पनि मिल्छ। संसारका कतिपय मुलुकहरूमा खोलामा, बालुवाबाट सुन प्राप्त गरी जीविकोपार्जन गर्दै आएका उदाहरण थुप्रै भेटिन्छन्। र, अत्याधुनिक प्रविधिले यूरोप अमेरिका जस्ता अति विकसित देशहरूमा यो संस्कृति आज पनि विद्यमान छ, त्यसैले पनि ती देशहरू आर्थिक रूपले समृद्ध रही आएका हुन्। वंशावलीको उक्त कथाले त नेपाल उहिल्यै यस कुरामा अग्रणी थियो भन्ने कुराको बोध गराएको छ। र, आज पनि आफ्नै पुरानो सिप र परम्परागत प्रविधिले खोला/नदीमा बालुवाका कणमा सुन खोजेर जीविका चलाउँदै आएका हाम्रै नेपाली साधारण जनलाई पनि यस प्रसङ्गमा बिर्सनु छैन। सुनकोशीको नाम त्यसै रहेको होइन। भक्तपुर सहरकै माझमा रहेको एउटा टोल गोमाह्निन (गोलमढी) हो। यहाँ उत्तरबाट दक्षिण बहने खोला पाँच दशकअघिसम्म पनि देखिन्थ्यो। बाटोको दक्षिणतर्फ झरनाको रूपमा समेत झर्ने सो खोला मूलबाटोले छोपिएको छ। सो खोला 'सुनमती' नामले प्रसिद्ध थियो। स्थानीय बूढापाकाहरूका अनुसार खोलामा बग्ने बालुवामा मानिसहरू सुनका कण खोज्न आउँथे। अतः खोलाको बालुवा सुनमा परिणत हुने कथाको कुरालाई हामीले यसरी बुझ्नुपर्ने हुन्छ।

शंखधरले सुन पाए। अर्को शब्दमा भन्नुपर्दा उनले अकस्मात् अपार धनराशि पाए। सो धनराशिलाई उनले लोकको हित हुने काममा सदुपयोग गरे। उनले सारा जनताको ऋणमोचन गरे, ऋण चुक्ता गरिदिएर जनतालाई दासताबाट मुक्ति दिलाए। यो चानचुने काम थिएन, महान काम थियो, जसको प्रभाव युगान्तकारी थियो, बिर्सिनसक्नुको थियो। उनले सारा जनताको मन जितिसकेका थिए, विश्वास पाइसकेका थिए। जसको साथमा जनशक्ति हुन्छ, राजा को त के कुरा देवता पनि उसकै साथ लाग्छ, उसैले बाजी मार्छ। यस कुराको एक अनुपम उदाहरण शंखधर हुन्।

एक व्यक्ति, पूरै परिवार वा कुनै एक बस्तीका केही बासिन्दाहरूको ऋण चुक्ता गर्नुलाई सामान्य कुरा मान्न सकिन्छ। तर सारा जनताहरूको ऋण चुक्ता गर्नु सामान्य कुरा हुन सक्तैन। जनशक्ति नै सर्वोपरी शक्ति रहेछ भन्ने कुराको आभास प्रकारान्तरमा उक्त ऋणमोचनका कुराले गराएको प्रतीत हुन्छ। निश्चित रूपमा उक्त अपूर्व कुराको अनुभूति त्यसबखतका जनताले पक्कै गरे होलान्। त्यसो नहुँदो हो त जनशक्तिको महत्त्व बोध

भएको विशेष दिन अर्थात् कार्तिकशुक्ल प्रतिपदाको विशेष पर्वमा सारा जनताको साथ र सहमति पाएर शंखधरले नयाँ सम्वत् प्रचलनमा आएको शंखघोष कदापि गर्न सक्ने थिएनन् । पशपतिनाथमन्दिर सामुन्ने, दक्षिणपट्टि उत्तराभिमुख, अन्दाजी साढे दुई फिट अग्लो एक शिलामूर्ति छ। वंशावलीले औंल्याएको यो शिलामूर्ति उनै साख्वाः शंखधरको हो। यस मूर्तिमा उनी पलेंटी कसी बसेका छन् । उनले दुबै हात छातीसम्म पुऱ्याएर शंख धारण गरेका छन् । यसरी शंख लिएकोले उनी 'शंखधर' कहलिएका हुन् भनी उनको परिचय सहजै मिल्छ। व्यापारी-व्यक्तित्व झल्कने यस मूर्तिमा यिनको मुखाकृति सौम्य र शालीन छ। नियतिले गर्दा, कुनै कालखण्डमा कुनै कुनै कारणले यिनको दायाँपट्टिको भाग फक्लक्कै काटिइएको अवस्थामा छ। यिनले बायाँपट्टि कुममा अलिकता टम्म परेको र केही कुराले भरिएको जस्तो एउटा झोला पनि भिरेका छन् । सो झोलालाई हेर्दा यस्तो प्रतीत हुन्छ मानौं त्यसभित्र ज्यादै महत्त्वपूर्ण वस्तु उनले साँचेर राखेका छन् । निश्चय पनि सो झोलाले गहिरै अर्थ सांकेतिक रूपमा हामीलाई सो मूर्तिको स्थापनाकालदेखि अर्थात् पुस्तौं पुस्तादेखि बताउँदै आइरहेको छ। शंखधरले जनताहरूको ऋण तिरिसकेपछि च्यातेका तमसुकहरू राख्न झोला भिरेका थिए, त्यो यस मूर्तिमा उनले भिरेको त्यही झोला हो भन्ने जनश्रुति चलेर आएको छ। लिच्छविकालमा प्रयोगमा ल्याइने फलामे ढुङ्गा (उच्च कोटीको कडा प्रस्तर) सित यस मूर्तिको ढुङ्गा मेल खान्छ। यस मूर्तिका केही भागमा लिच्छविकालका मूर्तिहरूमा झैं प्रस्तरलेपनका अंश देख्न सकिन्छ। यस मूर्तिमा शंखधरले कानमा कुण्डल धारण गरेका छन् र उनको कपाल जुरो परेको छ। यस मूर्तिको अलंकरण पनि सामान्य छ। उनको पेट केही फुलेको छ जसले पनि उनको व्यापारी-व्यक्तित्व झल्काएको छ। यसरी यस मूर्तिमा देखापर्ने केही खास विशेषताहरूतिर समेत दृष्टिगत गर्दा हामी यसलाई विक्रमको दशौं शताब्दीको दोस्रो चरणतिर राख्न सक्दछौं । र, यस मूर्तिसित गाँसिएका जनश्रुति एवं वंशावली - विवरण एवं सोही अनुरूपका खास खास विशेषताहरू यस मूर्तिमा पाउनुले पनि यो मूर्ति उनै नेपाल सम्वत्का प्रवर्तक शंखधर साख्वाःका हुन् भन्ने कुरा खुल्छ। यस प्रकार शंखधर साख्वाले नेपाल सम्वत् प्रवर्तन गरेका हुन् भन्ने कुराको समकालीन प्रमाण वा सबुदप्रमाण वा पुरातात्विक साक्षको रूपमा समेत यो मूर्ति हाम्रो सामु देखापर्न आएको छ।

ईस्वीको आठौं शताब्दीदेखि बाह्रौं शताब्दीसम्मको युग सिद्ध तान्त्रिकहरूको युग थियो। त्यो युगमा सिद्धयाइँ एवं अद्भुत तान्त्रिक मान्त्रिक क्रियाकलापहरूले जनतामाझ सिद्ध साधकहरू निकै लोकप्रिय हुनपुगेका थिए। योग र अनुष्ठानले विशेष महत्त्व पाएको सिद्ध तान्त्रिक परम्परामा ब्रम्ह वा देवत्वको अंश स्वयं मानव देहमा रहने मान्यता प्रबल रही आएको विदित हुन्छ। वैदिककालदेखि नै विशेषगरी 'अहं ब्रम्हास्मि' (म नै ब्रम्ह हुँ

/ म नै देव हुँ !) को योग र साधनामूलक दर्शनलाई नेपालमण्डलका नेवाः जनले देवत्व (आत्मा) र देहबीचको एकत्वको रूपमा, आत्मपुजालाई सँभालेर ल्याएको देखिन्छ र, सोही अनुसार शरीरमा अनेक नयाँ नयाँ तान्त्रिक प्रयोग गर्ने क्रममा आठौँ शताब्दीदेखि 'म्हपुजा' (आत्मपुजा / शरीरपुजा) गर्ने चलन अझ बढ्ता व्यापक रहिआएको दृष्टिगोचर हुन्छ। कार्तिक शुक्ल प्रतिपदाको दिनमा वा नववर्षको पहिलो दिनमा म्हपुजा गर्ने चलन आज पनि छ। यसै दिनमा नेपाल सम्वत् पनि फेरिन्छ। शंखधर साख्वाःका लागि नयाँ सम्वत् प्रवर्तन गर्ने धार्मिक-सांस्कृतिक महत्त्वको शुभ दिन यो भन्दा अरू के नै हुन सक्थ्यो र ! तर यहाँनिर एउटा विचार गर्नु पर्ने कुरा के छ भने नेपाल सम्वत् पहिलो हो कि म्हपुजा ! 'म्हपुजा' शब्दको उल्लेख मल्लकालीन ऐतिहासिक सामग्रीहरूमा भेटिँदैन। यो शब्द आधुनिककालको पनि उत्तरार्द्धतिर चलेको आभास हुन्छ। शायद यसैकारण एक थरीका विद्वानहरू नेपाल सम्वत्‌लाई नै पहिलो मान्छन्। यस बारेमा बेग्लै अध्ययन हुनु जरूरी छ। जे होस् कार्तिकशुक्ल प्रतिपदाको दिन जनताले जनशक्तिको महत्त्व बोध गरेको विशेष दिन, जनता हर्षित भएको ऐतिहासिक दिन, जनताको दिन ! देशले आफ्नै मौलिक सम्वत् पाएको राष्ट्रिय महत्त्वको खास दिन रहेछ भन्दा शायद दुईमत नहोला।

अन्तर्राष्ट्रिय महत्त्वको राष्ट्रिय सम्वत्

चान्द्रमान अनुसार चल्ने नेपाल सम्वत् यसको प्रवर्तनकालदेखि नै देशीय/राष्ट्रियसम्वत्‌को रूपमा मात्र नभएर अन्तर्राष्ट्रिय सम्वत्‌को रूपमा समेत प्रचलनमा रहिआएको कुरा यस विषयका ऐतिहासिक सामग्रीहरू जस्तै : शिलापत्र, ताम्रपत्र, स्वर्णपत्र, रजतपत्र, काष्ठपत्र, मुद्रा, राजाज्ञा, हस्तलिखित ग्रन्थहरू, वंशावली, भूमिसम्बन्धि ताडपत्र-तमसूक, चिठी-पत्रहरू, कलावस्तु (मूर्ति, चित्र, स्तम्भ, स्मारक, धारा, जलद्रोणी इत्यादि) ठूलो ढुङ्गा / चट्टानलेख, गुफालेख आदिका आधारमा निश्चित रूपले ज्ञात हुन्छ।

ललितपुर मङ्गलबजार, कृष्णमन्दिर सामुन्नेको ढुङ्गेधारामा रहेको जलद्रोणीमा, कुटिललिपिमा उत्कीर्ण 'ॐ सम्वत् माता' कुँदिएको छ। नेपाल सम्वत् व्यवहारमा प्रयोग आएको पहिलो अभिलेखको रूपमा यो देखिन आएको छ। 'माता' ले मातृकाको बोध हुन्छ। मातृकाको संख्या २, ५, ७, ८, ९, १०, १४, १६, ५०, ५१ अनेक हुन सक्छन्। कृष्णमन्दिरपछाडिको सानो गल्लीमा दशमहाविद्यामध्येकी छिन्नमस्ताको सानो मन्दिर पनि छ। हाल 'मोमदु गल्ली' नामले प्रचलित सो गल्ली मध्यकालमा 'माता गल्ली' नामले प्रसिद्ध रहेको थियो। उक्त नाम तत्कालीन ने.सं. ४९१ को तमसुक ताडपत्रमा आएको छ। उक्त आधारमा हरिराम जोशीले मातालाई 'दश' अङ्क मानेका छन् जुन सत्य प्रतीत छ। यताबाट 'सम्वत् माता' ले नेपाल सम्वत् १० हो भन्ने विदित हुन्छ।

नेपाल सम्वत् प्रचलनमा आएको प्रथम शताब्दीतिर लेखिएका केही उल्लेख्य हस्तलिखित ग्रन्थहरू **लंकावतार** (ने.सं. २८), **अष्टसाहस्रिका प्रज्ञापारमिता** (ने.सं.४०), **किरणतन्त्र** (ने.सं.४४), **सौरसिद्धान्त** (ने.सं.६१), **उष्णीषविजयनामधारणी** (ने.सं. ८८) मा नेपाल सम्वत् प्रयोग भएको पाइएको छ। 'नेपालवत्सरे' भनी उल्लेख भएको पहिलो ग्रन्थ **अष्टसाहस्रिका प्रज्ञापारमिता** देखिएको छ, जसको पुष्पिकावाक्यमा 'नेपालवत्सरे १४८' उल्लेख छ। **शिवधर्मशास्त्र** नामक ग्रन्थको पुष्पिकावाक्यमा 'नेपाल सम्वत्सरे २९०' लेखिएको **अष्टसाहस्रिका प्रज्ञापारमिता**मा 'नेपालवत्सरे ३२३', छ, त्यसैगरी **अमृतेश्वरपूजा**मा 'नेपालाब्द गत सम्वत् ३३६', **आर्यभगवती शतसहस्ररूपा प्रज्ञापारमिता**मा 'नेपाल सम्वत् ३४४' उल्लेख छन्। **सद्धर्मपुण्डरीक**मा 'नेपालभाखासम्वत् ८०१' उल्लेख छ। यी केही उदाहरण हुन्। नेपाल सम्वत् व्यवहृत भएका असंख्य ग्रन्थहरू छन्। नेपाल सम्वत् व्यवहारमा प्रयोग आएको सर्वप्राचीन ताडपत्र-तमसुक ललितपुर रूद्रवर्ण महाविहारबाट प्राप्त छ जसमा 'सम्वत् १०३' उल्लेख छ। यताबाट नेपाल सम्वत्को प्रवर्तनकालदेखि नै यो सम्वत् नेपालको देशीय/राष्ट्रिय सम्वत्को रूपमा व्यवहारमा प्रयोगमा आइरहेको कुरा निश्चित रूपले ज्ञात हुन्छ।

माथि उल्लेखित मङ्गलबजारको जलद्रोणीको 'ॐ सम्वत् माता' उत्कीर्ण अभिलेखको अतिरिक्त ललितपुर सुनधाराको सम्वत् १०६, ललितपुर र भक्तपुर भैरवस्थानको सम्वत् १२५ धायँबुको सम्वत् १०७ अभिलेखहरूमा नेपाल सम्वत् व्यवहारमा प्रयोग भएका छन्। प्रस्टैसँग इचंगुको ३२०, पिम्बहालको ४७९ र स्वयम्भूको ४९२ को अभिलेखमा क्रमैले 'नेपालवत्सर', 'नेपालिकसम्वत्सर', 'नेपाल सम्वत्' उल्लेख भएका छन्। नेपालमा चलिआएका अनेक सम्वत्मध्ये नेपाल सम्वत् नै नेपाली जनको मन- मनबाट सृजित नेपालदेशको एकमात्र आफ्नो मौलिक सम्वत् रहिआएको कुरा यी उदाहरणहरूबाट पनि मिल्छ।

उत्तरप्राचीनकालीन मुद्राहरू ताम्रधातुका छन्। मुद्रामा सम्वत्को प्रयोग त्यसकालमा भएको पाइएको छैन। मध्यकालमा रजत मुद्रा बढ्ता चल्यो, स्वर्णमुद्रा पनि चल्यो। नेपाली मुद्रामा सर्वप्रथम सम्वत्को प्रयोग तत्कालीन ललितपुर राज्यका राजा सिद्धिनरसिंह मल्लको मुद्रामा भएको देखिएको छ। ई.एच. वाल्शले (१९९०, पृ.६४) सिद्धिनरसिंह मल्लको एक प्रकारको ने.सं.७५१ उत्कीर्ण मुद्राको चर्चा गरेका छन्। सिद्धिनरसिंह मल्लले प्रसारित गरेको नेपाल सम्वत् '७६१' उत्कीर्ण मोहरमुद्रा पनि प्राप्त छ। मुद्रामा नेपाल सम्वत्को प्रयोग गर्ने प्रवाह कान्तिपुर र भक्तपुरमा पनि चल्यो। कान्तिपुर राज्यको तर्फबाट राजा प्रतापमल्लले प्रथमपल्ट नेपाल सम्वत् प्रयोग गरी प्रचलनमा ल्याएको मुद्रा 'श्री प्रताप मल्ल

७६१' उत्कीर्ण मुद्रा रहेको छ । त्यसैगरी भक्तपुर राज्यको तर्फबाट राजा जगतप्रकाश मल्लले प्रथमपल्ट नेपाल सम्वत् प्रयोग गरी प्रचलनमा ल्याएको मुद्रा 'श्रीश्रीजगतप्रकाश मल्ल ७६५' अंकित मुद्रा देखिन आएको छ । राज्यद्वारा प्रसारित मुद्रामा नेपाल सम्वत् प्रयोग गर्ने प्रवाहले पनि नेपाल सम्वत् राज्यद्वारा मान्यताप्राप्त राष्ट्रिय सम्वत् रहिआएको कुराको पुष्टि मिल्छ । नेपाल सम्वत् प्रयोग भएका नेपाली मुद्रा तिब्बतमा प्रचलित थिए । यताबाट नेपाल सम्वत् अन्तर्राष्ट्रिय मान्यताप्राप्त सम्वत् रहेको कुरा पनि थाहा पाइन्छ ।

नेपाल सम्वत् प्रयोग भएका अभिलेखलगायतका ऐतिहासिक सामग्रीहरू नेपाल-उपत्यका र यसको आसपासका क्षितिज बाहिर जस्तै सल्यान, मुक्तिनाथ, गोरखा, नुवाकोट, बन्दीपुर, भोजपुर, दुम्जा/नेपालथोक, सिंधुली, पलाञ्चोक, दोलखा लगायतका स्थानहरूबाट प्राप्त छन् । भारत, चीन, तिब्बत, म्यानमार लगायतका बाहिरी संसारमा समेत नेपाल सम्वत् प्रचलनमा रहेको दृष्तान्त छन् । ईस्वीको चौधौं शताब्दीतिरका चीनया सम्राट् तायिमिङ्ले नेपालका शक्तिशाली शासक शक्तिसिंहरामवर्द्धनका नाममा पठाएको नेपाल सम्वत् ५२५ को संस्कृत भाषा रहेको, रञ्जनालिपिमा लेखिएको फरमाना-पत्रमा 'महाचीनाब्द ५२५' उल्लेख छ जुन नेपाल सम्वत् हो । यहाँ नेपाल सम्वत्लाई 'महाचीनाब्द' सम्बोधन गरिएको कुरा रोचक एवं विचारणीय छ । त्यस्तै नेपाल सम्वत्लाई माथि उल्लेखित भक्तपुर जैलाटोलको ने.सं. ८२७ को अभिलेखमा 'संखासम्वत्' भनिएको छ । त्यसैगरी कैम्ब्रिज पुस्तकालयमा रहेको हस्तलिखित ग्रन्थ **अस्वघोखानन्दिमुखा अवदान**मा 'स्वयम्भू सम्वत् ८४१' उल्लेख छ । सो सम्वत् पनि नेपाल सम्वत् हो । यस प्रकार यी उदाहरणहरूबाट नेपाल सम्वत् अनेक नामले पनि व्यवहृत हुँदै आएको कुरा समेत जानिन्छ । प्रतापसिंह शाहले टकको चास्नी निश्चित गर्ने विषयमा ल्हासाका लामा ग्याल्छे परिबोछेको नाममा पठाएको पत्रमा नेपाललिपि, । यस प्रकार नेपालभाषा र नेपाल सम्वत् '८९५' प्रयोग भएको छ नेपाल सम्वत् मुलुकभित्रको संसारमा मात्र नभएर मुलुकबाहिरको संसारमा समेत गरी राष्ट्रिय एवं अन्तराष्ट्रिय स्तरमा मान्यताप्राप्त सम्वत्को रूपमा प्रख्यात भएर प्रचलनमा आइरहेको कुरा निश्चित रूपले ज्ञात हुन्छ ।

दमन र उद्धार

देशवासीले भन्दा पनि देश हाँक्ने शासकवर्गले इतिहास संस्कृतिलाई बुझ्नु अझ बढ्ता जरुरी छ । इतिहास संस्कृतिलाई नबुझ्दा आफ्नो अरूको र अरूको आफ्नो भएर जान्छ, सांस्कृतिक संकट आउँछ, पहिचान हराउन पुग्छ । हाम्रो सामु यस कुराको ज्वलन्त उदाहरण भएर आउने नेपाल सम्वत्को नियति पनि यस्तै रह्यो ।

ने.सं. ८८९ (वि.स. १८२६) मा भक्तपुर राज्य पनि जितेपछि नेपालमण्डलमा

गोर्खालीहरूको पूर्ण अधिकार कायम भयो। मल्ल राज्यको पतनसँगै नेपाल सम्वत्को व्यवहार प्रयोगमा व्यापक कमी आउन थाल्यो, शकसम्वत् र विक्रमसम्वत्को प्रयोग राज्यस्तरमै व्यापक भएर आयो। शाहकालको सुरूका केही समयसम्म यदाकदा सरकारी स्तरमा यसको प्रयोग भएको देखिए तापनि तत्कालीन राणा प्रधानमन्त्री चन्द्रशम्शेरद्वारा ने.सं. १०२३ मा नेपाल सम्वत् हटाएर त्यसको ठाउँमा विक्रमसम्वत् सरकारी सम्वत्को रूपमा राज्यस्तरबाटै प्रचलनमा ल्याइयो। यसले जन-मनलाई रूवायो। यसरी अभ्युदयकालदेखि सरकारी, नीजि कार्यमा दिनानुदिन उपयोगमा आइरहेको, वर्षभरीका जात्रा पर्व र संस्कारहरूमा प्रयोग आइरहेको, अन्तराष्ट्रिय महत्त्वको आफ्नै राष्ट्रिय सम्वत् नेपाल सम्वत्लाई सरकारले यसको राष्ट्रिय एवं अन्तर्राष्ट्रिय महत्त्व बुझ्न नसकेर, 'यो केवल नेवारहरूको मात्र सम्वत् हो' भन्ने भ्रम मानसिकताले अमान्य गरेपछि यसलाई पुनः सरकारी मान्यता दिलाउन सांस्कृतिक, भाषिककर्मीहरूलगायत नेपालमण्डलका सारा नेवाःजन आन्दोलित हुन पुगे।

दमनले आन्दोलन हुन्छ। दूबोलाई जति उखेल्यो, उति फैलिएर बढ्छ, दमन पनि उस्तै हो। दमनले आन्दोलन/क्रान्ति केही काल कअवरूद्ध हुन सक्छ तर पूरै उखेलिएर समाप्त भएको इतिहास कतै छैन। राणाकालको अत्याचार बढ्दै गएसँगै राजनैतिक आन्दोलन उत्तरार्द्धतिरै, दमन र सँगसँगै भाषिक समानता एवं नेपाल सम्वत्को आन्दोलन पनि चर्किंदै गयो। 'नेपालभाषाया प्यंग : थां' (नेपालभाषाका चार थाम) का रूपमा विख्यात निष्ठानन्द वज्राचार्य, सिद्धिदास महाजु, माष्टर जगतसुन्दर मल्ल, योगवीरसिंह कंसाकारले नेपालभाषाको पुनरूत्थानमा साहित्यको माध्यमबाट जागरण फैलाए। भाषिक र सांस्कृतिक पुनर्जागरण ल्याउनमा उनीहरूको विशिष्ट योगदान रह्यो। यसै प्रसङ्गमा नेपालभाषाका पाँचौं थामका रूपमा विख्यात धर्मादित्य धर्माचार्य (ने.सं. १०२२-१०८३) ले ने.सं. ११४० मा नेपाल सम्वत्लाई राष्ट्रिय सम्वत्को रुपमा मान्यता दिनुपर्ने अभियानको थालनी गरे। ने.सं. १०७१ (वि.सं. २००७) मा प्रजातन्त्रको आगमनपश्चात् पनि भाषिक आन्दोलनसँगसँगै नेपाल सम्वत्लाई राष्ट्रिय सम्वत्को रूपमा मान्यता दिनुपर्ने मागसहितको आन्दोलनले पनि निरन्तरता पाउँदै आयो। पञ्चायतकालमा सो आन्दोलन सरकारी दमन, धरपकड बढेसँगै झन् चर्किंदै गयो। यसले नेवाः भाषिक आन्दोलनको विकासमा थप उर्जा प्रदान गर्यो। ने.सं. १०९९ (वि.सं. २०३६) मा भाषिक र सांस्कृतिक अधिकारका निम्ति स्थापना भएको नेपालभाषा मंकाः खलःले ने.सं. ११०० मा कोठा र चोकमा सीमित भएर सुस्केरा हाल्दै मनाउँदै आएको नववर्षलाई खुला आकासमुनि सार्वजनिकरूपमै मनाउने ऐतिहासिक निर्णय गर्‍यो। सोही अनुरूप त्यसवर्षको नेपाल सम्वत्को नववर्षको प्रथम दिन कार्त्तिकशुक्ल प्रतिपदा / म्हपुजाको दिनमा तीनवटै शहरहरूमा हात हातमा राष्ट्रिय झण्डा

बोकेर, बाजागाजासहित भाषिक प्रेम र देशभक्तिको भावमा चुर्लुम्म डुब्दै, 'नेपाल सम्वत् राष्ट्रिय सम्वत्, भाषिक समान अधिकार दयूमाःको कर्णभेदी नारा घन्काउँदै, आत्मीय-भावले नववर्षको शुभकामना आदान-प्रदान गर्दै, अपार जुलुसका साथ, हर्षोल्लासपूर्वक मोटरसाइकल / मोटरऱ्याली गरेको थियो । यो अद्‌भुत उपाय अत्यन्त प्रभावकारी देखियो । यो यथार्थमा एउटा नवीन संस्कृतिको सुरूवात थियो जसले कोठाको चौगिर्दा र चोकमा मात्र सीमित हुनपुगको नेपालभाषा एवं नेपाल सम्वत् आन्दोलनलाई जन-मनको गहराईसम्म पुगेर, सर्वत्र फैलाई सफलताको उँचाईसम्म पुऱ्याउन आश्चर्यजनक रूपमा उल्लेख्य भूमिका खेलेको थियो । यसले नेपालमण्डलका नेवाःजनलाई मात्र नभएर मेचीदेखि महाकालीसम्मका नेवाः जनलाई आन्दोलनको एउटै छातामुनि ल्याएर उभ्याउनमा पनि उत्तिकै सशक्त भूमिका निर्वाह गर्‍यो । ढिलो वा चाँडो ! जनताका सामु 'मै हुँ' भनी एक्लिन पुगेको राजसत्ता एक दिन जनशक्तिका सामु झुक्नैपर्छ । जस्तो ई.सं.१७८९ को फ्रान्सेली राज्यक्रान्तिताका पेरिसमा उर्लेको जनसागर, उस्तै ने.सं. १०७० (वि.सं. २००७), ने.सं. १०९९ (वि.सं. २०३६) ने.सं. ११०९ (वि.सं. २०४६) र ने.सं. ११२५-०२६ (वि.सं. २०६२-०६३) को जनक्रान्ति/ जनआन्दोलनताका नेपालमण्डलमा उर्लेको जनसागर ! जसरी ई.सं. १७८९ को फ्रान्सेली राज्यक्रान्तिलाई पेरिसको जनसागरले क्रान्तिलाई सफल बनाउन निर्णायक भूमिका खेलेको थियो, उस्तै पुरानो राजसत्ता : पंचायतव्यवस्था फाल्न नेपालमण्डलको जनसागरले उस्तै पटक-पटक खेलेको निर्णायक भूमिका । ती निर्णायक भूमिकाहरूका पनि ढुकढुकी थिए नेपालमण्डलका नेवाःजनले आरम्भ गरेको भाषिक आन्दोलन एवं नेपाल सम्वत्‌को आन्दोलन । भाषिक एवं नेपाल सम्वत्‌को आन्दोलनमा लागेका नेपालमण्डलका नेवाःजनको साथ र समर्थन नपाइकन कुनै पनि राजनैतिक आन्दोलनले सफलता पाउनु सम्भव नै थिएन, चाहे ने.सं. १०७० (वि.सं. २००७) सालको आन्दोलन होस् वा ने.सं. १०९९ (वि.सं. २०३६) क्रान्ति/प्रजातान्त्रिक सालको विद्यार्थी आन्दोलन ! चाहे ने.सं. ११०९ (२०४६ साल) को जनआन्दोलन होस् वा ने.सं. ११२५-०२६ (२०६२-०६३ साल) को ! ने.सं. १०६१ (वि.सं. १९९७) मा चार शहिदहरू (**धर्मभक्त माथेमा, गंगालाल श्रेष्ठ, दशरथ चन्द र शुक्रराज शास्त्री**) को बगेको रगतले ने.सं. १०७० (वि.सं. २००७) सालको क्रान्ति ल्यायो, प्रजातन्त्र आयो । ने.सं. १०९९ (वि.सं. २०३६) सालको विद्यार्थी आन्दोलनले पञ्चायत व्यवस्था फाल्ने कि राख्ने भनी जनमत संग्रह गराउन राजतन्त्रात्मक सरकारलाई बाध्य पार्दै ने.सं. ११०९ पञ्चायतव्यवस्था फाल्यो, को जनआन्दोलन ल्यायो, (२०४६ साल) संवैधानिक राजतन्त्र आयो । र, यसकै पनि पूरक ने. सं. ११२५-०२६ (२०६२- ०६३) को जनक्रान्ति थियो जसले हजारौं वर्षदेखि चलिआएको राजतन्त्रलाई

फालेर गणतन्त्र ल्यायो ।

ने.सं. ११०९ (२०४६ साल) को जनआन्दोलन पश्चात्, कृष्णप्रसाद भट्टराईको प्रधानमन्त्रीत्वकालमा, सरकारले ने.सं. ११२१ (वि.सं. २०५६) मंसीर २ गते नेपाल सम्वत् का प्रवर्तक शंखधर साख्वालाई 'राष्ट्रिय विभूति' घोषणा गर्‍यो । ने.सं. ११२१ (वि.सं. २०५८) सालमा, सरकारले नेपाल सम्वत्को नववर्षको अवसरमा राष्ट्रिय विभूति शंखधर साख्वाःको सम्मानमा उनको शंख धारण गरेको आकृति भएको हुलाकटिकट र सिक्का प्रचलनमा ल्यायो । पुष्पकमल दाहाल 'प्रचण्ड'को प्रधानमन्त्रीत्वकालमा सरकारले ने.सं. ११२८ (वि.सं. २०६५) को नववर्षको अवसरमा, नेपाल सम्वत्लाई राष्ट्रिय सम्वत्को मान्यता प्रदान गयो । ने.सं. ११३० (वि.सं. २०६७) मा सरकारले पाठ्यक्रममा शंखधर साख्वालाई समावेश गर्ने घोषणा गयो । नेपाल सम्वत्को इतिहासमा यी बिर्सिनसक्नुका विशेष घटनाहरू भएर सदाकाल स्मरणीय रहिरहने छन् ।

अन्त्यमा, नेवाः राष्ट्रबोधी नाम हो, जाति त्यसपछिको कुरा हो । नाम समानता नै यस कुराको पर्याप्त दृष्टान्त छ : जस्तो नेपाः र नेपाःमि उस्तै नेपाल र नेपाली । नेपालमण्डल नेवाःजनको मूलभूमि हो । यही मूलभूमिको माटो चलाउनेहरूबाट पाएको यो देशको नाम हो नेपाल ! अनन्तकालदेखि सार्वभौमसत्तासम्पन्न स्वतन्त्र देशको रूपमा सारा संसारले चिन्दै मान्दै आएको, संसारकै सात अग्ला हिमशिखरहरूले सुहाइरहेको, बुद्ध, शिव र सीताको अति पवित्र, पूण्यभूमि हो, सुन्दर, शान्त र विशाल देश हाम्रो नेपाल । बहु भाषाभाषी, विविध जातजाति, बहु संस्कृतिले समृद्ध रही धार्मिक समन्वय, सहिष्णुता र सांस्कृतिक एकतामा उनिएर सजिएका हिमाल, पहाड र तराईका हामी नेपाली । अनि यो देशकै माटोमा जन्मी हुर्केको हाम्रो आफ्नो भन्नु एउटै मात्र सम्वत् : नेपाल सम्वत् । जन-एकता, जनशक्तिको प्रतीक : नेपाल सम्वत् । जनताका प्रतिनिधि शंखधरले प्रवर्तन गरेको सम्वत् : नेपाल सम्वत् । शकसम्वत् र विक्रमसम्वत् त यहाँ मात्र नभएर भारतमै पनि चलेर आएका छन् । यसैले ती हाम्रा मात्र नभएर सबैका साझा सम्वत् भए । यो कुरा सबैलाई थाहा छ । यसैले सारा विश्वले समेत चिनेर मान्दै आएको नेपालको एक मात्र सुविख्यात राष्ट्रिय सम्वत् हो : नेपाल सम्वत् ।

पूर्वमध्यकालमा विशाल नेपालको राजधानीनगरको रूपमा रहेको, नेपालमण्डल विखण्डित भइसक्दा पनि उत्तरमध्यकालमा सानै राज्यको भए पनि राजधानीनगरको रूपमा रहेको र ने.सं. ८८९ (वि.सं. १८२६) मा भने मल्ल राज्यको अवसानपश्चात् एउटा सानो उपेक्षित जिल्लाको नगर वा 'भादगाउँ' मा मात्र सीमित रही कान्तिपुर र ललितपुरका तुलनामा पिछडिएको आभास केही दशक अघिसम्म पनि जनमानसमा पर्न गएको दृष्टिगोचर हुन्छ ।

शायद यसैकारण विशेषगरी नेपालमण्डलको इतिहास संस्कृति, पुरात्वलगायत अन्य विषयमा कलम चलाउने विद्वद्वर्गको विशेष ध्यान / अध्ययन / पनि कान्तिपुर र ललितपुरतिरै केन्द्रित हुनपुगेको देखिन्छ। जे होस्! भक्तपुरबाट विविध पक्षका धेरै नूतनकुरा खोतलेर प्रकाशमा ल्याउन बाँकी छ। भक्तपुर नेपालमण्डलको सभ्यताको केन्द्रको रूपमा रहिआएको कुरालाई यहाँ बिर्सनु छैन। धार्मिक-सांस्कृतिक क्षेत्रमा होस् वा सामाजिक-राजनैतिक क्षेत्रमा, कलाकौशलको क्षेत्रमा होस् वा विद्याको क्षेत्रमा वा सम्वत् प्रवर्तनकै क्षेत्रमा, हरेक खास-खास क्षेत्रमा विशेषगरी नेपाल सम्वत्को प्रवर्तनकालदेखि भनौं वा लगायत समग्र नेपालमण्डलको पूर्वमध्यकालदेखि, कान्तिपुर, ललितपुरलगायत सभ्यताको अग्रणी भक्तपुर नै रहिआएको विदित हुन्छ। उदाहरण नेपाल सम्वत्लाई नै लिउँ। हामीले नेपाल सम्वत्का बारेमा जे जस्तो कुरा गर्दै आएको भए तापनि कम्तिमा पनि यस अघि नेपाल सम्वत् प्रवर्तनको सूत्रधार भक्तपुर नै हो भन्ने कुरा कहिल्यै स्मरण गरेनौं। हामीले नेपाल सम्वत्का प्रवर्तक शंखधरलाई मात्र स्मरण गर्‍यौं, उनलाई सम्वत् प्रवर्तन गर्ने हैसियत र लोकप्रियताको शिखरसम्म पुऱ्याएर अमरत्व प्रदान गर्ने, 'सामुद्री शास्त्र जान्ने, सुवर्ण आकर्षणका योग, वार साइत ठहराई लखुतीर्थमा बालुवा लिन पठाउने विद्वान् शास्त्रीलाई बिर्सियौं र उनका बारेमा जान्ने प्रयास गरेनौं। बालुवा बोक्ने भक्तपुरका ती सोझासाझा श्रमिक मजदुरहरूलाई पनि नेपाल सम्वत् प्रवर्तनको जस दिनुपर्छ भन्ने कुरा पनि यसअघि गरेनौं। यति कुरा मनमा गडेपछि हामीले निम्न कुरा पनि जानी राखौं :

१. नेपाल सम्वत् प्रवर्तनको अग्रणी भक्तपुर हो। यसको मूल श्रेय भक्तपुरलाई जान्छ।
२. सामुद्री शास्त्र जान्ने, सुवर्ण आकर्षणको विद्या जान्ने र सोही अनुसार लखुतीर्थमा श्रमिक मजदुरकहरूलाई बालुवा लिन पठाउने शास्त्री जोशीहरूका आदिपुरुष, भक्तपुर वाचुटोलका सिद्धिवन्त जोशी हुन् भन्ने नूतन कुरा खुल्न आएको छ। नेपाल सम्वत् प्रवर्तनको खास श्रेय उनलाई जान्छ।
३. विद्वान् ज्योतिष शास्त्री सिद्धिवन्त जोशीले सुवर्णसिद्धको साइत योग ठहराई लखुतीर्थमा बालुवा लिन पठाएका, छक्का पन्जा केही नजान्ने ती सोझासाझा श्रमिक मजदुरहरू पनि नेपाल सम्वत् प्रवर्तनका कारक हुन्। अतः नेपाल सम्वत् प्रवर्तनको श्रेय ती श्रमिक मजदुरहरूलाई पनि जान्छ। ●

सन्दर्भसूची

मूल स्रोत

१. शंखधर साख्वाः र नेपाल सम्वत्बारे चलेका जनश्रुति (मौखिक इतिहास)।

२. भक्तपुर जँलाटोलस्थित पाटीको भूपतीन्द्र मल्लको पालाको ने.सं. ८२७ को शिलालेख अध्ययन।

३. पशुपतिनाथमन्दिरस्थित शंखधर साख्वाःको शिलामूर्ति अध्ययन।

४. ज्योतिष कृष्णराज जोशी (५५), कुथुछें, भक्तपुर।

सहायक स्रोत

१. हरिराम जोशी, *Medieval Colophones,* Joshi Research Institute, Lalitpur : 1991
'मध्यकालीन अभिलख', प्राचीन नेपाल, ५३-५६ / भदौ - चैत्र, २०३६।
प्रदीप अभिनव संस्कृति विश्वकोष, वर्कर्स पब्लिकेसन्स्, भक्तपुर : २०७०।
रोलम्बका विविध अङ्कहरू।
हाम्रो संस्कृति, सूचना विभाग, २०३७।

२. Dhanvajra Varracharya, Kamal P= Malla, *The Gopalrajvamsavali,* Franz Steiner Verlag Weisbaden GmbH, Kathmandu : 1985

३. Kirkpatrick, *An Account of the Kingdom of Nepal,* Asian Publication Services, New Delhi : 1975

४. Luciano Petech, *Medieval History of Nepal,* Is. M.E.O., Roma : 1958

५. D.R. Regmi, *Medieval Nepal,* Vol.1, Rupa & Co New Delhi : 2007

६. Bernhard Kolver and Hemraj Sakya, *Documents from the VGH Wissenschaftsverlag. Sankt Rudravarna Mahavihara,* Augustin : 1985

७. धनवज्र वज्राचार्य, 'मध्यकालका शुरूका केही अभिलेख', ***कन्ट्रिव्युसन्स् ट नेपलिज स्टडिज,*** पौष, २०३४। दोलखाको ऐतिहासिक रूपरेखा, नेपाल र एसियाली अध्ययन संस्थान, कीर्तिपुर : २०३१। नुवाकोटको ऐतिहासिक रूपरेखा, नेपाल र एसियाली अध्ययन संस्थान, कीर्तिपुर : २०३२। शाहकालका अभिलेख, नेपाल र एसियाली अनुसन्धान केन्द्र, कीर्तिपुर :२०३७ ८. पं. देवीप्रसाद लम्साल (सं.), भाषा वंशावली द्वितीय भाग, नेपाल राष्ट्रिय पुस्तकालय, काठमाडौं : २०२३।

९. राजबली पाण्डेय, ***भारतीय पुरालिपि,*** लोकभारती प्रकाशन, इलाहाबाद : १९८८।

१०. E.H. Walsh, *The Coinage of Nepal*, Low Price Publications, Delhi : 1990s

११. सत्यमोहन जोशी, ***नेपाली राष्ट्रिय मुद्रा,*** साझा प्रकाशन, ललितपुर : २०४२।

१२. पुरुषोत्तमलोचन श्रेष्ठ, ***'कुशेश्वरमहादेवस्थानका अभिलेख',*** अभिलेख, राष्ट्रिय अभिलेखालय, पूर्णाङ्क ३१, २०७०। चट्टानअभिलेख र अन्य सम्पदा, बबिता श्रेष्ठ, भक्तपुर : २०६७।
गुहा, गुहालेख, गुहाचित्र एवं अन्य सम्पदा, विनोदराज शर्मा, भक्तपुर :२०७३।

१३. Google: Wikipedia

इतिहास, संस्कृति र युवाआवाज

–● राजेश बज्राचार्य ●–

पृष्ठभूमी,

नेपालको सभ्यता इतिहासको विविध कालखण्डमा स्थापित भएका शासकहरूको बाहुबल, तीनका धार्मिक, सास्कृतिक र सामाजिक दर्शनका आधारमा परिमार्जित हुँदै आएका छन् । पूर्वीय दर्शनशास्त्र र दक्षिण एसियामा नेपालको धार्मिक आध्यात्मिक महत्त्व जति रहेको छ त्यति नै भूकम्प, आगलागी र रोगव्याधी जस्ता प्राकृतिक प्रकोपका घटनाहरू पनि भएको पाइएको छ ।

यसरी आइपरेका विपत्तिहरूको सामना गर्दै आर्थिक सामाजिक परिस्थितिको आमूल परिवर्तनलाई ईतिहासमा स्थापित गर्न विभिन्न समयमा धार्मिक आस्था, व्यक्ति वा राजाका नाममा (आयातित ईस्वी, विक्रम जस्तै नेपालमा प्रचलित शक सम्वत् र मानदेव सम्वत् आदि)नयाँ सम्वत्‌हरूको थालनी भएको पाइन्छ । यसै सन्दर्भमा लिच्छवीकालको उत्तरार्धमा सन ८७९ मा राष्ट्रकै नाममा स्थापित नेपाल सम्वत्‌को आफ्नै महत्त्व रहेको छ ।

लिच्छवी राजा राघवदेवबाट घोषित मानिएको नेपाल सम्वत्‌को थालनीसँगै लिच्छवीहरूको स्थान थकुरी राजाहरूले लिएको प्रायः लेखकहरूले उल्लेख गरेको देखिन्छ । तर नेपाल सम्वत्‌अघिसम्म स्थापित मानदेव सम्वत्‌को लिच्छवी राजाबाटै विस्थापन कसरी सम्भव भयो? सम्वत्‌को थालनी कसले कुन परिवेशमा गरेका हुन् भन्ने यकीन प्रमाणको

अभावमा नेपाल सम्वत् उल्लेख भएका हालसम्म प्राप्त अभिलेखहरूका आधारमा विदेशी ईतिहासविद मेरी स्लसरलगायत विभिन्न विद्वान अध्ययेताहरूको विभिन्न तथ्यगत तर्कहरू सार्वजनिक भएका छन। तर ईतिहासकारहरू यस सम्वत्सँग जोडिएको बालुवा र सुनको कथामा विश्वस्त देखिन्नन्। संस्कृतिविद साफल्य अमात्यका अनुसार लिच्छवीकालको उत्तरार्द्धमा हाँडीगाउँको ३ महिना लामो आगलागीले विस्थापित जनताको पुनरुत्थान स्वरुप म्हः पूजाको प्रारम्भ भएको हुनसक्ने अनुमान गरिएको छ। उनी राजा राघवदेवका पालामा उक्त विपत्तिलाई पार लागेको कारण हालसम्म निरन्तरता पाएको आत्म (शरीर) पूजा म्हपूजा थालिएको पनि मत राख्दछन। स्मरणीय छ, म्हपूजाका दिन नयाँ सम्वत्को थालनी स्वरुप विशेषतः नेवाः समुदायले यस सम्वत्लाई राष्ट्रिय सम्वत्को मान्यताको मागसहित भएका भाषिक सास्कृतिक आन्दोलनहरूको उपलब्धिका रुपमा बृहत् सास्कृतिक कार्यक्रमसहित न्हूदँ मनाउँदै आएका छन्।

नेपाल सम्वत् थालनी वर्षदेखि अरि मल्लको उदय अगाडीका सम्वत् ३२२ सम्मको समयकाललाई इतिहासकारहरूले अन्धकार युग भन्ने गरेका छन्। हुन त जयदेव दोस्रोको राज्यकाल वि.सं. ७८० देखि नेपाल सम्वत् शुरु हुनु अगाडिको समयका सम्वत् थालनीका कारण र ऐतिहासिक तथ्यहरू निरन्तर खोजीको विषय हुन सक्लान्। तर स्थापनाकालदेखि मल्लकाल अवधिभर आधिकारिक राष्ट्रिय सम्वत्का रुपमा प्रचलित रहेको यो सम्वत् ८८८ मा पृथ्वीनारायण शाहले शक सम्वत्लाई मान्यता दिई यसलाई बेवास्ताको प्रयास गरेको देखिन्छ। यसका बावजूद विभिन्न अभिलेखहरूमा यसको प्रयोग निरन्तर भएकै पाइन्छ भने सम्वत् १०२४ अर्थात सन् १९०३ मा तत्कालीन प्रधानमन्त्री चन्द्रशम्शेर राणाका पालामा आधिकारिक विक्रम सम्वत्को प्रयोग पश्चात् यस सम्वत्को प्रयोग झन छाँयामा पर्दै गयो। यसका बावजूद हालसम्मका नेपाली चाडपर्वको तिथिमितिका आधार मान्दा भने शक सम्वत्सँगै नेपाल सम्वत्कै प्रयोग व्याप्त देखिन्छ। नेपालमा प्रचलित निम्न सम्वत्को प्रयोग अवधि हेर्दा नेपाल सम्वत् नै सर्वाधिक चल्तीमा रहेको देखिन्छ।

सम्वत्	प्रादुर्भाव	मौलिकता	हालको वर्ष
कलिगत सम्वत्	ई.पू. ३१०२	पौराणिक	५१२४
येले (किरात) सम्वत्	ई.पू. ३०६०	पौराणिक	५०८२
सोनाम ल्होसार	ई.पू. ८३६	आदिवासी??	२८५८
अञ्जान सम्वत्	ई.पू. ६९१	आदिवासी??	२७१३
बुद्ध सम्वत्	ई.पू. ५४४	मौलिक	२५६६
बिक्रम सम्वत्	ई.पू. ५७	आयातित	२०७९

शक सम्वत्	ईस्वी सं ७९	आयातित	१९४३
मानदेव सम्वत्	ईस्वी सं ५७५	नेपाली	१४४७
नेपाल सम्वत्	ईस्वी ८७९	नेपाली	११४३

सम्भवत यीनै आधारमा तत्कालीन राणा शासनविरुद्ध 'बुद्धधर्म व नेपालभाषा' पत्रिकाका सम्पादक एवं भाषिक अभियन्ता धर्मादित्य धर्माचार्यले सम्वत् १०४९ सन् १९२८मा नेपाल सम्वत्लाई राष्ट्रिय सम्वत् घोषणाको माग गरे। उनैको पाईलालाई पछ्याउँदै नेपालभाषाका भाषिक अभियन्ताहरूको सक्रियता पनि बढ्न थाले। नेपालभाषा मंकाः खलःका सचिव एवं भाषिक अभियन्ता नरेशवीर शाक्यका अनुसार सम्वत् १०७१ (सन १९५०)मा काठमाडौंका प्रेमबहादुर कंसाकारको अगुवाइमा भाषिक संस्था च्वसा पासाको आह्वानमा नेपाल सम्वत्को उपलक्ष्यमा बृहत प्रभातफेरी (नसंचा उलेगु) कार्यक्रमको शुरुवात गरे।

नेपाल सम्वत्को आधुनिक इतिहास र युवा प्रसंग

नेपाल सम्वत्बारे धेरै तर्क र बहस सुन्ने गरिन्छ, तर एक जागरुक युवाले सुनको तर्कमा निरन्तरता भन्दा नेपालमा राणाकालको अन्त्यकालागि देखि शुरु भएको आन्दोलनहरूसँगको ऐतिहासिक घटनाक्रमलाई नियाल्नु सामाजिक विज्ञानसम्मत हुने देखिन्छ। अर्थात राजनीतिक परिवर्तनमा विभिन्न शहिद, अभियन्ता र राष्ट्रिय विभूतिहरू छन्। ती मध्ये माथि उल्लेख गरिएका वि.सं. २०२० मा बित्नुभएका धर्मादित्य धर्माचार्यले नेपाल सम्वत्लाई राष्ट्रिय सम्वत्को मान्यताका लागि आवाज उठाउँदा बखत उनी २६ वर्षका युवा थिए। २००७ साल अर्थात सम्वत् १०७१ सम्म पुग्दा उत्कर्षमा पुगेको आन्दोलनसँगै थालनी भएको नेपाल सम्वत्को प्रभातफेरी कार्यक्रमका पछिल्ला अगुवा पद्मरत्न तुलाधर बन्न पुगे। सम्वत्सँगै नेपालभाषाको उत्थानका लागि उनैको पहलमा थालिएको नेपालभाषा मंकाः खलः ललितपुरमा सम्वत् ११०० मा स्थापना पनि भयो। राजा महेन्द्रको पञ्चायती व्यवस्था र राष्ट्रियताको अभियानमा नेपाली विविधताको समानताको अभाव देखेर भाषिक आन्दोलनहरू चर्किए। त्यससँगै सास्कृतिक जुलुसको रुप लिएको कार्यक्रममा मसालको साटो मैनयात्राको रचनात्मक रुप पनि देखिए। यसरी नेपाल सम्वत्को पूर्वसन्ध्यामा पाटनमा थालिएको सीःमतया मैन यात्राले सम्वत् ११२४ सम्म निरन्तरता पाउँदै रह्यो। नेपालभाषा मंकाः खलः यलको आह्वानमा ईच्छुक टोल संस्थाहरूले पालैपालो आयोजना गर्दै आएको सीमतयाः पाटनको पौराणिक जात्राहरूको रुटमा कायम थियो। ११२५ मा भने ईच्छुक सामाजिक संस्थाले यो रुट बृहत बनाउने प्रस्तावमा चर्को बहस पनि सिर्जना भयो। आर्थिक संकलन र मैनयात्राले बृहतता पाउने हुनाले राम्रो भन्ने र वार्षिक निरन्तरताका लागि

भविष्यका आयोजकहरूमा आर्थिक भार बढ्नाले यो प्रस्ताव बेठीक भन्ने दुइ तर्क देखिए। त्यसैबेलाको बहसमा सबैलाई मान्य हुनेगरी दीर्घकालीन निर्णय गराउन महत्वपूर्ण भूमिका खेलेका व्यक्तित्व थिए, वाङ्मय शताब्दी पुरुष स्वर्गीय सत्यमोहन जोशी। उनी लगायत अग्रज भाषिक अभियन्ताहरूले सुझाएको तर्कका आधारमा पौराणिक सापारु (गाइजात्रा) रुटमा मैनयात्रा सीमित गर्नेगरि गरिएको निर्णय कार्यान्वयनमा तत्काल देखिएको आयोजक संस्थाको अभाव देखियो। उक्त अभावलाई पूर्ति गर्न बढेको युवा जमात थिए रोट्राक्ट क्लब अफ ललितपुर, पाटन र यल। स्मरणयोग्य छ, सो काल २०६६ अर्थात ६२/६३को राजनैतिक परिवर्तनपछि विविध अधिकारहरू संस्थागत गर्ने जागरुकताको समय थियो।

विशेषत ललितपुरका विभिन्न जातीय समाज र स्थानीय क्लबहरूको आयोजनामा युवा परिचालन गर्दै आएको मैनयात्रा अन्तर्राष्ट्रिय स्तरको रोटरी अन्तर्गत रहेको युवा संस्था आफैले आयोजना गर्ने अवस्थामा पुग्नु नवयुवाहरूको आकर्षण र सक्रिय सहभागितामा पनि बदलियो। सम्वत् ११२५ देखि संस्कृति संरक्षण र प्रवर्द्धनका लागि युवा नारासहित रचनात्मक मौलिक कलाकारिता, नृत्य गायन प्रस्तुतिसँगै स्थानिय संस्कृति प्रवर्द्धनमा निरन्तर लागिपरेको रोटराक्ट क्लबले हालसम्म पनि यसलाई निरन्तरता दिँदै आएका छन। हरेक वर्ष युवा कलाकारितालाई प्रवर्द्धनकासाथै मूर्त अमूर्त संस्कृति जगेर्नामा लागिपरेको ललितपुरको एक संस्था र एक व्यक्तित्वलाई विशेष सम्मान पनि गर्दै आएको छ। यसरी सम्मानित हुने व्यक्तित्वहरूमा संगीत शिरोमणि उस्ताद कुमारलाल श्रेष्ठ, बौद्धबिद्वान धर्मरत्न शाक्य देखि टबलावादक बालकलाकार रोशन राजकर्णिकार रहेका छन् भने कात्तिक नाच संरक्षण समितिजस्ता संस्थाहरू रहेका थिए।

उपसंहार

नेपाल सम्वत्, साँस्कृतिक तथा भाषिक जागरणको लामो इतिहास निर्माणमा नेवाः समुदायको अग्रसरता सदैव रहनाले यो सम्वत् नेपालको मौलिक सम्वत्‌भन्दा नेवाः जातिको मात्र हो भन्ने भ्रम पनि स्थापित रहिआएको छ। चन्द्रशमशेरको शासनकाल वि.सं १९६० अघिसम्म राष्ट्रिय सम्वत्‌को मान्यता पाएको नेपाल सम्वत् वाङमय शताब्दी पुरुष सत्यमोहन जोशीकै भनाईमा पनि "लिच्छविकालका राजा राघवदेवको शासनकालबाट सुरु भएको नेपाल सम्वत् राणाशासनसम्म मौलिक सम्वत्‌का रूपमा चलेको थियो, लिच्छविकालअघि शक सम्वत् प्रचलनमा थियो, नेपाल देशको नामबाट राखिएकाले यो मौलिक सम्वत् हो। यो सारा नेपालीहरूको मौलिक सम्वत् हो।" तर प्रसंगवश बिर्सन नहुने कुरा भने, माथि उल्लेखित संक्षिप्त इतिहास निर्माणमा अग्रजहरूको सास्कृतिक, भाषिक लगायतका चिन्तन र दुरदृष्टिलाई यथार्थमा परिवर्तित गर्न सदैव युवापुस्ताकै जोश गाँसिएको तथ्य

नकार्न सकिन्न। युवाहरू स्वभावैले विद्रोही नै रहन्छन् तर युवा जोशलाई व्यवस्थित र संस्थागत गर्न नसकिएर सेलाउँदै जाने तीनका जोशले युवा पुस्तान्तरणमा हौसलाभन्दा नैराश्यता बढी देखिने गरेको छ। नेपाल सम्वत्‌लाई उत्सवसँगै मौलिक सम्वत्‌को जागरण दिलाउन पछिल्लो २ दशकमा देखिएको युवापुस्ताको जोश फेरी पनि क्षणिक नबनोस् भन्नाका लागि सम्बन्धित निकाय र विशेषत बृहत समारोह समितीहरूले युवापुस्तालाई पनि समान व्यवहार र सम्मानित गर्नसक्नुपर्दछ। युवापुस्ताका प्रतिनिधि संस्थाहरूलाई मात्र भए पनि समेटेर, उनीहरूको योगदानलाई सम्बोधन नगर्ने हो भने विगत केही दशकको अन्तरालमा देखिएको द्रुत सहरीकरण, आर्थिक विचलन र अवसरको कमीका कारण राजनीतिक नैराश्यतातर्फ उन्मुख हाम्रो देशमा परिवर्तनका लागि युवापुस्ताको जोश सदैव उस्तै रहन्छ पनि भन्न सकिन्न। यसतर्फको परिवर्तनका लागि पनि नेपाल सम्वत्‌प्रतिको अपनत्व जागरणले सहयोग हुनसक्दछ, नयाँ संस्कृतिको संस्थागत विकास हुनसक्दछ। अन्तमा, शताब्दी पुरुष सत्यमोहन जोशीज्यूसँगको थोरै समय अनुभवका आधारमा अनुभूत गरेको कुरा – संस्कृति पुराना राम्रा प्रचलनको मात्र निरन्तरता हैन, संस्कृति भनेको हाम्रो सामूहिक प्रयासमा स्थापित हुने नयाँ मौलिक बहुजन हितका गतिविधि पनि हुन्। तीनले संस्थागत निरन्तरता पाऊन्। अस्तु। ●

नेपाल सम्वत्को राष्ट्रिय अभियान

–● राजेन्द्र श्रेष्ठ ●–

■ नेपाल सम्वत् राष्ट्रिय, सरकारले यसलाई मान्यता दिनैपर्दछ भन्ने नेपाल सम्वत्को अथवा भिन्तुना आन्दोलन वा अभियान मुख्य माग हो। धेरै ठूलो संघर्षपछि यो मुख्य माग पूरा भइसकेको छ। यसलाई सकारात्मक रुपमा लिनुपर्दछ। तर, नेपाल सम्वत्को प्रयोगको व्यापकताका सम्बन्धमा गर्नुपर्ने कतिपय प्राविधिक कार्यहरू गर्न बाँकी नै छन्। प्रदेश सरकार र स्थानीय सरकारलाई यसको महत्त्व र प्रयोगको विषयमा बुझाउनुपर्ने, भएका निर्णयहरू केही कार्यान्वयन भइरहेको छ, केही कार्यान्वयन गर्न बाँकी छ। त्यसैले यस दिशामा भएका कार्यहरू अझै पर्याप्त हुन सकेको छैन।

■ नेपाल सम्वत्को आन्दोलन सुरु हुँदा मुख्य रुपमा तीनवटा नारा दिएका थियौं। नेपाल सम्वत् राष्ट्रिय सम्वत् सरकारले यसलाई मान्यता दिनुपर्दछ पहिलो नारा थियो। दोस्रो, देशभित्रका सम्पूर्ण जाति, भाषालाई समान अधिकार दिनुपर्दछ र तेस्रो, नयाँ वर्षको शुभकामना (न्हूँदया भिन्तुना) छ, शुभकामना, सम्पूर्णलाई शुभकामना। यी तीन वटा नारा त्यतिबेला आधिकारिक रुपमा स्वीकृत गरेको दिएका थियौं। नेपाल सम्वत्को आन्दोलनले नेपालको राजनीतिमा निकै सकारात्मक प्रभाव पारेको छ।

भिन्तुना आन्दोलन भनेको शुभकामना दिने आन्दोलन हो।तर, शुभकामना दिने अभियानसमेत पञ्चायती व्यवस्थालाई सह्य भएन। त्यस विरुद्ध दमन हुन थाल्यो। त्यसपछि हामीले संघर्ष गर्नुपर्ने स्थिति उत्पन्न भयो। त्यस क्रममा पञ्चायती व्यवस्था समाप्त होस् भन्ने नारा दियौं र त्यसका विरुद्ध संघर्ष गर्न बाध्यौं भयौं। यस अवस्थाले गर्दा प्रजातन्त्र

पुनःबहालीको लागि भइरहेका आन्दोलनसँग नेपाल सम्वत्को आन्दोलन एकाकार भयो। तर विडम्बना, २०४६ सालमा प्रजातन्त्र पुनःस्थापना भएको दश वर्षपछि पनि नेपालको सम्वत्को आन्दोलनले उठाएको माग पूरा भएन। बल्ल तत्कालीन प्रधानमन्त्री कृष्णप्रसाद भट्टराई हुँदा २०५६ मंसिर २ गते नेपाल सम्वत्का प्रवर्तक शंखधर साख्वालाई राष्ट्रिय विभूति घोषणा गरियो। तर, नेपाल सम्वत्लाई राष्ट्रिय मान्यता दिलाउनको लागि अझै संघर्ष गर्नुपर्ने स्थिति बाँकी नै थियो।

२९ वर्षको लगातारको संघर्ष र अभियान पछि २०६५ सालमा पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको सरकारले नेपाल सम्वत्लाई राष्ट्रिय मान्यता दिने औपचारिक निर्णय गऱ्यो। तर सरकारी निकायमा प्रयोगमा ल्याइएन।लगातारको जनदबाबपछि गत वर्ष प्रचण्ड नेतृत्व सरकारले सरकारी लेटर प्याडमा नेपाल सम्वत् प्रयोगमा ल्याइयो। अहिले अड्डा अदालतदेखि राज्यका अंग र निकायमा नेपाल सम्वत्को लेटरप्याडमा नेपाल सम्वत्को उल्लेख गर्दै आएको छ। यो पनि एउटा महत्वपूर्ण उपलब्धि हुन्।

यस अभियानले राष्ट्रियताको आन्दोलन जगाउनमा पनि महत्वपूर्ण भूमिका निर्वाह गरेको छ। नेपाल सम्वत् स्वयं नेपालकै नाउँबाट रहेको गौरवमय सम्वत् हुन्।संसारमा देशको नाउँमा चलेको अरु कुनै सम्वत् छैन। हो, इस्वी सम्वत् वैज्ञानिक छ, तर देवीदेवताको नाउँमा चलेको हो। त्यसैगरी विक्रम सम्वत् भारतका राजा विक्रमादित्यको नाउँमा चलेको सम्वत् हो, यो न वैज्ञानिक छ, न व्यावहारिक छ।अरु विभिन्न सम्वत्हरू हेर्ने हो भने राष्ट्रकै गरिमासँग जोडिएको छैन। यसले गर्दा नेपाल सम्वत्प्रति प्रत्येक नेपालीहरूले गौरव गर्नुपर्दछ कि यसले राष्ट्रियतालाई बलियो बनाएको छ।पहिला, पहिला विदेशी कुटनीतिक नियोग र संयुक्त राष्ट्र संघमा समेत 'नेपाल डे' मनाउँदा नेपाल सम्वत्को पहिलो दिनमा मनाउने गर्दथ्यो। अहिले त्यो चलन हराइसकेको छ।

अतः नेपाल सम्वत्को नामले नै नेपालको पहिचान दिन्छ। त्यसले गर्दा राष्ट्रियताको भावलाई अभिवृद्धि गर्ने एउटा माध्यम नेपाल सम्वत् हुन्। यसले राष्ट्रियताको आन्दोलनलाई यसले सघाउने काम गरेको छ।

व्यवस्था परिर्वतनको कुरो सुरुमा नभई पछि आएर जोडिएको हो। त्यतिबेला तीनवटा नारा दिएर यो अभियान शुरु भएको थियो। जब पञ्चायती निरंकुशतावादी सरकारले यो आन्दोलनमाथि दमन गऱ्यो तब यसमा पञ्चायती व्यवस्था विरोधीको आवाज मिसिएको थियो। शासकहरू दमनले यो आन्दोलनले व्यवस्था विरोधी, राष्ट्रियता र सामाजिक परिर्वतनको बृहत्तर अभियानसँग जोडिएको थियो। यसको मुख्य नेतृत्वकर्ता आदरणीय पद्मरत्न तुलाधर हुनुहुन्थ्यो। उहाँकै जोसिलो भाषणको प्रभावसँगै त्यसबारे धेरैभन्दा धेरै

जनताको सहभागिता बढ्दै गएको थियो। त्यसपछि यसमा राजनीतिक दल, राजनीतिक कार्यकर्ताहरू ओइरिन थालेको थियो।

यो अभियानले उठाएको माग पञ्चायतकालमा पुरा हुनसक्ने स्थिति थिएन। त्यतिबेला नेपाल सम्वत् आन्दोलनलाई साम्प्रदायिक आन्दोलन भनिन्थ्यो। बहुदलीय प्रजातन्त्रकालमा शंखधर साख्वालाई राष्ट्रिय विभूति घोषणा गरियो, तर नेपाल सम्वत् लाई राष्ट्रिय मान्यता दिने काम भएन। हो, त्यतिबेला प्रयास गरेको सम्भव थियो। पञ्चायतकालमा सहभागी भएका दलहरूको सरकार भएको बेला यसको महत्वलाई जुन गम्भीरताका बुझ्नुपर्ने थियो। त्यति हदसम्म बुझ्न प्रयास गरेन भनौं वा सकेन। पछि दोस्रो जनआन्दोलनपछि बनेको सरकारले नेपाल सम्वत्लाई राष्ट्रिय मान्यता प्रदान गर्‍यो। त्यतिबेला मा संघीयता, समावेशी, समानुपातिक र समान अधिकारको कुरो उठिरहेको थियो। शासन व्यवस्था शासकीय विचारले आन्दोलनलाई सकारात्मक वा नकारात्मक प्रभाव पार्ने तथ्यलाई यसका माग किस्ता किस्तामा पुरा भएको सन्दर्भमा पनि बुझ्न सकिन्छ।

■ यो अभियानले सामाजिक परिर्वतनको क्षेत्रमा पनि महत्वपूर्ण प्रभाव पारेको छालिच्छिविकालमा शंखधर साख्वाः नामक एकजना व्यापारीले सबै ऋणीहरूको ऋणमोचन गरेर यो सम्वत् चलाएका थिए। तत्कालीन अवस्थामा नेपालमा शक सम्वत् चलिरहेको थियो। ऋणीहरूको ऋण मोचन गरेको खुशीयालीमा चलाएको यो सम्वत् को सन्दर्भ सारै सम्झिन लायक छ। सामाजिक परिर्वतनको सन्दर्भको कुरा गर्दा आर्थिक दासताबाट मुक्ति दिलाएको इतिहास सामन्त र पूँजीवादी शासकहरूबाट श्रमजीवी वर्गको मुक्तिको कुरा गर्नेहरूका लागि महत्त्वपूर्ण भएकोले पनि यस सम्वत्को अझ महत्त्वपूर्ण बनेको छ। लोककल्याणकारी भावना, परिर्वतनकारी भावनाको कोणबाट पनि यो सम्वत् को अत्यन्त महत्वपूर्ण छ। यसले गर्दा पनि नेपाल सम्वत् वा भिन्तुना आन्दोलन सामाजिक रुपान्तरणसंग पनि जोडिएको छ।

■ वस्तुतः यो अभियान नेपाल सम्वत् नयाँ वर्षको शुभकामना दिने सांस्कृतिक प्रदर्शन थियो। तर यस अभियान बृहत्रुपमा सञ्चालन गर्ने मुख्य संस्था नेपाल भाषा मंका खलः भएकोले यसमा भाषिक कुराहरू पनि जोडिन पुगेको हो। नेपालभाषा बोल्नेहरूको साझा संस्थाको हिसाबले मंकाः खलःले भाषिक समान अधिकारको एजेन्डा बोक्दै आएको थियो। त्यही संस्थाले नेपाल सम्वत्को शुभकामना दिने अभियान सुरु गरेपछि यसमा भाषिक समानताको कुरो जोडिएको थियो। यस हिसाबले भाषिक समानताको आन्दोलनमा पनि नेपाल सम्वत्को अभियानले महत्त्वपूर्ण टेवा पुर्‍याएको छ।

■ अहिले जनस्तरमा नेपाल सम्वत् नयाँ वर्ष मनाउँदै आएको छ। जनस्तरबाट

मनाउँदै जाउला । तर, सरकारले राष्ट्रिय सम्वत्को रुपमा मान्यता दिइसकेपछि सरकारीस्तरमा पनि अहिले नेपाल सम्वत् नयाँ वर्ष मनाउनुपर्दछ । त्यस्तै नेपाल सम्वत्का प्रवर्तक शंखधर साख्वाःको विषयमा अध्ययन अनुसन्धान हुन बाँकी छ। त्यसका लागि सरकारीस्तरमा शंखधर साख्वाः प्रतिष्ठान गठन गरिनुपर्दछ। त्यसैगरी शंखधरको नाउँबाट राष्ट्रिय पुरस्कारहरू स्थापना गरिनुपर्दछ। यस्ता कार्यहरूसँगै नेपाल सम्वत्को प्रयोगहरू अनुगमन गर्नुपर्दछ। नेपाल सम्वत्को प्रयोग कहाँ कहाँ भयो ? के, के समस्याहरू आएका छन् ? यी कुराहरूको लेखाजोखा सरकारले गर्नुपर्दछ। त्यस बाहेक पनि नोटहरूमा नेपाल सम्वत् को प्रयोग गर्नुपर्दछ। राष्ट्रिय सम्वत् भनेपछि यसको प्रयोगको क्षेत्र व्यापक हुनुपर्दछ। सिक्काहरूमा पनि यसको प्रयोग हुनुपर्दछ ।

नेपालका विविध भाषा, जाति वा समुदायमाझ पनि नेपाल सम्वत् नयाँ वर्ष मनाउने स्थितिमा पुऱ्याउनुपर्ने खाँचो छ। गोर्खा राज्य विस्तार हुनुअघि नेपालमा बाइसे, चौबिसे राज्यहरू थियो । गोर्खा राज्यको विस्तारसँगै नेपाल आधुनिक राज्यमा परिणत भएपछि ती बाइसे, चौबिसे सबै राज्यहरूले नेपाल राज्यप्रति अपनत्व लिएका थिए। विभिन्न राज्य स्वतन्त्र भएपनि पछिल्लो कालमा हामी सबै नेपाली हौं भनेर अनुभूति गरेझै नेपाल देशप्रति सबैले अपनत्व लिएका थियो। नेपाल देशप्रति सबैले अपनत्व लिए जसरी नेपालकै नाउँबाट स्थापित नेपाल सम्वत्मा पनि अपनत्व लिनुपर्दछ ।

इस्वी सम्वत् नयाँ वर्ष सबैले मनाउँछन्। इस्वी सम्वत् मनाउन सबै भाषाभाषी र जातिहरू ठमेल लगायत विभिन्न ठाउँमा हुने कन्सर्ट हेर्न जान्छन् । कसैले पनि विदेशी सम्वत् भनेर भन्दैन। त्यसरी नेपाल सम्वत्लाई लिनुपऱ्यो। देशका सबै जातजाति र भाषाभाषी, राज्य सबैले यसको विशेषतालाई बुझेर नेपाल सम्वत् नयाँ वर्ष मनाउनुपर्दछ ।

यसको लागि पहल गर्ने, सक्रियता देखाएको नेवाः समुदायलाई धन्यवाद दिएर देशका सबै समुदायले यसप्रति अपनत्व लिनुपर्दछ, त्यसरी लिने वातावरण सबैले तयार गर्नुपर्दछ। फेरी यसको तिथिमिति सबैले प्रयोग गर्दै आइरहेको छ। त्यसैले नेपाल सम्वत् प्रति सबैले अपनत्व ग्रहण गर्नुपर्दछ, राज्यले अपनत्व लिएपछि जनताले अपनत्व लिन सहज नै हुनेछन् ।

नेपाल सम्वत् नयाँ वर्ष उत्सवको रुपमा मनाउनु स्वभाविक प्रक्रिया हो । ४४, ४५ वर्षको लगातारको संघर्षपछि नेपाल सम्वत् राष्ट्रिय मान्यता पाएकोमा यसबाट खुशी भई नाचगान, सांस्कृतिक झाकी, प्रदर्शन गरी उत्सवका रुपमा मनाउनुलाई अन्यथा लिनुहुँदैन । नेपाल सम्वत्को आर्थिक वर्षको अन्तिम दिन लक्ष्मीपूजा पर्दछ। त्यो दिन वर्षको दिन आर्थिक हिसाब किताब गरी धनधान्यदेवी लक्ष्मीलाई पूजा गरिन्छ। पहिलो दिन म्हःपूजा

गरिन्छ भने तेस्रो दिन दिदीबहिनी भेला गरेर किजापूजा अर्थात् भाईटीका हुने गर्दछ । यसले गर्दा स्वभाविक रुपमा रौनक, उत्सव हुने भईहाल्यो । फेरी जुनसुकै सम्वत्को नयाँ वर्ष पनि देशविदेश सबैतिर खुशीका साथ मनाउने गरिन्छ। यसलाई सकारात्मक रुपमा लिनुपर्दछ। हिजो पञ्चायत व्यवस्था विरोधी आन्दोलनसँग जोडिएको यो अभियानको मागलाई राज्यले मान्यता दिएपछि यो अभियानको स्वरुप त बदलिन्छन् नै । अब शुभकामना आदानप्रदानको काम राज्य, जनस्तर सबैतिरबाट हुनुपर्दछ ।

■ नेपाल सम्वत् नयाँ वर्ष मनाउनेलाई व्यापक बनाउन भाषिक अधिकारलाई यसलाई अलग गरिनुपर्दछ भन्ने कुरो ठिकै हो।पञ्चायतकालमा नेपालभाषा मंकाः खलःले यो अभियान सुरुआत गरेको बेला, भाषा, राजनीतिक अधिकारजम्मै जोडिएको थियो । जसले अभियान सञ्चालन गऱ्यो, उसले आफ्नो उद्देश्यपनि सँगसँगै अघि बढाउन खोज्छ नै । त्यसैले इतिहासमा जे गरियो, त्यो त्यति बेलाको आवश्यकता थियो । नेपाल सम्वत् नयाँ वर्ष मनाउने जिम्मा मंकाः खलःले छोडेको लामै समय भइसकेको छ । अहिले विभिन्न संघसंस्था मिलेर न्हूदँ समारोह समिति गठन गरी नेपाल सम्वत् नयाँ वर्ष मनाउँदै आएको छ। त्यसैले यसलाई विशुद्ध नयाँको वर्षका रुपमा उत्सव मनाउनु अहिलेको आवश्यकता पनि हो ।

नेपाल सम्वत्ले राष्ट्रकै पहिचानलाई प्रवर्द्धन गर्दै आएको छ। देशभित्र पनि बहुभाषा, बहुसंस्कृति भएकोले सबैको पहिचान स्थापित हुनुपर्दछ भन्ने कुरोलाई पनि यसले टेवा पुऱ्याएको छ। यो अभियान मुलुकको भाषा, जाति तथा सांस्कृतिक आन्दोलनको संवाहक बनेको छ। यो कुरो बुझ्ने बुझाउनुपर्ने खाँचो छ। आधुनिक युवापुस्ताले २०३६ सालदेखि यस अभियानको लागि भएको संघर्ष देख्ने कुरो आउँदैन । यो आन्दोलन सुरु हुँदा जन्मिएको मान्छे ४५ वर्ष भइसेकेको छायसको संघर्ष, कथा व्यथाबारे नयाँ पुस्ताले बुझ्नु आवश्यक छ। यसलाई मनोरञ्जनसँगै सांस्कृतिक अभियानका रुपमा लिएर जानुपर्दछ। देशको संस्कृतिलाई बचाउने, उन्नयन गर्ने वियषयमा युवापुस्तामा धेरैथोरै थाहा हुनुपर्दछ र थाहापाउने वातावरण बनाउनुपर्दछ। ● (कुराकानीमा आधारित)

नेपाल सम्वत्ले राष्ट्रिय एकतामा पारेको प्रभाव

–● डा. राजनलाल (रास) जोशी ●–

नेपाल सम्वत्को प्रारम्भ किन गरियो भन्ने ऐतिहासिक दस्तावेजको स्पष्ट पहिचान भइसकेको छैन। यद्यपि, नेपालमा चारवटा सम्वत्ले जरा गाडेको देखिन्छ। पहिलो शक सम्वत्। दोस्रो मानदेव सम्वत्। तेस्रोमा नेपाल सम्वत् र चौथोमा हाल प्रचलनमा रहेको विक्रम सम्वत्।

यी चारवटा सम्वत्मध्ये अघिल्ला दुई सम्वत्ले नेपालको प्रसिद्धि कायम राख्यो वा राखेन, सार्वभौमसत्ता कायम गऱ्यो वा गरेन यसबारे हालसम्म कुनै अध्ययन अनुसन्धान भएको छैन। लिच्छविकालमा प्रचलित सम्वत्हरूले तत्कालीन नेपालको इतिहास बुझाउन धेरै सहयोग पुऱ्याएको छ। तर, सार्वभौमसत्ता कायम गरेको अवसरमा वा कुनै किसिमको स्वतन्त्रता प्राप्तिको नाममा यी सम्वत् प्रारम्भ भएको कुनै आधार देखिन्न।

नेपालमा प्रचलित अर्को सम्वत् विक्रम सम्वत्को उदय पनि अस्पष्ट नै छ। कुनै शासकीय वा राजनीतिक परिवर्तनसँग सामिप्यता नरहे पनि राणा शासक चन्द्रशमशेरले एकपक्षीय रूपमा प्रयोगमा ल्याएपछि विक्रम सम्वत्ले हालसम्म निरन्तरता पाएको हो।

यसरी यी दुई सम्वत्हरूको राजनीतिक, सामाजिक, आर्थिक वा अन्य परिवर्तनका कारण स्थापित भएको देखिन्न। उद्भवको सन्दर्भमा पनि प्रत्यक्षरूपमा भारतमा भएको ऐतिहासिक दस्तावेजहरूले पुष्टि गरेको छ। माथि उल्लेखित तेस्रो पंक्तिमा रहेको नेपाल सम्वत्ले सिंगो नेपालको छविलाई राष्ट्रिय मात्र होइन अन्तर्राष्ट्रियकरण गर्न सकेको छ। साथै, यसले नेपालको सार्वभौमसत्तालाई कायम गर्न सकेको छ। नेपालमा नेपाल सम्वत्

लाई विभिन्न नामले चिनिन्छ। नेपाल देशीय, सम्वत्, ओम सम्वत्, शंखधरकृत सम्वत् आदि। अर्कोतर्फ यसका आधार भनेको सम्वत् ३०४ को गुणोत्तर नामक ग्रन्थमा उल्लेख गरिएको सम्वत्को नाम नेपाल देशीय भन्ने शब्द हुन्।

अर्को नेपालमा मात्र प्रचलित नरही चौधौं शताब्दीको चीनका बादशाह तायिमिङले नेपालका शासक जयशक्ति सिंह रामवर्द्धनलाई नेपाल सम्वत् उल्लेख गरी फरमानापत्र पठाएका थिए। यद्यपि, फरमानापत्रमा नेपाल सम्वत्लाई महाचीनाब्द भनी उल्लेख गरेको छ। नेपाल सम्वत्लाई महाचीनाब्द भनिए तापनि चीनले समेत नेपाल सम्वत्को अस्तित्व वा प्रभुत्व स्वीकार गरेको आंकलन गर्न सकिन्छ। यी दुईबाहेक भारत विहारका राजा प्राणनारायणले आफ्नो मुद्रामा समेत नेपाल सम्वत् उल्लेख गरेका आधारमा नेपालको नामसँग जोडिएको नेपाल सम्वत्ले राजनीतिक भूगोलभन्दा पर गई विदेशी भूमिमा समेत नेपालको स्वतन्त्र अस्तित्व देखाउन सकेको देखिन्छ।

सन्दर्भ नेपाल सम्वत्, नेपाल सम्वत्को वैधानिक रूपमा प्रारम्भ भएको इतिहासले ११४४ वर्ष देखाएको छ। कसले किन र कसरी स्थापना गऱ्यो भन्ने विवादका विषय हुनसक्छ। अध्ययनका विषय हुनसक्छ। तर, नेपालमा नेपाल सम्वत्को स्थापनामा कुनै विवाद भने देखिन्न।

नेपाल सम्वत् राजनीतिक महत्वाकांक्षाभन्दा पनि प्रजालाई नागरिकसरह बाँच्न दिनुपर्ने मान्यताबाट उठेको देखिन्छ। नेपाल सम्वत्को स्थापनामा जोडिएको दुई नाम आनन्ददेव वा शंखधर साख्वाः यी दुवैले सम्वत् स्थापना गर्नमा राजनीतिक अभ्यस्त पूरा गर्न गरेका कामसँग यो सम्वत्लाई तासको तुरुपको रूपमा प्रयोग गरेको पाइन्न। बरु नेपाल सम्वत्सँग जोडिएर आउने व्यक्तित्व शंखधर साख्वाले प्रजालाई नागरिकसरह जिउन दिनुपर्छ भनी विष्णुमतिको खोलाबाट बालुवासँगै संकलित सुनले ऋणले आक्रान्तहरूलाई ऋणबाट मुक्त गरिदिएपछि उक्त दिनको स्मरणमा नयाँ सम्वत् प्रारम्भ गरे भन्ने मिथक छ।

साख्वाले सुन संकलन गरेको हो वा होइनभन्दा पनि लिच्छविकालमा दासहरूको संख्यात्मक उपस्थिति बढ्दो छ भनी सम्वत् ८१ को अनन्तलिंगेश्वरको अभिलेखले गरेको दासदासीबारे संकेतले प्रष्ट्याएको छ। अभिलेख पटक-पटक दासदासीबारे लेखिएको छ। छैटौं शताब्दीको चाबहिलको अभिलेखमा पनि दास शब्दको उल्लेख छ। अभिलेखमा लेखिएको छ -'दुर्द्धरैरिन्द्रियैः कृत्स्ना बाह्यते यैरियम्प्रजा दासवत्तानि सन्धार्य कृपयापरिपीड्य ता दानशील.. ।' यस आधारमा पनि लिच्छविकालमा नेपालमा ऋणका कारण दासहरूको बढ्दो संख्यामा रहेको मान्न सकिन्छ। यसरी समस्याको रूपमा विकास हुँदै गएको ऋणका कारण दास भएकाहरूलाई मुक्ति वा स्वतन्त्रता दिलाउन उनीहरूको पीडामा मलम लगाउने

कार्य गरेकै कारण यो सम्वत् प्रारम्भ भएको मान्यता छ । यस आधारमा पनि यो सम्वत्ले राष्ट्रियमात्र होइन अन्तराष्ट्रिय रूपमा ख्याति पाएको नकार्न सकिन्न ।

नेपाल सम्वत्को विषयवस्तुमाथि दृष्टि दिएको खण्डमा यस सम्वत्लाई वैज्ञानिक छैन भन्नेहरूको संख्यात्मक कमी छैन । विशेषतः चान्द्रमासका आधारमा गणना हुने नेपाल सम्वत् कुनै महिना २८ दिन र तीनवर्षको एकपटक मलमासका कारण एक वर्षमा १३ महिनाको गणना गर्नुपर्ने भएकोले राष्ट्रिय क्यालेन्डरमा यो सम्वत् वैज्ञानिक छैन भन्ने गर्छन् । तिथिहरूमा हुने घटबढका कारण प्रशासनिक गतिविधिहरूमाथि व्यवधान वा कठिनाइ उत्पन्न हुनेगर्छ भन्ने छ । सामान्य रूपमा हेर्ने हो भने यी कुरा सही हुन् । तर, यो सम्वत्लाई अव्यावहारिक मान्नुको कारण नेपाल सम्वत् नेवार समुदायबीचमात्र प्रचलित भनी लेबल लगाइदिने गरेको पाइन्छ। जुन हास्यास्पद र तर्कहीनहरूको तर्क मान्नुपर्ने अवस्था छ। चान्द्रमासका आधारमा गणना गरिने यो सम्वत्लाई व्यवहारमा लागू गर्दा अव्यावहारिक हुने तर्क आफैमा गलत मान्न सकिन्छ। नेपाल सम्वत्ले अख्तियार गरेको चान्द्रमासका तिथिहरूलाईमात्र सम्वत्बाट छुट्याइदिएको अवस्थामा नेपालको मौलिक पहिचानको रूपमा रहेको धार्मिक, सांस्कृतिक गतिविधिहरूले विश्राम लिने छ।

स्पष्ट शब्दमा भन्ने हो भने यो सम्वत्लाई अस्वीकार गरेको खण्डमा बहुधार्मिक, बहुसांस्कृतिक मुलुकबाट संस्कृति एवं सभ्यताविहीन मुलुकको रूपमा चिनिने छ। यस अर्थमा पनि नेपाल सम्वत्लाई अव्यावहारिक भनी मान्न सकिन्न। अर्को अर्थमा भन्ने हो भने नेपालको मौलिकताको उपेक्षा गरी व्यावहारिकताको नाममा पाश्चात्य मुलुकले अख्तियार गरेको इश्वी सम्वत्लाई प्रतिस्थापित गरी विश्व एउटा ग्राममा परिणत भइसकेको छ भन्नका लागि नेपाल सम्वत् अव्यावहारिक भन्न खोजिएको हो कि भन्ने शंका उत्पन्न हुन्छ ।

विशेषतः काठमाडौं उपत्यकामा नेपाल सम्वत्लाई एक सांस्कृतिक उत्सवका रूपमा लिने गरिन्छ । पश्चिमाहरूले इश्वीको नयाँ वर्षलाई जुन किसिमले सांस्कृतिक मूल्य मान्यतासहित स्थान दिँदै आएको छ, त्यसैगरी काठमाडौं उपत्यकामा पनि नेपाल सम्वत्लाई सांस्कृतिक रूपमा स्थान दिँदै आएको पाइन्छ ।

काठमाडौं उपत्यकामा चार दशक यतादेखि नेपाल सम्वत्लाई आधिकारिक मान्यता दिइनुपर्ने भन्दै नेपालभाषा मंकाः खलःले सांस्कृतिक अभियान गरिँदै आए पनि शताब्दियौं अघिदेखि नै नयाँ सम्वत् फेरिने दिने स्वतःस्फूर्त रूपमा जनसमुदाय नै तामझामका साथ लागिपर्ने गर्छन् ।

सरकारी एवं प्रशासनिक रूपमा असारको मसान्तमा आर्थिक वर्षको अन्त्यको घोषणा

गरे पनि व्यापारिक घरानाहरूले नेपालको सार्वभौमिकता, अखण्डता र सांस्कृतिक एकता कायम गरी राखेको यो सम्वत्को प्रारम्भ हुनुभन्दा अघिल्लो दिन अर्थात् लक्ष्मीपूजाका दिन वर्षान्तको रूपमा अनौपचारिक रूपमा सालतमामी गर्दै आएको पाइन्छ। हालसम्म पनि लक्ष्मीपूजाका दिन पुरानो वासलातका ढड्डा बन्द गरी नेपाल सम्वत् प्रारम्भ हुने दिन नयाँ ढड्डा खडा गर्ने गरिन्छ।

यस आधारमा पनि यो सम्वत्लाई एउटा भित्तामा झुण्ड्याइएको क्यालेन्डरको पानाको रूपमा मात्र लिनु युक्तिसंगत हुँदैन। जहाँसम्म यो परम्पराको सन्दर्भ हो यो लिच्छविकालीन परम्पराको निरन्तरता नै मान्न सकिन्छ। लिच्छविकालमा प्रचलित शक सम्वत् वा मानदेव सम्वत्को निरन्तरताको रूपमा नेपाल सम्वत्लाई लिनुपर्ने देखिन्छन्।

दक्षिण भारतमा चैत्रादिमा शुरु हुने शक सम्वत् नेपालमा पुगेपछि कार्तिकबाट थालनी भयो। सार्वभौमसत्ता कायम गर्न वा आर्थिक दलदलमा फसेका दासहरूलाई मुक्ति दिलाउने पुनित कार्य शक वा मानदेव सम्वत् फेरिने दिनलाई केन्द्रविन्दु बनाई दासहरूको ऋण मोचन गरी नयाँ सम्वत् स्थापना गरेको पाइन्छ। सामान्य रूपमा दासताबाट मुक्ति दिलाउने कार्यको रूपमा नेपाल सम्वत्लाई लिइए पनि सम्वत् प्रारम्भ हुने दिनमा विशेष रूपमा धार्मिक एवं सांस्कृतिक उत्सव मनाउनुपर्छ भन्ने शास्त्रीय मान्यता नै छ।

नेपाल सम्वत्को नामाकरण हुनुपूर्व नै शास्त्रीय मान्यताअनुसार वर्ष फेरिने दिन कार्तिक शुक्ल प्रतिपदाका दिन स्नान न्यास गरी सम्पूर्ण लोक सुत्ने बेला मध्यरातमा अनामिका मोटाइको बत्ती बाली पूजा गर्नुपर्ने विधान उल्लेख गरेको पाइन्छ।

अथ कार्तिकमासस्य शुक्लप्रतिपदीश्वरि।
स्नात्वाचम्य विशुद्धात्मा न्यासान् कृत्वा पुरोदितान्॥
प्रसुप्ते जीवलोके तु मुदितात्मा महानिशि।

....

आज्येनानामिकास्थूलवर्तिं प्रज्वाल्य पार्वति।

अर्को एक तान्त्रिक ग्रन्थमा पनि सम्वत् फेरिएपछि साँझ मण्डला लेखी सर्वतोभद्रमण्डल पूजा गर्ने विधान उल्लेख गरेको छ।

कार्तिकशुक्लप्रतिपत् संयतनिशिव्यापिनी।
स्नात्वा नित्यक्रियां कृत्वा सर्वतोभद्रमण्डले॥

यसरी दुई पृथक ग्रन्थहरूमा वर्णित सन्दर्भ हालका दिनमा नेवार समुदायले गरिँदै आएको म्हपुजासँग तादात्म्यता राखेको पाइन्छ। जुन विगतमा सम्पूर्ण सनातनी धर्मावलम्बीहरूले अंगिकार गर्ने गरिन्थ्यो।

यद्यपि, कतिपयले म्हपुजा र सम्वत् फेरिने दिनबीच कुनै किसिमको सम्बन्ध नरहेको भनी स्वव्याख्या गरी पृथक रूपमा सांस्कृतिक गतिविधि गर्न थालेका छन् । यस्ता कार्यले समाज वा भावी पुस्तामा कुन किसिमको सन्देश दिन्छ आफैँ मनन गर्नुपर्ने अवस्था निम्तिन्छ ।

साँचो अर्थमा भन्ने हो भने नेपाल सम्वत्को प्रारम्भ भएको दिन पुरानो क्यालेन्डरले विश्राम लिई नयाँ क्यालेन्डरले स्थान पाएको दिनको रूपमा मात्र लिन सकिन्न । यसभित्र खण्ड खण्डमा विभाजित तत्कालीन नेपाललाई सम्वत्ीय रूपमा भए पनि एकीकृत गरिरहने भावनालाई आत्मसात गरेको देख्न सकिन्छ। मिथकलाई आधार लिएको खण्डमा पनि दासलाई दासताबाट मुक्त गर्नुको साथै भूराजनीतिक रूपमा बाह्य मुलुकमा समेत सम्वत्ीय प्रभुत्व देखाई सार्वभौमसत्ता कायम गरेको अवसरको रूपमा लिनसकिन्छ। सांस्कृतिक रूपमा नेपाल सम्वत् प्रारम्भ हुनुपूर्व नै सम्वत् फेरिएसँगै गरिने उत्सव म्हपुजा गरी वर्ष प्रारम्भ भएको घोषणाको रूपमा यो दिनलाई लिन सकिन्छ । ●

नेपाल सम्वत्को ऐतिहासिक तथा सांस्कृतिक महत्त्व

–● ओमप्रसाद धौभडेल ●–

विश्वमा विभिन्न सभ्यता र संस्कृतिअनुसार थुप्रै प्रकारका सम्वत्हरू प्रचलनमा आएका छन् । मेसोपेटामियाको बेबिलोनियाबाट सुरु भएको सम्वत्को ईतिहासमा थुप्रै प्रकारका सम्वत्हरू जन्म भएका छन् । यसै क्रममा नेपालमा विक्रम सम्वत्, गुप्त सम्वत्, शक सम्वत्, लिच्छवी सम्वत्, अंशुवर्मा सम्वत् र नेपाल सम्वत् चलनचल्तीमा आएको पाउँछौं । यस मध्ये नेपाल सम्वत् बाहेक अन्य सम्वत्हरू राजा महाराजा, वंश, धर्म जस्ताबाट प्रभावित छन् भने नेपाल सम्वत् एउटै मात्र त्यस्तो सम्वत् हो जुन सर्वसाधारण एक नेपालीद्वारा नेपाल भूमिकै नाममा स्थापना गरिएको छ ।

हाल नेपालले सरकारी स्तरमा प्रयोग गरिराखेको विक्रम सम्वत् भारतका तत्कालीन सम्राट विक्रमादित्यको नाममा रहेको छ भने यस अर्थमा नेपाल सम्वत्को महत्त्व अझ बढ्न गएको छ ।

नेपाल सम्वत् स्थापनाको श्रेय शंखधर साख्वालाई जान्छ । वंशावलीमा दिइएका विवरण अनुसार, शुभसाईतमा काठमाडौंको लखुतीर्थबाट बालुवा ल्याएर सुन भएको र त्यही सुनबाट सम्पूर्ण जनताको ऋणमोचन गरी नेपाल सम्वत् चलाइएको हो । तर, बालुवा सुनमा परिणत भएको जस्तो अवैज्ञानिक हुनसक्छ । तथापि शंखधर साख्वाः एक व्यापारी भएका हुनाले उनले आफ्नो व्यापारबाट आर्जित रकमले जनताको ऋण तिरी नयाँ सम्वत् चलाएको पनि हुनसक्छ ।

वि.सं.९३६ कार्तिक शुक्ल प्रतिपदादेखि सुरु भएको नेपाल सम्वत् तत्कालीन मल्ल राजाहरूले सबैभन्दा बढी प्रयोग गरेको देखिन्छ र राजकीय सम्वत्कै रुपमा यसको प्रयोग भएको पाइन्छ। काठमाडौं उपत्यकाभित्रका तत्कालीन मल्ल राजाबाहेक नेपालसँग सम्बन्ध राख्ने छिमेक देशहरूले समेत यो सम्वत्का प्रयोग गरेको देखिन्छ।

विद्वान स्व. धनबज्र वज्राचार्यका अनुसार नेपालसँग त्यसबेला सम्बन्ध राखेका तिब्बत, चीन भारतलगायतका छिमेकी देशहरूले नेपाल सम्वत् प्रयोग गर्ने गरेको तथ्य हालसम्म भेटिएको सबैभन्दा पुरानो अभिलेख ने.सं. ५३५ बाट देखिन्छ, जन तत्कालीन चीनका मिडवंशका बादशाहले नेपालका राजा शक्ति सिंह र उनका महामन्त्री रामवर्धनलाई पठाएको संस्कृत भाषामा लेखिएको पत्र हुन्। त्यस्तै अर्का विद्वान काशीनाथ तमोटका अनुसार, प्रताप मल्लका जेठान कुचविहारका राजा प्राणनारायणले आफ्नो सुनको मुद्रामा समेत नेपाल सम्वत् प्रयोग गरेका थिए।

त्यस्तै, डा. डिल्लीरमण रेग्मीका अनुसार, प्रतापसिंह शाहका पालामा तिब्बतसँगको युद्धसम्बन्धी सन्धिमा समेत तिब्बतले नेपाल सम्वत्को प्रयोग गरेको थियो। त्यो सन्धि ने. सं. ८९५ मा भएको थियो। नेपाल सम्वत् राणााकलसम्म पनि सरकारी कामकाजमा प्रयोग हुँदै आएको सन् १९०३ मा राणा प्रधानमन्त्री चन्द्रशमशेरले नेपाल सम्वत्को स्थानमा विक्रम सम्वत्लाई प्रचलनमा ल्याएका थिए।

यसरी चन्द्रशमशेरको शासनकालदेखि विस्थापित भई करिब ७५ वर्ष जति नेपाल सम्वत् भन्ने शब्द नै बिर्सिसकेको अवस्थामा यसलाई पुनः जीवित गर्ने प्रयास हाल भइहरेको छ। यसै सन्दर्भमा, नेपालभाषा मंकाः खलः, नेपालभाषा परिषद र च्वसापासालगायतका अन्य विभिन्न संघ संस्था र व्यक्ति विशेषहरूले नेपाल सम्वत्को प्रचारप्रसार विभिन्न तरिकाबाट गर्ने क्रम सुरु भयो। प्रत्येक वर्ष तिहारमा म्हपुजाको दिन नेपाल संवत्को नयाँ वर्ष माउने क्रममा विभिन्न प्रकारका कार्यक्रमहरू गरी यसलाई राष्ट्रिय सम्वत्को स्थान दिन सरकारलाई घचघच्याउने काम भइरहेको छ।

यसै क्रममा तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले भक्तपुरमा सम्पन्न ल्यायूम्ह पुचः थिमिद्वारा आयोजित कार्यक्रममा नेपाल सम्वत्बारे सत्यतथ्य कुरा अगाडि आयो भने त्यसलाई सरकारले प्रयोगमा ल्याउनसक्ने बताउनुभएको थियो भने ने.सं. ११२० को अवसरमा तत्कालीन प्रधानमन्त्री कृष्णप्रसार भट्टराईले यस सम्वत्बारे सकारात्मक विचार राख्नुभएको थियो।

नेपाल सम्वत्का प्रणेता शंखधर साख्वालाई सरकारले २०५६ साल मंसिर २ गते राष्ट्रिय विभूति घोषित गरिसकेको छ भने जनस्तरबाट पनि शंखधरलाई सम्मान गर्ने क्रममा

पाटनको ग्वार्कोदेखि प्रयागपोखरीसम्मको बाटोलाई शंखधरमार्ग भनी नामकरण गरिएको छ। यस्तै, भक्तपुरको थिमिमा शंखधरको सालिक राखी शंखधरचोक नामकरण गरिएको छ।

तर यतिकैमा सन्तोषको सास फेर्ने अवस्था भने छैन। प्रत्येक वर्ष म्हपुजाको एक दिन शंखधर साख्वाः र नेपाल सम्वत्‌लाई सम्झँदैमा यसप्रतिको दायित्व पूरा हुँदैन न त सरकारले शंखधरलाई राष्ट्रिय विभूति घोषित गर्दैमा सरकारको दायित्व पूरा हुन्छ। सरकारीस्तरबाट प्रत्यक्ष रुपमा यो सम्वत्‌लाई प्रयोगमा नल्याएको भए तापनि वर्षभरिमा करिब एक महिनाजति विभिन्न जात्रा, पर्व, उत्सव आदिको नाममा दिइने सरकारी विदाहरूमध्ये करिब ७५ प्रतिशतजति विदा नेपाल सम्वत् अन्तर्गत अपनाइएको तिथिको आधारमा दिइरहेको छ र यसैको आधारमा कतिपय सांस्कृतिक पर्वहरू मनाउँदै आएको छ। चाहे त्यो हिन्दुहरूको महान चाड दशैं होस् वा तिहार अथवा यहाँ मनाउने असंख्य चाडपर्व, उत्सव, जन्मदिनलगायतका सांस्कृतिक पक्षहरूमा अझसम्म पनि नेपाल सम्वत्‌कै प्रयोग भइरहेको छ, तापनि यो सम्वत्‌लाई अझ बृहत्‌रुपमा प्रयोग ल्याउन भने बाँकी नै छ र यसका लागि सरकारलगायत विभिन्न संघसंस्था, व्यक्ति विशेष आदि सबैको सामूहिक प्रयास आजको आवश्यकता भएको छ। ●

नेपाल सम्वत्लाई राष्ट्रिय सम्मान : सञ्चार-माध्यमको उल्लेख्य योगदान

–● नरेशवीर शाक्य ●–

नेपाल राष्ट्रको आफ्नै नाममा समर्पित नेपाल भाषा, ने पाल सम्वत् एवं नेपाल लिपिहरूको संरक्षण राष्ट्रले नगरिरहेको वास्तविकता हो। राज्य शासकहरू जस्तोसुकै राष्ट्रवादको नारा लगाउने गरेता पनि राष्ट्रको नाममा समर्पित राष्ट्रिय सम्पदाप्रति पूर्वाग्रह राख्नु अति नै दुःखद तथ्य हो।

विश्वमा राष्ट्रको नाममा समर्पित एउटै मात्र मौलिक सम्वत् 'नेपाल सम्वत्' रहेको तथ्यमा समेत गर्व गर्न नसक्नु र आयातित सम्वत् विक्रम सम्वत्लाई सरकारी कामकाजको सम्वत्को रूपमा मान्यता प्रदान गरिराख्नु स्वाभिमान राष्ट्रमाथि नै प्रश्न उठ्ने गरेको छ। राष्ट्रको मौलिक सम्वत् नेपाल संवय्लाइ यथोचित स्थान दिएर राष्ट्रको स्वाभिमान जगाउन जरूरी छ।

नेपालमा ११४२ वर्ष अधिदेखि निरन्तररूपमा सामाजिक, ऐतिहासिक, धार्मिक क्षेत्रमा यसको प्रचलन अद्यापि रहेकै छ।

नेपाल सम्वत्को स्थापना विषयमा धेरै ऐतिहासिक तथ्यहरू पाइन्छ। नेपाल सम्वत् को ऐतिहासिक अध्ययनविना नेपालको इतिहाससमेत अध्ययन गर्न सकिदैन।

तर पनि यस विषयमा वैज्ञानिक अध्ययन हुन नसक्नु र यर सम्वत्का प्रणेता शंखधर साख्वाः विषय अध्ययन अनुसन्धान हुन नस्कनु राज्य शासकहरूको पूर्वाग्रह हो। राज्य

शासकहरूले त कुनै समय नेपाल सम्वत्‌को अस्तित्वसमेत मेटाउने कोसिस गरेको इतिहास रहेको छ।

नेपाल सम्वत् कुनै समय जनताको सम्वत्, राजकीय सम्वत्, राज्यको प्रशासकीय सम्वत् रही देश विदेशमा समेत चलन चल्तिमा आइसकेको सम्वत् थियो। तर, शाहवंशीय राजा पृथ्वीनारायण शाहको शासन पश्चात् यस सम्वत्‌लाई राज्यले प्रशासनिकरूपमा नै दुरुत्साहित गर्ने नीति अपनायो। गोर्खा मूलका शासकहरूको आगमनपछि नेपाल (नेपाल मण्डल)का भाषा, संस्कृति, कला सम्पदामाथि निरन्तर प्रहार हुँदै गयो।

यसै क्रममा नेपाल भाषा, नेपाल सम्वत् र नेपाल लिपिको अस्तित्व नै निमिट्यान्न गर्न राज्य शक्ति नै अघि स-यो। राणा शासकहरूले नेपाल भाषामा आफ्ना विचार सम्प्रेषण गरेको आरोपमा पण्डित शुक्रराज शास्त्रीलाई शहीद नै बनाइदिए। मातृभाषा नेपाल भाषामा साहित्य लेखेको आरोपमा जीउज्यान सर्वस्वहरण गरी जेलनेलको जीवनयापन गर्न बाध्य पारियो। मातृभाषा नेपाल भाषामा नै धर्म प्रचार गरेको आरोपमा भिक्षुहरूलाई देशनिकालासमेत गरे।

यसको निरन्तरता मुलुकमा पञ्चायती शासनको प्रादूर्भावसँगै 'एक भाषा, एक संस्कृति'को नीतिअन्तर्गत नेपाल भाषा, लिपि, र सम्वत्‌का कुरा गर्नेहरूलाई साम्प्रदायिक, देश विखण्डनवादीको संज्ञा दिँदै राज्य प्रशासनले अनेक किसिमका यातना, दण्ड जरिवाना र दमनको नीतिलाई निरन्तरता दिइयो।

तर पनि नेपाल सम्वत्‌को सन्दर्भमा यस चन्द्रमास सम्वत्‌का तिथिमितिहरू सम्पूर्ण नेपालीहरूको जनजीवनमा समाहित भइसकेका कारणं पचाङ्ग निर्माणकर्ताहरूले 'शंखधरकृत नेपाल सम्वत्'को नाममा यसलाई पात्रो र तिथिमा महत्वपूर्ण स्थान प्रदान गरियो। जनमानसमा नेपाल सम्वत्‌का तिथिमिति भनी हेक्का नभएता पनि हरेक धार्मिक पूजाआजा, जात्रा पर्व, कर्मकाण्ड र रीतिरिवाजहरू यसै तिथिका आधारित थिए।

राज्यका दमन नीतिबाट आक्रान्त देशभरका सम्पूर्ण नेवारलगायत आदिवासी जनजातिहरू संगठित भई आफ्ना मौलिक हकअधिकारको संरक्षणमा एकजुट भएपछि यस आन्दोलनका विभिन्न स्वरूपहरू अघि बढे। यसै क्रममा विभिन्न नेवारहरूको संघ संस्थाको एकीकृतरूपमा पद्मरत्न तुलाधरको नेतृत्वमा नेपाल भाषा मंकाः खलःको गठनपश्चात् यस आन्दोलनले एकीकृत रूप लियो।

पद्मरत्न तुलाधरको नेतृत्वमा नेपाल भाषा मंकाः खलःले नेपाल सम्वत् नववर्षको उपलक्ष्यमा भिंतुना आन्दोलन शुरू ग-यो। यसैको परिणामस्वरूप सम्पूर्ण नेपालीहरूबीच आफ्ना मौलिक सम्पदा संस्कृतिप्रति गर्व गर्न सकिने वातावरणको सिर्जना भयो।

नेपाल भाषा मंकाः खलःले नेपाल सम्वत् आन्दोलनलाई तीव्रता दिँदै देशका विभिन्न स्थानहरूमा नेपाल सम्वत् विषियक विचार गोष्ठीको आयोजना ग-यो। नेपाल सम्वत् राष्ट्रको सम्वत् हो, यसलाई सरकारले मान्यता प्रदान गर्नु नै पर्ने नारा अंगिकार गरियो। देशको कुना-कुनामा सभा-सम्मेलन, सांस्कृतिक भिन्तुना जुलुस, साइकल र मोटरसाइकल -यालीको आयोजनासहित यस अभियानको सञ्चालन गरियो।

नेपाल सम्वत्को अभियानमा नेवार संघ संस्थाहरूको सहभागिता बढिरहेता पनि यो सम्पूर्ण देशवासीको सम्वत् रहेको र राज्यले यसलाई ओझेलमा राखेका कारणं राष्ट्रकै सम्पदा र गौरव जगेर्नाको निमित्त सबैलाई आह्वान गर्दै अभियान सञ्चालन गर्ने कार्य अघि बढ्यो।

त्यसबेला नेपाल सम्वत्को आन्दोलनलाई पनि सरकारले दमन गर्न थाल्यो। सञ्चार-माध्यमहरू मौन रहेकै समयमा सर्वप्रथम 'आजको समाचारपत्र' पछि 'नेपाल समाचारपत्र'का प्रधानसम्पादक स्वः पुष्करलाल श्रेष्ठले आफ्नो राष्ट्रिय दैनिक प्रकाशनमा नेपाल सम्वत्या पूर्ण तिथिमितिहरू क्यालेन्डरसहित प्रचार प्रसारमा ल्याए।

यसबाट नेपाल सम्वत्का तिथिमितिहरू देशभर नै समाचार पत्रिकाको माध्यमबाट प्रचारमा आयो। पछि पनि हरेक वर्ष नेपाल सम्वत् शुरू हुनअघि स्व. पुष्करलाल श्रेष्ठले यस विषयका विज्ञहरूसित आफ्नै चेम्बरमा छलफलको निमित्त भेटघाट गरी नेपाल सम्वत्को व्यापक प्रचार प्रसारमा योगदान गरे।

नेपाल सम्वत् नववर्षको उपलक्ष्यमा नेवारहरूको मातृभाषा नेपाल भाषामा पनि विभिन्न पत्रपत्रिका, पुस्तक, बुलेटिनहरू प्रकाशित हुने गर्दथे। तर, राष्ट्रियस्तरको दैनिक पत्रिकाले नै नेपाल सम्वत्को तिथिमितिसहित पत्रिका प्रकाशन गर्नु त्यस समयमा चुनौतीपूर्ण कार्य नै थियो। यसै कारणले पनि उक्त दैनिक पत्रिकालाई 'साम्प्रदायिक' पत्रिकासमेत भन्नेहरू देखापर्न थाले। तर, नेपाल समाचारपत्र कुनै तरिकामा पनि विचलित नभई आफ्नो प्रकाशनलाई निरन्तरता प्रदान गर्दै गयो।

अझ नेपाल सम्वत् नववर्षको उपलक्ष्यमा विशेष अंक प्रकाशित गरेर नेपाल सम्वत्को ऐतिहासिकता एवं नेपाल सम्वत्का तिथिमिति सहितको क्यालेन्डरसमेत प्रकाशित गरेर निशुःल्क वितरणसमेत गर्ने अभियान चलाइयो। नेपाल सम्वत्लाई राष्ट्रियस्तरमा नै प्रचार प्रसारमा ल्याउन यसले महत्वपूर्ण योगदान ग-यो।

नेपाल भाषा मंकाः खलःले पनि नेपाल सम्वत् आन्दोलनलाई व्यापक बनाउन 'न्हूदँ समारोह समिति, नेपाल भाषा मंकाः खलः' गठन गरी व्यापकता दिने योजना बनायो। पहिला नेपाल सम्वत् नववर्षको भिंतुना जुलुस र आन्दोलन मंकाः खलः आफैंले यस

संस्थामा आबद्ध संघ संस्थाहरूको सहभागितामा मात्र गरिरहेकोमा ने.सं. १११२ मा समाजका विशिष्ट व्यक्तिहरूको नेतृत्वमा न्हूदँ समारोह समिति गठन गरी ने.सं.१११३ को नववर्ष समारोह प्रा. सुवर्ण शाक्यको अध्यक्षतामा र मंकाः खलःका सचिव समितिको पदेन सचिव रहने गरी विभिन्न कार्यक्रम सञ्चालनमा ल्याइयो ।

एक वर्षको कार्यकाल रहने सो समिति अर्को वर्षको निमित्त अध्यक्ष चयन गर्ने कार्य मंकाः खलःले नववर्ष शुरू हुन केही महिनाअधि नै सम्पन्न गरी अर्को वर्षको निमित्त तयारी गर्ने शुरुवात ग-यो ।यसैबीच, नेपालमा महत्वपूर्ण राजनीतिक परिवर्तनहरू भए । मंकाः खलःले वसन्तपुरमा आयोजना गर्ने भिंतुना सांस्कृतिक -यालीपश्चात् आयोजना गर्ने विशेष नेपाल सम्वत् नववर्ष समारोहमा सरकार प्रमुख, प्रधानमन्त्री प्रमुख अतिथि रहने प्रचलन पनि शुरू भयो ।

नेपाल सम्वत्का प्रणेता शंखाधर साख्वालाई नेपाल सरकारले नेपाल सम्वत् ११२० मा राष्ट्रिय विभूति घोषणा गरे । तर, पनि नेपाल सम्वत्का तिथिमितिहरू नेपाल सरकारले आफ्ना दैनिक वा सञ्चार-माध्यमहरूमा प्रचार प्रसारमा ल्याएनन् । बरू निजीस्तरमा प्रकाशित हुने विभिन्न सञ्चार-माध्यम र राष्ट्रिय दैनिक पत्रिकाहरू दैनिक नेपाल समाचारपत्र, स्पेस टाइम दैनिक, सगरमाथा दैनिक, कान्तिपुर दैनिक आदिले नेपाल सम्वत् नववर्षको उपलक्ष्यमा विशेषांक प्रकाशित गर्दै राष्ट्रको मौलिक सम्वत् नेपाल सम्वत्र्लाा आधिकारिक मान्यतासहित प्रचार प्रसारमा ल्याउने अभ्यास थाले ।

नेपाल सम्वत् ११२४ नेपाल सम्वत् आन्दोलनको निमित्त महत्वपूर्ण वर्ष रहन गयो । नेपाल भाषा मंकाः खलःले ने.सं. ११२३को न्हू दँ समारोह समितिका अध्यक्ष सुरेन्द्रवीर मालाकारको अध्यक्षतामा ने.सं. ११२४को निमित्त सञ्चार क्षेत्रका प्रसिद्ध व्यक्तित्व इमेज च्यानलका अध्यक्ष रामकृष्ण मानन्धर (आर.के. मानन्धर)को अध्यक्षतामा न्हूदँ समारोह समिति गठन ग-यो । उहाँले आफ्नो व्यक्तिगत सम्पर्कको आधारमा विभिन्न व्यक्तिहरूलाई सम्पर्क गर्दै नेपाल सम्वत्को व्यापक प्रचारको निमित्त सहयोग माग्नुभयो ।

यसै क्रममा तत्कालीन सञ्चारमन्त्री कमल थापासित सरकारी सञ्चार-माध्यममहरूमा नेपाल सम्वत्को प्रयोगको अपरिहार्यता र राष्ट्रको मौलिक सम्वत्प्रति गौरव गर्नको निमित्त सरकारी सञ्चार-माध्यमहरूमा यसको प्रयोगको निमित्त अनुरोध गर्नुभयो । यसैका आधारमा तत्कालीन सरकारी सञ्चार-माध्यमहरूमा ने.सं. ११२४ नववर्षको दिनदेखि सरकारी सञ्चार-माध्यमहरू गोरखापत्र दैनिक, नेपाल टेलिभिजन, राष्ट्रिय संवाद समितिलगायत सरकारी दैनिक पत्रिकाहरूले पनि नेपाल सम्वत्लाई प्रमुख स्थानसहित प्रचार-प्रसार एवं प्रकाशनमा ल्याएका हुन् ।

नेपाल सम्वत्लाई व्यापक प्रयोगमा ल्याउन, नेपाल सरकारले यसलाई आधिकारिक मान्यता दिलाउन यो महत्वपूर्ण फड्को रहको छ। तर, पनि दैनिक पत्रिकाहरूले नेपाल सम्वत्को वर्ष मात्र उल्लेख गर्ने गर्दछन्, पूरा महिना र तिथि उल्लेख गरेको पाइँदैन। यसलाई पूर्णता दिलाउन पनि विभिन्न दैनिक पत्रिकाहरूलाई अनुरोध गर्नुपर्ने भएको छ।

नेपाल सम्वत् ११२४ मा नेपाल सम्वत् प्रचार प्रसारमा महत्वपूर्ण कार्यहरू भएका छन्। यस वर्षका न्हूदयाँ समारोह समितिका अध्यक्ष आर.के.मानन्धरले नेपाल सम्वत्का प्रणेता शंखधर साख्वालाई राष्ट्रिय विभूति घोषणा गरेको दिनलाई ‘शंखधर दिवस’को रूपमा मनाउने मंकाःखलःको सहमतिमा निर्णय भयो।

यसै वर्ष नेपाल सम्वत् सञ्चार-माध्यमहरूमा प्रयोग गर्ने सबै सञ्चार-माध्यमहरू दैनिक पत्रिका, रेडियो, एफएमहरूलाई धन्यवादसहित सम्मान कार्यक्रम आयोजना गरियो। नेपाल सम्वत्को अध्ययन, अनुसन्धान र प्रचार-प्रसारमा महत्वपूर्ण योगदान गर्ने व्यक्ति वा संस्थालाई नगद रकमसहित सम्मान प्रदान गरिनेगरी ‘इमेज-नेपाल सम्वत्’ पुरस्कारको स्थापना गरियो। हरेक वर्ष नेपाल सम्वत् नववर्ष र शंखधर दिवसको उपलक्ष्यमा चियापानको आयोजन गर्न थालियो।

नेपाल भाषा मंकाः खलःले न्हूदँ समारोह समिति गठन गरेर (ने.सं.१११३-११३१) प्रत्येक अध्यक्षबाट नेपाल सम्वत्को प्रचार प्रसारमा महत्वपूर्ण योगदान दिने वातावरण बनायो। नेपाल सम्वत्लाई राष्ट्रिय मान्यता दिलाउन र वर्तमान स्थितिमा नेपाल सम्वत्लाई गौरवमय बनाउने कार्यमा उहाँहरू सबैको महत्वपूर्ण योगदान रहेको छ। ●

सुमतितन्त्र : नेपाल सम्वत् प्रचलनको साक्षी

–● अशोक श्रेष्ठ ●–

आजभन्दा ११४१ वर्षअघि नेपालमा एउटा नवीन सम्वत् प्रचलनमा आएको थियो । सम्वत् कसले किन, कसरी चलायो भन्ने बारेमा पृष्ठभूमिलाई पुष्टि गर्ने सामग्री विश्वसनीय रुपमा प्राप्त छैन । नेपाल सम्वत्को प्रारम्भिककालमा यस सम्वत्को नामसमेत उल्लेख भएको पाइएको छैन । निरन्तर प्रचलनमा रहेर पनि सिर्फ सम्वत्, श्रेयोस्तु सम्वतु, शुभ सम्वत् शब्द नै किटानी गरेको चाहिँ चार सय ९३ वर्षपछि स्वयम्भूमा रहेको अर्जुन मल्ल र जयस्थिति मल्ल र जयस्थिति मल्लको संयुक्त राज्यकालको शिलापत्रमा सर्वप्रथम देखिन आयो । यसपछि ७ सय ५० वर्षपछि नेपाल सम्वत् भनी पटक-पटक उपत्यकामा प्राप्त शिलालेख र ग्रन्थहरूमा प्रयोग भएको देखिन्छ ।

नेपालको सर्वप्राचीन गोपालवंशावलीमा यसबारे केही उल्लेख छैन । अर्को प्राचीन केशर वंशावलीमा पनि नेपाल सम्वत् र यसको प्रवर्तकका बारेमा कहीँ उल्लेख छैन । यद्यपि, राजा राघवदेव वर्ष ६३ मास ६ । श्री पशुपति भट्टरके सम्वत्सर प्रवृतिकृताः उल्लेख छ । यही वाक्याशंलाई लिएर राजा राघवदेवले पशुपतिलाई नयाँ सम्वत् चलाई अर्पण गरेको थियो र यो सम्वत् राघवदेवले चलाएको नेपाल सम्वत् हो भन्ने आधारलाई मान्यता दिएर डा. कमलप्रकाश मल्ल र धनबज्र बज्राचार्यले गोपालराज वंशावली सन् १९८५ पृष्ठ २३६ मा राघवदेवलाई नेपाल सम्वत्का प्रवर्तक भनेका छन् । गोपालराज वंशावलीमा भने सिर्फ “राजा राघवदेव वर्ष ४३ मास ६” बाहेक अन्य केही उल्लेख गरिएको छैन । केशर वंशावली र गोपालराज वंशावलीमा राघवदेवको शासनकाल २० वर्ष तल-माथि

परेको कुरा बेग्लै हुन्। राघवदेवले नेपाल सम्वत् चलाएका हुन् भनी किटानी गर्ने पश्चिमा विद्वान ए कनिङ्ध हुन्। कालगणना र शासनकाल राघवदेवकै शासनकाल देखिन आउँछ। मन्दिरमा गजुर चढाएको जिर्णोद्धार गरेको, धारा राखेको बनाएको जस्ता स-साना विवरण र अन्य राजा नै नछुटाएको गोपालराज वंशावलीमा नयाँ सम्वत् चलाएको जस्ता इतिहास प्रभावित पार्ने विवरण किन समावेश गरिएन-भएन) यो प्रश्नले जवाफ थप शोधखोजको लागि प्रेरित गर्दछ।

नेपाल सम्वत्को अर्को पातो भनको शाहकालमा निर्मित भाषा वंशावली, राजभोगमाला र संस्कृत वंशावली बनेका छन्। यी वंशावलीमा थोरबहुत अन्तर भए पनि शंखधर साख्वाले सुनमा परिणत भएको बालुवाको सम्पत्तिले समस्त ऋणी जनताको ऋणमोचन गरी नेपाल सम्वत् चलाएको श्रेय दिइएको छ। त्यसैले एकथरि विद्वत्वर्ग यसैलाई आधार मानेर नेपाल सम्वत्का प्रवर्तक शंखधर नै भएको धारणा व्यक्त गर्दछन्। यसरी सम्वत् एक, प्रवर्तक दुई देखिन आएको छ। तसर्थ यसमा अझ गहन र संघन अनुशीलन आवश्यक छ। पश्चिम विद्वान एफ. किलहर्नले वि.सं. १२७३ मा लिखित “अमृतेश्वर पूजा” नामक ग्रन्थको पुष्पिका वाक्यको आधारमा वि.सं. ९७३ इ.सं. ८७९ अक्टोबर ३० देखि चलेको नयाँ सम्वत्को प्रारम्भको दिन र बार निरुपण गरेपछि यसमा शोधखोज तिब्र हुन थालेको थियो। तापनि यसले अन्य पक्षमा गति लिन सकेको छैन।

देखिएअनुसार नेपाल सम्वत्को प्ररम्भताका राघवदेवकै नेपाल सम्वत् सुरु हुनुअघि यो सम्वत् (नेपाल भनेर होइन) सुरु हुने सूचना एक प्राचीन ग्रन्थले दिएको पाइन्छ। ताडपत्रमा भुजिंम्वल लिपिले लेखिएको “सुमतितन्त्र” नामको एक ग्रन्थ नेपाल राष्ट्रिय अभिलेखालय (वीर पुस्तकालय चौथो-५७) मा छ। ताडपत्रको सो पुस्तकमा जम्मा एक सय ५२ पत्र छन्। एक सय ४३ सम्म पत्र संख्या देखिन्छ। अरु पत्रमा पत्रसंख्या देखिँदैन। ताडपत्रमा दुवै पृष्ठमा भुजिंम्वल लिपिले लेखिएको छ। एक पृष्ठमा घटीमा पाँच पंक्ति र बढीमा सात पंक्ति छन्। पंक्तिपच्छे घटीमा ३६ र बढीमा ५६ अक्षर छन्। १४ दशमल पाँच अंगुल लामो र दुई दशमलव पाँच अंगुल चौडा यसमा ६३ पत्रदेखि अर्कैथरि हस्ताक्षर छन्। (लिच्छवी सम्वत्को काल निर्णय पृष्ठ १२१)

यस ग्रन्थले नेपाल सम्वत्भन्दा पूर्ववर्ती सम्वत्का बारेमा सविस्तार वर्णन गरेको छ। वि.सं. ६३३ देखि नेपालमा नयाँ सम्वत् चलेको थियो भन्ने कुराको प्रमाण नेपालमा र भोटमा गरी जम्मा चारवटा पाइएका छन्। सुमतितन्त्रको मूल वाक्यमा भनिएको छ। दुर्योधन राजा भएपछि कलियुग लाग्ने छ। राजा युधिष्ठिर र राजा दुर्योधनको सम्वत् दुई हजार वर्षसम्म चल्नेछ। त्यसपछि आठ वर्षसम्म राजा नन्दको सम्वत् चल्नेछ। त्यसपछि

आठ वर्षसम्म राजा नन्दको सम्वत् चल्नेछ। त्यसपछि एक सय ३३ वर्ष सम्म चन्द्रगुप्तको सम्वत् चल्नेछ। त्यसपछि चार सय ९८ वर्षसम्म शक राजाको सम्वत् चल्नेछ। राजाहरूका यी सम्वत् क्रमैसँग बनाइए।

सुमतितन्त्रको माथिका उद्धरणबाट (१) कलिगत दुई हजार वर्षसम्म युधिष्ठिर सम्वत्, (२) कलिगत दुई हजार वर्षको अन्त्यदेखि कलिगत दुई हजार आठ सयसम्म नन्द सम्वत्, (३) कलिगत दुई हजार आठ सय देखि अन्त्यदेखि कलिगत २९३२ सम्म चन्द्रगुप्त सम्वत्, (४) कलिगत २९३२ को अन्तदखि कलिगत ३१७९ वर्ष सम्म सुदुक सम्वत्, (५) कलिगत ३१७९ वर्षको अत्यदेखि कलिगत तीन हजार ६ सय ७७ वर्षसम्म शक सम्वत् चल्नेछन् भन्ने बुझिन्छ। यसबाट कलिगताव्द ३६७७ तथा शक सम्वत् ४९८ देखि अर्कै सम्वत् चल्नेछ भन्ने कुराको सूचना सूमतितन्त्रको मूलभाग (वाक्य) बाट निस्कन्छ।

सुमतितन्त्रमा पत्र संख्या ६२ पछि भनिएको (अर्को हस्ताक्षर) र "ख" पत्रमा "त्यसपछि तीन सय चार वर्षसम्म मानदेवको सम्वत् चल्नेछ भनिएको छ। ग्रन्थमा काकपाद दिई माथि थपिएको केही नयाँ अक्षरमा लेखिएको भागबाट शक सम्वत् चार सय ९८ पछि चलेको सम्वत्को नाम मानदेव सम्वत् हो, मानदेव सम्वत् तीन सय चार वर्षसम्म चल्छ भन्ने भाव स्पष्ट हुन्छ।

शक सम्वत् ४९८ (वि.सं. ६३३) पछि तीन सय चार वर्ष चल्ने मानदेव सम्वत् शक सम्वत् (४९८ र ३०४) ८०२ सम्म तथा वि.सं. (६३३ +३०४) ९३७ सम्म चल्छ भन्ने स्पष्ट हुन्छ। अहिलले वि.सं. २०७८ मा नेपाल सम्वत् ११४१ हुन्छ। कात्तिक शुक्ल प्रतिपदा देखि (कात्तिकदेखि) ११४२ सम्वत् हुन्छ। नेपाल सम्वत् कार्तिकादि छ। यस कारण वि.सं. तथा नेपाल सम्वत्को अन्तर २०७८-११४१ = ९३७ वर्ष हुन्छ भन्ने स्पष्ट हुन्छ। यसबाट वि.सं. ९३७ देखि नेपाल सम्वत् चलको हो भन्ने बुझिन्छ। यस कारण सुमतिनन्त्रमा काकपाद दिई माथि लेखिएको भाग नेपाल सम्वत् चलिसकेपछि अर्थात् वि.सं. ९३७ भन्दा पछि थपिएको हो तथा क्रमैसँग पहिले लेखिएको भाग चाहि वि.सं. ६३३ भन्दा पनि वि.सं. ९३७ भन्दा अघिको कुनै वर्षमा तयार भएको हो भन्ने सिद्ध हुन्छ। त्यसबाट पनि शक सम्वत् ४९८ (वि.सं. ६३३) देखि मानदेव सम्वत् चल्यो र सो सम्वत् को चलन ३०४ वर्षसम्म अर्थात वि.सं. ९३७ सम्म रह्यो भन्ने बुझिन्छ।

यस कारण वि.सं. १७१२ सम्म अर्थात् सो सम्वत् चलनचल्ती छुटेको झण्डै आठ वर्ष हुन लाग्दा पनि वि.सं. ६३३ देखि नयाँ सम्वत् चलेको थियो भन्ने कुराको सम्झना नेपालमा रहेको देखिन्छ। हरिवंश रचित यो ग्रन्थ वीर पुस्तकालायमा यसको माइक्रो फिल्म ई. ६९५, रिल संख्या ई. ३३८/८, ३३९/९ मा। सुमतितन्त्रमा वि.सं. ६३३ देखि नेपालमा

नयाँ सम्वत् चल्यो भन्ने जुन कुरा लेखिएको छ त्यो कुरा भोटको सं-शाक्य-पान-चेनले यही परम्परालाई आधर मानी कालगण्ना गरेका थिए भन्ने कुरा इटालियन विद्वान लुसियानो पैटेकको अन्वेषणले पुष्टि गरेको छ।

यसरी नेपालमा वि.सं. ६३३ मा नयाँ सम्वत् चलेको प्रमाणित चर्चा गरिएको "सुमतितन्त्र" जसमा हरेक सम्वत्को प्रवर्तकहरूको नाम र भोग वर्षसमेत सही किटान गरिएको ग्रन्थमा नेपाल सम्वत्का प्रवर्तकको चर्चा नभए पनि संकेतसम्म किन गरिए? यहाँनिरबाट फेरि विद्वतवर्गको अन्वेषण किन नगर्ने ? ●

नेपाल सम्वत् : राष्ट्रिय मान्यता जोगाउने दायित्व सरकारको

–● दानदास श्रेष्ठ ●–

नेपाल सम्वत् नयाँ वर्षको अवसरमा मुलुकको राष्ट्रप्रमुखदेखि कार्यकारी प्रमुख सबैले शुभकामना दिँदै आएका छन् । राजतन्त्रकालीन नेपालमा नेपाल सम्वत् नयाँ वर्षको उपलक्ष्यमा यसरी आमदेशवासीका नाममा यसरी शुभकामना दिने प्रचलन थिएन । नेपालको आफ्नै देशको नाममा स्वदेशीबाटै संस्थापन गरिएको र स्वदेशवासीकै ऋणमोचनसँग सम्बद्ध सम्वत्को उपलक्ष्यमा शुभकामना त के नेपाल सम्वत्लाई राष्ट्रको सम्वत् भन्नसम्म पनि नरुचाउने तत्कालीन शासक-प्रशासकहरूमा देशको माया छ छैन भन्ने स्पष्ट देखिन्थ्यो । मुलुक गणतन्त्रमा प्रवेश गरिसकेपछि नेपालको मौलिक सम्वत् नेपाल सम्वत्को शुभारम्भमा मुलुकको राष्ट्राध्यक्षबाट शुभकामना सन्देश दिने प्रचलन थालियो ।

वास्तवमा भन्ने हो भने शुभकामना दिनुले मात्र पनि पूर्ण जिम्मेवारी वहन गरेको ठहर्दैन । किनभने जब राष्ट्रिय सम्वत्को मान्यता, राष्ट्रिय विभूतिको मान्यता दिइसकेपछि त्यसलाई गर्ने सबै व्यवहार पनि राष्ट्रिय नै हुनुपर्छ । मुलुककै नाममा रहेको विश्वकै नमूना सम्वत् नेपाल सम्वत्को संस्थापनाको कथा राष्ट्रिय मुक्ति आन्दोलनसँग पनि जोडिएको छ । त्यसैले त नेपाल सम्वत्लाई नेपाली जनजनले अहिलेसम्म जोगाएरै राखेका छन् । यसलाई प्रवर्तन गर्ने महान् सपूत राष्ट्रिय विभूति शंखधर साख्वाःदेखि सम्वत्को संवर्द्धन, प्रवर्द्धन, चलनचल्तीका लागि अनवरत योगदान दिनेआमनेपालीहरू नेपाल सम्वत्का सच्चा भक्त हुन्, सच्चा पहरेदार हुन् जसको जति प्रशंसा, सम्मान र स्मरण गरे पनि थोरै हुन्छ ।

वास्तवमा राष्ट्रिय संस्कृति, स्वाभिमानलाई स्वस्फूर्तरुपमा भित्री हृदयदेखि नै प्राणसरि माया गर्ने आमनेपालीले आफ्नो मौलिक पहिचानलाई पनि उत्तिकै माया गर्छन् र तिनको संरक्षण संवर्द्धनका लागि जीवनपर्यन्त समर्पित रहन्छन् ।

ने.सं ११२८ मा तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले नेपाल सम्वत्‌लाई पुनः राष्ट्रिय मान्यता दिलाउनुभएको गुण कोही पनि सपुत नेपालीले बिर्सन सक्दैनन् । नेपाल सम्वत्‌का प्रवर्तक शंखधर साख्वालाई राष्ट्रिय विभूतिको सम्मान प्रदान गर्ने तत्कालीन प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईको योगदानलाई बिर्सिनु हुँदैन । त्यस्तै नेपाल सम्वत्‌को राष्ट्रिय अस्मिता कायम राख्ने कार्यमा तत्कालीन प्रधानमन्त्रीहरूदेखि लिएर अन्य नेताहरूबाट अथक प्रयासलाई कसैले बिर्सनु हुँदैन । त्यसैगरी उपत्यकाका नेताहरू कृष्णगोपाल श्रेष्ठ, ओमकारमान श्रेष्ठ, राप्रपा नेपालका अध्यक्ष कमल थापालगायतलाई नेपाल सम्वत्‌को अस्तित्व, नेपाल सम्वत्‌को संरक्षण संवर्द्धनका विषय उठ्नासाथ सम्भिनुपर्ने नामहरू हुन् । यस्तै सांगठनिकरुपमा नेपालभाषा मंकाः खलः, राष्ट्रिय विभूति शंखधर साख्वाः प्रतिष्ठान, ल्यायम्ह पुचः थिमि, नेवाः देय दबूलगायत यहाँ नाम उल्लेख नभएका थुप्रै सम्वत्‌प्रेमीहरूको अगाध माया ममतालाई पनि कसैले बिर्सन सक्दैनन् ।

आआफ्नो कार्यकालमा राष्ट्रिय सम्वत्‌प्रति सद्व्यवहार गर्ने सबै नेताहरू धन्यवादका पात्र छन् नै । अझ नेपाल सम्वत्‌लाई राष्ट्रिय मान्यता प्राप्तिका लागि आमनागरिकलाई सचेत बनाउन जीवन नै समर्पण गर्दै आउने पद्मरत्न तुलाधर, मल्ल के सुन्दर, डा. जगदीशचन्द्र रेग्मी, प्रो. माणिकलाल श्रेष्ठ, डा. सुन्दरकृष्ण जोशी, नरेशवीर शाक्यलगायत थुप्रै नाम छन्, जसको प्रशंसा गरिसाध्य छैन ।

स्थापनाको ८८८ वर्षसम्म राजकीय सम्वत्‌कै रुपमा रहेको नेपाल सम्वत्‌का जन्मजात विरोधीहरू पनि नभएका होइनन् तिनीहरूकै करतुतका कारण नेपाल सम्वत्‌ले सदियौं पीडादायी दुखद अवस्था भोग्न बाध्य हुनुपर्‍यो । राष्ट्रको नाममा, राष्ट्रकै भूमिमा एवम् आर्थिक बिचल्लीमा परेका देशवासीको मुक्तिकार्य सम्पन्न गर्न सफलता मिलेको सम्झनामा स्थापित विश्वकै एक मात्र राष्ट्रिय सम्वत् नेपाल सम्वत्‌ले हालका दिनमा राष्ट्रिय मान्यताको पुनर्प्राप्ति गरे पनि असन्तुष्टिका केही बुँदाहरू भने बाँकी नै रहेको अवस्था छ ।

राष्ट्रिय सम्वत् भनिएको छ व्यवहारमा राष्ट्रिय देखिएको छैन । न कुनै मुद्रामा नेपाल सम्वत् अंकित छ न कुनै नोटमा नेपाल सम्वत् प्रकाशित छ । न कुनै सरकारी दस्तावेजमा राष्ट्रिय सम्वत्‌को उल्लेख छ न कुनै सरकारी पाठ्यक्रममा शंखधर साख्वाः र नेपाल सम्वत् बारे अध्याय राख्ने काम भएको छ । तसर्थ यसतर्फ सरकारको गम्भीर ध्यान जानु जरुरी छ ।

अर्कोतर्फ शंखधर साख्वालाई राष्ट्रिय विभूतिको मान्यता दिइएको छ। तर न शंखधर दिवस सरकारका तर्फबाट मनाउने कुनै व्यवस्था छ न शंखधर साख्वाले प्रवर्तन गरेको नेपाल सम्वत् मनाउनै सरकार आफै चासो लिने गरेको छ। सम्वत्लाई राष्ट्रिय भनिए पनि व्यवहारमा राष्ट्रिय जस्तो नदेखिनु, सम्मान राष्ट्रिय विभूतिको दिइए पनि व्यवहारमा त्यो सम्मानलाई सम्मानित राख्न नसक्नु ठूलो विडम्बना हो। वास्तवमा राष्ट्रिय विभूति र राष्ट्रिय सम्वत्प्रति व्यवहार पनि पूर्णरुपमा राष्ट्रिय नै हुनु जरुरी छ भन्ने मान्यतालाई भिन्न दृष्टिले हेर्नु जरुरी नै छैन। अबका दिनमा त्यही राष्ट्रिय मान्यताप्राप्त सम्वत् र विभूतिको संरक्षण सम्वर्द्धन गर्न सबै एकसाथ अग्रसर हुनु जरुरी छ।

त्यसो त जनस्तरबाटै भए पनि मनाउँदै आएको नेपाल सम्वत् नयाँ वर्षको समारोहमा सरकार प्रमुख वा सरकारका प्रतिनिधिले प्रतिनिधित्व गर्दै प्रमुख आतिथ्य ग्रहण गर्ने परम्परा कायम रहेको छ। हरेक वर्ष कार्यक्रममा एक एक उपहार स्वरुप कहिले शंखधरलाई राष्ट्रिय विभूति, कहिले नेपाल सम्वत्लाई राष्ट्रिय मान्यता, कहिले हुलाक टीकटमा शंखधर प्रकाशन, कहिले सञ्चारमाध्यमहरूमा नेपाल सम्वत्को उल्लेख आदि कार्यहरू नभएका होइनन्। तर यी कुराहरूले मात्र राष्ट्रिय सम्वत्को माग पूरा हुँदैन। राष्ट्रिय भनिएपछि वास्तवमै राष्ट्रिय बनाइनुपर्छ। मूलतः राजकाजमा नेपाल सम्वत्को प्रयोग हुनुपर्छ। त्यसका लागि सरकारले जे जस्तो आयोग, कमिटी, विज्ञसमूह बनाउनुपर्छ बनाएर टुंगो लगाउनुपर्छ।

नेपाल सम्वत्ले आजका दिनमा जुन राष्ट्रिय मान्यता प्राप्त गरेको छ एकातिर त्यसलाई जोगाइराख्नु जरुरी छ भने अर्को महत्वपूर्ण कार्य त्यसलाई समान व्यवहार हुनु नितान्त आवश्यक छ। विभूति राष्ट्रिय तर सम्मान भने जातीय, सम्वत् राष्ट्रिय सम्मान भने क्षेत्रीय कदापि सुहाउने विषय होइन। राष्ट्रिय विभूति र राष्ट्रिय सम्वत्प्रति व्यवहार पनि पूर्ण रुपमा राष्ट्रिय हुनु जरुरी छ। त्यसका लागि राष्ट्रिय विभूति शंखधर साख्वालाई राष्ट्रिय मुद्रामा अंकित गराइनुपर्छ, नेपाल सम्वत्लाई राष्ट्रिय मुद्रा, नोट, चेक, राजपत्रलगायतमा व्यवहृत गर्नुपर्छ भनेर केही वर्षदेखि उठाई आएको मागलाई राज्यले अहिलेसम्म पूरा गर्न सकेको छैन। ●

साझा प्रयासको परिणाम

–● राजेन्द्र मानन्धर ●–

दोलखाको चरिकोटमा नेपाल सम्वत् ११३८ मनाउने क्रममा एउटा सोच आयो। चरिकोट बजारको कुनै स्थानमा नेपाल सम्वत्का प्रवर्तक राष्ट्रिय विभूति शंखधर साख्वाः को मूर्ति राख्ने। मूर्ति राख्ने सोचलाई राष्ट्रिय विभूति शंखधर साख्वाः प्रतिष्ठान भक्तपुरका सचिव ज्ञानराम श्रेष्ठलाई जानकारी गराएँ। उहाँले अध्यक्ष श्याम मानन्धरसँग सल्लाह गर्नुभयो।

उक्त प्रतिष्ठानले हाम्रो सोचलाई साकार बनाउन सघाउने भएपछि चरिकोट गुठी र लालीगुराँस युवा क्लबले अभियान अघि बढायो। चरिकोटबासी र भीमेश्वर नगरपालिकाको सरसल्लाहमा एउटा निर्माण समिति बन्यो। उक्त निर्माण समितिले चरिकोटस्थित भालुखोलालाई शंखधर चोक नामकारण गर्ने निधो गऱ्यो। शंखधर चोकलाई ऐतिहासिक, सास्कृतिक र पर्यटकीयस्थल बनाउने योजना बन्दै गयो।

एउटा लामो इतिहास बोकेको चरिकोट टुटेपानी नेवार वस्तीको शंखधर चोकलाई धर्म, कला र संस्कृतिको केन्द्र बनाउने प्रस्तावपत्र तयार भयो। राष्ट्रिय विभूति शंखधर साख्वाः प्रतिष्ठान भक्तपुरका अध्यक्ष श्याम मानन्धर र सचिव ज्ञानराम श्रेष्ठसहितको उपस्थितिमा प्रतिष्ठानबाट मूर्ति सहयोग हुने सहमति भयो।

यतिखेर भीमेश्वर नगरपालिका र विभिन्न व्यक्तिहरूको सहयोगबाट मूर्ति अनावरण गर्ने अवसर मिलेको छ। मूर्ति अनावरण गरेर मात्रै उक्त चोक ऐतिहासिक, सांस्कृति र पर्यटकीयस्थलमा परिणत हुन सक्दैन। बाँकी थुप्रै कार्यहरू गर्न बाँकी छन्। बाँकी कार्यहरू

अवधारणापत्रमार्फत सार्वजनिक गरिएको छ। उक्त चोकबाट दुईतर्फ थप पदमार्ग खोल्नु अपरिहार्य छ। जहाँबाट मानिसहरू चोकमा आउन सकून्। एउटा परम्परागत शैलीको कलात्मक प्रतिक्षालय बनाउने लक्ष्यलाई मुख्य योजनामा राखिएको छ। हाम्रा पुर्खाले पाटी र चौतारो बनाएको शैलीलाई अनुशरण गर्दै बन्ने प्रतिक्षालयमा जिल्लाको विवरण झल्कने डिजिटल डिस्प्लेबोर्ड राखिने छ। मोबाइल रिचार्ज गर्ने र आराम गर्ने प्रतिक्षालय आफै मानिसका लागि रमाइलो स्थल बन्न सक्ला भन्ने हाम्रो अपेक्षा छ।

चोकमा सोलार वत्तिहरू जडान हुनेछन्। सुधारिएको सडकमा आधुनिक सिसि क्यामेराजडित संकेत वोर्डहरू हुने छन्। मूर्तिको उत्तरतर्फ एउटा कलात्मक भित्ता डिजाइन भैरहेको छ। उक्त भित्तालाई आकर्षक र मानिसहरूको मन तान्नसक्ने बनाउन के गर्नुपर्ला भनेर राय सल्लाह लिने काम भैरहेको छ।

शंखधर चोक निर्माण समितिले धार्मिकस्थल पशुपति चोकदेखि टुटेपानी बजारसम्मका बाटाहरू परम्परागत शैलीले निर्माण गर्ने सोच पनि अघि सारेको छ। टुटेपानी चोकमा परम्परागत शैलीको धारा र लाखेको प्रतिमा राख्ने योजना बनिरहेको छ। शंखधर चोक, टुटेपानी चोक र पशुपति चोकलाई पर्यटकीय सर्किटको रुपमा विकास गर्दै टुटेपानीलाई नेवार संस्कार र संस्कृतिले भरिएको क्षेत्र बनाउने विचारहरूले बहसको रुप लिइरहेको छ। उक्त बस्तीलाई नेवार तरिकाको पाहुना घरको रुपमा विकास गर्ने सोच अघि सारिएको छ।

वृहत्तर उद्देश्य राखेर अघि बढिरहेको शंखधर चोक निर्माण उपभोक्त समितिले एउटा तहसम्मको काम मात्रै सम्पन्न गर्ने छ। बाँकी कार्यहरू टुटेपानी शंखधर प्रतिष्ठापन स्थापना गरी अघि बढाउने छ।

अन्तमा, उक्त अभियानलाई आफ्नो कार्यक्रमभित्र राखेर सहयोग गर्नुहुने भीमेश्वर नगरपालिकाका मेयर भरत केसीलगायत सम्पूर्ण परिवारलाई धन्यवाद दिन्छु। नगरपालिका वडा नं. ३ का वडा अध्यक्ष हरिशरण शिवाकोटी र ६ का वडाअध्यक्ष नविन लामाप्रति कृतज्ञता व्यक्त गर्दछु। अभियानमा हातेमालो गर्ने राष्ट्रिय विभूति शंखधर साख्वाः प्रतिष्ठान मध्यपुर थिमि भक्तपुर, शंखधर चोक निर्माण उपभोक्ता समिति परिवार, चरिकोट गुठी र लालीगुराँस युवा क्लबलाई विशेष धन्यवाद ज्ञापन गर्दछु। साथै, यस कार्यमा आडभरोसा दिइरहनु हुने दोलखा विकास मञ्चका अध्यक्ष इन्जिनियर महेन्द्रबहादुर कार्की, उक्त अभियानमा अहोरात्र खट्नु हुने चरिकोट गुथिका अध्यक्ष रामदाश श्रेष्ठ, रामहरी श्रेष्ठ, वुद्धिजीवि गणेशकुमार श्रेष्ठ, व्यवसायी हर्षसागर तुलाधरलाई पनि धन्यवाद व्यक्त गर्दछु। ●

(लेखक शंखधर चोक निर्माण उपभोक्त समिति चरिकोट,
दोलखाका अध्यक्ष एवं बरिष्ठ पत्रकार हुनुहुन्छ।)

नेपाल सम्वत् : मुक्ति सम्वत्

–● अशिब बनेपाली ●–

परिचय

नेपाल एसियाको एक हिमाली देश जुन उत्तर चीन र दक्षिण, पश्चिम, पूर्वमा भारत रहेको भूपरिवेष्ठित राष्ट्र हो । नेपाल देशकै नामबाट चलेको विश्वको एकमात्र सम्वत् नेपाल सम्वत् हो । अरु सम्वत्हरू कि त धार्मिक व्यक्तिका नामबाट कि त कुनै राजामहाराजाका नामबाट चलेका देखिन्छन् जसरी ईश्वी सम्वत्, बौद्धसम्वत्, विक्रमसम्वत् आदि । यस अर्थमा नेपाल सम्वत्को आफ्नै मूल्यमान्यता रहेको स्पष्ट हुन्छ । यस सम्वत्सँग जोडिएका लोकश्रुति र सामाजिक, व्यावहारिक प्रसङ्गत अझ रोचक र राष्ट्रिय महत्व र श्रुति ऐतिहासिक परम्परा नै बन्न पुगेको छ । नेपाल सम्वत् र त्यसका प्रवर्तक शंखधर साख्वाललाई नेपाल सरकारले समेत क्रमशः राष्ट्र सम्वत् र राष्ट्रिय विभूतिका रूपमा मान्यता दिएबापत यसको उपादेयता र औचित्यबारे घामझैँ छर्लङ्ग भइसकेको छ । यसमाथि शंखधर शाख्वालले नेपाल खाल्डोमा रहेका कमाराकमारी र ऋणीहरूका सब ऋण चुक्ता गरेर ऋणमुक्त गरी चलाएको नेपाल सम्वत् कति युगान्तकारी सम्वत् रहेछ भन्ने कुरा अब लुक्न सक्दैन । आजभन्दा ११३८ वर्षअघि शंखधर साख्वाले ऋण तिरेर दासदासी, कमाराकमारी मुक्त गर्दा अमेरिका भन्ने देश नै थिएन, अब्राहम लिंकनले दासप्रथा मुक्त गरेको त अझै पछिकै इतिहास रह्यो । नेपाल सम्वत् : मुक्ति सम्वत्का रूपमा विश्वसामु राख्न पछि पर्नु हुन्न । यो नेपाल सम्वत् आजसम्म पनि नेवार समुदायले उति नै भव्य र आस्थाका साथ मनाउँदै आएका छन् यद्यपि यो सम्वत् तत्कालीन समयमा राष्ट्रिय सम्वत् थियो । यस सम्वत्,

प्रशासनिक भाषाका रूपमा चलेको नेपालभाषा र मुक्तिको संवाहकको सम्वत्बारे यहाँ चर्चा गर्ने प्रयास गरिएको छ।

विवेचना

'नेपाल सम्वत् - राष्ट्रिय सम्वत्' यही आवाज बोकेर म्हपूजा (गोवर्धन) का दिन नेवार समुदाय एकापसमा शुभकामना आदानप्रदान गर्दछन्। सहअस्तित्व, सहभावना र भातृत्वप्रेमको सद्भाव बाँडेर नेवार हुनुको सगर्व अनुभूति गर्दछन्। हो, त्यो दिन नेवार समुदायको महान् दिन, नेपाल सम्वत्को सुरुवाती दिन। नेपाल संबत्को म्हपुजा गर्ने दिन अर्थात चन्द्रमासको तिथिअनुसार कार्तिक (कउलागा) शुक्लपक्ष प्रतिपदाका दिन नयाँ सूर्य उडाएको हेरेर मनाउने परम्परा चल्दै आएको छ। नेपाल संबत् सुरु भएको दिनमा नै आफ्नो आत्मालाई शुद्ध गरेर मनाउने म्हपुजा पनि यही दिनमा पर्ने भएकाले यो दिन नेवार समुदायका निमित्त सुनमा सुगन्ध झैँ बन्न पुगेको हुँदा उनीहरूमा त्यो जोश, जाँगर रहनु स्वाभाविक हो। यसरी विगत ११३८ वर्षअघिदेखि मनाउँदै आएको यो नेपाल सम्वत्ले म्हपुजाको दिनदेखि ११३९ मा प्रवेश गर्दैछ। यति लामो इतिहासलाई जीवन्त पार्दै नेवार समुदायले यसलाई सुरक्षित अवतरण गर्दै आएको यथार्थ आफैमा एउटा गौरवको कथा हुनुपुगेको छ।

लामो इतिहास भएको यो नेवार समुदायका मान्छेहरूका मुखाकृति विभिन्न सम्प्रदायसँग मिल्ने गरेका छन्। राम्रोसँग नियाल्ने हो भने नेवार समुदायभित्र कसैका अनुहार किँरातका जस्तै, कसैका दक्षिण भारतीयका जस्तै त कसैको मुसनमान अनुहार देखिन्छ। एक समुदायभित्र अनेक यस्ता अनुहारहरू तब मात्र सम्भव हुन्छ जब एकतामा अनेकता भेटिन्छ। यस प्रश्नको उत्तर खोज्न नेपालको केही ऐतिहासिक प्रसङ्ग कोट्याउनुपर्ने हुन्छ। नेपालमण्डलमा सुरुमा गाई चराउने गोपालवंशले शासन गरेपछि भैँसी पाल्ने महिषपालहरूले शासन गरे। वास्तवमा यी गोपाल वंश र महिषपालहरू यस क्षेत्रका आदिवासीहरू हुन्। सम्भवतः हालका किसानहरू, कथाकथित अछुत भनिएका जातिहरू नै वास्तवमा आदिवासीहरू हुनसक्ने अनुमान गरिएको छ। पछि दक्षिणी भारतका तर्फबाट ठकुरी/ लिच्छविहरूले शासन हातमा लिए। लिच्छविपछि ने.सं. ४४४ तिर हरिहरदेव मल्लका सन्तानहरूले नेपालमण्डलमा आफ्नो अधिपत्य जमाउन पुगे। ने.सं. ८८८ सम्म झण्डै ४५० वर्ष मल्लहरूले शासन गरेपछि पृथ्वीनारायण शाहले उपत्यका जितेपश्चात आजको नेपालसम्म आइपुगेका छ। प्रश्न यहींनेर छ, आखिर नेवार को हुन् त ? भारतमा २०० वर्ष अङ्ग्रेजले शासन गरेर फर्कंदा आफ्नो चिनो चर्च र त्यससम्बन्धी संस्कार छाडेर गए भने अकूट सम्पती कुम्ल्याएर फर्के। तर नेपालमा शासन गर्ने शासकहरू

सबैले यहाँको धर्म, संस्कृति, परम्परालाई तोडेनन् बल्कि त्यसैमा आफूलाई समाहित गरेर त्यसलाई झन् संस्कारित, परिमार्जित बनाउँदै निरन्तरता दिने काम गरे। लिच्छवि र मल्ल राजाहरूसँगै आएका भारभारदारहरूसमेत यहीका माटोमा रमाएर बसे, देशमा चलिआएको नेपालभाषालाई राजकीय सम्मान दिँदै नेपाल संबत्लाई राष्ट्रिय संबत्का रुपमा प्रचलनमा ल्याएका थिए। यसरी नेपालमण्डलमा विभिन्न जातजातिहरू आएर नेवार भएर बस्न थालेका थिए। जसले गर्दा नेवार जातभित्र एकतामा अनेकता सजिन थालियो। लिच्छविकालमा नेपालको क्षेत्रफल भारतको मगरातसम्म पुगेको प्रमाण भेटिन्छ भने मल्लकालमा आएर त्यो क्षेत्रफल साँघुरिएर पूर्वमा तामाकोशी, पश्चिममा गण्डकी किनार, उत्तरमा भोटको केरुङ र दक्षिणमा महाभारत लेकमा समेटिएको इतिहासबाट थाहा लाग्छ। तत्कालीन नेपालका जनतालाई नेवार भनिन्थ्यो, जसरी आज सम्पूर्ण जनताको परिचय सर्वप्रथम नेपाली हो। यसरी हेर्दा नेवार भनेर आज जुन समुदायलाई सङ्केत गरिन्छ वास्तवमा उनीहरूमा मात्र नेवार होइनन्। यसमाथि आफू मात्र तत्कालीन नेवार हौँ भन्ने केही संकुचित विचारका मान्छेहरूका विचारले गर्दा नेवारहरू झन् झन् साँघुरिँदै, पातलिँदै गएको देखिन्छ। त्यस्ता विचारले गर्दा इतिहास अर्कै बन्न जाने खतरा रहन्छ साथै त्यसरी लेख्दा मान्छेले आफ्नो विद्वताको लङ्गौटी खुस्किनेतर्फ ध्यान किन नगएको होला। आफ्नै समुदायको मात्र चश्मा राखेर इतिहासका घटनालाई 'यो कुरा यस्तो हो' भनी प्रस्तुत गर्नु नाजायज नहोला भन्न सकिन्न।

जे होस्, एकतामा अनेकता जोडिएर नेवार समुदायको सिर्जना भएको देखिन्छ। यी नेवार समुदायले आफ्नो धरोहरका रुपमा बोक्दै आएको नेपाल सम्वत्का प्रवर्तक को हुन्? यसतर्फ कोट्याउनु उपर्युक्त देखिन्छ। सम्वत् भन्नाले समयलाई चिनाउने गणना हो। समयलाई बुझाउन विश्वमा विभिन्न सम्वत् चलाएको पाइन्छ - ईश्वी सम्वत्, शक् सम्वत्, विक्रम सम्वत्, नेपाल सम्वत्, लिच्छवी सम्वत्, मानदेव सम्वत् इत्यादि। नयाँ सम्वत् चार तरिकाले चल्ने गरेको पाइन्छ।

(क) कुनै विशिष्ट व्यक्तिको जन्म वा मृत्युको दिनदेखि त्यसैदिनलाई आधार बनाएर चलाएको।

(ख) गरीब जनताले साहु-महाजनसँग लिएको सम्पूर्ण ऋण तिरी राज्यभित्र अब कसैको ऋण खाएको छैन भन्ने घोषणा गरिएको दिनलाई आधार बनाएर चलाएको।

(ग) एउटा युग सिद्धिएर अर्को युग सुरु भएको आधार बनाएर चलाएको।

(घ) राज्यमा एउटा शासक हटेर अर्को शासक वंश स्थापना भएको आधार बनाएर।

इश्वी सम्वत् (क) सँग आवद्ध, शक सम्वत् (ग) सँग आवद्ध, नेपाल सम्वत्

(ख) सँग आवद्ध देखिन्छ भने लिच्छवी सम्वत्, मानदेव सम्वत्, विक्रम सम्वत् (घ) सँग सम्बन्धित भई चलेका सम्वत् हुन् । नेपाल सम्वत् स्थापना हुनुमा कुतूहलपूर्ण र उद्धार भावनाले भरिएको प्रसङ्ग जोडिएको छ - शंखधर साख्वाः को । शंखघर साख्वाः नेपाल सम्वत्का प्रवर्तक हुन् भन्ने प्रायः इतिहासविद्हरूको मत रहेको पाइन्छ । जुन मत यस प्रकार छ -

यो लोकश्रुति कथा हो । भक्तपुरका राजा आनन्ददेव र उनका तान्त्रिक सिद्धिवन्त मिलेर बालुवालाई सुनमा परिणत गर्ने समययोग मिलाएर होम गर्‍यो । तन्त्रको विधिअनुसार ५, ६ जना कामदार किसानहरूलाई खर्पन दिएर पूर्णीमाको ठीक मध्य रातमा लिनका लागि काठमाडौँको भद्रकाली र विष्णुमती दोभानको वालुका लिन पठाए । राजाले भनेबमोजिम ठीक आधा रातमा बालुवा भरेर ती किसानहरू भक्तपुरतर्फ फर्किए । त्यहीबाट हुँदै आइरहेका चतुर शंखघर साख्वाले उनीहरूलाई सोधपुछ गर्दा राजाले बालुवा लिन पठाएको भनी थाहापाएर यसमा केही रहस्य हुनै पर्छ आफ्नो चतुर्‍याइ देखाए । शंखधरले आफूलाई पनि बालुवा आवश्यकता भइरहेको र त्यो बालुवा उसको घरमा पुर्‍याई दिएमा दोब्बर ज्याला र नास्ता पनि गराउने प्रस्ताव किसानहरू सम्मुख राखे । के प्रयोजनको लागि बालुवा लिन पठाएको हो अनभिज्ञ ती किसानहरूले आफूले बोकिल्याएको बालुवा शंखघरको घरमा खन्याएर पुनः दोभानमा पुगी नयाँ बालुवा लिएर भक्तपुरको राजा आनन्ददेव कहाँ बुझाइ दिए । चारदिनसम्म तन्त्र विधा गर्दा पनि बालुवा सुन नबनेको देख्दा विरक्तिएका आनन्ददेव रन्थनिँदै होम गर्दैरहेका सिद्धिवन्त कहाँ पुगे । सिद्धिवन्तलाई रिसाउँदै सो कुरा भनेर 'सिद्धिप्राप्त नहुने ग्रन्थ के काम बाली देउ' भनेर राजा रिसाउँदै फर्किए । सिद्धिवन्त राजाको कुरा सुनेर ठूलो सोचमा पर्‍यो । सुन त हुनै पर्ने, तर राजाले हेरेर आएपछि के अविश्वास गर्नु ! ऊ विखलवन्दमा पर्‍यो । आफ्नो ठूलो विश्वास र आजसम्म त्यही आस्थामा बाँचेका उनलाई ती तान्त्रिक सब झुठा लागेर एकएक गर्दै ग्रन्थहरू होममा बाल्न थाले । यता बालुवाको रास देखेर निरास बनेका राजा आनन्ददेव तब झस्किए जब खर्पनका छेउछाउमा पहेला सुनका कणहरू टल्किरहेको देखे । उनी हत्तनपत्त सिद्धिवन्तलाई सो खबर दिन दौडिए तर दुर्भाग्य सिद्धिवन्तले सबै तान्त्रिक ग्रन्थहरू होममा होमिसकेका थिए । तिनीहरू दुवै न्याउरी मारी पछुताए झैँ बन्न पुगे । चतुर शंखधर साख्वाले राजाले लिनपठाएको बालुवामा केही रहस्य रहेको अनुमान गरेर छिडीमा सुरक्षित साथ राखेका थिए । शंखधरको सोच सत्य हुनपुग्यो, सबै बालुवा सुनै सुनमा परिणत भएका थियो । अब झस्किने पालो शंखधरको, सुनको डंगुर देखेर उनी अत्तालिए । उसको कैयौँ रातको निन्द्रा हरायो । शंखधरले गरोस् के त्यतिका सुन, फेरि त्यो धार्मिक युगमा ! सो कुरा मनमा राख्नै नसकेर शंखधरले सबै वृतान्त ललितपुरका राजा

राघवदेवलाई जाहेर गऱ्यो। राघवदेवले सो सुन भक्तपुरको नासोको भएकाले त्यसको खबर भक्तपुरका राजालाई दिए। सो कुरा सुनेर भक्तपुरका राजा आनन्ददेवले आफ्नो राज्यको भाग्यमै नभएकाले आफूहरूले सो धन नपाएको भन्दै लिन अस्विकार गऱ्यो। धार्मिक युगको समय, घटनाले सो कुरा देखियो। यसपछि शंखधर साख्वाःको इच्छा बमोजिम तत्कालीन नेपाल खाल्डोमा रहेका ऋणीहरूको सबै ऋण तिरेर ऋणी विहिन राज्य बनाउने प्रस्तावअनुसार काम सम्पन्न गरियो। त्यस्तो ऐतिहासिक घटना, ऐतिहासिक व्यक्ति शंखधर साख्वाःको सम्मानमा ललितपुर र भक्तपुर राजाले मिलेर नयाँ साख्वाः सम्वत् सुरु गरे। जुन पछि नेपाल सम्वत्का नाममा प्रसिद्ध हुनपुग्यो जुन ८८८ वर्षसम्म निरन्तर सरकारी कामकाजको सम्वत् रह्यो र आज नेपाल सम्वत् ११४६ को लागिसकेको छ। नेपाल सरकारले यस ने.सं. लाई राष्ट्रिय सम्वत्का रुपमा घोषणा गरिसकेको अवस्थामा यो देशको नामबाट राखिएको सम्वत्को महत्त्व अझ बढ्न पुगेको छ, साधुवाद दिनैपर्छ वर्तमान सरकारलाई। तन्त्रमन्त्रमा आजकल आस्था उति साह्रो नभएकाले बालुवा सुन हुन नसक्ने तर्क विद्वानहरूले राख्न थालेका छन्। डा. जगदीशचन्द्र रेग्मीले वालुवा सुन मिसिने भेटिने तर्क राख्दै रणबहादुर शाहका पालामा सुनकोशी, तामाकोशीका नदीको बालुवाबाट सुन निकालेको इतिहास रहेको प्रसङ्ग पस्कनुभएको छ। त्यहाँबाट प्राप्त सुनबाट नपुगेको मात्र भोट र हिन्दुस्थानबाट झिकाएर टक छापेको प्रमाण दिनुभएको छ। अद्यावधि यो बालुवाबाट सुन निकाल्ने प्रचलन अहिले पनि छँदैछ। तत्कालीन उपत्यका सानो रहेको हुँदा ऋणमोचन गरिएको सम्भव पनि हुन सक्ने भनेर सम्भाव्यता पोखेका छन्। यो तर्क मनन् गर्न योग्य र विश्वासिलो छ।

संबत्को कुरा गर्दा नेपाल सम्वत् सुरु हुँदा विक्रम सम्वत् ९३७, इश्वी सम्वत् ८८० र शक् सम्वत् ८०२ लागेको थियो। ने. सं. ५२४ मा ललितपुर सुनधारामा धर्म मल्लको शिलालेखमा श्रीकलिगत संबत् ४५०५, श्री विक्रमराज सम्वत् १४६७, श्रीशंकराज सम्वत् १३२६, श्रीमन्त नेपालिक सम्वत् ५२४ भनी लेखिएको पाइन्छ। यस कुराले पनि यस तथ्यलाई प्रमाणित गर्दछ। नेपालमा मानदेव सम्वत् निकै प्रचलित र ऐतिहासिक सम्वत् रहेको देखिन्छ। ऐतिहासिक रुपमा चाँगुनारायणलगायत धेरै ठाउँमा मानदेव सम्वत्का शिलालेख ठडिरहेकै छन्। हुन त यो मानदेव संबत् ३०१ सम्म मात्र चलेको भेटिन्छ भने नेपाल सम्वत् हालसम्म पनि अनवरत रुपमा चल्दै ११३८ सम्म पुगेको छ। नेपाल संबत्लाई तत्कालिन मल्ल राजाहरूले खुसीखुसीले राजकीय सम्मान दिएर चलाएर गए। यसको ऐतिहासिक महत्वलाई ओझेल पारेर शासककीय उन्मादमा रहेका पृथ्वीनारायण शाहले सो कुरा पचाउन सकेनन् र भारतले फ्याकिसकेको विक्रम सम्वत् उनले वि.सं. १८२७ तिर नेपालमा

सञ्चालनमा ल्याउने कोशिश गरे । पछि कालान्तरमा विक्रम सम्वत्ले स्थायीत्व पाउन सकेन र शक् सम्वत्, नेपाल सम्वत् नै प्रयोगमा ल्याएको देखिन्छ । पृथ्वीनारायण शाहको उन्मात्त चन्द्रशमशेरमा देखियो र उनले शक् सम्वत्लाई छाडेर उही फ्याकिएको विक्रम सम्वत् सञ्चालनमा ल्याए । यसरी नेपालमा सम्वत् चलाउने विवाद चलि आएको देखिन्छ । तर नेपाल सम्वत् मल्लकालमा राजकीय भाषा रहेको, राणा कालसम्ममा समेत व्यावहारिक कागजपत्र तमसुक, लालपुर्जा लेख्दै आएको यथेष्ट प्रमाण पाइन्छ । नेपालको इतिहासमा नेपाल सम्वत् कति ब्यावहारिक र प्रशासनिक रूपमा प्रयोग भएको रहेछ भनी केही उदाहरण प्रस्तुत गर्नु सान्दर्भिक रहला ः

१) हालसम्ममा भेटिएको नेपाल संबत्को अभिलेख लिच्छवी उत्तरकाल ने. सं. ८ को ललितपुर मंगलबजार जलद्रोणीमा रहेको छ, जसमा 'नेपाल संबत् ८' उल्लेख छ ।

२) ने.सं. १४५ मा 'सपूट टीकाय' नामको ग्रन्थ लेखिएको हो ।

३) ने.सं. ३४४ मा राजा अभय मल्लदेवले पशुपतिनाथलाई महास्नान गराउने चलन चलाए ।

४) ने.सं. ४४४ मा राजा हरिसिंहदेवले नेपालमा तलेजु भवानी भित्र्याए ।

५) ने.सं. ५११ मा राजा कीर्ति मल्लले गरेको भूजिंमोल लिपिको स्वर्णपत्र अभिलेख राख्न लगाए ।

६) महाचीनका मिङ्वंशी सम्राट तायेमिङ्ले बनेपाका शासक शक्तिराज सिंहलाई संस्कृत भाषा, रञ्जना लिपिमा लेखेर पठाएको परवानापत्रमा ने.सं. ५३५ असार शुक्ल दशमी भनी उल्लेख छ ।

७) ने.सं. ५४९ मा राजा जयस्थिति मल्लले नगद रूपियाँमा दण्डजरिवाना गराउने चलन चलाए ।

८) यक्ष मल्लले राज्य विस्तारक्रममा नेपाल संबत् ५७४ लेखिएको भेटिन्छ ।

९) दोलखा भी.न.पा. वडा नं ४ स्थित नसुको ढुंगेधारामाथि अवस्थित नारायण भगवान्को मूर्तिमा कुँदिएको अभिलेखमा नेपाल संबत् ५८० लेखिएको छ ।

१०) इन्द्रजात्राको बेलामा प्रदर्शन गरिने मूर्तिमा नेपाल संबत् ५८० लेखिएको पाइन्छ ।

११) ने.सं. ६६० मा राजा महेन्द्र मल्लले काठमाडौँमा भीमसेन मन्दिर निर्माण गरी मूर्तिसमेत स्थापना गराए । पुनः ने.सं. ६८३ मा द्रौपदी र घुसीआजु अजिमाको मूर्ति पनि स्थापना गरी त्यस स्थानलाई भीमसेनस्थान नामाकरण गरियो ।

१२) ने.सं. ६८६ मा कान्तिपुरका राजा महेन्द्र मल्लले सर्वप्रथम चाँदीको मोहर दाम चलाए ।

१३) भारतको पश्चिम बंगालको कुचविहारका राजा प्राणनारायणले ने.सं. ७३५ अंकित गरी सुनको मुद्रा निष्काशन ।

१४) ने.सं. ७८७ मा राजा श्री निवास मल्लले स्वर्णपत्रमा 'अस्तपर नेपालभाषामा लिखिष्यते' भनी नेपाल देशको तत्कालीन भाषा अक्षर लेख्न लगाए ।

१५) ने.सं. ७६० सालमा हनुमानढोका परिसरमा कालभैरवको मूर्ति स्थापना गऱ्यो ।

१६) ने.सं. ७८५-७९० सम्म ५ वर्ष लगाएर रानीपोखरी निर्माण गरियो ।

१७) ने.सं. ७९० मा हनुमानढोकाको ढुङ्गेस्तम्भमा प्रतापमल्ल राजाले आफ्नो सम्पूर्ण राजपरिवारको सुवर्णप्रतिमा राख्न लगाए । सोही वर्षमा रानीपोखरीको दक्षिणतर्फ राजा प्रतापमल्लले छोराहरू महीपतीन्द्र र चक्रवर्तीन्द्रको हात्ती चढेको सालिक राख्न लगाए ।

१८) मध्यकालमा पूर्वको उदयपुर र पश्चिम मगरातमा समेत नेपाल संबत् लेखिएका अभिलेखहरू फेला परेको इतिहासविद् धनवज्र बजाचार्यले दावी गरेका थिए ।

१९) ने.सं. ८१८ मा देशमा व्याप्त लुटपाट, चोरी, हत्या, बलात्कारजस्ता घटनालाई हटाउन ललितपुर, भक्तपुर र कान्तिपुरका राजाहरू क्रमशः योगनरेन्द्र मल्ल, भूपतीन्द्र र भूपालेन्द्र मल्लले त्रिराज अधिवेशन गरी राजासभामा शान्ति प्रस्ताव पेश गरेका थिए ।

२०) भक्तपुरको जेला टोलमा भूपतीन्द्र मल्ल/ हाकु भारो उल्लेखित 'नेपाल भाखा शांख्वा संबत् ८२७' लेखिएको शिलालेख प्राप्त ।

२१) ने.सं. ८९५ सिंहप्रतापको पालामा ल्हासाका ग्याल्छा परिबोछे लामासँग नेपाल-तिब्बत सन्धि गर्दा नेपालभाषा र नेपाल सम्वत्को प्रयोग गरिएको थियो ।

२२) ने.स. ९८२ लेखिएको सम्पूर्ण नेपाल सम्वत्सरको किताब क्याम्बिज विश्वविद्यालयको पुस्तकालयमा राखिएको छ ।

२३) ने.सं. १०६३ सालको तिहारको उपलक्ष्यमा नेपालमा सर्वप्रथम धलौट (जर्मन सिल्भर) को ५ पैसे द्याक प्रचलनमा ल्याइयो ।

२४) ने.सं. १०६३ सालको शिवरात्रिको उपलक्ष्यमा नेपालमा सर्वप्रथम पित्तलको २ पैसे द्याक प्रचलनमा ल्याइयो ।

यसरी माथिका तथ्यहरूलाई मनन् गर्दा नेपालभाषा र नेपाल संबत्ले सरकारी मान्यता पाएको तथ्य प्रस्तुत गर्छ भने नेपाल संबत् अन्तर्राष्ट्रिय तवरमा पनि मान्यता प्राप्त भइसकेको प्रमाण माथि उल्लेखित ६, १३, १८, २१, २२ नं का अभिलेखहरूले पुष्टि गरिरहेको छ ।

यति व्यापक र तथ्यगत व्यावहारिक नेपाल सम्वत् झण्डै ८८८ वर्ष अनवरत सरकारी स्तरबाट चलेको चानचुने कुरा होइन । यो संबत्लाई जनले आफ्ना व्यवहारमा प्रयोग गर्दै आइरहेका छन् । विवाह, ब्रतवन्ध, जन्मदिन, श्राद्ध, साइत हेर्ने जस्ता यावत कर्मकाण्ड गर्ने काम यही चन्द्रमान गतिको तिथिअनुसार गरिने चलन अद्यावधि छँदैछ । यस्तो व्यावहारिक र अन्तर्राष्ट्रिय बनिसकेको संबत्को इतिहासलाई निमित्यान्न पार्ने काम वि.सं. १९६० चन्द्रशमशेरले अन्तर्राष्ट्रिय स्तरमै रछ्यानमा फ्याकिएको विक्रम संबत्लाई भित्र्याएर गरे ।

माथिका सबै प्रमाणहरूलाई मनन् गर्दा नेपालमा सबैभन्दा बढी प्रचलनमा आएको सम्वत् नेपाल सम्वत् नै ठहरिन्छ । पैंचो लिएर चलाएको सम्वत् भन्दा एक आम नागरिक शंखधर साख्वाःमार्फत भएर नेपाल देशकै नामबाट चलाएको नेपाल सम्वत्लाई किन अङ्गिकार गर्न सकिरहेका छैनौं ? माथिका यथेष्ठ प्रमाणका आधारमा तत्कालीन नेपाल सरकारले वि.सं. २०५६ मंसिर २ गते (ने.सं. ११२० कउलाथ्व १०) नेपाल सम्वत्का प्रवर्तक शंखधर साख्वालाई राष्ट्रिय विभूतिका रुपमा सम्मानित समेत गरिसकेको छ। साधनलाई मानिसकेपछि साध्यलाई अपनाउन किन गाह्रो भइरहेछ भनिन्थ्यो तर वर्तमान माओवादीले नेतृत्व गरेको सरकारले ने. सं. ११२८ (२०६५) देशको नाममा रहेको नेपाल सम्वत्लाई राष्ट्रिय सम्वत्को घोषणा गरेर ठूलो गुण लगाएका छन्, साधुवाद छ तत्कालीन सरकारलाई । एक सर्वसाधारण जनता र राष्ट्रको नामसँग जोडिएको सम्वत्लाई अपनाउन त्यति गाह्रो हुनुनपर्ने हो किनकि देश गणतन्त्रमय भइसकेको छ र सामन्तीका नाइके राजतन्त्र केवल इतिहासमा मात्र अंकित बन्न पुगेको छ ।

यस सम्वत्को अर्को विशेषता पनि छ, दासमुक्ति मोचन । ने.सं. ११३८ वर्षअघि उपत्यका खाल्डोमा ऋणी भएर दासदासी जीवन बाँच्न बाध्य पारिएका मान्छेहरूका ऋणमोचन गरेका महानात्मा शंखधर साख्वाः के कम विशाल हृदयका थिए त ? चन्द्रशमशेरले दासमुक्त घोषणा गरे तापनि उनले दरवारभित्र प्रत्येक भरेङमा दासदासी राख्न छाडेनन् । अमेरिकामा १५० वर्षअघि मात्र राष्ट्रपति अब्राहम लिंकनले देशमा दासदासी प्रथा हटाएका थिए । जसको डंका संसारभरि पिट्दै हाय् हाय् गरिन्छ भने सोचौं ११३८ वर्षअघिको दासदासी मुक्त गर्ने सो कदम, त्यसैले यति इतिहास बोकेको नेपाल सम्वत्लाई 'मुक्ति सम्वत्' किन नमान्ने ? दासदासी प्रथा आजको दिनमा त बाँकि छ भने पहिले नहुने त कुरै भएन । यसका केही उदाहरण हेरौं -

(क) उत्तर प्राचीनकालीन नेपालमा दासदासीहरूको अस्तित्व रहेको कुरा सम्वत् ८१ (२) को अनन्तलिङ्गेश्वरको अभिलेखमा स्पष्ट उल्लेख गरिएको छ ।

(ख) ई. छैठौ शताब्दीको चाबहिलको अभिलेखमा एकजना बौद्ध भिक्षुणीले

"दुर्द्धैरैन्द्रियैः कृत्स्ना बाह्यते यैरिम्प्रजादासवत्तानिसन्धार्यकृपयापरिपीडयता' भनी उल्लेख गरेका छन् ।

निष्कर्ष

यस्ता अभिलेख सो दासदासी प्रथाको प्रमाण दिन्छ। दासदासी प्रथाको हेर्न टाढा जानुपर्दैन, पछिल्लो घटना चन्द्रशमशेरको कदमलाई हेरे पुग्छ। यसरी नेपालमा मात्र होइन विश्वमै सबैभन्दा पहिले दासप्रथा हटाउने (मोचन गर्ने) पहिलो महानूआत्मा नेपाल सम्वत्का प्रवर्तक शंखधर साख्वाः नै हुन् भनी ठोकुवा गर्न सकिन्छ। फेरि देशले कोल्टो फेरिसकेको गणतन्त्रमय पहिलो संविधान प्राप्त नेपालमा नेपाल सम्वत्लाई व्यवहारमा कसरी सकिन्छ प्रयोगमा ल्याउनुपर्छ सोच्नुपर्ने समय आएको छ यो हाम्रो हो; राम्रो हो। यो समयको माग पनि हो। नेपाल सम्वत् राष्ट्र सम्वत् हो। अझ यसलाई 'मुक्ति सम्वत्' का रूपमा राष्ट्रले मनाउनुपर्दछ र इतिहासलाई विश्वसामु उठाइ दिनुपर्छ। यति अपनत्व र व्यावहारिक नेपाल सम्वत् अपनाउनु भनेको हाम्रा पूर्खाको धरोहर बचाउनु र सहिदहरूका लागि ठूलो श्रद्धाञ्जली बन्न सक्छ। एकपटक बिना पूर्वाग्रही शान्त भएर सारा नेपालीले यस बिषयमा सोचौँ। यस्तो महान् अवशरमा मन उत्साहित हुँदै अपनत्वलाई हृदयंगम गर्दै यसो भन्न मन लाग्छ- "नेपाल सम्वत् - मुक्ति सम्वत्" । ●

स्रोत सामग्री :

१) अविनाश शर्मा/ २०६२ कार्तिक ९ आइतवार, गोरखापत्र।
२) सुगत सिन्दुराकार/२०५५ कार्तिक ४ बुधवार (समाचारपत्र)।
३) हिरण्यलाल श्रेष्ठ/२०५८ कार्तिक ३० गते विहिवार (समाचारपत्र)।
४) प्रदीपमान श्रेष्ठ/२०५८ कार्तिक ३० (समाचारपत्र)।
५) तिलक प्रकाश/ नेपाल सम्वत् व्यवहारमा (सन्ध्याटाइम्स २०६३ कार्तिक ५)।
६) हरिराम जोशी/२०५७ कार्तिक १२ गते शनिवार (समाचारपत्र)।
७) डा. जगदीशचन्द्र रेग्मी/समाचारपत्र
८) प्रकाशमान सक्व/२०६० कार्तिक ९ गते (समाचारपत्र)
९) विभिन्न पुस्तकहरू।

(लेखक बनेपाली क्याम्पसमा प्राध्यापन गराउनुहुन्छ)

नेपाल सम्वत् र हाम्रो संस्कृति : एक विश्लेषण

–● सौभाग्य प्रधानाङ्ग ●–

पृष्ठभूमि

नेपालको इतिहासको विभिन्न समयमा नेपाल सम्वत्, ईश्वी सम्वत्, शक सम्वत्, लिच्छवि सम्वत्, विक्रम सम्वत् र कलिगत सम्वत् आदि विभिन्न सम्वत्हरूको प्रयोग भएका छन्। यीमध्ये हाल नेपालमा प्रचलित सम्वत्हरूमा विक्रम सम्वत् र इश्वी सम्वत् सूर्यमासमा आधारित छन् भने नेपाल सम्वत् चन्द्रमासमा आधारित छ। यी सबै सम्वत्हरूको आ-आफ्नै महत्त्व रहेको छ। यी मध्ये नेपाल भूमिमा नेपाल राष्ट्रको नाममा नेपालीहरूको ऋण तिरी नेपाली जनताद्वारा स्थापित नेपाल सम्वत् नेपालको राष्ट्रियताको सन्दर्भमा विशेष महत्त्व रहेको छ। यो सम्वत् स्थापना भएदेखि र पृथ्वीनारायण शाहले नेपाल एकीकरण हुनुभन्दा अगाडिसम्म अर्थात् मध्यकालमा राष्ट्रिय सम्वत्को रुपमा प्रयोग भएको थियो भने आजसम्म पनि धेरै जसो राष्ट्रियरुपमा मनाइने सास्कृतिक, सामाजिक र धार्मिक पर्वहरू चन्द्रमास अनुसार तिथि मितिको आधारमा मनाइने गरिन्छ।

नेपाल सम्वत्

नेपाल भूमिमा नेपाल राष्ट्रको नाममा र नेपाली जनताद्वारा नेपाल सम्वत् ई.सं. ८७९ अक्टोबर २० अर्थात् वि.सं. ९३६ कार्तिक शुक्ल प्रतिपदाको दिनमा सुरु भएको थियो। केशर पुस्तकालयमा प्राप्त संक्षिप्त गोपालराज वंशावलीमा "श्री राघवदेव वर्ष ६३ मास ६ ।। श्री पशुपति भट्टारके सम्वत् सर प्रवृतिकृता ।।" उल्लेख भएबाट राघवदेवको समयमा नयाँ सम्वत् शुरु भएको निश्चित हुन्छ। त्यसै गरी सोही वंशावलीको सोही पृष्ठको छेउमा

सो सम्वत्को बारेमा र प्रवर्तकका बारेमा केही उल्लेख गरिएको देखिन्छ । उक्त पृष्ठको एक कुना च्यातिइसकेकोले भन्न खोजिएको कुरा स्पष्ट हुन सकेन । भाषा वंशावलीअनुसार शंखधर साख्वाले अकस्मात प्राप्त धनले ऋण तिरी नेपाली जनतालाई ऋणमुक्त बनाई नेपाल सम्वत् चलाएको थियो । नेपाल सरकारले नेपाल सम्वत्को प्रणेताको रुपमा शंखधर साख्वालाई २०५६।८।२ गतेको मन्त्रिपरिषद्को बैठकले राष्ट्रिय विभूति घोषणा गरेको थियो। यस निर्णयबाट नेपाल सम्वत् र शंखधर साख्वाले गरेको योगदानलाई राष्ट्रले सम्मान गरेको छ ।

प्राचीनकालमा सम्वत्को अगाडि सम्वत्को नाम लेख्ने चलन थिएन । उदाहरणको लागि लिच्छविकालको अभिलेखहरूलाई लिन सकिन्छ। यही परम्पराअनुसार नेपाल सम्वत् प्रयोग गरिएका सुरुका प्रमाणहरूमा पनि नेपाल सम्वत्को अगाडि सम्वत्को नाम प्रयोग भएको देखिँदैन । पाटनको महाबौद्ध बिहारमा भएको ताडपत्रमा लेखिएको प्रज्ञापारमितामा “परम भट्टारक महाराजधिराज परमेश्वर श्री शंकरदेव राज्ये सम्वत् ७”, राष्ट्रय अभिलेखालयमा रहेको बौद्ध ग्रन्थ लंकावतारमा “सम्वत् २८ कार्तिक कृष्ण दिवाष्टम्याय्”, महाबौद्धको प्रज्ञापारमिताको पुष्पिका वाक्यमा अंकित सम्वत् ४० को उल्लेख गरिएको छ । नेपाल सम्वत् नाम नै अंकित भएको आजसम्म प्राप्त प्रमाणहरूमा सबभन्दा पुरानो प्रमाणको रुपमा एस.के. सरस्वती, कलकत्ताको संकलनमा रहेको राजा रुद्रदेव (ने.सं. १२७–१४८) को समयमा लेखिएको अष्टस्राहस्रिका प्रज्ञापारमिता पाण्डुलिपिको पुष्पिका वाक्यमा नेपाल सम्वत् १४८ को उल्लेख गरिएको छ। भविष्यमा अनुसन्धानको क्रममा यो भन्दा पनि नजिकको प्रमाणहरू प्राप्त हुन सक्छ ।

धार्मिक तथा सास्कृतिक चाडपर्वहरू

नेपाल सम्वत् सुरु भएपछि नेपालका अधिकांश धार्मिक संस्कारहरू, सास्कृतिक चाडपर्व जात्राहरू नेपाल सम्वत् र चन्द्रमासअनुसार मनाउँदै आएका छन् । मानिसको जन्मदेखि मृत्युसम्मका संस्कारहरूमा जस्तै जन्मदिन, वार्षिक श्राद्ध आदि चन्द्रमासको तिथि अनुसार मनाइन्छ र त्यसै गरी व्रतबन्ध, चूडाकर्म, इही (बेलविवाह), विवाह पनि पञ्चाङ्ग अनुसार शुभसाइतमा गर्ने गरिन्छ ।

हालसम्म पनि नेपालमा मनाइने हिन्दु, बौद्ध, मुस्लिमहरूको अधिकांश चाडपर्वहरू जस्तै बैशाख कृष्ण औंसीको दिनमा मातृऔंसी, बैशाख शुक्ल तृतीयाको दिन अक्षय तृतीया, जेष्ठ शुक्ल षष्ठीको दिन सिठिनखः, श्रावण कृष्ण चतुर्दशीको दिन गठांमुगः (घण्टाकर्ण), श्रावण शुक्ल पंचमीको दिन नागपञ्चमी, भाद्र कृष्ण प्रतिपदाको दिन गाईजात्रा, भाद्र कृष्ण सप्तमीको दिन कृष्णाष्टमी, भाद्र कृष्ण औंसीको दिन कुशे औंसी, भाद्र शुक्ल तृतीयाको

दिन हरितालिका तिज र पञ्चमीको दिन ऋषिपञ्चमी, आश्विन शुक्ल प्रतिपदादेखि पूर्णिमासम्म दशैं, कार्तिक कृष्ण त्रयोदशीदेखि कार्तिक शुक्ल तृतीयासम्म तिहार, मंसिर शुक्ल पूर्णिमाको दिन धान्यपूर्णिमा, माघ शुक्लपक्षको पंचमीको दिन श्रीपंचमी, फागुन कृष्ण पक्षको चतुर्दशीको दिन शिवरात्री, फागुन शुक्ल पूर्णिमाको दिन फागु महोत्सव आदि चाडपर्वहरू चन्द्रमासको तिथि अनुसार मान्ने गरिएको छ।

त्यसैगरी पाटनमा प्रदर्शन हुने कार्तिक नाच (कार्तिक षष्ठी-त्रयोदशी), सातगाउँले जात्रा (मार्ग चतुर्दशीदेखि सुरु), चाँगुनारायण जात्रा (पौष शुक्ल पूर्णिमा), सिंहसार्थवाहु जात्रा (चैत्र कृष्ण प्रतिपदा), टिका भैरव जात्रा (चैत्र शुक्ल पूर्णिमा), साँखुको बज्रयोगिनी जात्रा (चैत्र शुक्ल पक्ष पूर्णिमा), बनेपाको चण्डेश्वरी जात्रा (बैशाख शुक्ल पूर्णिमा), रातो मस्त्येन्द्रनाथ (बैशाख कृष्ण प्रतिपदा), न्हवँ जात्रा शुरु (बैशाख शुक्ल चतुर्थी), देव पाटनको त्रिशुल जात्रा (आषाढ कृष्ण अष्टमी), गुला जात्रा (श्रावण शुक्ल प्रतिपदादेखि भाद्र कृष्ण औंसीसम्म), इन्द्रजात्रा (भाद्र शुक्ल त्रयोदशी-आश्विन कृष्ण चतुर्थी), गाईजात्रा (भाद्र कृष्ण प्रतिपदा), हाँडीगाउँको नारायण जात्रा (कार्तिक कृष्ण प्रतिपदा) वत्सलेश्वरी जात्रा (चैत्र कृष्ण त्रयोदशीदेखि चैत्र शुक्ल द्वितीयासम्म), घोडाजात्रा (चैत्र कृष्ण औंसी) आदि जात्रापर्वहरू उल्लेखित चन्द्रमासका तिथि अनुसार मनाइन्छन्।

यी धार्मिक पर्वहरूका अतिरिक्त आदिवासी, जनजाति तथा अन्य जातजातिहरूको जात्रा पर्वहरू पनि चन्द्रमास तिथिहरूमा नै मनाउने गरिएको देखिन्छ। विभिन्न आदिवासी, जाति र जनजातिहरूले मनाउने चाड पर्वहरूमा पनि सामान्जस्यता पाइन्छ।

दशैं

हिन्दूहरूको विभिन्न चाडपर्वहरू मध्ये दशैं महत्त्वपूर्ण चाड हो। यो पर्व आश्विन शुक्ल प्रतिपदादेखि कार्तिक पूर्णिमासम्म भव्यताका साथ मनाइन्छ। आश्विन शुक्ल प्रतिपदादेखि दशमीसम्म नेपालका सम्पूर्ण देवी मन्दिरहरूमा ठूलो पूजा हुनुको साथै भव्य मेला लाग्दछ। हिन्दूहरूमा पनि विभिन्न जात अनुसार आ-आफ्नो तरिकाबाट यो चाड मनाइन्छ। विशेष गरी यस पर्वमा शुक्ल प्रतिपदाको दिन घटस्थापना, सप्तमीको दिन फुलपाती, अष्टमीको दिन महाअष्टमी, नवमीको दिन महानवमी र दशमीको दिन विजयादशमीको रुपमा दुर्गा भगवतीको पूजा गरी मनाइन्छ। यसैगरी एकादशीको पूर्णिमासम्म मान्यजनहरूबाट टिका थापी आशीर्वाद लिई यो पर्व मनाउने गरिन्छ।

यस समयमा विभिन्न दिनहरूमा विभिन्न स्थानहरूमा छुट्टाछुट्टै जात्राहरू हुन्छ। जस्तै आश्विन शुक्ल द्वितीयादेखि ललितपुरमा अष्टमातृका नाच प्रारम्भ हुन्छ। तृतियादेखि षष्ठीसम्म खोकनामा रुद्रायणी नाच, सिद्धिकाली यात्रा र पचली भैरव यात्रा, शिवकाली

जात्रा मनाइन्छ। एकादशीको दिन असनको अन्नपूर्ण यात्रा, दोलखामा खड्गजात्रा मनाइन्छ। मगर जातीले यस पर्व घटस्थापनालाई दुर्गे औंसी अष्टमीका दशैं नवमीलाई बासी र दशमीलाई तिबासीको रुपमा मनाउँछन्। यस पर्वमा घटस्थापनादेखि नवमीसम्म टिमुर टिपेर त्यसलाई बाली त्यसको धुँवामा बच्चालाई घुमाउने गरिन्छ। यस पर्वमा कुखुरा बली दिई ध्वजा र तीते पाटीको धुप बली पूजा गरिन्छ।

तिहार

हिन्दूहरूको अर्को महत्त्वपूर्ण चाड तिहार हो। यो चाड कार्तिक कृष्णपक्षको द्वादशीदेखि कार्तिक शुक्ल द्वितीयासम्म मनाइन्छ। पहिलो दिन काग पूजा, दोस्रो दिन कुकुर पूजा, तेस्रो दिन लक्ष्मी पूजा, चौथौ दिन गोबर्द्धन पूजा/म्हपुजा, पाँचौ दिन भाइ पूजा (किजा पूजा) गरिन्छ। यस चाडलाई सम्पूर्ण नेवार जातीले स्वन्ति नख पर्वको रुपमा मनाउँछन्। यसमा पनि कार्तिक शुक्ल प्रतिपदाको दिनमा म्हपुजा (आत्म पूजा) को रुपमा अझ भव्यताका साथ मनाइन्छ। यस दिनदेखि नेपाल सम्वत्को नयाँ वर्ष सुरु हुन्छ। मगर जातिले यस पर्वलाई जनजुत्याको रुपमा मनाउँछन्। यसमा बाबियोको डोरीमा ५ वटा पातहरू (वर, पिपल, आँप, वाँस, दतिवनको पात दवारे कुरो) उनेर ध्वजा बनाई घरदेखि नदीसम्म टाङने गर्दछन्। यस समयमा नाच्न, भैलो खेल्ने पूजापाठ गर्ने गरिन्छ।

धान्यपूर्णिमा

नेपाल सम्वत्अनुसार थिलाथ्व पुन्हि अर्थात् मार्ग शुक्ल पूर्णिमाका दिनमा धान्यपूर्णिमा पर्दछ। यो दिन धान्यलक्ष्मीको विशेष पूजा हुन्छ। नेवार समुदायमा योमरी पुन्हि पर्व मनाइन्छ र कुठी (अन्न राख्ने भण्डार) मा पूजा गरिन्छ। त्यसै गरी किराँत जातिको महत्त्वपूर्ण चाडको रुपमा चासोवा (उँधौली) मनाइन्छ। यो पर्वमा प्रकृतिमाता र पितृहरूलाई नयाँ अन्नवालीहरू चढाई पूजा गर्ने गर्दछन्। त्यसैगरी तामाङहरूले नयाँ चामल चढाई पूजा गरी मनाउने गर्दछन्। मगर जातिले यस दिनलाई मंसिरे पुन्हिको रुपमा मान्दछन्। यसमा कुलदेवता र पितृदेवतालाई चामलको चाड (छाकिली) नयाँ चामलको भात (मला) पकाएर कुखुरा बली दिई ध्वजा र तीतेपातीको धुप बाली पूजा गरिन्छ। मार्ग शुक्ल पूर्णिमा मनाउने धान्यलक्ष्मी पूजा, नेवार जातिले मनाउने योमरी पुन्हि, किराँत समुदायका याक्खाछुम्मा, याक्थुङचुम्लुङ, राई यायोक्खा, सुनुवार आदिको विशेष पर्व चासोवा (उँधौली) सबै अन्नबालीसँग सन्बन्धित पर्वहरू एक अर्कासँग सामाञ्जस्यता छन्।

बैशाख पूर्णिमा

नेपाल सम्वत्को छलाथ्व अर्थात् बैशाख पूर्णिमालाई चण्डीपूर्णिमा भनिन्छ। यस दिनलाई गौतम बुद्धको जन्म, बोधिज्ञान प्राप्त र निर्वाण प्राप्त भएका दिन मानिन्छ।

तसर्थ बौद्ध धर्मालम्बीहरूको लागि यो दिन निकै महत्त्वपूर्ण मानिन्छ। यसै दिन बनेपामा चण्डेश्वरीको रथजात्रा हुन्छ। किराँत समुदायले यस दिनलाई उभौली साकेला पर्वको रुपमा मनाइन्छ। यो चाड खासगरी अन्नबाली लगाएको खुसियालीमा प्रकृतिको पूजा गरी मनाइन्छ। तामाङ गुरुङहरूले पनि बैशाख पूर्णिमालाई महत्त्वपूर्ण चाडको रुपमा मान्दछन्। मगरहरूले यस दिनमा कुलदेवता र पितृदेवतालाई जौको ढिंडो (पेन), जौको जाँड (छाकिली) चढाई टोल छिमेकमा बाँड्ने गरिन्छ।

भाद्रशुक्ल पूर्णिमा

नेपाल सम्वत्‌को अलाथ्व शुक्ल पूर्णिमाका दिन ञेयापुन्हिको दिन इन्द्रदहमा स्नान गर्न जाने परम्परा छ। यस पूर्णिमालाई स्नान दानादौ पूर्णिमा पनि भनिन्छ। यस दिन काठमाडौमा कुमारीको रथ जात्रा गरिन्छ। भक्तपुरको सिद्धपोखरीमा ठूलो मेला लाग्दछ। मगर जातिले यस दिनलाई भदौरे पुन्हिको रुपमा मान्दछन्। यसमा कुलदेवता र पितृदेवतालाई धानको बाला चढाई ध्वजा टाङने तीते पातीको धूप बाल्ने गरिन्छ। यसै दिन चेपाङहरूको महत्त्वपूर्ण चाड चोनाम पर्व पनि मनाइन्छ।

जनै पूर्णिमा

नेपाल सम्वत् अनुसार गुँलाथ्व पूर्णिमा (गुन्हीपुन्हि) अर्थात् श्रावण शुक्ल पूर्णिमाको दिन जनै पूर्णिमा पर्व मनाइन्छ। यस दिनमा वैदिक मन्त्रोच्चारणद्वारा पवित्र गरी नयाँ यज्ञोपवित धारण गर्ने गरिन्छ साथै ऋषि तर्पण र पूजा पाठ गरिन्छ। यस दिनलाई नेवार समुदायले नौ थरी गेडागुडीको क्वाति बनाई भगवान र पितृलाई चढाउने र आफू पनि खाने परम्परा रहेको छ। यस दिनमा नेवार कृषकहरूले ब्याँजा नकेगु भनेर खेतमा गई भ्यागुतालाई भात खुवाउने गर्दछन्। यसै दिन बौद्धमार्गीहरूले बुद्धले मारमाथि विजय प्राप्त गरेको दिनको रुपमा मनाउँछन्। यस दिनमा गोसाइकुण्ड, ललितपुरको कुम्भेश्वरमा, लमजुङको दुग्ध पोखरीमा ठूलो मेला लाग्दछ। यस पर्वलाई तामाङ समुदायले विशेष पर्वको रुपमा गोसाईकुण्डमा स्नान, पूजा, पाठ गर्ने, झाँक्रीसहित मेला भर्ने गर्दछन् भने गोसाँईकुण्ड जान नसक्नेहरू पाटनको कुम्भेश्वरमा आउने परम्परा छ। मगर जातिले यस दिनलाई रिखिपुन्हिको रुपमा मान्दछन्। यसमा थानहरूमा वज्यू वराहलाई मकैको घोगा चढाई तीते पातीको धूप बाली पूजा गर्दछन्।

मनिरिम्दु

शेर्पाहरूका विभिन्न पर्वहरूमा मनिरिम्दु एक महत्त्वपूर्ण पर्व हो। यस चाडमा पूजा पाठ गर्नुको साथै नाचहरू नचाइन्छ। यो चाडको मुख्य उद्देश्य खराव आत्मालाई नष्ट गर्नु र अवतारी लामाले मानिसहरूलाई आशीर्वाद दिनु हो। यो पर्व तिब्बेतियन क्यालेन्डर

अनुसार मनाउने भए तापनि नेपाल सम्वत्को चन्द्रमास अनुसार कौलाथ्व (आश्विन) शुक्ल त्रयोदशीमा सोलुखुम्बुमा मनिरिम्दु शुभारम्भ भई कौलागा (कार्तिक) कृष्ण द्वितीयामा समापन हुन्छ।

ल्होसार

नयाँ वर्षका रुपमा शेर्पा, तामाङ, गुरुङ, लेप्चाले ल्होसार पर्व विभिन्न तिथिमा आ-आफ्नो परम्पराअनुसार मनाउँछन्। ल्होसार पर्व पनि जात अनुसार फरक किसिमले फरक फरक दिनमा विशेष पूजा गरी मनाइन्छ। यो पर्व तिब्बतियन क्यालेन्डर अनुसार मनाउने भए तापनि नेपाल सम्वत्को तिथिमितिअनुसार यस प्रकार मनाइन्छ- पोहेलाथ्व (पौष) शुक्ल प्रतिपदाको दिन तोला ल्होसार, पोहेलाथ्व (पौष) शुक्ल षष्ठीका दिन तमू ल्होसार, सिलाथ्व (माघ) शुक्ल प्रतिपदाको दिन सोनाम ल्होसार र चिलाथ्व (फागुन) शुक्ल प्रतिपदाको दिन ग्याल्पो ल्होसार मनाइन्छ।

छठ पर्व

विशेष गरी तराईबासीले मनाउने छठ पर्व कछलाथ्व (कार्तिक) शुक्ल षष्ठीको दिन शुभारम्भ गरी सप्तमीको दिनमा समापन गरिन्छ। पहिलो दिनमा षष्ठीमाताको व्रत लिएर दोस्रो दिनमा बिहानै सूर्यको पूजा गरी अन्न ग्रहण गर्दछन्। यही पर्व केही स्थानहरूमा चौलाथ्व (चैत्र) को षष्ठीको दिनमा पनि मनाइन्छ। यो व्रत महिला र पुरुष दुवैले लिने गर्दछन्। आजभोलि मुस्लिम समुदायले पनि यो पर्व मनाउन थालेको पाइन्छ।

उपसंहार

नेपालमा अहिले नेपाल सम्वत्, विक्रम सम्वत् र इश्वी सम्वत्को व्यहारमा प्रयोग भइरहेको छ। यी मध्ये विक्रम सम्वत् र इश्वी सम्वत् सूर्यमासमा आधारित छन् भने नेपाल सम्वत् चन्द्रमासमा आधारित छ। नेपालमा मनाइने सामाजिक, सांस्कृतिक तथा धार्मिक जात्राहरू पर्वहरू चन्द्रमास अनुसार मान्दै आएका छन्। यी जात्रा चाड पर्वहरूमा विभिन्न दृष्टिकोणबाट एक अर्कामा सामञ्जस्यता पाइन्छ भने हाम्रा धार्मिक, सांस्कृतिक तथा सामाजिक संस्कार, जात्रा पर्वहरूले अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालको गौरव बढाइरहेका छन्। जसमा नेपाललाई सांस्कृतिकरुपमा सम्पन्न मुलुक बनाएको छ। नेपाल राष्ट्रको नाममा नेपाल भूमिमा नेपाली जनताद्वारा स्थापित नेपाल सम्वत् सम्पूर्ण नेपालीहरूको राष्ट्रिय सम्वत् हो। यसले विश्वमा नेपाल राष्ट्रको स्वतन्त्र अस्तित्व कायम गर्न थप सहयोग पुगेको छ भने नेपाल र नेपालीको गौरव बढाएको छ। ●

सन्दर्भ सामाग्रीहरू

१. कोइराला कुलचन्द्र - ***नेपाली साँस्कृति जात्रा पर्व,*** कुलचन्द्र कोइराला प्रतिष्ठान, काठमाडौं २०५२ वि.सं.
२. कोइरेन रामजी - ***याक्वा जातिको संस्कार र संस्कृति,*** किरात याक्वा छुम्मा, केन्द्रीय समिति, काठमाडौं ने.सं. ११२७ (वि.सं. २०६४)
३. तामाङ्ग रुद्रसिंह – ***तामाङ संस्कार र संस्कृति, आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान,*** काठमाडौं २०६० वि.सं.
४. थकु, श्रेष्ठ महेन्द्रदेव - ***नेपाली लोक सास्कृतिक उत्सवहरू,*** प्रकाशक, भी पुचः, नेपालभाषा तथा साँस्कृतिक संघ, विरानटनगर, ११२४ ने.सं. (वि.सं. २०६१)
५. प्रधानाङ्ग सौभाग्य – ***नेपाल सम्वत्का प्रवर्तक शंखधर साख्वाः,*** नेवाः महागुठीमा पेश गरिएको (अप्रकाशित)
६. बिष्ट डोरबहादुर – ***सबै जातका फुलवारी,*** साझा प्रकाशन, काठमाडौं, २०३२ बि.सं.
७. शर्मा नगेन्द्र - ***नेपाली जनजीवन***, साझा प्रकाशन, काठमाडौं,वि.सं. २०६३
८. Zangbu Ngawang Tenzing – *Stories and customs of the SHERAS*, (Translate by Ang Kanchi Sherpa/Thondup Sherpa), Mera Publication, Kathmandu 2000 A.D.

अन्तरवार्ता

श्री आङ डा वाङ शेर्पा, अध्यक्ष, नेपाल राष्ट्रिय जातीय संग्रहालय, काठमाडौं
श्री बमकुमारी उपाध्यक्ष, नेपाली राष्ट्रिय जातीय संग्रहालय, काठमाडौं ।

(राष्ट्रिय विभूति शंखधर साख्वाः प्रतिष्ठानद्वारा नेपाल सम्वत् ११३१ ञलाथ्व त्रयोदशी (वि.सं. २०६८ भाद्रै २४ गते) मा आयोजित आदिवासी जनजाति अगुवाहरूको अन्तरक्रिया कार्यक्रममा प्रस्तुत कार्यपत्र)

नेपाल सम्वत्का केही लुकेका पक्षहरू

–● सौभाग्य प्रधानाङ्ग ●–

नेपालका अभिलेख, हस्तलिखितग्रन्थ तथा अन्य लिखित दस्तावेजहरूमा विभिन्न समयमा विभिन्न सम्वत्हरूको प्रयोग गरिएको पाइन्छ। यस्ता लिखित दस्तावेजहरूमा कलियुग सम्वत्, युधिस्थिर सम्वत्, विक्रम सम्वत्, मानदेव सम्वत्, नेपाल सम्वत्, लक्ष्मण सम्वत् लगायत अन्य केही सम्वत्हरूको प्रयोग गरिएको पाइन्छ। यी मध्ये मध्यकालमा करिब आठसय बर्षसम्म अटुट रुपमा राष्ट्रिय सम्वत्को रुपमा प्रचलनमा रहेको सम्वत् “नेपाल सम्वत्” हो। देशमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था रहेको वर्तमान परिप्रेक्ष्यमा नेपाल भूमीमा नेपाल देशको नाममा नेपाली जनताको ऋणमोचन गरी नेपाली जनताले चलाएको सम्वत् नेपाल सम्वत्को औचित्य, महत्त्व र गरिमा अझ बढेको देखिन्छ। विभिन्न क्षेत्रहरूबाट संस्थागत एवं व्यक्तिगत रुपमा नेपाल सम्वत् र शंखधरको विषयमा विभिन्न रुपमा थप अध्ययन अनुसन्धानहरू जारी रहेको छ भने नयाँ नयाँ तथ्यहरू पनि प्राप्त भइरहेको छ। यसै सन्दर्भमा थप केही पक्षहरू यसलेखमा प्रस्तुत गर्ने प्रयास गरिएको छ।

राष्ट्रिय अभिलेखालयमा करिब ३०० वटा नेपालको इतिहासका विभिन्न विषयका ग्रन्थहरू रहेका छन ती मध्ये करिव १०४ वटा ग्रन्थ वंशावलीहरूको रहेका छन्। हालसम्म ती मध्ये केही ग्रन्थहरूको मात्र अध्ययन र प्रकाशन भएका छन भने धेरै वंशावली र अन्य अभिलेखको अध्ययन विश्लेषण हुन बाँकी नै छ। प्रकाशित वंशावलीहरूमा भाषा वंशावली, देवमाला वंशावली, नेपाल देशको इतिहास संग्रहलगायत केही ग्रन्थहरूमा नेपाल सम्वत् र

शंखधर सम्बन्धी प्रसङ्ग उल्लेख गरिएको छ भने केशर लाइब्रेरीमा भएको वंशावलीहरूमा नेपाल सम्वत् र यस्को प्रवर्तकको बारेमा अस्पष्ट रुपमा उल्लेख पाइन्छ। मध्यकालका प्राप्त अधिकांश ग्रन्थहरू, शिलालेख, ताम्रपत्रलगायत अन्य अभिलेखहरूमा नेपाल सम्वत् नै प्रयोग गरिएको पाइन्छ। नेपाल सम्वत् शुरु भइसकेपछि मध्यकालमा देशको राष्ट्रिय सम्वत्को रुपमा र तत्कालीन सरकारी कामकारवाहीमा नेपाल सम्वत् प्रयोग भएको देखिन्छ।

प्राप्त ग्रन्थहरूमा पाटनको महावोधि विहारमा रहेको प्रज्ञापारमिता ग्रन्थमा “परमभट्टारक महाराजधिराज परमेश्वर श्री शङ्करदेव राज्ये” भनी लेखिएको र सम्वत् ७ लेखिएको (ज्ञवाली, वि.सं. २०१९, पृ.७), राष्ट्रिय अभिलेखालयमा रहेको लङ्कावतार नामक ग्रन्थमा “सम्वत् २८ कार्तिक कृष्णदिवाष्टम्याय्” भनी नेपाल सम्वत् २८ को प्रयोग गरिएको छ (राष्ट्रिय अभिलेखालय, बी ३०/६)। शिलालेखमा ललितपुरको घाँय्बुको मन्दिरमा रहेको शिवपरिवारको मूर्तिको तल्लोभागमा रहेको जलहरीमा कुँदिएको अभिलेखमा नेपाल सम्वत् १०७ प्रयोग भएको छ (वज्राचार्य, वि.सं. २०६८, पृ.३)। त्यसैगरी कलकत्ता स्थित एस.के.सरस्वतीको संग्रहालयमा रहेको अष्टसहस्रिका प्रज्ञापारमिता ग्रन्थमा “राजा बसु मनु प्रथिति श्रीमान् नेपालवत्सरे प्रगते माघ शुल्क दशम्या राज्ञ श्री रुद्रदेवश्य”को उल्लेख गरिएको छ जसलाई अंकमा उल्था गरी नेपाल सम्वत् १४८ मानिएको छ (पेटेक, १९८४, पृ. ३७)। यसबाट नेपाल सम्वत् सुरु भएदेखि नै यो सम्वत् व्यापक रुपमा प्रयोग भएको देखिन्छ।

यस सवंत्को प्रर्वतक र शुरुवातको बारेमा पछिल्लो कालका वंशावलीहरूमा स्पष्ट रुपमा उल्लेख गरिएको पाइन्छ। तर समकालिन लिखित स्रोत भने हालसम्म प्राप्त हुनसकेको छैन। नेपालमा हालसम्म पनि इतिहासको खोज अनुसन्धान ज्यादै सीमित मात्रामा मात्र भएको पाइन्छ। नेपालका राष्ट्रिय अभिलेखालय, केशर पुस्तकालय, आशा सफूकुथि लगायत विभिन्न संस्थाहरू र व्यक्तिगत संकलनमा रहेका ऐतिहासिक ग्रन्थ तथा अभिलेखहरूको खोजी गर्ने हो भने यसको तथ्य प्रमाणहरू प्राप्त गर्न सक्ने सम्भावना धेरै देखिन्छ।

संस्कृति र समाजशास्त्रको विषयमा प्राप्त स्रोतहरूको आधारमा इतिहासको अध्ययन अनुसन्धान गरिन्छ र त्यसलाई नै प्रमाणिकता मानिन्छ। समकालीन लिखित स्रोतको अभावमा केही समयपछिको अभिलेख वा वंशावलीलाई आधार मान्ने गरिन्छ। जस्तै बुद्ध समयभन्दा ३०० वर्ष पछि राखेको अशोकको स्तम्भ अभिलेखको आधारमा लुम्बिनीलाई बुद्धको जन्मस्थल प्रमाणित गरिएको छ। इतिहासको अध्ययन अनुसन्धानको क्रममा प्राप्त स्रोतको आधार लिइन्छ भने पछि थप स्रोतहरूको आधारमा त्यसलाई पुष्टि

गर्दै गएको देखिन्छ। उदाहरणको लागि लिच्छवि राजा जयदेव (प्रथम)लाई ने.सं. ११११२ भन्दा अगाडिसम्म वंशावलीय स्रोतको आधारमा मात्र नेपालको लिच्छवि राज्य स्थापना गर्ने प्रथम राजा मानिन्थ्यो। पछि ने.सं. ११११२ मा मालिगाँउको एक घरको जग खन्दा जयवर्माको अभिलेख सहितको शालिक भेटियो (मिश्र, वि.सं. २०५७, पृ. १-२३)। त्यसपछि नेपालको प्रमाणित इतिहास दोस्रो शताव्दिसम्म पुग्यो।

यसैगरी नेपाल सम्वत् र शंखधर स्रोतको बारेमा वंशावलीहरू, पशुपतिको शंखधरको शालिक, भक्तपुरको जेंलाटोलको सम्वत् ८२७ को अभिलेख, लोक परम्परा तथा जनश्रुतिहरू, नेपाल सम्वत्को सुरुदेखि नै अभिलेखहरूमा यस सम्वत्को प्रयोग हुनुले नेपाली समाजमा यस सम्वत्को महत्त्व र स्थान उच्च रहेको देखिन्छ।

केशर पुस्तकाललमा रहेको संक्षिप्त गोपालराज वंशावलीमा "राजा श्री राघवदेव बर्ष ६३ मास ६ ॥ श्री पशुपतिभट्टारके सम्वत्सरप्रवृर्तिःकृता ॥" उल्लेख गरिएको छ। (वज्राचार्य र मल्ल, वि.सं. सन् १९८५, पृ.२१५) त्यसैगरी पछिल्ला वंशावलीहरूमा शंखधरले अप्रत्याशितरुपमा प्राप्त धनले राजाबाट स्वीकृति प्राप्त गरी सबै नेपाली जनताको ऋण तिरी पशुपतिको भक्ति भावना गरी नेपाल सम्वत् चलाई पशुपतिको दक्षिणढोका सन्मुखमा आफ्नो शिलामुर्ति स्थापना गरेका उल्लेख छ (लम्साल, वि.सं.२०२३)।

यसबाट पशुपतिनाथमा पूजापाठ गरी नेपाल सम्वत्को सुरु गरिएको प्रष्ट हुन्छ। त्यसको साथै शंखधरले पशुपतिको दक्षिणढोका सन्मुखमा आफ्नो शिलामूर्ति स्थापना गरेका उल्लेख हुनु र त्यहाँ शासक वर्गभन्दा भिन्नै खालको शिलामूर्ति रहनुले वंशावलीमा उल्लेखित वर्णनलाई प्रमाणित गर्न सहयोगी हुने देखिन्छ। दुनियाँको ऋण तिरी आफ्नो शालिकसमेत राख्नसक्ने व्यक्तिले यसबारे पशुपति मन्दिरको परिसरमा नै अभिलेख पनि राखेको हुनुपर्दछ। तर हालसम्म उक्त अभिलेख प्राप्त नहुनाले यस घट्नाप्रति प्रश्नचिन्ह लागेको छ।

नेपालको इतिहासमा बारम्बार प्राकृतिक प्रकोपको साथसाथै वाह्य आक्रमणहरूको सामना गर्नुपरेको इतिहासमा साक्षी छ। ने.सं. ११३५ को महाभूकम्पको दर्दनाक घट्ना र त्यसले हाम्रा सम्पदाको साथै अभिलेखहरूमा पुऱ्याएको क्षति हाम्रा आँखामा ताजै छ। त्यसैगरी मध्यकालमा सुल्तान समसुद्दिनको आक्रमणलाई पनि यहाँ उल्लेख गर्न उपयुक्त देखिन्छ। गोपालराज वंशावलीअनुसार नेपाल सम्वत् ४७० मा नेपाल आई पशुपतिनाथलाई तीन टुक्रा गरी सारा नेपाल भष्म बनाएको थियो। (वज्राचार्य र मल्ल, वि.सं. सन् १९८५, पृ.३६) यस घट्नालाई स्वयम्भूको नेपाल सम्वत् ४९२ र पिम्बहालको सम्वत् ४७७ को अभिलेखले प्रमाणित गरिसकेको छ। सम्वभत् यस्ता आक्रमणको क्रममा र आगजनीको

कारण नेपाल सम्वत्‌लगायत यसभन्दा अगाडिका अन्य ऐतिहासिक प्रमाणहरू नाश भएको हुनसक्ने देखिन्छ भने विभिन्न समयमा भएका महाभूकम्पजस्ता प्राकृतिक प्रकोपको कारण पनि नाश भएको वा लोप भएको हुनसक्ने सम्भावना देखिन्छ।

भाषा वंशावली, देवमाला वंशावली, राजभोगमाला वंशावली नेपालको इतिहास संग्रह आदिमा उल्लेखित कथा अनुसार भक्तपुरनिवासी ज्योतिषीले बालुवाको सुवर्ण हुने मुहूर्त र सुवर्ण हुने बालुवा प्राप्त हुने स्थानसमेत निर्णय गरी राजा समक्ष पेश गरेका थिए। राजाले सोहीअनुसार आदेश दिई लिन पठाएको बालुवा सुन नभएपछि दिग्दार, विक्षिप्त भएका ज्योतिषले रिसले शास्त्र जलाइदिएका थिए। यता शंखधरले सुवर्ण सिद्धिमा निकालेको बालुवाबाट सुन भएको देखी राजाबाट स्वीकृति लिई नेपालबासी सबै दुनियाँहरूको ऋण तिरी अऋणी गराएर राजाको स्वीकृति प्राप्त गरी कार्तिक शुक्ल प्रतिपदाको दिनमा राजाबाट नै नयाँ सम्वत् व्यवहारमा चलन चलाएको उल्लेख गरिएको पाइन्छ। (थापा, वि.सं.२०२८, पृ. ८-१०) सोही दिन अर्थात कार्तिक शुक्ल प्रतिपदाको दिनमा म्हपुजा गर्ने परम्परा चलाएको विश्वास गरिन्छ। यसबाट तत्कालीन नेपालका जनताहरू ऋण तिरी सबैलाई ऋण मुक्त गरेको बुझिन्छ। यहाँ विचारयोग्य पक्ष के छ भने मध्यकालको प्राप्त ऐतिहासिक स्रोतहरूमा नेपालमण्डलका केही मन्दिरहरूमा देवदेवीका सेवा खटिएका देवदास र देवदासी बाहेक अन्य दासदासीहरूको उल्लेख पाइँदैन। यसबाट वंशावलीहरूमा उल्लेखित ऋणमोचनको प्रसङ्गलाई प्रमाणित गर्न सहयोगी सिद्ध हुन सक्दछ। लिखित प्रमाणको अभावमा इतिहासको अध्ययन अनुसन्धान गरी सत्यतथ्य पत्ता लगाउन लोकव्यवहार र परम्परा पनि सहायकको रुपमा लिन सकिन्छ।

त्यसैगरी विभिन्न अध्ययन अनसन्धानकै क्रममा भक्तपुरका जोशी थरका एक समुदायले आफ्नो घरमा म्हपुजा नगरेको देखियो। सम्बन्धित समुदायका सम्बन्धित केही व्यक्तिसँग कारण सोधखोज गर्दा पहिलेदेखिनै घरमा म्हपुजा गर्ने परम्परा नरहेको तर घरको जेष्ठ पुरुष जो भक्तपुरको तलेजुमा संलग्न छन् उनीमात्र भक्तपुर दरवारमा रहेको तलेजु घरमा नै म्हपुजा गर्ने गरेको जानकारी दिए। भक्तपुरमा केही जोशीहरूले अहिले पनि ज्योतिष पेशा अपनाएको पाइन्छ। यहाँ उक्त जोशी समुदायको घरमा म्हपुजा नमनाउनु, तलेजुमा संलग्न परिवारको जेष्ठ पुरुषले मात्र तलेजुमा नै म्हपुजा गर्नु, यता वंशावलीको कथामा सत्य कुरा थाहा पाएपछि रिसले विक्षिप्त भई शास्त्र नै जलाएका ज्योतिष दुखी भएको र राजा आफैले ज्योतिषको घरमा गई सम्झाएको, यता अप्रत्यासित रुपमा सुवर्ण प्राप्त भएको खुसीमा नेपालबासी सवै दुनियाँहरूको ऋण तिरी म्हपुजा गरेको प्रसङ्गलाई तुलना गरी अध्ययन गर्न सकिन्छ। तत्कालीन समयदेखि नै आफ्नो शास्त्र र विद्या सत्य हुँदा हुँदै भाग्यले ठगिएका

उक्त ज्योतिषी परिवारले म्हपुजा वहिष्कार गरेको त हैन ? भन्ने थप अनुसन्धानको लागि नयाँ विषय हुन सकिन्छ।

नेपालमा इतिहासको वैज्ञानिक र व्यवस्थित खोज अनुसन्धान ज्यादै न्यून मात्रामा मात्र भएको पाइन्छ। नेपालका राष्ट्रिय अभिलेखालय, केशर पुस्तकालय, आशा सफूकुथि लगायत विभिन्न संस्थाहरू र व्यक्तिगत संकलनमा रहेका ऐतिहासिक सामग्रीहरूको अध्ययन अनुसन्धान गर्ने हो भने यस विषयमा पनि सत्यतथ्य नजिक पुग्न सक्ने सम्भावना धेरै देखिन्छ। नेपाल सम्वत् र यससँग सम्बन्धित विविध पक्षको बारेमा विभिन्न स्रोत सामग्री, जनश्रुती र समाजमा प्रचलित लोक परम्पराको आधारमा समाजशास्त्रका विभिन्न सिद्धान्तहरूको प्रयोग गरी वर्णनात्मक, तुलनात्मक र विश्लेषनात्मक रुपमा गहिरो अध्ययन गरी थप अनुसन्धानबाट नयाँ तथ्यहरू प्राप्त हुने सम्भावना देखिन्छ। देशमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था लागू भइरहेको वर्तमान अवस्थामा नेपाल भूमीमा नेपाल देशको नाममा नेपाली जनताको ऋणमोचन गरी नेपाली जनताले चलाएको सम्वत् नेपाल सम्वत्लाई सम्पूर्ण नेपालीले गौरवको रुपमा लिनुपर्दछ। ●

सन्दर्भ ग्रन्थहरू :

- थापा रमेशजङ्ग (वि.सं.२०२८). ***नेपाल देशको इतिहास, प्राचीन नेपाल***. अङ्क १६ काठमाडौं : पुरातत्वविभाग।
- पेटेक, लुसियानो (सन् १९८४). ***मेडिएवल हिष्ट्री अफ नेपाल***. रोम।
- मिश्र, तारानन्द (वि.सं. २०५७). ***डेतड फिगर अफ किंग जयवर्मा, द ट्रेडिसन अफ फिगर मेकिङ्ग एण्ड द हिष्टोरिकल इर्म्पोटान्स अफ दिस डिस्कभरी***. प्राचीन नेपाल. अङ्क १४६. काठमाडौं : पुरातत्वविभाग।
- वज्राचार्य, धनवज्र र मल्ल कमल प्रकाश (सन्. १९८५). द ***गोपालराज वंशावली***. काठमाडौंः नेपाल रिसर्च सेन्टर पव्लिकेसनस्।
- वज्राचार्य, धनवज्र (वि.सं. २०६८). ***पूर्व मध्यकालका अभिलेख***. काठमाडौंः नेपाल र एशियाली अनुसन्धान केन्द्र।
- लङ्कावतार (सम्वत् २८). ***राष्ट्रिय अभिलेखालय***. प्रथमलगत संख्या १६४७. माइक्रोफिल्म संख्या बी ३०/६
- लम्साल, देवीप्रसाद (सं.)ः वि.सं. २०२३. ***भाषा वशांवली***. द्वितीय भाग. काठमाडौं : पुरातत्व विभाग।
- ज्ञवाली, सूर्य विक्रम (वि.सं. २०१९). ***नेपालउपत्यकाको मध्यकालीन इतिहास***. काठमाडौः रायल नेपाल एकेडेमी,।

(लेखक प्रधानाङ्ग राष्ट्रिय अभिलेखालयका प्रमुख हुनुहुन्छ।)

दोलखाको इतिहासमा नेपाल सम्वत्

–● अमरकुमार प्रधान ●–

अरनिको राजमार्ग र पुष्पलाल मार्ग (लामसाँघुजिरी सडकको खण्ड) को निर्माण पछि कान्तिपुरदेखि १३५ किमि टाढा अवस्थित आजको भीमेश्वर नगरपालिकामा समाहित दोलखा मध्यकालमा सुसमृद्ध स्वतन्त्र राज्यको राजधानीको रुपमा विकसित सहर थियो । त्यसताकापूर्व सुनकोशीदेखि पश्चिम दूधकोशी, उत्तर तिब्बतको सीमादेखि दक्षिण तामाकोशी र सुनकोशीको संगम स्थलभित्रको दोलखा राज्य कहलाइन्थ्यो । तामाकोशीको किनारै किनार भई उत्तर तिब्बत र दक्षिणमा सिन्धुली फाँट हुँदै तराईझरी भारततर्फ लाग्ने त्यसबेलाको चलनचल्तीको बाटोको केन्द्रबिन्दुको रुपमा देलखाको विकास भएकोले तिब्बत भारततर्फबाट काठमाडौं उपत्यका आउने मार्ग पनि पूर्वमा दोलखा नै थियो भन्ने अनुमान गरिएको छ यस प्रकार किराँतकालदेखि नै दोलखामा बस्ती बसेको लिच्छवीकालमा तामाकोशीको किनारबाट केही मास्तिर सरी हालको बस्तीको जग बस्दै गएको (इतिहास शिरोमणि स्व. बाबुराम आचार्यको अनुमान बुझिए) पनि ऐतिहासिक रुपमा दोलखाको उल्लेखन (हालसम्म अनुसन्धित सामग्री अनुसार) ने.सं. ४४६ (वि.सम्बत १३८२) देखि भएको छ ।

ने.सं. ४४६ माघ शुक्ल तृतीयाको गोपालवंशावलीमा दिल्ली (भारत) का मुसलमान सम्राट गयासुद्दीन तुलकले सिम्रौनगढ ध्वस्त पारेपछि त्यहाँका परास्त राजा हरिसिंहदेव दोलखातिर लागेको तर बाटोमा तीन पाटन (सिन्धुली) मा उनको मृत्यु भएको, छोरा र मन्त्री कैद परेको, परिवार पनि पक्रिएपछि दोलखाका माझी भारो (स्थानीय शासक)ले जम्मै धन

हात पारेको घटना उल्लेख छ। गोपाल वंशावलीको अर्को प्रसंग ने.सं. ४७७ बैशाख कृष्ण पञ्चमीको दिन केन्द्र (उपत्यका)मा देवलदेवीको नायवी शासकको विद्रोह गर्ने सामन्त वधभालाई दोलखामा कैद गरियो भनिएको छ।

यस प्रकार दोलखाको सम्बन्धमा ने.सं. ४४६ देखि ने.सं. ९५१ (वि.सं. १८८७) सम्मका ऐतिहासिक सामग्रीमा नेपाल सम्बतको प्रयोग भएको छ।

हालसम्म दोलखामा प्राप्त सबभन्दा पुरानो पिगलटोल नसुको ढुङ्गेधाराको सिरानमा अवस्थित सानो नारायण मूर्तिमा कुँदिएको अभिलेख हो। जसमा ने.सं. ५८० वि.सं. १५१६ मा सो मूर्ति स्थापना गरिएको भनिएको छ। ने. सं. ५८० फागुन शुक्ल त्रयोदशी मंगलबार उल्लेखित इन्द्रदेव स्वर्ण मूर्ति (हरेक वर्ष इन्द्रजात्राको बेला प्रदर्शन गरिने यो मुर्ति २०५३ साल इन्द्रजात्राको पूर्व सन्ध्यामा हरायो) दिवंगत मनिकरत्न भारोको नाममा बनाइएको थियो। त्यस समयमा दोलखामा कीर्ति सिंह स्थानीय शासक थिए। उनले ने.सं. ५७४ मा केनद्रका राजा यक्ष मल्लले राज्य विस्तार गर्दा यक्ष मल्ललाई साथ सहयोग दिएको कुरा हिरण्य सप्तक ग्रन्थमा प्रष्ट्याइएको छ।

यक्ष मल्लको मृत्युपछि उपत्यका टुक्रिन गई केन्द्रीय शासन कमजोर भएपछि दोलखामा पनि कीर्ति सिंहका छोरा उद्धवदेवले आफूले स्वतन्त्र शासकको रुपमा घोषणा गरे जुन ने.सं. ६११ (वि.सं. १५४८) भदौ कृष्णाष्टमीको दिन तीन धारा गइतीमा स्थापित कृष्ण मूर्तिको (यो मूर्ति पनि हराएको छ) पादपीठमा दोलखाधिपति श्री उद्धवदेव ठाकुरको पालामा भनिएकोले पुष्टि हुन्छ।

यसपछिका राजा नन्ददेवले (ने.सं. ६३२) मा कोटी होम गरी नारायण मन्दिर बनाउँदा उनीपछिका राजा उजोतदेव ठाकुरकी रानी श्रीन्मा रुपाले चतुदर्शी व्रत पूरा गरी (हाल भीमेश्वर मन्दिरको उत्तरपट्टीको गिर्जामा रहेको) उमामहेश्वरको मूर्ति स्थापना गर्दा (ने.सं. ६४०) मात्र होइन उजोतदेवकै शासनकालमा भारदार हरिले कोर्छेमा माधवनारायण मन्दिर (नेसं. ६४०) स्थापना गरी राखिएको शिलापत्रमा डोकलुगामा अवस्थित नारायण मूर्ति जीर्णोद्धार गरी कुसुमका छोराले मन्दिरकै पर्खालबाहिर सरस्वती मूर्ति (ने.सं. ६४३) स्थापना गर्दा, ढुंगलटोलमा अध्यावधि इन्द्रजात्रामा प्रदर्शन गरिने आकाश भैरव भारदार रथन संगतिले निर्माण गराएको (ने. स. ६४४) भीमेश्वर मन्दिरस्थित लक्ष्मीसहितको गोपी नारायण विजयलक्ष्मीले ने. सं. ६४४ मा स्थापना गरेको उजोतदेवको मुख्य मन्त्री जीवसिह भारोले आफ्ना दिवंगत पत्नी र पुत्रको नाममा ने. सं. ६४४ मा राइती नजिक गोपी नारायण मन्दिर स्थापना गरेको, श्यामसुन्दर टोलको नारायण मन्दिर बनाई हर्षराज भारोले आफ्नो सालिक पनि राखेको ने. सं. ६४४ इतिहास नेपाल सम्वत्‌बाटै ठम्याइएको छ। उजोतदेवको

शासनकाल उल्लेख भएको पालचुटी टोलको इन्द्र मूर्तिमा मात्र कुनै सम्बत छैन ।

राजा उजोतदेवले तत्कालीन ललितपुरको महापाल शासक विष्णु सिंहको निमन्त्रणामा ललितपुरको यात्रा गरी हिरण्यवर्ण महाविहारमा सुनको वस्तु र दुइवटा घण्टा चढाइएको ने. सं. ६५३ कार्तिक शुक्ल त्रयोदशी आइतबारको आलेख ताम्रपत्र छँदैछ ।

उजोतदेवपछि उनका छोराहरूको संयुक्त शासन दोलखामा पनि चल्यो । जेठा इन्दूसिंह देवले आफू शासनको हर्ताकर्ता भई राजाधिराज कहलाउन पुगे । उनले एकापट्टि दोलखाधिपति श्री श्रीजयन्द्र सिंह देव र अर्को पट्टि पट्ट महादेवी श्री विजयलक्ष्मी भनी आफू र आफ्ना पटरानीको नाममा चाँदीको मोहर प्रचलनमा ल्याए । सो मोहरमा कुनै सम्बत उल्लेख गरिएको छैन । कान्तिपुरका राजा महेन्द्र मल्लले पनि सम्बत उल्लेख नगरी चाँदीको मोहर चलनचल्तीमा ल्याएका छन् । इन्द्रसिंहदेव ने. सं. ६५५ मा नै राजा भएको त्यसबेला ढुंगल, कोर्छे वहार (रानी दरवार) मा सुनको आकाश भैरव (हाथु द्यो) बनाई इन्द्रजात्रामा प्रदर्शन गरिने प्रचलन आरम्भ गरेको, इन्द्रसिंह देवले आफ्ना दिवंगत छोरी रमणीको नाममा चक्षुताराको मूर्ति बनाई चढाएको ने. सं. ६६७ सम्मका अभिलेख मात्र होइन, भक्तपुरका राजा प्राण मल्ललाई एक्लो पार्न कान्तिपुर, फर्पिङ्ग, प्राण मल्लकै काका र दाजु समेतलाई सम्मिलित गराइएको नेसं. ६६८ को पशुपति सम्पन्न एकान्नि शत्रु एकाध मित्र सनीमा दोलखाको तर्फबाट इन्द्रसिंहदेवले हस्ताक्षर गरेको देखिएकाले उनी महेन्द्र मल्लभन्दा जेठा भएकाले नेपालमा चाँदीको मोहर चलनमा ल्याउने प्रथम शासक ठहरिएका छन् ।

संयुक्त शासनको क्रममा इन्द्रसिंहदेवको भाई (माहिला) नारायणदेवको प्रभाव बढेपछि ने.सं.६६९ मा बजारको मुख्य भागमा बौद्ध स्तुप निर्माण गरेको अभिलेख अद्यावधि सो सिम्भू चैत्यमा छँदैछ । उनको शासनकालको ८ वटा अभिलेख बौद्ध सम्प्रदायसँग सम्बन्धित छन् । उनीपछि सत्तासीन भएका राजा जीतादेवको शासनकालमा राइती स्थित उमामहेश्वर मूर्ति (६७४) देखि भीमेश्वर मन्दिरसँग सम्बन्धित अभिलेख र रुपनारायण देवबाट स्थापित नारायण मन्दिर (हाल नष्ट भइसकेको) आदिमा प्राप्त ७ वटा अभिलेखमा शासक अनुल्लेखित सुनको तोरणमा (नेसं. ६९३) मा नेपाल सम्बत नै व्यवहृत छ । जीतादेवपछि राजा भएका भाई (कान्छा) बासुदेवले भीमेश्वरमा चढाएको स्वर्ण गजुर (नेसं. ६९३), काठमाडौं ओमबहालका भिक्षुहरूले दोलखास्थित मछिन्द्रनाथ मूर्तिमा सुनको छत्र र प्रभा चढाएको (नेसं. ७०१) र तत्कालिन संयुक्त शासक भागुदेवदेखि सत्यनारायण देवको पालामा महेश्वर दासले सपरिवार भीमेश्वरमा स्वर्ण चक्र चढाई राखेको ताम्रपत्रमा ने.सं ७०४ उल्लेख छ ।

कान्तिपुरमा राजा शिवसिंह मल्ल गद्दीनसिन भएपछि (ने.सं. ६१५) उनले आफ्नो

राज्य क्षेत्र विस्तार गर्ने क्रममा दोलखामा पुनः केन्द्रको प्रभुत्व जमाए । यसैले ने.सं. ७१९ मा भीष्मदेव ठाकुरले आफ्ना दिवंगत भाई त्रिलोकदेवको नाउँमा बनाएका टोल्चा टोलको आकाश भैरवमा आफूलाई ठाकुर मात्र उल्लेख गरेका छन् ।

भीमेश्वर मन्दिर छतको पातामा (नेसं. ७३०) मा कान्तिपुर मरुटोल तरुमुलमहाविहारका शाक्यभिक्षुहरूले दोलखा गई भीमेश्वरको मन्दिरमा सुनका छाना, कलश र गजूर चढाएको विवरणमा महाराजाधिराज परमेश्वर परमभट्टारक श्री श्री जयशिवसिंह देव प्रभु ठाकुरको पालामा भनिएको छ। ने.सं. ७३१ को आकाशभैरवको मूर्तिको घाँटीमा कुँदिएको अभिलेखमा महाराजाधिराज श्री २ उजोतदेव ठाकुरको शासनकालमा पिंगल टोलका हरि भारोले बनाएको यो आकाश भैरवबाट इन्द्रयात्राको दिन र कात्तिक यात्राको दिन सधधारा बगाउन पर्ने सोको लागि गुठीको व्यवस्था गरिएको पछि दोलखामा उत्पात हुँदा नष्ट भएकोले (धनबज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठका अनुसार यो उत्पात भन्नाले शिवसिंह मल्लको आक्रमणलाई परोक्ष संकेत गरेको) श्री श्री जयशिवसिंह देव प्रभु ठाकुरको पालामा विखमल भारोले जीर्णोद्धार गरी भैरव र पाटी बनाएको दर्शाउँछ। तत्पश्चात कान्तिपुरका राजाहरू लक्ष्मीनरसिंह मल्ल (नेसं. ७५२) को पालामा पनि भैरव मूर्ति स्थापना गरिएको प्रताप मल्ले भारादार शिवराममार्फत् भीमसेनलाई पाँच थान दियो (वत्तीविशेष) चढाई बत्ती बाल्न र बलि पूजा गर्न गुठी राखिदिएको (नेसं. ७६८) उनकै पालामा भीमेश्वर मन्दिरको पछिल्तिर भिज्वार भारो, शिवराम भारो र दोलखाका पंचप्रधानहरूले चुलकापसी चुलिका लिगो (नेसं. ७७४) स्थापना गरेको सुवर्णपत्रलगायत थुप्रै अभिलेख छन् । त्यसपछि कान्तिपुरमा क्रमशः नृपेन्द्र मल्ल, पार्थिविन्द्र, भूपालेन्द्र मललको शासन चल्यो नृपेन्द्र मल्लले दोलखामा जग्गासम्बन्धी कागजपत्र गरिएको प्रसंगबाहेक अरु अभिलेख पाएको छैन ।

भूपालेन्द्र मल्लपछिका राजा भास्कर मल्लले तराई गई आफैले हात्ती पक्री ल्याउन समर्थ भएपछि नाउँ बदली महिन्द्रदेव राखेको (धनबज्र बज्राचार्य र टेक बहादुर श्रेष्ठ) उनले दोलखाबाट बाज झिकाए बापत ६०० रुपियाँ बराबरको खेत दिएको पात्रमा सम्बत नभए पनि चिलखाको खर्क जोगीलाई दिएको बकस पत्र (नेसं. ८३६) सुनखानीका शिवाकोटीहरूलाई जग्गा विर्ताको रुपमा दिइएको ने.सं. ८६३ को ताम्रपत्र र सुनखानीकै कुमायीलाई खर्क दिएको ने.सं. ८४० को ताडपत्र प्राप्त छन् । उनकै शासनकालमा दोलखाका प्रधानहरूले चुलकापसीमा चुडामणि प्रतिष्ठा गरी चढाइएको नेसं. ८३९ मा उनले भीमसेनमा दशैं पूजाको लागि मार्वुको खेत गुठी राखिएको ताम्रपत्र पनि पाइएका छन् ।

इ.शि. बाबुराम आचार्य र डा. डिल्लीरमण रेग्मीका अनुसार महीन्द्रसिंह देव दोलखाकै राजा इन्द्रसिंह देवका सन्तान हुन् । राजा भाष्कर मल्लको महामारीमा निधन भए

पछि मन्त्री झगल ठाकुरले नायवी शासन गर्ने रानी भुवनलक्ष्मीलाई कैद गरी दोलखाका स्थानीय शासक महीन्द्रसिंह देवलाई कान्तिपुरको श्रीपेच पहिराइदिए। यी राजाले पछि केही वर्षका लागि ललितपुरका शासन पनि सम्हालेका थिए। आफ्नो नाममा मल्ल नलेख्नु दोलखाको खासगरी भीमेश्वर पूजा-आजाको लागि भेडपु ठूलो गुठीको व्यवस्था गरी दोलखापैतिको लगाव ज्यादा दर्शाउनु, उनीपछि राजा भएका जगज्जय मल्लले महीन्द्रसिंह देवले तोकेका स्थानीय उत्तराधिकारी नीलनारायण देवको प्रभुत्व स्वीकार नगरेकोले नीलनारायणले भक्तपुरको राजाको आडमा साँखुतिरबाट असफल आक्रमण गर्नु र कैदमा पर्नु जस्ता घटनाले पनि उनी दोलखाकै थिए कि ? जगज्जय मल्ल, जयप्रकाश मल्लका पालामा अभिलेख आन्तरिक विप्लवको कारणले जय प्रकाश मल्लको शासन कमजोर भै दोलखाको शासन भक्तपुरको राजा रणजीत मल्लको हात पर्दा उनी स्वयं नेसं. ८७५ विजयादशमीमा छोरा र रानी सहित दोलखा गई भीमेश्वर मन्दिरमा घण्टा चढाएको अभिलेख प्रष्ट छ। यस प्रकारका मल्लकालसम्ममा दोलखामा शिलालेख, अभिलेख, ताम्रपत्र, ताडपत्र, सनदपत्र, चिठीपत्रमा राजकीय आदेश, लोक व्यवहारका अंशवण्डा पत्र, तमसुक, किनवेच, चिठीपत्रमा नेपाल सम्बत नै व्यवहृत छ। दोलखामा प्राप्त थ्यासफू (ऐतिहासिक घटनावली) नेसं. ७२१ देखि ७५० सम्म पनि नेस. नै छ। ललितपुर मन्त्रसिद्धि महाविहारमा पाइएको थ्यासफूमा नेसं. ८९१, ८९२ का विभिन्न मिति थितिमा दोलखा गई त्यहाँ अवस्थित सिम्भु चैत्यहरू जीर्णोद्धार गरी पूजाआजा गरेको बयान छ। यसै गरी प्रताप मल्लको पालामा लेखिएको स्तवार पुस्तक (नेसं.७७५), हितोपदेश (नेसं.८११) बेताल कथा (नेसं.८३१), नेवा अनुवाद सहितको चाणक्य सारसंग्रह नेसं. ८८८ आदि हस्तलिखित ग्रन्थहरूमा फेरी नेसं. उल्लेख छ।

वि.सं. १८११ (नेसं.८७५) मा नेपाल एकीकरणको सन्दर्भमा पृथ्वीनारायण शाहले दोलखाका स्थानीय प्रशासकलाई हामीसँग मिल्न आओ, रक्षा हामी गरिदिन्छु नत्र बल प्रयोग गर्नु पर्ने भन्न भाखाको पत्र पठाए। हुनत यस बेला वा यस अरणजी मल्लले र जय प्रकाश मल्लले छुट्टाछुट्टै पत्र पठाई आफूलाई राजा मान्न आग्रह गरेका पत्रहरू पनि पाइएका छन्। जसमा तिथि मिति छैन। दोलालघाट काजी तुलाराम पाण्डेसित दोलखाका स्थानीय प्रशासकहरूले सम्झौता गरी नेपालभर पूर्णतः विलिन गराइयो। तत्पश्चात दोलखामा शक सम्वत् र विक्रम सम्वत् प्रचलन भएको देखिन्छ। तथापि वि.सं. १८२७ (नेसं. ८९१ को छोडपत्र वि.सं. १८८७ (नेसं. ९५१) मा भक्तपुरका भक्तजनले भीमेश्वर मन्दिरमा चढाए। घण्टामा नेपाल सम्वत् नै उल्लेख भएबाट शाककालीन अवस्थामा पनि लोक व्यवहार नेपाल सम्वत्को उपयोग गरिएको देखिन्छ। ●

नेपाल सम्वत् राष्ट्रको निधि

–● सुभाषराम ●–

नेपाल सम्वत् नामैले राष्ट्रियताले भरिपूर्ण र हरेक नेपालीले गौरव साथ आत्मसात गर्न सक्ने सम्वत् हो। राष्ट्रको नामले प्रचलित भएर मात्र होइन अपिल यसको प्रयोगको व्यापकता, ऐतिहासिक र सांस्कृतिक प्रचलनल यसको महत्त्व अझ बढाएको छ।

जयदेव द्वितीयपछि लिच्छविवंशका अन्तिम राजा मानदेव चतुर्थसम्मको १४७ वर्षको समयावधिका ऐतिहासिक सामग्री नपाइएकाले यो समयलाई नेपाली इतिहासमा अन्धकारमय समय भन्ने गरिन्छ। लिच्छवि शासनकालपछि ठकुरी वंशीय शासनकाल सुरु भएपछि तत्कालीन पाटनका राजा राघवदेवका पालामा (तत्समय हालको काठमाडौं क्षेत्रसमेत पाटन राज्यमा समाविष्ट थियो) एक नयाँ सम्वत्को प्रादुर्भाव भएको देखिन्छ। यस कुरालाई गोपालराज वंशावलीमा यसरी उल्लेख गरेको पाइन्छ।

राजा श्री राघवदेव वर्ष ३ मास छ
श्री पशुपति भट्टारके सम्वत्सर प्रवृतिकृता

राघवदेवको पालमा एक साधारण जनताबाट स्थापित भएर पनि होला, सुरुका वंशावली र अभिलेखहरूमा यस सम्वत्का प्रणेतालाई त्यति महत्व दिएन। आफ्नो सम्पूर्ण धन जनताको उद्धार कार्यमा खर्चेर जनतालाई मुक्तिको श्वास फेर्न लगाउने र नयाँ सम्वत्सर प्रचलनमा ल्याउने ती व्यक्ति शंखधर साख्वाः थिए। शताब्दीयौंदेखि जनश्रुतिबाट अमर रहेका ती नायक नेपाल सम्वत् ८२७ का अभिलेखमा “शंख्वा’ नामले देखा परे। भूपतीन्द्र मल्लको। शासनकालको नेपाल सम्वत् ८२७ को भक्तपुरको जेलाँ टोलस्थित एक शिलालेखमा ‘नेपाल

भाखा 'शंख्बा सम्वत्' उत्कीर्ण भएको छ। यिने शंखधरलाई शंख, शंख्वा, साख्वाः (सा- गाई, ख्वाः- अनुहार), साख+वाल साख्वाल (शाखको कारोवार गर्ने) आदि नामले चिनाउने प्रयास भएका छन्। यिनलाई वंशावलीमा कही व्यापारी, कहीं शुद्र त कहीं कुम्हाल, ज्यापु वा गोपाल आदिका रूपमा देखाइएको छ। महत्वपूर्ण कुरा न उनको कीर्ति हो, जुन नेपालको इतिहास र संस्कृतिबाट अभिमाज्य छ र भई नै रहनेछ।

नेपाली इतिहासमा मुख्यतः चारवटा सम्वत् चल्तीमा आएको देखिन्छ। ती हुन- अघिल्लो लिच्छवि सम्वत्, पछिल्लो लिच्छवि सम्वत्, नेपाल सम्वत् र विक्रम सम्वत्। सुमतितन्त्र ग्रन्थअनुसार नेपाल सम्वत्मा ८०२ अंक जोडेमा त्यो शक सम्वत् बन्छ भनिएको छ। यही आधारमा अघिल्ला लिच्छवि सम्वत्लाई शक सम्वत् मानिएको छ। यस्तै पहिलो सम्वत् मानदेव द्वितीयको नामबाट प्रचलित मानदेव थियो। त्यस्तै पाटनको मंगलबजार कृष्ण मन्दिर अगाडिको ढुंगेधारामा उत्कीर्ण गरिएको 'ॐ सम्वत् माता' लाई नेपाल सम्वत् नै भनी किटान गरिएको सर्वप्राचीन नमूना भने एस के सरस्वती (कलकत्ता) को संग्रहमा भएको 'अप्ट सहस्रिका पारमिता ग्रन्थ मानिएको छ, जसमा नेपाल वत्सरे १४८ प्रगत माघ शुक्ल दशम्यो भनि तिथि उल्लेख भएको छ। यसपछिका अभिलेखहरूमा यो सम्वत्लाई श्रयस्तु सम्वत्, नेपालाब्द, नैपालीक सम्वत् नेपाल भाखा सम्वत् आदि उल्लेख गरिएको पाइन्छ।

नेपाल सम्वत्को उत्पत्ति क्षेत्र नेपालमण्डल (काठमाडौं खाल्डो) भए पनि यसको प्रयोग यही मात्र सीमित भएको भने देखिन्न। नेपालको पूर्वी उदयपुर जिल्लादेखि पश्चिमका मगरात, गुल्मी, प्यूठान, लम्जुङ आदि ठाउँका हस्तलिखित ग्रन्थादीमा नेपाल सम्वत् व्यापक प्रयोग भएको पाइन्छ। नेपालमा मात्र नभई यसको प्रयोग भारत र तिब्बत, चीनमा पनि भएको प्रमाण महाचीनका मिङवंशी राजा तायिमिङदले बनेपाका शासक शक्ति सिंहरामलाई नेपाल सम्वत् ५३५ आषाढ शुल्क दशमी मिति उल्लेख गरी पठाएको फरमान पत्र, भारत कुच विहारका राजा प्राणनारायणले नेपाल सम्वत् ७५३ उल्लेख गरी निकालेको सुवर्ण मुद्रा, शाहवंशीय राजा प्रतापसिंहको पालामा भएको नेपाल सम्वत् ८९५ उल्लेखित भोटसितको सन्धिपत्र आदि हुन्।

नेपालमा प्रयोगको हिसाबले सबैभन्दा कान्छो सम्वत् विक्रम सम्वत् राणा शासनकालमा सन् १९०३ मा श्री ३ चन्द्रशमशेरको शासनकालमा मात्र सरकारी प्रयोजनमा भित्रिएको सम्वत् हो। प्रयोगको गन्तिले यस सम्वत्को सरकारी प्रचलन १०० वर्ष पनि भएको छैन। फेरी यो सम्वत् ईस्वी सम्वत्जस्ता अन्तर्राष्ट्रिय प्रचलनमा रहेका सम्वत् पनि होइन र नेपालको मौलिक सम्वत् पनि होइन।

माथि वर्णित लिच्छवि सम्वत् र नेपाल सम्वत् नेपालका मौलिक सम्वत्हरू हुन्।

लिच्छवि सम्वत्को तुलनामा ऐतिहासिक र सांस्कृतिक दृष्टिले नेपाल सम्वत् अत्यन्त महत्वपूर्ण छ। नेपाली इतिहासमा लिच्छवि सम्वत् जम्मा ८०० वर्षसम्म चलेको देखिन्छ भने नेपाल सम्वत् ८८८ वर्षसम्म राज्यस्तरमा र ११४६ सम्म अटुट रूपमा नेपाली जनजीवनमा चली नै रहेको छ। लिच्छवि सम्वत् वर्तमानमा प्रचलनमा रही नरहेको सम्वत् हो भने नेपाल सम्वत् हालसम्म प्रचलनमा छ। नेपालमा हालसम्म भेटिएको शक सम्वत् अंकित शिलालेख सम्वत् १०७ को मालिगाउँ अवस्थित जयवर्माको शिलालेख हो। अंशुवर्माकालीन शक सम्वत् ५१५ देखि ५२६ सम्मका शिलालेखहरू भेटिएका छन्, त्यसपछि अंशुवर्माका सम्वत् २९ देखि ४५ सम्मका शिलालेखहरू पाइएका छन्, जसलाई इतिहासकारहरू मानदेव सम्वत्को संज्ञा दिन्छन। यस सम्वत्लाई अंशुवर्माले प्रचलनमा ल्याएको अंशुवर्मा सम्वत् हो भन्नेहरू पनि छन्।

लिच्छवि सम्वत्को सन्दर्भमा इतिहासविद् श्यामसुन्दर राजवंशीज्यूले अर्को कुरा प्रकाशमा ल्याउनुभएको छ। उहाँका अनुसार अंशुवर्माले प्रयोगमा ल्याएको सम्वत् २९ देखि मानदेव चतुर्थका ३०१ सम्मको सम्वत् कोही नयाँ सम्वत् नभई लिच्छवि सम्वत् ५०० पछि ५०० अंक छाडी संक्षिप्त रूपमा प्रचलनमा ल्याइएको लिच्छवि सम्वत् हो अर्थात् अंशुवर्माले प्रयोग गरेको २९ आदि सम्वत् ५२९ आदि हुन्। त्यस्तै मालिगाउँको सम्वत् १०७ को जयवर्माको अभिलेख, चाङ्गुको सम्वत् ३८६' को मानदेव प्रथमको अभिलेख आदि पनि शक सम्वत् नभई लिच्छवि सम्वत् नै हुन्। यस अनुरूप माथि भनिएका शक सम्वत् (जुन ५०० वर्ष जति प्रचलनमा रह्यो) र मानदेव सम्वत् (जुन ३०० वर्ष जति प्रचलनमा रह्यो) दुवै एउटै सम्वत् हुन्। यो सम्वत्लाई अहिले लिच्छवि सम्वत् संज्ञा दिइएको छ। यस हिसाबले नेपालमा तीनवटा मात्र सम्वत् देखिन्छ- लिच्छवि सम्वत्, नेपाल सम्वत् र विक्रम सम्वत्। उल्लेखित लिच्छिवि सम्वत्, शक सम्वत् भन्दा १७ महिना पहिले सुरु भएको प्रमाणित गरिएको छ।

लिच्छविकालका अभिलेखहरूमा सम्वत् उल्लेख गर्दा सम्वत्को नाम उल्लेख नगरी 'सम्वत्' शब्द र संख्या मात्र उल्लेख गरिएको पाइएको छ। हालसम्म कुनै पनि अभिलेखमा लिच्छवि सम्वत् भनी उल्लेख गरेको पाइएको छैन। यस सम्वत्को उत्पत्ति र प्रवर्तकका बारेमा हालसम्म केही थाहा पाउन सकिएको छैन।

माथि वर्णित लिच्छवि सम्वत् ८०३ पुग्दा नेपाल सम्वत् सुरु भएको देखिन्छ। नेपाल सम्वत् सुरु भएको दिन सन् ८७९ अक्टोबर २० हो भनी किलहर्नले पत्ता लगाएका छन्। पाटन दवाः बहालको अष्ट सहस्रिका प्रज्ञापारमिता पुस्तकमा उल्लेख भएको 'वि सम्वत्' लाई नेपाल सम्वत् १ (एक) हो भन्ने तर्क पनि रहँदै आएको कुरा डा. चुन्दा बज्राचार्यज्यूले उल्लेख गर्नुभएको छ। यदी यो गलत नभएमा यो नै नेपाल सम्वत् अंकित सर्वप्राचीन अभिलेख हो। जुन नेपाल सम्वत् उत्पत्तिको प्रथम प्रयोग भएको हालसम्म पनि प्रचलनमा नै रहेको छ। ●

बौद्ध दृष्टिमा राष्ट्रिय विभूति साख्वाः

–● भिक्षु सुदर्शन ●–

बोधिसत्वका विभिन्न चर्याहरूमा दान (त्याग)को पहिलो स्थान छ। जातकीय चर्याहरू र स्वयं बुद्धको समयका चर्याहरू यसका उदाहरण हुन् । सिद्धार्थले महाभिनिस्क्रिमण गर्नुभयो । विपुल वैभवशाली यशकुमार 'हा संतप्त' भन्दै शान्तिको खोजीमा वन जंगल भट्कँदै केही महिनाअगाडिमात्र बुद्धत्व पाउनुभएका भगवान् बुद्ध कहाँ पुगेर उनले शान्ति पाए । भद्र कापिलायन दम्पतीको कथा पनि यस्तै छ । यसको मूल हेतु त्यसबेलाको धार्मिक, सामाजिक र आर्थिक विसंगतिपूर्ण संरचनाबाट विरक्त भएर जनतामा आएको चेतना हो । बुद्धको शील, समाधि र प्रज्ञाको सदाचार, मानिसको मनमा ल्याउने शान्ति र सम्यक् दृष्टि त्यसबेलाको धर्म र संस्कारले सम्हाल्दै आएको हिंसा, उत्पीडन, शारीरिक संक्लेश, असमानता, वरदानवाद, अभिशाप (श्राप) वादकै कारणबाट उब्जेको हो । बौद्ध दर्शनअनुसार जुनसुकै विचार-प्रवाह, अथवा घटनाक्रममा हेतु हुन्छ। हेतुको सम्यक् पहिचानबाट सत्यतथ्यको नजिक हामीलाई पुऱ्याइदिन्छ। राष्ट्रिय विभूति शंखधर साख्वाःको नेपालको ऋणमोचन र नेपाल सम्वत्‌को प्रवर्तकमा पनि हेतुवादको आधारमा अध्ययन-अन्वेषण हुनु जरुरी छ।

इसाको नवौं शताब्दीको शुरुदेखि विशेषतः ७० वर्षीय आचार्य भिक्षु शान्तरक्षितको धर्म प्रचारको चारिकाकालदेखि नालंदा-नेपाल मण्डल-सैरेश (तिब्बत) बीचको धार्मिक, सांस्कृतिक र आर्थिक क्षेत्रमा बोधिसत्व चर्याको ठूलो प्रभाव रहेको छ। यो प्रभाव अत्यन्त गतिशील पनि थियो। आचार्य कमलशील, ज्ञानेन्द्र र श्रीज्ञानजस्ता बौद्ध भिक्षुहरूको प्रयासबाट नेपालमण्डल र सैरेशमा अरूको हितको लागि तन, मन र धन यहाँसम्म कि

हातमा आएको मोक्षसमेत त्याग्ने बोधिसत्व आदर्श फैलिरहेको थियो। सैरेशको धार्मिक राजा खि-सोङको उत्तराधिकारी मु-नि-बचन-पोमा बोधिचित्तको ठूलो प्रभाव परेको थियो। ऋणी भएर शोषण र पीडा भोगिरहेका र गरिवीमा पिल्सिएका उनको हृदय विह्वल भयो। प्रजालाई यस दुःख-पीडाबाट मुक्ति दिन उनले राज्य धनको वितरण गर्नु एउटा बाटो देखे। एकपछि एक गरेर तीनपटकसम्म उनले धनको समवितरण गरे। यो कार्य भारतका राजा हर्षबर्द्धनको प्रति पाँच वर्ष सम्पूर्ण राज्य कोष जनतामा दान गर्नुभन्दा केही फरक जरुर छ, तर बौद्ध संस्कारमा तात्विक अर्थमा फरक छैन। मु-नि-बचन्-पोको यस राज्यको धन गरीब प्रजामा वितरण राहुल सांस्कृत्यायनको शब्दमा ८४५/६५ इस्वीको आर्थिक साम्यवादको प्रयोग हो।

हाम्रै देशको दासप्रथा उन्मूलन र हालैको कमैयाप्रथा उन्मूलनमा कार्य पद्धति भिन्नता भएजस्तै त्यसबेलाको गरिबी-मुक्ति र ऋण-मुक्ति पद्धतिमा केही भिन्नता हुनु स्वाभाविकै छ।

मु-नि-वचन्-पोको इ. ८४५/४६ को यस गरीब जनतामा धन वितरण वा ऋण-मोचनको ठीक ३३/३४ वर्षपछि साख्वाःबाट नेपालमण्डलका नेपालीको जनताको ऋण मोचन कार्य भएको छ। नेपाल र तिब्बतको त्यसबेलाको धार्मिक, सास्कृतिक र आर्थिक सन्निकटताको सन्दर्भमा मलाई लाग्दछ, मु-नि-बचन्-पोको उदाहरण र बोधिसत्व चर्याको आदर्शबाट साख्वाःको ऋण-मोचन कार्यमा अभिप्रेरणा भए कुनै आश्चर्य मान्नुपर्ने छैन।

अर्को एक विचारणीय कुरा छ, साख्वालाई शूद्र महाजन भनिने कथन अशोकजस्ता राजालाई पनि शूद्र भनेको छ। बौद्ध वाङमयले वर्णन गरेको बौद्ध प्रशस्ति 'देवानाप्रिय'लाई 'देवानाप्रिय इति च मूर्ख' (देवताप्रियको अर्थ हो मूर्ख) भनी आएको छ। यस्तै नै बोधिसत्व चर्या गर्ने ऋणी भएर शोषित, पीडित र दुखित भएका जनताको ऋण तिरिदिने साख्वालाई पनि पहिले शूद्र भने। अनि पछि यो श्रेय राजामा समर्पित गर्ने प्रयत्न गोपालवंशावली पुनर्लेखन गर्नेबाट भए।

साख्वाः वा साख्वाल शब्दको अभिलेख प्रमाण अहिलेसम्म पाइएको मलाई थाहा छैन। साथै भाषाशास्त्रको दृष्टिकोणबाट ऐतिहासिक समीक्षा गर्ने कार्य पनि बाँकी नै छ। तर पनि यहाँ एउटा कुरा विचारणीय छ। आफ्नो सन्तानको आयु लामो, गर्न विशेषतः अल्पायुमा नै आफ्नो छोरो मर्न नपरोस् भनेर आफ्नो छोरो निम्न जातिकालाई दिने जो बच्चा हुर्केपछि केही पैसा दिईकन फिर्ता लिने गर्दछ। अथवा नराम्रो नाउँ राख्ने एक प्राचीन परम्परा छ। बौद्ध, गृहस्थहरूको आचार-शास्त्र 'गृहीविनय'को उपदेश बुद्धले सिंगारपुत्रलाई नै दिनु भएको हो। सिंगारपुत्र (श्रृंगारपुत्र) को अर्थ हो, स्यालको छोरो।

यसले साख्वाःको ऋणमोचन कार्यमा बोधिसत्वको आदर्श चरितार्थ भएको छ। अनि जनताको ऋण मोचनपछि पाएको पुण्यबाट पनि जगतकै प्राणीको उद्धार होस् भनेर शंख लिई अर्घ गरेको ठहर भए कुनै आश्चर्य छैन।

बोधिसत्व चर्यामा ‘अहम्’लाई स्थान छैन। त्यहाँ नाम, रूपको मोह हुँदैन। आत्मश्लाघाबाट मुक्ति र स्वनिरपेक्ष गुणको अनुकरण बोधिचर्याको अर्को विशेषता हो। यसैकारण बोधिचर्या अनुयायी शंखधर साख्वाले आफ्नो नाउँको वा जातिको सम्वत् चलाउनुभएन, ‘देशको नाउँबाट नेपाल सम्वत् चलाउनुभयो। ●

नेपाल सम्वत् साङ्गठनिक आन्दोलनमा - पद्मरत्न

–● ज्ञानराम श्रेष्ठ ●–

“मेरो जन्म मृत्युको विरुद्ध युद्धको एक घोषणा हो। आजसम्म म यही न्याय र सत्यताका लागि गरिरहेको युद्धमा व्यस्त छु।”

नेपालको राजनीतिक, सामाजिक सांस्कृतिक, मानवाधिकार, आदिवासी जनजाति, नेपालभाषा, नेपाल सम्वत् र नेवार आन्दोलनका एक “रत्न” पद्मरत्न तुलाधरले लेख्नुभएको आफ्नो पुस्तकमा यस वाक्य कोर्नुभएको थियो। “रत्न”- अर्थ हीरा, मोती, मुगा, नीर, मणि, सुन, चाँदी आदि। यस्तो “रत्न” को खानी भनेको कम मात्र हुने गर्दछ। नेपालका यस्ता “रत्न”- पद्मरत्नको उक्त पुस्तकमा लेख्नुभएको अधिकांश अभिव्यक्त दर्शनशास्त्रलाई वैज्ञानिक रूपले विश्लेषण गर्ने हो भने सायद संसारका एक “रत्न” को रूपमा उहाँ पर्नुहुने छ। नेपालभाषाबाट लेख्नुभएकोले होला सो कृति त्यति चर्चामा आउन सकेन। यदि अङ्ग्रेजी भाषामा अनुवाद गरी सो कृति संसारका पाठकसामु पुऱ्याउन सके पद्मरत्न “संसारका रत्न”को रूपमा स्थापित हुने विश्वास गर्न सकिन्छ। त्यसको मतलब पद्मरत्न अधिकारमुखी आन्दोलनबाट संसारका अधिकांश राष्ट्रमा प्रख्यात नै छन्। तर उहाँको अधिकांश लेख, पुस्तक अभिव्यक्त, मौनता, रोदन, सङ्घर्षको नेतृत्व आदिका पाइलाहरूलाई विज्ञहरूबाट स्वतन्त्र रूपमा विश्लेषण गर्नुभयो भने यथार्थमा सार रूपमा “संसारका मानवको जन्म मृत्युको विरुद्ध युद्धको एक घोषणा हो।”

पद्मरत्न तलाधरले आफ्नो कृतिमा कोर्नुभएको अभिव्यक्त उहाँको ६० वर्षभन्दा बढी अधिकारमुखी आन्दोलनको अनुभव हो। उहाँले गर्नुभएको आन्दोलन मध्ये एउटा

आन्दोलन- नेपाल सम्वत् आन्दोलन पनि हो । नेपालमा राणा शासन विरुद्ध भएको भाषिक आन्दोलन आजसम्म पनि जारी नै छन् । नेपालभाषालाई राणाकालमा व्यापक दमन गऱ्यो भने पञ्चायत काल पनि त्यसले निरन्तरता पायो । जुन दमनको विरोधमा आजसम्म पनि नेवार समुदायले आन्दोलन जारी नै राखेका छन् । त्यसताका पञ्यायती सरकारले नेपालभाषाको आन्दोलनलाई व्यापक दमन गरेको थियो । नेपालभाषाको अधिकारमुखी आन्दोलनलाई व्यापक दमन भएपछि आन्दोलनलाई व्यापक बनाउन पद्मरत्नलगायत नेवार नेताहरूले नेपाल सम्वत्को नयाँ वर्षमा शुभकामना (“भिन्तुना”)को माध्यमबाट नेपाल सम्वत् ११०० मा आन्दोलनको उद्घोष गर्नुभएको थियो । पञ्चायत कालमा राजनीतिक दलहरू प्रतिबन्ध भएको कारण साङ्गठनिक रूपमा भेला, सभा सम्मेलन आदि अधिकारको आवाज उठाउन संभव थिएन । त्यस्तो दमन बाबजुद पद्मरत्न तुलाधर उनका शिक्षक भाषासेवी प्रेमबहादुर कंसाकारलगायत नेताहरूले “भिन्तुना” आन्दोलन शुरुवात गर्नुभयो ।

आजभन्दा ११४५ वर्ष अगाडि शङ्खधर साख्वाले नेपालमा ऋणमा डुबेका नेपालीहरूको ऋणमोचन गरी नेपाल सम्वत् स्थापना गर्नुभएको थियो । नेपाल सम्वत् मल्लकालमा व्यापक प्रयोग भए पनि राणाकालमा यस सम्वत्लाई विस्थापन गर्न भारतका विक्रमादित्यले स्थापना गरेको विक्रम सम्वत्लाई प्रचलनमा ल्यायो । उक्त कदमप्रति चित्त बुझाउन नसेकेर त्यसताका पनि अग्रजहरूले राणाकालमा पनि नेपाल सम्वत्लाई प्रतिस्थापन गर्न आन्दोलन गर्नुभएको थियो । यस आन्दोलन विशेष गरी उपत्यकामा केन्द्रित भएकोले यसको नेतृत्व नेवारहरूले नै गरे । नेपालमा राणा विरोधी आन्दोलन २००७ सालमा सफल भई प्रजातन्त्र आयो । तर नेपाल सम्वत्लाई अङ्गिकार गर्ने सवालमा राजनीतिक नेतृत्वले चासो दिनुभएन । २०१७ सालमा राजा महेन्द्रले पञ्चायत व्यवस्था लागू गरेपछि राजनीतिक, भाषिक, सामाजिक, सांस्कृतिक आन्दोलनयलाई व्यापक दमन शुरु भयो । दमनको विरोधमा पद्मरत्न तुलाधरलगायतका नेताहरूले नेपाल सम्वत्को नयाँ वर्ष शुरु हुने कछलाथ्व पारुका दिन नयाँ वर्षको उपलक्ष्यमा शुभकामना आदानप्रदान गर्न नेपाल सम्वत् ११०० मा सार्वजनिक रूपमा “भिन्तुना” जुलुसको आयोजना गर्ने ऐतिहासिक निर्णय नेपालभाषा मंकाः खलः काठमाडौँबाट घोषणा गरियो । त्यस बेला खलःका अध्यक्ष पद्मरत्न तुलाधर नै हुनुहुन्थ्यो । नेपाल सम्वत्का साङ्गठनिक आन्दोलनको शुरुवात सोही दिनदेखि शुरु भयो र आन्दोलनको नेतृत्व पनि पद्मरत्नले नै गर्नुभयो । नेवार समुदायको अधिकारमुखी आन्दोलनलाई सांस्कृतिक रूपबाट चेतनास्तर माथि उठाउन आह्वान गरेको शुभकामना आदानप्रदान ऱ्याली काठमाडौंको थँहितिस्थित श्रीघः विहारबाट शुभारम्भ गरी सोही स्थानमा नै समापन गर्ने योजना बनाइएको थियो । तर न्हूदँको “भिन्तुना”

आदानप्रदानको सांस्कृतिक जुलुसमा व्यापक रूपमा नेवार नेता कार्यकर्ताहरू सहभागी हुँदा सोही स्थान सानो महसुस भयो । साथै नेपालभाषा मंकाः खलः काठमाडौँको “भिन्तुना” आदान प्रदानको प्रभाव काठमाडौंका साथै ललितपुर, भक्तपुर, थिमिसम्म पनि विस्तार भै सांस्कृतिक अभियानको शुरुवात भयो । नेपाल सम्वत्को नयाँ वर्ष मनाउन

उपत्यका तीन जिल्लामाा विभिन्न संघसंस्था, खलः पुचः र क्लब स्थापना गरी नेपाल सम्वत्-लाई राष्ट्रिय मान्यता मान्यता दिलाउन पञ्चायत सरकारलाई व्यापक दवाव दिने कार्य भयो । पञ्चायती सरकारलाई व्यापक दवाव महसुस भएपछि सरकारले नेपाल सम्वत्का नाउँमा हुने सांस्कृतिक आन्दोलन र कार्यक्रममा समेत प्रतिबन्ध गर्ने प्रयास भयो । तर पटक पटकको दमन बाबजुद पनि नेपाल सम्वत्को आन्दोलन उपत्यकालगायत उपत्यका बाहिर विराटनगर, विरगञ्ज, पोखरा आदि स्थानमा विस्तार र सशक्त हुँदै गयो । सोही नेपाल सम्वत्को साङ्गठनिक आन्दोलनको नेतृत्व पनि पद्मरत्न तुलाधरले गर्नुभयो ।

शङ्खधर साख्वाः कसरी सार्वजनिक भयो

नेपाल सम्वत्को साङ्गठनिक आन्दोलनको शुरुवात ने. सं ११०० शुरु भएपनि नेपाल सम्वत्का प्रवर्तक को हो भन्ने चर्चा पनि शुरु भयो । नेपालमा प्रयोगमा रहेको विक्रम सम्वत् भारतका विक्रमादित्यले स्थापना गरेको प्रचलनमा ल्याउनु भनेको राष्ट्रियतामाथिको हस्तक्षेप हो त्यसकारण नेपालमा प्रादुर्भाव भएको नेपाल सम्वत् नै व्यवहारमा प्रयोगमा ल्याउन सकेमा राष्ट्रियता बलियो हुने बहस शुरुभयो । सो बहस बीच नेपाल सम्वत्का प्रवर्तक शङ्खधर साख्वाःको तथ्य बाहिर आउन थालियो । तर शङ्खधर साख्वाःको हुन ? उनी कहाँका हुन ? उनको अनुहार कस्तो रह्यो भन्ने चर्चाका बीच अन्वेषक एवं इतिहासविद् भूवनलाल प्रधानले नेपाल सम्वत् प्रवर्तक शङ्खधर साख्वाः नै हुनुहुन्थ्यो, उनको ऐतिहासिक प्रतिमा पशुपति मन्दिरको दक्षिणपट्टि रहेको छ भन्ने तथ्य प्रमाण फेला पार्नुभयो । सो प्रमाण शङ्खधरको प्रतिमा कसरी सार्वजनिक गर्ने विषयमा पनि पद्मरत्न तुलाधर अध्यक्ष रहनुभएको नेपालभाषा मंकाः खलः काठमाडौँभित्र बहस शुरु भयो । त्यसबेला नेता तुलाधर र खलःका सचिव मल्ल के. सुन्दरबाट साङ्गठनिक रूपमा एउटा निर्णय गरी नेपाल सम्वत्का प्रवर्तक शङ्खधर साख्वाः हो र उनको प्रतिमा तस्वीर राखेर नेपाल सम्वत्को क्यालेण्डर प्रकाशन गर्ने जिम्मेवारी ल्यायूम्ह पुचः थिमिलाई दिइयो ।

ल्यायूम्ह पुचः थिमिलाई शङ्खधर साख्वाःको तस्वीर राखेर क्यालेण्डर प्रकाशन गर्ने जिम्मेवारी पाएपनि शङ्खधर साख्वाःको तस्वीर पशुपति भित्रमा पुगेर कसरी खिच्ने भन्ने विषयमा थप चुनौति थपियो । नेपाल सम्वत्का प्रवर्तक शङ्खधर साख्वाः पशुपति मन्दिरको दक्षिणमा छ भनी थाहा पाएपनि फोटो खिच्ने संभावना भएन । त्यसताका सार्वजनिक

रूपमा समूह समूह भै भेला हुन पाउने प्रतिबन्धको अवस्था। तर पुचःका साथीहरूले पञ्चायती दमनको बाबजुद चुनौतिलाई सामना गरी कलाकार वत्सगोपाल बैद्यबाट शङ्खधर साख्वाःको तस्वीर स्केच गर्ने कार्य सम्पन्न भयो। पुलिस दमनको पनि सामना गरी शङ्खधर साख्वाःको स्केचलाई नेपाल सम्वत् ११०८ (२०४५) को क्यालेण्डरमार्फत सार्वजनिक भयो।

पञ्चायत व्यवस्था परिवर्तनमा नेपाल सम्वत्

पद्मरत्न तुलाधरले अभिव्यक्त गर्नुभएको छ कि- "मानिसलाई आवश्यक थयार्थ, न्याय, अधिकार र स्वतन्त्रता खातिरका लागि मैले युद्धको परिचालन गरिरहेको छु।"

पञ्चायत कालमा राजनीतिक पार्टी प्रतिबन्धित भएको अवस्थामा प्रतिबन्धित पार्टीको सङ्गठन विस्तार र कार्यकर्ता परिचालन साऱ्है कठिन कार्य थियो। नेपाल सम्वत् को सांस्कृतिक अभियानले नेपालका प्रमुख राजनीतिक पार्टीहरूले "भिन्तुना" आदान प्रदान मार्फत भेला हुने, सङ्गठन विस्तार र राजनीतिक चेतनास्तर माथि उठाउने कार्य गरेका थिए। नेपाल सम्वत्को सांस्कृतिक आन्दोलन देशभर विस्तार र विकास हुँदै आखिर पञ्चायती व्यवस्था परिवर्तनमा समेत नेपाल सम्वत् आन्दोलनको प्रभावले भूमिका खेल्यो। राजनीतिक दलका नेताहरूले पनि नेपाल सम्वत्को नयाँ वर्षको सांस्कृतिक जुलुसमार्फत पार्टीको सन्देश जनतासामु पुऱ्याउने काम भयो। अन्तत २०४६ सालमा पञ्चायती व्यवस्था अवसान भई बहुदलीय प्रजातन्त्र प्रादुर्भाव भयो।

नेपाल सम्वत् अभियानमा प्रधानमन्त्री

२०४६ सालको राजनीतिक परिवर्तनपछि नेपाल सम्वत्को साङ्गठनिक आन्दोलनमा नेपाल सरकार पनि क्रमबद्ध रूपमा सहभागी गराउन नेता पद्मरत्नले भूमिका खेल्नुभयो। २०४६ सालमा प्रजातन्त्र आएपनि नेपाल सम्वत्को विकास र विस्तार भै नसकेको अवस्थामा नेपाल सम्वत्को साङ्गठनिक आन्दोलनका नेता तुलाधरले सरकारका प्रधानमन्त्रीलाई नेपालभाषा मंकाः खलः काठमाडौंको आह्वानमा नेपाल सम्वत्को नयाँ वर्षको अवसरमा वसन्तपुरमा आयोजना हुने सार्वजनिक कार्यक्रममा प्रमुख आतिथ्यता गराउने नीति अङ्गिकार गरियो। सोही नीति कै आधारमा प्रजातन्त्रपछि बनेको सरकारका प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईलाई प्रमुख आतिथ्यको रूपमा आमन्त्रण गरी नेपाल सम्वत् को अवसरमा "भिन्तुना" आदानप्रदान कार्यभयो। प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईबाट शुरु भएको यो अभियान प्रधानमन्त्रीहरू मनमोहन अधिकारी, गिरिजाप्रसाद कोइराला, शेरबहादुर देउवा, माधवकुमार नेपाल, पुष्पकमल दाहाल, डा. बाबुराम भट्टराई, शुशिल कोइराला, केपी शर्मा ओलीले निरन्तरता दिइरहनु भएको छ।

शुभकामना दिने परम्पराका थालनी भएपनि नेपाल सम्वत्‌लाई सरकारले राष्ट्रिय मान्यता भने दिनुभएन। संयोगवश नेपाल सम्वत् ११२० (२०५६) मा ल्यायूम्ह पुचः थिमिको १५ औं स्थापना दिवसको अवसरमा प्रकाशित “ल्यायूम्ह” मध्यपुर थिमि चिनारी पुस्तकको विमोचन समारोहमा पाल्नुभएका नेपाली काङ्ग्रेसका सभापति गिरिजाप्रसाद कोइरालाले समारोहमा बोल्दै भन्नुभएको थियो- मैले नेपाल सम्वत्‌लाई राष्ट्रिय मान्यता दिलाउन पहल गर्ने छु। उहाँले बोल्नु भएको केही दिनमा नेपाल सम्वत् ११२० कछलाथ्व दशमी (२०५६)मा प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईको मन्त्रिपरिषदले नेपाल सम्वत्‌का प्रवर्तक शङ्खधर साख्वलाई “राष्ट्रिय विभूति” घोषणा गर्नुभयो।

सङ्क्रमणकालमा शङ्खधरको प्रतिमा

त्यसताका नेपालमा २०५२ सालदेखि माओवादी द्वन्द्व चलिरहेको ६ वर्ष पुगेको थियो। द्वन्द्व बीच पनि नेपाल सम्वत्‌को आन्दोलनले भने आफ्नो गति लिइरह्यो।

सरकारले शङ्खधर साख्वालाई “राष्ट्रिय विभूति” घोषणा गरेपछि मध्यपुर थिमि नगरपालिकाको बोर्ड बैठकले साख्वाःको प्रतिमा स्थापना गर्ने निर्णय गरी बजेट व्यवस्था गरियो। उक्त निर्णयअनुसार प्रतिमा स्थापना गर्न नगरपालिकाले जनस्तरलाई जिम्मेवारी दिइयो। जनस्तरलाई जिम्मेवारी दिइपछि नेपाल सम्वत् ११२१ (२०५८) मा राष्ट्रिय विभूति शङ्खधर प्रतिमा स्थापना गर्न जग राख्ने कार्य भयो। जुन समय भनेको माओवादी द्वन्द्वको कारण देशमा सक्रमण काल घोषणा भैरहेको थियो। त्यसबेलाका प्रधानमन्त्री शेरबहादुर देउवा हुनुहुन्थ्यो। तर पनि नेपाल सम्वत्‌को आन्दोलनले द्वन्द्वको परवाह नगरी तीन महिना भित्र जनस्तरबाट नेपाल सम्वत्‌का प्रवर्तक राष्ट्रिय विभूति शङ्खधर साख्वाःको प्रतिमा नेपाल सम्वत् ११२२ कछलाथ्व पारु (२०५८ मंसीर २)का दिन प्रधानमन्त्री शेरबहादुर देउवाले अनावरण गर्नुभयो भने शङ्खधर साख्वाःको प्रतिमामा माल्यार्पणको शुरुवात भयो।

सङ्क्रमणकालमा राष्ट्रिय विभूति शङ्खधर साख्वाःको प्रतिमा स्थापना गर्ने कार्यमा मात्र सीमित भएन २०६० सालमा सरकारबाट राष्ट्रिय विभूति शङ्खधर साख्वाःको प्रतिमा अङ्कित हुलाक टिकट पनि प्रकाशन भयो। त्यसबेला नेता तुलाधरले भन्नुभएको थियो- अव हरेक वर्ष नेपाल सम्वत्‌का प्रवर्तक शङ्खधर साख्वाःको प्रतिमामा मल्यापण गरी नेपाल सम्वत्‌को नयाँ वर्ष शुभारम्भ भएको सन्देश दिनुपर्दछ। त्यस माल्र्यापण कार्यक्रमको शुरुवात भने ने. सं ११२४ मा नेपालभाषा मंकाः खलःको अध्यक्ष रूपमा तुलाधरले नै गर्नुभयो। जनस्तरबाट थिमिमा प्रतिमा स्थापना गर्न गठित प्रतिमा निर्माण समिति भने ने.सं ११२५ (२०६२) देखि राष्ट्रिय विभूति शङ्खधर साख्वाः प्रतिष्ठान, थिमि भक्तपुरको नामबाट नेपाल सम्वत् र शङ्खधर साख्वाःको योगदानको बारे प्रचार प्रसार गर्ने कार्य

गरिरहनु भएको छ । यस प्रतिष्ठानका सल्लाहकारका रूपमा पनि पद्मरत्न तुलाधर रहनुभयो । नेता तुलाधरले नेपाल सम्वत् आन्दोलनको साङ्गठनिक नेतृत्व गर्नुभएकोले योगदानको कदर गरी ने. सं. ११३२ (२०६८) मा प्रतिष्ठानबाट “शंखधर सम्मान” प्रदान गर्ने निर्णय भयो । तर उक्त सम्मान उहाँले स्वीकार गर्नुहुन्छ या गर्नु हुन्न भने एउटा चिन्ता शुरु भयो । “शंखधर सम्मानु” को पत्र लिएर प्रतिष्ठानका अध्यक्ष श्यामकृष्ण मानन्धर र म उहाँको निवासमा पुग्यौ । २०६२/६३ को दोस्रो जनआन्दोलनपछि गठित गणतान्त्रिक सरकारले २०६७ सालमा राष्ट्रपतिबाट प्रदान गरिने नेपालरत्न र राष्ट्र गौरव पछिको सबैभन्दा अग्रपङ्क्तिको मानपदवीसमेत तुलाधरले बहिष्कार गर्नुभएको थियो । तर राष्ट्रपतिबाट प्रदान गरिने मानपदवी बहिष्कार गर्नुभएपनि प्रतिष्ठानको “शंखधर सम्मान” भने तुलाधरले स्वीकार गर्नुभयो । सो सम्मान प्रतिष्ठानद्वारा आयोजित ने.सं ११३२ (२०६८) समारोहमा प्रधानमन्त्री डा. बाबुराम भट्टराईले प्रदान गर्नुभयो ।

नेपाल सम्वत्लाई राष्ट्रिय मान्यता

पद्मरत्न तुलाधरले पटक पटक भन्नुहुन्थ्यो- “नेपाल सम्वत्लाई राष्ट्रियसम्वत्को रूपमा मान्यता दिनुपर्दछ भनी हामीले आवाज उठाएको वर्षौं भइसक्यो, सरकारले शङ्खधर साख्वालाई राष्ट्रिय विभूति घोषणा त गऱ्यो तर नेपाल सम्वत्लाई राष्ट्रिय मान्यता दिएको छैन ।” कतिपयले शङ्खधर साख्वालाई राष्ट्रिय विभूति घोषणा गर्नु नै नेपाल सम्वत्लाई मान्यता दिएको सरह हो भनी व्याख्या गरे । नेता तुलाधर भने त्यस कुरामा सन्तुष्ट हुनुहुन्न । त्यही क्रममा राजा ज्ञानेन्द्रले प्रधानमन्त्री शेरबहादुर देउवालाई वर्खास्त गरी शासन सत्ता आफैंले सम्हाले । नेपालमा माओवादी जनयुद्धसंगै राजनीतिक दलहरूले राज्य पुनर्संरचनासहीतको समावेशी लोकतन्त्र माग गरी दोस्रो जनआन्दोलन शुरु गरियो । २०६२/६३ नाममा चर्चित दोस्रो जनआन्दोलन चरम उत्कर्षमा पुग्यो देशमा लामो समय कर्फ्यु जारी भयो । उक्त कर्फ्यु तोड्ने कार्यमा मानवाधिकारवादी र नागरिक आन्दोलनका नेताका रूपमा तुलाधरले नेतृत्व गर्नुभयो । उहाँलगायत नेवाः देय् दबूका अध्यक्ष मल्ल के. सुन्दरसंगै धेरै मानवाधिकारवादी र नागरिक अगुवाहरूलाई महाराजगञ्जबाट गिरफ्तार गरी भक्तपुरको दुवाकोटस्थित सशस्त्र प्रहरी क्याम्पमा बन्दी अवस्थामा राख्नुभयो । उपत्यकामा नेवार नेता कार्यकर्ताहरू पनि आन्दोलनमा व्यापक सहभागिता जनाउँदै सडकमा प्रदर्शन गर्ने कार्यभयो । जेलमा नेपालभाषा मंका खलःका अध्यक्ष पद्मरत्न तुलाधर र नेवाः देय् दबूका अध्यक्ष मल्ल के सुन्दरले भेट गर्ने जिम्मेवारी नेपाल सम्वत्का अभियन्ताको रूपमा मैले निर्वाह गर्नुपर्ने भयो । त्यस बेला नेता तुलाधार र नेता मल्ल के. सुन्दरले राज्य पुनर्संरचना सहीतको समावेशी लोकतन्त्र सफल बनाउन जारी गर्नुभएको प्रेस विज्ञप्ति लिएर

म बाहिर आए। पत्रपत्रिकमा प्रेस विज्ञप्ति पुऱ्याउन गए। अन्ततः जनआन्दोलन सफल भइ लोकतन्त्र पनि आयो, अन्तरिम संविधान जारी भयो, गणतन्त्र स्थापना भयो। गणतन्त्रका प्रथम प्रधानमन्त्री पुष्पकमल दाहालले नेपाल सम्वत् ११२८ (२०६५) मा नेपाल सम्वत् लाई राष्ट्रिय सम्वत्को रूपमा मान्यता प्राप्त भयो। यस कार्यमा पनि पद्मरत्नको भूमिका महत्त्वपूर्ण रह्यो।

प्रमको लेटर प्याडमा र पाठ्यक्रममा नेपाल सम्वत्

गिरिजाप्रसाद कोइरालाले प्रधानमन्त्रीको हैसियतबाट सार्वजनिक रूपमा प्रधानमन्त्रीको लेटर पायूडमा नेपाल सम्वत् प्रचलनमा ल्याउने भनी घोषणा गर्नुभयो। पाठ्यक्रममा पनि समावेश गर्ने घोषणा गर्नुभयो। घोषणा कार्यान्वयन नभएपछि व्यापक रूपमा तुलाधरले प्रधानमन्त्री कोइरालाको आलोचना गर्नुभयो। अन्तत ने. सं. ११३१ (२०६७) मा नेपाल सम्वत् र शङ्खधर साख्वाःको बारेमा पाठ्यक्रममा समावेश भयो। देशका प्रधानमन्त्रीहरूले पनि नेपाल सम्वत्को नयाँ वर्षको उपलक्ष्यमा दिइने शुभकामना सन्देशमा नेपाल सम्वत्को तिथि प्रचलन शुरु भयो।

सरकारी कागजातमा नेपाल सम्वत्को प्रयोग

नेपाल सम्बतलाई सरकारले नेसं. ११२८ (२०६५ साल) मा राष्ट्रिय मान्यता दिए पनि यसको सरकारी प्रयोग भने भएको थिएन। त्यसमा नेता पद्मरत्न तुलाधारको चरम असन्तुष्टीका साथै पटक पटक नेपाल संम्बतलाई सरकारले किन प्रयोग गरेन ? भनी प्रश्न उठाएर रुनु भयो। त्यो रुवाईबाट निस्केको आँसुको दबाब सरकारलाई निरन्तर भईरह्यो। अन्ततः नेसं. ११४३ कछलागा आमै (२०८० कात्तिक २७ गते) प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड) नेतृत्वको नेपाल सरकारको मन्त्रिपरिषद् बैठकले २०८० कात्तिक २८ गतेदेखि शुरु हुने नेपाल सम्वत् ११४४ को उपलक्ष्यमा सबै नेपालीमा हार्दिक शुभकामना ब्यक्त गर्ने। नेपाल सम्वत् ११४४ देखि विक्रम सम्वत् उल्लेख गरिने सरकारी कागजातमा नेपाल सम्वत् समेत उल्लेख गर्ने निर्णय गऱ्यो। उक्त निर्णय भने नेता तुलाधरको जीवनमा देख्न पाउनुभएन। सोही निर्णय कार्यान्वयनको सवालमा अहिले राष्ट्रपति कार्यालय, उपराष्ट्रपति कार्यालय, प्रधानमन्त्री कार्यालय, गृहमन्त्रालय लगायत विभिन्न मन्त्रालयहरू, विभाग लगायतमा प्रयोगको ब्यापक भैरहेका छन्। कार्यान्वयन नभएका निकायमा अझै दबाबको खाँचो छ।

शंखधरको प्रतिमामा देश विदेशमा

नेपाल सम्वत्लाई सरकारले उल्लेख गर्ने ब्यापकता पाउने क्रमकै सिलसिलमा नेपाल सम्बतका प्रवर्तक शंखधर साख्वाःको प्रतिमा स्थानीय सरकार, जनस्तर, विभिन्न

संघसंस्थाले स्थापना गर्ने काम निरन्तता भइहरेको छ। शंखधर साख्वाःको प्रतिमा स्थापना गर्ने कार्य भनेको नेपाल सम्बतलाई ब्यापक प्रचार प्रसार नै थियो। यहि सिलसिलामा काठमाडौं महानगरपालिका मेयर विद्यासुन्द्यर शाक्य हुँदा शंखधर उद्यान (रत्नपार्क) मा पूर्णकद्को शंखधर साख्वाःको प्रतिमा स्थापना गर्‍यो। त्यसै गरी ललितपुर महानगरपालिकाका मेयर चिरिबाबु महर्जनले बुगमती, धापाखेल, हरिसिद्धि लगायत क्षेत्रमा प्रतिमा स्थापना गर्नुभयो। त्यसै गरी शंखधरको प्रतिमा साँखु, कीर्तिपुर, दोलखा, विराटनगर, बुटवल, पाल्पा, पोखरा, सिन्धुपाल्चोक, खोटाङ्ग, दमक लगायत दर्जनौं स्थानमा स्थापना भएको छ। विदेशको सवालमा अमेरिकाको बाल्टिमोरमा साख्वाःको प्रतिमा हरेक वर्ष नेपाल सम्बतको नयाँ वर्षमा माल्यार्पण गरी मनाउने कार्य भएको छ।

नेपाल सम्बतलाई राष्ट्रिय सम्बतको मान्यता दिलाउने, सरकारी कार्यमा प्रचलनमा ल्याउन लगाउने, शंखधर साख्वाःको प्रतिमा स्थापना आदि अभियानमा पनि पद्मरत्नको प्रत्यक्ष अप्रत्यक्ष योगदान बिर्सन नसक्ने भयो। त्यसकारण नेपाल सम्वत्को साङ्गठनिक आन्दोलनमा उहाँको योगदान भनेको उहाँले अनुभवको आधारमा ने. सं ११३२ मा लेख्नुभएको पुस्तकमा जस्तै- “मेरो जन्म मृत्युको विरुद्ध युद्धको एक घोषणा हो। आजसम्म म यही न्याय र सत्यताका लागि गरिरहेको युद्धमा व्यस्त छु। यस युद्धमा अवश्य पनि म नै जितिने छ - यही आशामा हो म बाँचिरहेको छु।”

नेता तुलाधरको भीमरथारोहणको अवसरमा प्रतिष्ठानद्वारा अयोजित ‘नेपाल सम्वत् आन्दोलनमा पद्मरत्न’ विषयक विचार गोष्ठीमा यो लेख प्रकाशन गरिएको हो। नेता तुलाधरको ने.सं. ११३८ कौलागा द्वादशी (२०७५ कार्तिक १८ गते आइतबार) का दिन निधन भएको थियो। तुलाधरको निधनपछि यो लेख ratopati.com र saralpatrika.com मा पनि प्रकाशित भयो। साथै यस पुस्तकका लागि केहि सम्पादन गरिएको छ। ●

(लेखक, श्रेष्ठ अनुभवी पत्रकार तथा राष्ट्रिय विभूति शङ्खधर साख्वाः प्रतिष्ठानका अध्यक्ष हुनुहुन्छ।)

नेपाल सम्वत्को प्रयोगले दिएको सन्देश

–● सुरेन्द्रवीर मालाकार ●–

मुलुकका प्रमुख सञ्चारमाध्यमहरूले स्वाभिमान र अस्मिताको प्रतीक नेपाल सम्वत्लाई प्रयोगमा ल्याएर उक्त सम्वत्प्रति सम्मान एवं न्याय गरेका छन् । नेपाल सम्वत्को प्रयोगमा सञ्चारमाध्यमको धर्म र भूमिकालाई थप पुऱ्याएको मात्र छैन राष्ट्रका मौलिक धरोहरलाई उजागर पार्नुका साथै त्यसप्रति ममता राख्नेहरूलाई हौसलासमेत प्रदान गरेको छ । त्यसैले नेपाल सम्वत्को प्रचलन एउटा अत्यत सन्देशमूलक दूरगामी महत्त्वको विषय हो ।

शंखधर साख्वाले आमनागरिकको ऋणमोचन गरेर उक्त मुक्ति दिवसको स्मरणमा नयाँ सम्वत्को प्रचलन गराए । साख्वाःद्वारा प्रवर्तित सम्वत् 'नेपाल सम्वत्' को नामले तत्कालीन समाज र राज्यप्रणालीमा स्थापित भयो । नेपालको एकीकरणपश्चात् पनि नेपाल सम्वत्को प्रचलन यथावत् रह्यो । तर पछि राणाशासक चन्द्रशमशेरले विक्रम सम्वत्लाई राज्यको मान्यताप्राप्त सम्वत्का रूपमा कायम गरेपछि नेपाल सम्वत् ओझेलमा पर्न गयो ।'

यतिखेर नेपाल सम्वत् र त्यसका प्रवर्तक शंखधर साख्वाःबारे चर्चा गर्नु र ऐतिहासिक तथ्य एवं वास्तविकतालाई उजागर गर्नु सान्दर्भिक हुनेछ । अहिलेको काठमाडौं उपत्यका नै श्री ५ बडा महाराजाधिराज पृथ्वीनारायण शाहभन्दा पहिलेको नेपाल हो । अझै पनि काठमाडौं बाहिरका मानिसहरू यहाँ आउनुपर्दा नेपाल जाने भन्दछन् । बूढापाकाहरूको जिब्रोबाट अहिले पनि काठमाडौंलाई नेपाल खाल्डो भनेर नै पुकारिन्छ ।

सन् १८५५ मा श्री ५ बडा महाराजाधिराजबाट एकीकरण भएपछि सम्पूर्ण क्षेत्रलाई

नै नेपाल भन्न थाल्यो। यस हिमाली राष्ट्रको नाम नेपाल हुनुमा मौसुफको योगदान युगान्तकारी विषय हो। आफूले विजयप्राप्त गरेको राज्यको नाम गोर्खा नराख्नुले मौसुफको दूरदर्शिताको पुष्टि गर्दछ। मौसुफले काठमाडौं उपत्यका विजयलाई राष्ट्रिय एकीकरणको मुख्य कडीका रूपमा लिइबक्सेको थियो। उपत्यका विजयपश्चात् गोर्खाबाट काठमाडौंमा राजधानीमात्र सरेन मुलुकको नाम नै नेपाल राखियो। यी सबै तथ्यहरूले त्यसबेलाको वैभवशाली काठमाडौं उपत्यका र यहाँको विशाल उर्वरभूमिले राष्ट्रनिर्माता श्री ५ बडा महाराजाधिराजलाई निकै प्रभाव पारेको स्पष्ट हुन्छ।

श्री ५ पृथ्वीनारायण शाहको राज्यमा विक्रम सम्वत्को प्रचलन रहे तापनि उपत्यकाको संस्कृति र सभ्यतालाई मौसुफबाट कुनै प्रकारले दखल गरिबक्सेको थिएन भन्ने मलाई लागेको छ। उपत्यका विजय हुनुभन्दा धेरै पहिले प्रचलनमा रहेको नेपाल सम्वत् समानरूपमा नै प्रयोग भयो। त्यसैले सत्ता परिवर्तनले सम्वत्लगायतका सामाजिक रितिरिवाज र परम्परामा खासै फरक पारेको थिएन। कालान्तरमा राणाशासनको उत्तरार्द्धतिर नेपाल सम्वत् सरकारी मान्यताबाट बाहिरिएको ऐतिहासिक तथ्यहरूबाट स्पष्ट हुन्छ।

शंखधर साख्वाले मौलिक नयाँ सम्वत्को थालनी गर्नपूर्व विभिन्न जाति र शासकहरूले आफ्नै किसिमले सम्वत्हरू प्रचलनमा ल्याएका थिए। साख्वाःद्वारा सम्पूर्ण देशवासीको ऋणमोचन गरी चलाएको यो सम्वत्ले विभिन्न महत्त्व राख्दछ। सर्वप्रथम दुनियाँको ऋणमोचन गर्न एउटा महान् त्यागको विषय थियो भन्ने नयाँ मौलिक सम्वत्को स्थापना हुनु एक युगान्तकारी घट्ना। यसरी साख्वाःको यो दूरदर्शी कार्यले मुलकमा सम्वत् को एकीकरण गरेको पनि मान्नुपर्दछ।

राष्ट्र भनेको भौगोलिक सीमाना मात्र होइन। आफ्नो भाषा, संस्कृति र सभ्यताको समग्र रूप नै राष्ट्र हो। यी सबैको जगमा नै राष्ट्र र राष्ट्रियता अडेको हुन्छ। त्यसैले आफ्ना मौलिक अस्तित्व र पहिचानका पक्षहरूको संरक्षण एवं जगेर्ना हुनैपर्छ।

यसैगरी युगपुरुष एवं राष्ट्रिय विभूति शंखधर साख्वाःप्रति राज्य र समाजले धेरै कार्य गर्न बाँकी छ। वास्तवमा साख्वाःको थिए ? उनीले राष्ट्रलाई के कस्तो योगदान दिए ? भन्नेबारे विस्तृत अध्ययन अनुसन्धानहरू यथेष्ट रूपमा गरिनुपर्दछ। साख्वाःको नामबाट अस्पताल, शिक्षण संस्था एवं सामाजिक सेवाका फाउन्डेसनहरू स्थापना गरिनु आवश्यक छ।

वास्तवमा विक्रम सम्वत्को उत्पत्तिस्थल भारतको विहार राज्य हो। विहारका तीन राजा विक्रमादित्यको आफ्नो प्रभुत्व स्थापित गर्न यो सम्वत्को प्रारम्भ गरे। विक्रमादित्यको प्रभुत्व र प्रतापबाट प्रभावित भएर यो सम्वत्लाई नेपाल भित्र्याइयो। विक्रमादित्य युगको

पतनपश्चात् भारतमा यो सम्वत्को प्रचलन हरायो। तर नेपालमा अद्यापि सरकारी सम्वत्का रूपमा यसले आफ्नो अस्तित्व कायम राखिरहेको छ।

नेपाल सम्वत् राष्ट्रको मौलिक सम्वत् हो भन्नेमा अब कसैमा भ्रम छैन। राष्ट्रले अन्य राष्ट्रका पूर्वप्रान्तीय शासकको नामबाट प्रारम्भ गरिएको सम्वत्लाई प्रयोगमा ल्याउनु तर आफ्नै राष्ट्रमा उत्पत्ति भएको राष्ट्रिय सम्वत्लाई तिरस्कार गर्नु ज्यादै नै अनुचित कार्य हो। नेपालले जुन सम्वत्लाई राष्ट्रियरूपमा प्रयोगमा ल्याइरहेको छ त्यो सम्वत् उत्पत्ति भएको ठाउँमा समेत प्रचलनमा छैन। त्यसैले राष्ट्रको मौलिक धरोहर नेपाल सम्वत्लाई नै प्रयोगमा ल्याउनु र राष्ट्रिय विभूति शंखधर साख्वाःको नामलाई उजागर गर्दै उहाँको योगदानको सम्मान गर्न विभिन्न स्मरणात्मक कार्य हुनु नितान्त आवश्यक छ। यस कार्यमा सबैको उत्तिकै चासो हुनु आवश्यक छ। ●

साख्वाः सम्वत् संस्थापक मात्रै होइनन्

–● अविनाश शर्मा ●–

नेपाल सम्वत्का संस्थापक शंखधर साख्वालाई ने.सं. ११२० मा सरकारले राष्ट्रिय विभूति घोषणा गरेर सम्मान गरेको छ । हुन् त नेपाल सम्वत्का संस्थापक साख्वाःको प्रतिमा हिन्दू धर्मका आराध्यदेव पशुपतिनाथको उत्तरतर्फ उन्मत्त भैरवको लहरमा प्रतिस्थापित हुनुले पनि तत्कालीन समयमा उनको मूल्यांकन नभएको मान्न सकिँदैन । उन्मत्त भैरवको लहरमा प्रतिमा स्थापित हुनु नै समाजले सम्माननीय व्यक्तिको रुपमा स्वीकार गरेको महसुस हुन्छ ।

हामीले हाम्रो समाजमा असाधारण कर्म गरेका व्यक्तिहरूको खोज गर्न नसक्नु हाम्रो कमजोरी हो भनेर पदासीन व्यक्तिहरूले सोच्नुपर्ने कुरा हो । हामीकहाँ विशेष गरेर कुनै व्यक्तिले कुनै विषयको बारेमा अनुसन्धान गर्न खोज्यो भने ऊ कुन राजनीति गर्ने व्यक्ति हो ? यसको काम गरिदिएवापत् मलाई के फाइदा हुन सक्छ ? हुँदैन भने कि दिने ? बरु फलानो मेरो भक्तलाई यो काम गर्न दिएँ भने मलाई हरतरहले सहयोग गर्नेछ भन्ने मनोगत विश्लेषणले गर्दा हाम्रा कैयौं राष्ट्रिय विभूति र धरोहरहरू ओझेलमा परेका छन् ।

नेपालका राष्ट्रिय विभूति शंखधर साख्वाःको कुरा गर्दा हामीले नेपाल सम्वत्का संस्थापक मात्र भन्दा उचित सम्मान दिन नसकेको प्रतीत हुन्छ कि ? जहाँ हेनरी डयूनाभन्दा अगाडि नै 'सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः । सर्वे भद्राणी पश्यन्तु माः कश्चिद् दुःख भाग्जनः ॥' भन्ने भावनाबाट प्रेरित भएर नै जनतालाई ऋणमुक्त गराउने काम गरिन्छ । हामी सबै दाजुभाइ हौ भन्ने मूल मन्त्रको स्फुरण गराउने काम (परिवेश नै) उत्तम कर्म हो । त्यस्ता तत्वज्ञानीलाई कुनै एक सम्वत्को संस्थापक मात्रले चिनिनु वा चिनाउनु अन्याय हुन्छ कि

हुँदैन त्यो अनुसन्धानको विषय हो ।

हुन त पशुपतिमा समेत शंखधर साख्वाःको प्रतिमाजस्तै प्रतिमा मध्यपुर थिमिमा स्थापना गरेर साख्वाःको समाजसेवाको सम्मान गर्न थालिएको छ। हुन त साख्वाःको जीवनवृत्तमा आधारित चलचित्र पनि निर्माण भइसकेको छ। नेपालका राष्ट्रिय विभूति साख्वाले विक्रम सम्वत् ९३७ साल, इस्वी सम्वत् ८८०, शक सम्वत् ८०२ मा जनतालाई ऋणमुक्त गराई उनले चलाएको नेपाल सम्वत् आज ११४३ वर्षमा प्रवेश गरेको छ। राष्ट्रले शंखधर साख्वालाई राष्ट्रिय विभूति मानिसकेको छ। अब यस विषयमा राष्ट्रका विद्वान् हरूबीच बहस चलाई यसको महत्त्वको विश्लेषण गर्नु जरुरी छ। यदि यसलाई नेपालकै सम्वत्को रुपमा स्वीकार गरिसकिएको छ भने कुनै समुदायमा मात्र सीमित राखेर मनाउनु न्यायोचित हुँदैन। हरेक जातजाति, भाषाभाषी र समुदायमा महत्त्वबोध गराउनुपर्छ। कुनै जातिविशेषमा मात्र सीमित राख्नु सञ्चालनको मर्मविपरित हुन्छ।

नेपाल सम्वत् फेरिएकै दिन नेवार समुदायमा म्हपुजा गर्ने चलन छ। यसको अर्थ आफ्नै शरीरको पूजा हो। वास्तवमा वर्षभरिमा धेरै देवदेवी र बाबुआमा भाइबहिनी सबैलाई आदरभाव प्रकट गरिन्छ तर अन्य संस्कृतिमा आफूलाई पुजिँदैन। त्यसैले यो पूजाले महत्त्व दर्शाउँछ। म भनेको को ? हात, खुट्टा, टाउको, पेट, कुन भाग वा सम्पूर्ण शरीर हो। वास्तवमा यो मनमस्तिष्कलाई शुद्ध पार्न यो पूजा प्रचलनमा ल्याइएको हो। जब मानिसको मन, मस्तिष्क शुद्ध हुन्छ, शान्त हुन्छ, विवेक, बुद्धि लगाएर काम गर्दा जीवन सफल हुन्छ। यसबाट के स्पष्ट हुन्छ भने आत्मत्वको महत्त्व बुझाउँछ। आत्मज्ञान हुनु नै समर्थवान् हुनु हो। त्यस्तो व्यक्तिले मात्र समाजको सेवा गर्न सक्दछ। यस पक्षले नेवार संस्कृति अन्य संस्कृतिभन्दा विशेष महत्त्व रहेको देखाउँछ। सामान्य अर्थमा आफूले आफैलाई पूजा गर्नेभन्दा यसलाई घमण्डको प्रतीक मानिएला, तर त्यसले दिन खोजेको कुराले महत्व राख्दछ। मानव शरीरलाई स्वच्छ र सक्षम बनाउने चाहना नै यसका खास मर्म हुनु पर्दछ। कात्तिक शुक्ल प्रतिपदाका दिन मनाइने यो पूजा जीवनबोधको पहिचान हो। जुन पर्वमा आध्यात्मिक र भौतिक पक्षको बोध गराउँछ।

अर्को पक्ष ज्यादै व्यावहारिक पनि देखिन्छ। यो हाम्रो चोला नाशवान् भएको हुनाले त्यो आत्मतत्वको नाश नहुँदै आफूले आफैलाई चिनेर पूजा गर्ने परम्परा नै म्हपुजा हुन सक्छ। देहभित्रको 'म' लाई पूज्दा आत्मशान्ति प्राप्त हुन सक्छ। यस तथ्यलाई महामानव गौतमबुद्धको उपदेशमा आफ्नो देहको मालिक आफू नै हो भनिएको छ। यस अर्थमा देहको मालिक 'म' हो- जुन अभिभाज्य हुन्छ। विद्वान् शुकरातले पनि आफूले आफैलाई चिन भनेको पाइन्छ। त्यस्तै गरेर चीनका दार्शनिक कन्फ्युसियसले भनेका थिए- यदि तिमी

ईश्वरको खोजीमा छौ वा चिन्न चाहेको छौ भने पहिले आफूलाई चिन्ने प्रयत्न गर। यस अर्थमा म्हपुजा दुबै दृष्टिकोणले उपयुक्त देखिन्छ। यसरी अर्को कुरा के प्रस्ट हुन्छ भने म्हपुजा कुनै जातिविशेषले मनाउने पर्व होइन, यसलाई सबै जातजातिले साझा संस्कतिका रूपमा मनाउनु सान्दर्भिक देखिन्छ। यसरी म्हपुजा गर्दा प्रयोगमा ल्याइएको ओखरझैं शरीर बनोस्, विमिरोझैं शरीर पवित्र होस्, कटुसझैं सुख र ऐश्वर्यहरू फलोस्, मखमली फुलझैं सुन्दर र सधैं एकनास भइरहोस् भन्ने विश्वासका साथ म्हपुजा गर्ने गरिन्छ। म्हपुजाको यस महत्त्वलाई विद्वान् वर्गहरूले विश्लेषण गरी देह पवित्र पार्ने दिनको रूपमा मनाउन प्रेरित गर्ने कि ?

शंखधर साख्वाःको बारेमा आख्यानहरू जेसुकै भए पनि पशुपतिमा रहेको प्रतिमा, सिनामङ्गलमा रहेको प्रस्तर स्तम्भ, लखुतीर्थनिर रहेको चैत्यले उनको योगदानलाई अविस्मरणीय बनाइरहेको हुनाले नेपालकै प्रतिष्ठासँग सम्बन्ध राख्ने यस प्रसङ्गलाई सभा-समारोह र ऱ्यालीमा सीमित नराखी जनस्तरसम्म पुऱ्याउने खालको कार्य हुनु अत्यावश्यक भइसकेको छ। राष्ट्रिय विभूतिबारे सबै नागरिकहरूलाई सुसूचित गराउने दायित्व सरकार र विद्वत्वर्गको रहेको हुन्छ। विशेष नेपालभापा, साहित्य ज्ञान भएका विद्वत् वर्गको अथक प्रयत्नबाट यो पुनीत कार्य सम्भव हुने देखिन्छ। ●

जुन बेला काठमाडौंका नदीमा सुन बग्थ्यो

–● हिमेश ●–

नेपाल सम्वत् ११४४ आजबाट सुरु हुँदै छ। कार्तिक शुक्ल प्रतिपदादेखि नयाँ वर्ष सुरु हुन्छ। यो दिन विभिन्न सांस्कृतिक कार्यक्रम हुन्छन्। एकले अर्कालाई सुस्वास्थ्य एवं दीर्घायुको कामना गर्छन्। म्हपुजा गर्छन्। र, सम्झिन्छन्, शंखधर साख्वालाई। उनै त हुन्, नेपालको मौलिक सम्वत्– नेपाल सम्वत्का प्रवर्तक।

यो सम्वत्बारे एउटा गज्जबको किम्बदन्ती छ। शंखधरले एक खास साइतमा घरमा ल्याएको सबै बालुवा सुन बन्यो। त्यही सुनको सहयोगले उनले जनताको ऋण तिरिदिए। तिनै जनता ऋणमुक्त भएको खुसियालीमा नयाँ सम्वत् सुरु भयो। के यस्तो सम्भव हुन्छ ? बालुवा सुनमा परिणत हुन सक्छ ? नेपाल सम्वत्बारे लामो समयदेखि अनुसन्धान गरिरहेका मल्ल के. सुन्दर भन्छन्, 'यो पक्कै पनि वैज्ञानिक सुनिन्न।'

आखिर त्यतिबेला के भएको थियो ? पहिले, शंखधरबारे।

उनी व्यापारी थिए। वंशावली र जनविश्वासअनुसार काठमाडौं इलाछेँका बासिन्दा हुन् उनी। इलाछेँ अहिलेको भीमसेन स्थान हो। त्यहाँ अहिले भीमसेनको मन्दिर छ। त्यतिबेला तिब्बतसँग काठमाडौंको राम्रो व्यापारिक सम्बन्ध थियो। सुनिन्छ, शंखधरको परिवारले तिब्बतसँग व्यापार गर्थ्यो। केशर पुस्तकालयमा रहेको वंशावलीअनुसार राजा राघवदेवको समयका थिए, शंखधर। उनले नयाँ सम्वत् स्थापना गरे र यसलाई पशुपतिमा चढाए। राघवदेवको पालादेखि नै शक सम्वत्को चलन सकिन्छ र नेपाल सम्वत् सुरु हुन्छ।

कुरा यस्तो हो

नयाँ सम्वत्को नाम सुरुमै नेपाल सम्वत् थिएन । आरम्भताका यसलाई श्री सम्वत् भनियो । स्थापनाको सय वर्षपछि यसले औपचारिक रूपमा नेपाल सम्वत्को नाम पायो । नेपालको इतिहासअनुसार लामो समयसम्म चलेको लिच्छविवंशबारे जानकारी एकाएक हराउँछ र सुरु हुन्छ, २ सय ५० वर्षभन्दा बढीको अन्धकार युग । त्यो समय कसले, कसरी शासन गरेको थियो, त्यसबारे पर्याप्त जानकारी नै छैन । राघवदेवदेखि मात्र पुनः ऐतिहासिक स्रोत खुल्छ । उनी आफैं लिच्छवि थिएनन् । उनी थिए नुवाकोटबाट आएका वैश्य ठकुरी ।

यसअघि काठमाडौंको राजनीतिक एवं प्रशासनिक केन्द्र हाँडीगाउँ विशालनगर थियो तर एक समयमा आएर त्यहाँको सभ्यता नासियो । यसका कारण धेरै हुनसक्छन्, महामारी अथवा आगलागी। कारण जेसुकै भए पनि त्यसपछि त्यहाँका बासिन्दा स्थानान्तरण भएर अहिलेको कान्तिपुरमा आए । यो त्यही समय हो, जति बेला काठमाडौं उपत्यकामा बौद्ध धर्मअन्तर्गत वज्रयानको प्रभाव सुरु भयो । सुरुमा महायानी बौद्ध धर्मको प्रभाव थियो, पछि त्यसकै हाँगो वज्रयान प्रभावी बन्यो । त्यही बेला काठमाडौं उपत्यकामा ठूलाठूला विहार पनि बने। पाटनको हिरण्यवर्ण महाविहारदेखि काठमाडौंको केशचन्द्र महाविहार त्यसै बेला बनेका हुन् । सायद शंखधर पनि वज्रयानबाट प्रभावित भए । उनी तिब्बतसँगको व्यापारमा पनि थिए। हुनसक्छ, त्यहाँका धर्मगुरुहरूबाट पनि उनी प्रभावित थिए । उनमा बोधिचित्त उत्पन्न भएको हुनुपर्छ, दानपारमिताले प्रभाव पारेको हुनुपर्छ । यसै क्रममा उनले जनतालाई ऋणमुक्त गर्न आफूले आर्जन गरेको सम्पत्ति दान दिए ।

नेपाल सम्वत्बारे अध्ययनका क्रममा मल्ल के. सुन्दर यस्तो निष्कर्षमा पुगे- शंखधरले घरमा ल्याएको बालुवा सुनमा परिणत भएको होइन। बरु उनी मान्छन्- नदीमा बगेर आउने बालुवामा सुन पनि हुन्छ । शंखधरको घरनजिकै लखुतीर्थ छ। त्यो तीर्थ अहिले डल्लुमा पर्छ । लोकविश्वासअनुसार उनले त्यहीँ सुन पाएका थिए ।

शंखधरले नदीमा आफ्ना कामदार लगाए। बालुवा चालेर सुन निकाल्न लगाए । खोला-नदीको बालुवा चालेर सुन निकाल्ने चलन विश्वमा पहिले पनि थियो । अहिले पनि यथावत् छ। यो कामबाट उनी निकै धनी भए। त्यो सम्पत्ति उनले निजी स्वार्थका लागि प्रयोग गरेनन्, लोककल्याणमा खर्चिए। जनताको टाउकामा रहेको ऋण चुक्ता तिरिदिए। अनि सुरु भयो, नेपाल सम्वत् ।

स्वयम्भू : सुनको खानी

मल्ललाई सम्झना छ, उनी किशोर छँदा शोभाभगवतीमा इन्द्रायणी नदीअगाडि सुन

खोज्नेहरू प्रशस्त भेटिन्थे । धोबीचौरबाट ओरालो लाग्ने ठाउँमा त्यतिबेला सानो खोला बग्थ्यो । त्यहाँ पनि सुन खोजिन्थ्यो ।

कुनै समय खानी विभागले स्वयम्भूको डाँडाबारे अनुसन्धान गरेको थियो । उसले भनेको थियो, स्वयम्भूमा सुनको खानी छ । ०२६-२७ सालतिर खानी विभागले लैनचौरमा एउटा प्रदर्शनी राखेको थियो । त्यसमा स्वयम्भूमा भेटिएको भनेर सुनको एक ढिक्का पनि राखिएको थियो । मल्ल स्वयंले त्यो ढिक्का देखेका थिए ।

स्वयम्भू वरिपरि दुई खोला बग्छन् । एउटा हो, भचाखुसी । यो शोभाभगवतीमा पर्छ । उत्तरबाट बग्छ । अर्को दक्षिणबाट बग्छ र पुग्छ, त्यही लखुतीर्थमा । लखुतीर्थको उद्‌गम नै स्वयम्भू पछाडि हो । सुनको खानी भएको पहाडको छेउछाउबाट बगेका खोला-नदीमा सुन पाइने सम्भावना पनि धेरै हुन्छ । अहिले पो त्यहाँ पानी छैन ।

'त्यही लखुतीर्थमा शंखधरले बालुवा चालेर सुन निकालेको तर्क भने वैज्ञानिक मान्न सकिन्छ,' मल्लले भने, 'कुनै बेला काठमाडौंका खोला-नदीमा सुन बगेर आउँथ्यो ।' शंखधर पक्कै ऐतिहासिक व्यक्ति हुन्, जो काठमाडौंका व्यापारी थिए । उनीसँगै कसरी नेपाल सम्वत् सुरु भयो, यी सबै त्यस पछाडिका तर्क हुन् । ●

साभार, कान्तिपुर दैनिक, ने.सं. ११३९ कौगागा १३ (कार्तिक ९, २०७६)

नेपाल सम्वत् र यसको प्रारम्भ

–● होमनाथ भट्टराई ●–

नेपालको इतिहासको मध्यकालको सुरुवातलाई अन्धकारमय युगको रूपमा लिइन्छ र अधिकांश इतिहासविद्हरू यसमा सहमत पनि छन्। हालसम्म उपलब्ध ऐतिहासिक प्रमाणहरू लिच्छविकालको उत्तरार्ध र मल्लकालको पूर्वार्द्धका शताब्दीहरूलाई आंशिकरूपमा उजिल्याउन सफल भए पनि प्रामाणिक आधारमा ऐतिहासिक तथ्यहरू प्रकाशमा आउन सकेका छैनन्। त्यसैले यसकालको ऐतिहासिक दस्तावेजहरू उपर यथेष्ट खोज गरी अनुसन्धानबाट समयसँगै वास्तविकताहरू क्रमशः अगाडि आउने नै छन् भन्ने कुरामा आशावान रहन सकिन्छ।

यही अन्धकारमय भनिएको मध्यकालमा नेपालको इतिहासको एक सशक्त पक्ष बोकेर नेपाल सम्वत्को शुरूवात भएको देखिन्छ। शक सम्वत्, मानदेव सम्वत्, विक्रम सम्वत्हरूको प्रचलन भइरहेकै अवस्थामा एकाएक प्रचलनमा आएको यो नेपाल सम्वत् कसले कसरी प्रचलन गरायो भन्ने विषय हालसम्म विवादरहित हुन भने सकेको छैन। यद्यपि नेपालको नामबाट नामकरण भएको यो सम्वत् नेपाल राज्यभित्रकै कुनै पराक्रमी व्यक्तित्वको मौलिक उपज भएको उपर भने कुनै तर्कसम्मत विवाद नरहेको हुँदा यसलाई नेपालको इतिहासको एउटा गौरवमय पक्षको रूपमा लिन सकिन्छ।

यसको संस्थापकको रूपमा नेपालको इतिहास लेख्ने अंग्रेजी विद्वान् कर्णेल कर्कप्याट्रिकले डोयराज्यका संस्थापक कर्णाटवंशी राजा नान्यदेवलाई लिएका छन्। नान्यदेवले डोयराज्यबाट काठमाडौं उपत्यका विजय गरेको र त्यसैको उत्सवमा यो सम्वत्

चलाएको हुनुपर्ने उनको राय छ। नान्यदेवको राज्यकाल वि.सं. ११५४ तिर रहेको र नेपाल सम्वत् वि.सं. ९३६ तिर सुरू भइसकेको हुनाले यो राय मिल्दोजुल्दो छैन। फेरि नान्यदेवले उपत्यकाको विजय गरेको प्रमाण कहीं पनि पाइदैन। बरु वि.सं. १९६८ मा नेपाली फौजले उनको फौजलाई ध्वस्त पारी उपत्यकाबाट खेदाएका थिए अतः कर्कप्याट्रिकको यस भनाइसँग सहमत हुने सकिँदैन।

फ्रान्सेली विद्वान् सिल्माँ लेभीले नेपाल इसाको सातौँ शताब्दीदेखि नवौं शताब्दीसम्म त्यस समयको वृहत् भोटको अधीनमा रहेको र भोटका तत्कालीन राजाको अत्याचारी नीति त्यहाँका जनताले विद्रोह गरी साम्राज्य कमजोर हुन् पुगेको अवस्थामा नेपाल भोट साम्राज्यबाट स्वतन्त्र भएको र त्यस्को सम्झना स्वरूप इ.सं. ८७९-८८० तिर नेपाल सम्वत् चलेको भनेका छन्। तर यथार्थलाई हेर्दा उनको यो अनुमान पनि सही मान्न सकिँदैन। किनकि आजसम्म प्रकाशमा आएका कुनै पनि ऐतिहासिक दस्तावेजहरूले नेपाल भोटको अधीनमा रहेको भन्ने ठोस आधार दिएका छैनन् बरू नेपालको राजतन्त्र र भोट साम्राज्यबीच अत्यन्त सौहार्दपूर्ण सम्बन्ध रहेको पाइन्छ। फेरि स्रङचोङ गम्पोको मृत्यु पश्चात् भोट साम्राज्य छिन्नभिन्न भइसकेको हुनाले नेपाललाई अधीनमा लिएको भनाइसँग पनि सहमत हुन सकिँदैन।

लेभीको अर्को एउटा तर्क छ नेपालीहरू ८ को अंकलाई अशुभ मान्ने भएकाले शक सम्वत् ८०१ बाट ८ को अंक झिकी ०१ मात्र भनिएको र पछि समय हुँदै जाँदा समाजले यस कुरालाई बिर्सिएर नयाँ सम्वत्को रूपमा लिएको हुनसक्ने उनको राय छ। आफ्नो यस तर्कको पुष्टिका लागि उहाँले बैजनाथ प्रशस्ति र लोककाल सम्वत् (जो क्रमशः सय हजारको अंक छोडी प्रचलित भएका छन्) को उदाहरण पेश गर्नुभएको छ।

नेपाल सम्वत्को प्रचलनको सम्बन्धमा अर्को एउटा प्रभावकारी देखिने तर्क प्रो. वेण्डालको वंशावलीसँग आवद्ध देखिन्छ। वेण्डालले फेला पारेको वा संकलन गरेको वंशावली अनुसार लिच्छविकालको उत्तरार्द्धका राजाहरूको नामावली सूचीमा राजा राघवदेवको नाम निकै महत्त्वका साथ उल्लेख गरेको पाइन्छ। यिनै राजा राघवदेवको पालादेखि नेपाल सम्वत्को सुरूवात भएको हो भन्ने राय इतिहासकार कनिङ्म छ जो निकै तर्क देखिन्छ। उनको समय गणनाअनुसार राजा राघवदेवको शासनकाल इ.सं. ८८० तिर पर्दछ र नेपाल सम्वत्को शुरूवात त्यही समयतिर भएको हुनाले विद्वान् बिच कुनै भ्रम रहन्न भन्ने राय इतिहासविद् भनाइमा बालचन्द्र शर्माले पनि व्यक्त गर्नुभएको छ। यस सम्बन्धमा नेपालका अधिकांश इतिहासविदहरूको धेरै हदम्म सहमति पाइन्छ कि यो सम्वत् राजा राघवदेवको पालादेखि नै चलेको हो। तर कुनै पनि नयाँ सम्वत् तत्कालीन रीति,

परम्पराअनुसार कसैबाट ठूलो पराक्रमपूर्ण काल वा कुनै त्यस्तै महत्त्वपूर्ण काम गरेपछि त्यसैको संस्मरणार्थ चलाउने परम्परा रहेको देखिन्छ। तर राजा राघवदेवबाट सम्पादित त्यस्तो कुनै पराक्रमी कार्य ऐतिहासिक दस्तावेजहरूबाट प्रभाणित भइनसकेकोले यो विषय पनि पूर्णतः मतैक्यता कायम गर्न असफल छ।

इतिहासविद डा. डिल्लीरमण रेग्मीका अनुसार त्यसबेला परेको ठूलो महामारीबाट बच्न पशुपतिमा पूजा, यज्ञ होमादी गरेपछि महामारी साम्य भएकोले त्यसैको सम्झनामा यो सम्वत्को सुरू भएको हो। नेपाल सम्वत्को नयाँ वर्षको दिन नेवारहरूले म्हपुजा गर्ने भएकोले पनि उहाँले त्यो तर्क दिनुभएको हो। इतिहासका अर्का विद्वान् धनवज्र वज्राचार्यले पशुपतिमा विभिन्न रूपले सम्मान व्यक्त गर्ने प्राचीन परम्पराअनुसार राजा राघवदेवले पशुपतिको सम्मानमा यो सम्वत् चलाएका हुन् भन्नुभएको छ। त्यसैगरी एकजना इटालियन विद्वान् लुसियानी पेट्रेकद्वारा प्रकाशित गोपालराज वंशावलीमा राजा राघवदेवले पशुपतिलाई संकेत गरेर नै सम्वत् चलाएका हुन् भन्ने उल्लेख गरिएको छ। यसरी केही विद्वानूहरूले नेपाल सम्वत्को सम्बन्ध पशुपतिसँग रहेको पनि देखाएका छन्। सम्भवतः यसै कारण गोपालराज वंशावलीमा राजा राघवदेवलाई पशुपति भट्टारक सम्वत्सर भन्ने उपाधि दिइएको पाइन्छ।

यसप्रकार नेपाल सम्वत्को प्रचलनसम्बन्धमा मतऐक्यता हुन नसकिरहेको अवस्थामा सरकारबाट वि.स. २०५६ साल मार्ग २ गते भाषा वंशावली एवं किम्बदन्तीको आधारमा नेपाल सम्वत्का प्रणेता मानिएका शंखधर साख्वालाई सोही कारण राष्ट्रिय विभूति घोषित गरिएपछि यस किम्बदन्ती एवं भाषा वंशावलीको कथनलाई नै सरकारी तवरबाट आधिकारिक मान्यता प्रदान गरेको देखिन्छ। यद्यपि यस कथनको कुनै वैज्ञानिक आधारमा पुष्टि हुन नसक्दै यसलाई सरकारी निर्णयबाट आधिकारिक मान्यता प्रदान गर्नु उचित थियो थिएन, त्यो छुट्टै बहसको विषय बन्न सक्ला, यहाँ यस लेखको आशय त्यो होइन पनि एकपटक सरकारले मान्यता प्रदान गरेको कथनलाई पनि हेरौं भाषा वंशावली, राजभोगमाला वंशावली र संस्कृत वंशावलीको कथनअनुसार भक्तपुरमा राजा आनन्द मल्ल र कान्तिपुरमा उनका दाजु जयदेव मल्लले शासन गरिरहेको बेला कुनै दिन ज्योतिषीहरूले निकालेको शुभ मुहूर्तमा भचाखुसी र विष्णुमति नदीको दोभान लखुतीर्थबाट बालुवा झिकेर ल्याए सुन बन्छ भनी भक्तपुरका राजा आनन्द मल्ललाई भनेका हुनाले राजाले पनि सोही मुहूर्तमा ज्यामीहरूलाई बालुवा झिकी ल्याउन पठाए। त्यसरी एकाएक बालुवा झिकेर लगिरहेको एक चलाख शूद्र व्यापारी शंखधर साख्वाले देखेपछि शंका लागी ज्यामीहरूलाई पैसाको लोभ देखाई बालुवा आपनो घरमा लगी खन्याउन लगाए ज्यामीहरूले पनि

शुभमुहूर्तको बालुवा साख्वाःकोमा छोडी अर्कोपटकको बालुवामात्र राजाकहाँ लगिदिए। यसरी निकालिएको शुभमुहूर्तको बालुवा पछि सुन बन्यो त्यसबाट यथेष्ट सम्पति आर्जन गरी कान्तिपुर र भक्तपुरका जनताहरूको ऋण तिरिदिए र त्यसैको सम्झनामा नवकालको शुरूवात गर्दै नेपाल सम्वत्को प्रचलन गराएका थिए भन्ने उल्लेख भएको पाइन्छ। त्यसो गरेबापत यिनले राजाबाट अनुमति प्राप्त गरी पशुपतिको दक्षिणतिर आफ्नो शालिकसमेत राख्न लगाएका थिए भन्ने जनश्रुति पाइन्छ। वंशावलीको त्यो कथन र भक्तपुरका राजा आनन्द मल्लको कार्यकाललाई तुलना गरी हेर्दा नेपाल सम्वत्को सुरुवात भएको २५७ वर्षपछि मात्र भक्तपुरमा राजा आनन्द मल्ल रहेको देखिएको यो कथनलाई सोझै विश्वास गर्न सकिँदैन।

माथि उल्लिखित सम्पूर्ण आधार तर्कहरू र प्रमाणलाई केलाएर हेर्दा नेपाल सम्वत् नेपाल राष्ट्रकै नामबाट स्थापित मौलिक सम्वत् भएको कुरामा दुईमत हुन सक्दैन। माथि उल्लेखित आधारहरू उपर अध्ययन गरे बौद्धिक कसरत गर्दा र ताडपत्रमा लेखिएको हस्तलिखित सुमतितन्त्र, सहोत्तरतन्त्र ग्रन्थको पुष्पिका वाक्य एवं गोपालराज वंशावलीको वाक्यांशहरूबाट पनि मानदेव चतुर्थका छोरा राजा राघवदेवले यो सम्वत् चलाएको भन्ने उल्लेख भएकाले यसै पक्षमा आफ्नो राय दिने विद्वानहरूसँग सहमत हुन सकिन्छ र यही तर्क नै मिल्दो देखिन्छ।

अन्त्यमा के भन्न सकिन्छ भने नेपाल सम्वत् आजभन्दा ११४६ वर्षअगाडि यसै धर्तीमा उब्जिएको एउटा मोति हो यसको उज्यालोलाई निरन्तरता दिई नेपालको ऐतिहासिक गौरव अक्षुण्ण राख्नु हामी सबैको कर्तव्य हो। ●

सम्वत् सम्बन्धी नीति खोइ ?

–● ज्ञानराम श्रेष्ठ ●–

नेपाल सरकारले नेपाल सम्वत्लाई राष्ट्रिय मान्यता प्रदान गर्ने क्रममा अब सरकारी दस्तावेजहरूमा पनि यसको औपचारिक प्रयोग गर्ने आधिकारिक निर्णय गरिसकेको छ। यस अवस्थामा अब नेपाल सम्वत्को प्रयोग कुन स्तरमा पुग्यो भने यसले राष्ट्रिय मान्यता पाएको ठहर हुन्छ भनेर बुँदागत रुपमै स्पष्ट हुनुपर्ने खाँचो छ। नेवाः समुदाय, त्यसमा पनि काठमाडौं उपत्यकाका नेवाः समुदायको अगुवाइ र सहभागितामा नेपाल सम्वत्को अभियान वा भिन्तुना आन्दोलन चलेको थियो। त्यसो भन्दैमा यो नेवाः समुदायको मात्र अभियान भने होइन। अहिले पनि यो नेवार समुदायको सम्वत् भन्ने भ्रम धेरैमा रहेको पाइन्छ। त्यही कारणले हरेक वर्ष प्रधानमन्त्रीलाई भेट्न जाँदा नेपाल सम्वत्को अभियान नेवाः समुदायले अगुवाइ गरेकै आधारमा यो नेवाःहरूको मात्र सम्वत् भन्न मिल्छ भनेर प्रश्न सोध्दै आएको छु। नेपाल कम्युनिष्ट पार्टी स्थापना गर्ने चारैजना नेवाः समुदायका हुन्। नेपाली कांग्रेस संस्थापना गर्ने व्यक्तिहरू पनि नेवाः समुदायका छन्। नेवाःहरूले स्थापना गरेको पार्टी बोकिरहन मिल्ने तर नेपाल सम्वत्लाई किन बोक्न नमिल्ने भनेर अहिलेका प्रधानमन्त्री र प्रधानमन्त्री भइसकेका वरिष्ठ नेताहरू सबैलाई सोधिसकेको छु। नेपाल सम्वत्को प्रयोग सरकारीस्तरमा व्यापक बनाउन प्रधानमन्त्रीलाई केले अप्ठ्यारो पारेको छ ? यस सम्बन्धी निर्णय गर्न केले रोकेको छ ? जवाफमा यस सम्बन्धी ठोस काम गर्छु भनेर हरेक प्रधानमन्त्रीले भन्ने गरेको छ। नेपाल सम्वत्को अभियानले केही उपलब्धि हासिल नगरेको होइन। तथापि ती उपलब्धिहरू किस्ताबन्दीका रुपमा पाइरहेका छौं। फेरि हामीले

सरकारलाई भन्यौँ- किस्ताबन्दी रुपमा पाइरहेको उपलब्धि पर्याप्त भएन। नेपाल सम्वत्को प्रयोगसम्बन्धी राष्ट्रिय सम्वत् नीति बनाउनु आवश्यक छ। सम्वत्को प्रयोगका सन्दर्भमा सरकारी दृष्टिकोण के हो ?

सरकारलाई बारम्बार सोध्दै आएका छौं। कमसेकम सम्वत्सम्बन्धी एउटा छुट्टै नीति आवश्यक छ। यस आन्दोलनका सर्वोच्च नेता पद्मरत्न तुलाधर हुँदादेखि हामीले यही कुरो भन्दै आएका छौँ। तर पनि राज्यबाट टुक्रा–टुक्रारुपमा मागहरू पूरा हुँदै आइरहेको छ। कहिले नेपाल सम्वत्लाई राष्ट्रिय मान्यता प्रदान गरेको छ, कहिले सरकारले मान्यता दिएको भनेछ, त कहिले शंखधरलाई राष्ट्रिय विभूति घोषणा छ, कहिले बिदा भनेको छ र कहिले कार्यदल गठन गरेको छ। आजभन्दा २५ वर्ष अघिदेखि अहिलेसम्म हामीले नेपाल सम्वत्का सवालमा छ–सातवटा सरकारी निर्णयहरू पाइसकेका छौं। डा. बाबुराम भट्टराई प्रधानमन्त्री हुँदा नेपाल सम्वत्सम्बन्धी कार्यदल पनि गठन गरियो। कार्यदलले प्रतिवेदन पनि बुझायो तर त्यो प्रतिवेदन अध्ययन नहुँदै सरकार फेरबदल भयो। जनताले प्रतिवेदनमा के छ भनेर अहिलेसम्म थाहा पाएको छैन। सरकारले नेपाल सम्वत्लाई ग्रहण गरिदिनुस्। हाम्रो आग्रह यही रहेको छ। सरकारी कामकाजमा नेपाल सम्वत्को प्रयोग गर्ने भनेर गत वर्ष नयाँ वर्षकै अघिल्लो दिन (विक्रम सम्वत्को कार्तिक २७ गते) मन्त्रिपरिषद् को बैठकले निर्णय गरेको थियो। तर, त्यो निर्णय राजपत्रमा निस्किएन। मन्त्रिपरिषद्ले निर्णय गर्ने तर राजपत्रमा ननिस्किने पनि हुन्छ ? त्यसपछि कस्तो निर्णय भएको छ भनेर हामी सिहंदरबार गयौं। ठाडो आदेशको भरमा निर्णय गरिएको रहेछ। ठाडो आदेशको भरमा गरिएको निर्णय राजपत्रमा ननिस्किने रहेछ। मन्त्रालयबाट प्रक्रिया पुऱ्याएर, कानुन मन्त्रालयको सहमति लिएर मन्त्रिपरिषद्मा जानुपर्ने प्रक्रिया रहेछ। यो विषयमा कर्मचारी संयन्त्र र प्रधानमन्त्रीलाई पनि भेटेर भनिसकेका छौं। हामीले बजेट वा अरु भौतिक सामग्री मागेका होइनौं, मन्त्रिपरिषद्ले गरेको निर्णय राजपत्रमा प्रकाशित गरिदिनु भए पुग्छ भनेर प्रधानमन्त्रीसमक्ष भनेका थियौँ। राजपत्रमा प्रकाशित भए भोलि काम गर्न सजिलो हुनेछ, कर्मचारी संयन्त्रलाई काम गर्न सहज हुनेछ। हामीले मागेको यति मात्रै हो। अर्थात सरकारले गरिसकेको निर्णयलाई औपचारिक प्रदान गरियोस् भन्ने मात्रै हाम्रो माग हो।

त्यसै गरी अहिले नेपाल सम्वत्को सरकारी कार्यालयमा प्रयोगबारे अनुगमन गर्न सरकार समक्ष भन्दै आएका छौं। विभिन्न सरकारी कार्यालय, अड्डा र निकायले अहिले नेपाल सम्वत् प्रयोग गर्दै आएको छ। तर त्यसको प्रयोगमा कहीं समस्या छ कि ? त्यसलाई अझै सहज बनाउने कुनै उपाय छ कि ? अथवा कसैले प्रयोग नगरेको अवस्था पो छ कि ? त्यसको अनुगमन गर्न जरुरी छ। अहिलेसम्म पाएको उपलब्धिमा हामी खुशी छौं। तर, त्यो

पर्याप्त छैन । यसका लागि सम्वत्सम्बन्धी नीति बनाएर कानुनीरुपमै अघि बढ्नुपर्ने खाँचो छ। मुख्यरुपमा भन्नुपर्दा सरकारले नेपाल सम्वत्को अपनत्व ग्रहण गर्नुपर्दछ। अहिले सरकारको शून्य लगानीमा नेपाल सम्वत् क्यालेन्डर हेर्ने एप्स बनाएका छौं । सरकारले नेपाल सम्वत्को प्रयोगको लागि लगानी गरेपछि मात्र नेपाल सम्वत्को तिथिमिति, यसबारे सारा जनताले थाहा हुनेछ। यसले नेपाल सम्वत्बारे बुझाउन धेरै सहयोग गर्नेछ। त्यसपछि नेपाल सम्वत्को प्रयोग अझ बढ्ने छ। पञ्चायती सत्ता ढाल्न नेपाल सम्वत्को आन्दोलन निकै सहयोगी बनेको इतिहास हामीसामु छ। यो कुरो अहिलेका शासकहरूले बुझेर पनि बुझपचाउनु भएन। भोलि नेपाल सम्वत्को आन्दोलनको गति तीब्र भयो भने के हुन्छ भनेर शासकहरूले गम्भीर रुपमा सोच्नुपर्ने खाँचो छ। बंगलादेशलगायत विभिन्न देशको गतिविधि हेर्ने हो भने यसो हुँदैन भन्न सकिन्न। त्यसले गर्दा नेपाल सम्वत्लाई राष्ट्रकै सम्वत् भनेर लिनु आवश्यक छ। हामी सानै उमेरदेखि विक्रम सम्वत् पढ्दै प्रयोग गर्दै हुर्किएकोले हामीले नेपाल सम्वत् प्रयोगलाई ल्याउन नसकिएको हो। नेपाल सम्वत् बारे अहिले स्कुलबाटै शिक्षा दिने हो भने अहिले विक्रम सम्वत् प्रयोग गरे झै यसको पनि प्रयोग सहज हुनेछ। त्यसका लागि शिक्षा, चेतना दिनुपर्ने खाँचो छ। राम्रो चिज सिकायौं भने त्यसको ग्राह्यता पनि सहज हुन्छ। जुन कुरा सिकाइन्छ, त्यही सिक्छौं। राणाकालदेखि नेपाल सम्वत्बारे सिकाइएन। त्यसैले हामीले सिकेनौं। वि.सं २०५६ सालमा शंखधर साख्वाः राष्ट्रिय विभूति घोषणा गरेको थियो। अहिले विद्यालयस्तरमा ठाउँको जीवनीबारे र इतिहासबारे पढाइने गरेको छ। ६ कक्षाको नेपालीमा शंखधरको जीवनी राखिएको छ। त्यसपछि कक्षा ५ र ९ कक्षामा नेपाल सम्वत्का प्रणेता शंखधर साख्वाः भनेर राखिएको छ। यसले शंखधर साख्वाःको प्रचार जनजनमा फैलाउन धेरै काम गऱ्यो। तर, स्थानका विषयमा समेटिएको पुगेन भनेर भन्दै आएका छौं। शंखधर साख्वाःको माध्यमबाट राष्ट्रियता, गरिबी निवारण, सामाजिक कल्याणकारी सेवालगायतका विषयमा ज्ञान दिन सकिन्छ। थिमि ल्यायूम्ह पुचःको अगुवाइमा विभिन्न स्थानमा नेपाल सम्वत्का प्रणेता शंखधर साख्वाःको सालिक निर्माणलाई तीब्रता दिएका छौँ। अहिले देशभर २८ ठाउँमा शंखधरको सालिक रहेको छ। शंखधर साख्वाःको सालिकप्रतिको सम्मानले हामीलाई लोककल्याणको मार्गमा अग्रसर हुन प्रेरणा प्रदान गर्दछ। ●

राष्ट्रिय मान्यताको परिभाषा गरिनुपर्ने

–● किरण शाक्य ●–

नेपाल सम्वत्को अभियानको कुरो आउँदाखेरी नेपालभाषा मंकाः खलः र त्यसका नेता पद्मरत्न तुलाधर जोडिएको हुन्छ। त्योबेला मंकाः खलः भिन्तुना र्‍याली, सांस्कृतिक जुलस र नेपाल सम्वत् पर्यावाची शब्द हुन्। अहिले पनि त्यही रुपमा छ कि छैन भनेर मूल्याकंन गर्न चाहन्न । २०३६/२०३७ सालतिरको समयमा त्यो त्यतिबेलाको आवश्यकता थियो। अहिलेको आवश्यकता र परिवेश बदलिसकेको छ। त्यो चरणबाट सुरु भएको हो, आन्दोलन ।

चौबाटोमा ४ जना बसेर सुरु गरेको आन्दोलन हो । ५० वर्ष हामीले देखिको आन्दोलनले विस्तारै मूर्तरुप लिँदै गएको छ । त्यतिबेलाको परिस्थितिबाट हामी यहाँसम्म आइपुग्यौं ।

राज्यले मान्यता दिनु र राष्ट्रिय सम्वत् हो भन्नु फरक विषय हो । राज्यले अहिले पनि मान्यता दिएको छैन। राज्यले अझै पनि विक्रम सम्वत्को मोह त्याग्न सकेको छैन। त्यो कारणले जनस्तरबाट अभियान चलाइराख्नुपर्दछ भन्ने कुरो एउटा हिसाबले जायज नै होला । तर अहिलेको अवस्थामा सर्वोच्च अदालतदेखि लिएर सरकारी कागजातमा नेपाल सम्वत्को प्रयोग गरिएको छ। राज्यको नीतिभन्दा अरु कारणले यो भइरहेको छ। त्यसैले सम्वत्को प्रयोगको सम्बन्धमा एउटा नीति नै चाहिएको छ। अहिले पनि कतिपय सरकारी निकायले नेपाल सम्वत्को प्रयोग गरेको छैन। प्रयोग गरे पनि नेपाल सम्वत् को सालमात्र उल्लेख गर्ने गरेको छ। राज्यले कानुनसरह मान्नुपर्छ भनेको भए सबैले

मान्ने गर्दछन् । अब यो रथ तान्ने काम, बाजा बजाउने काम, नेपाल सम्वत् मनाउने काम सरकारले गर्ने हो । म नेपाल भाषा मंकाः खलः ललितपुरको अध्यक्ष हुँदा जुनबेला स्थानीय तहमा जनप्रनिनिधि बहाल भएको थिएन, त्यतिबेला प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा जिल्लामा नेपाल सम्वत् नयाँ वर्ष मनाउनुपर्दछ भनेर भनेको थिएँ । राष्ट्रिय रुपमा संस्कृतिमन्त्रीको संयोजकत्वमा नेपाल सम्वत् नयाँ वर्ष किन नमनाउने ? भन्ने मेरो प्रश्न हो। अनि जिल्लागत, पालिकागत रुपमा मनाउन सुरु गरौँ भन्ने मेरो जोड हो। जनस्तरबाट गरिरहेको कामका विषयमा कुनै टिकाटिप्पणी छैन।

अहिले यही तरिकाले नेपाल सम्वत्को अभियान नयाँ पुस्तामा सहज रुपमा फैलाउने कार्यमा अनेक कठिनाइहरू छन्। पहिलो पुस्ताले यसबारे जागरण ल्याए। विषय उठान गरे। नेपाल सम्वत्लाई राष्ट्रले मान्यता दिनुपर्छ भनेको के हो त? त्यसमा हामी छलफल गर्नुपऱ्यो। हामीले के के पायौं। के के पाएन? छलफल गर्नुपऱ्यो। एकजना प्रधानमन्त्री एउटा घोषणा गर्न बितिक्कै हामी फुरुङ हुन्छौं। फेरी अर्को प्रधानमन्त्रीले अर्को घोषण गर्नुहुन्छ। त्यसैले राष्ट्रिय मान्यता पाइयो भनेको के हो त ? राष्ट्रिय मान्यता पाएको विषय अहिले पनि गौण छ।

हामी नेपाल सम्वत् चन्द्रमासका आधारमा मान्ने गरेका छौं । तिथि भनेको शक् सम्वत्ले पनि मान्ने गरेको छ । नेपाल सम्वत्का आधारमा चाडपर्व मान्छौं भनेर भ्रममा पनि पर्नुहुँदैन। चन्द्रमासको आधारमा घडी र पलाको कुरो आउँछ। हामी अभियन्ता भएको हुनाले प्राविधिक विषयमा हामीले कुरा गर्न मिल्दैन। त्यसैले राज्यलाई हामीले भन्न सक्नुपऱ्यो राष्ट्रिय मान्यता भनेको के हो भनेर ? हाम्रो माग के हो? के भयो भने राष्ट्रिय मान्यता पाएको सरह हुन्छ। बसन्तपुरमा हुने कार्यक्रममा प्रधानमन्त्री आउँदैमा राष्ट्रिय मान्यता पाएको हो भन्न सकिन्न। त्यसकारण राज्यलाई पनि एउटा दायित्व दिनुपर्दछ। दोस्रो पुस्ताले यो कुरा स्पष्टरुपमा भन्नुपर्दछ। विक्रम सम्वत्लाई हटाएर नेपाल सम्वत्को प्रयोगमा ल्यायो भने राष्ट्रिय मान्यताले पूर्णता पाउँछ ।

पहिलो पुस्ताका अग्रजहरूले नेपाल सम्वत् राष्ट्रिय सम्वत् सरकारले यसलाई मान्यता दिनुपर्दछ भनेर नारा लगाएका थिए। उहाँहरूले किस्ताबन्दीमा मागेको थियो। तर, त्यो नाराको व्याख्या गर्ने क्रममा हामी दोस्रो पुस्तामा मानिसहरू चुक्यौं। उदाहरणको लागि ११४५ को नयाँ वर्षमा मुद्रामा उल्लेख गर्ने कुरा आउँला, अर्को वर्षमा चेकमा प्रयोग गर्ने कुरो आउला। यो हामीले मागेर प्रधानमन्त्रीले घोषणा गर्ने हो। तर, यो तरिका भएन भन्ने मलाई लाग्दछ। मुख्य कुरो भनेको नेपाल सम्वत्को प्रयोगको सम्बन्धमा अलग नीति तर्जुमा गर्नुपर्यो भनेर एकसूत्रीय माग राखेर अघि बढ्नुपर्ने खाँचो छ। नेपाल सम्वत् राष्ट्रिय भनेपछि

यसमा सरकारको दायित्व रहन्छ। नेपाल सम्वत्को मनाउने कार्य, यसको प्रयोगमा राज्यको दायित्व अवश्य रहन्छ। राज्यसँग जोडिएको कारणले सयौं वर्षदेखि विभिन्न जात्रा, पर्वहरू अहिलेसम्म चलिरहेका हुन्। त्यसले गर्दा राज्यलाई हेर्ने हाम्रो दृष्टिकोण के हो भनेर स्पष्ट हुनुपर्ने खाँचो देख्दछु। विभिन्न जात्रा पर्व राज्यप्रमुखको उपस्थिति भनेको राज्यले गरेको सम्मानका रुपमा लिनुपर्दछ। राष्ट्रिय सम्वत् र राष्ट्रिय मान्यताका छुट्टै छलफल हुनु आवश्यक छ। के, के भयो भने राष्ट्रिय मान्यता पाएको हुनेछ भनेर बुँदागत रुपमै सूचीकृत गर्नु आवश्यक छ। यो आन्दोलनमा लाग्नेहरूले यसलाई गम्भीररुपमा लिनुपर्ने जरुरी छ। यो आन्दोलनलाई अघि बढाउने दोस्रो पुस्ताले यसलाई आआफ्नो कमिकमजोरीलाई स्वीकार गरेर अघि बढ्नुपर्दछ। ●

(लेखक : पूर्व प्रशासक, गुठी संस्थान तथा
नेपाल भाषा मंकाः खलः, ललितपुरका पूर्वअध्यक्ष)

नेपाल सम्वत्को अबको बाटो

–● सुनील महर्जन ●–

खुल्ला र व्यापकरुपमा ऱ्याली आयोजना गरी नेपाल सम्वत् नयाँ वर्ष मनाउन थालिएको ४५ वर्ष बितिसकेको छ। ४६ वर्षका दौरान नेपाल सम्वत् नेपाल सम्वत् नयाँ वर्ष मनाउने स्वरुपमा निकै फेरबदल आइसकेको छ। धेरै वर्षसम्म आन्दोलन र अभियानको रुपमा मनाउँदै आएको नेपाल सम्वत् नयाँवर्ष यसका प्रणेता शंखधर साख्वालाई राष्ट्रिय विभूति घोषणासँगै उत्सवको रुपमा मनाउने क्रम बढ्दै गएको छ। विगतमा यो उत्सवसँगै सरकारले सम्बोधन गर्नुपर्ने माग, एजेण्डा अघि सार्ने एउटा अभियान थियो। अहिले एजेण्डा गौण र बढी उत्सवको रुपमा परिणत हुँदै गएको छ। नेपाल सम्वत्का प्रणेता शंखधर साख्वालाई राष्ट्रिय विभूति र सो सम्वत्लाई राष्ट्रिय मान्यता पाएपछि यससँग जोडिएको अधिकतम माग पूरा भइसकेको बुझाईसँगै यो उत्सवमय बन्दै गएको छ। उत्सवमयका माझ नेपाल सम्वत्ले राष्ट्रिय मान्यता पाए अनुरुप सरकारले गर्नुपर्ने कार्यसूची कार्यान्वयन नहुँदा एउटा औपचारिकतामात्र सीमित हुने गरेको छ।

नेपाल सम्वत्ले राष्ट्रिय मान्यता पाएको १७ वर्ष भइसकेको छ। यस सम्वत्को प्रयोगका विषयमा ठोस कार्य अघि बढ्न सकेको छैन। हरेक वर्ष नेपाल सम्वत् नयाँ वर्षको दिन सम्बद्ध पक्षले सरकारसमक्ष माग तेर्स्याउने र कार्यकारी प्रमुखले पुरा नहुने आश्वासन दिने पुनरावृति हुने गरेको छ। यस अवस्थामा सर्वसाधारणले नेपाल सम्वत्को राष्ट्रिय मान्यतापछि अब के भन्ने सहज स्वभाविक प्रश्नको उत्तर नपाउँदा अन्यौल झै महसुस गर्ने गरेको छ। यसले गर्दा पनि शायद नेपाल सम्वत्लाई बुझ्ने भन्दा पनि उत्सव मनाउनेतिर बढी ध्यान गएको हो कि ?

एउटा अभियान, आन्दोलन वा संघर्षको रुपमा ४६ वर्षअघि नेपाल सम्वत् नयाँ वर्षको अवसरमा भिन्तुना ऱ्याली शुरु भएको थियो। त्यसभन्दा अघि सामान्य तरिकारले मनाउने गरिन्थ्यो। २०३६ सालको जनमत संग्रहपछि नेपाल सम्वत् नयाँ वर्ष मनाउने अभियान नेपालभाषा मंकाः खलःको स्थापनापछि अझ गति लिएको थियो। पञ्चायतकालमा शुरु भएको नेपाल सम्वत् राष्ट्रिय सम्वत् भन्ने आन्दोलन २०४६ सालको बहुदलीय प्रजातन्त्र पुनःस्थापनापछि अझ व्यापक र खुल्ला बन्दै गएको थियो।यही आन्दोलनकै कारण नेपाल सम्वत्लाई राष्ट्रिय मान्यता प्रदान गरेको थियो। राष्ट्रिय मान्यता अनुरुप काम नहूँदा राष्ट्रिय मान्यता केवल औपचारिकतामा मात्र सीमित भएको छ।

२०६५ सालमा पुष्पकमल दाहाल 'प्रचण्ड' पहिलोपटक प्रधानमन्त्री हुँदाको बखत राज्यले नेपाल सम्वत्लाई राष्ट्रिय मान्यता प्रदान गरेको थियो। राष्ट्रिय सम्वत्को मान्यता अनुरुप सरकारले नेपाल सम्वत्लाई व्यावहारिक प्रयोगमा ल्याउन गम्भीरताका साथ कार्य अघि बढाएको पाइएन। राष्ट्रिय मान्यताअनुरुप त्यसको प्रयोगका स्वरुपबारे राज्यले आफ्नो दृष्टिकोण अहिलेसम्म स्पष्ट पारेको देखिँदैन। २०५७ साल मंसिर २ को तत्कालीन प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईको नेतृत्वको मन्त्रिपरिषद्ले नेपाल सम्वत्का प्रणेता शंखधर साख्वालको हैसियत राष्ट्रिय विभूतिका रूपमा रहेको स्वीकार गरेको थियो। त्यसयता शंखधरको महत्त्व र व्यक्तित्वको सम्मान बारे न राज्यले अग्रसरता देखायो, न कहिले चासो नै लियो।

'नेपाल सम्वत्को मान्यता पाएपछि यसको प्रयोग र महत्त्व के त ? अहिलेसम्म राज्यले गम्भीर भएर यस प्रश्नको उत्तर दिन सकेको छैन।' इतिहासविद् प्रा. दिनेशराज पन्तले भन्नुभयो 'यस्तो बेला नेपाल सम्वत्को महत्व, यसको प्रयोग बारे राज्यले स्पष्ट दृष्टिकोण बाहिर ल्याउनुपर्दछ। सरकारको रवैया हेर्दा जनस्तरको दबाब र मागलाई साम्य पार्ने हिसाबले मात्र नेपाल सम्वत्लाई राष्ट्रिय सम्वत् घोषणा गरेको जस्तो देखियो।'

नेपाल सम्वत्लाई बुझ्ने र बुझाउने तौरतरिका

विश्वका प्रायः युद्ध जितेपछि आफ्नो साम्राज्य फैलाउन राजामहाराजाहरूले विजय उत्सवको रुपमा विभिन्न सम्वत् चलाउने गरेको इतिहास रहेको छ। त्यसैगरी कुनै खास धर्म, सम्प्रदायको नाममा पनि सम्वत् चलेको हुन्छ। तर नेपाल सम्वत् कुनै राजा, धर्म, जाति वा साम्प्रदाय विशेषको नामबाट चलेको सम्वत् होइन। यो त सिंगो राष्ट्र र राष्ट्रियताको नाममा स्थापित भइसकेको छानेपाल सम्वत्को सुरुआतदेखि नै यो सम्वत् जनस्तरमा व्यावहारिक रुपमा चल्दै आएको थियो। देशको नाममा जोडिएको हुनाले देशको मौलिक कला संस्कृति र अपनत्वपसँग जोडिएको छ। त्यस्तो सम्वत्ले राष्ट्रिय मान्यता पाए अनुरुप व्यवहारतः हैसियत दिनु आवश्यक रहेको छ।

नेपाल सम्वत् सबै नेपालीहरूको हो भन्ने कुरो अझै बुझाउन सकेको छैन वा खोजिएन।राज्यले मान्यता दिए अनुरुप यसको महत्व सबैले बुझ्ने र बुझाउन प्रयास गरिनुपर्ने हो। अहिले पनि नेपाल सम्वत् नेवाःको मात्र भन्ने बुझाइ रहेको छ। त्यो गलत हो। नेपाल सम्वत् नेपालको पहिचान हो। नेपाल सम्वत् छुट्टै विषय हो, नेवाः समुदायले गर्दै आएको भाषिक, सांस्कृतिक आन्दोलन पनि फरक विषय हो।

यो सम्वत्को नेवाः समुदायको भाषा र संस्कृतिसँग मात्र कुनै सांस्कृतिक सम्बन्ध छैन। तर मानिसहरू यस विषयमा भ्रममा परेका छन्। उनीहरू नेपाल सम्वत् भनेको नेवाः समुदायको सम्वत् भन्ने भ्रम रहेको छ। यही कारण बेलाबेलामा नेपाल सम्वत्लाई नेवारी सम्वत् पनि भन्ने भन्ने गरिन्छ। तर यो गलत कुरो हो। जुन बेला नेपाल सम्वत् सुरु भयो त्यो बेला राघवदेव नामक वैश्य ठकुरी वंशंका राजा हुनुहुन्थ्यो अर्कोतिर इतिहासकारहरूका अनुसार शंखधर जसले यो सवंत चलाउनुभयो, उहाँ पनि नेवार हो वा होइन भन्ने किटान भएको छैन। नेपाल सम्वत् काठमाडौं उपत्यकाबाटै सुरुआत भएको सम्वत् हो। उपयकाका आदिवासी नेवाः समुदाय भएकोले नेपाल सम्वत्लाई बढी चासो, प्रयोग गर्ने समुदाय पनि नेवाः नै परे। यसलाई निरन्तरता र पुनरुत्थान पनि गर्ने काममा नेवाः समुदाय अरु भन्दा अघि बढेकोले नेपाल सम्वत् नेवाः समुदायको भन्ने बुझाइ बन्न गएको हो ।

पञ्चायतकालमा भिन्तुना ऱ्यालीमा भूमिगत रहेका राजनीतिक दलहरूले पनि भाग लिन्थे। राजनीतिक स्वतन्त्रताको आन्दोलन पनि भिन्तुना ऱ्यालीमा मिसिएका थिए। नेपाल सम्वत् मनाउने क्रममा यस आन्दोलनका प्रणेता पद्मरत्न तुलाधर, अगुवा मल्ल के. सुन्दर, दुर्गालाल श्रेष्ठ लगायतका अग्रजहरूले नेपाल सम्वत्लाई राष्ट्रियता मान्यता दिनुपर्ने, भाषिक समानता, अधिकारको विषय, नेपालभाषालाई सरकारी मान्यताका विषयहरू पनि उठाएका थिए। बहुदलीय प्रजातन्त्र पुनःपश्चात भिन्तुना आन्दोलनबाट राजनीतिक स्वतन्त्रताको आन्दोलन अलग्गियो। यसले गर्दा यो लामो समयसम्म एउटा आन्दोलनको हिस्साका रुपमा लिइएको थियो। नेपाल सम्वत्ले राष्ट्रियता मान्यता पाएपछि यसलाई आन्दोलनको पाटोबाट अलग गरेर सम्वत्सँग सम्बन्धित रुपमा सबैले अपनत्व महसुस गर्ने गरी मनाउने स्तरसम्म पुऱ्याउनुपर्ने खाँचो यस अभियानका एकथरि अगुवाहरूले औंल्याउँदै आएका छन्। नेपाल सम्वत् मनाउने समितिमा विभिन्न समुदायका मानिसहरूको प्रतिनिधित्व गराउनुपर्ने, यसलाई पूर्व मेचीदेखि पश्चिम महाकालीका जनताले अपनत्व महसुस हुने गरी मनाउने तहसम्म पुऱ्याउनुपर्ने ती अगुवाहरूको भनाइ रहेको छ।

नेपाल सम्वत्लाई राष्ट्रिय मान्यता दिलाउने संघर्षमा सुरुदेखि लाग्नुभएका नरेशवीर शाक्यका अनुसार नेपाल सम्वत्ले राष्ट्रिय मान्यता पाएपछि यसलाई राज्यले मनाउने कि

जनस्तरले मनाउने, नेवाः बाहेक अरु समुदायमा यसलाई कसरी लिएर जाने ? यस मनाउने संस्थागत स्वरुप कस्तो हुनेलगायत थुप्रै विषयहरू बहस हुनुपर्ने आवश्यक छ। 'तर विडम्बना यस विषयमा गम्भीर बहसहरू भइरहेको छैन।' शाक्यले भन्नुभयो।

सरकारी प्रतिबद्धता र व्यवहार

हरेक वर्ष नेपाल सम्वत् नयाँ वर्षको उपलक्ष्यमा राष्ट्रप्रमुख र मुलुकको कार्यकारी प्रमुखदेखि लिएर राष्ट्रिय राजनीतिका प्रायः सबै दलका नेतृत्ववर्गले देशवासीलाई शुभकामना दिदैं आएको छ। शुभकामना दिने क्रममा एकजना साधारण जनता शंखधर साख्वाले जनताको ऋण मोचन गरेर देशकै नाउँमा रहेको विश्वको एकमात्र सम्वत् भएकाले नेपाल सम्वत् व्यावहारिक प्रयोगमा ल्याउनुपर्ने साझा प्रतिबद्धता जनाउँदै आएका छन्। राष्ट्रिय मान्यता अनुरुप नेपाल सम्वत्को व्यावहारिक प्रयोगको लागि सरकारले विभिन्न प्रतिबद्धता गरे पनि व्यवहारमा केही काम नै भएन। सरकारी प्रतिबद्धता र आश्वासन केवल जनताको मन मस्तिष्कलाई क्षणिक रुपमा प्रभावित पार्ने कार्यमात्र साबित भयो। साँचो अर्थमा आफनो प्रतिबद्धताप्रति विभिन्न समयमा बनेका प्रांयः सबै सरकार खासै इमान्दार नदेखिएको यस अभियानका अभियन्ता मल्ल के. सुन्दरको भनाइ रहेको छ।

२०६२/६३ को जनआन्दोलनपछि प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले भिन्तुना ञ्यालीको कार्यक्रममा नेपालको गौरव र मौलिक सम्वत् नेपाल सम्वत्को तिथिमिति आजको दिनदेखि मैले अरुमा नभए पनि मेरो लेटरप्याडमा प्रयोग गर्नेछु भनेर घोषणा गर्नुभएको थियो। राष्ट्रप्रमुखको समेत जिम्मेवारी लिनुभएका प्रधानमन्त्री कोइरालाले बोल्नुभएको सो कुरा कार्यान्वयन कहिले भएन। पहिलो संविधानसभा निर्वाचनबाट ठूलो दल बनेको नेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले राष्ट्रिय सम्वत्को घोषणा गरेलगतै यसको व्यावहारिक प्रयोग, स्पष्ट–ठोस दृष्टिकोण तयार गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो । तर प्रतिबद्धता अनुरुप व्यवहारमा काम अघि बढ्ेन। त्यसैगरी डा. बाबुराम भट्टराई प्रधानमन्त्री हुनुभएपछि बसन्तपुरको भिंतुना ञ्यालीमा जनसमक्ष उभिएर नेपाल सम्वत्बारे अध्ययन/अनुसन्धानका लागि आयोग बनाउने र आयोगको सुझाव अविलम्ब कार्यान्वयनमा ल्याइने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो। आयोग त बन्यो तर सुझाव कार्यान्वयनमा सिन्कोसमेत भाँचिएन। त्यसैगरी २०६८ सालको नेपाल सम्वत् भिंतुना ञ्यालीको आमसभास्थल खुल्लामञ्चमा प्रधानमन्त्रीका डा. बाबुराम भट्टराईले नेपालभाषामा सम्बोधन गर्दै नेपाल सम्वत्सम्बन्धी अध्ययन/अनुसन्धानका लागि राज्यस्तरबाट एउटा प्रतिष्ठान सञ्चालन गर्ने र त्यसका लागि आकर्षक रकम कोषका लागि सरकारले उपलब्ध गराउने घोषणा गर्नुभएको थियो। सो अनुरुप नेपाल सम्वत् आन्दोलनका अगुवा पद्मरत्न तुलाधरको संयोजकत्वमा एक

कार्यदल बनेको थियो । सो कार्यदललाई नेपाल सम्वत्लाई व्यावहारिक प्रयोगमा ल्याउने र नेपाल सम्वत् र अन्य प्रचलित सम्वत्हरूको अध्ययन गर्ने मुख्य जिम्मेवारी दिएको थियो ।

सो कार्यदलको गठनको कार्यक्षेत्र शर्त नै सम्वत्हरूको अध्ययन गरेर इस्वी सम्वत् प्रयोग गर्ने भएको त्यो कार्यक्षेत्र संकुचन हुन गएकोले ठोस काम गर्न नसकेको सो कार्यदलका सदस्य रहेर काम गर्नुभएका इतिहासविद् प्रा.डा त्रिरत्न मानन्धर बताउनुहुन्छ ।

त्यसपछि पनि आश्वासन दिने क्रम रोकिएन। प्रधानमन्त्री सुशील कोइराला, शेरबहादुर देउवा, खड्गप्रसाद शर्मा ओलीले प्रधानमन्त्रीको लेटरप्याडमा नेपाल सम्वत् को प्रयोग गर्ने घोषणा गर्नुभएको थियो। तर व्यवहारमा अहिलेसम्म कार्यान्वयन भएको छैन। त्यस्तै २०६४ सालमा तत्कालीन संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री प्रदीप ज्ञवालीको संयोजकत्वमा कार्यदल गठन गरेको थियो। सरकार परिर्वतनसँगै सो कार्यदल अलपत्रमा परेको थियो । यसरी कार्यदल गठन हुने बीचमै अलपत्र हुने सिलसिला रहिरह्यो । नेपाल सम्वत्लाई व्यावहारिक बनाउने प्रक्रिया अहिले पनि कार्यदलमै अड्किएको छ ।

उपसंहार

अहिलेसम्म सरकारको ताल हेर्दा जनस्तरको दबाब मत्थर पार्ने मात्र सरकारको ध्याउन्न देखिएको छ । भावुकता वा सस्तो लोकप्रियताको हिसाबले मात्र काम गर्ने सरकारको रवैयाले गर्दा राष्ट्रिय सम्वत्को मान्यताअनुरुप गर्नुपर्ने कामहरू केही हुन सकेन । यो कुरालाई सरोकारवालाहरूले हरेक वर्ष सम्झाउँदै आएको छ। राष्ट्रिय मान्यताअनुरुप नेपाली मुद्रा र नोटहरूमा नेपाल सम्वत् प्रयोग हुनुपर्ने, सम्वत्का प्रवर्तक शखंघर साख्वाः र नेपाल सवंत्सम्बन्धी विद्यालय र कलेजस्तरको पाठ्यक्रममा राख्नुपर्ने, शंखधर प्रतिष्ठान स्थापना गर्ने, नेपाल सम्वत् मनाउन राज्यबाट बजेट विनियोजित गर्नुपर्ने मागहरू सरकार समक्ष तेर्स्याउँदै आएको छ। सरकारी भित्तेपात्रोमा नेपाल सम्वत् र दिनाङ्क उल्लेख हुनुपर्ने, नेपाल सम्वत्को क्यालेन्डर सरकारीस्तरबाट नै प्रकाशन र वितरण गर्ने जस्ता तत्काल गर्न सकिने कार्य पनि अघि बढ्न सकेको छैन। यी कार्यहरू नभएसम्म नेपाल सम्वत् राष्ट्रिय सम्वत्को अनुभूत जनताले गर्न सक्ने छैनन् ।

नेपाल संवत् मुलुकको महत्त्वपूर्ण सांस्कृतिक निधि हुन्। यसको ऐतिहासिक, सामाजिक/सांस्कृतिक र महत्त्वलाई आत्मसात गरेर यसको व्यावहारिक कार्यान्वयन पक्ष अहिलेको महत्त्वपूर्ण सवाल हो। यसको ऐतिहासिकता, महत्त्वबारे अध्ययन/अनुसन्धान गर्न/गराउनमा राज्यको भूमिका के/कस्तो हुने हो अब स्पष्ट हुनुपर्छ। राष्ट्रिय सम्वत्को मान्यता प्रदान गरिसकेपछि राष्ट्रिय स्तरमा यो सम्वत्लाई कसरी व्यावहारिक प्रयोगमा ल्याउने हो, सरकारी स्तरबाट नीति तय हुनु आवश्यक छ । ●

नेपाल सम्वत् जनस्तर र सरकारीस्तरसँगसँगै मनाउनुपर्दछ

–● सुजीव वज्राचार्य ●–

पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको सरकारले २०६५ सालमा नेपाल सम्वत्लाई राष्ट्रिय सम्वत्को रुपमा मान्यता दिएको र गत २ वर्ष अघि उहाँ नै प्रधानमन्त्री भएको बेला सरकारी लेटरप्याडमा यसको प्रयोग गर्ने निर्णय गरेको थियो। यसअनुरुप अहिले राष्ट्रपति कार्यालय, प्रधानमन्त्री कार्यालय, सर्वोच्च अदालत, जिल्ला प्रशासन कार्यालयका पत्रहरूमा यसको प्रयोग गरिएको छ। यसलाई सकारात्मक रुपमा लिनुपर्दछ। तर यो निर्णय राजपत्रमा प्रकाशित नभएकोले अझै पनि कहिँकतै यसको प्रयोगमा अप्ठ्यारो सिर्जना गरिरहेको छ। जहाँसम्म नेपाल सम्वत्को राष्ट्रिय मान्यताको प्रश्न छ, त्यो अझै अस्पष्ट रहेको छ।

४५ वर्षदेखि नै नेपाल सम्वत् आन्दोलन वा अभियान चलिरहेको छ। योभन्दा पहिले च्वसापासाको आयोजनामा मनाउने गर्दथ्यो। नेपाल सम्वत् १०७६ अर्थात् आजभन्दा ४५ वर्ष नेपालभाषा मंकाः खलःका आयोजनामा न्हूँद समारोह समिति गठन गरेर यो मनाउन थालिएको हो। यो आन्दोलन जनस्तरबाट मनाउन थालिएको हो। आन्दोलनका क्रममा भिन्तुना भन्ने शब्द निकै प्रसिद्ध भयो। भिन्तुना दु, भिन्तुना दु भन्ने सिक्यौं। नेपालभाषा नबुझ्नेहरूले पनि भिन्तुना भनेर शुभकामना दिने चलन सुरु हुँदै गयो। प्रेमबहादुर कसाःकै पालामा भिन्तुना भन्ने शब्द प्रचलित भएको थियो। ४५ वर्षदेखि नेपाल सम्वत् जनस्तरमा मनाउन थालिएपछि जहाँ-जहाँ नेवार समुदाय बढी छन्, त्यहाँ त्यहाँ नेपाल सम्वत् मनाउने

गर्दै आएको छ। यसमा विभिन्न भाषाभाषीका मानिसहरू पनि सहभागिता हुने क्रम सुरु भएको छ। जनस्तरबाट चलेको अभियानलाई राज्यबाट सम्मान गरिनुपर्दछ। जनस्तरबाट भएको अभियानलाई नै राज्यस्तबाट टेवा पुऱ्याउने हो। त्यसैले नेपाल सम्वत् जनस्तरबाट पनि मनाउनुपर्दछ। राज्यस्तरबाट पनि मनाउनुपर्दछ। राज्यस्तरबाट मनाउन जनस्तरबाट मनाइरहेको परम्परा छाड्नु आवश्यक छैन। संस्कृति जबसम्म जनताको हुन्छ तबसम्म संरक्षण भइरहेको हुन्छ। राज्यको स्तरबाट राष्ट्रपति, प्रधानमन्त्रीबाट शुभकामना आउँछ । अहिले जनस्तरबाट भइरहेको आन्दोलनमा नेपाली सेना र प्रहरीको सहभागिता भइरहेको छ ।

सर्वप्रथम त यो नेपाल सम्वत् शंखधर साख्वाः भन्ने सर्वसाधारणले व्यापारीले जनताको ऋण मोचन गरेर चलाएको थियो। त्यसैले जनस्तरबाट उठेको आन्दोलनले हामी अहिलेको स्थितिसम्म आइपुगेका हौं। त्यसैले नेपाल सम्वत् नयाँ वर्ष सरकारीस्तरमा मनाउनुहुँदैन भन्ने होइन। तर जनस्तरबाट पनि मनाउनुपर्दछ। सरकारीस्तर मा मात्र सहिद दिवसको हालत अहिले के छ ? त्यो हेरौं न। अहिलेका बालबालिकालाई सहिद भन्ने नै थाहा छैन। त्यसैले सरकारीस्तरसँगै जनस्तरबाट यो नेपाल सम्वत् मनाउनेलाई यथावत राख्नुपर्दछ। हाम्रो आन्दोलन पनि किस्ताकिस्तामै भइरहेको छ। उपलब्धि पनि किस्ताकिस्तामै प्राप्त हुने हो। २०५६ सालमा शंखधर साख्वाः राष्ट्रिय विभूति घोषणा गरियो। त्यही उपलब्धिमै टेकेर हामी यहाँसम्म आइपुगेका हौं। नेपाल सम्वत्‌लाई राष्ट्रिय मान्यता अनुरुप अहिले सबै सरकारी कार्यालमा प्रयोग गरिएको छ। यसको दायरा बढाउन केही समय लाग्ला, हामी धैर्यपूर्वक अघि बढ्नुपर्दछ। सरकारी निर्णय कार्यान्वयन गर्न निरन्तर दबाब दिइरहनुपर्दछ। राज्यसत्तामा जो बसेका छन्, तिनलाई प्रभाव पारिरहनुपर्दछ। सबै प्रधानमन्त्रीहरूले हामीले माग गरे अनुसार पुरा गर्दै आएका छन्। सबैकुरो एकैचोटी प्राप्त हुँदैन्। किस्ताकिस्तामा नै प्राप्त हुने हो। अहिले प्रधानमन्त्रीलाई भेटेर नेपाली सिक्का र नोटमा नेपाल सम्वत् प्रयोगको घोषणा गर्न भनेका छौं। पञ्चायतकालमा कुटनीतिक नियोग र संयुक्त राष्ट्रका कार्यालयमा यसको सम्वत् शुरुआत भएको पहिलो दिन नेपाः डे मनाउने गरिन्थ्यो। त्यो चलन पुनः शुभारम्भ गर्न भनेका छौं । ●

लेखक : सदस्य सचिव, न्हूँद समारोह समिति– ११४६

शंखधर साख्वाल पहिचानका लागि गरेको प्रयास

–● धर्मसुन्दर बज्राचार्य ●–

नेपाल सम्वत् ११०० नववर्षका उपलक्ष्यमा ओलम्पस क्लब ओमबहालको आयोजनामा सम्पन्न भएको मोटरसाइकल र्‍यालीले थिमि नगरभित्र आई शुभकामना प्रदान गर्ने कार्य भयो। यहाँको प्रबुद्ध व्यक्तिहरूको कोशिसले नै मोटरसाइकल र्‍यालीलाई नगरभित्र ल्याउन सकिएको हो। मोटरसाइकल र्‍यालीलाई थिमि नगरभित्र सगुन दिने कार्य प्रत्येक टोलमा सम्पन्न भयो। अन्तमा शुभकामनासभा थिमिभित्र बालकुमारी मन्दिरको प्राङ्गणमा सम्पन्न भयो। यो कार्यक्रमपछि थिमि नगरका युवाहरूमा पनि “भिंतुना“ जाने जाँगर उठ्यो र प्रत्येक नेपाल सम्वत्को सम्वत्सरका दिन मिनिबस, जिप रिजर्भ गरी मोटरसाइकल र्‍यालीसँग भिंतुना जाने चलनको सुरुवात भयो। नववर्षमा मोटरसाइकल र्‍यालीलाई स्वागत गर्न नगरको प्रत्येक टोलमा ढोका बनाई झिलिमिली राखी सजाउने कार्यको पनि थालनी भयो। यो कार्य हालसम्म पनि निरन्तर रुपमा भइराखेको छ।

यसरी नै भिंतुना जाने क्रममा थिमि नगरका विभिन्न टोलका युवाहरू मिली प्रत्येक वर्ष मोटरसाइकल र्‍यालीसँग भिंतुना जाने कार्य भयो। यसै क्रममा भिंतुनाको बिगुल फुक्दै ने.सं. ११०५ कौलागा एकादशी (२०४२ कार्तिक २३) का दिन नेपालभाषा मंकाः खलःका तत्कालीन महासचिव, ‘इनाप’ साप्ताहिक पत्रिकाका सम्पादक मल्ल के. सुन्दरले विधिवत रुपमा पानसमा बत्ति बाली ल्यायूम्ह पुचः थिमिको प्रथम कार्यक्रमको उद्‌घाटन गर्नुभयो। यसैबेलादेखि ल्यायूम्ह पुचः थिमिको परिचय जनमानस सामु आयो।

"बत्तिमात्र बल्नुपर्छ, त्यस्को प्रकाश त कुनाकाप्चासम्म जान्छ।" भन्ने नारा लिई स्थापना भएको ल्यायूम्ह पुचः थिमिको प्रमुख उद्देश्य हुन् - हाम्रो भाषा, कला संस्कृतिको विकास गर्नुका साथै नेपाल राष्ट्रकै आफ्नो मौलिकता बोकेको सम्वत् "नेपाल सम्वत्" को सम्बर्द्धन गर्नु र जनमानस सामु प्रचारप्रसार गर्नु हो। आफ्नो उद्देश्य अनुरुप "नेपाल सम्वत्" को प्रचारप्रसार गर्ने हेतुले ने.सं. ११०६ देखि ने.सं. १११६ सम्म निरन्तररुपमा एघारवटा नेपाल सम्वत्को पात्रो प्रकाशित गर्ने कार्य भयो।

ल्यायूम्ह पुचः थिमिले सर्वप्रथम आफ्नो पात्रोमा नेपालभाषाका पाँच महारथि गद्यगुरु निष्ठानन्द वज्राचार्य, महाकवि सिद्धिदास महाजु, मास्टर जगतसुन्दर मल्ल, कवि योगवीर सिं कंसाकार र भाषाजवाः धर्मादित्य धर्माचार्यको सिसाकलमले कोरिएको तस्विर राखी प्रकाशित गर्ने कार्य भयो। यहि पात्रो बिक्री गर्न जाँदा उपत्यकाका विभिन्न भिन्न स्थानमा गई बिक्री गर्ने कार्य पनि भयो। यसरी पात्रोको बिक्री गर्न जाँदा धेरैजसो मानिसहरूले नेपाल सम्वत्को बारे जिज्ञासा राखेको पाइयो। तर पुचःका सदस्यहरूले तिनिहरूलाई चित्तबुझ्दो नेपाल सम्वत्बारे व्याख्या गर्न सकिएन्। नेपाल सम्वत्को प्रचारप्रसार गर्न पहिले आफूले नै त्यसबारे थाहा पाउनुपर्ने महसुस भयो। आफूहरूले पनि नववर्षको भिंतुना जाँदाखेरि सुगा रत्ताइ जस्तै :

नव वर्षको - शुभकामना
नेपाल सम्वत् - राष्ट्रिय सम्वत्
सरकारले - मान्यता दिनै पर्छ।

आदि आदि नारा लगाएको पनि साथीहरू माझ विवेचना भयो। यहि कारणले गर्दा नेपाल सम्वत्को विषयमा थाहा पाउन, नेपाल सम्वत्बारे संघर्षशील विद्वानहरूसँग भेटघाट गर्ने कार्य भयो। यसैक्रममा विद्वान मल्ल के. सुन्दरलाई पात्रो बिक्री गर्न जाँदा जनमानसले राखेको जिज्ञासाबारे जानकारी दिने कार्य भयो। हाम्रो सबै कुरा सुनिसकेपछि, उहाँले नेपाल सम्वत्बारे अनुसन्धान गरी लेख लेख्नुभएका इतिहासकार भुवनलाल प्रधानसँग भेट्ने सल्लाह दिनुभयो। सोही मुताबिक इतिहासकार भुवनलाल प्रधानसँग भेट्ने कार्य भयो। उहाँले नेपाल सम्वत्बारे अनुसन्धान गरी लेखिएको लेख 'इनाप' साप्ताहिकको वर्ष १ संख्या ४० मा प्रकाशित भइसकेको जानकारी दिनुभयो। साथै पशुपति मन्दिरको हाताभित्र नेपाल सम्वत्का प्रवर्तक शंखधर साख्वालको प्रतिमूर्ति रहेको जानकारी पनि दिनुभयो।

त्यसपछि ल्यायूम्ह पुचः थिमिका सदस्यहरूबीच छलफल भई ने.सं. ११०८ को उपलक्ष्यमा पशुपतिस्थित नेपाल सम्वत्का प्रवर्तक शंखधर साख्वालको प्रतिमूर्तिको चित्राङ्कन गरी पात्रो प्रकाशित गर्ने निर्णय भयो। साथै इतिहासकार भुवनलाल प्रधानले

लेख्नुभएको नेपाल सम्वत्बारे अनुसन्धानात्मक लेखलाई नेपाली भाषामा र नेपालभाषामा छुट्टाछुट्टै पुस्तिकाको रुपमा प्रकाशित गर्ने पनि निर्णय भयो। नेपालभाषामा लेखिएको उक्त लेखलाई अशोक श्रेष्ठले नेपालीमा भाषानुवाद गरी दिनुभयो।

नेपाल सम्वत्को सम्वत्सरको उपलक्ष्यमा आयोजना हुने कार्यक्रम जस्तै मोटरसाइकल र्‍याली, सास्कृतिक जुलुस, भिंतुना कार्यक्रमलाई रोक्ने पञ्चायती सरकारको शासनकालमा पशुपति मन्दिरको हाताभित्र रहेको प्रतिमूर्तिको चित्राङ्गकन गर्नु कार्य सजिलो थिएन। पशुपति मन्दिरको हाताभित्र क्यामरा लिएर जाने कुरा पनि भएन। त्यहाँ बसी मूर्तिको चित्राङ्ककन गर्नु पनि सम्भव थिएन। यसबारे प्रसिद्ध कलाकार बत्सगोपाल वैद्यसँग सम्पर्क गरी उहाँलाई अनुरोध गर्ने सहमति पुचःका साथीहरू बीच निर्णयभयो। सो मुताबिक ने.सं. ११०८ को उपलक्ष्यमा शंखधरको चित्र राखी पात्रो प्रकाशित गर्ने जानकारी वत्सगोपाल वैद्यलाई दिने कार्य भयो र उहाँले हाम्रो कुरा सुनी साह्रै खुशीका साथ पशुपति हाताभित्रको प्रतिमूर्तिको चित्राङ्कन गरिदिने वचन दिनुभयो।

केही दिनपछि पुचःका चार, पाँच सदस्यहरू र कलाकार वत्सगोपाल बैद्य पशुपति मन्दिरको हाताभित्र जाने कार्य भयो। अरु मान्छेहरूले चाल नपाओस् भने आशयले सबै एकै स्थानमा नबसी यत्रतत्र छरी मूर्तिको अध्ययन गर्ने कार्य भयो। केही समयपछि पशुपति मन्दिरबाट बाहिर निस्की नजिकको कोकपसलमा गई कोक खान गयौं। त्यहाँ वत्सगोपाल वैद्यले सिसाकलमद्वारा सेतो कागजमा प्रतिमूर्तिको चित्राङ्कन गर्नुभयो। कोक खाइ सकेपछि फेरि सबै पशुपति मन्दिरभित्र गयौं र हेर्‍यौं। यसरी तीन चारचोटी बाहिर भित्र गरी चित्राङ्कन गर्ने कार्य सम्पन्न भयो। भोलिपल्ट कलाकार वत्सगोपाल वैद्यले सेतो कागजमा राम्रो गरी प्रतिमूर्तिको चित्राङ्ग हामीलाई दिनुभयो। हामीले सो चित्र सहि हो कि होइन भनि मल्ल के. सुन्दरलाई देखाउन गयौं। चित्र हेरी सकेपछि मल्ल दाईले यो चित्र त साहु महाजनको रहेछ। यसमा गहना लगाएको, जुंगा पालेको, राम्रो भेषभुषा रहेछ। यो होइन। उन्मुक्त भैरबको मूल ढोकाको दाहिने पति दुइहातले शंख समाती, कानमा कुण्डल लगाएर बसिराखेको मूर्ति छ त्यही नै शंखधरको मूर्ति हो भनेर भनुभयो। फेरि केही दिन पछि मल्ल दाईले दिएको हुलिया भएको प्रतिमूर्तिको चित्राङ्कन गर्न कलाकार वत्सगोपाल वैद्यलाई पशुपति गयौं र पहिले जस्तै तीन चारचोटी बाहिर-भित्र गरी चित्राङ्कन गर्ने कार्य सम्पन्न भयो।

कलाकार वत्सगोपाल वैद्यले तयार पारेको पशुपतिस्थित नेपाल सम्वत्का प्रवर्तक शंखधर साख्वालको प्रतिमूर्तिको चित्राङ्कन राखी ने.सं. ११०८ को पात्रो प्रकाशित गर्ने कार्य भयो। त्यसको साथसाथै नेपाल सम्वत्बारे लेखिएको भुवनलाल प्रधानको लेखलाई पुस्तिकाको रुपमा प्रकाशित गरी प्रचारप्रसार गर्ने कार्य पनि भयो। सोही वर्ष नेपालभाषा मंकाः

खलःको आयोजनामा हुने साँस्कृतिक जुलुसमा पात्रोमा छापिएको शंखधर साख्वालको चित्रलाई ठूलो पोष्टरको रुपमा लेखी नगर परिक्रममा गर्ने कार्य पनि भयो । हालसम्म पनि सोही पोष्टर नै प्रत्येक वर्षको सास्कृतिक जुलुसमा नगर परिक्रममा गर्ने कार्य भइरहेको छ ।

यसरी नेपाल सम्वत्‌का प्रवर्तक शंखधर साख्वाललाई जनमानससामु चिनाउने कार्य ल्यायूम्ह पुचः थिमिको तर्फबाट भयो ।

ल्यायूम्ह पुचः थिमिको आयोजनामा सम्पन्न हुने विभिन्न कार्यक्रममा शंखधर साख्वालको फोटोलाई प्रर्दशित गरी मालार्पण गर्ने परम्परा रहन गयो । ल्यायूम्ह पुचः थिमिको चौथो प्रकाशनको रुपमा ‘ल्यायूम्ह’ मध्यपुर थिमि म्हसीका नामक किताब नेपाली कांग्रेसका सभापति तथा भू.पू. प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाज्यूले ने.सं. ११२० कछलाथ्व नवमी (२०५६ मार्ग १) बुधबारका दिन विमोचन गर्नुभयो । विमोचन कार्यक्रममा शंखधर साख्वालको तस्बिरमा माल्यार्पण गरी मञ्चमा राखिएको थियो । सो कार्यक्रममा इतिहासकार भुवनलाल प्रधानले यसरी शंखधर साख्वालको तस्बिर कहिं पनि प्रदर्शित गरिएको आफूलाई थाहा नभएको र यो कार्य आफूलाई ऐतिहासिक भएको महसुस भयो भनी ‘नेपाल सम्वत्’ र ‘शंखधर साख्वाल’ को विवेचना गर्नुभयो । सोही कार्यक्रममा प्रमुख अतिथि भू.पू. प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाज्यूले पनि ‘नेपाल सम्वत्‌बारे ऐतिहासिक प्रमाण र दस्तावेज भएमा नेपाल सम्वत्‌लाई सरकारी मान्यता दिने’ भन्नुभयो ।

एउटा संजोगको कुरा, यस्को भोलिपल्ट नै प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईज्यूको नेतृत्वमा रहेको नेपाली कांग्रेसको सरकारले ने.सं. कछलाथ्व दशमी (२०५६ मार्ग २ गते) बिहिबारका दिन नेपाल सम्वत्‌का प्रणेता शंखधर साख्वाललाई “राष्ट्रिय विभूति“ घोषणा गऱ्यो ।

नेपाल सम्वत्‌का प्रणेता शंखधर साख्वाललाई नेपाली जनमानससामु चिनाउने कार्य थिमिबासीहरूको तर्फबाट भएको कुरामा दुईमत नहोला । यही कुरालाई नै विशेष रुपमा ध्यान राखी ल्यायूम्ह पुचः थिमिका अध्यक्ष श्यामकृष्ण मानन्धरको नेतृत्वमा पुचःका सदस्यहरू र नेपाल सम्वत्‌लाई सरकारी मान्यता दिनैपर्छ भन्ने आन्दोलनमा लागिरहनु भएका थिमिका प्रबुद्ध व्यक्तिहरूको एक जत्थाले मध्यपुर थिमि नगरपालिकाले शंखधर साख्वालको नाममा केही गर्नुपर्छ भने प्रस्ताव पेश गर्ने कार्य भयो । सोही मुताविक म.थि.न.पा.का मेयर मदनकृष्ण श्रेष्ठलगायत सबै नगर पदाधिकारीको सर्वसम्मतिमा थिमि प्रवेश गर्ने प्रमुख चोक (अरनिको राजमार्ग) लाई “शंखधर साख्वाः चोक” घोषणा गरी त्यहाँ शंखधरको प्रतिमा राख्ने ने.सं. ११२० कछलागा त्रित्या (२०५६ मार्ग १०) सम्पन्न नगरपालिका बोर्ड बैठकमा निर्णय भयो । सोही दिन न्हूदँ ग्वसाः खलः काठमाडौंको आयोजनामा तःबाहाल

लगन टोलमा "शंखधर साख्वाललाई राष्ट्रिय विभूति घोषणा गरिएको उपलक्ष्यमा श्री ५ को सरकारलाई धन्यवाद ज्ञापन गर्ने कार्यक्रम भएको थियो । पूर्व प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईज्यूको प्रमुख आतिथ्यत्वमा सम्पन्न उक्त कार्यक्रममा मध्यपुर थिमि नगरपालिकाले "शंखधर साख्वाल चोक" नामाकरण गरी शंखधरको प्रतिमा राख्ने निर्णय भएको कुराको जानकारी दिने कार्य भयो । श्री ५ को सरकारले शंखधरलाई राष्ट्रिय विभूति घोषणा गरेको एक हप्तापछि मध्यपुर थिमि नगरपालिकाले शंखधर साख्वाल चोक घोषणा गरी त्यहाँ प्रतिमा राख्ने निर्णय गरेका हुन् ।

श्री ५ को सरकारको "नेपाल सम्वत्का प्रणेता शंखधर साख्वाल"लाई राष्ट्रिय विभूति घोषणा गरिएको कार्यलाई लामो समयदेखि निरन्तर रुपमा चलिरहेको नेपाल सम्वत्को आन्दोलनको सफलताका प्रतीकको रुपमा लिनुपर्छ । यतिले मात्र सन्तुष्टि लिने ठाउँ छैन । श्री ५ को सरकारको घोषणा राजपत्रमा प्रकाशित भइसकेको छैन । श्री ५ को सरकारले प्रकाशित गर्ने हुलाक टिकटमा पनि शंखधर साख्वालको टिकट प्रकाशित गर्नुपर्ने अनिवार्यता देखिन्छ । त्यस्तै शंखधर साख्वालको नाउँमा नाममा प्रतिष्ठान स्थापना गरी नेपाल सम्वत् र शंखधर साख्वालको यथार्थबारे अनुसन्धान हुनुपर्ने अति जरुरी देखिन्छ ।

श्री ५ को सरकारले शंखधर साख्वाललाई राष्ट्रिय विभूति घोषणा गरेको उपलक्ष्यमा ल्यायूम्ह पुचः थिमिले ने.सं. ११२० कछलागाः त्रयोदशी (२०५६ मंसिर १९ गते) आइतबारका दिन मन्त्रीद्वय माननीय उद्योगमन्त्री श्री ओमकारप्रसाद श्रेष्ठज्यू र माननीय वातावरण मन्त्री श्री प्रकाशमान सिंलाई अभिनन्दन गरिएको थियो । शंखधर साख्वाललाई राष्ट्रिय विभूति घोषणा गराउने कार्यमा उहाँहरूले खेल्नुभएको भूमिकालाई कदर गर्दै ल्याय्म्ह पुचः थिमिले सो कार्यक्रमको आयोजना गरिएको हो । सोही कार्यक्रममा मध्यपुर थिमि नगरपालिकालाई पनि 'शंखधर साख्वाल चोक' र शंखधर साख्वालको प्रतिमा स्थापना गर्ने कार्यको कदर गर्दै अभिनन्दन गरिएको थियो ।

यसरी नेपाल सम्वत्को आन्दोलनमा मध्यपुर थिमिबासीहरूले "नेपाल सम्वत् र शंखधर साख्वाल" को प्रचार प्रसार गर्ने कार्य गरिँदै आएका छन् । यही आन्दोलनमा एक कदम अगाडि बढ्ने कार्य स्वरुप "शंखधर साख्वाल चोक" नामाकरण गरी शंखधरको प्रतिमा प्रतिस्थापन गरिएको हो । शंखधर साख्वालको प्रतिमा दर्शन गरी हामीमा पनि उहाँले गरे जस्तै आफ्नो स्वार्थलाई त्यागी, देश र जनताको स्वार्थलाई ध्यानमा राखी कार्य गर्न सकोस् भनी नेपाल सम्वत् ११४६ नव वर्षको शुभकामना । अस्तु ●

नेपाल सम्वत् र राजनीति

–● उमेश स्थापित ●–

नेपाल सम्वत् लगभग ८ सय ८८ वर्षसम्म राजकीय सम्वत्को रुपमा चलेको थियो। यो सम्वत् चलाउँदा त्यतिबेला राजा मानदेवले चलाएको शक सम्वत् चलाइराखेको थियो। त्यसको साटो नेपाल सम्वत् चलाइएको थियो। लिच्छिविकालका प्रभावी राजाले चलाएको सम्वत्लाई हटाएर त्यतिबेला सामान्य मानिसले चलाएको सम्वत्लाई मान्यता दिनु राजनीतिक हिसाबले पनि ठूलो महत्वको विषय हो। एक जनताले चलाएको त्यो पनि देशको नाउँमा भएकोले यो सम्वत्को आफ्नै महत्व रहेको छ।

८ सय ८८ वर्ष चलिसकेपछि जब राज्य शाहहरूको हात गयो त्यसपछि यो सम्वत् क्रमशः ओझेल पर्दै गएको थियो। पुनः नेपाल सम्वत् हटाएर शक सम्वत् चलाउने प्रयास भए। तर, त्यतिबेला विश्वले अर्को सम्वत् नचिनेका कारण तिब्बतसँग एउटा सम्झौता गर्ने स्थिति आइपुग्दा फेरी नेपाल सम्वत् नै चलाउनुपर्ने स्थिति आएको थियो। त्यसयताका शासकहरूले नेपाल सम्वत्लाई प्रयोगमा नल्याउन बेलाबखत अनेक षडयन्त्र गरेका थिए। त्यतिबेला नेपाल सम्वत्लाई राष्ट्रिय सम्वत्का रुपमा मान्यता दिनुपर्दछ र नेपालभाषालाई मान्यता दिनुपर्दछ भनेर आवाज उठाउने जगतमान वैद्यको छात्रवृति दरबार हाई स्कुलबाट खोसिएको थियो। नेपाल सम्वत् नयाँ वर्ष सांस्कृतिक रुपमा मनाउँछौं। तर, नेपाल सम्वत् सांस्कृतिक रुपमा मनाउँदा यसमा राजनीतिक रुपमा जोडिएको हुन्छ।

पछिल्लो कालखण्डमा नेपाल सम्वत्लाई राष्ट्रिय सम्वत् हुनुपर्दछ भनेर आवाज उठायौं। पहिला पहिला नेपाल सम्वत् जिन्दावाद भन्दा प्रहरीको लाठी र बुट खानुपर्ने अवस्था

थियो। यसको अन्तर्यमा राजनीतिक विषयवस्तु जोडिएको छ। यसले त्यो बेलाको राज्य सञ्चालनको चिन्तनलाई उजागर गरेको थियो।यसले सानो घेरामा रमाएर बहुसंख्यकलाई शोषण गर्ने शासनसत्ताका विरुद्धको आन्दोलनमा नेपाल सम्वत् आन्दोलनले टेवा पुऱ्याएको हो।नेपाल सम्वत्‌ले प्रजातान्त्रिक आन्दोलनमा योगदान पुऱ्याएकै हो। प्रजातान्त्रिका कालमा यसलाई केही न केही रुपमा मान्यता दिएपनि नेपाल सम्वत्‌ले राष्ट्रिय मान्यता पाउन निकै समय लाग्यो। राष्ट्रिय सम्वत्‌को रुपमा मान्यता पाएपनि यसप्रति अनुदार राख्ने शासनयन्त्र अझै विद्यमान छन्। यसको प्रयोगको सम्बन्धमा राज्यसञ्चालकहरूमा अझै पनि संकुचन हटेको छैन्। अपनत्व लिनमा आनाकानी गरिरहेका छन्। त्यसको संकेत पनि हामीले पाइरहेका छौं। अहिले सरकारी दस्तावेजमा प्रयोग गरिएको छ। तैपनि राज्यबाट केही केही समस्या उत्पन्न गरिदिएको छ। डा. बाबुराम भट्टराई प्रधानमन्त्री हुँदा नोटमा नेपाल सम्वत् छाप्ने कुरा भए पनि पछि विक्रम सम्वत् नै छापियो। नेपाल सम्वत् राष्ट्रिय सम्वत् भनेपछि त नोटमा छापिनुपर्ने थियो। अझै पनि वित्तीय कारोबारमा यसको प्रयोगमा आएको छैन। अनि राष्ट्रिय सम्वत्‌को मान्यताले पूर्ण पाएको भन्ने। नेपाल सम्वत्‌लाई राष्ट्रिय सम्वत्‌का रुपमा प्रयोग गर्न नपाउने हो भने कसरी राष्ट्रिय सम्वत् हुनसक्छ भन्ने प्रश्न तेर्सिएको छ। सरकारले सारा सरकारी दस्तावेजमा नेपाल सम्वत् प्रयोग गर्ने भनेर मन्त्रिपरिषद्‌को बैठकले पारित गऱ्यो। सोही अनुरुप प्रयोग पनि भइरहेको छ। यसमा विषयमा सरकारी तवरबाट अनुगमन हुनुपर्दछ। सरकारले कुनै कुरा लागू गरेपछि अनुगमन संयत्र बन्नुपर्नेमा बन्न सकेको छैन। यो भन्दाअघि जीवनराम श्रेष्ठ संस्कृति, पर्यटन तथा नागरिक उडड्यनमन्त्री भएका बेला नेपाल सम्वत्‌मा योगदान गर्नेलाई सम्मान गर्ने भनेर एउटा फाइल तयार गरिएको थियो। त्यो फाइल अहिले पनि अघि बढ्न सकेको छैन। यी जम्मै कुराहरूले अहिले पनि नेपाल सम्वत्‌लाई रोक्ने र हाबी हुन नदिने तत्वहरू हाबी रहेको छन्। सच्चा राष्ट्रवादीहरूले यस विषयमा ध्यान दिनुपर्दछ। नेपाल सम्वत् नेपालीहरूबीचको एकताको प्रतीक र राष्ट्रियता भावना वृद्धि गर्ने माध्यम हुन्। राजनीतिक दृष्टिकोणबाट हेर्दा यस्तै कुराहरू देखिरहेका छु।

विक्रम सम्वत् भारतको राष्ट्रिय सम्वत् हो। विक्रम सम्वत् भारतको चन्द्रमासका आधारमा चलेको छ। तर, नेपालमा आउँदा सौर्य मासका आधारमा आएको छ। विक्रम सम्वत्‌मा अक्कल नपुऱ्याएर गरेको नक्कल हुनाले धेरै समस्या छ। विक्रम सम्वत्‌का अनुसार दुई महिना अगाडि नै दसैं मनाई सकेका छन्। पञ्चाङ्ग निर्णायक समितिले भने सौर्य मास मान्दैन। सौर्य मासको गति मिलाउन नसक्दा विभिन्न बहस चलेको छ।नेपालमै जन्मेको र नेपालको नामबाटै राखिएको जसलाई राष्ट्रिय सम्वत्‌का रुपमा मानिएको छ। अहिलेको असार महिना ३१ हुन्छ वा ३२ भन्ने विवाद चलिरहेको छ।त्यसले गर्दा नेपाल सम्वत्‌ले राष्ट्रियको भावनालाई समेट्न सक्छ। जुन विक्रम सम्वत्‌ले समेट्न सक्दैन। विक्रम सम्वत्‌को प्रयोग नेपाली शासकहरूको मानसिकताको प्रतीक हो। ●

नेपाल सम्वत् नयाँ वर्ष मनाउने दायरा व्यापक हुनुपर्दछ

–● रश्मिला प्रजापति ●–

मेरो जन्म वसन्तपुर नजिक मरु टोलमा भएको थियो। बुबा श्यामदास श्रेष्ठ नेपालभाषाका साहित्यकार हुनुहुन्थ्यो। उहाँसँगै म पनि नेपालभाषाका विभिन्न कार्यक्रममा जाने क्रममा नेपाल सम्वत्को आन्दोलन हेर्ने र त्यसबारे बुझ्ने मौका मिलेको थियो। पछि विस्तारै यससँग सम्बन्धित विभिन्न संघसंस्थामा आबद्ध भएँ। यस नेपाल सम्वत् अभियान सुरुमा विशेषतः नेवाः समुदायलाई एकीकृत गर्न ठूलो भूमिका निर्वाह गरेको थियो। राजनीतिक वा संस्थागत कार्यक्षेत्रका हिसाबले फरक भए पनि नेपाल सम्वत्को न्हूँदको अभियानले नेवाः समुदायलाई जोडेको छ। नेवाः समुदायको ऱ्यालीले हामी भन्ने साझा भाव पैदा गरिदिएको छ। यही अभियानलाई गति दिन विभिन्न संघसंस्था खुलेका थिए। त्यस्तै यसको प्रभाव विभिन्न जातजाति र भाषाभाषीमा पनि परेको छ। अरु समुदायका मानिसहरूले पनि आफ्नो नेवाः साथीहरू भेट्नासाथ न्हूँदया भिन्तुना भनेर शुभकामना दिने गर्छन्। हुन त नेपाल सम्वत् नेवाःहरूको मात्र होइन। तर यो अभियानमा नेवाः समुदायको सुरुदेखिको अगुवाइले गर्दा नेपाल सम्वत् भन्नासाथ नेवाः भनेर बुझ्ने र बुझाउने गरेको छ। समग्रमा भन्नुपर्दा यसले विशेषतः नेवाः समुदायमा ठूलो जागरण ल्याएको छ।

यसले सुरुमा काठमाडौं उपत्यकाका नेवाःहरूलाई संगठित गर्न धेरै सहयोग गऱ्यो भने पछि यो क्रम काठमाडौं बाहिर पनि विस्तार हुन थाल्यो। नेवाः देय् दबूको विस्तारसँगै एकाध जिल्लाबाहेक ७४, ७५ जिल्लामा न्हूँद ऱ्याली हुन थालेको छ। त्यसपछि

वर्ल्ड नेवाः अर्गनाइजेशनको स्थापनापछि त्यसको माध्यमबाट संसारभरि छरिएर रहेका नेवाःहरूलाई एकजुट भएका छन् । हामीलाई थाहा छ, इतिहासको लामोसमयसम्म नेपाल सम्वत् राजकीय सम्वत्को रुपमा प्रयोग हुँदै आएको थियो । त्यसपछि शासनसत्ताबाट यो सम्वत् हराउँदै गएको थियो ।

नेपाल सम्वत्को नयाँ वर्षमा राष्ट्रपति, कार्यकारी प्रमुख र राजनीतिक दलका नेताले शुभकामना दिनु नै उपलब्धि भनेर बुझ्नुलाई आत्मसन्तुष्टि लिनुमात्र हुनेछ । नेपाल सम्वत्लाई राष्ट्रिय सम्वत्को मान्यता दिएपछि यो सबैतिर प्रयोग गर्नुपर्ने हो । अहिले धेरैजसो पत्रपत्रिकामा नेपाल सम्वत्मात्र लेखेर यसको महिना र तिथि नलेख्ने गरेको पनि मैले देखेको छु । नेपाल सम्वत् प्रयोग गरेपछि पुरा महिना, तिथि प्रयोग गर्नुपर्‍यो नि । बैंकहरूमा यसको प्रयोग हुनुपर्‍यो । प्रधानमन्त्रीले वसन्तपुरमा बोलेअनुरुप नेपाल सम्वत्को प्रयोगलाई प्रक्रियागत रुपमा लान राजपत्रमा प्रकाशित हुनुपर्‍यो, सम्वत् सम्बन्धी अलग नीति चाहियो । नेवाः समुदायको मतलाई प्रभावित गर्ने हिसाबले मात्र कार्यकारी प्रमुखहरूले बोल्दै आएका छन् । त्यसरी मात्र सोचेको देखियो । राज्यले यसप्रति अपनत्व लिन अझै बाँकी रहेको छ।हामी पनि राष्ट्रिय मान्यताको विषयमा स्पष्ट हुनु जरुरी रहेको छ । हामी स्पष्ट भए पनि सरकारलाई स्पष्ट पार्न सहज हुनेछ ।

अर्को कुरो नेपाल सम्वत् सबै जातजाति, भाषाभाषीले मनाउन आहवान गर्दै जानुपर्दछ । यसबारे व्यापक प्रचार गरिनुपर्दछ। यसमा सरकारी सूचना संयन्त्र परिचालन गरिनुपर्दछ । मानिसलाई जे घोकाइन्छ त्यही सिक्ने अहिलेका बच्चाले बैशाख जेठ त भन्न आउँदैन । उनीहरूले जनवरी, फ्रेबरी भन्दै जाने हो । त्यसैले नेपाल सम्वत्बारे सिकाउँदै लगिनुपर्दछ । ●

उपाध्यक्ष नेवाः देय् दबू, महिला अधिकारकर्मी

राष्ट्रिय सम्वत् राज्यबाट सम्मानको खाँचो

–● मीना बज्राचार्य ●–

राष्ट्रिय विभूति शंखधर साख्वाः नेपाल सम्बतका प्रवर्तक हुन् । शंखधर साख्वाले आजभन्दा करीब ११४४ वर्ष अगाडि हाम्रो देश नेपालको नामबाट नेपाल कै मौलिक सम्वत् स्थापना गरेर एउटा अतुलनीय योगदान गरेका थिए । नेपालमा नेपाल सम्वत् भन्दा पहिले चलिरहेका विभिन्न सम्वत्‌हरू जस्तै कलिगत सम्वत्, शक सम्वत्, विक्रम सम्वत्, तथा ईश्वी सम्वत् मध्ये पनि नेपाल सम्वत्‌को विशेष महत्व छ । ती सम्वत्‌हरू कुनै धर्मको नाममा, कुनै व्यक्तिको नाममा त कुनै जातिको नामबाट स्थापित सम्वत्‌हरू हुन् ।

शंखधर साख्वाले कुनै व्यक्तिगत स्वार्थ नराखि देशकै नाममा नेपाल सम्वत्‌को स्थापना गर्नु कुनै व्यक्तिगत स्वार्थ नभई देशभक्ति र उद्धार मनको उपज हो । यो सम्वत् कार्तिक शुक्ल प्रतिपदा (म्हपुजा)का दिनदेखि शुरु भएर लक्ष्मीपुजाका दिन एकवर्षसम्मको तिथि गणनाको आधारमा एक वर्ष पुरा हुन्छ । त्यसैले हामी नेपालीहरूले त्यहि दिन न्हूदँ अर्थात् नयाँ वर्षका रुपमा म्हपुजा गरेर शुभकामनाको आदानप्रदान गरी हर्षोउल्लासका साथ मनाउँदै आइरहेका छौं । तर यो नयाँ वर्ष र म्हपुजा विशेष गरेर नेवार समुदायमा मात्र गरिने हुनाले नेपाल सम्वत् एउटा सम्प्रदायको सम्वत्‌को रुपमा मात्र लिने गरिएको छ । शायद यसैकारणले पनि नेपाल सम्वत् राष्ट्रिय सम्वत्‌को रुपमा मान्यता प्राप्त भईसक्दा पनि अझै अपहेलित हुन पुगेको छ । आफ्नै देशको नामबाट मौलिक सम्वत् हुँदा हुँदै पनि भारतीय सम्वत् जुन भारतले नै बिर्सिसकेको सम्वत् नेपालमा अहिले सम्म पनि मान्यता

दिएर चलाइरहेको छ ।

शंखधर साख्वाले सम्वत् प्रचलनमा ल्याएको बेला नेपालमा राघवदेव ठकुरीको शासनकाल चलिरहेको थियो भन्ने उल्लेख गरेको पाइन्छ । सूर्यवंशी राजा मानदेवका तीन छोराहरू मध्ये जेठा छोरा राघवदेवले कान्तिपुरमा राज्य भोग गरिरहेका थिए । माहिला छोरा जयदेवले पाटनमा र कान्छा छोरा आनन्ददेवले भक्तपुरमा राज्य चलाइरहेका थिए । प्रचलित आधारका अनुसार शंखधर साख्वाः त्यसबेला मरु टोलको मरुसतलको इलाछेँ भन्ने टोलका बासिन्दा थिए भन्ने देखिन्छ । त्यसबेला एकदिन भक्तपुर राजदरबारका विद्वान राजज्योतिष सिद्धिवंतले राजा आनन्ददेवलाई नदीमा बग्ने बालुवा सुनमा परिणत हुने स्थान र समयको साइत बताइ दिएका थिए । ज्योतिषको सल्लाहमा राजा आनन्ददेवले कसैलाई पनि सुइको नदिइकन ठीक साइतमा सुन पाइने स्थानमा चारजना भरियालाई काठमाडौंको भद्रावति र विष्णुमतिको बीचमा रहेको लखुतीर्थमा गएर त्यहाँको बालुवा लिएर आउने आदेश दिए । राजाको आज्ञा अनुसार ठीक साइतमा भरियाहरूले सोही स्थानबाट बालुवा लिएर आइरहेको बेला शंखधर साख्वाः पनि त्यही बाटो भएर खोलामा स्नान गर्न गएका थिए ।

एकाविहानै भक्तपुर देखि आएर बालुवाको भारी बोकेर चारजना भरियाहरू गइरहेको दृष्य देखेर शंखधर साख्वाः अचम्भित भए । यो दृष्यबाट सशंकित शंखधर साख्वालले त्यो बालुवा किन र कहाँ लान लागेको भनेर भरियाहरूसँग सोधे । तर उनको कुराको वास्तै नगरी भरियाहरू आफ्नो बाटो हिंडिरहे । निकै बाठो र बुद्धिमानी शंखधर साख्वाले यसमा पक्कै रहस्य हुनुपर्छ भनि बिचार गरे । फेरि भरियाहरूलाई फकाई फुलाई त्यहाँको बालुवा किन र कहाँ लान लागेको भनेर सोधे । भरियाहरूले पनि भक्तपुरका राजाले लिन पठाएको र उनकै दरबारमा लान लागेको भनेर सीधै जवाफ दिए। यो जवाफ सुनेपछि शंखधर साख्वालाई शंका लागेछ र उनले भरियाहरूले भने जति ज्याला दिने बाचा गरेर उनीहरूले ल्याएको बालुवा आफ्नो घरमा पुऱ्याइदिन आग्रह गरे । बालुवाको रहस्यबारे केही नजानेका भरियाहरूले पनि बिचार गरे "यदि हामीले भनेजति ज्याला पाइने हो भने जाबो यो बालुवा शंखधरको घरमा लगेर राखेमा के नै हुन्छ र ? बरु फेरि यहीँ कै बालुवा लिएर दरबारमा लगौंला । कसले थाहा पाउँन सक्छ र ?"

साइतमा ल्याएको बालुवा शंखधरको घरमा खन्याएर भरियाहरूले फेरि अर्को बालुवाको भारी बोकी भक्तपुरका राजाको दरबारमा पुऱ्याईदिए । चारदिनपछि हेर्दा शंखधर साख्वाःको घरमा खन्याइएको बालुवा सुनमा परिणत भए भने राजाको दरबारमा खन्याएको बालुवामा कुनै परिवर्तन आएन। यो सब देखेर अचम्म मान्दै राजाले फेरि ज्योतिष सिद्धिवंतलाई बोलाएर सोधे । सिद्धिवंतले यसको अवश्य अर्को कारण हुन सक्ने अनुमान

गरेर भरियाहरूलाई बोलाई सोधपुछ गर्न लगाए। उनीहरूले पनि सबै वृत्तान्त राजासामु बताए।

बालुवा सुनमा परिणत भए पछि उद्धार मन भएका शंखधर साख्वाले देशका जनताहरू सबैको ऋण तिरी सबैलाई ऋणबाट मुक्त गरिदिए। जनता सबै ऋणबाट मुक्त भएको दिन आफ्नै देशको नामबाट नेपाल सम्वत् भनेर नयाँ वर्ष शुरु गरे। साथै आफ्नो शीला मूर्ति पशुपतिनाथको दक्षिण ढोकामा स्थापना गर्न लगाए। सो मुर्ति प्रमाण अद्यापि सोही स्थानमा अवस्थित छ।

जुन दिन सबै जनता ऋणले मुक्त भए त्यसदिनको खुशियालीमा नेपाल सम्वत् स्थापना गरी नयाँ वर्षको उत्सव मनाए। त्यसै दिन आफ्नो आत्माको पुजा गरी वर्षभरिको मनोकामना पुरा होस् भनि मंगलकामना गरी म्हपुजा मनाउने चलन भने नेवार समुदायमा मात्र छ।

देशकै नाममा स्थापना गरेको यो सम्वत् नेपालकै मौलिक सम्वत् हो। यो सम्वत् कुनै व्यक्ति, संस्था, जाति वा धर्मको नाममा नभई राष्ट्रप्रेमको भावले देशकै नाममा नेपाल सम्वत् भनी स्थापना गरेको सम्वत् हो। त्यसैले पनि यस सम्वत्लाई नै राष्ट्रिय सम्वत् बनाई सरकारी मान्यता दिनुपर्छ भनेर आवाज उठाउँदै आएको दशकौं भइसक्दा पनि सरकारले वास्ता गरिरहको थिएन। यसले गर्दा विभिन्न समयमा नेवारहरूले नेपाल सम्वत्लाई राष्ट्रिय मान्यता दिनुपर्ने माग सहितको अभियानलाई तिब्र बनाउँदै लगेका थिए। यही कुरालाई हृदयंगम गर्दै ने.सं. ११२० कछलाथ्व १० (वि.सं २०५६ मंसीर २ गते) का दिन नेपाल सम्वत्का प्रणेता शंखधर साख्वालाई सरकारले राष्ट्रिय विभूतिका रुपमा घोषित गरियो। यो एउटा नेपालकै लागि ठूलो उपलब्धी थियो। देशकै नामबाट स्थापना भएको नेपाल सम्वत् मौलिक सम्वत्को जन्मदातालाई सरकारले राष्ट्रिय विभूतिको रुपमा मान्यता प्राप्त भएको कम गौरबको कुरो होइन।

नेपाल सम्वत्लाई राष्ट्रिय सम्वत्को मान्यता दिइनुपर्छ भन्ने अभियान चलिरहेको धेरै वर्ष बितिसक्दा पनि सरकारले यस सम्वत् प्रति कुनै चासो देखाएनन्। तर नेपालमा पहिलो गणतान्त्रिक सरकारले शंखधर साख्वालाई राष्ट्रिय विभूति घोषणा गरेको करीब दश वर्षपछि बल्ल नेपाल सम्वत्लाई राष्ट्रिय सम्वत्को मान्यता दिने निर्णय गऱ्यो। नयाँ नेपाल निर्माण गर्ने अभियानमा यसलाई एउटा सुखद संकेतको रुपमा लिनुपर्छ। वि.सं. २०६५ साल कार्तिक ८ गते शुक्रबारका दिन मन्त्री परिषद्मा बसेको बैठकले नेपाल सम्वत् लाई राष्ट्रिय मान्यता प्रदान गर्ने निर्णय गरेपछि देशमा झनै नेपाल सम्वत्को उत्सवलाई हर्षोल्लासका साथ मनाउने क्रम तिब्र रुपमा हुँदै आएको छ।।

यसैबीच नेपाल सम्वत्लाई राष्ट्रिय मान्यता दिइनुपर्छ भन्ने माग सहित थुप्रै अभियानका चरणहरू पार गर्दै बल्ल सरकारले देशको मौलिक सम्वत्को महत्वलाई बुझेर राष्ट्रिय मान्यता दिएको छ। राष्ट्र र सरकारले जस्तोसुकै बेवास्ता र अवहेलना गरे पनि वाधा र अवरोध खडा गरेपनि आखिर आफ्नै देशको मौलिक सम्वत्कै जित भयो। शंखधर साख्वाले व्यक्तिगत स्वार्थलाई त्यागी सम्पूर्ण जनताको उद्धार गरी देशकै नाममा स्थापना गरेको सम्वत् नै राष्ट्रिय सम्वत् हुन सफल भयो।

यो सम्वत्ले सरकारी मान्यता पाएको तेह्रवर्ष मात्र पुगेको छ। अझै पनि यो सम्वत्लाई त्यत्ति प्रचलनमा ल्याइएको छैन, केवल कागजमा मात्र सिमित भएको छ। सरकारी कामकाजमा होस् वा चाडपर्वमा होस् नेपाल सम्वत्बाट काम भएको भने पाईंदैन। अहिलेसम्म पनि विदेशीको नामबाट चलेको सम्वत् विक्रम सम्वत् र ईश्वी सम्वत् कै साहारामा सरकारी कार्यहरू भइरहेको पाईन्छ। यस्ता बानीलाई हामी सबै मिलेर हटाउँदै लग्नुपर्छ। देशकै मौलिक सम्वत्लाई केवल कागज र भित्तामा मात्र सिमित गर्नु हुँदैन।

खास गरेर नेपाल सम्वत्को आफ्नै अलगै विशेषता छ। नेपाल सम्वत्को नयाँ वर्षकै दिन कछलाथ्व पारुको दिनमा म्हपुजा भनेर नेवाहरूले मनाउने चलन छ। नेवार समुदायले मात्र यस पर्वको अनुशरण गर्दै आइरहेको छ। यसदिन वर्षभरिमा हुने रोगब्याधि कष्ट र व्यवधानबाट बचेर आउँदो सालमा पनि यस्ता दुर्घटनाबाट बच्न सकौं र स्वस्थ्यमा कुनै किसिमको विघ्नवाधा नआओस् भनेर आत्माको पुजा गरेर म्हपुजा मनाउँदै आएकोले पनि नेपाल सम्वत् नेवार जातिको मात्र हो भन्ने भ्रम पर्न गएको हो। तर अहिले आएर यो नेपाल सम्वत् नेवार जातिको मात्र नभएर सम्पूर्ण नेपाल र नेपालीहरूको आफ्नै मौलिक सम्वत् हो भन्ने कुरा छर्लङ्ग भईसकेको छ।

नेपाल सम्वत्को बारे बुझाउन नसक्नु कस्को दोष हो ? यस सम्वत्को महत्व र विशेषता बुझाउने यसको प्रचार प्रसार गर्ने जिम्मा कस्को हो ? के यहाँका भाषा, लिपि, कला, संस्कार, संस्कृति अनि नेपाल सम्वत्लाई बचाउने र जोगाएर राख्ने जिम्मा नेवार समुदायको मात्र हो ? यी प्रश्नहरूको जवाफ खोज्न अब हतार भईसकेको छ। नत्र भोलि हाम्रा सन्तान र नयाँ पुस्ताले आफ्नो राष्ट्रियता र पहिचान गुमाउन धेरै समय लाग्नेछैन। त्यसैले आजैदेखि नेपाल सम्वत्का प्रवर्तक राष्ट्रिय विभूति शंखधर साख्वाः र नेपाल सम्वत्लाई राष्ट्रिय पर्वको रुपमा मनाउन सकौं यही न्हूदँ (नयाँ वर्ष) नेपाल सम्वत् ११४२ को भिंतुना। ●

नेपाल सम्वत् र यसको प्रयोग

–● रत्नेश्वरी चवाल ●–

नेपालका बहुसंख्यक जनताको धार्मिक, सांस्कृतिक, सामाजिक तथा जन्मदेखि मृत्युपर्यन्त समेतको कार्यमा नेपाल सम्वत् अक्षुण्ण र अभिन्न रूपमा प्रयोग हुँदै आएको छ। 'पास्नी'को साइत जुराउनेदेखि नै नेपाल सम्वत्को प्रयोग सुरु हुन्छ। हामीले मनाउने जन्मोत्सवहरू, जीवित पुर्खाहरूको जंक्व, मृत पुर्खाको नाममा गरिने श्राद्ध, तर्पण, पिण्डपानी अर्पण आदि सबै नेपाल सम्वत्कै तिथि अनुसारका साइतमा गरिन्छन्। यसकारण यो सम्वत् नेपालीको जीवित सम्पदासँग सम्वन्धित सम्वत् हो। नेपालीको मौलिक धर्म, संस्कृति, परम्परा र रीतिरिवाज जीवित रहेसम्म नेपाल सम्वत्को अस्तित्व पनि स्वतः जीवित रहि रहनेमा कुनै आशंका गर्ने ठाउँ छैन। तर अचेल केही नेपालीहरूले गते र तारेखका आधारमा जन्मदिनहरू मनाउन थालिएकाले भने यसमा ग्रहण लागेको हो कि भन्न सकिन्छ।

राजा राघवदेवको पालामा एक सामान्य व्यक्तिले प्रचलनमा ल्याएका हुनाले यसलाई खासै महत्व दिएको देखिंदैन।

आफ्नो सम्पूर्ण धन जनताको उद्धार कार्यमा खर्चेर जनतालाई मुक्तिको सास फेर्न लगाउने र नयाँ सम्वत् प्रचलनमा ल्याउने व्यक्ति शंखधर साख्वाः थिए।

शताब्दीयौंदेखि जनश्रुतिबाट अमर रहेका साख्वाः नेपाल सम्वत् ८२७ का अभिलेखमा शंख्वा नामले देखापरे। भूपतिन्द्र मल्लको शासनकालको नेपाल सम्वत् ८२७ को भक्तपुरको जेंला टोलस्थित एक शिलालेखमा नेपाल भाखा शंख्वा सम्वत् उत्कीर्ण भएको छ। यिनै शंखधरलाई शंख, शंख्वा, साख्वाः साख्वाल (सा – गाई, ख्वाः

– अनुहार), साख्वाल, साख्वाल आदि नामले चिनाउने प्रयास भएका छन्। यिनलाई वंशावलीमा कहीं व्यापारी, कहीं शुद्र त कहीं कुम्हाल, ज्यापू वा गोपाल आदिका रुपमा देखाईएको छ।

नेपाली इतिहासमा मुख्यतः चार वटा सम्वत् चल्तीमा आएका देखिन्छन्। ती हुन्, अघिल्लो लिच्छवि सम्वत्। पछिल्लो लिच्छवी सम्वत्, नेपाल सम्वत् र विक्रम सम्वत्। सुमतितन्त्र ग्रन्थअनुसार नेपाल सम्वत्मा ८०२ अंक जोडेमा त्यो शक सम्वत् बन्छ भनिएको छ। यही आधारमा अघिल्लो लिच्छवी सम्वत्लाई शक सम्वत् भानिएको छ। त्यस्तै, पछिल्लो सम्वत् मानदेव दितीयको नामबाट प्रचलित मानदेव सम्वत् हो। नेपालमा हालसम्म भेटिएको शक सम्वत् अंकित शिलालेख सम्वत् १०७ को मालिगाउँ अवस्थित जय वर्माको शिलालेख हो। अंशुवर्माकालीन शक सम्वत् ५१५ देखि ५२६ सम्मका शिलालेखहरू भेटिएका छन्। त्यसपछि अंशुवर्माका सम्वत् २९ देखि ४५ सम्मका मानदेव सम्वत्को संज्ञा दिन्छन्। यस सम्वत्लाई अंशुवर्माले प्रचलनमा ल्याएको अंशुवर्मा सम्वत् हो भन्नेहरू पनि छन्।

लिच्छवी सम्वत् ८०३ पुग्दा नेपाल सम्वत् शुरु भएको देखिन्छ। नेपाल सम्वत् शुरु भएको दिन सन् ८७९ अक्टोबर २० हो भनी कीलहर्नले पत्ता लगाएका छन्। पाटन क्वाः बहालको अष्ट सहस्रिका प्रज्ञापारमिता पुस्तकमा उल्लेख भएको चि सम्वत् लाई नेपाल सम्वत् १ (एक) हो भन्ने तर्क पनि रहँदै आएको कुरा डा. चुन्दा बज्राचार्यले उल्लेख गरेका छन्।

त्यस्तै पाटनको मंगलबजारस्थित कृष्णमन्दिर अगाडिको ढुंगेधारामा उत्कीर्ण गरिएको ऊँ सम्वत् माता लाई नेपाल सम्वत् (१०) दस मानिंदै आएको छ। नेपाल सम्वत् नै भनी किटान गरिएको सर्वप्राचीन नमुना भने एस के सरस्वती (कलकत्ता) को संग्रहमा भएको अष्ट सहस्रिका प्रज्ञापारमिता ग्रन्थ मानिएको छ, जसमा नेपाल वत्सरे १४८ प्रगने माघ शुक्ल दशम्यां भनी तिथि उल्लेख भएको छ। यसपछिका अभिलेखहरूमा यो सम्वत् लाई श्रयस्तु सम्वत्, नेपालाब्द, नैपालीक सम्वत्, नेपाल देशीय सम्वत्, शुभ सम्वत्, नेपालीक सम्वत्, नेपाल भाखा सम्वत् आदि उल्लेख भएको पाइन्छ।

नेपाल सम्वत्को उत्पत्ति क्षेत्र नेपालमण्डल (काठमाडौं खाल्डो) भए पनि यसको प्रयोग यहीं मात्र सीमित भएको भने देखिदैन। नेपालको पूर्वी उदयपुर जिल्लादेखि पश्चिमका मगरात, गुल्मी, प्यूठान, लमजुंग आदि ठाउका हस्तलिखित ग्रन्थादिमा नेपाल सम्वत् व्यापक प्रयोग भएको पाइन्छ। यसको प्रयोग भारत र तिब्बत (चीन) मा पनि भएको प्रमाण महाचीनका मिंगवंशी राजा तायिमिंगले बनेपाका शासक शक्ति सिंह रामलाई

नेपाल सम्वत् ५३५ आषाढ शुक्ल दशमी मिति उल्लेख गरी पठाएको फरमान पत्र, भारत कुचविहारका राना प्राणनारायणले नेपाल सम्वत् ७५३ उल्लेख गरी निकालेको ससुवर्ण मुद्रा, शाहवंशीय राजा प्रतापसिंहको पालामा भएका नेपाल सम्वत् ८९५ उल्लेखित भोटी सतके सन्धिपत्र आदि हुन् ।

नेपाली इतिहासमा लिच्छवी सम्वत् जम्मा ८ सय वर्षसम्म चलेको छ। नेपालमा जति पनि चाडपर्व, जात्रा मेला, उत्सव मनाइन्छ ती सबै नै (केही अपवाद छाडेर) नेपाल सम्वत्को चन्द्रमास पात्रो अनुसार नै मनाईंदै आईएको छ। नेपाल सम्वत्को ज्ञान विना त नेपालको इतिहास र संस्कृति अध्ययन असम्भव नै छ। नेपालको इतिहास र संस्कृति अध्ययनमा सबैभन्दा महत्वपूर्ण सम्वत् नेपाल सम्वत् नै हो। वास्तवमा सम्वत् कुनै जाति, भाषा र वर्गसंग मात्र जोडिने विषयवस्तु होइन । आज नेपाल सम्वत्को ऐतिहासिक मौलिकता र महत्वमाथि कसैले शंका गर्ने ठाउँ नरहे जस्तै यो सम्वत् कुनै जाति, भाषा, वर्ग वा धर्मसंग मात्र सम्बन्धित होइन भन्ने तथ्य पनि सर्वमान्य भइसकेको छ । त्यसैले यो सम्वत् लाई ओझेलमा पार्नु भनेको नेपालको आफ्नो मौलिकतालाई उपेक्षा गर्नु सरह ठहर्दछ।

औपचारिक रुपमा भने यस सम्वत्लाई केवल 'सम्वत्' मात्र लेख्ने गरेको पाइएको छ । वर्तमान नेपाल-सम्वत्को आरम्भ शकसम्वत् ८०१ को कार्तिकशुक्ल प्रतिपदा तदनुसार वि.सं. ९३६ को कात्तिक २२ गते (२० अक्टोबर इ.सं. ८८७) देखि भएको मानिन्छ ।

अघिल्लो पूरा एक-शताब्दीभर नै यस सम्वत्को प्रयोग भएको कुनै पनि लिखत आजसम्म पाउन सकिएको छैन ।

राजा आनन्ददेवको राज्यकालमा भक्तपुर वंशगोपालकाका एकजना ज्योतिषीले भनेछन्, 'आउँदो फलानो दिन रातको यतिबेला शुभयोग परेको छ। त्यतिबेला मैले दिएको मन्त्रपाठ गर्दै कान्तिपुर राज्यभित्र पर्ने विष्णुमती नदीको लखुतीर्थबाट बालुवाहरू निकाली ल्याउन सकिएमा ती बालुवाहरू अवश्य पनि सुनमा परिणत हुनेछन् ।'

ज्योतिषीको यस भनाइमा विश्वस्त भई राजा आनन्ददेव मल्लले आफ्ना दुई भरियालाई तोकिएको समयमा कान्तिपुर राज्यको लखुतीर्थमा पठाइदिएका थिए। तोकिएको दिन तोकिएको समयमा विष्णुमती नदीको लखुतीर्थमा पुगेर ती दुई भरिया मन्त्रपाठ गर्दै बालुवा निकालिरहेका थिए। त्यतिबेला मध्यरात ढल्किसकेको थियो। पाठ गर्दै खोलाबाट बालुवा निकालिरहेका दुई भरियालाई देखेर शंखधरा साख्वाले 'किन यसरी रातको समयमा यहाँबाट बालुवा निकालेको ?' भनी सोधनी गरे। भरियाहरूले 'आफूहरू राजा आनन्ददेव मल्लको आदेशअनुसार भक्तपुर राज्यबाट बालुवा लिन आएको' भनी भक्तजनलाई जानकारी दिए।

उसले ती भरियालाई 'पहिलो खेप बालुवा आफ्नो घरमा पुऱ्याइदिई त्यसपछि अर्को खेपमात्र भक्तपुरमा राजा आनन्ददेव मल्लको निम्ति लगिदेऊ' भनी आग्रह गरे। यस आग्रहबाट प्रभावित भई ती दुई भरियाले रातमा - ठिक साइतको समयमा - निकालेका दुई भारी बालुवा रातैमा शंखधर साख्वाःको घर पुऱ्याइ दिए।

पछिल्लो खेप बालुवा बोकेर ती दुई भरिया भक्तपुर सहरतर्फ लागेका थिए। भक्तपुर नपुग्दै - बीचबाटोमै उज्यालो भयो। बालुवा बोकेर यिनीहरू उज्यालो भैसकेपछि मात्र भक्तपुर राज्यको राजभवनमा दाखिल भए। फलतः यहाँबाट लगेको बालुवा बालुवा नै रह्यो, सुनमा परिणत भएन। यसबाट ज्योतिषीको कुरा झुट्टा ठहरिन आयो। राजा आनन्ददेव मल्लले ज्योतिषीलाई अपमानपूर्वक दुत्कारे। यसबाट खिन्न भई ज्योतिषीले आफ्ना पुस्तक तथा पात्राहरू सबै जलाइदिए।

यता, शंखधरको घरमा पुऱ्याइएको बालुवा भने ज्योतिषीले दिएको ठिक साइतमा निकालिएकोले भोलिपल्ट बिहानसम्ममा सुनमा परिणत भैसकेको थियो। यो थाहा पाएर आफ्नो ज्योतिष-विद्यामा विश्वस्त भई तुरुन्त नै भक्तपुर राज्यमा फर्किई राजा आनन्ददेव मल्ललाई यस कुराको जानकारी गराए। यसबाट ज्योतिषीले व्यक्त गरेको भविष्यवाणी सत्य सावित भयो। भरियाहरू दण्डित भए। आफ्नो देशका राजालाई जानकारी गराई यसै सुनबाट राज्यका सम्पूर्ण नागरिकका ऋण शंखधरले तिरिदिएका थिए।

यहि दिनदेखि नेपाल सम्वत् शुरु गरिएको थियो। नेपाल देशको इतिहास नामक वंशावलीअनुसार शंख नामक साख्वाः ज्यापूले कलिर्गताब्द ३९८१, मानदेव सम्वत् ४९८ र शक सम्वत् ८०२ मा आफ्ना राजा (राघवदेव) बाट स्वीकृति लिई नेपाल सम्वत् १ कायम गरे। राजा राघवदेव मानदेव चौथोका छोरा थिए जसले आफ्नो राज्यकालमा श्री पशुपति भट्टारक सम्वत्सर चलाए भन्ने व्यहोरा उक्त वंशावलीमा उल्लेख छ।

ने. सं. ५२४ मा ललितपुर, सुनधारामा धर्म मल्लको शिलालेखमा कलिर्गत सम्वत् ४५०५, श्री विक्रमराज सम्वत् १४६७ (१४६१), श्री शकराज सम्वत् १३२६, श्रीमन्त नेपालिके सम्वत् ५२४ भनी लेखिएको छ। यसबाट नेपाली माटोमा जन्मिएको यो सम्वत् विक्रम सम्वत् ९३६ कार्तिकशुक्ल प्रतिपदा, ईश्वी सम्वत् ८७९ अक्टोबर २० मा प्रचलनमा आएको प्रमाणित हुन आउँछ। यसप्रकार नेपाल सम्वत् कलिर्गताब्दभन्दा ३९८१ वर्ष कान्छो, शक सम्वत्भन्दा ८०१ वर्ष, विक्रम सम्वत्भन्दा ९३६/९३७ वर्ष र इस्वी सम्वत् भन्दा ८७९/८८० वर्षले कान्छो देखिन्छ। यो सम्वत्को नववर्षारम्भ म्हपूजाको दिनमा हुन्छ। त्यसैले नेपाल सम्वत्मा कार्तिकशुक्ल प्रतिपदादेखि चैत मसान्तसम्मको तिथिमा ९३६ वर्ष जोड्दा विक्रम सम्वत् निस्कन्छ।

नेपाल सम्वत्लाई मध्यकालका लिच्छवि तथा मल्लराजाहरूले खुसीपूर्वक राजकीय सम्मानसाथ चलाउँदै आए।

राष्ट्रिय-अन्तर्राष्ट्रिय प्रयोगका प्रमाणहरू

नेपाल सम्वत् लिच्छविराजा राघवदेवको पालामा निस्केको भनी विद्वान् कनिङ्घमले प्रकाशमा ल्याएका थिए। उनको भनाइ समेट्दै इतिहासविद् बालचन्द्र शर्माले राजा राघवदेवको समयमा शंखधर साख्वाले नेपाल सम्वत् प्रतिपादन गरेको भनाइ सार्वजनिक गरे।

त्यस्तै फ्रान्सेली विद्वान् सिल्भाँ लेभीले केशर पुस्तकालयमा प्राप्त एउटा अपूर्ण ठ्यासफूमा 'राजा श्री राघवदेव वर्ष ६३ मास ६ ।। श्री पशुपति भट्टारके सम्वत्सर प्रवृत्ति ।। कृत' लेखिएकोले यो राघवदेवको पशुपति भट्टारके सम्वत् हो कि भन्ने भान परे पनि पछिल्लो समय प्राप्त ऐतिहासिक तथ्यका आधारमा राघवदेव आफैंले नभई शंखधर साख्वाःबाट प्रतिपादन भएको पुष्टि हुन आएको छ।

गुणानन्द पण्डितद्वारा संकलित तथा डेनियल राइटद्वारा सम्पादित वंशावलीअनुसार शंखधरले नेपाल सम्वत् सुरु गरेपछि आफ्नो घरनेर एउटा चैत्य स्थापना गरेको तथ्य हाल पनि विष्णुमती नदीकिनारको लुखुतीर्थमा देख्न सकिन्छ।

गाथा वंशावलीमा शंखधरले नयाँ सम्वत् चलाउन मानिसहरूको ऋण तिरिदिँदा प्रयोग भएको शिला सिनामंगलमा रहेको जानकारीमा आएको छ।

नेपाल सम्वत्को प्रयोग विशेष गरी नेपालमण्डलभित्रका मध्यकालीन तथा पूर्वआधुनिककालीन अभिलेखहरूमा व्यापक देखिन्छ। जस्तै, नेपाल सम्वत् उपयोग भएको हालसम्म प्राप्त प्राचीन अभिलेखमा सम्वत् ४० को अष्टसाहस्रिक प्रज्ञापारमिताको ग्रन्थ हो जुन पाटनको रुद्रवर्ण महाविहारमा सुरक्षित छ।

यो सम्वत्लाई नेपाल सम्वत् भनी लेखिएको मिति १४८ को अर्को सहस्रिक प्रज्ञापारमिता हो जुन कलकत्तामा विद्वान् एसके सरस्वतीकोमा सुरक्षित छ।

महाचीनका मिङवंशी सम्राट तायेमिङले बनेपाका शासक शक्तिसिंह रामवर्द्धनलाई संस्कृतभाषा, रञ्जना लिपिमा लेखेर पठाएको फरमानपत्रमा ने. सं. ५३५ असारशुक्ल दशमी उल्लेख गरिएबाट नेपाल सम्वत्को महत्त्व चीनसम्म पुगेको स्पष्ट हुन्छ।

भारत, पश्चिम बंगालको कुचबिहारमा राजा प्राणनारायणले निकालेको सुवर्ण मुद्रामा नेपाल सम्वत् ७३५ अंकित रहेको पाइन्छ।

१४८ वर्षसम्म सम्वत् मात्र भनिएको र त्यसपछि मात्र नेपाल सम्वत् भनिए पनि भक्तपुरको जैंलाटोलको एउटा पाटीमा पाइएको शिलापत्र आजसम्म भेटिएको प्रमाणमध्ये सबैभन्दा दरिलो हुन आएको छ।

ने. सं. ८२७ को भूपति मल्लको समयको उक्त शिलापत्रको तेस्रो हरफमा स्पष्टसँग साख्वाः सम्वत् ८२७ वैशाख कृष्ण दशमी उल्लेख भएको छ।

राजा प्रतापसिंह शाहको पालामा ल्हासा (तिब्बत-भोट) का ग्याल्छा परिबोचे लामासँग नेपाल-तिब्बतको सन्धिपत्रमा नेपालभाषा र नेपाल सम्वत् ८९५ भनी प्रयोग गरिएको छ।

ने. सं. ९५०- ९९० तिर लेखिएका भाषा वंशावली तथा इन्डिया अफिस लाइब्रेरी लन्डनमा रहेको गोरखा वंशावलीलगायतले एकै स्वरमा नेपाल सम्वत्को प्रवर्तक शंखधर साख्वाः नै भएको पुष्टि गरेका छन्।

ने. सं. ९८२ लेखिएको सम्पूर्ण नेपाल सम्वत्सरको किताब क्याम्ब्रिज विश्वविद्यालयको पुस्तकालयमा सुरक्षित छ।

गोरखा वंशावलीअनुसार पशुपतिनाथको दक्षिण पश्चिम कुनाको शंखसहितको मूर्ति उनै शंखधर साख्वाःको मानिएको छ।

गुल्मी, प्युठान र लमजुङका पुराना हस्तलिखित कागजपत्र, नेपालका वंशावली, घटनावली, कतिपय नेपाली ग्रन्थ तथा विश्व सम्पदा सूचीमा रहेका देवल, गुम्बालगायत स्थलमा उल्लेख भएबाट यो सम्वत् समस्त नेपालीका लागि आफ्नै सम्पदाका रूपमा सर्वस्वीकार्य भएको सिद्ध हुन्छ।

वि.सं. २०४६ (ने.सं. १११०) मा सम्पन्न प्रथम ऐतिहासिक जनआन्दोलनको जगमा बनेको तत्कालिन प्रधानमन्त्री कृष्णप्रसाद भट्टराई नेतृत्वको सरकारले २०५६ मंसिर २ (ने.सं. ११२० कछलाथ्व दशमी) मा नेपाल सम्वत्को जग बसाल्ने शंखधर साख्वालाई राष्ट्रिय विभूति घोषणा गरी उनीप्रति सम्मान दर्साएका छन्।

यो केवल व्यक्तिविशेषलाई नभई समग्र नेपाली राष्ट्रिय भावनाप्रति दर्साइएको सम्मान हो। त्यस्तै वि.सं. २०६२/०६३ (ने.सं. ११२६) मा सम्पन्न दोस्रो ऐतिहासिक जनआन्दोलनको जगमा बनेको पुष्पकमल दाहाल सरकारले २०६५ कात्तिक ७ (ने.सं. ११२८ कौलागा दशमी) का दिन नेपाल सम्वत्लाई राष्ट्रिय सम्वत् घोषणा गरी यसप्रति ठूलो गुन लगाएको आभास भएको छ। ने.सं. ११४३ (२०८० मा पनि पुष्पकमल दाहाल (प्रचण्ड) नेतृत्वको सरकारले विक्रम सम्वत् प्रयोग गरिने सरकारी कागजातमा नेपाल सम्वत् पनि प्रयोग गर्ने मन्त्रिपरिषदको निर्णयले नेपाल सम्वत् एवं राष्ट्रकै सम्मान भएको छ। नेपाल सम्वत् भक्तपुरका राजा आनन्द देव (वि.सं.९३०) र ललितपुर र काठमाण्डौंमा राजा राघवदेवले राज्य गरिरहेको बेला काठमाडौंका शंखधर साख्वाले चलाएका थिए। ●

(साभार नेपाल समाचारपत्र)

नेपाल सम्वत्को अस्तित्व, मूल्य र मान्यता

–● प्रेममान डंगोल ●–

हाम्रो देश नेपालमा विभिन्न किसिमले सांस्कृतिक, आर्थिक विचलन भइरहेको समयमा भक्तपुरका राजा आनन्ददेव प्रथमले राज ज्यातिष सिद्धिवन्त जोशीका सल्लाह अनुसार शुभ साइत पारेर काठमाडौंको लखु तीर्थबाट बालुवा ल्याउन भरियाहरूलाई पठाएको रहेछ। ज्यातिषीले दिएको साइत अनुसार काठमाडौको लखुतीर्थबाट बालुवा ल्याउन सके चार दिनमा बालुवा सुन हुने संयोग परेको रहेछ। लिच्छवीवंशका राजा राघवदेवले काठमाडौमा राज्य गरिरहेको त्यो समयमा मरु टोलका एकजना व्यापरी शंखधर साख्वाले भक्तपुरदेखि लखुथीर्थमा बालुवा लिन भरिया आएको देखेर शंका लागेर यसमा केही नं केही रहस्य हुनुपर्छ भन्ने लागेर भरियाहरूले बोकेर ल्याएको बालुवा आफ्नो घरको छिंडीमा राख्न लगाएर भरियालाई ज्याला दिएर पठाएछ। ती भरियाहरूले पुनः अर्को बालुवा लखुतीर्थबाट भक्तपुरमा लगेको रहेछ शंखधर साख्वाले चारौं दिन विहान सबेरै हेर्दा त सबै बालुवा सुनमा परिणत भएको देखेछ। यसरी चलाखी गरेर धनी भएका शंखधरले देशका सबै जनताले तिर्नु पर्ने ऋण तिरिदिएर ऋण मुक्त पारिदिीएछ।

यस्तो अतुलनीय र प्रशंसनीय काम गर्ने शंखधर साख्वालाई देखेर खुशी भएका राजाले माग के माग्छौ भन्दा शंखधरले राष्ट्रका नाममा नेपाल सम्वत् बनाउन स्वीकृति मागेकाले राजाले स्वीकृति दिएर राष्ट्रिय मान्यता दिएका थिए।

चन्द्रमान अनुसार प्रयोग गरिने नेपाल सम्वत्को पहिलो दिन नेवार समुदायले आफ्नो देह आफैले पूजा गर्ने म्हपूजा (देह पूजा) का दिनदेखि मनाउने गरेको हो। देशका सम्पूर्ण जातजातिका कर्मकाण्ड, पूजा, चाडवाड सबै यही नेपाल सम्वत्को तिथिअनुसार नै मनाउँदै आइरहेको हो। नेपाल सम्वत् त्यही समयदेखि नै राष्ट्रिय सम्वत्का रुपमा स्थापित भईसकेको थियो। यही एउटै सम्वत् चलिरहेको थियो।

नेपाल सम्वत् ८८८ मा गोरखाका शाहवंशीय राजा पृथ्वीनारायण शाहले नेपाल जिति सकेपछि नेपाल सम्वत्लाई राष्ट्रिय सम्वत्बाट हटाएर गोरखाको शक सम्वत् चलाएका हुन। पछि नेपाल सम्वत् १०४२ मा प्रधानमन्त्री चन्द्रशम्सेर राणाले त विदेशबाट आयातित विक्रम सम्वत्लाई नेपाल राज्यको सरकारी कामकाजमा प्रयोग गाराएका हुन। त्यसबेलादेखि त झन नेपालको मौलिक सम्वत् नेपाल सम्वत्को अस्तित्व नै मेटाई दिएका थिए।

यसरी तत्कालीन शासकहरूले नेपाल सम्वत्लाई दबाइ राखेका थिए। तर जतिसुकै दबाउन खोजेता पनि नेपालका जनताले नेपाल सम्वत् प्रयोग गरेर आफ्नो विभिन्न कर्मकाण्ड, चाडपर्व, जात्रा सबै मनाउँदै आए। नेपाल सम्वत् १०७१ मा नेपालमा राणा शासन पटन हुन लागेको समयमा भाषाप्रेमी प्रेमबहादुर कसाः र मदनलोचन सिंहले हिन्दुस्थामा गठन गरेको च्वसापासा माध्यमबाट नेपाल सम्वत्को नयाँ बर्ष मनाउने अभियान सुरु गरेका हुन। सरकारी दवाब जति बढ्दै गयो त्यति नै भाषाप्रेमी र जनताको संयुक्त अभियान बढ्दै गयो। नेपाल सम्वत् ११०० मा नेपाल भाषा मंकाः खलःले नेपाल सम्वत्को संरक्षण र सम्बर्द्धनका लागि क्रान्तिकारी भिंतुना ज्याली आन्दोलनको रुपमा चलाइएको हो। नेपाल सम्वत् नेवारहरूको मात्र होइन सम्पूर्ण नेपालीहरूको हो भनेर भन्दै आएता पनि तत्कालीन पञ्चायती शासकहरूले न्हूदँया भिंतुना ज्यालीलाई तितर वितर पार्ने गरी लाठी चार्ज पनि गराए। नेपाल सम्वत्लाई राष्ट्रिय सम्वत्को मान्यता दिलाउन भाषा आन्दोलनका अग्रज पद्मरत्न तुलाधरको नेतृत्वमा बर्ष बर्षमा निरन्तर आन्दोलन चलि नै रह्यो।

प्रत्येक बर्षमा नेपाल सम्वत्को नयाँ बर्ष मनाउने सन्दर्भमा 'न्हूदँया भिंतुना' भनेर एउटा व्यापक रुपमा सांस्कृतिक क्रान्तिकारी आन्दोलनको रुपमा अगाडि आयो। देशमा विभिन्न समयमा हुँदै आएको राजनीतिक आन्दोलनका साथसाथै नेपाल सम्वत्को आन्दोलन पनि बढ्दै आयो। विभिन्न सामाजिक संघ संस्था र राजनीतिक दलहरूबाट पनि नेपाल सम्वत् न्हूदँया मूल समारोह समितिमा भाग लिएर भिंतुना आन्दोलनलाई साथ दिने काम भयो। नेपाल सम्वत् १११९ देखि नेकपा एमाले काठमाडौ जिल्ला कमिटीले नेपाल सम्वत् न्हूदँया भिंतुना चियापानको आयोजना पनि

गऱ्यो । पछि अन्य पार्टीहरूले पनि न्हूदँया भिंतुना चियापानको आयोजना गर्न थाल्यो ।

नेपाल सम्वत् ११२० मा नेपाली कांग्रेसका नेता एवं प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईको मन्त्रीपरिषद्ले नेपाल सम्वमत्का प्रवर्तक साख्वालाई राष्ट्रिय विभूति घोषणा गऱ्यो। यो एउटा भिंतुना आन्दोलनको ठूलो उपलब्धि हो। यसरी नै राष्ट्रिय विभूति शंखधर साख्वाः अंकित हुलाक टिकटको प्रकाशन पनि सरकारले गरेको र राष्ट्रिय संचार माध्यममा नेपाल सम्वत्लाई उल्लेख गर्ने काम भिंतुना आन्दोलन कै उपलब्धि हो । नेपाल सम्वत् ११२८ कौलागाः दशमीका दिन नेकपा माओवादीका अध्यक्ष एवं तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहालको मन्त्रीपरिषद्ले नेपाल सम्वत्लाई राष्ट्रिय सम्वत् घोषणा गऱ्यो ।

हाम्रो देश नेपालको मौलिक सम्वत् अनुरुप सराष्ट्रिय सम्वत्को रुपमा मनाउँदै आएको सम्वत्को विभिन्न समयमा शाह शासन र राणा शासनको दवाबले अस्तित्व नै लोप पार्न खोजेता पनि समयान्तरले र भिंतुना आन्दोलनको संघर्षले गर्दा नेपाल सम्वत्लाई राष्ट्रिय सम्वत् घोषणा गराउन सकेको हो। तर नेपाल सम्वत्लाई राष्ट्रिय सम्वत् घोषणा गरेको यतिका बर्ष भइसकेता पनि सरकारी कामकागमा प्रयोग भएको छैन। तत्कालीन प्रधानमन्त्री बाबुराम भट्टराईले नेपाल सम्वत् ११३२ न्हूदँया मनाउने सन्दर्भमा नेपाल सम्वत् लाई आफ्नो लेटर प्याडमा पनि प्रयोग गर्ने र सरकारी कामकागमा पनि प्रयोग गर्ने भनी नेपाल भाषामा भाषण गरेर खुल्ला मञ्चबाट घोषणा गरेका हुन । तर त्यो घोषणा, घोषणामैं सिमित भइरहेको छ। मुखले बोले जस्तै ब्यवहारमा प्रयोग गर्ने काम गरेकै छैन। यो एउटा ठूलो विडम्वना नै हो ।

स्व. गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री भइरहेको बेलामा पनि आफ्नो लेटर प्याडमा नेपाल सम्वत् राख्ने वचन दिएका थिए तर व्यवहारमा लागू गरेनन्। माधवकुमार नेपाल प्रधानमन्त्री भइरहेको बेलामा पनि केही पनि उपलब्धि भएन। नेपाल सम्वत्को न्हूदँया भिंतुना कार्यक्रममा प्रमुख अतिथि भएर आउने प्रधानमन्त्रीहरूले नेपाली जनताहरूलाई खुशी पार्न मात्र मीठा मीठा कुरा गर्ने तर व्यवहारमा भने केही पनि नगर्ने यस्ता काम गरेर नेपालीहरूलाई झुक्याउँदै आइरहेको देखिन्छ। नेपाल राष्ट्र बैंकले नेपाल सम्वत् ११३४ मा दशैंको अवसरमा पहिलो पटक नोटमा उल्लेख गरिएको विक्रम सम्वत् र इश्वी सम्वत् मात्र राखेको देखियो तर राष्ट्रिय मान्यता प्राप्त नेपाल सम्वत् उल्लेख नगरिनु अपशोचको कुरा भएको छ। यसमा पनि सम्बन्धित निकायको अविलम्व ध्यान जाओस। यो हाम्रो माग हो ।

नेपाल सम्वत् न्हूदँ राष्ट्रिय समारोह समिति - ११३४ को प्रतिनिधि मण्डलले

तत्कालीन मन्त्रीपरिषद्का अध्यक्ष खिलराज रेग्मीलाई भेटेर नेपाल सम्वत् सम्बन्धी नौ बुँदाको मागहरू राखेको थियो। उक्त नौवटा मागहरूमा नेपाल सम्वत्लाई राष्ट्रिय सम्वत् घोषणा गरी सकेपछि यसलाई सम्मान गर्नु पर्ने, नेपाल सम्वत्लाई व्यवहारमा प्रयोग गर्नु पर्ने, नेपाल सम्वत्लाई तत्काल राष्ट्र प्रमुख र सरकारी निकायहरूले प्रयोग गरिने लिखित दस्तावेजमा प्रयोग गर्नु पर्ने, पैसा सिक्का र नोटमा नेपाल सम्वत् प्रयोग गर्नु पर्ने, शंखधर प्रतिष्ठान गठन गर्ने काम तत्काल सरकारी स्तरबाट गर्नु पर्ने, नेपाल सम्वत् न्हूदँको नामले नै विदाको घोषणा गर्नु पर्ने, नेपाल सम्वत् राष्ट्रिय सम्वत् भएकोले उक्त सम्वत्को न्हूदँ नयाँ बर्ष नेपाल सरकारकै नेतृत्वमा मूल समारोह समिति गठन गरेर आयोजना गर्नु पर्ने, नेपाल सम्वत्का प्रवर्तक शंखधर साख्वाः र नेपाल सम्वत् सम्बन्धी पाठ्य सामाग्री पाठ्यक्रममा व्यवस्था गर्नु पर्ने र नेपाल सम्वत् राष्ट्रिय रुपमा मनाउन राज्यले आर्थिक कोषको व्यवस्था गर्नु पर्ने कुरा उल्लेख गरिएको छ। यसका लागि अझै भिंतुना आन्दोलनकारीहरूले अझ बढी सशक्त रुपमा आन्दोलन गर्नु पर्ने भएको छ। साथै ने.सं. ११४३ (२०८०) मा सरकारले विक्रम सम्वत् प्रयोग गरिने सरकारी कागजातमा नेपाल सम्वत् पनि प्रयोग गरिने गरी निर्णय गरेपछि देशभर सरकारी कार्यालयले पत्राचार गर्दा नेपाल सम्वत् प्रयोग गर्ने कार्य सुरु गरेको छ। जुन नेपाल सम्वत् आन्दोलनकारीहरूको लागि एउटा सुखद पक्ष हो। यसको प्रभावकारितामा अब हामी यस क्षेत्रमा लागेकाहरू चनाखो हुनु पनि जरुरी छ। ने.सं. ११४५ को शुभकामना। ●

(साभार नेपाल समाचारपत्र)

प्राचिन शहर द्वाल्खा र नेपाल सम्वत्

–● उपेन्द्र प्रधान ●–

गौरीशंकर हिमालको काखमा अवस्थित दोलखा जिल्लाको दोलखा शहरको आफ्नै ऐतिहासिक एवं मौलिक विशेषता रहेको छ। किराँतकाल, लिच्छवीकालदेखिको ऐतिहासिक पृष्ठभूमि बोकेर मल्लकालीन मठ-मन्दिर, देवदेवालय, मूर्तिकला, धार्मिकस्थल, ऐतिहासिक दरबार एवं चैन्यहरू रहेको यस प्राचिन शहर दोलखा हाल आएर भीमेश्वर नगर दोलखा नामले प्रख्यात रहेको छ। विशेष गरी नेवार जातीको बसोबास रहको यस भीमेश्वर नगर दोलखामा आफ्नै किसिमका रहनसहन, परम्परागत चाडपर्व, रीतिरिवाज मनाउनुका साथै आफ्नै मौलिक दोलखाको नेपाल भाषा प्रचलनमा रहेको छ। मल्लकालमा डेढसय दशक स्वतन्त्र राज्यको रुपमा रहेर यसले गरेको संस्कृतिको विकासले गर्दा आजसम्म नेपालको इतिहासमा जवसम्म दोलखाको इतिहास पूरा हुँदैन तवसम्म नेपालको इतिहास अधुरो हुन्छ भन्ने प्रशिद्धता पाइएको छ।

दोलखा शहर, यसको ऐतिहासिक नाम मल्लकालिन शासनकालसम्म अभयपुरबाट चिनिएको थियो भने बिक्रम सम्वत् १५३८ मा यक्षमल्लको मृत्यु पछि उपत्ययकाको राज्य टुक्रा भए पश्चात् दोलखाको त्यसताकाका शासक उदयदेवको पालामा दोलखाधिपतीको रुपमा एउटा स्वतन्त्रराज्यको खडा भयो। त्यस पछि अभयपुर शव्दको लोप र दोलखा शव्दको उत्पत्ती भयो। यसरी दोलखा शब्दको उत्पती कसरी भयो भन्ने सन्दर्भमा त्यसताका भेट्टाइएका प्रमाणहरू अनुसार द्वाकु-ठूलो लुखा-ढोका अर्थात द्वाल्खा, ठूलोढोका भएकोले द्वाल्खा शव्द अप्रभंश हुँदै दोलखा भएको भन्ने मान्यता रहेको छ।

वि.सं. १५९१ देखि १६०५ सम्म तत्कालीन दोलखा शहरका राजा जयइन्द्रसिंह देवले हिन्दू राज्यकै सबभन्दा पहिलो पटक चाँदीको सिक्का निकाली आफ्नो शासनकालमा आफ्नो र रानी विजयालक्ष्मी महादेवी नामको टक छापी प्रचलनमा ल्याएका थिए जुन तथ्यलाई सावित गर्न ताडपत्र, शिलापत्र र भोजपत्र जस्ता ऐतिहासिक प्रमाणहरू र छाउनी संग्रहालयमा आजसम्म पनि विद्यमान रहेको छन् ।

नेपालको इतिहास निमार्णमा बाबुराम आचार्यले दोलखाको ऐतिहासिक अस्तितत्वको शंखनाद पश्चात् धनबज्र बज्राचार्य र टेकबहादुर श्रेष्ठ को अथक प्रयासबाट वि.स. २०३१ सालमा दोलखालाई इतिहासको पानाभित्र राखिराख्ने जमर्को स्वरुप “दोलखाको ऐतिहासिक रुपरेखा” तयार भयो । पर्यटकीय एवं प्राकृतिक रमणीय स्थानको हिसाबले महत्वपूर्ण मानिएको दोलखा शहरको पूर्वमा आफ्नै विशेषता बोकेको चम्पुजा र उत्तरमा मञ्जुश्री पार्क अवस्थित छ ।

यहाँ बाट मनोरम प्राकृतिक दृश्यले सु-सज्जित स्थानहरूलाई चिर्दै कलकल सुमधुर आवाजमा गौरीशंकर हिमालको चिसो हावा सँग-सँगै आफ्नै तालमा बगिरहेको तामाकोशीको मनमोहक दृश्य हेर्न सकिन्छ । सोही स्थानबाट देखिने प्राकृतिक एवं धार्मिक महत्वको गौरीशंकर हिमाल पर्यटकीयहरूको स्वागतमा हाँसिरहेको भान हुन्छ ।

समुद्र सतहदेखि करीव ७१३४ मिटरको उचाइमा अवस्थित गौरीशंकर हिमाल हिन्दू धर्मावलम्वीहरूका आराध्यदेव शिव र माता पार्वतीको प्रतीक मानिने भएकोले आन्तरिक र बाह्य पयर्टकहरूलाई आरोहण गर्न निषेध गरिएको छ । यस्तै गरी समुद्र सतहदेखि करीव १३ हजार ६ शय २ फिटको उचाइमा अवस्थित कालिञ्चोक भगवती लगायत गणेश टूवापर यहाँ बाट सजिलै हेर्न सकिन्छ । यी ऐतिहासिक एवं धार्मिक देवस्थलहरूले यस शहरलाई नेपाल अधिराज्यकै महत्वपूर्ण ऐतिहासिक एवं धार्मिक स्थलका रुपमा स्थापित गरेका छन् । तर्सथ ऐतिहासिक दोलखा शहर र नेपाल सम्बतको बारेमा यहाँ बिश्लेषण गर्न खोजिएको छ ।

नेपालमा लगभग लिच्छवीहरूले ७०० सय बर्ष जति राज्यसत्ता संचालन गरेको कुरा इतिहासबाट थाहा पाउन सकिन्छ । सात सय बर्षको राज्य सत्ता संचालनमा लिच्छवी वंशहरूले दुईवटा सम्वत् चलाएको देखिन्छ जुन सम्वत् एक “शक” हो भने अर्को सम्वत् “लिच्छवी” हो । शक सम्वत् संस्कृतिको रुपमा विकास गरिएको र लिच्छवी सम्वत् राष्ट्रको नाउँमा सञ्चालन गरिएको भन्ने मान्यता रहेको पाउँछौं । यसपछि नेपाली संस्कृतिमा यी सम्वत् केही समय हराएका थिए भन्ने भनाइ रहेको छ । तैपनि लिच्छवी सम्वत्का बारेमा नेपालका इतिहासकारहरूवीच मत भिन्नता देखा नपेरका होइनन् । इतिहासकारहरू कसैले

लिच्छवी सम्वत् नै हो भनेर भन्ने गरेको पाउंछौं भने कुनै इतिहासकारहरूले कार्तिकाढी बिक्रम सम्वत् भनेर दावी गरेको पाइन्छ। आखिरमा जस्तोसुकै मत भिन्नता भएपनि लिच्छवी वंशहरूले नेपालको भुमिमा संस्कृति र राष्ट्रको परिचय गराउन खोजेको कुरा इतिहासले देखाएको छ। लिच्छवी वंशहरूले छोडेर गएको सम्वत् धर्म, कला संस्कृति आदिले बर्तमान परिवेशमा आएर नेपालको पहिचान र गौरब कायम गर्न सफल रहेको महशुष गरिएको छ। लिच्छवीकालको अन्त र मध्यकालको उदय पछि अर्को नया" सम्वत् को शुरुवात भएको हामीले पाउंछौं, जुन सम्वत् हो नेपाल सम्वत्।

नेपाल सम्वत् नेवारहरूको मात्र सम्वत् होइन यो सम्वत् हामी सम्पूर्ण नेपालीको सम्वत् हो। कसै कसैले यो सम्वत् नेवारहरूको मात्र सम्वत् ठानेका छन्, यो एउटा भ्रम मात्र हो। बिशेषगरी नेवार समूदायहरूले प्रचार प्रसार गर्नुका साथसाथै मनाउँदै आएको कारणले गर्दा पनि नेवारहरूको सम्वत् हो भन्ने गरेको पनि हुन सक्छ।

राजा राघवदेवको शासनकालमा शंखधर साख्वाः भन्ने एक जना ब्यक्तिले आफ्नो सम्पतिले नेपाली जनताको ऋण-मोचन गरीदिएपछि नयां सम्वत् ल्याएको हो। यसरी नयां सम्वत्लाई ल्याइसकेपछि नेपाल सम्वत्लाई नेपाली जनताले इज्जत र गौरवका साथ मनाउँदै आउँनुका साथसाथै शंखधर साख्वाः लाई बिभूति मानिएको छ। हुन त हामीकहाँ बिभिन्न सम्वत्हरू रहेका छन् तर यो नेपाल सम्वत् र बुद्ध सम्वत् बाहेक अरु सबै सम्वत् बाहिरबाट ल्याइएका सम्वत् हुन् भन्ने मान्यता रहेको पाउँछौं। नेपाल सम्वत् म्हःपूजाको दिनमा शुरु हुन्छ भने यो सम्वत्मा प्रयोग गरिएको तिथीमिति चन्द्रमासको आधारमा बनाइएको पाइएको छ।

मल्लकालमा नेपालमा देखा परेका बिभिन्न लेख, रचना, ग्रन्थ एवं अभिलेखहरूमा नेपाल सम्वत्को प्रयोग भएको तथ्य हामीहरूले अहिलेसम्म पनि पाउंछौं। त्यसै गरी त्यसताकाका मुर्तिकला, बास्तुकला, शिलालेख जस्ता आदि लेखौटहरूमा पनि नेपाल सम्वत्को प्रयोग भएको पाउंछौं। यी बिभिन्न आधारहरूले गर्दा नेपाल सम्वत्को शुरुवात बि.सं. १३८२ तिरबाट भएको भन्ने तथ्य हामीले पाउँछौं। राजा राघवदेवको पालादेखि लिएर राणा शासनकालको शुरुवात नहुन्जेलसम्म नेपाल सम्वत्को प्रयोग भइरहेको थियो भने राणाशासनको शुरुवात भएपछि यो संस्कृतिबाट हराउन पुग्यो। यसै गरी राणा शासनको अन्त्य र पञ्चायती ब्यवस्थाको उदय पछि पनि नेपाल सम्वत्को बारेमा चर्चा चलेको थियो तर त्यसबेलाका सरकारले पनि मान्यता दिएको भने पाईदैन।

यस पछि पञ्चायती ब्यवस्थाको अन्त र देशमा बहुदलीय ब्यवस्था आइसकेपछि नेपाल सम्वत् मान्दै आइरहेको पाउँछौं। यसै गरी जव नेपालमा गणतन्त्र आयो त्यसपछि

नेपाल सम्वत्लाई राष्ट्रिय सम्वत्को मान्यता प्राप्त भयो। यो सम्वत् नेवारहरूको मात्र सम्वत्को रुपमा हेर्नु हुदैन यो सम्वत् सम्पूर्ण नेपालीहरूको सम्वत् हो।

बागमती प्रदेशह सरकारले कामकाजी भाषा ऐन २०८०, कार्यान्वयन गत २०८१ बैशाख २४ गते सोमबारदेखि लागु गरिएको छ। जस अनुसार नेवार जातीको बाहुल्य रहेको स्थानिय, प्रदेश र केन्द्र रहेको कार्यालयहरूमा कामकाजीको भाषामा नेपाल सम्वत् प्रयोग गर्ने घोषणा गरिसकेको छ। तर यसको कार्यान्वय पक्ष अलि कमजोर भएको छ।

नेपाल सम्वत्ले नेपाल भित्रका उपत्यकाका जिल्लाहरू कान्तिपुर, ललितपुर, भक्तपुर, किर्तीपुर र उपत्यका बाहिरका जिल्लाहरू दोलखा, रामेछाप, सिन्धुपाल्चोक, शंखुवासभा, भोजपुर, धनकुटा, पाल्पा, नुवाकोट, प्यूठान, नेपालगञ्ज, विराटनगर, धरान, सुर्खेत, आदि जिल्ला र शहरहरूमा यसको आफ्नै छुट्टै पहिचान र ऐतिहासिक महत्व रहेको पाइन्छ।

नेपाल सम्वत् ११४६ को पावन अवशर प्राप्त भएको छ। यसैले ऐतिहासिक शहर द्वाल्खा र नेपाल सम्वत्को बारेमा बिश्लेषण गर्नु सान्दर्भिक हुन्छ। प्राचिन दोलखा शहरमा नेपाल सम्वत्को प्रचलन किराँतकाल देखि नै प्रयोग हुंदै आएको हो। त्यसकारण नेपाल सम्वत् दोलखामा पनि स्वभाविक रुपले प्रयोगमा आएको कुरालाई नकार्न सकिन्न। यस अनुसार औपचारीक रुपमा नेपाल सम्वत् दोलखामा कुन साल देखि मनाउन थालियो भन्ने आधिकारीक जानकारी हालसम्म पुष्टी भएको छैन। तर विशेष गरी २०४६/४७ साल पछि मात्र यस सम्वत्लाई यहाँका नेवार समूदायहरू एवं दोलखाका आदीवासी वासिन्दाहरूले नयाँ बर्षको रुपमा मनाउंदै आइरहेको छन्। यहाँ स्थित सामाजिक संघ संस्थाहरूले नेपाल सम्वत्को उपलक्ष्यमा आफ्नो मातृभाषाबाट कविता प्रयोगिता, हाजिरीजवाफ प्रतियोगिता र ऱ्यालीको आयोजना गरिन्दै आइरहेको छ। त्यस्तै गरी नेपाल सम्वत् ११६८ को उपलक्ष्यमा काठमाण्डौ स्थित नेवारी संस्था निभा पुचः र दोलखा स्थित दोलखा सेवा समाजको संयुक्त आयोजना एवं काठमाण्डौ र दोलखाबासी नेवार समूदायहरूको सहयोगमा काठमाण्डौं दोलखा मोटरसाईकल ऱ्यालीको आयोजना गरिएको थियो। यसरी हुँदा-हुँदा बिगत बर्षदेखि दोलखा स्थित एक दर्जन भन्दा बढी बिभिन्न सामाजिक संघ-संस्थाहरूको प्रतिनिधित्व रहेको अभयपुर संघ-संस्था समन्वय समितिको पहल र हाल स्थानिय संघ-संस्थाको पहलमा नेपाल सम्वत्को उपलक्ष्यमा ऱ्यालीको आयोजना सहभागी हुर्दै आएका छन्।

यसै गरी उपत्यकावासी दोलखाली नेवार समुदायले मुल समारोह समितीले आब्हान गरेको नेपाल सम्वत् ऱ्यालीमा सहभागी हुर्दै मनाउँर्दै आएका छन्।

प्राचिन शहर दोलखामा नेपाल सम्वत्को प्रयोग :

इतिहासमा उल्लेख भए अनुसार त्यसताका दोलखा जिल्ला पनि एक राज्य थियो भन्ने प्रमाण ग्रन्थावलीबाट थाहा पाउँन सकिन्छ भने दोलखाको पूर्वमा सुनकोशी, पश्चिममा दूधकोशी, उत्तरमा तिब्बतको सिमाना देखि लिएर दक्षिणमा तामाकोशी र सुनकोशीको संगम बिन्दुसम्मको सिमाना रहेकोछ। इतिहासकार शिरोमणि बाबुराम आचार्यको भनाइअनुसार किरांतकालदेखि लिच्छवीकालसम्म नेवारी बस्ती रहेको पाउंछौं। त्यस वेला नेपाल सम्वत् ४४६ देखि शुरु भएको पाइन्छ। यसरी दोलखामा नेपाल सम्वत्को प्रयोग ४४६-९५१ सम्ममा बिभिन्न ऐतिहासिक कला-कौशलमा प्रयोग गरिएको पाइन्छ। यसै गरी दोलखामा हालसम्म उपलब्ध भएका भीनपा वडा नं. -२ स्थित नसुको ढुंगेधारामाथि अवस्थित नारायण भगवानको मूर्तिमा कुंदिएको अभिलेखमा पनि नेपाल सम्वत्को प्रयोग भएको पाउँछौं। जसमा नेपाल सम्वत् ५८० अर्थात बिक्रम सम्वत् १५१६ मा स्थापित भएको भनी उल्लेख भएको छ।

यसै गरी भीनपा -२ पिंगल स्थित छोपती नामले प्रख्यात रहेको ढुंगेधाराको शिरानमा सानो नारायणको मुर्ति रहको छ। त्यसै गरी यसै धारामा दोलखाधिपती श्री उद्धवदेव ठाकुरले नेपाल सम्वत् ६११ मा कृष्ण भगवानको मुर्ती स्थापना गरेको उल्लेख रहेको छ। यसै गरी राजा यक्ष मल्लको राज्य विस्तारको समयमा ने.स. ५७४ लेखिएको पाउंछौ।

त्यसमा नेपाल सम्वत् ५८० मा स्थापना गरेको भन्ने उल्लेख छ। त्यसै गरी हरेक इन्द्रजात्राको बेलामा प्रदर्शन गरिने आकार भैरवको मूर्ति हाथ्वमा पनि नेपाल सम्वत् ५८० लेखिएको पाइन्छ। भीनपा -२ स्थित तलेजु मन्दिर स्थित २ वटा बौद्ध चैत्य मन्दिरहरू रहेका छन् ति मध्ये एउटा चैत्य संगै उक्लने सिढीमा सुताएर राखेको ढुंगामा नेपाल सम्वत् ६२२ उल्लेख गरेको पाईन्छ। यसै गरी दोलखा शहरको पूर्व उत्तर पट्टि अर्थात भीनपा -२ स्थित प्रख्यात भीमसेन (भीमेश्वर) मन्दिर अवस्थित रहेको छ।

यस मन्दिरको उत्तर पट्टिको गिर्दामा केही मुर्तीहरू छन् यी मध्ये माझमा उमामहेश्वरको मुर्ति रहेको छ यस मुर्ती श्री उजोतदेदव ठाकुरकी पत्नी श्रीमा रुपमाले चर्तुदशी ब्रत पुरा गरेको उपलक्ष्यमा नेपाल सम्वत् ६४० स्थापना गरेको उल्लेख गरिएको छ भने संगै अर्को गोपिनारायणको मुर्ती रहको छ यसमा नेपाल सम्वत् ६४४ उल्लेख गरिएको छ। यसै गरी जिवसिंह भारोले आफ्नो पुत्र र पत्नीको नाउँमा नेपाल सम्वत् ६४४ मा भीनपा -२ तीनधारा (राइती) स्थित गोपिनारायणको मन्दिर स्थापना गरेको पाइन्छ।

राजा इन्द्रसिंह देव ६५५ मा राजा भएको बेला दुंगल, कोर्छे बहारमा सुनको आकास भैरब बनाई इन्द्र जात्रामा प्रदर्शन गर्न प्रारम्भ गरेको पाइन्छ। यसै गरी भीमसेनको भण्डारमा

केही गदाहरू राखिएका छन् । ति मध्ये श्री श्री जयजितादेवको शासनकालमा नेपाल सम्वत् ६८९ मा चढाएको गदाहरू पनि रहेको पाइएको छ ।

यसै गरी महेश्वरदासले चढाएको ताम्रपत्रमा पनि नेपाल सम्वत् ७०४ उल्लेख गरिएको पाइन्छ। भीमसेन (भीमेश्वर) मन्दिरको दक्षिण पट्टि केही घण्टाहरू छन् ति मध्ये एउटा घण्टामा नेपाल सम्वत् ८७१ उल्लेख गरिएको छ भने अर्को घण्टा नेपाल सम्वत् ९५१ उल्लेख गरिएको छ । यसरी दोलखाका अधिकांश पुराना मठ-मन्दिरमा अवस्थित पुरा कला कौशल, शिलाका मुर्तिहरूमा नेपाल सम्वत्को बढी प्रयोग भएको पाईन्छ। यी बिभिन्न प्रमाणहरूको कारणले गर्दा नेपाल सम्वत् र दोलखाको गाढा सम्वन्ध रहेको पुष्टि हुन्छ ।

अन्तमा नेपाल सम्वत् ११४६ अवसरमा नेपाल सम्वत् मनाईरहेका छौं। जुन सम्वत् नेवार समूदायहरूको मात्र सम्वत् होईन यो ईतिहासले देखाएको छ। त्यसैले गैर नेवार समूदायहरूमा जुन भ्रम सिर्जना भएको छ। त्यसलाई अध्ययनको खाँचो रहेको महशुष गरिएको छ। त्यसैले ढुक्कले नेपाल सम्वत्लाई हामी सम्पूर्ण नेपाली जनताले हर्सोउत्लासले मानेर जानुको विकल्प अर्को छैन । यस बर्षदेखि नेपाल सम्वत्लाई सरकारको दैनिक कामकाजमा समेत उल्लेख गर्नु पर्ने निर्णय गरिएको छ । यो नेपालको मौलिक सम्वत् हो । ●

(लेखक दोलखा निवासी नेवाः देय् दबु केन्द्रिय सदस्य हुन्)

नेपाल सम्वत् एपस्
डिजिटल युगमा हाम्रो सम्पदा

–● शौनक रञ्जितकार ●–

नेपालको इतिहास र सम्पदा गरिमामय छन् । हजार वर्षभन्दा बढी समयदेखि चल्दै आएको देशको नाममा रहेको क्यालेन्डर छ । नेपालीहरूले चाडपर्व, सांस्कृतिक कार्यक्रम, जन्मदिन, विवाह, इत्यादि मनाउन यो पात्रो दिनहुँ प्रयोग गर्छन् । यस पात्रोको नाम नेपाल सम्वत् हो । हाम्रो यो सम्पदा जोगाउन समयसापेक्ष विकास गर्नुपर्छ । प्रविधिको सहायताले यो पात्रोलाई हामी संरक्षण मात्र हैन, यसको भविष्य पनि सुनिश्चित राख्न सक्छौं ।

यसै क्रममा नयाँ **नेपाल सम्वत् एप**को विकास गरिएको छ । नेपाल सम्वत्लाई वैज्ञानिक परिप्रेक्ष्यमा विश्लेषण गर्दै यो एपले गणितीय सूत्रहरू प्रयोग गरी क्यालेन्डर बनाउँछ। यो एप प्रयोग गरेर नेपाल सम्वत्लाई इश्वी सम्वत् र विक्रम सम्वत्मा परिणत गर्न सकिन्छ र विगत वा भविष्यको कुनै पनि मिति हेर्न सकिन्छ ।

नेपाल सम्वत् पात्रो ठकुरी राजा राघवदेवको शासनकालमा इस्वी सम्वत् ८७९ मा स्थापना भएको चन्द्रसौर पात्रो हो । काठमाडौंका व्यापारी शंखधर साख्वाःले देशलाई सबै ऋणबाट मुक्त गराएको दिनको सम्झनामा नेसंको स्थापना भएको मानिन्छ । यो पात्रो वा युग कुनै राजा, लोकप्रिय व्यक्ति वा धर्मको नाममा राखिएको छैन । यो देशको नामबाट नामकरण गरिएको क्यालेन्डर हो । यो नेपालको सबैभन्दा प्रचलित क्यालेन्डर हो जुन

सबैभन्दा लामो समयदेखि प्रयोगमा रहेको छ।

प्रारम्भिक युगदेखि, मानव सभ्यता समयको ट्र्याक राख्न र महिना, ऋतु र वर्षहरू परिभाषित गर्न आकाशीय पिण्डहरूको चालमा निर्भर रहँदै आएको छ। नेसं पनि सूर्य, चन्द्र र ताराहरूको स्थितिमा निर्भर गर्दछ। सौर्य र चन्द्र गति आकाशीय क्षेत्रमा भिन्न हुन्छन। प्रत्येक औंशीले नयाँ महिनाको सुरुवातलाई संकेत गर्दछ। लुनेसनमा धेरै निर्भर भए तापनि, नेसले सौर्य ऋतुहरूलाई अन्तरक्यलरी महिनाहरू प्रयोग गरेर नियन्त्रणमा राख्छ।

संमा तिथि भनेको चन्द्रमाले १२° पार गर्न लिने अवधि हो। महिनाको पहिलो दिन औंशीबाट सुरु हुन्छ। यस समयमा पृथ्वी, चन्द्रमा र सूर्य एउटै सीधा रेखामा रहेकाले सौर्य देशान्तर र चन्द्र देशान्तरको अन्तर शून्य हुन्छ। चन्द्रमालाई ०° देखि १२° सम्म सर्न लाग्ने समयलाई पहिलो दिन वा पारु वा प्रतिपदा, १२+° देखि २४° सम्मलाई दोस्रो दिन वा द्वितीया, २४+° -३६° लाई तेस्रो दिन वा तृतीया भनिन्छ। १२ डिग्रीको प्रत्येक गुणनले तिथि बनाउँछ। चन्द्रमा र पृथ्वीको गतिको भिन्नताका कारण सबै तिथिहरूको लम्बाइ समान हुँदैन। एकल २४ घण्टाको दिनमा दुई तिथि ओभरल्याप हुन सक्छन। दुई तिथि भएको सौर्य दिनको भ्रमबाट बच्न, नेसले सूर्योदयको समयलाई सम्पूर्ण दिनको सन्दर्भको रूपमा प्रयोग गर्दछ। सूर्योदयको समयमा, चन्द्रमा जुन स्थानमा हुन्छ, त्यसैको नामबाट सम्पूर्ण दिनको नाम राखिन्छ। उदाहरणका लागि यदि आज सूर्योदय ६:१५ मा भएको थियो र त्यस समयमा चन्द्रमा १६ डिग्रीमा थियो भने सम्पूर्ण दिनलाई दोस्रो दिन वा द्वितिया भनिन्छ। किनकि सूर्योदयको समयमा चन्द्रमाको स्थिति १२+° देखि २४° को बीचमा थियो।

नेसंले सूर्योदयको समय गणना गर्न काठमाडौंको हनुमानढोकामा कालभैरवको स्थान प्रयोग गर्दछ। यस स्थानको देशान्तर र अक्षांश प्रयोग गरेर सूर्योदयको समय गणना गर्न सकिन्छ। सौर्य देशान्तर र चन्द्र देशान्तरले पृथ्वीमा पर्यवेक्षकको सापेक्ष आकाशीय स्थानमा सूर्य र चन्द्रमाको स्थिति परिभाषित गर्दछ। यी दुई बीचको भिन्नताले चन्द्र चरण परिभाषित गर्दछ जुन तिथि गणना गर्न प्रयोग गरिन्छ।

नेसं वर्ष सामान्यतया १२ महिनाको हुन्छ। महिनालाई दुई भागमा विभाजन गरिएको हुन्छ। औंशीदेखि पूर्णिमासम्मको पहिलो भागलाई थ्वः पक्ष वा शुक्ल पक्ष भनिन्छ जसले चन्द्रमाको उज्यालो हुने संकेत गर्दछ। पूर्णिमादेखि अर्को नयाँ चन्द्रमा सम्मको अर्को भागलाई गाः पक्ष वा कृष्ण पक्ष भनिन्छ जसले चन्द्रमा अँध्यारो हुँदै जाने संकेत गर्दछ।

अनाला र न्हला महिनाहरू चन्द्र चक्रलाई सौर्य ऋतुहरूसँग सिङ्कमा राख्न प्रयोग गरिन्छ। लगभग हरेक तीन वर्षमा एक महिना थपिन्छ जसलाई अनला भनिन्छ। यो तब हुन्छ जब एक सौर्य महिनामा दुई शुक्ल पक्ष हुन्छन्। सौर्य महिनामा कुनै शुक्ल पक्ष नहुँदा

एक महिना छोड्न पनि सकिन्छ। यसलाई न्हला भनिन्छ र यो हरेक १९ देखि १४१ वर्षमा विरलै हुन्छ। यी विशेष महिनाहरूले नेसं क्यालेन्डरलाई सौर्य ऋतुहरूसँग सिङ्कमा राख्न महत्वपूर्ण भूमिका खेल्छन्।

नेपाल सम्वत् एपका विशेषताहरू

१. **पूर्ण स्वचालित क्यालेन्डर**ः यो पात्रो गणितीय सूत्रहरूमा आधारित भएको हुनाले यसले विगत वा भविष्यको कुनै पनि वर्षको लागि पात्रो उत्पन्न गर्न सक्छ। हामीले अहिले जस्तो नयाँ वर्षको क्यालेन्डर पर्खिराख्नु पर्दैन। अर्को वर्षको टीका कहिले हो भनेर सजिलै पत्ता लगाउन सक्छौं र ४० वर्षअघिको टीका कहिले थियो भनेर सजिलै पत्ता लगाउन सक्छौं।

२. **दिन विवरणको सजिलो दृश्य**ः एपले सूर्योदयको समय, तिथि एकबाट अर्कोमा सर्ने समय, राशिचक्र, नक्षत्रहरू, चाडपर्वहरू र नेसं, विक्रम सम्वत् र इश्वी सम्वत् मा सम्बन्धित तिथि मितिहरू सहित दिनको विवरणहरू गणना र प्रदर्शन गर्दछ। दिनको झलक फ्लिपयोग्य डिस्प्लेमा व्यवस्थित गरिएको छ।

३. **भित्ते क्यालेन्डर जस्तै महिना पात्रो**ः स्पष्ट र प्रयोग गर्न सजिलो महिना क्यालेन्डरमा पूरै महिनाका दिनहरू हेर्न सकिन्छ। यो पात्रो महिना र त्यस महिनाका दिनहरूको विवरणले भरिएको छ।

४. **चाडपर्वहरूको सूची** : चाडपर्वहरूको पूर्ण स्वचालित सूची तपाईंको लागि उपलब्ध छ। हाम्रा धेरैजसो चाडपर्वहरू नेसंका दिनहरूमा आधारित भएकाले चाडपर्वहरू कुन मितिमा पर्छन् भनेर पहिचान गर्न सजिलो हुन्छ। अर्को वर्ष लक्ष्मी पूजा कहिले पर्छ भनेर वोझेलमा पर्नु पर्दैन।

५. **अन्य पात्रोहरू मा वा बाट रूपान्तरण** : यो एप प्रयोग गरेर, तपाईं सजिलैसँग अतीत वा भविष्यका कुनै पनि मिति रुपान्तरण गर्न सक्नुहुन्छ। तपाईं नेसं बाट विसं वा ईसं मा रूपान्तरण गर्न सक्नुहुन्छ। वा ईसं बाट नेसं र विसंमा। वा विसं बाट नेसं र ईसमा। यी तीन पात्रोहरू बिचमा मितिहरू रूपान्तरण गर्न यति सजिलो कहिल्यै थिएन।

६. **तपाईंको भाषाको छनौटमा क्यालेन्डर** : यो एपमा तपाईंलाई आफ्नो रोजाइको भाषामा क्यालेन्डर हेर्न सक्नु हुन्छ। सजिलै अंग्रेजी, नेपाली, नेपालभाषा वा प्रचलित लिपि बीच छनौट गर्न सक्नुहुन्छ।

नेपाल सम्वत् सबै नेपालीको साझा सम्पदा हो। यो प्रयोग गर्न सजिलो र प्रकृतिमा वैज्ञानिक छ। तर, अहिले पनि अधिकांश नेपालीलाई आफ्ना पुर्खाहरूले छोडेको यो कृतिबारे विस्तृत रूपमा थाहा छैन। डिजिटल क्रान्तिको यो युगमा, हाम्रो लक्ष्य नेपाल

सम्वत्लाई प्रविधिको साहाराले बलियो बनाउने हो। हामी आशा गर्छौं कि यो एपले यस लक्ष्यमा एक कदम थजेछ।

नेसं एल्गोरिथ्मको सारांशः

नेसं तिथि मिति कसरी गणना गर्न सकिन्छ भन्ने संक्षिप्त सारांश तल प्रस्तुत गरिएको छ। विस्तृत विश्लेषण पूर्ण पत्रमा उपलब्ध छ।

A. सूर्योदयको समय गणना गर्नुहोस्

$$cos\omega_o = -tan\delta . tan\phi$$

$$\text{sunrise-equation}(jd, location) \overset{def}{=} \text{solar-transit} + \frac{\omega_o}{360°}$$

B. सौर्य देशान्तर र चन्द्र देशान्तर गणना गर्नुहोस्

$$\text{solar-longitude}(jd) = 2 \times \tan^{-1}\left(\sqrt{\frac{1+e}{1-e}} \times \tan\left(\frac{E}{2}\right)\right) + \omega_g$$

$$\text{lunar-longitude}(jd) \overset{def}{=} l' + V$$

C. "New Moon" को समय गणना गर्नुहोस्

$$\text{get-last-new-moon}(jd) \overset{def}{=} \text{true-phase-nm}(k')$$

$$\text{get-next-new-moon}(jd) \overset{def}{=} \text{true-phase-nm}(k' + 1)$$

D. चन्द्र चरण वा चन्द्र कोण परिभाषित गर्नुहोस्।

$$\text{lunar-angle(t)} \overset{def}{=} \text{lunar-longitude}(t) - \text{solar-longitude}(t)$$

E. सूर्योदयको समयमा चन्द्र चरण गणना गर्नुहोस्।

$$\text{lunar-angle-at-sunrise} \overset{def}{=} \text{lunar-angle(sunrise-time)}$$

F. दिनको 'तिथि' परिभाषित गर्नुहोस्

$$\textbf{tithi (jd)} \overset{def}{=} \lceil \frac{\text{lunar-angle-at-sunrise}}{12}$$

G. तिथि दोहोऱ्याउँछ वा छोड्छ कि खोज्नुहोस्

today = tithi (jd)

yesterday = tithi (jd - 1)

$$\textbf{tithi-type} \overset{def}{=} \begin{cases} 8\ \boldsymbol{if}\ (yesterday = today) \\ 9\ \boldsymbol{if}\ (yesterday - today = 2) \\ 0\ \boldsymbol{otherwise} \end{cases}$$

H. पक्ष परिभाषित गर्नुहोस्

$$\textbf{paksha} \overset{def}{=} \begin{cases} 1\ (Tho), & tithi \le 15 \\ 2\ (Ga), & otherwise \end{cases}$$

I. तिथिको नाम परिभाषित गर्नुहोस् ।

$$\textbf{tithi-name} \overset{def}{=} \begin{cases} tithi \quad\quad , & paksha = 1 \\ tithi - 15, & paksha = 2 \end{cases}$$

J. तिथिको अवधि पत्ता लगाउनुहोस् ।

$$\text{degrees-left} = \left(\lfloor \frac{\text{lunar-angle-at-sunrise}}{12} \right) \times 12 \\ - \text{lunar-angle-at-sunrise}$$

$$\text{x} = [\ 0.25, 0.50, 0.75, 1.0\ ]$$

$$y = [\ \text{lunar-angle(sunrise-time} + t) \\ - \text{lunar-angle-at-sunrise}\ ]$$

$$where\ t\ in\ x$$

$$y_a = \text{degrees-left}$$

$$\textbf{tithi-duration} \overset{def}{=} InverseLagrange(x, y, y_a)$$

$where\ InverseLagrange\ is\ given\ by$:

$$L(y_a) = \sum_{i=0}^{n} x_i \left(\prod_{\substack{0 \le j \le n \\ j \ne i}} \frac{y_a - y_j}{y_i - y_j} \right)$$

K. नेसं महिना परिभाषित गर्नुहोस्

$$\text{new-moon-day} = \text{get-last-new-moon(jd)}$$

$$\text{solar-longitude-at-new-moon} \\ = \text{solar-longitude(new-moon-day)}$$

$$\textbf{ns-month (jd)} \overset{def}{=} \lceil \frac{\text{solar-longitude-at-new-moon}}{30}$$

L. लीप महिना (अनाला) को लागी जाँच गर्नुहोस्

$$\text{new-moon} = \text{get-last-new-moon}(jd)$$

$$\text{this-month} = \lceil \frac{\text{solar-longitude(new-moon)}}{30}$$

$$\text{next-new-moon} = \text{get-next-new-moon}(jd)$$

$$\text{next-month} = \lceil \frac{\text{solar-longitude(next-new-moon)}}{30}$$

$$\textbf{anala} \overset{def}{=} \begin{cases} 1\ (Yes), & \textit{this-month} = \textit{next-month} \\ 0\ (No), & otherwise \end{cases}$$

M. स्किप गरिएको महिना (न्हला) को लागि जाँच गर्नुहोस्

$$\textbf{nhala} \overset{def}{=} \begin{cases} 1\ (Yes), & (\textit{next-month} - \textit{this-month}) = 2 \\ 0\ (No), & otherwise \end{cases}$$

$$\textbf{ns-month-type} \overset{def}{=} \begin{cases} 3\ \boldsymbol{if}\ (anala = 1) \\ 4\ \boldsymbol{if}\ (nhala = 1) \\ 0\ \boldsymbol{otherwise} \end{cases}$$

N. नेसं वर्ष परिभाषित गर्नुहोस

$$\text{days-since-ky} = jd - 588465.5$$

$$\text{ky-year} = \lfloor \frac{\text{days-since-ky} + (10 - \text{ns-month}) \times 30}{365.25636}$$

$$\text{saka-year} = \text{ky-year} - 3179$$

$$\textbf{ns-year} \overset{def}{=} \text{saka-year} - 800$$

O. यी सबै मानहरू प्रयोग गरेर नेसं मिति निर्माण गर्नुहोस्

$$\textbf{ns-date} \overset{def}{=} YYYY.MMmP.DDdw$$

where

$YYYY$ = ns-year *from Step N*
MM = ns-month *from Step K*
m = ns-month-type *Step M*
P = *paksha from Step H*
DD = tithi-name *from Step I*
d = tithi-type *from Step G*
w = *day of week*

माथिको सारांश निम्न कागजातहरूबाट लिइएको हो:

- Nepal Sambat AlgorithmM A Scientific Dissection
- Nepal Sambat Tithi Coding and Decoding (for section O)

युवापुस्तामाझ नेपाल सम्वत्को महत्त्व बुझाउनुपर्ने

–● राजाराम तण्डुकार ●–

उमेरले ५० वर्ष भए पनि यो अभियानमा लागेको १० वर्ष भयो । त्यसैले म आफूलाई यो अभियानको तेस्रो पुस्ताका रुपमा लिएको छु। राज्यसँग जोडिनुराम्रो होला । गुठीको जग्गा भएकोले सरकारले जोडे झै नेपाल सम्वत्को अभियान पनि अर्थसँग सम्बन्धित भए सरकार आफैले जोड थियो होला पनि । जति पनि जात्राहरू राज्यसँग जोडिएको छ नि, त्यो राज्यले आफै जोडेको नभई जग्गा भए पनि जोडिएको हो । जात्रा, पर्वमा राज्य जोडिनुलाई यो दृष्टिकोणले पनि हेर्न सकिन्छ । नेपाल सम्वत् सरकारले बजेट छुटयाउने हो भने कर्मचारी संयन्त्र जोडिने थियो होला ।

विक्रम सम्वत्लाई तुरुन्तै विस्थापित गर्ने विषय सरल छैन । जीवनभर विक्रम सम्वत् प्रयोग गरेको, पढेको मानिसले यसलाई हटाउन तुरुन्तै तयार नहोला । विक्रम सम्वत्लाई राष्ट्रवादको रुपमा लिने जमात पनि धेरै छन् । हो, नेपाल सम्वत्को प्रयोग बारे अहिलेका पुस्तालाई जागरण गर्दै लग्नुपर्दछ । म आफैलाई नेपालको सम्वत् र तिथिमिति बारे राम्ररी थाहा छैन । बैंकमा प्रयोग गर्न नेपाल सम्वत्लाई अझ परिष्कृत गर्दै लानुपर्दछ । युवापुस्ताले स्वीकार गर्ने गरी यसको प्रयोगमा अझ परिष्कृत गर्नुपर्ने जस्तो लाग्दछ ।

अर्को कुरो नेपाल सम्वत् मनाउने विषयमा राज्य र जनस्तरबीच सहकार्य गरेर अघि बढ्नुपर्दछ। नेपाल सम्वत्को तिथिमितिबारे अझै विवाद छ। त्यसैगरी विसं बारे

कहिलेकाही विवाद हुने गर्दछ । त्यसैले परिष्कृत गर्दै जानुपर्दछ। जसले जे देख्यो, त्यही ठिक छ भन्छ । विक्रम सम्वत् प्रयोग गर्नेहरूलाई त्यही ठिक लाग्ला त्यसैले यस विषयमा निरन्तर चेतना जागृत गर्दै लानुपर्दछ। विद्यालयस्तरमा नेपाल सम्वत्बारे सिकाउँदै जानुपर्दछ। अहिले फेरी इस्वी सम्वत्को प्रयोग पनि व्यापक हुँदै आएको छ। अन्तर्राष्ट्रिय रुपमा इस्वी सम्वत् प्रचलित नै रहेको छ भने सांस्कृतिक पर्वमा नेपाल सम्वत् । यसको प्रयोगलाई अझ बढाऔं । ●

अभियन्ता

नेपाल सम्वत्लाई ब्यापक बनाउन गरेको प्रयासहरु

–● श्यामकृष्ण मानन्धर ●–

नेपाल सम्वत् र शंखधर साख्वाःबारे पृष्ठभूमि

राजभोग बंशावलिको अभिलेखको आलेख एवम् शिलालेखको आधारमा एक सर्वसाधारण शंखधर साख्वाले त्यसबेला आफूले आर्जित धनबाट गरिव जनताको ऋणमोचन तथा आर्थिक क्रान्ति गरी आजभन्दा ११४५ बर्ष अगाडि राजा राघवदेवको पालामा आज हाम्रो दैनिक जीवनको चलन-चल्तीमा तथा रिती रिवाजमा रहेको नेपाल सम्वत्लाई नेपाल देशकै नामबाट प्रचलनमा ल्याउने नेपाल सम्वत्का प्रवर्तक शखधर साख्वाःको यस महान कार्यलाई सम्मान गर्दै नेपाल सरकारका तत्कालीन प्रधानमन्त्री स्व. कृष्णप्रसाद भट्टराईको कार्यकालको मन्त्रिपरिषद्ले नेपाल सम्वत् ११२० कछलाथ्व दशमि (बि.सं २०५६ साल मंसिर २ गते) का दिन शंखधरलाई राष्ट्रिय बिभूति घोषणा गरिएको स्मरणीय छ।

ने.सं १०८२ सालदेखि नेपालमा भाषिक एवम् राजनैतिक रुपमा शुरु भएको नेपाल सम्वत् आन्दोलनको क्रममा स्व. पद्मरत्न तुलाधरको नेतृत्वमा नेपालभाषा मंका खलःको आयोजनामा नेपाल सम्वत् आन्दोलनलाई संगठितरुपमा निकै उत्कर्षमा पुऱ्याएको थियो। नेपाल सम्वत्लाई यसरी चरणबद्ध आन्दोलनको क्रममा ल्यायूम्ह पुचः थिमिद्वारा ईतिहासविद् स्व.भूवनलाल प्रधानद्वारा अध्ययन अनुसन्धान गरी लेखिएको नेपाल सम्वत् र शंखधरको ऐतिहासिक लेखको आधारमा नेपाल सम्वत्का प्रवर्तक शंखधरको प्रतिचित्र

ने.सं ११०८ मा पात्रो (क्यालेण्डर) मार्फत् सर्वप्रथम जनमानस देश-बिदेशमा प्रचारप्रसार गरिएको थियो ।

शंखधर साख्वालाई नेपाल सरकारले राष्ट्रिय बिभूति घोषणा गरे पश्चात् तात्कालिन मध्यपुर थिमि नगरपालिकाका जननिर्वाचित नगरप्रमुख मदनकृष्ण श्रेष्ठको अध्यक्षतामा बसेको बोर्ड बैठकबाट शंखधरको प्रतिमा स्थापना गर्ने निर्णय गरेको थियो । त्यसको लगतै नेपाल सम्वत् र शंखधरको बारेमा देश-बिदेशमा प्रचारप्रसारको लहर बढ्दै जान थाल्यो साथै सरकार र जनस्तरबाट निम्न कुराहरू हुन थाल्यो ।

- नेपाल सम्वत्बारे संचार माध्यम (रेडियो, टिभि, पत्रपत्रिका) मा उल्लेख र बाचन हुँदै आएको थियो ।
- सूचना तथा संचार मन्त्रालयका माननीय मन्त्री कमल थापाको कार्यकालमा नेपाल सम्वत्का प्रवर्तक राष्ट्रिय बिभूति शंखधर साख्वाःको फोटो अंकित हुलाक टिकटमा टाँचा लगाई प्रकाशित भएको थियो ।
- ने.सं ११२२ (बि.सं २०५८ सालमा) मा तत्कालीन मध्यपुर थिमि नगरपालिकाका नगर प्रमुख मदनकृष्ण श्रेष्ठको संयोजकत्वमा ल्यायूम्ह पुचः थिमिका अध्यक्ष श्यामकृष्ण मानन्धरको अध्यक्षतामा गठित शंखधर साख्वाःको प्रतिमा निर्माण समितिबाट शंखधर साख्वाःको पहिलो पूर्णकदको शिलामूर्ति (प्रतिमा) निर्माण भएको थियो ।
- ने.सं ११२२ कछलाथ्व पारु म्हपूजा (बि.सं २०५८ साल) का दिन तत्कालीन सम्माननीय प्रधानमन्त्री शेरबहादुर देउवाले जनस्तरबाट निर्मित यस राष्ट्रिय बिभूति शंखधर साख्वाःको पहिलो प्रतिमामा माल्यार्पण गरी समुद्घाटन गर्नु भएको थियो ।
- ने.सं ११२४ (बि.सं २०६० साल) सालमा ईमेज टिभि च्यानलका प्रबन्ध निर्देशक तथा अध्यक्ष आर.के. मानन्धरको अध्यक्षतामा गठित ईमेज सिरपा समितिबाट नेपाल सम्वत् र शंखधर साख्वाःको बारेमा योगदान पुऱ्याईएका व्यक्ति वा सस्थालाई हरेक नेपाल सम्वत् कछलाथ्व दशमि (शंखधरलाई राष्ट्रिय बिभूति घोषणा गरेको दिन) मा ईमेज सिरपाबाट सम्मान गर्दै आएको छ भने नेपाल सम्वत् कछलाथ्व दशमिका शुभ दिनलाई शंखधर दिवस मनाउँदै आएको छ ।
- ने.सं ११२५ (बि.सं २०६१ साल) मा मध्यपुर थिमि नगरपालिकाका पूर्व नगर प्रमुख मदनकृष्ण श्रेष्ठको अध्यक्षतामा राष्ट्रिय बिभूति शंखधर साख्वाः प्रतिष्ठान, भक्तपुर जिल्ला प्रशासन कार्यालयमा बिधिवत संस्था दर्ता गरी मध्यपुर थिमि, भक्तपुरमा स्थापना गरी शताब्दीपुरुष तथा संस्कृतिबिद् सत्यमोहन जोशीको प्रमुख आतिथ्यतामा संस्था बिधिवत रुपमा उद्घाटन भएको थियो ।

- ने.सं ११२५ मा नै भिन्तुना गुथि, काठमाण्डौबाट नेपाल सम्वत् ११२५ राष्ट्रिय बिभूत शंखधर साख्वाः अंकित चाँदीको सिक्का प्रकाशन भएको थियो ।
- नेपाल सम्वत् ११२८ (२०६५ साल) मा नेपाल सम्वत्लाई तत्कालिन सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहालको कार्यकालको मन्त्रिपरिषदले यो नेपालको मौलिक तथा राष्ट्रिय सम्वत् भनि घोषणा भएको थियो ।
- ने.सं ११३१ (२०६७ साल) मा तत्कालिन सम्माननीय प्रधानमन्त्री माधवकुमार नेपालको कार्यकालमा नेपाल सम्वत् र शंखधर बिषय निम्न माध्यामिक तहको पाठ्यक्रममा समावेश भएको थियो ।
- ने.सं ११३३ (२०६९ साल) मा तत्कालीन सम्माननीय प्रधानमन्त्री बावुराम भट्टराईको कार्यकालमा नेपाल सम्वत् कछलाथ्व पारु तथा म्हपूजाका दिन सार्वजनिक बिदा दिने घोषणा भई राजपत्रमा प्रकाशित गरिएको थियो ।
- ने.सं ११३३ (२०६९ साल) मा नेपाल सरकारले नेपाल सम्वत्लाई व्यवहारिक रुपमा सरकारी कामकाजमा प्रयोगमा ल्याउन पद्मरत्न तुलाधरको सयोजकत्वमा हरिनारायण मल्ल र कुमार योन्जन सम्मिलित कार्यदल गठन भएको थियो ।
- ने.सं ११३८ (२०७५ सालमा) तत्कालीन सस्कृति, पर्यटन तथा नागरिक उडयन मन्त्री रबिन्द्र अधिकारीबाट नेपाल सम्वत् नयाँ बर्ष कछलाथ्व पारु म्हपूजाका दिन मध्यपुर थिमिमा जनस्तरबाट निर्मित शंखधरको पहिलो प्रतिमामा सम्माननीय प्रधानमन्त्रीबाट माल्यार्पण गरी शंखधर दिवस उत्सवको रुपमा मनाउने भनि मन्त्रिस्तरीय निर्णय भएको थियो ।
- ने.सं ११३९ (२०७६ साल) मा मल्ल के सन्दरद्वारा नेपालभाषामा लिखित शंखधर नामक उपन्यास पुस्तकलाई नेपाली भाषामा रुपान्तरण गरि शंखधर प्रतिष्ठानले प्रकाशन गरी वाङ्मय शताब्दी पुरुष सत्यमोहन जोशी, नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति गंगाप्रसाद उप्रेती र नेपालभाषा एकेडेमीका चान्सलर चितरन्जन नेपालीद्वारा संयुक्तरुपमा बिमोचन भएको थियो ।
- नेपाल सम्वत् ११४२ (२०७८ साल) मा प्रतिष्ठानको सक्रियता Spiralogics संस्थाका शौनक रञ्जितकारको समूहले बनाएको नेपाल सम्वत् एप्स समाननीय प्रधानमन्त्री शेरबहादुर देउवाबाट शुभारम्भ भएको थियो ।

यसरी प्रचार प्रसारकै क्रममा प्रतिष्ठानले शंखधरको शालिक वा प्रतिमा स्थापनाको लागि कुनै सदर मुकामबाट अनुरोध भई आएमा प्रतिमामा एकरुपता पनि होस् भन्ने अभिप्रायले शंखधरको प्रतिमा अनुदान सहयोगको रुपमा उपलब्ध गराउँदै आएको छ ।

दोलखामा शंखधर प्रतिमा

यस क्रममाा बर्ष ने.सं ११३८ मा दोलखाको चरिकोटमा स्थापित प्रतिमा सहित हालसम्ममा स्वस्वफुर्त रुपमा नेपालभरको बिभिन्न २२ वटा स्थानहरूमा शंखधरको शालिक (प्रतिमा) स्थानीय चरिकोट गुथि र लालीगुराँस क्लबको सक्रियता तथा राजेन्द्र मानन्धरको नेतृत्वमाा स्थापना भइसकेको छ।

पोखरामा शंखधर प्रतिमा

यसै सन्दर्भमा नेपाल सम्वत्का प्रवर्तक शंखधर साख्वाःको प्रतिमा र नेपाल सम्वत्लाई ब्यापक बनाउने सिलसिलमा कास्की जिल्लाको वीरेन्द्र स्मृति पार्क परिसरमा नेपाल सम्वत् ११४२ मा अनावरण भएको छ।

सिन्धुपाल्चोकमा शंखधर प्रतिमा

सिन्धुपाल्चोक, चौताराको छापमा नेपाल सम्वत्का प्रवर्तक शंखधर साख्वाःको प्रतिमा प्रतिष्ठानले सहयोग गरी नेपाल सम्वत् ११४४ अनावरण भएको छ।

अमेरिकाको बाल्टीमोरमा शंखधर प्रतिमा

नेपाल सम्वत्का प्रवर्तक शंखधर साख्वाःको प्रतिमा प्रतिष्ठानद्वारा अमेरिकाको बाल्टीमोरका लागि बैकुण्ठमान श्रेष्ठलाई हस्तारण गरी नेपाल सम्वत् ११४४ देखि बाल्टीमोरमा यसै वर्षदेखि मार्ल्यापण गरी मनाउने सुरु भएको छ।

विगतका गतिविधिहरू

- शंखधर पुस्तक बिमोचन मुख्य अतिथि कुलपति, सत्यमोहन जोशी, नेपालभाषा एकेडेमी कुलपति।
- राष्ट्रिय पञ्चाङ्ग निर्णायक समितिसँग तिथिमिति बारे गोष्ठी मुख्य अतिथि सुरेश कोईराला सहसचिव (नाउपसम)।
- राष्ट्रिय पर्वको रुपमा थिमि शंखधर चोकमा नेपाल सम्वत् नव बर्षको रुपमा मनाउने निर्णय गर्न गराउन गृहमन्त्रीलाई ज्ञापन पत्र।
- शंखधर सामुदायिक तथा राष्ट्रिय बिभूति शंखधर साख्वाः प्रतिष्ठानको भवन निर्माण
- नेपाल सम्वत् कछलाथ्व दशमीका दिन शखधर दिवसको अवसमा शखधर प्रतिष्ठानलाई नगरपलिका द्वारा शखधर सामुदायिक भवनको साँचो हस्तान्तरण र रात्री दिप प्रज्वलन।
- शंखधर मिनि संग्रहालय निर्माणबारे इतिहासविद, संस्कृति, पुरातत्वविद्, संग्रालयविज्ञसँग छलफल।
- नेपाल सम्वत् र शंखधर साख्वाःबारे मकाःसभा थिमि बैंक्वेटमा सम्पन्न।

- वर्ल्ड नेवा अर्गनाइजेसनका अध्यक्ष संयुक्त श्रेष्ठलाई स्वागत तथा नेपाल सम्वत् बारे छलफल ।
- नेपाल सम्वत्को तिथि गणनामा देखिएको अन्यौलता समाधान गर्न विज्ञ तथा नेपाल पञ्चाङ निर्माण समितिलगायत बिभिन्न संघसंस्थाहरूसँग अन्तरक्रिया ।
- बागमती प्रदेश संस्कृति पर्यटन तथा सहकारी मन्त्री विमल ठकुरीज्यू र तथा निवर्तमान मन्त्री शैलेन्द्रमान बज्राचार्यज्यू प्रतिष्ठानमा स्वागत ।
- नेपाल सम्वत् एप कम्पनीका स्पाइरोलोजिक्स इन्टरनेशनलका आईटी डाइरेक्टर सौनक रंजितलाई प्रतिष्ठानमा स्वागत ।
- बागमती प्रदेश संस्कृति तथा पर्यटन मन्त्री सुरेश श्रेष्ठज्यू प्रतिष्ठानमा स्वागत तथा बधाई ।
- नेपाल सरकार प्रधानमन्त्री कार्यालयका सचिव राजकुमार श्रेष्ठले प्रतिष्ठानले गरेका नेपाल सम्वत् र बिभिन्न जिल्लामा शंखधरको प्रतिमा विस्तार कार्यको अवलोकन ।

नेपालको मौलिक सम्वत् नेपाल सम्वत्लाई अझै व्यापक प्रचार गरी नेपाली संस्कृतिका धरोहर तथा नेपाली जनताका ऋणमोचन गर्नु हुने नेपाल सम्वत्का प्रबर्तक शंखधर साख्वाःको गरिमा र योगदानलाई भावी पुस्ताहरूका लागि संरक्षण र सम्बर्द्धन गर्न नेपाल सम्वत् र शखधर साख्वाःको ऐतिहासिक जीवनी चित्रण गर्न उपलब्ध इतिहासका अभिलेखहरू अभिलेखिकरण गर्ने, ऐतिहासिक लिपि ग्रन्थ आदिको संरक्षण गर्न अति आवश्यक भएकोले यस प्रतिष्ठानबाट नेपाल सरकारमा राष्ट्रिय शंखधर संग्रहालयको स्थापनार्थ आर्थिक एवम् भौतिक सहयोग गर्न प्रस्ताव गरिएको छ । ●

(लेखक राष्ट्रिय विभूति शंखधर साख्वाः प्रतिष्ठानका पूर्व अध्यक्ष)

नेपालभाषा खण्ड

नेपाल सम्वत्

–● हरिराम जोशी ●–

नेपाल सम्वत्या प्रचलन खालि नेपाःदुने जक सीमित मजूसे नेपालं पिने चीनय् तक नं जूगु खँ ने. सं. ५३५ स चीनया सम्राटपाखें नेपालय् छ्वयाहःगु रञ्जना लिपिं च्वयातःगु छगू पत्रय् थ्व हे सम्वत् छ्यलातःगुलि बांलाक सी दु (स्वया दिसँ, किपाः ल्याः १) । सम्वत् नेपाःया थःगु हे सम्वत् जूगुया कारण थनया ऐतिहासिक सामाग्रीस थ्वयात नेपाल देशीय सम्वत्, नेपाल सम्वत् आदि कथं नां बियाः व्यवहारय् छ्यलाच्वंगु सीदु । ने.सं. ३०४ या क्रियाकाल गुणोत्तर नांया ग्रन्थ पुष्पिकाय् 'नेपालदेशीय सम्वत् ३०४, धकाः थ्व सम्वत्यात स्पष्ट कथं उल्लेख यानातःगु दुसा शिवधर्म नांया ग्रन्थ पुष्पिकाय् 'आकाश ग्रह हस्त सङ्गिनि शते नेपाल सम्वत्सरे, धकाः स्पष्टकथं च्वयातःगु दु । गुगु च्वय् बियागु धापूया दसु थें जुयाच्वंगु दु । थुगु सम्वत्य् दुगु थ्व हे राष्ट्रिय स्वरूपं यानाः मध्यकालय् थ्व सम्वत् राष्ट्रिय सम्वत्कथं छ्यलातःगु खः । वर्तमानकालया पूर्वार्द्धय् तक नं थ्व सम्वत्यात राष्ट्रिय सम्वत् या हे तँय् तयातःगु खँ श्री ५ प्रतापसिंह शाहं ग्याल्छा परि वोछेलामायात ल्हासाय् छ्वःगु पौ ब्वनास्वय्बलय् बांलाक सी दु । उगु पौया मिति ने.सं. ८६५ धकाः बांलाक हे बियातःगु दु (स्वयादिसँ, किपाः ल्याः २) ।

नेपाःया थःगु हे चाय् ब्वलंगु व नेपाःया थःगु हे प्रस्तुत सम्वत्या प्रवर्तक सु खः धैगु

---

१. कालान्तरय् वयाः उत्तरभारतय् मालव -कृत - विक्रम सम्वत्या आरम्भ वैशाख १ गते निसें यायेगु यात गुगु नाःतक वहे रूपय प्रचलित तिनि ।



(किपाः ल्या १)

चीनया सम्राटं नेपालय् छ्वया हःगु पत्र गुकी नेपाल सम्वत् छ्यला तःगु दु।



(किपाः ल्या २)
श्री ५ प्रतापसिंह शाहं ग्याल्छा परि बोछेंलागायात ल्हासय् छ्वःगु पौ गुकी नेपाल सम्वत् स्पष्ट उल्लेखित छु ।

खँय् पायूछिगु खँ सीकेत नेपाल व दक्षिण भारत दथुइ दुगु प्राचीनकालया स्वापू आपालं महत्त्वपूर्ण जू वः । प्राचीनकालंनिसें हे नेपाः व दक्षिण भारतदथुइ सत्तीगु स्वापू दयाच्वंगु खः । थन दुगु ऐतिहासिक ज्वलनं थुकियात बांलाक क्यनाच्वंगु दु । अनुमानित गुंगूगु शताब्दीया चक्रसम्वर तन्त्र टीका नांया ग्रन्थ पुष्पिकाया अध्ययनं उगु ग्रन्थ लंकां वयाः नेपालय् च्वंवःम्ह छम्ह बौद्ध विद्वानयागु खः धैगु खँ सीदु । अथे हे भिस्वंगूगु शताब्दीया महाराजाधिराज श्री अरिमल्ल देवया राज्यकालय् च्वयातःगु अमृतेश्वर पूजा नांगु ग्रन्थ च्वःम्ह गुर्जु देशया पण्डिताचार्य श्री हरिहर नांया छम्ह ब्राम्हण खः । वं च्वयातःगु पुष्पिकाय् विक्रमाद्ध गते १२७३ व नेपालाद्ध गते ३३६ उल्लेखित जुयाच्वंगु दु । थुपिं च्वय् बियागु धापूया लिधंसा जुयाच्वंगु दु । थुकिया नापं नेपाःया छगू पुलांगु बाजा पञ्चेबाजा हे गुजराती बाजाया मेगु नां जुयाच्वंगु अनुमान यायेफु । गुकिं गुजरातनाप प्राचीनकालनिसें हे नेपाःया सांस्कृतिक स्वापू दुगु खँया यथार्थतायात इङ्गित याः । थ्व हे तथ्यया परिप्रेक्षय् दक्षिण भारतया महान् दार्शनिक आद्य शंकराचार्यया अद्वैत सिद्धान्त नेपालय् ब्यापक प्रचार जूगुयात कायेफु । गुकिया कारण थन म्हपुजा (आत्म पूजा) यायेगु' परम्परा ई. सन् ८७९ या कार्तिक शुक्ल प्रतिपदानिसें न्ह्याःगु खः । थ्व तिथी भारतया मालव जनतां मालवकृत - विक्रम सम्वत् छ्यःगु खः । मालव सम्वत्या प्रचलन मालव जनतां हे उगु म्हपुजा यायेगु परम्परा न्ह्याकूगु इलय् साख्वाः नांम्ह छम्ह नेपालभाषी सामान्य व्यक्ति नेपालय् छगू न्हूगु सम्वत्या प्रचलन याःगु जुल । गुगु नेपाल सम्वत्या नाम थौंतक नं छ्यला वयाच्वंगु दु । ने. सं. ८०१ स च्वयातःगु सध्दर्पं पुण्डरींक नःगु ग्रन्थ पुष्पिकाय् नेपालभाखा सम्वत् धकाः स्पष्टं च्वयातःगु नं च्वयया खँयात छगू कथं लिधँसा थें जुयाब्यूगु दु ।

"नेपालभाषा सम्वत् ८०१ आश्विन वृद्वि १३ आदित्यवार कुन्हु सम्पूर्ण दिन ।"

- सद्धर्म पुण्डरीक, ने.सं. ८०१ ।

मेगु थ्व पुष्पिकाय प्रस्तुत सन्त्रतया प्रवर्तक नेपालभाषी व्यक्ति खः धैगु खँया दसु जूगुलिं थ्व सम्वत्या प्रवर्तन तत्कालीन महाराज श्री राघवदेवं याःगु धैगु धापूया खण्डन यायेगुली सक्षम जू ।

च्वय् वनेधंकूगु दु कि नेपाल सम्वत्या प्रचलन कार्तिक शुक्लया प्रतिपदाखुनु म्हपुजा पलिस्था जूगु लसताय् नेपाःया सामान्य जनतां हे याःगु खः । म्हपुजाया परम्परा भगवान शिवनाप नं स्वापू दु । म्हपूजापा दिन गुजराती बाजा थानाहःगु स्वांया मुकू (मुकुट) भगवान पशुपतिनाथया शिरस पुइकेगु चलन दुगुलि नं उगु तथ्ययात पुष्टि यायेगुली छगू कथंया ग्वाहालि थें जूवंगु दु । केसर पुस्तकालयय च्वगु संस्कृत वंशावलीइ 'श्री पशुपतिभट्टारके सम्वत्सर प्रवृत्तिः कृता ॥' इवलं नं भगवान् शिव - पशुपतिया लुमन्ती सम्वत् छ्यःगु धैगु

खँ दुगुलिं प्रस्तुत सम्वत् धयातःकथं म्हपुजा पलिस्था याःगु लसताय् छ्यःगु धैगु खँ पाय्छि थें च्वं । भगवान शिव स्वयम्भू नामं नं बिख्यात जूगुलिं थ्व सम्वत्‌यात लिपा स्वयम्भू सम्वत् धकाः नं धाःगु खः । गुकिं हिन्दू व बौद्ध धर्मालम्वीपिनि दथुइ दुगु धार्मिक पंगलतय्‌त चीकाः क्वातुगु स्वापू स्थापित यायेत नं आपालं ग्वाहालि सिद्ध जूवंगु दु ।

च्वय्‌या विभिन्न लिधंसापाखें नेपाल सम्वत्‌या प्रवर्तन छम्ह सामान्य व्यक्ति शंखधर नांया साख्वाः (सापु - बुज्याइपिं व सा लहीपि) नं याःगु खँ बालांक सी दु । गुकिया कारण थनया मनूतयसं वप्रति तसकं श्रद्धान्वित जुयाः भगवान् पशुपतिया भक्त उम्ह साख्वाःया छगू ल्वहंया मूर्ति पशुपति देगःया लिक्कसं पलिस्था यात । थुकथं नेपाल सम्वत्‌या प्रवर्तकया रूपय साख्वाः नेपाःया इतिहासय् अमर जुल, नापं वं छ्यःगु सम्वत् शंखधरकृत नेपाल सम्वत्‌या नामं थौं तक नं छ्यला वयाच्वंगु दु । ●

नेपाल सम्वत्या अन्तर्राष्ट्रिय प्रयोग

–● काशीनाथ तमोट ●–

नेपाल सम्वत् नेपालया इतिहासय् राजवंश परिवर्तन मजुइकं हे प्राचीन (ई. १८५ - ८७९) व मध्यकाल (ई. ८७९ - १७६८) यात ब्यागलं याइगु आधार स्रोत जूगु दु। थुगु इलंनिसें अभिलेखय् ज्योतिषसम्बन्धी विवरण अप्पोयावल। नेपाल सम्वत् छ्यले धुंकाःया जुजुपिंत उत्तर लिच्छवि / ठकुरी / संक्रमणकाल / अन्धकार युगया जुजु नालेगु चलन दु। ने. सं. ३२१ स अरि मल्ल (३२१- ३३६) जुजु जूसेंलि मल्लकाल (३२१-८८८) न्ह्यात।

नेपाल सम्वत् न्हापां आखः- ल्याखं (अक्षराङ्क) राष्ट्रिय अभिलेखालयया लगत न्हापांगु ल्याः १६४७ स दुथ्याःगु ताडपत्रय् पुलांगु नेपाललिपिइ च्वयातःगु बौद्धग्रन्थ लङ्कावतारय् छ्यलातःगु दु। गथे - सम्वत् २८ कार्तिक कृष्ण दिवाष्टम्याम् (ने.सं. २८ कछलागा अष्टमी) (राजवंशी, २०३१ः लिपिचित्र १८)।

आःतक स्यूगु खँ नेपाल सम्वत्यात न्हापां “नेपालवत्सर“ नाम कलकत्ताया एस. के. सरस्वतीया के दुगु अष्टसाहस्रिका प्रज्ञापारमिता अभिलेखग्रन्थय् छ्यलातःगु दु। गथे - राजा वसु मनु प्रथिति श्रीमान् नेपालवत्सरे प्रगते माघ शुक्ल दशम्यां राज्ञश्री रुद्रदेवस्य (जुजु रुद्रदेवया इलय् ने. सं. १४८ सिल्लाथ्व दशमी उकथं जनवरी ९, १०२८) (पेटेक, १९८४ : ३७) थ्व स्वयां न्ह्यो सम्वत् जक धाइगु खः।

नेपाल सम्वत् शक सम्वत् ८०२, वि. सं. ९३६ कार्तिक शुक्ल पारु तथा ई. सं. ८७९ अक्टोवर २० तारीखं शुरु जूगु खः। थ्व सुनां स्वन धैगु तत्कालीन प्रामाणिक दसि

मलूनि। ने. सं, ५०९ पाखेया गोपाल- राजवंशावली थुकिया खँ मदु। केशर पुस्तकालय (ल्याः १७१) या अपूर्ण वंशावली जुजु जयदेव द्वितीय (ई. ७१३- ७३३) निसें जुजु राघवदेव (ई. १३४७ - १३६१ / ने. सं. ४६७-४८१) या ने. सं. ४६९ तक घटना तथा राजवंश न्ह्यथनातःगुली जुजु राघवदेवं सम्वत् दयेकूगु चर्चा वःगु दु। गथेः- “राजा श्रीराघवदेव वर्ष ६३ मास ६ ॥ श्री पशुपति भट्टारके सम्वत्सर प्रवृत्ति : कृता।’ (पेटेक, १९५८ : २१३) लिपा ’मास ६’ व ‘श्री’ या दथुइ नेपालमासं “सम्वत् दयकु“ धकाः तनातःगु दु। भतिचा क्वसं जुजु नरेन्द्रदेवया थासय् नं “संवत्त दयकुह्म“ धकाः तनातःगु दु। (वज्राचार्य - मल्ल, १९८५ : २०५ - २०६) थ्व वंशावलीया पूवंगु प्रति ’नेपाल वंशावली’ (पत्र १ - १३) लूगु दु। थुकिया ७ ख - ११ ख (डा. मल्लं ल्याः च्वयातःगुयात ’ख’ पो नालेमाः धकाः मसिया : ७ क - ११ क धयातःगु दु) पत्र केशर पुस्तकालयया वंशावलीनाप ज्वः लाः। उकी नेपालभाषा तनातःगु मदु गोपालवंशंनिसें वि. सं. १८४७ (ने. सं. ११०) तक घटना टिपोट दु। (मल्ल १९८५ : ७५ - १०१) उकी राघवदेवबारे थथे च्वयातःगु दु- “राजा श्री राघव वर्ष ६३ ॥ मास ८ ॥ श्री पशुपति भट्टारके सम्वत्सर प्रवृत्ति कृता“ (७ ख. ३-४) आः तक लूगु दक्वसिबय् न्हापांगु पद्मगिरी (अ, ने. सं. ९४५) या इण्डिया अफिस लाइब्रेरी, लण्डनया गोरखा वंशावलिइ न्हापां ख्वपया ज्योतिषीं ब्यूगु साइत - कथं येँया विष्णुमति व मचाखुसिया ह्वना लखुतीर्थय् साइतय् काःगु फिया साख्वाः महाजनं कयाः लुँ जूगुलिं ंवं सम्वत् चले याःगु बाखं वःगु दु। (हजरत, १९७० : ५०) अनंलि थ्व वंशावलीया खँ लोकप्रिय जुजुं वयाः पशुपतिया दक्षिणय् झ्वःलिं दुगु भत्ततय् मूर्ति मध्ये पूर्व सिथय्या शंख ज्वनातःम्हेसित शंखधर साख्वाल भाःपियाः उकिया किया तपायक् दयूकाः ने. सं. ११०५/६ निसेंय् दसं न्हूदँवले कुबियाः देय् चाहीकेगु चलन जुयावःगु दु।

नेपाल सम्वत् न्ह्याम्हेसिनं न्ह्यतकथं चलेयाःसां मध्यकालीन नेपालय् थ्व तसकं चल्ती दुगु खः। थुकिया लोकप्रियता चीनय् तकं थ्यन। चोनया मिङ वंशी जुजु तायिमिङ संदेयूया लामा तिङ तासि रिजिन मार्फत् नेपाःया तत्कालीन जुजु शक्तिसिंहराम (५०२- ५४७) यात संस्कृत भासं रञ्जना लिपि परवाना (राजा- देशपत्र) छ्वयाहःगुली ‘महाचीनाब्द’ धकाः नेपाल सम्वत् छ्यलातःगु दु (वाचार्य, २०३१ : २५-२८) नेपालया परराष्ट्र मन्त्रालयय् दुगु- आः राष्ट्रिय अभिलेखालयय् दुगु - (बट्टा नं. १५ पत्र नं. १३९) दुगु उगु “महाचीनान्द “महाचीन सम्वत् ५३५ आषाढ शुक्ल दशम्यां” ५३५ दिल्लाथ्व दशमी मंगलवार उकथं जून १६, १४१५) या परवाना लिपा खयूभासं उल्था यानातःगुली “युङलो १० सालका १० मंह्वा“ धकाः तत्कालीन चीनय् छ्यलीगु सम्वत् धकाः नं बियातःगु दु। (राजवंशी, १९८३:४-६) इतिहासकार पेटकं धाःसा थुकिया चिनिया नां युङ-लो १४ दँ

५ महिना जेन -जू दिन बियादीगु दु। (१९८४: २१८)। थन 'महाचीनाब्द' चीनया सम्वत् तःहाकःगु व थःगु याः जूगुलिं उकिया ज्वः लाःगु नेपालया अबले प्रचलित नेपाल सम्वत् छ्यःगु यच्चुक सीदु। थ्व पो मिङ वंशी इतिहासय् चिनिया मासं च्वयातःगु मदु, बरु थ्व स्वयां न्हापा शक्तिसिहरामं युङ लो १२ महीना ८ इ-माओ न्हिखुनु (अगस्त २९, १४१४) राजदूत छ्वःगु अभिलेख दु (पेटेक, १९८४: २१८)।

नेपाल सम्वत् भारतय् नं छ्यःगु दु। मध्यकालय् कामरूप (आसाम) या छगू अङ्ग कोर्चाविहार आः पश्चिम बङ्गाल प्रान्तया छगू जिल्ला खः। अन अन्दाजी ई. १५५० निसें १९५० प्यसः दँ छगू चिकिचाधंगु राज्य दुगु खः। व राज्यया संस्थापक विश्वसिहं (ने.सं. ६७५ न्ह्यो) नेपाःया म्ह्यायूमचा रत्नकान्तीनाप इहिपा नं याःगु खः। थथे इहिपाया स्वापू शायद कामरूपं नेपालय् मत्स्येन्द्रनाथ हयाः लिच्छविकालया जुजु नरेन्द्रदेव (ई. ६४३ - ६७९) या पालंनिसें नेपाल कामरूपया स्वापू दुगुलिं जूगु जुइ। यैँया जुजु प्रताप मल्लं (७६१-६९४) कोचविहारया जुजु वीरनारायणया निम्ह म्ह्यापि रूपमती व अनन्तप्रियादेवीनाप इहिपा याःगु खँ थःगु अभिलेखय् सगर्व न्ह्यथनातःगु दु। नेपालया अभिलेखय् वीरनारायणया काय् प्राणनारायणया नं उल्लेख जूगु दु। थ्वयूकः कोचविहारया जुजु, प्रताप मल्लया ससःदाजु प्राणनारायणं (७४७-७८६) थःगु लुँया मुद्रा पिकाःबलय् नेपाल सम्वत् छलातःगु खः। व सम्वत् गुलि खः धैगु खँ व सम्बन्धी मो. मी. मिराशी (१९४१) या च्वखँ "प्राणनारायणया लुँया मुद्रा" स्वयेवं सीकेफु। (तमोट, १९१२: ३१-३२) सम्भवतः व नेसं. ६७० दशकय् लाइ।

चीन (पेकिङ, भारत (कोचविहार) धुंकाः सँदेयूनाप जूगु आधुनिक नेपाःया निम्हम्ह जुजु प्रतापसिंह (८९५ - ८९७ या पालय् ने.सं. ८९५ स जूगु सन्धि नेपालभाषां व नेपाल सम्वत् छ्यलाः जूगु नं थन न्ह्यथनेबहःजू। थ्व सन्धिपत्र नेपालय् थीथी नेपाली भाषा वंशावलिइ अनुवाद हे मयासे ल्ह्ययातःगु दु। थ्व न्हापां भाजु डिल्लीरमण रेग्मीं (१९६१ : २२६ - २२७) पिकाःगु खः। वयां लिपा भाजु धनवज्र वज्राचार्यं (२०१९: २७३- २७६) थःगु नेपली अनुवादसहित पिकयादिल। भाजु शङ्करमान राजवंशी (१९८३ : ७-१०) परराष्ट्र मन्त्रालय् थुकिया मूलप्रति हे स्वये खन। आः थ्व राष्ट्रिय अभिलेखालयय् (बट्टा नं. ३ पत्र नं. २६ स) तत्कालीन नेपाली अनुवादसहित दु। भाजु दिनेशराज पन्तं (२०४५: ८२५ - ८३४) अप्पो पत्याः यायेबहःगु नेपालभाषा व उकिया अनुवाद पाठ राजवंशीया पाठभेद व गणनानापं पिकयादीगु दु। थ्व सन्धि नेसं. ८९५ गुंलाथ्व त्रयोदशी बुधवार उकथं वि.सं. १८३२ साउन २८ गते जूगु खः। भ्वं च्वयूगुज्या यंलाथ्व षष्ठी शुक्रवार भाद्र २० गते जुल।

नेपाल सम्वत्या थुपिं अन्तर्राष्ट्रिय छ्यलां थ्व अबले लोकंह्वाःगु खँ यच्चुक सीदु । संदेशय् नेवाःतयूसं तःगु अभिलेखय् थुकियात छ्यलीगु सामान्य खँ खः । गथे ल्हासा छ्वास्कामिनी अजिमाया लुखायागु लुँसियाः सिजःपौ (ने.सं. ७८१), च्यागू पालाया भौचि दुगु ल्हासाया झिझ थकालीया छगू वन्देज (९०३) ल्हासा च्यातंग्या पालाया थनातःगु गं (९५४), अनया हे पालाया भ्वं (९५९), अनया हे आजुया आसनयागु लुँसियाः सिजःपाता (९८४), ल्हासा भोरमुचि भगवानूया थाय् न्यत तुँछेँ यापिसं छायातःगु लुँदेवा (९९६), ल्हासा अदालतया भ्वं (१००२), ल्हासा च्यातंग्या पालाया पचि चा (१००३) आदिस च्वयातःगु अभिलेख । नेपाल सम्वत्या अन्तर्राष्ट्रिय छ्यलाया मिखां मालेज्या यात धाःसा मेमेगु प्रयोग नं लुयावइगु सम्भावना द हे दु । ●

लिधँसा

- तमोट, काशीनाथ, ने. सं. १११२ ***"कोचविहार, पश्चिम बङ्गाल, भारतया जुजु नेपाल सम्वत् छ्यःगुया पृष्ठभूमि", भिन्तुना,*** दं ३ (कछलाथ्व पारु), पौ ३१-३२ ।
- पन्त, दिनेशराज, वि. सं. २०४५ ***गोरखाको इतिहास (तेस्रो भाग)*** । काठमाडौं : लेखक स्वयं, "रामशाहको उल्लेख भएको वि. सं. १८३२ को पत्र", पृ. ८२५-८३४ ।
- राजवंशी, शङ्करमान, वि. सं. २०३१, ***नेपाली लिपि विकास,*** काठमाडौं : कैलाश प्रकाशन, आषाढ ।
- राजवंशी, शङ्करमान, ई. सं. १९८३, "ऐतिहासिक पत्र एक परिचय", रोलम्ब, ३ : २ (अप्रिल - जून) पृ ४ - १० । वज्राचार्य, धनवज्र, (सं.) वि. सं. २०१९, पण्डित सुन्दरानन्द विरचित त्रिरत्न सौन्दर्य गाथा । काठमाडौं : नेपाल सांस्कृतिक परिषद्, पौष २७, "प्रतापसिंह शाहको पालामा वि. सं. १८३२ मा भएको नेपाल- भोट सन्धि, पू. २७३ - २७६ ।
- वि. सं. २०३१, "चीनका मिङ वंशी बादशाहले शक्तिसिंहरामलाई पठाएको पर्वाना", ***भ्वाइस अफ हिस्ट्री*** (इतिहास विभाग, त्रि. वि.), पृ. २५-२८ ।
- हृदय, चित्तधर, ने सं. ०९१, नेपालभाषा साहित्यया जातः, कान्तिपुर : नेपालभाषा परिषद् ।
- Hasarat, Bikram Jit, 1970 *History of Nepal : As told by its own and con. temporary chroniclers.* Hoshiarpur (Punjab) : Author
- Malla, Kamal P, 1935. *Nepalavamsavali. : A Complete version of the Kaisher Vamsavaliæ*, Contributions to Nepalese Studies. 12:21 April, pp. 75-101. Mirashi, V.V, 1941. "*A gold coin of Prannarayanæ, JNSI, 3:9 as mentioned in The Coinage of Nepal* by N.G. Rhodes and others, 1989
- Petech, Luciano, 1958/1984 *Mediaeval History of Nepal.* Roma : Istituto Italiano per il Medio Ed Estremo Oriente.
- Regmi, DR., 1961. *Modern Nepal.* Calcutta M Firma K. L. Mukhopadhyay. Appendix IV, pp. 226-227।
- Vajracharya, Dhanavajra and KP. Malla, 1985. *The Gopalarajavamsavali.* WiesbadenM Frawz Steiner Verlag.

नेपाल सम्वत् : छगू अध्ययन

–● पूर्ण ताम्रकार ●–

नेपाल सम्वत् थौं म्हिगः तिनि अप्रत्यासित रूपं वा सुइगु कचि कल्पनाया आधारं उपज जगु मखु। थौं स्वयाः ११४५ दँ न्ह्यः न्ह्याःगुशुरु जूगु नेपाल सम्वत् छम्ह नेपाःमि नेपाःया चाय् स्वंगु खः धयागु खँय् जक मखुसे नेपाःया लकसय् हे ब्वलंगु धयागु खँय् नं थौं तक्क दक्वसियां छगू हे बिचाः जुइधुंकूगु दु। अले नेपाल सम्वत् गुवलेनिसें शुरू जूगु धयागु बारे नं विदेशी विद्वान किलहर्न थ्व सम्वत् व मेगु सम्वत्या तिथिमितिया तुलनात्मक अध्ययन यानाः इ.सं. ८७६ अक्टोवर २० अर्थात् बि. सं. ९३६ कार्तिक शुक्ल प्रतिपदा विहिबार खुन्हुनिसें नेपाल सम्वत् शुरु जूगु खः धकाः पिकाःगु निष्कर्षयात नं अप्वः इतिहासकार, अन्वेषक व लेखकतयूसं स्वीकार यायेधुंकूगु दु। अयूसां नेपालय् नेपाल सम्वत् उत्पत्ति जूगुया बारे थौं नं गुलिखे अवास्तविक, असत्य व अऐतिहासिक खँ नं प्रचार प्रसारय् वयाच्वंगु मदुगु मखु। थथे जगुया मू कारण न्हापां ला थौं तक जुइमाःकथंया वैज्ञानिक कथं अनुसन्धान, अन्वेषण व अध्ययनया म्हति यानाः खः धाःसा मेगु कारण व हे छता खँ नं वंशावली थेंयाःगु ऐतिहासिक सामग्री नं छगू वंशावली मेगु वंशावली छता जी मजुइक पाकाः उल्लेख यानाः तःगुलिं यानाः नं खः। थ्व हे, कारण यानाः नेपाल सम्वत्या नापं वुद्धया निर्माण दिं, भृकुटी सुया म्ह्याय्’[1] धयागु थेंयागु तसकं ऐतिहासिक महत्व दुगु घटनात नं विवाद थाय् कयाच्वंगु दु, गुगु बांलाःगु खँ मखु। थ्व बाहेक नं नेपाल सम्वत्या ऐतिहासिक सत्यता व वास्तविकतायात पूर्वाग्रहया लिधंसाय अस्विकार याना च्वंगुलिं यानाः खः। तर म्हिगःया ऐतिहासिक सत्यतायात स्वपुइत स्वयेगु सूर्द्यःयात निपा ह्वातं त्वपुइत-स्वयेगु थें जक्क खः। धात्थें नेपाल सम्वत्या पक्षय् वा बिपक्षय् च्वइपिन्सं मात्र भावावेस व

भावुकताय् दुनेगु त्वःताः वा पूर्वाग्रहं पीडित मजूसे नेपाल सम्वत्या ऐतिहासिक वास्तविकता, सत्यताया आधारय् च्वसा न्ह्याकेमाः । इतिहास थें ज्या याःगु तसकं सम्वेदनशील विषयवस्तुया बारे इमान्दारीपूर्वक च्वसा न्ह्याके फयेमाः । अथे ला जि इतिहासया विद्यार्थी तक्क नं मखु उकिं नेपाल सम्वत् सम्बन्धी प्रकाशनय् वये धुंकूगु च्वसुया आधारय् नेपाल सम्वत्या उत्पत्तियाबारे जिं स्यूकथं छसिकथं न्ह्यथनेगु कुतः यानाच्वना ।

१. तिब्वतया अधिनं नेपाः मुक्त जूगु लसताय् स्वगु सम्वत् :

नेपाल सम्वत्- थ्वधारणा दकले न्हापां न्ह्यब्वंम्ह फ्रान्सया विद्वान सिल्भान लेभि खः । लेभिं चिनियाँ वृत्तान्तया आधारय् ईसाया खुगूगु शताब्दीया अन्तनिसें गुंगूगु शताब्दी तक्क नेपाः भोंटया अधिनय् लाःगु खः प्रमाणित यायेगु कुतलय् न्ह्यब्वःगु दसिकथं ई. ८१६-३८ तक्क भोटया जुजु खि- दे- स्रोङ वा उल्पाया राज्य उत्तरय् मंगोलियानिसें दक्षिणय् गंगातक्क व नेपाः नं व हे सिमाना दुने लाः । अले ई. ८३८ स भोटया जुजु ग्लाङ दर्मा (चिनिया भाषां ता-मो) या अत्याचार यानाः भोटया वृहत साम्राज्य कुचाकुचा दल। थ्व हे अवसर भोटय् जूगु गृहयुद्धया फाइदा कयाः नेपाः भोटया अधिनं मुक्त जुल जुइ। अले थुकिया हे प्रतीक कथं इ. ८७६ -८० निसें नेपालय् प्रचलित नेपाल सम्वत् छ्यःगु जुइ धकाः लेभि थःगु धारणा न्ह्यब्वःगु दु। थुकी ऐतिहासिक सत्यता मदु धयागु खँ क्वय् न्ह्थनागु धापुतिं स्पष्ट याइ।

१) खुगूगु व न्हय्गूगु शताब्दी नेपालय् अंशुवर्मा, नरेन्द्रदेव, शिवदेव द्वितियपिन्सं शासनयानाच्वंगु ई खः । अंशुवर्मा थःगु नांया न्ह्योने ‘महासामन्त,’ ’परम भट्टारक’ ‘बप्पदानुध्वत’, ’महाराजधिराज’ थेंयागु राजकीय उपाधि च्वकाः घेवां (टक) नं चलेयानावंगु दु। ई. ६४०३ पाखे जुजु जूम्ह नरेन्द्रदेवं नं थःगु नांया न्ह्योने राजकीय उपाधिक ’परमभट्टारक महाराजाधिराज’ धकाः अभिलेखय् च्वकावंगु दु। थथे हे इस्वी सन्या न्हय्यगूगु शताब्दीया अन्तपाखे जुजु जूम्ह शिवदेव द्वितीयं तयाः प्रसारित यानातःगु अभिलेखय् ’भगवत्प- शुति-भट्टारक- पादानु गृहीत दानुध्यात’ व परम भट्टारक महाजाधिराज’ थेंजाःगु गौरवशाली राजकीय उपाधि च्वकावंगु दु। यदि सुइगु देया अधिनय् जूगु खःसा अज्याःगु राजकीय उपाधि च्वयाच्वंगु मदये माःगु खः । स्वतन्त्रकथं टक (धेबा) नं पिहां मवयूमाःगु खः ।

२) उगु इलय् नेपाः तिब्बतया अधिनय् लाःगु धयागु खँ नेपाःया आः तक लूगु ऐतिहासिक सामग्री नं उल्लेख जुयाच्वंगु मदु ।

३) हर्षबर्धन नापलायेत ई. ६४७-४८ पाखे वांग हियुन शेया नेतृत्वय् भारत वंपिं चिनिया दूत मण्डल भारतय् थ्यंबलय् हर्षवर्धनया निधन जुइधुंकूगु व वइगु पदय् वया हे मन्त्री अरुणास्व जुजु जूगुलि वं चिनियादूत मण्डलयात आक्रमण यानाः अपमान याःगुलिं व

घटनाया बदला कायेत भोटया जुजुं चांगुयात १२०० सिपाहिं छोया ग्वहालि यात धाःसा नेपाःया जुजु नरेन्द्रदेवं ७००० सल व सिपाहि खतय् यानाः छोया वंगुयात तःधंगु सैनिक ग्वहालि याःगु घटना नं उबलय् नेपाः तिब्बत स्वया तस्सकं शक्तिशालि धयागु क्यं। थथे हे ई. ७०४-५ पाखें शिवदेव द्वितीयया पालय नेपाः व तिब्बतया दथुइ युद्ध जू बलय्नं तिब्बत य जुजु चिन-यु-सी लुङ्गयात स्याःगु खँ चिनिया वृतान्तत् उल्लेख जुयाच्वंगुलिं यानाः उबलय् नं तिब्बत स्वयां नेपाः शक्तिशालि धयागु क्यं। सुं नं शक्तिशाली देश सुयागु दबाबय् वा अधिनय् च्वनेगु खँ वइमखु।

४) लेभिं अंशुवर्माया पालं निसें नेपाल सम्वत् चले मजूबलय्तकयात नेपाः तिब्बतया अधिनय धकां च्वयाः उकियात प्रमाणित यायेत शिवदेव द्वितियया 'सम्वत् ११६ च्वयातःगु लगंत्वाःया अभिलेख' इत्येवं सीमान्तर्मूला स्मिन्नग्रहरे भोट्टविष्टिहेतोः प्रतिवर्ष भारिकजनाः पञ्च ५ ब्यबसायीभिग्रहीत ब्याः' अभिलेखयात न्ह्यथंगु दु। लेभिं थ्व अभिलेखय च्वयातःगु 'भोटविष्टि' खँयात तिब्बतय् पुलेमाःगु करकथं अर्थ छ्याना नेपाः तिब्बतया अधिनय् खः धयागु खँयात प्रमाणित यायेगु कुतः यागु खः। तर भोटविष्टिया, अर्थ नेपाल तिब्बतयात पुलेमाःगु राज्यकर मखुसे धार्मिक गुठि धयागु खँ व हे अभिलेखं स्पष्ट याः।[३] अभिलेखया धापूकथं शिवदेवं स्थापना याःगु शिबदेवेश्वर मन्दिरया नामय् ब्यूगु बैद्यग्राम इलाका दुनेया रैतितय्सं तिरो दक्वं व मन्दिर वा जिम्मावाल वसवासुपत आचार्यंतय्त बीमाः। तर इमिसं दँयदसं व्यापारीतय्त (भोटं वइपिं व्यापारीतय्त - च्व) न्याल भरिया 'भोटविष्टि' कथं बीमाःगु नियम चाहिं माने यायेमाः। थ्व सन्दर्भय् व्यापारीतय्गु (व्यवसायिमी) उल्लेख यानातःगु दु। थ्व भ्फोलय् 'भोटविष्टि' यात राजनीतिककथं मखुसे व्यापारिक परिप्रेक्षं स्वयेमाःगु खँ प्रष्ट या।[४] उकि लेभिं न्ह्यथंगु अभिलेखकथं नं नेपाः भोटया अधिनय लाः धयागु धारणा गलत खः धयागु स्पष्ट याः।

५) थ्वया बारे अन्वेषक भाजु ठाकुरलाल मानन्धरजुं 'पश्चिमी विद्वानतय्सं तिब्बतया साहित्य पुतु- अबचभचब वनं नं नेपाल तिब्बतय कर पूर्व धैगु 'गनं हे खने मदु।' धका जक न्ह्यथंगु मखसे प्रो. पेटेकं (Petech) थःगु 'दि मेडिभल हिस्टोरी अफ 'नेपाल' सफूतिइ च्वःगु but there is nothing in the Tibetan texts about Conquests in Nepal' खँ नं न्ह्यथनादीगु दु।[५]

६) च्वय् न्ह्यथनागु दक्व खँयात ल्वःमंका छकःया नितिं लेभिं व भारतीय इतिहासकार रमेशचन्द्र मजुमदारया खँयात हे माने यायेगु खःसां भोटया जुजु खि-दे- स्म्रोग-सनया साम्राज्य, गुगु उत्तरय् मंगोलियानिसें दक्षिणय् गंगातक्क फैले जू धाइ, इ. ८३७-३८ सय् ग्लांग दर्मा जुजुया पालय् कुचा कुचा दले धुंकल। थ्व स्वय्बलय् नेपाः नं. इ.

८३७- ३८ पाखें है तिब्बतया अधिनं मुक्त जुइधुंकल। अले हानं ई. ८७-८० दय् पीदँ, पीनिदँ लिपा तिनि तिब्बतया अधिनं मुक्त जूगु लसताय् धकाः न्हू सम्वत् नेपाल सम्वत् चलेयायेमाःगुया छुं औचित्य मदु। फुक्क खँ नेपाः तिब्बतया अधिनतां मुक्त जूगुया लसताय् नेपाल सम्वत् प्रतिस्थापन जूगु धयागु खँ असत्य, अऐतिहासिक व अव्यावहारिक धयागु सावित जू। उकिं हे लेभिया थ्व धारणायात नेपाःया सुं नं इतिहासकारतयूसं आःतक्क अस्वीकार यानाः खण्डन यानाच्वंगु दु।

२. शक सम्वत् ८०० लिपा १ निसें शुरू जूगु सम्वत्

नेपालय् नेपाल सम्वत्या उत्पत्तिया बारे सिल्भा लेभिं मेगु नं मखुगु धारणा न्ह्यब्वःगु दु। लेभिया धापू कथं नेपालीतयूसं ८ यात अशुभ तायेकिगुलिं उबलय् नेपालय् प्रचलित जुयाच्वंगु शक लिकया हानं १ निसें शुरू यात। सम्वत्[६] ८०१ यात ८ थुकथं छुं दँ चलय् जुइ धुंकाः लिपा थ्व शुरु जूगु यथार्थ कारण ल्वःमंकाः अले न्हू सम्वत् (नेपाल सम्वत्) कथं माने यायेत प्राचीन भारतय् प्रचलित वैजनाथ प्रशस्ती व लोककाल सम्वत्यात न्ह्यब्वःगु दु, गुगु सम्वत् १०० व १००० या अक लिकया १ निसें शुरू याःगु धयागु धारणा दु। थ्व धापुतिइ लेभिया कचिकल्पना जक बाहेक छुं हे दसि, प्रमाण मदु धयागु खँ क्वय् न्ह्यथनागु धापूतिं प्रष्ट याइ।

१) नेपाल सम्वत् व शक सम्वत्या दथुइ ८०० दँ मखुसे ८०२ दया खाली (Gapnees) खनेदु।

२) शक सम्वत् ८०१ थ्यनेवं ८ अङ्क लिकया १ निसें शुरू यात धयागु धापू आःतक लूगु वंशावलि, अभिलेख थेंज्याःगु ऐतिहासिक सामग्री छुकिसं उल्लेख मजूगु खँ नेपाःया इतिहासकारतयूसं छप्वाः म्हुतुं धाय् थें धयाच्वंगु दु। खः नं सम्वत्या दँ ल्याः खाखां न्ह्याबलें ८ (च्यागू अङ्क) व ० (शून्य) च्वल धकाः हानं छसिकथं १ निसें हे ल्याः खाना सुं नं शासकं न्हूगु सम्वत् छ्यःगु खनेमदु।

३) शक सम्वत् फेरकथं सम्वत् हिइका (८०१ यात ८० अङ्क लिकयाः १ निसें) छु दं प्रचलनय् वय् धुंकाः लिपा थ्वइत नेपाल सम्वत् धायेगुयात धकाः धयाच्वंगु दु। तर शक सम्वत् फेरकथं हिला प्रचलित जुइ धुंकाः 'छुं दँ' लिपातिनि नेपाल सम्वत् धायेगु याःगु खः धयागु धारणायात माने यायेत 'छंद, धयागु ग्वःगु दँ खः ? ग्वः दँ लिपा खः। थुकिया लिसः स्वयं लेभिं नं बालांक स्पष्ट यायेफुगु मदु।

४) शक सम्वत् फेरकथं चलेजुया छुं दँ लिपा थ्वइत नेपाल सम्वत् धायेगु यात धयागु स्वयं नं गुगु सालं निसें, सुशासक वा जुजुया पालंनिसें, सुनां अले छाय् शक सम्वत्यात नेपाल सम्वत् धकाः धायेगु याःगु खः ? उकिया ऐतिहासिक दसि व प्रमाणित स्वयं लेभिं जक्क न्ह्यथने मफुगु मखुसे लेभिया उगु धारणायात समर्थन यानाः जूपिं सुं नं इतिहासकारं नं

आः तक न्ह्यब्वये मफुगुलिं थ्व खँ मुक्कं निराधार व असत्य धयागु स्पष्ट याः ।

५) नेपालय् नेपाल सम्वत् प्रारम्भ जगुया बारे लेभिं थःगु सफुतिइ च्वय् न्ह्यथनागु निगू विपरीत धापू न्ह्यब्वःगुलिं नं लेभि स्वयं हे अलमल, अस्पष्ट व भ्रमय् लाःगु स्पष्ट याः । उकिं लेभिया निगुलिं धापू अऐतिहासिक, अवास्तविक जक मखुसे कचिकल्पनाय् आधारित धापू खः ।

३. नान्यदेवया नेपाः आक्रमण लिपा पिदंगु सम्वत्

सिल्भा लेभिं थें हे विलियम कर्कपेट्रिक नं नेपाल सम्वत्या बारे असत्य, निराधार खँ प्रचार याना च्वंगु दु । नान्यदेवं नेपालय् आक्रमण यानाः विजय जूगु लसताय् चलेयाःगु सम्वत् हे नेपाल सम्वत् खः धका कर्कपेट्रिकं थःगु सफू (Nepal) तिइ च्वयातःगु दु । वय्कलं व खँ राइटया वंशावलीकथं शक सम्वत् ८११ वा नेपाली सम्वत् ६ श्रावण शुक्ल सप्तमी शनिवार खुनु कर्नाटकया जुजु नान्यदेव नेपाः दुहाँवल ।[७] धयागु धापूया आधारय् च्वःगु खः । कर्कपेट्रिकया धापू गुलि तक्क असत्य व अप्रमाणिक खः धयागु खँ क्वय् न्ह्यथनागु खँ स्पष्ट याइ ।

१) न्हापांगु नान्यदेव नेपालय् दुहां वःगु धकाः गुगु सम्वत् व तिथि बियातःगु दु, व हे असत्य व निराधार खः । उकिं छथाय् इतिहासकार मयूजुं सूर्यविक्रम ज्ञवालिजुं थथे धयादी- नेपाल सम्वत् चलेजुयाः २०२ दँ लिपा नान्यदेवं नेपालया अञ्चलय् आक्रमण याःगु जूगुलिं व सम्वत्या छुं सम्बन्ध मदु (नान्यदेव)नाप नेपाल धयागु खं स्पष्ट था ।[८] थथे हे नान्यदेवनाप नेपाल सम्वत्या छुं स्वापू मदु धयागु खँय् वय्कलं थःगु सफू 'नेपालको आलोचनात्मक इतिहास'य् नं दसि व प्रमाण वियाः विवेचना यानादीगु दु ।

२) भारतया इतिहासकारपिं डा. ओमप्रकाशं 'प्राचिन भारतको इतिहास'य्, रमेशचन्द्र मजुमदार 'प्राचिन भारत' नांगु सफुतिइ व डा. रामशंकर त्रिपाठीं प्राचिन भारतका 'प्राचिन इतिहास' सफुतिइ भिंछगू शताब्दीया अन्तपाखे भिनिगू शदी सुरू जुइ न्ह्यो तिरहुटया कर्नाटक जुजु नान्यदेवं नेपाः त्याका काःगु धकाः च्वयातःगुलिं यानाः नान्यदेव नेपालय् दुहांवःगु धकाः कर्कपेट्रिकं न्ह्यथंगु सम्वत् व तिथि मुक्कं निराधार व असत्य खः धयागु खँ स्पष्ट याः ।

३) नान्यदेवं नेपाः त्याकाः सम्वत् चले याःगु धयागु खं आः तक लूगु अभिलेख, वंशावली छुकिसं हे उल्लेख जुयाच्वंगु मदु । उकिं कर्कपेट्रिकया धापू मक्कं अऐतिहासिक व अवास्तविक खः धयागु खँ स्वतः प्रष्ट याः ।

नेपाल सम्वत्या प्रर्वतक शंखधर सारव्वाल

नेपालय् नेपाल सम्वत् गुकथं व गथे जुयाः उत्पत्ति जुल धयागु खँय् च्वय् न्ह्यथनागु स्वंगू खँ नं इतिहास, वंशावली विपरीत जूगुलिं नेपाःया अप्वः इतिहासकारतय्सं उकिया

प्रमाणसहित खण्डन यायेधुंकूगु दु। नेपालय् दुगु इतिहास व वंशावली उल्लेख जुयाच्वंगुकथं धायेगु खःसा ख्वपय् आनन्ददेव व यलय् राघवदेव जुजु जुयाच्वंगु इलय् यैंया शंखधर साख्वाल धाम्ह छम्ह नेपाःमिं फुक्क नेपाःमितय् त्यासां मुक्त याना नेपाल सम्वत् नीस्वनाथकूगु बारे नेपाःया वंशावली मध्ये दकलय् पुलांगु केशर पुस्तकालय् च्वंगु गोपाल वंशावलीया नापं भाषा वंशावली, राजभोगमाला वंशावली बांलाक न्ह्यथनातःगुलिं यानाः नेपाल सम्वत्या प्रवर्तक शंखधर साख्वाल खः धयागु खँय् दक्वसियां छप्वाः म्हुतु धाःसां जीकल। उकी मध्ये डानियल राइटया 'हिस्टोरी अफ नेपाल' सफुतिइ भाषा वंशावलिया सार न्ह्यथना-

साख्वालं नेपाल सम्वत् स्वंगु धकाः च्वयावंगु दु। व भाषा वंशावलिइ आनन्ददेवया पलेसा आनन्द मल्ल (आनन्ददेव १११ भिमदेवया काय् ने. सं. ४२८ निसें ४४० तक्क राज्य याःम्ह जुइमाः) न्ह्यथनातःगु व अले यैंया जुजु राघवदेवया पलेसा जयदेव मल्लया स्वीकृतिकया शंखधर नेपाल सम्वत् स्वंगू धकाः च्वया तःगुलिं आनन्ददेव - राघवदेवया शासनकालय् नेपाल सम्वत् उत्पत्ति जूगु मखु धकाः धाइपिं तं दु। तर मल्ल वंशया न्ह्यो ठकुरी जुजुपिनिगु पालय् नेपाल सम्वत् स्वंगु धयागु जयदेवमल्लया राज्यकाल स्वयां ३७५ दँ न्ह्यो हे नेपाल सम्वत् प्रचलनय् वयेधुकूगु दसि दुगुलिं भाषा वंशावली न्ह्यथनातःगु जुजु आनन्द मल्ल व जयदेव मल्लया नां असत्य व गल्ती धयागु उलाक्यं। थुकथंया गल्ती ज्वंगुया कारण नेपाःया वंशावली मल्लकालय् च्वःगुलिं याना जूवंगु यक्वं सम्भावना दु। नेपाःया दकले पुलांगु धयातःगु गोपाल वंशावली हे जयस्थिति मल्लया पालय् च्वकगु खः। ●

लिधँसा

१) डा. जगदीशचन्द्र रेग्मी व भाजु भुवनलाल प्रधान भृकुटी अंशुवर्माया म्ह्याय् मखुसे उदयदेवया म्ह्याय् खः धकाः त्वाजिक्क धाये धुंकूगु दु। सम्बन्धी 'सितु' दँ ८ ल्याः ४७ सं पिदंगुं भुवनलाल प्रधान जुया 'भृकुटी अंशुवर्माया म्ह्याय् जुइफइ मखु नांगु लेख ब्वनादिसँ।

२) बालचन्द्र शर्मा- 'नेपालको ऐतिहासिक रूपरेखा'- पौ - १०५

३) बालचन्द्र शर्मा- 'नेपालको ऐतिहासिक रूपरेखा'- पौ - १०५

४) डा. जगदीश चन्द्र रेग्मीः प्राचिन नेपालको राजनैतिक इतिहास'-पौः १६७

५) ठाकुरलाल मानन्धरः 'भाजु निबन्ध'- पी ५७

६) शक सम्वत्या बारे '.......अप्वः भारतीय विद्वानतसें आः थ्व माने याः कि कनिष्कया राज्यकाल ई ७८ स प्रारम्भ जुल अले ई ७८ या शक सम्वत् चले याये न्ह्यः कनिष्क हे खः।...... थ्व सम्वत्यात नं ५०० दँ तक शक सम्वत् धका मत्राः। लिपा थ्व शक सम्वत् धायेगु यात, छाय कि शक थ्व सम्वत् शक जुजुपिनि दथुइ यक्व चले जुल। जुल। जुजुपिनिगु तिथि शक सम्वत् ४१ बिसें ३१० वा ई.सं. ११६ निसें ३८८ या दथुइया खः। (डा. ओमप्रकाश "प्राचीन भारतका इतिहास, पौ १६१-१९२)

७) बालचन्द्र शर्मा 'नेपालको ऐतिहासिक रूपरेखा' पौः ११८

८) सूर्यविक्रम ज्ञवालि "नेपाल उपत्यकाको मध्यकालीन इतिहास" पौ २६-३२

नेपाल सम्वत् व झीगु दायित्व

–● जीवनकुमार महर्जन ●–

प्राचीन इलंनिसें विश्वय् यक्व हे सम्वत् न्ह्यानाच्वंगु दु। उकी मध्ये नेपाल सम्वत् नं छगू खः। भौगोलिक रुपं नेपाः छगू चीधंगु देय् जूसां नं थःगु हे थीथी तजिलजिं विश्वय् म्हसीका बियाच्वंगु दु। नेपालभाषा, नेपाललिपि, नेवाःसंस्कृति व नेपाल सम्वत् थ्व प्यता नेपाःयात म्हसीकेगु तत्व खः। उकिं विश्वय् थःगु गौरवताया प्रतीक न्ह्यब्वयूगु झवलय् नेपाल सम्वत् यात न्ह्यःने मतःसे मगाः।

नेपाल सम्वत् छगू जक थुज्वःगु सम्वत् खः गुगु देय्या नामं स्वनातःगु खः। झीथाय् नेपाल सम्वत् चले जुइ न्ह्यः मेमेगु सम्वत् नं चले जूगु खनेदु। नेपालमण्डलया अभिलेखय् कलिगतसम्वत्, शकसम्वत्, लिच्छविसम्वत् (मानदेव सम्वत्) नेपाल सम्वत्, विक्रमसम्वत्, ईस्वीसम्वत्, वुद्धसम्वत् आदिया नां न्ह्यथनातःगु दु। मुक्त रुपं थ्व दक्व सम्वत् नेपालमण्डलय् चले जूगु खनेमदु। शकसम्वत्, मानदेवसम्वत्, नेपाल सम्वत् व विक्रमसम्वत् जक मुक्त रुपं चले जुयाच्वंगु सम्वत् खःसा मेगु सम्वत् उगु सम्वत् नाप घानाः च्वयूगु यानावयाच्वंगु दु। गथेकिं थुगु जितामित्रया ईया ल्वहंपौया पुष्पिका वाक्यय् नेपाल सम्वत् च्वय् धुंकाः उगु सम्वत् नापनापं मेगु सम्वत् थुकथं घानाः च्वयातःगु दु। नेपाल सम्वत् ७९८, श्रीशाके १६००, कलिगत ४७७९, विक्रम १७३५ आदि च्वयातःगु दु। अथेहे थौंकन्हय्या पञ्चाङ्ग पात्रय् नं कलिगत, बुद्ध, शकराज, विक्रम, नेपाल सम्वत्, सृष्टितोगताब्द आदि सम्वत्त छ्यलाच्वंगु दु।

नेपालय् चले जूगु सम्वत् मध्ये नेपाल सम्वत्या थःगु हे म्हसीका दु। ने.सं. ४९५ स च्वयातःगु सुमतितन्त्र कथं २००० वर्षतक युधिष्ठिर व दुर्योधन सम्वत् चले जुल, (गुगु

सम्वत्‌यात कलिगतसम्वत् धायूगु याः), अनं लिपा ८०० वर्षतक नन्दसम्वत् , अनं लिपा १३२ वर्षतक चन्द्रगुप्तासम्वत्, अनं लिपा २४७ वर्षतक शुद्रकदेवसम्वत्, अनं लिपा ४९८ वर्षतक शकसम्वत्, ३०४ वर्षतक मानदेवसम्वत्, अनं लिपा नेपाल सम्वत् चले जूगु खँ न्ह्यथनातःगु दु। थुगु सुमतितन्त्रय् न्ह्यथनातःगु सम्वत् मध्ये शकसम्वत् व मानदेवसम्वत् लिच्छविकालीन अभिलेखय् छ्यलातःगु खनेदुसा नेपाल सम्वत् मध्यकालीन अभिलेखय् छ्यला वयाच्वंगु खः ।

नेपाल सम्वत् पलिस्थाया यक्व लिपा थुगु सम्वत्‌या बारे समाजय् बाखंया रुपय् जनधापूकथं विकास जूगु खनेदु। उगु धापूकथं ख्वपया छम्ह ज्योतिषं शुभ साइत पिकयाः यैँया लखुतीर्थया फि लुँ जुइगु सीकाः ख्वपंनिसें लखुतीर्थतक फि कायूके छ्वःगु जुयाच्वन। फि कुबिया वःगु शंखधरं खनाः उगु फि थःम्ह कयाः भरियायात मेगु फि कायूकाः ख्वपय् बिया छ्वत। ख्वपय् यंगु फिया फि तुं जुल। थुखें शंखधर थम्हं काःगु फि लुँ जुल। शंखधरं उगु लुं नेपाःमितयूगु त्यासा पुला ऋणं मुक्त यानाः उगु दिंयात मुक्त दिवसकथं नेपाल सम्वत्‌या पलिस्था धैगु धापू भ्भीसं न्यनाः वयाच्वनागु खः । थ्व जनधापू पूर्ण इतिहास धाःसा मखु तर अनुसन्धान न्ह्याकेगु नितिं न्हापांगु पलाः पक्का हे खः ।

थुगु जनधापू कथं शंखधरं नेपाल सम्वत् पलिस्था याःगु जुल। थुलि धयां ऐतिहासिक प्रमाण मगाः । उकिं नेपाल सम्वत् व शंखधरया बारे न्ह्यथनातःगु छुं पुलांगु अभिलेखत न्ह्यथनेगु कुतः याय् ।

वि. सं. ९३६ शकराज सम्वत् ८०२ लिच्छवि सम्वत् (मानदेव सम्वत्) ३०४, सन ८७९ अक्टोवर २० बिहीवारकुन्हु नेपाल सम्वत्‌या पलिस्था जूगु खः ।

थुगु सम्वत्‌या छ्यलाबुलाय् शुरु शुरुं सं, सम्वत् धकाः च्वयातःगु खनेदुसा छगू ऐतिहासिक घटनावलीइ *"नेपाल सम्वत्सरस ३०५ थन तने श्री नरेन्द्रदेव राजान श्री वुगदेव यरस बिज्याकु जुरो ॥"* धकाः च्वयातःगु दु। उकिं थुगु पतिइ नेपाल सम्वत् धकाः स्पष्ट रुपं च्वयातल। अथे हे प्राचीन हस्तलिखित ग्रन्थ, ल्वहं पौ, सिजः पौ आदिइ यक्व थासय् नेपाल सम्वत् धकाः च्वयातःगु दु। ने.सं. ७६६ या "वासिष्ठि लैङ्गो पुराण" सफुती "सम्वत् सङ्कुदत्तके सप्तशते षट्षष्ट्यिधमे मासि जेष्ठे कृष्णपक्षे त्रयोदशी तिथौ" धकाः न्ह्यथनातःगु दु। थुकिया अर्थ सम्वत् सङ्कुदत्त ७६६ जेष्ठ कृष्ण १३ खः। थुगु अभिलेखय् नेपाल सम्वत्‌यात शङ्कुदत्त धकाः च्वया तल।

ख्वपया जेला ल्वहं पौयात शंखधर नाप स्वापू दुगु छगू महत्त्वपूर्ण अभिलेख कथं कायूगु यानावयाच्वंगु दु।

? स्वस्ति ॥ ॐ अद्यवाराहकल्पेत्यादि ॥ शंखा जोग बसु

श्चैव मासि माधवकृष्णयोः । ब्रम्हातिथि तस्या जीव जी
र्ण्ण उद्धारते दिने ॥ अथ नेपालभाखा शंख्वा सम्व
त् ८२७ बैश्नाखकृष्णदशमी उर्त्तभद्र नक्षत्र वृ
हस्पतिबार थ्वकुन्हु श्रीश्रीश्री विष्णु प्रीतिन श्री २
जय भूपतीन्द्र मल्र्लदेव महाराजा प्रमान हाकु
भारोया वेलस चुकुति प्रमुखन मनहोलसिं जी
व त्वार नायक रामचन्द्र त्वार नायक जेलाटोल
या पञ्च सकरस्यनं थ्व फले जीर्ण्ण उद्धार याङा ॥
थ्व फले सुनानं कचंगल उपर्दव याङाव सेनक
रसा पञ्चमाहा पातक जेलाटोलया लोकन बि
चार याङाव सेल्हो आदिन याङाव यातसा श्री ३
शिवलिंग थापना याङाया पुन्य लाक ॥ शुभ ॥ *(तमोट, ११२९ः)*

ने.सं. ८२७ स ख्वपया जेला त्वालय् च्वंगु थुगु ल्वहंपती "अथ नेपालभाषा शंख्वा सम्वत् ८२७ वैश्राखकृष्णदशमी" धकाः न्ह्यथनातःगु दु । थन नं नेपाल सम्वत्यात शंख्वा सम्वत् धकाः न्ह्यथनातःगु दु ।

ने.सं. ८६४ या जातकपरिपाटि प्रबन्धय् "श्रैयोस्तु नेपालिके शंखधराब्द सम्वत् ८६४ भावनाम सम्वत्सरे उत्तरायणे ॥ दक्षिणगोरे गृष्मऋतो ॥ जेष्ठमासे शुक्लपक्ष ॥ दशम्यान्तिथौ ॥" च्वयातःगु दु । थन नेपाल सम्वत्यात शंखधर सम्वत् धकाः न्ह्यथनातःगु खः । थुकथं प्राचीन अभिलेखय् नेसं ७६६ स शङ्कुदत्त, अनं लिपा नेसं ८२७ स शंख्वा(शंख्वा(धर)), अनं लिपा नेसं ८६४ स शंखधर च्वयातल । थथे शङकुदत्तनिसें शंखधरतक च्वयूगु ज्या जुल । उकिं थुगु सम्वत्या प्रणेत शंखधरया नामं नं सम्वत्या नां अभिलेखय् च्वयूगु ज्या जूगु खनेदु ।

थन नेपाल सम्वत्यात छ्खे सं, सम्वत्, नेपाल सम्वत्सरे, नेपाल सम्वत् आदिया नामं छ्यला वयाच्वंगु दुसा मेखे शंखधरया नामं शङ्कदत्त सम्वत्, शंख्वा सम्वत्, शंखधराब्द सम्वत् आदिया नामं नं थःगु म्हसीका बियाच्वंगु दु । उकिं भ्रीसं न्यनाच्वनागु जनधापूयात प्राचीन अभिलेखय् दुवालेबलय् नेपाल सम्वत् शंखधर साख्वालं हे स्वनादीगु खः धैगु स्पष्ट सी दु ।

थुकथं नेपाःया म्हसीका बियाः वयाच्वंगु नेपाल सम्वत्यात ने.सं. ८८८ लिपा शाहकालया प्रवेश जूसेंनिसें विष त्वंकेगु ज्या जुल । शाहकाल लिपा नेपाल सम्वत्या थाय् शक सम्वत् काल थुगु सम्वत् पृथ्वी वीरविक्रम शाहया पालय् तक सरकारी स्तरय् चले याःसा जनमानसय् धाःसा नेपाल सम्वत् हे प्रचलनय् दुगु खनेदु । विक्रम सम्वत् १९६० तक चन्द्रमासकथं न्ह्याना वयाच्वंगु थुगु सम्वत्यात नं छुं कर्मचारीया सुभाव कथं १३ महिना दुगु सम्वत्यात दिकाः सौर्यमासकथं

चले जुइगु विक्रमसम्वत् चले यायेगु ज्या चन्द्रशमशेरं यात। थुकथं नेपाल सम्वत्या थासय् शकसम्वत् अनं लिपा विक्रमसम्वत् छ्यल। उकिया लिच्वःकथं थौं भीसं थःगु मौलिक सम्वत् नेपाल सम्वत्या पलेसा विक्रमसम्वत् नालेमाःगु वाध्यता ब्वलन।

नेपाल सम्वत्या पुनरजागरणया आन्दोलनं ने.सं. ११२० कछला १० बिहीवारकुन्हु तत्कालीन प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईया मन्त्रिमण्डलं नेपाल सम्वत्या प्रणेता शङ्खधरयात नेपाःया राष्ट्रिय विभूति घोषणा यात। थौं नेपाल सम्वत्यात राष्ट्रिय मान्यता नं दत तर अभ्र नं व्यावहारिक रुपं छ्यलाबुलाय् धाःसा हयेफुगु मदुनि।

नेपालय् आःतक चले जूगु सम्वत् मध्ये दक्कले ताःहाक इतिहास दुगु नेपाल सम्वत् खः। सुमतितन्त्रकथं ४९८ राज्य स्तरय् प्रचलित जूगु शकसम्वत्, ३०४ प्रचलित मानदेवसम्वत् या तुलनाय् करिव ९०० दँ मदिक्क राज्यस्तरय् प्रचलित जूगु सम्वत् नेपाल सम्वत्या महत्त्व स्वभावतः दक्कले अप्वः दत। विक्रमसम्वतं राजकीय सम्वत्या मान्यता काःगु इतिहास सच्छिदँ तिनि पुल। नेपाःया इतिहासय् थाय् कयाः वयाच्वंगु सम्वत्यात अध्ययन यायूबलय् नेपालयाम्ह छम्ह जुजुया नामं मानदेवसम्वत् जुल। छम्ह विदेशी जुजु विक्रमादित्यया नामं स्थापना यानातःगु विक्रमसम्वत्, अले शकसम्वत् छम्ह व्यक्ति मखुसां छगू जातिया नामं स्थापना याःगु सम्वत् खःसा नेपाल सम्वत् जक नेपाल देश नेपाल राष्ट्रया नां स्वानाः दयूकूगु सम्वत् जूगुलिं थुकी राष्ट्रियता व देश भक्तिया प्रेरणा बीगु गुण दुगुलिं थुकिया महत्त्व तःब्याः जुयाब्यूगु दु।

देयूया गौरबया प्रतीककथं धःस्वानाच्वंगु नेपाल सम्वत्यात सरकारं राष्ट्रिय मान्यता बिल। सरकारी ज्याखँय् छ्यलेगु निर्णय नं जुल। नेपाल सम्वत्या ब्यागलं क्यालन्डर सरकारं पिकाःगु मदुनि। सरकारी स्तरं न्हूदँया विशेष ज्याझ्वः हःगु मदुनि। उबले तक राष्ट्रिय मान्यताया औचित्य दइमखु। नेपाल सम्वत्या म्हसीका, थुकिया छ्यला, महत्त्वया बारे जनमानसय् जानकार मदुनिगु कारणं यानाः थौं मनूतयूसं याउँक नाले फयाच्वंगु मदुनि। थुकिया निंतिं जनचेतना थनेमाःगु दु। त्वाःत्वालय् नेपाल सम्वत् छ्यलेगु, थुकिया आवश्यकताया बारे अभियान न्ह्याकेमाःगु दु। थुगु सम्वत् गन गन गुकथं छ्यलेगु धकाः सकसितं तालिम बीमाःगु दु। समाजया हरेक ज्याखँय् भीसं हे नेपाल सम्वत्यात छ्यलेमाः। सरकारी मान्यता दत, सरकारी ज्याखँय् नं छ्यःसां आम जनसमुदाय नं छ्यलेमाः। ●

लिधंसा :

- तमोट काशिनाथ, ने.सं. ११२९, ***शङ्खधरकृत नेपाल सम्वत्,*** यल : नेपालमण्डल अनुसन्धान गुथि।
- तुलाधर प्रेमशान्ति व नरेशवीर शाक्य (सं), ११२७, ***नेपाल सम्वत् व शंखधर साख्वाः,*** यें : नेपालभाषा मंकाः खलः।
- राजवंशी श्यामसुन्दर, १११६, ***लिच्छविकालीन सम्वत्को निश्चय,*** काठमाडौं : गिरीन्द्रमान राजंवशी व चन्द्रकिरण राजवंशी।
- राजवंशी श्यामसुन्दर, २०८०, ***भक्तपुरको मध्यकालीन अभिलेख,*** काठमाडौं : राष्ट्रिय अभिलेखालय।

शंखधरया प्रतिमा पलिस्थाया लसता म्ये

–● नविनप्रकाश श्रेष्ठ ●–

सिचुगु फय् चकंगु सर्ग गुलि जक न्ह्यइपु
मध्यपुर थिमिसं शंखधर प्रतिमा स्व स्वं यइपु

शंखधरं यागु सेवा यात लुमंका
नेपाल सम्वत् राष्ट्रिय सम्वत् धाधं
न्हूदँया दिं कुन्हु भिंतुना भिंतुना धाःगु
बःखुँ ब्वयेका, लापा थाना उलेज्या यागु

सिचुगु फय्...

थिमि देय्या लुखाय् बालकुमारी क्वसं
मध्यपुर दथुइ क्वाछें द्यो च्वसं
पलिस्था यागु भीम्ह शंखधर साख्वाल धाम्ह
न्ह्याबले न्ह्याबले नुगलय् नुगलय् तय् बःम्ह

सिचुगु फय्...

●

संकलन सन्दर्भग्रन्थ

- नेपाल सम्वत्को यथार्थता - भुवनलाल प्रधान
- शंखधरकृत नेपाल सम्बत् - काशीनाथ तामोट
- कान्तिपुर दैनिक
- नेपाल समाचारपत्र दैनिक
- गोरखापत्र दैनिक
- नेपाल सम्बत् र भिंतुना आन्दोलन - मल्ल के. सुन्दर
- अन्नपूर्ण पोष्ट दैनिक
- नेपाल सम्बत् व शंखधर साख्वाः - सम्पादक : प्रा. प्रेमशान्ति तुलाधर/नरेशवीर शाक्य
- खेलुइता साहित्यिक दँपौ - ने.सं. ११०६
- भिंतुना खुलापौ ने.सं. १११०
- न्हूदँ समारोह समिति/ नेपाल प्रज्ञा प्रतिष्ठान
- शंखधर बुलेटिन : राष्ट्रिय विभुति शंखधर साख्वाः प्रतिष्ठान
- नागरिक दैनिक
- इनाप वाःपौ वर्ष १, अंक ४०
- रातोपाटी डट्कम

प्रकाशन सहयोग

बागमती प्रदेश सरकार
संस्कृति तथा पर्यटन मन्त्रालय
पर्यटन कार्यालय काठमाडौं

प्रकाशक

Rastriya Bibhuti Shankhadhar Sakhwa Academy
राष्ट्रिय विभूति शंखधर साख्वाः प्रतिष्ठान
राष्ट्रिय विभूति शंखधर साख्वाः प्रतिष्ठान

ISBN : 978-9937-1-9449-5
9 789937 194495